छन्त्याल जातिको चिनारी

हरिचन छन्त्याल

प्रकाशक
नेपाल सरकार
आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान
सानेपा, ललितपुर

छन्त्याल जातिको चिनारी

लेखक	:	हरिचन छन्त्याल
भाषा सम्पादन	:	डा. लाल-श्याँकारेलु रापचा
प्रबन्ध सम्पादक	:	सरीना गुरुङ
प्रकाशक	:	आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान सानेपा, ललितपुर, नेपाल फोन नं.: +९७७-०१-५१८३२५२/५१८३१७४ Email: mail@nfdin.gov.np URL: www.nfdin.gov.np
सर्वाधिकार	:	प्रकाशक/ नेपाल छन्त्याल संघ, केन्द्रीय समिति
प्रकाशन प्रति	:	४०० प्रति
प्रकाशन मिति	:	२०७७ (सन् २०२०)
आवरण तस्विर	:	गोबिन्द डाँडामारे छन्त्याल/ दीपबहादुर भलञ्जा छन्त्याल/ रामप्रसाद भलञ्जा छन्त्याल
ले–आउट	:	डिजाइन चौतारी अनामनगर, काठमाडौं, नेपाल (९८४११९०७१८)
मुद्रण	:	क्लासिक प्रिन्टिङ सर्भिस अनामनगर, काठमाडौं, नेपाल +९७७-०१-४१०२६०२ classicpress2061@gmail.com
ISBN	:	978-9937-9405-7-3

....

प्रकाशकको स्वीकृति नलिई समीक्षा र अन्य अनुसन्धानात्मक उद्धरणबाहेक यस पुस्तकको कुनै पनि अंश पुनःमुद्रण गर्न पाइने छैन । अरु भाषामा अनुवादलगायत यो कृतिको सर्वाधिकार प्रकाशकमा सुरक्षित गरिएको छ ।

....

Chhantyāl Jātiko Chinārí
Written by Harichan Chhantyal

नेपाल सरकार
आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान
सानेपा, ललितपुर

मन्तव्य

जाति चिनारीको २२औं श्रृङ्खलाको रुपमा **छन्त्याल जातिको चिनारी** आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान र छन्त्याल जातीय संस्थाको संयुक्त प्रयासबाट प्रकाशन गर्न पाउँदा गर्वको महशुस भएको छ ।

नेपाल बहुजाति, बहुभाषी, संस्कृति, बहुधर्मसहित विशिष्ट पहिचान भएको देश हो । विसं २०६८ को राष्ट्रिय जनगणनाअनुसार नेपालमा १ सय २५ जात/जाति र १ सय २३ मातृभाषा बोल्ने समुदायहरू बसोबास गर्दछन् । विविधताले भरिएका यी अमूल्य निधिहरूको विकास संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्न आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ ले ५९ समुदायलाई आदिवासी जनजातिको रूपमा सूचीकृत गरेको छ । नेपाल सरकार यसै संयन्त्रमार्फत आदिवासी जनजातिसँग सम्बन्धित जाति, भाषा, धर्म, संस्कार-संस्कृति, भाषा-साहित्य र समाज-विकासमा प्रोत्साहन गर्दै आइरहेको छ । "**छन्त्याल जातिको चिनारी**" त्यही श्रृङ्खलाको निरन्तरतास्वरूप प्रकाशन भएको छ ।

छन्त्याल जातिको अध्ययन गर्ने र जानकारी राख्न चाहने जो कोही अध्येता र पाठकका लागि यो पुस्तक भविष्यको ऐना हुनेछ भन्नेमा विश्वस्त छौं । यस पुस्तकको माध्यमले छन्त्याल जातिबारे पर्याप्त जानकारी प्राप्त गर्न सकिने छ । छन्त्याल जातिको अध्ययन-अनुसन्धानका लागि धेरै नै उपयोगी यस पुस्तकमा उक्त जातिको सामाजिक, आर्थिक, सांस्कृतिक, इतिहास, भाषा, राजनैतिक, परम्परागत शासन प्रणाली, शैक्षिक अवस्था आदिको बारेमा मिहिन ढङ्गले व्याख्या विश्लेषण गरिएको छ । यस छन्त्याल जातिको चिनारीको प्रकाशनले छन्त्याल जातिको उत्पति, सभ्यता, संस्कृति र संस्कार सन्दर्भमा अध्ययन गर्न चाहने अध्येताहरूलाई महत्त्वपूर्ण सन्दर्भ सामाग्री बन्ने छ भन्ने विश्वाससहित लेखक हरिचन छन्त्यालको मेहेनतको उच्च प्रशंसासहित उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

असार, २०७७

....
(गोकुल प्रसाद घर्ती)
उपाध्यक्ष

जि.प्र.का दर्ता नं ३६१-०४८/०४९ हाम्रो मूल अभियान ! जातिय उत्थान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पहिचान !!

नेपाल छन्त्याल संघ
NEPAL CHHANTYAL ASSOCIATION
केन्द्रीय कार्यालय मैनमैजु, काठमाडौं
पो.ब.नं ८०४२, फोन नं ४०२७०१०

पत्र संख्याः
चलानी नंः

कृतज्ञता

नेपालमा परापूर्व कालदेखि बसोबास गर्दै आएका आदिवासी जनजातिहरूमध्ये छन्त्याल जाति एक हो। नेपाल सरकार, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन-२०५८ अनुसार सूचीकृत ५९ मध्ये छन्त्याल थोरै सङ्ख्यामा रहेको समुदाय हो। मौलिक सभ्यता, इतिहास, पहिचान, भाषा, धर्म र संस्कृति भएको यस जातिको पेसागत सम्बन्ध भिरपहरा र चट्टानसँग जोडिएको छ। आदिवासी ज्ञान, कला, सीप, अनुभव र अन्तरज्ञानको आधारमा पहाडमा सुरुङ बनाई तामाखानी, सिसाखानी र फलामखानी खनेका थिए। खानीको चर्को भेजा (कर) तिरेर राज्यलाई धनी बनाएका छन्त्याल जाति राज्य सञ्चालनको इतिहासमा सधैं बेवास्ता गरिएको, पछाडि पारिएको र किनाराकृत/सीमान्तकृत समुदाय हुन्। छन्त्यालको मूलथलो गण्डकी प्रदेश (प्रदेश न.४)को बागलुङ, म्याग्दी र प्रदेश नं. ५ को गुल्मी जिल्लाका थातथलो/गाउँठाउँ भए पनि विविध कारणले बसाइँसराइ गरेर अरू जिल्लाहरूमा बसोबास रहेको छ।

एकातिर राज्यसरकारको विविधखाले विभेद र अर्कातिर ठकुरी वंशको सन्तान एवम् मगरको एउटा थर हो भन्ने भ्रमपूर्ण सङ्कथनको प्रतिरोधमा छन्त्यालहरू सङ्गठित हुँदै आफ्नो पहिचान निर्माण/पुनःनिर्माणमा निरन्तर सङ्घर्ष गर्दै आएका छौं। सम्वत् २०४३ देखि छन्त्याल समुदायको सामाजिक सङ्गठन स्थापना गरेर जातिको पहिचान, उत्थान, विकासका लागि निरन्तर कार्य गरिरहेका छौं। पछिल्लो जनगणना २०६८ अनुसार छन्त्यालको जनसङ्ख्या ११,८१० देखाइएको छ जसमा ६,५६५ महिला र ५,२४५ पुरुष छन्। ४३ जिल्लामा बसोबास गरेका छन्त्यालहरू सांस्कृतिक रूपमा धनी र सम्पन्न हुँदाहुँदै राजनीतिक, आर्थिक, प्रशासनिक र पहुँचका हिसाबले पछाडि रहेका छन्। खानी पेसा बन्द भएपछि खानी खनेका क्षेत्रहरूवरिपरि भिरालो जमिनमा बसोबास गर्दै कृषि र पशुपालन गरेर जनजीविका चलाइरहेका छन्। पछिल्लो समय बैदेशिक रोजगारमा समेत बिदेशिन बाध्य छन्।

धौलागिरि हिमशृङ्खलाको दक्षिण मोहडा पूर्व कालीगण्डकी नदी र पश्चिम भेरी नदी बीचको भू-भाग (पुर्ख्यौली थातथलो)मा बसेका छन्त्यालको बारेमा केही सीमित अध्ययनबाहेक बृहत् मानवशास्त्रीय र समाजशास्त्रीय अध्ययन हुन सकिरहेको छैन। न कि उत्पत्ति र इतिहासको नै लेखन भएको छ। त्यसैले छन्त्याल जातिको भरपर्दो जानकारी दिने प्रकाशित

स्रोत र सामग्रीहरूको अभाव रहेको छ। यस अवस्थामा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले विभिन्न प्राज्ञिक व्यक्तिहरूको सङ्लग्नतामा सूचीकृत आदिवासी जनजातिहरूको जातिशास्त्रीय अध्ययन/अनुसन्धान गराएर क्रमशः प्रकाशन गर्दै आएकोमा हर्षित छौं। यसैक्रममा छन्त्याल जातिको ऐतिहासिक, सामाजिक, सांस्कृतिक, भाषिक, धार्मिक आदि पक्षलाई समेटेर छन्त्याल जातिको जातिशास्त्रीय चिनारी प्रकाशन गर्न थालेकोमा यो सार्थक र महत्त्वपूर्ण कार्यका लागि छन्त्याल संघको तर्फबाट आजउराप्रलाई धन्यवाद दिन चाहन्छु।

निकै परिश्रम र मिहिनेतका साथ अध्ययन/अनुसन्धानमार्फत '**छन्त्याल जातिको चिनारी**' लाई पुस्तकको आकार दिनुहुने छन्त्याल समुदायका प्राज्ञिक अध्येताः हरिचन डाँडामारे छन्त्याललाई कृतज्ञता ज्ञापन गर्दछु। लेखकको प्राज्ञिक लगनशिलता र परिश्रमले नै यो ग्रन्थ प्रकाशन हुन सम्भव भएको हो भन्ने लाग्छ। छन्त्याल जातिबारे अध्ययन/अनुसन्धानमा आधारित भएर '**छन्त्याल जातिको चिनारी**' (सन् २०२०) नामक कृति आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानद्वारा प्रकाशित हुन लागेकोमा खुशी लागेको छ। यो अनुसन्धानात्मक ग्रन्थले छन्त्याल जातिका बारेमा केही हदसम्म भए पनि भरपर्दो जानकारी दिनेछ भन्ने हामीले विश्वास लिएका छौं। यस अर्थमा लेखकले छन्त्याल जाति/समुदायलाई लगाएको गुनप्रति हार्दिक आभार व्यक्त गर्दछु।

अन्त्यमा, छन्त्याल जातिबारे प्रारम्भदेखि प्रकाशनको समयसम्म सहयोग पुऱ्याउने आजउराप्रका उपाध्यक्षसहित सम्पूर्ण पदाधिकारी र कर्मचारीहरू तथा विशेषगरी प्राज्ञिक तथा अनुसन्धान महाशाखाका कर्मचारीहरूसहित सम्बन्धित सबैमा छन्त्याल संघको तर्फबाट धन्यवाद र हार्दिक आभार व्यक्त गर्दछु।

च्हिन्जी।

असार, २०७७।



....

मनमोहन बुढाथोकी छन्त्याल

अध्यक्ष, नेपाल छन्त्याल संघ

लेखकीय

नेपालको भौगोलिक विविधताअनुसार विभिन्न क्षेत्रमा बसोवास गर्ने जात/जातिको आफ्नै मौलिक संस्कृति, सभ्यता र पहिचान छ। यी जाति विशेषका सभ्यता, भाषिक, ऐतिहासिक, सामाजिक, सांस्कृतिक सम्पदाको समग्र स्वरूपले नै नेपाललाई विविधताको वास्तविक पहिचान दिएको छ। नेपालको निश्चित भूगोलमा भिन्न-भिन्न आदिवासीको बसोबास छ। त्यहाँ उनीहरूले आ-आफ्नो मौलिक भाषा, संस्कृति, धर्म, प्रथा र भिन्न समाजको विकास गरेका छन्। जसलाई राज्यले विभेद र बेवास्ता गर्दै आएको छ। परिणामतः आदिवासीको संस्कृति र सभ्यतालाई लोपोन्मुख अवस्थामा पुर्‍याएको छ। जसका कारण आदिवासी जनजातिको पहिचान धरापमा परेको छ। आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान (आजउराप्र)ले आदिवासी जनजातिको संस्कृति र सभ्यताको विकास, संरक्षण र सम्वर्द्धन गर्ने हेतुले प्रतिष्ठान ऐनले सूचीकृत गरेका विभिन्न जातिहरूको चिनारी तयार पार्ने कार्य अत्यन्त सराहनीय छ।

कालीगण्डकीको पश्चिम, भेरी नदी पूर्व, चुरेन तथा धौलागिरि हिमालको दक्षिण महाभारत पर्वत क्षेत्रमा आदिमकालदेखि ऐरा खेल्ने र खानी खन्ने गरेका आदिवासी छन्त्याल जातिको यस चिनारीमा साङ्गोपाङ्गो अध्ययन गर्ने प्रयास गरिएको छ। यस किसिमको अध्ययनले छन्त्यालको संस्कृति, सभ्यता र पहिचानको दस्तावेजीकरणमा महत्त्वपूर्ण भूमिका खेल्ने छ। यो दस्तावेज छन्त्याल जातिको ऐतिहासिक, धार्मिक, सामाजिक, सांस्कृतिक सम्पदाको जगेर्ना गर्न तथा छन्त्यालले उठाउँदै आएका पहिचानको मुद्दा एवम् अधिकार स्थापित गर्न सारथी बन्ने विश्वास छ।

यो चिनारी आजउराप्रद्वारा छन्त्याल जातिको सामाजिक, सांस्कृतिक, धार्मिक र आर्थिक अवस्थासम्बन्धी (सन् २००८) र छन्त्याल जातिको पुर्ख्यौली पेसा खानीसम्बन्धी (सन् २००९) अध्ययनहरू र विभिन्न समयमा छन्त्याल थातथलो/गाउँहरूमा गरिएको अध्ययनमा आधारित रहेको छ। यसमा कतिपय सूचनाहरू क्रमबद्ध र पूर्ण नहुन सक्छन्। छन्त्यालको इतिहास, पहिचान र संस्कृति लगायतबारे यो जातिशास्त्रीय चिनारीले अवश्य पनि समग्रमा उत्तर दिन नसकेको हुन सक्छ। तर पुस्तकले बहसको प्रारम्भ भने अवश्य गर्नेछ र छन्त्याल जातिको उन्नयन्‌मा एउटा ईँटा थप्ने जमर्को गर्नेछ। जातिशास्त्रीय अध्ययन-अनुसन्धान र पुस्तक लेखन/सम्पादनको क्रममा कतिपय विषयवस्तुहरूमाथि गहिरो अध्ययन-अनुसन्धानको तड्कारो खाँचो रहेको लेखकको अनुभूति छ। त्यसतर्फ, सबैको भोक जगाउनमा यस पुस्तक पनि कहिँकतै सहयोगी बनोस् भन्ने अपेक्षा छ।

छन्त्याल जातिको जातिशास्त्रीय चिनारी लेखन कार्यका लागि अनुसन्धाताको जिम्मेवारी प्रदान गरी अध्ययन प्रतिवेदनलाई पुस्तकको रूपमा प्रकाशित गर्न महत्त्वपूर्ण योगदान पुर्‍याउने आजउराप्र र प्राज्ञिक शाखाप्रति विशेष आभार प्रकट गर्न चाहान्छु। त्यसैगरी, यो जातिशास्त्रीय

चिनारी तयार गर्न आवश्यक संस्थागत सूचना, अध्ययन वातावरण र चिनारीको रूपमा प्रकाशन गर्नका लागि सहयोग गर्ने नेपाल छन्त्याल संघप्रति कृतज्ञ छु ।

अध्ययन र लेखन कार्यमा सदैव सकरात्मक र सिर्जनात्मक सल्लाह, सुझाव दिनुहुने डा. कृष्ण भट्टचन, डा.चैतन्य सुब्बा, डा. जनक राई, सुर्वण चौधरी, प्रतिष्ठानका पूर्वउपाध्यक्ष जितपाल किराँत, पूर्वसदस्य सचिव लोक बहादुर थापा मगर एवम् परिमार्जित प्रतिवेदनलाई 'पिअर रिभ्यु' गरिदिनुहुने डा. ओम गुरुङप्रति हार्दिक आभार प्रकट गर्दछु। स्थलगत अध्ययनको क्रममा आफूसँग भएको सूचना दिनुहुने विशेषतः छन्त्याल संघका पूर्वअध्यक्षहरूः श्री मनिचन छन्त्याल, श्री चित्रबहादुर छन्त्याल, श्री इन्द्रजित छन्त्याल तथा वर्तमान अध्यक्ष श्री मनमोहन छन्त्यालसहित संघसम्बद्ध जोडिएका सम्पूर्ण वर्तमान र पूर्वपदाधिकारीहरू, भातृसंस्था (छन्त्याल महिला संघ, छन्त्याल युवा संघ, छन्त्याल विद्यार्थी संघ, छन्त्याल अध्ययन तथा अनुसन्धान केन्द्रका पदाधिकारी, विदेशस्थित संगठनहरू, संघ मातहतका प्रदेश, जिल्ला, गापा र नपाका प्रारम्भिक समितिका पदाधिकारी र सबै सूचनादाता जसले प्रत्यक्ष- अप्रत्यक्ष योगदान गर्नुभयो सम्पूर्णप्रति हार्दिक आभार प्रकट गर्दछु।

यस चिनारीको लेखन, सम्पादन र डिजाइनमा महत्त्वपूर्ण योगदान दिने गोबिन्द छन्त्यालप्रति ऋणी छु। सो योगदानले नै छन्त्याल जातिको चिनारी प्रकाशन र पाठक सामु प्रस्तुत गर्न संभव भएको हो ।

अन्त्यमा, अध्ययनको क्रममा प्रेरणाको स्रोत र पारिवारिक वातावरण बनाइदिनुहुने परिवारका सबै सदस्यहरूप्रति आभारी छु। पुस्तकमा भूल, छुट, मतान्तर, हडबडी, उत्तेजना, त्रुटीहरू हुन सक्छन्, यसका लागि क्षमा चाहन्छु। यस पुस्तकको गुण-दोष केलाउने जिम्मा स्वयम् पाठकवर्गकै हातमा छ। आवश्यक सल्लाह र सुझावको अपेक्षासहित ।

असार, २०७७

हरिचन छन्त्याल

घैयाखानी, ढोरपाटन न.पा.-६, बागलुङ, पश्चिम नेपाल ।

विषय-सूची

अध्यायः एक **१**

अध्ययनको परिचय **१**

१.१. अध्ययनको पृष्ठभूमि १

१.२. समस्याको प्रस्तुति २

१.३. अध्ययनको महत्त्व र औचित्य ३

१.४. अध्ययनको उद्देश्य ३

१.५. अध्ययन विधि ४

१.५.१. तथ्याङ्कको प्रकृति र स्रोत ४

१.५.२. तथ्याङ्क सङ्कलन विधि ५

१.६. अध्ययनको सीमा ६

१.७. तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण ७

१.८. अध्ययनको सङ्गठन ७

अध्यायः दुई **८**

छन्त्याल जातिको परिचय र इतिहास **८**

२.१. पृष्ठभूमि ८

२.२. छन्त्याल जातिको परिचय १२

२.३. छन्त्याल जातिको उत्पत्तिको इतिहास १४

२.३.१. छन्त्यालको इतिहास र ठकुरी १५

२.३.२. छन्त्यालको इतिहास र मगर २४

२.३.३. छन्त्याल छुट्टै जाति भएको इतिहास ३०

२.३.४. छन्त्याल जातिको इतिहास र खानी ४०

२.३.५. छन्त्यालको इतिहासको अवस्था ४३

२.३.६. छन्त्यालको महत्त्वपूर्ण पुर्खाको नाम ४३

२.३.७. भूमिसम्बन्धी इतिहास ४४

२.३.८. बसाइँसराइको इतिहास ४५

२.३.९. छिमेकी अन्य जात/जातिसँगको सम्बन्धको इतिहास ४६

अध्यायः तीन **४८**

भूगोलः मूलथलो र पहिचान **४८**

३.१. भूमि, मूलथलो र पहिचान ४८

३.२. साँध सीमाना ५०

३.३. प्राकृतिक स्रोतसाधनहरू ५४

३.३.१. वनजङ्गल, चरन र नदीहरू ५४

३.३.२. खानी ५४
३.३.३. जैविक विविधता ५५
३.४. जमिनको अवस्था ५७
अध्यायः चार **५८**
सामाजिक संरचना र सम्बन्ध **५८**
४.१. बसोबासको पृष्ठभूमि ५८
४.२. बासस्थानको किसिम ५९
४.३. घरको बनावट र निर्माण सामग्री ६०
४.४. परिवार र आकार ६२
४.५. थर र उप थर ६५
४.६. वर्ग र गोत्र ६९
४.७. नाता, कुटुम्ब र साइनो सम्बन्ध ७०
४.८. नाताकुटुम्बमा विनिमय प्रणाली ७७
४.९. नाता र कुटुम्ब प्रणालीको महत्त्व ७८
अध्यायः पाँच **७९**
धर्म, धार्मिक विश्वास र चाडपर्व **७९**
५.१. परम्परागत धर्म ७९
५.२. धार्मिक विश्वास ८३
५.३. छन्त्याल जातिको धार्मिक संस्था र पुजारी ८३
५.४. छन्त्याल र झाँक्री प्रथा ८५
५.५. परम्परागत देवी देवता ८८
५.६. परमपरागत चाडवाड/चाडवाड ८८
५.६.१. म्हिलाङे सोङ्ती (माघे सङ्क्रान्ति) ८९
५.६.२. साउने सङ्क्रान्ति ९०
५.७. परम्परागत पूजा ९२
५.७.१. भूमेपूजा ९३
५.७.२. बराहपूजा ९४
५.७.३. सिद्धपूजा ९४
५.७.४. गोठपूजा ९५
५.६.५. कुलपूजा ९५
५.७.६. पितृपूजा ९७
५.७.७. मण्डलीपूजा ९८
५.७.८. घरपूजा ९९
५.७.९. शिकारीपूजा ९९
५ ८. अन्य धर्मको प्रभावले ल्याएको परिवर्तन १०१

अध्यायः छ **१०५**

छन्त्याल जातिको जीवन चक्रीय संस्कार **१०५**

६.१. छन्त्याल जातिको जीवन चक्रीय मुख्य संस्कार १०५

६.२. गर्भावस्था र जन्मावस्था १०५

६.३. धुप गर्ने १०६

६.४. भात खुवाइ १०७

६.५. छेवर १०८

६.६. गुन्युचोली १०९

६.७. पुतपुराउ १०९

६.८. विवाह ११०

६.८.१. छन्त्यालमा प्रचलित विवाहको प्रकार १११

६.८.२. विवाहको चरण ११३

६.९. मृत्यु संस्कार ११८

६.१०. धर्म, संस्कार र लैङ्गिक सम्बन्ध १२४

अध्यायः सात **१२६**

लोक संस्कृति र परम्परा **१२६**

७.१. लोक संस्कृति १२६

७.२. लोक गीत १२७

७.३. लोक बाजा १२७

७.४. नाच १२७

७.५. पहिरन १२८

७.६. खानपान १२९

७.७. दैनिक जीवनमा प्रयोग हुने हातहतियार १३०

७.८. परम्परागत भाँडाहरू १३१

७.९. थान, बिसौना र देवी देवताको प्रतिमा १३१

७.१०. घरको सजावट १३२

७.११. अन्य सामग्रीहरू १३३

७.१२. अतिथि सत्कार १३३

७.१३. लोक कथा १३४

अध्यायः आठ **१३६**

भाषा र जनसङ्ख्या **१३६**

८.१. मातृभाषाको परिचय १३६

८.२. मातृभाषाको अवस्था र वक्ता १३८

८.३. मातृभाषाको प्रयोग क्षेत्र १४३

८.४. मातृभाषा लोप हुनुको कारण १४३

८.५. छन्त्याल जातिको जनसङ्ख्या १४३
अध्यायः नौ **१५२**
आर्थिक र राजनैतिक प्रणाली **१५२**
९.१. आर्थिक प्रणाली १५२
९.१.१. परम्परागत पेसा खानी १५२
९.१.२. ऐरा (शिकार) खेल्ने १५२
९.१.३. जङ्गली खानेकुरा र जुडीबुटी सङ्कलन १५३
९.१.४. पशुपालन १५३
९.१.५. कृषि १५४
९.१.६. रोजगारी र ज्याला मजदुरी १५५
९.१.७.परम्परागत ज्ञान, सीप र प्रविधि (घरेलु उत्पादन) १५६
९.१.८. प्राकृतिक स्रोतको व्यवस्थापन र संरक्षण १५६
९.१.९. खाद्य सुरक्षा र अन्न भण्डार १५७
९.२. राजनैतिक व्यवस्था १५८
९.२.१. परम्परागत राजनैतिक व्यवस्था १५९
९.२.२. न्याय प्रणाली १६२
९.२.३. सामाजिक व्यवस्था र परम्परागत संस्था १६३
९.२.४. राजनैतिक क्षेत्रमा सङ्लग्नताको इतिहास १६५
९.२.५. पहिचान र अधिकारको सङ्घर्षमा सङ्लग्नता १६७
९.२.६. बहिष्करण र समावेशिताको अवस्था १७०
९.२.७. स्वायत्तताको चाहना १७१
अध्यायः दश **१७४**
शिक्षा, स्वास्थ्य, सहभागिता र परामर्श **१७४**
१०.१. शिक्षाको अवस्था १७४
१०.२. परम्परागत शैक्षिक प्रणालीको अवस्था १७७
१०.३ परम्रागत स्वास्थ्य उपचार पद्धति १७८
१०.३.१. जडीबुटीबाट गरिने उपचार १७८
१०.३.२. धामीझाँक्रीबाट गरिने उपचार १८१
१०.४. सहभागिता र परामर्श १८३
अध्याय : एघार **१८७**
सारांश र निष्कर्ष **१८७**
सन्दर्भसूची **१९४**

अध्यायः एक
अध्ययनको परिचय

१.१. अध्ययनको पृष्ठभूमि

नेपाल भौगोलिक, जातीय, भाषिक, धार्मिक र सांस्कृतिक विविधता भएको देश हो। यहाँ विभिन्न जात/जातिको बसोबास रहेको छ। नेपालमा सम्वत् २०६८ को तथ्याङ्कअनुसार १२३ भाषा र १२५ जात/जाति रहेको छन्। यी जात/जातिमा 'इन्डो आर्यन वा केकेसई', 'मङ्गोलई/मङ्गोलोइड', द्रबिड मूलका हुन्। धार्मिक दृष्टिमा हिन्दु, बौद्ध, इस्लाम, किराँत, बोन्पो, क्रिस्चियन, शिख, प्राकृतिक धर्मसहित १० वटा धर्म मान्ने मानिस छन्।

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ मा सूचीकृत ५९ आदिवासी जनजातिहरूमध्ये छन्त्याल एक हो। बोलीचाली भाषामा छन्तेल र छन्त्याल दुवै शब्दले सम्बोधन गरिन्छ। प्रतिष्ठान ऐन २०५८ को परिभाषाअनुसार पनि छन्त्याल नेपालको आदिवासी जनजाति हो।[1] छन्त्यालको आफ्नो मौलिक पहिचान र सभ्यता छ। उक्त पहिचान र सभ्यता राज्यको लामो कालखण्डको विभेदपूर्ण नीति, जातप्रथा, वर्ण व्यवस्था, धेरै जनसङ्ख्यामा रहेका अन्य समुदायको पहिचान र सभ्यताको प्रभाव, मूल थातथलोबाट अन्यत्र बसाइँसराइ र पेसागत (खानी खन्ने) परिवर्तन आदि कारणले लोपोन्मुख अवस्थामा छ।

छन्त्याल जातिको आफ्नै भाषा, संस्कृति, संस्कार, इतिहास, पुर्ख्यौली पेसा, ऐतिहासक, सांस्कृतिक सम्पदा छ। तर ती सबैको उचित संरक्षण वा विकास हुन र गर्न सकिएको छैन। सम्वत् २०३० को दशकपछि छन्त्याल आफैले संरक्षण र विकासका लागि केही प्रयास गर्दै आएका छन्। जसमा संस्था स्थापनासँगै सङ्गठन विस्तार, जनचेतनामूलक र सशक्तीकरण, अधिकारका लागि आन्दोलनमा सहभागिता, भाषा, संस्कृतिको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन आदि हुन्। ती प्रयासहरूलाई राज्यको मूलप्रवाहमा भएको जात र समुदायले साम्प्रदायिकताको आरोप लगाउँदै आएका छन्।

छन्त्याल जातिको मुख्य थातथलोहरूः मध्य पहाडी क्षेत्रअन्तर्गत गण्डकी प्रदेश (प्रदेश नं. ४) अन्तर्गत म्याग्दीको कुइनेखानी, मङ्गलेखानी, चौरखानी, घ्याँसीखर्क, पात्लेखर्क, द्वाँडी ढाँर, मल्कबाङ, मलम्पार, पाखापानी, ठाडाखानी, खानीगाउँ (बरंजा), भकिम्ली, छापखानी, मच्छिमखानी र गुर्जाखानी आदि हुन्। बागलुङको लाम्मेलाखानी, खुंखानी, नर्जाखानी, बोङ्गाखानी, कटेरी, हिजा, लुकुरवन, घोसाखानी, घैयाखानी-हाँडीखानी, पुछ्रा, सिल्खुङ,

---

१ आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ दफा २ (क) अनुसार आदिवासी जनजाति भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै सांस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको जाति वा समुदाय सम्झनुपर्दछ।

काँडाखानी-बानगाउँ, दर्लिङ, भुस्काटखानी, लेखानी, धम्जाखानी, उनुवा, देउरालीखानी, कालापातल, नौला, धुल्लुबाँसकोट, बाराकोट आदि हुन् । मुस्ताङको घाँस र पर्वतको भूक हुन् । त्यसैगरी प्रदेश नं. ५ अन्तर्गत गुल्मीको मालरानी, भार्से, भुर्तुङ, वडागाउँ, डिप्रुङ, बीसखर्क, तम्घास खानीगाउँ, दुवीचौर आदि हुन् । प्युठानको स्याउलीबाङ, खारखोला, खबाङ र रुकुमको फल्नेखानी, बिगुर्मखानी आदि हुन् भने दाङको तोरीगाउँ र शान्तिनगर हुन् । कर्णाली प्रदेश (प्रदेश नं ६) सुर्खेतको गर्पन, कुइनेपानी, साटाखानी, लामिदार आदि हुन् ।

छन्त्याल जातिले आफ्नो बसोबासस्थल वरिपरिको भौगोलिक वातावरण र अवस्थासँगै आफ्नो छुट्टै भाषा, संस्कृति, धर्म, संस्कार र मूल्यमान्यताको विकास गरेको पाइन्छ । यस जातिको ऐतिहासिक उत्पत्ति, सामाजिक रीतिथिति, चालचलन, चाडपर्व, देवी देवता, धर्म, संस्कार, संस्कृति, वेशभूषा, विश्वास, आस्था, मूल्यमान्यता एवम् प्राकृतिक स्रोतसाधनको उपयोग गर्ने तरिका अन्य जात/जातिको भन्दा फरक हुनु नै यस जातिको मौलिक पहिचान हो । त्यसैले यस जातिको ऐतिहासिक पृष्ठभूमि, धर्म, संस्कार, संस्कृति र परम्पराको वैज्ञानिक ढङ्गले अध्ययन गर्न जरुरी छ । मौलिक विशेषताको संरक्षण र सम्वर्द्धन गर्नका लागि विशेष योजना बनाउनु र पहल गर्नु आजको आवश्यकता हो ।

छन्त्याल जातिको प्रथाजनित राजनैतिक, न्यायिक र व्यवस्थापकीय संस्था एवम् नीति, नियम र कानुन रहेको थियो र छ । जुन अहिले समाजमा त्यति प्रचलित छैन । उनीहरूको आफ्नै सामाजिक संरचना, ज्ञान, सीप, कला र प्रविधि छ । तर ती सबै हराउँदै गएका छन् । नेपालका अन्य आदिवासी जनजाति जस्तै छन्त्याल पनि राज्यको मूलप्रवाहबाट बहिष्करण र बञ्चितीकरणमा परेका छन् । राज्यको विभिन्न निकाय र अङ्गहरूमा उनीहरूको उपस्थिति कमजोर छ । उनीहरूको पहिचान र अधिकार स्थापित गर्न, परम्परागत ज्ञान, सीप, कला र प्रविधिको संरक्षण एवम् विकास गर्न राज्य उदासीन छ । समृद्ध नेपाल र सुखी नेपालीको भाष्यमा छन्त्याल हराएका छन् । राज्यको भौतिक विकास, सांस्कृतिक विकास, भाषिक र शैक्षिक विकास आदिले छन्त्याल हुनुको सत्व (सार)लाई कमजोर बनाएको छ । छन्त्यालको सत्व जोगाउन, पहिचान र अधिकारलाई स्थापित गर्न छन्त्याल सचेत हुँदै संस्थागत रूपमा र अन्य आदिवासी जनजाति, उत्पीडित वर्ग समुदायसँग हातेमालो गर्न आवश्यक छ । छन्त्यालसम्बन्धी भएको जानकारी, सूचना र प्रमाणलाई सुरक्षित गर्नु पनि अपरिहार्य भएको छ ।

१.२. समस्याको प्रस्तुति

छन्त्याल जाति आफ्नो छुट्टै ऐतिहासिक मूलथलोमा बस्ने, छुट्टै भाषा, संस्कृति, प्रथाजनित संस्था र कानुन, धर्म भएको, विशिष्ट पहिचान बोकेको र प्रतिष्ठानको ऐनमा सूचीकृत जाति हो । उनीहरूको पहिचानको आधारसम्बन्धी गहन अध्ययन र अनुसन्धान नभएको, दस्तावेजीकरण एवम् लेखन नभएकोले सिङ्गो जातिको पहिचान नै सङ्कटको अवस्थामा

छ, जसले गर्दा उनीहरूले हजारौँ वर्ष लगाएर विकास गरेको संस्कृति, भाषा, परम्परा, आर्थिक पद्धति, विश्वास, आस्थासहित सिङ्गो सभ्यता नै लोप हुने अवस्थामा छ । त्यसैले, छन्त्याल जातिको लोपोन्मुख अवस्थामा रहेका भाषा, संस्कृति र सभ्यता सम्बन्धी सूचना र तथ्याङ्क अभिलेखीकरण गरेर संरक्षण र संवर्द्धन गर्नु नितान्त आवश्यक रहेको छ ।

यस अध्ययनले मुख्यतयाः निम्नलिखित प्रश्नहरूको उत्तर खोज्ने प्रयास गरेको छः

(क) छन्त्याल जातिको सामाजिक, आर्थिक, सांस्कृतिक पहिचानको अवस्था कस्तो रहेको छ ?

(ख) छन्त्याल जातिको उत्पत्ति (पहिचान सङ्कट र निर्माण), मूलथलो, ऐतिहासिक पृष्ठभूमि के-कस्तो रहेको छ ?

(ग) प्रथाजनित संस्था र नीति, नियमको अवस्था कस्तो छ ?

(घ) छन्त्याल भाषा र जनसङ्ख्याको अवस्था कस्तो छ ?

(ङ) छन्त्याल आफ्नो पहिचान र अधिकारका लागि के चाहन्छन ?

१.३. अध्ययनको महत्त्व र औचित्य

थोरै सङ्ख्यामा रहेको छन्त्याल जातिको यस जातिशास्त्रीय अध्ययनमा उनीहरूको इतिहास, भूगोल, भाषिक, आर्थिक, सामाजिक, शैक्षिक र परम्परागत ज्ञान, सीप, प्रविधि, राजनैतिक अवस्थाबारे चित्रण गर्ने प्रयास भएको छ । यसले छन्त्याल जातिको पहिचान र अधिकार स्थापनाका लागि सहयोग गर्नेछ । साथै, अध्ययनले उनीहरूको जातीय पहिचान (सङ्कट र निर्माण) र वास्तविकताको क्षेत्रमा ठोस महत्त्व राख्नेछ । त्यसैले, यस अध्ययनको सैद्धान्तिक र व्यावहारिक महत्त्व रहनेछ । यसका अतिरिक्त छन्त्याल जातिको उत्थानका निम्ति योजना बनाउन र कार्यन्वयन गर्न संस्थालाई पनि यो अध्ययन उपयोगी हुनेछ ।

१.४. अध्ययनको उद्देश्य

यस अध्ययनको प्रमुख उद्देश्य छन्त्याल जातिको ऐतिहासिक, सामाजिक, धार्मिक, सांस्कृतिक तथा आर्थिक अवस्थाको सिंहावलोकन गर्नु हो । उनीहरूको परम्परागत राजनैतिक, प्रशासनिक, न्यायिक प्रणालीको स्वरूपबारे पनि चर्चा गर्नु हो । अध्ययनको अन्य उद्देश्यहरू निम्नलिखित छन्ः

(क) छन्त्याल जातिको ऐतिहासिक जानकारी उल्लेख गर्नु,

(ख) उनीहरूको परम्परागत सामाजिक, धार्मिक, सांस्कृतिक, भाषिक तथा आर्थिक अवस्थाको विश्लेषण गर्नु,

(ग) लोप हुन लागेका उनीहरूको संस्कारहरू प्रकाशमा ल्याउनु,

(घ) छन्त्यालहरूको परम्परागत राजनैतिक, प्रशासनिक, न्यायिक प्रणालीहरूको उल्लेख गर्नु,

(ङ) परम्परागत ज्ञान, सीप र प्रविधिबारे अभिलेखीकरण गर्नु,

(च) विभिन्न निकाय र पक्षका कार्यक्रममा उनीहरूको परामर्श, सहभागिता र समावेशीकरणको जानकारी प्राप्त गर्नु आदि ।

१.५. अध्ययन विधि

१.५.१. तथ्याङ्कको प्रकृति र स्रोत

यस अध्ययनको प्रकृतिलाई अवगत गरी तथ्याङ्क परिणात्मक र गुणात्मक दुवै रहेका छन् । साथै, यहाँ आवश्यक पर्ने सूचना, जानकारी तथा तथ्याङ्कहरू प्राथमिक (Primary) र द्वितीय (Secondary) स्रोतका रूपमा विभाजन गरी सङ्कलन र विश्लेषण गरिएको छ ।

अ) प्राथमिक स्रोत

प्राथमिक स्रोतमा छन्त्याल जातिको बसोबास रहेको बागलुङ, म्याग्दी, प्यूठान, गुल्मी, मुस्ताङ आदि जिल्लाका विभिन्न छन्त्याल गाउँको स्थलगत भ्रमण गरी प्रत्यक्ष अवलोकन तथा अध्ययन गरिएको छ । स्थलगत अध्ययन भ्रमणका क्रममा सामूहिक तथा व्यक्तिगत छलफल, अन्तर्वार्ता, अवलोकन, रेकर्डिङ, फोटो सङ्कलन र कार्यक्रमको सहभागीबाट आएका तथ्यहरूलाई प्रमुख आधार बनाइएको छ । बृहत् र विस्तृत अन्तर्वार्तालाई जोड दिइएको छ । छन्त्याल जातिको जातीय संस्थाका पदाधिकारी, जानिफकार एवम् प्रबुद्ध व्यक्तिहरूबाट प्राप्त सूचना र तथ्यहरूलाई पनि अध्ययनमा समेटिएको छ ।

(आ) द्वितीय स्रोत

विभिन्न विद्वान् तथा लेखकको अध्ययन-अनुसन्धान तथा लेख-रचनालाई द्वितीय स्रोतको रूपमा सदुपयोग गरिएको छ । सरकारी कार्यालय, छन्त्याल जातिको संस्था र अन्य संघसंस्थाबाट प्राप्त विवरणलाई महत्त्वपूर्ण सामग्रीका रूपमा लिइएको छ । विभिन्न पुस्तकालयका पुस्तक तथा पत्रपत्रिकामा प्रकाशित छन्त्याल जातिसम्बन्धी लेख र रचनाहरूलाई पनि सहायक स्रोतमा समाविष्ट गरिएको छ ।

यसरी सङ्कलन गरिएका दुई किसिमका तथ्याङ्कहरूलाई यिनीहरूको निश्चित गुण, विशेषता एवम् प्रकृतिका आधारमा वर्गीकरण, सम्पादन, संहितीकरण र प्रशोधन गरी व्याख्या तथा विश्लेषण गरिएको छ । यसका साथै सङ्कलित तथ्याङ्कलाई तुलनात्मक र वर्णनात्मक विधिबाट पनि प्रस्तुत गरिएको छ ।

१.५.२. तथ्याङ्क सङ्कलन विधि

(क) अध्ययन क्षेत्रको छनौट

नेपालका आदिवासी जनजातिहरूमध्ये छन्त्याल जनसङ्ख्याको हिसाबले थोरै सङ्ख्या र मूलथलोको हिसाबले सीमित क्षेत्रमा फैलिएको जाति हो । यिनीहरूको मुख्य बसोबास क्षेत्र गण्डकी प्रदेश बागलुङ, म्याग्दी र मुस्ताङ, प्रदेश ५ को गुल्मी, प्यूठान र पूर्वी रुकम तथा कर्णाली प्रदेशको सुर्खेत जिल्लाका विभिन्न छन्त्याल गाउँहरू हुन् । मूलथलोबाट बसाइँसराइ गरेर काठमाडौं उपत्यका, कास्की, रूपन्देही, कपिलवस्तु, नवलपरासी, दाङ, चितवन, बागलुङ बजार, बेनी बजार आदि हुन् । अध्ययनका लागि बागलुङ, म्याग्दी, गुल्मी र प्यूठानको विभिन्न छन्त्याल गाउँहरू छनौट गरिएको थियो । छनौट गरिएका क्षेत्रहरू छन्त्यालको मूलथलो हुन् । त्यसमध्ये म्याग्दी र बागलुङमा छन्त्यालको बसोबास भएका धेरै गाउँहरू छन् । जहाँ छन्त्यालको मौलिक पहिचान छ, अन्य समुदायको प्रभाव कम छ । म्याग्दी जिल्लामा भाषा वक्ता अधिक र बागलुङमा न्यून छन् भने गुल्मी र प्यूठान जिल्लामा भाषा वक्ता छैनन् । गुल्मी र प्यूठानमा भने मौलिक पहिचान भए पनि विशेषत मगर जातिको प्रभाव बढी रहेको छ । यी भिन्न-भिन्न प्रकृति भएको जिल्लामा छन्त्यालको पहिचान र इतिहासको अवस्था के छ भन्ने जानकारी र तथ्याङ्क सङ्कलनका लागि चारवटा जिल्ला अध्ययन क्षेत्रको रूपमा छनौट गरिएको हो ।

(ख) अन्तर्वार्ता

छन्त्याल जातिको इतिहास, भूगोल, पुर्ख्यौली पेसा, भाषा, संस्कृति, धर्म, संस्कार, प्रथाजनित संस्था र कानुन, सामाजिक संरचना आर्थिक पद्धति एवम् मूलथलोको साँध सीमानाबारे संरचित/असंरचित प्रश्नावली र चेकलिष्टको आधारमा जानिफकार, जेष्ठ व्यक्ति, संघको पदाधिकारी, शिक्षक र महिलासँग अन्तर्वार्ता लिएर सूचना र जानकारी सङ्कलन गरिएको छ ।

(ग) अवलोकन

छन्त्याल जातिको मूलथलोको क्षेत्रगत अवलोकन गरिएको छ । यस क्रममा विशेषत उनीहरूको भूगोल, बसोबास, जीवन जक्रीय संस्कारका कार्य, पुर्ख्यौली पेसा (खानी)को सुरुङ, घर तथा दैनिक जीवन र भौतिक संस्कृतिको अवलोकन गरी आवश्यक सूचना र जानकारी सङ्कलन गरिएको छ ।

(घ) समूह छलफल

छन्याल जातिको पुर्ख्यौली भूमिको साँध सीमाना, संस्कार, संस्कृति, धर्म, प्रथाजनित संस्था र कानुन आदिबारे आवश्यक सूचना सङ्कलनका लागि संस्थाका पदाधिकारी, जानिफकार, जेष्ठ एवम् प्रबुद्ध व्यक्ति, महिला र शिक्षक आदिसँग समूहगत छलफल गरिएको छ ।

(ङ) मुख्य सूचनादातासँग अन्तर्वार्ता

छन्त्याल जातिको इतिहासलगायत विविध पक्षबारे आवश्यक सूचना र जानकारी सङ्कलनका लागि संस्थाको निवर्तमान तथा वर्तमान पदाधिकारी, जानिफकार, शिक्षक र जेष्ठ एवम् प्रबुद्ध व्यक्तित्वहरू मुख्य सूचनादाताका रूपमा रहेका छन् । उनीहरूसँग चेकलिष्टको आधारमा अन्तर्वार्ता लिएर सूचना सङ्कलन गरिएको थियो ।

(च) साहित्य समीक्षा

यस अध्ययनको क्रममा छन्त्याल जातिबारे हालसम्म प्रकाशित र प्रकाशनोन्मुख विभिन्न पुस्तक, लेख-रचना तथा नेपालको इतिहास, राजनीतिक, सामाजिक र सांस्कृतिक पक्षबारे लेखिएका पुस्तक र लेख आदिको समीक्षा गरिएको छ । छन्त्यालसँग सम्बन्धित दिलबहादुर छन्त्यालको 'छन्त्याल जातिः एक परिचय', 'ख्योमा', केभिन छन्त्यालको 'मेरो दृष्टिमा छन्त्याल जाति', गोबिन्द छन्त्याल (सं.) 'छन्त्याल पहिचानका आयाम', डा. शास्त्रदत्त पन्तको 'धवलागिरीको छन्त्याल', जीवनचन्द्र कोइराला (सं.) 'हाम्रो संस्कृति हाम्रो चिनारी', यामबहादुर पुन र झकेन्द्र घर्ती मगर (सं.) 'मगर जातिः ऐतिहासिक, सांस्कृतिक र राजनीतिक सन्दर्भ', मीन श्रीस मगरको 'मगर जातिको चिनारी', नरबहादुर थापा मगरको 'किरात मगर इतिहास', दण्डपाणी पौडेल र अन्य (सं.) 'धवलागिरी' तथा नेपाल छन्याल संघद्धारा प्रकाशित विभिन्न समयका 'स्मारिका र अन्य प्रकाशनहरू' आदि रहेका छन् । यी उल्लिखित स्रोतहरूमा छन्त्याल जातिको पहिचान र सभ्यतालाई भिन्न-भिन्न दृष्टिमा विश्लेषण र प्रस्तुत गरिएको छ, जसमा, पहिलो मत छन्त्याल ठकुरी एवम् तागाधारी हुन् । दोस्रो मत, छन्त्याल मगर हुन् । तेस्रो मत, छन्त्याल मगर र ठकुरी होइनन्, उनीहरू मौलिक पहिचान र सभ्यता भएको नेपालको आदिवासी जनजाति हुन् भन्ने रहेको छ । तीनवटै मतमा छन्त्यालको पुर्ख्यौली पेसा खानी खन्ने हो भन्ने समान मत र मान्यता रहेको छ ।

१.६. अध्ययनको सीमा

यस अध्ययनको सैद्धान्तिक र व्यावहारिक महत्त्व हुँदाहुँदै पनि यस अध्ययनको कतिपय सीमाहरू छन् । जुन निम्नानुसार रहेका छन्ः

(क) अध्ययन क्षेत्रको रूपमा छन्त्याल जातिको बसोबास भएको सबै जिल्लाका छन्त्याल गाउँ समावेश नगरिएकोले अध्ययनबाट प्राप्त निष्कर्षहरू अन्य स्थानका छन्त्यालसँग मेल नखान सक्छ ।

(ख) अध्ययन छोटो समयावधिमा गरिएको हुनाले प्राप्त भएका सबै तथ्याङ्कहरू पर्याप्त नहुन सक्छन् ।

(ग) अध्ययन सीमित खर्च र समयमा गरिएको हुँदा र अध्ययनका निमित्त चाहिने पर्याप्त स्रोत तथा साधनहरू सीमित खर्चमा जुटाइएको हुँदा विस्तृत अध्ययन गर्न सकिएको छैन ।

(घ) अध्ययन कुनै पनि सैद्धान्तिक दृष्टिकोणबाट गरिएको छैन । यस अध्ययनमा वर्णनात्मक र विश्लेषणात्मक रूपमा छन्त्याल जातिको ऐतिहासिक, सामाजिक, आर्थिक, सांस्कृतिक, राजनैतिक, रहनसहन, जनजीवनको अवस्था, उत्पत्ति, पुर्ख्यौली भूमि, वनजङ्गल, चरन, हालको जग्गा जमिनको स्वामित्वको अवस्थाबारे उल्लेख गरिएको छ ।

१.७. तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

यस अध्ययनको उद्देश्य पूरा गर्नका लागि सङ्कलन गरिएको तथ्याङ्कको गुण, विशेषता र प्रकृतिको आधारमा विश्लेषण, संश्लेषण र वर्गीकरण गरी प्रस्तुत गरिएको छ । गुणात्मक तथ्याङ्कलाई तथ्यपरक र बोधगम्य बनाउन आवश्यकताअनुसार वर्णन, व्याख्या र विश्लेषण गरिएको छ । परिणात्मक तथ्याङ्कलाई आवश्यकताअनुसार साङ्ख्यिक औजार प्रतिशत, औसत र तालिकीकरण आदिको प्रयोगद्वारा विश्लेषण गरिएको छ । प्रस्तुतीकरणमा सघन वर्णानात्मक पक्षलाई जोड दिइएको छ । आवश्यकताअनुसार विश्लेषणात्मक पक्षलाई पनि स्थान दिइएको छ ।

१.८. अध्ययनको सङ्गठन

यस अध्ययनलाई ११ वटा अध्यायमा सङ्गठित गरिएको छ। अध्याय एकमा अध्ययनको परिचय रहेको छ। दुईमा छन्त्याल जातिको परिचय र इतिहासबारे वर्णन गरिएको छ। तीनमा छन्त्याल जातिको भूगोलः मूलथलो र पहिचानलाई प्रस्तुत गरिएको छ । चारमा छन्त्याल जातिको सामाजिक संरचना र सम्बन्ध, पाचौंमा, धर्म, धार्मिक विश्वास र चाडपर्व, छैठौंमा, छन्त्याल जातिको जीवन चक्रीय संस्कार, सातौंमा, लोक संस्कृति र परम्परा, आठौंमा, भाषा र जनसङ्ख्या नौंमा, आर्थिक तथा राजनैतिक प्रणाली र दशौंमा शिक्षा, स्वास्थ्य र परामर्श । अन्तिम एघारौंमा, सारांश र निष्कर्ष प्रस्तुत छ। अन्त्यमा, सन्दर्भ सामग्री प्रस्तुत गरिएको छ।

अध्यायः दुई
छन्त्याल जातिको परिचय र इतिहास

२.१. पृष्ठभूमि

छन्त्याल जातिको परिचय र इतिहास नेपालको जातीय मिश्रण, सामाजिक, सांस्कृतिक, भाषिक र सभ्यताको ऐतिहासिक विकाससँग जोडिएको थियो र छ। साथै राज्यले अवलम्बन गरेको नीतिको पनि उत्तिकै उल्लेख्य प्रभाव र असर थियो र छ। त्यसैले गर्दा उनीहरूको परिचय र इतिहास विगतमा ओझेल पर्दै गएको थियो। वर्तमानमा स्थापित गर्ने प्रयास भएको छ। छन्त्यालको परिचय र इतिहासलाई प्रभाव र असर गरेका ती विविध पक्षलाई केलाउनुपर्ने आवश्यकता र सान्दर्भिकता उत्तिकै थियो र अझै छ।

नेपाल जात/जाति, भाषा, संस्कृति, धर्म र भूगोलको हिसाबले विविधतायुक्त र सुन्दर देश हो। त्यही विविधता र सुन्दरतामा छन्त्याल परिचय र इतिहास थियो र छ। राष्ट्रिय तथ्याङ्क विभागको सन् १९५२/५४ को जनगणना पछि उक्त सुन्दरता झल्किन शरु भयो।[२] तर छन्त्याल पहिचान देखिएन। राज्यको तथ्याङ्कमा छन्त्याल जातिको परिचय र भाषा सन् २००१ को जनगणनाबाट मात्र देखियो।

नेपालमा सन् २०११ को तथ्याङ्कअनुसार १२५ जात/जाति, १२३ भाषा र १० धर्म मान्ने मान्छे छन्। यी विभिन्न जात/जाति हिमाल, पहाड र तराई-मधेसमा छरिएर बसेका छन्। उनीहरूसँग पर्यावरणीय हिसाबले भौलागिक क्षेत्रबमोजिम मौलिक जात/जाति र भाषाहरू पनि छरिएका छन्। विविधतायुक्त देश भएकैले अध्येता/लेखकहरूले सोही रूपमा वर्णन गरेको भेटिन्छ। त्यसैले टोनी हागन लेख्छन्, 'नेपाल जस्तो सानो भू-भाग भएको देशमा विद्यमान यतिविघ्न जातीय, भाषिक र सांस्कृतिक विविधता अन्त सायदै पाइला। त्यसैले नेपाललाई एसियाको जातीय सङ्गमस्थल भन्न सुहाउँछ। झट्ट हेर्दा जनसङ्ख्याको वितरण गन्जागोल खालको देखिन्छ। कुनै जाति कुनै निश्चित ठाउँमा मात्र सीमित नरहेर अनौठो छरिएका छन् र एकअर्कासँग छ्यासमिस भएर बसेका छन्। तैपनि, खास-खास जातीय समूह खास-खास उचाइका क्षेत्रमा बस्ने गरेको भने पाइन्छ' (सन् २००१ः४३)।

नेपाल विविधताले सुन्दर छोटो समयमा भएको होइन। विभिन्न कालखण्डमा विभिन्न मूलका मान्छे (मङ्गोलोइड, इन्डो-आर्यन, द्रविड आदि) आएर बसे। त्यसैको परिणाम नेपाल जात/जाति, भाषा, संस्कृति र धर्मको विविधताले भरिएको छ। विविधताको पृष्ठभूमि केलाउँदै सिल्भाँ लेभी लेख्छन्, 'नेपालमा बसाइँ सर्ने पहिलो हूल हिमालको उत्तरपट्टिबाट

---

२ सन् २०५२/५४ देखि मात्र जात/जाति र भाषाको तथ्याङ्क समावेश गरिएको थियो। सोभन्दा पहिले भाषा र जात/जातिको महल थिएन।

आयो। यसपछि अर्को जमात दक्षिणपट्टिबाट पस्यो (सन् २००५:१४०)। त्यसैगरी, जनकलाल शर्माको अनुसार आजको नेपाली जातिमा सूक्ष्म रूपले हेरेर नृतात्विक दृष्टिले प्रधानतः छ प्रकारका जातिको समिश्रण पाइन्छ। ती क्रमशः नेग्रिटो, आग्नेय, मङ्गोलोइड, द्रबिड, पश्चिमी वृत्तमुण्ड र आर्य वा नर्डिक (२०५८:३४)।

हर्क गुरुङको अनुसार नेपालको हिमाली अवस्थितिका बावजुद् दुई पुराना सभ्यताको दोसाँध हुनाले जातीय विषय महत्त्वपूर्ण छ। नेपाल एउटा सीमान्त भूमिको रूपमा उत्तरी मङ्गोलई र दक्षिण ककेशई मूलका जातिको संगमस्थल बन्न पुग्यो। कोशी क्षेत्रमा मङ्गोलोइड किराँतीहरू भोट, पहाड तथा मधेशमा व्याप्त भए भने कर्णाली क्षेत्रमा ककेशई खसहरू पहाडदेखि भोटसम्म फैलिए। माझको गण्डकी क्षेत्र भने तिनीहरूको (मङ्गोलोइड र खस) जम्काभेट थलो हुन गयो (सन् २००६:१२१)। प्रयागराज शर्माका अनुसार हिमालय (नेपाल) हिन्दुहरू (बाहुन र क्षत्री) र विभिन्न आदिवासी जनजाति समूहको सम्पर्क क्षेत्र भएको छ। नेपालको यो सम्पर्क अनुभवले विरलै दक्षिण एशियाको हिन्दु क्षेत्रमा यस्तो अद्वितीय अनुभव दिएको छ। दुईवटा समूहको अन्तरक्रिया सम्भवतः भारतीय उपमहाद्वीपमा नै नमूना हो। अन्तरक्रिया इतिहासको लामो समयदेखि भएको हो। राज्यले यी दुई समूहबीच विकास भएको निश्चित सामाजिक सम्बन्धलाई औपचारिक कानुनी मान्यता दिएको छ (सन् २००४:१८५)।

लुडविक एफ स्टिलरले नेपालको जातीय, सांस्कृतिक र भाषिक विविधतालाई केलाउँदै लेख्छन्, 'आधुनिक वा विशाल नेपाल जे भने पनि यहाँको मानिसबारे बयान गर्न सजिलो छैन। यहाँ धेरै सांस्कृतिक विविधता, भाषिक विविधता र उल्लेखनीय धार्मिक विश्वास र अभ्यासको विविधता छ (सन् १९९५:९)। महेशचन्द्र रेग्मीको अनुसार नेपाल अधिराज्य शताब्दीऔँ अगाडिदेखि फरक संस्कृति र मानिसहरूको संगमथलो हो। नेपालको जनसङ्ख्यामा मुख्य ककेशइड र मङ्गोलोइड समूहका हुन् (सन् १९७२:६)। यी विद्वान्ले उल्लेख गरेअनुसार फरक वंश भएका, फरक भूगोलबाट नेपालमा आएका जात र जातिहरूसँग भाषा, संस्कृति र धार्मिक विश्वास आयो, जसले सबै *जातको फूलबारी*[३], चार जात छत्तीस वर्णको साझा फूलबारी[४] र सयौं थुँगा फूलका हामी एउटा माला नेपाली[५]को पहिचान दिएको छ। विविधतायुक्त सुन्दर देश बनाउन र बन्न योगदान गरेको छ।

केन्द्रीय तथ्याङ्क विभागको सन् २०११ को आँकडाअनुसार नेपालमा कुल जनसङ्ख्याको ३५.३ प्रतिशत आदिवासी जनजातिको बसोबास छ। ती सबैको मौलिक भाषा, धर्म, संस्कृति र पहिचान छ। यहाँ आदिवासी जनजाति परापूर्वकाल (आदिम र अनादि)देखि घुमन्ते जीवन, खानका लागि कन्दमुल, जङ्गली फलफूल सङ्कलन गर्ने र शिकार खेल्ने गरेका थिए। ती

---

३ मानवशास्त्री श्री डोरबहादुर विष्टद्वारा लिखित पुस्तकको नाम।

४ श्री ५ पृथ्वी नारायण शाहको दिव्य उपदेश।

५ व्याकुल माइलद्वारा रचित नेपालको राष्ट्रिय गानको पहिलो हरफ।

आदिम जातिमा लेख्य परम्परा नभएकोले वंशावली, इतिहास र जाति समुदायबारे आफूले लेखेनन् । अरुले लेखी दिएनन् । नेपालको इतिहास (स्वदेशी र विदेशीद्वारा) जति लेखिएका छन्, ती यहाँका राजा, महाराजा, हिन्दु धर्म, आर्य सभ्यता र हिन्दु बाहुन, क्षत्री, खस तथा ठकुरीबारे लेखिए । सबैभन्दा बढी त हिन्दु राजाको गाथाले भरिएको इतिहास नै इतिहासकार तथा अध्येताले थमाइ दिए । त्यसैले त युग पाठकको मूल्याङ्कनमा नेपालमा सुरुआती इतिहास लेखन राजा महाराजा र नेपाल खाल्डो (काठमाडौं)को दृष्टिकोणबाट गरियो । पञ्चायत कालमा राज्यद्वारा प्रोत्साहन पाएका इतिहासकारहरूले पनि यही परम्पराको अनुसरण गरे । यो पंक्तिकार (युग पाठक)को अनुभवमा स्कुल, कलेजका पाठ्यपुस्तकदेखि अन्य इतिहासको धेरैजसो पुस्तकमा अधिकांश मिहिनेत शाहवंशको गुणगान, राणा शासनको निन्दा र काठमाडौं (जसलाई धेरै पछिसम्म नेपाल भनेर चिनिन्थ्यो)को शाहवंशीय अहम् चित्रण गर्न लगाइएको छ (२०७४:२४२) । यस्तो इतिहास लेखनमा आदिम जातिबारे लेखिएका थोरै लेखोटहरू पनि खोटपूर्ण भए । उनीहरूले हिन्दु धर्म, आर्य सभ्यताको कसीमा राखेर लेखिदिए । रैतीको रूपमा रहेका अहिन्दु र अनआर्य जाति छन्त्यालको परिचय र इतिहास पनि इतिहास लेखनको प्रवाहमा विलिन हुन पुग्यो र लेखिएन ।

हयामिल्टनले हिन्दु धर्ममा आधारित बाहुन, क्षत्री, खस, राजपुतको बयानसँगै आदिवासी जनजाति छुट्टै समूह भएको उल्लेख गरेका छन् । उनका अनुसार जातीय स्तरीकरण भएको हिन्दुहरू भन्दा आदिवासी समूह फरक छन्, जसले समानतामूलक समाजलाई अवलम्बन गरेका छन् । फरक भाषा बोल्छन् । उनीहरूका परम्परागत पहिरन (वेषभूषा), प्रथा, व्यवहार र विश्वास छन् (सन् १८१९ पुनःमुद्रण २००७:१४-२७) । यसबाट नेपालमा बस्ने आदिवासी जनजाति छुट्टै पहिचान भएको जाति हो भन्ने पुष्टि हुन्छ । तर कुन-कुन जातिको परिचय र इतिहास के हो स्पष्ट हुँदैन ।

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत ५९ आदिवासी जनजातिमध्ये हिमालमा १८ वटा, पहाडमा २३ वटा, भित्री मधेशमा ७ र तराई-मधेसमा ११ वटा आदिवासी जनजातिको बसोबास रहेको छ । सन् २०११ को तथ्याङ्कअनुसार ५९ मध्ये ४७ वटा आदिवासी जनजातिको जनसङ्ख्या छ । बाँकी १२ वटाको जनसङ्ख्या समावेश छैन । जनसंङ्ख्यिक तथ्याङ्क नभएका हिमाली आदिवासी जनजाति थुदाम, बाह्रगाउँले, लार्के, सियार, ताङ्बे, तीनगाउँले थकाली, मार्फाली, मुगाली र छैरोतन हुन् । पहाडी आदिवासी जनजाति सुरेल, वनकरिया र फ्रि हुन् । यी आदिवासी जनजातिहरूको तथ्याङ्क नभएकोले सम्वत् २०७४ बैशाख ११ गते राजपत्रमा प्रकाशित नेपालको अल्पसङ्ख्यक समूह (जाति)को सूचीमा पनि समावेश छैनन् । यसले प्रतिष्ठान ऐनमा सूचीकृत आदिवासी जनजातिको परिचय र जनसङ्ख्या उल्लेख गर्न राज्य अझै उदासीन छ भन्ने प्रष्ट हुन्छ । सोही बमोजिमको शिकार छन्त्याल सन् २००१ भन्दा अगाडिसम्म भए ।

सन् २०११ को धार्मिक जनसङ्ख्याको आँकडाअनुसार नेपालमा हिन्दु ८१.३, बुद्ध ९, इस्लाम ४.४, किराँत ३.१, क्रिश्चियन १.४, प्रकृति ०.५, बोन, जैन, बहाइ र शिख धर्म ०.२ प्रतिशत जनसङ्ख्यामा रहेका छन् । नेपालमा पहिलेदेखि नै आफ्नो मौलिक धर्म मान्ने तर हिन्दु धर्म नमान्ने जनसङ्ख्या धेरै छ । नेपालको कुल जनसङ्ख्यामा पनि आदिवासी जनजातिको सङ्ख्या ३५.३ प्रतिशत छ । उनीहरूमध्ये प्रायःले प्रकृतिलाई पूजा गर्छन् । यस अर्थमा नेपालमा पहिचान गरिएका १० वटा धर्ममध्ये बुद्ध, किराँत, प्रकृति र बोन धर्मबाहेक अन्य धर्मसँग आदिवासी जनजातिको ऐतिहासिक रूपमा धार्मिक साइनो र सम्बन्ध छैन भन्दा हुन्छ । पछि मात्र हिन्दु, क्रिस्चियन, इस्लाम आदि मान्न थालेका हुन् । तर वर्तमानमा धार्मिक जनसङ्ख्यामा फरक प्रवृति देखिएको छ । यसका धरै कारणहरू छन् ।

गोविन्द न्यौपानेको भनाइमा धार्मिक आस्थाका हिसाबले मूलतः हिन्दु, बुद्ध, इस्लाम र किराँत धर्म प्रमुख रूपमा रहेका छन् । यसबाहेक इसाई, लामा, बान्पो, जैन तथा सिख धर्म मान्नेहरू पनि छन् । वास्तवमा नेपालमा लोक धर्म (प्रकृति पूजा, मस्टो उपसना, कुलदेवता परम्परा समेत) अनुयायीहरूको ठूलो सङ्ख्या छ । तर यस विषयमा गम्भीर अनुसन्धान भएको छैन । त्यस्तो अनुसन्धानको अभावका कारण शासनमा रहेका खसहरूले अझ खासगरी बाहुनहरूले उनीहरूलाई हिन्दु धर्मका अनुयायीको रूपमा प्रस्तुत गर्ने काम गरेका छन् (सन् २०००:२२) । न्यौपानेले भने झैँ नेपालका धेरै आदिवासी जनजातिहरू हिन्दु धर्म मान्ने कित्तामा मिसाइएका थिए/छन् । वास्तवमा आदिवासी जनजातिको परम्परादेखिको अभ्यासलाई हेर्ने हो भने उनीहरूको आस्थाको आधार ढुङ्गा, माटो, पानी वा जल, जङ्गल, हावा, आगो र आकाशसँग नजिक सम्बन्ध रहेको छ । तिनीहरूलाई पनि तथ्याङ्कमा समावेश गर्न सकेमा फूलबारीमा अरु धेरै फूल थपिने छन् । फूलबारी अझै सुन्दर बन्न सक्छ ।

उल्लिखित ऐतिहासिक पक्ष, राज्यको नीति र व्यवहारबीचको असङ्गतिको चेपुवा छन्त्याल परिचय एवम् इतिहास धमिलिएको थियो र छ । यस जातिको धौलागिरि[६] हिमालको दक्षिण-पूर्व र पश्चिमको दक्षिणी मोहडाको म्याग्दी, बागलुङ, गुल्मी, प्यूठान, रुकुम र सुर्खेत जिल्लामा पुर्ख्यौली बसोबास रहेको छ । उनीहरूको मौलिक भाषा, संस्कार, संस्कृति र धर्म रहेको छ । प्रकृतिलाई आस्थाको केन्द्र मान्ने छन्त्याल जातिले बोल्ने भाषालाई छन्त्याल भाषा वा खाम भन्छन् । छन्त्याल आदिम कालदेखि नै कालीगण्डकी र ठूलो भेरी नदीबीचको

---

६ नेपालको धौलागिरि हिमाल विश्वको सातौं अग्लो (८१६७ मी./२६७९५ फिट) हिमाल हो । धौलागिरि हिमाल पूर्व कालीगण्डकी नदीदेखि पश्चिम भेरी नदीसम्म १२० कि.मि. फैलिएको छ । सन् १९६१ मा नेपालको भूगोललाई ५ विकास क्षेत्र, १४ अञ्चल र ७५ जिल्लामा विभाजन गरिएको थियो । पश्चिमाञ्चल विकास क्षेत्रको ३ वटा अञ्चलमध्ये एउटा धौलागिरि हिमालको नामबाट धौलागिरि अञ्चल नामकरण गरिएको थियो । अन्य लुम्बिनी र गण्डकी अञ्चल थिए । धौलागिरि अञ्चलमा बागलुङ, म्याग्दी, पर्वत र मुस्ताङ जिल्ला समावेश थिए । विकास क्षेत्र र अञ्चलको संरचना सन् २०१५ बाट खारेज गरिएको छ । सन् २०१५ मा साविक गण्डकी, धौलागिरि अञ्चलको सबै जिल्ला र लुम्बिनी अञ्चलको नवलपरासी जिल्लाको वर्दघाट पूर्वको भू-भागलाई नवलपुर जिल्ला नामकरण गरी गण्डकी प्रदेशको संरचना बनेको छ । त्यसैले यस कृतिमा धौलागिरि अञ्चल भन्ने शब्दले साविकका ४ वटा जिल्लाको भू-भागलाई समेटिएको प्रशासनिक एकाईलाई बुझाउँछ ।

उपत्यकामा खानी खन्ने जाति हुन् । पहरामा निर्भर यस जातिको गहिरो समाजशास्त्रीय र मानवशास्त्रीय अध्ययन हुन सकेको छैन । जे-जति भएका छन् ती पर्याप्त छैनन् । त्यसैले छन्त्यालको उत्पत्ति, इतिहास, भूगोल, भाषा, धर्म, संस्कृति, संस्कार र रहनसहनबारे विवरणहरू बाहिर आएका छैनन् । हालसम्म भएका सीमित अध्ययन र अनुसन्धानले केही हदसम्म छन्त्याल मौलिक पहिचान भएको आदिवासी जनजातिको रूपमा परिचित हुन थप मद्दत भने अवश्य गरेको छ ।

२.२. छन्त्याल जातिको परिचय

छन्त्याल जातिलाई शब्दको हिसाबले छन्त्याल वा छन्तेलले जनाउँछ । भूगोलको हिसाबले धौलागिरि तथा चुरेन हिमालको दक्षिण र पश्चिम नेपालको मध्य पहाडी क्षेत्रमा बसोबास गर्ने आदिवासी जनजाति (राष्ट्र)को रूपमा बुझाउँछ । नेपाल सरकार, तथ्याङ्क विभागको जनगणना सन् २००१ मा छन्त्याल जाति, धर्म र भाषा उल्लेख भएपछि थप परिचय पाएको हो । सोभन्दा पहिले उनीहरूको जाति नाम, धर्म र भाषा अन्यकरण (अन्य जात/जाति समूहमा पार्ने प्रक्रिया वा कार्य) गरिएको थियो । यसले गर्दा छन्त्यालको पहिचान सङ्कटमा थियो । परम्परागत धर्म प्रकृति र पेसागत रूपमा खानीले परिचय दिएको छ । छन्त्याल जातिको परिचयलाई केलाउँदै हरिचन छन्त्याल लेख्छन्, ‘मौलिक भाषा, संस्कृति, संस्कार, परम्परा, धर्म, मूलथलो, अलिखित इतिहास, तामाखानी पुख्र्यौली पेसा, हामी भावना भएको, सरल, सोझा एवम् इमान्दार स्वभाव, थेप्चे नाक, गहुँगोरो वर्ण, मङ्गोलोइड अनुहार तथा शारीरिक वनावट भएको, भूमे, कुल, शिद्ध सिकारी, जल र वायु आदि प्राकृतिक वस्तु र निराकार देवी देवता मान्ने/पुज्ने, समूहमा बस्न रुचाउने, १२ वटा थर भएको र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत नेपालको एक आदिवासी छन्त्याल (राष्ट्र) हो (२०७१:७३) । छन्त्याल जातिको परिचयको निर्माणमा मौलिक पहिचानका आधार, विशेषता, पेसा, आस्था र कानुनी मान्यतालाई उनले जोड दिएका छन् । त्यसैगरी, सम्वत् २०७४ मा अर्को परिचय थपियो । सम्वत् २०७२ मा घोषणा गरिएको संविधानमा व्यवस्था भएबमोजिम नेपाल सरकारले सम्वत् २०७४ बैशाख ११ गते निर्वाचन प्रयोजनका लागि राजपत्रमा प्रकाशित अल्पसङ्ख्यक[७] समूहको एउटा समूह (जाति) हो । सङ्ख्याको हिसाबले अल्पसङ्ख्यक सूचीमा परे पनि छन्त्याल थोरै जनसङ्ख्या भएको नेपालको आदिवासी जनजाति हो ।

सम्वत् २०७६ सम्म पनि छन्त्याल जातिलाई छन्तेल र छन्त्याल शब्द उच्चारण र लेख्य

७ विस २०७२ असोज ३ गते घोषणा भएको नेपालको संविधानको धारा ३०६ उपधारा १ को (क) अनुसार परिभाषित समूह। जसअनुसार अल्पसङ्ख्यक भन्नाले संघीय कानुन बमोजिम निर्धारित प्रतिशत भन्दा कम जनसंख्या रहेको जातीय, भाषिक र धार्मिक समूह सम्झनुपर्छ र सो शब्दले आफ्नै जातीय, धार्मिक र भाषिक विशिष्टता भएको, त्यसलाई बचाइ राख्ने आकांक्षा रहेका, विभेद र उत्पीडन भोगेका समूहलाई समेत जनाउँछ। तर नेपालका आदिवासी जनजातिहरूको साझा सङ्गठन नेपाल आदिवासी जनजाति महासंघले यस अल्पसङ्ख्यक सूचीलाई आदिवासी जनजाति समुदायसँग विना परामर्श अवैज्ञानिक र हचुवाको भरमा आदिवासी जनजातिलाई फुटाउने उद्देश्यले सरकारले ल्याएको रूपमा विरोध जनाएको थियो/छ।

रूपमा चिन्ने गरिएको छ । गाउँघरमा गैरछन्त्यालले बोलीचालीमा छन्तेल नै भन्छन् । साथै पुराना कागजातमा पनि छन्तेल नै लेखेको पाइन्छ। केही अध्येताले आफ्नो अध्ययनमा छन्तेल नै लेखेर अध्ययन गरेको पनि पाइन्छ। छन्त्यालको जाति नाम बुझ्न, चिन्न र लेख्न छन्त्याल, छन्तेल, छंतेल, छँतेल, चँतेल, चेन्तेल, छँतयल, चन्तेल, चन्त्याल, र छत्येल आदि शब्द प्रयोग गरेको पनि पाइन्छ। शब्द रूप जे र जुन प्रयोग गरे पनि अर्थबोध वा बुझाइ (सार) र परिभाषाले सिङ्गो छन्त्याल आदिवासीलाई बझाउँछ।

छन्त्यालले जातिको सघन बसोबास भएका गाउँ र वरिपरि गैरछन्त्यालको बसोबास रहेको छ। ती जात/जाति मुख्यगरी मगर, गरुङ, थकाली, भुजेल, क्षत्री, बाहुन र दलित आदि हुन् । उनीहरूले पनि छन्त्याल व्यक्तिलाई बोलाउँदा, छन्त्यालबारे संवाद गर्दा छन्तेल शब्द नै बढी प्रयोग गर्छन् । सम्वत् २०३० को दशकपछि छन्त्याल जातिबारे थाहा पाएका, छन्त्यालको सम्पर्कमा आएका र अध्ययन गरेका व्यक्ति एवम् समुदायले भने छन्त्याल शब्दको प्रयोग बढी गर्छन् । व्यक्तिगत र सरकारी दस्तावेजमा पनि सोहीअनुसार लेख्य परम्परा भएको पाइन्छ।

छन्तेलको सट्टामा छन्त्याल लेख्ने र भन्ने परम्परा विशेषत: औपचारिक शिक्षा आर्जनको निम्ति छन्त्याल बालबालिका विद्यालय भर्ना भएपछि शुरु भएको हो । जुन गैरछन्त्याल शिक्षकले छन्तेललाई छन्त्याल लेखिदिने पनि गरेका थिए । वर्तमानमा छन्त्यालले आफूलाई छन्त्याल नै भनेर चिनाउँछन् । अर्कातिर गैरछन्त्यालले छन्त्याल/छन्तेल दुवै शब्द प्रयोग गर्छन् । यस सन्दर्भमा ललितमान घरब्जा छन्त्यालको अनुसार छन्त्याललाई पहिले छन्तेल शब्द नै प्रयोग गरेर सम्बोधन गरिन्थ्यो । पुराना दस्तावेज र अहिले पनि कतिपय सरकारी कागजातमा जातिको नाम छन्तेल नै लेखिएको पाइन्छ। सम्वत् २००७ सालपछि विद्यालय भर्ना हुने क्रममा मुख्यगरी छन्त्याल शब्दको प्रयोग बढी हुन थालेको हो ।[८] छन्त्यालको मूलथलोमा बसोबास गर्ने अन्य जात/जातिले छन्त्याललाई गाली गर्दा मुसा भन्छन् । मुसा भन्ने शब्द पनि पुर्ख्यौली पेसा खानीसँग सम्बन्धित छ। छन्त्यालले खानी खन्दा मुसाले जस्तो जमिनमुनि प्वाल बनाउने भएकोले मुसा भनिएको हो।

छन्त्याल शब्दको व्यत्पत्ति र प्रयोगबारे स्पष्ट अभिलेख छैन । पुर्खा छ्यान्तुङ[९]मा बसोबास गरेकोले सो स्थानमा बस्ने बासिन्दा छन्त्याल भएको भनाइ छ। प्रेम कैदीका अनुसार छन्त्यालहरूको पुर्खा जुम्लाबाट तामाखानी खन्दै छ्यान्तु भन्ने ठाउँमा आएर बसोबास गरेका

---

८ ललितमान घरब्जा छन्त्याल गण्डकी प्रदेश बागलुङ जिल्ला तमानखोला गाउँपालिका वडा नं ४ (साविक धौलागिरी अञ्चल बागलुङ जिल्ला तमान गाविस) लामेलाखानीका बासिन्दा हुन् । उनी अहिले काठमाडौंमा बसोबास गर्छन् । उनी नेपाल छन्त्याल संघ केन्द्रीय समितिको स्थापना कालका सदस्य हुन् । संघको सल्लाहकार समेत रहेका उनी छन्त्याल अध्ययन अनुसन्धान केन्द्रको उपाध्यक्ष समेत छन् । उनीसँग सम्वत् २०६६ माघ २३ गते गरेको कुराकानीमा आधारित ।

९ छ्यान्तुङ स्थानको नाम हो । जसलाई छ्यान्तुङ, छेन्तुङ, छेन्तुङ्ग, छ्यात्टुङ, छ्यान्तु, छन्तुङ्ग, चेन्तुङ आदि शब्दले सम्बोधन गरेको पाइन्छ । जुनसुकै शब्द प्रयोग गरिएको भए पनि बागलुङ जिल्ला ढोरपाटन नगरपालिका वडा नं. ६ (साविक अधिकारीचौर गाविस वडा नं. ५) उत्तरगंगा (सानो भेरी) नदीको पश्चिम नदी किनारमा अवस्थित स्थानलाई बुझाउँछ । जुन स्थानमा सन् १९६० मा तिब्बती शरणार्थीलाई पुर्नवास गरिएको थियो । साथै उक्त क्षेत्र ढोरपाटन शिकार आरक्ष क्षेत्रभित्र पर्दछ ।

थिए । त्यसैले छ्यान्तुबासीलाई छन्त्याल भनिएको हो (२०४८) । दिलबहादुर छन्त्यालका अनुसार छ्यान्तु नामको थलोबाट छन्त्याल जातिको विकास भएको हो (सन् १९८७ः२) । स्थानको आधारमा धेरै जात/जाति र थरको नामकरण भएकोले छ्यान्तुङमा बस्ने जातिलाई छन्तेल वा छन्त्याल भनिएको हो भन्न सकिन्छ। तथापि, छ्यान्तुङको 'ङ' अक्षर कसरी 'ल' उच्चारण हुन पुग्यो सोचनीय छ।

नेपालको तहगत वर्ण व्यवस्था र जात प्रथामा छन्त्याल जातिलाई उचो जाति देखाउन जनै छिनेको/चुँडेको/फालेकोले सोही आधारमा छन्त्याल भएको हो भन्ने मत पनि रहेको छ। छन्त्यालका अनुसार जनै छिनेपछि बोल्न हुन्न भन्ने भनाइ छ। सोको वास्ता नगरी (जनै छिनेको व्यक्ति) जनै छिन्यो जनै छिन्यो भनी कराउँदै हिँडेछ । यही जनै छिन्योबाट पछि छन्त्याल भयो भन्ने किंवदन्ती छ (सन् १९८७ः२) । तथापि, छन्त्याल जनैधारी/तागाधारी भने होइनन् ।

छन्त्याल जातिलाई परम्परागत पेसाको हिसाबले आग्री, खनेल र आफ्रेको परिचय दिइएको थियो। तीनवटा शब्द छन्त्यालको पुर्ख्यौली पेसा खानीसँग सम्बन्धित हो। खानी खन्ने भएकोले छन्त्याललाई उक्त तीनवटा नामले चिन्दछन् । वर्तमानमा भने पेसागत पहिचानको शब्दको प्रयोग हराउँदै गएको छ। हरिचन छन्त्याल (२०७१ः७९)का अनुसार 'खनेल, आग्री र आफ्रे तीनवटै नाम पेसामा आधारित थियो । यसले खानी खन्ने समूह र समुदायलाई बुझाउँथ्यो । त्यसैले जुन व्यक्ति वा समुदाय खानीमा सङ्लग्न हुन्थ्यो, स्वभाविक रूपले ऊ खनेल, आग्री र आफ्रे नामले चिनिथ्यो ।' खनेल, आग्री र आफ्रे खानी पेसासँग सम्बन्धित भएको कुरा विभिन्न अध्येताले पनि उल्लेख गरेका छन् (हेमिल्टन, सन् १८१९ पुनःमुद्रण २००७ः७१; कर्कप्याट्रिक सन् १८११, पुनःमुद्रण २००७ः६२; रेग्मी, सन् १९८८ः१३४; गुरुङ, १९९७ः २७४; श्रेष्ठ, २०५९ः१५५) ।

२.३. छन्त्याल जातिको उत्पत्तिको इतिहास

छन्त्यालको उत्पत्तिको वास्तविक इतिहासबारे थाहा पाउन निकै कठिन र चुनौतीपूर्ण छ। पहिलो, इतिहास अलिखित छ। दोस्रो, मौखिक मिथक लोप हुँदै गएका छन्। तेस्रो, आरम्भिक चरणमा गरिएको अध्ययनले केही विरोधाभाष सृजना गरेको छ। चौँथो, भाषा, धर्म, संस्कार, संस्कृति र विश्वास आदि मिश्रित छ । पाँचौं, राज्यको खोटपूर्ण नीति र व्यवस्थाले गरेको अन्यकरणको प्रभाव थियो/छ । यीसहित अन्य धेरै कारणहरू पर्गेल्न सकिन्छ । त्यसैगरी, आनुवंशिक मूल र शुद्धतातिर ध्यान दिन सकिएको छैन। जुन कार्य गर्न आर्थिक, प्राविधिक र व्यवहारिक समस्या पनि रहेको छ। त्यस प्रसङ्गमा गोबिन्द र हरिचन छन्त्याल (२०७३ः१०८) लेख्छन्, 'छन्त्याल जातिको इतिहासबारे चर्चा गर्दा छन्त्याल शब्दको व्युत्पत्ति, छन्त्यालको उत्पत्ति, वंशज, पहिचान, परिचयको निर्माण तत्कालीन राज्यहरू र छन्त्यालबीच उनीहरूले खनेका, चलाएका खानीहरू सम्बन्धी के-कस्ता आधिकारिक सन्धि, सम्झौता, सहमति कायम

गरिएका थिए? जस्ता प्रश्नहरू जोडिएर आउँछन् । यीलगायत छन्त्याल जातिको इतिहाससँग सम्बन्धित सबै विषयहरूको गहिराइमा पुगेर तथ्यपूर्ण विश्लेषण गर्न अवश्य पनि सजिलो छैन ।' यस असहजता र अफ्ठ्यारोको बीचमा छन्त्यालको उत्पत्तिको इतिहास सम्बन्धमा उपलब्ध भएका स्रोतलाई भने केलाउन सकिन्छ ।

छन्त्याल जाति मौलिक, राजनैतिक, सामाजिक, सांस्कृतिक, भाषिक, आर्थिक र धार्मिकसहित निश्चित भू-भागमा फैलिएको छन्त्याल पहिचान र सभ्यतासहितको आदिवासी (राष्ट्र) थियो र हो । छन्त्यालसम्बन्धी विगतमा भए/गरिएका अध्ययन र स्रोतहरूले फरक-फरक भनाइ र मत प्रस्तुत गरेका छन् । त्यसैले यहाँ उपलब्ध स्रोतहरूलाई मुख्य गरी तीन समूहमा राखेर विश्लेषण गर्ने प्रयास गरिएको छ । पहिलो, छन्त्यालको उत्पत्ति भएको र वंश आएको ठकुरीबाट हो । त्यसैले उनीहरू ठकुरी हुन् । दोस्रो, छन्त्याल मगरको एउटा थर तथा उप थर हो । त्यसैले उनीहरू मगर हुन् भनेर मगरकरण गरिएको छ । तेस्रो, छन्त्याल नेपालका भूमिपुत्र आदिवासी जाति (राष्ट्र) हुन् । अघिल्लो दुईवटा समूहको भनाइ र मतले छन्त्यालको मौलिकता र पहिचानलाई एकबाट अर्कामा मोड्ने प्रयास गरेको छ । तेस्रो, मतले अघिल्लो दुवै मतलाई मान्यता दिँदैन । नयाँ स्थापित गर्न खोजेको छ । त्यसैले ती मतहरूलाई प्रस्तुत गरिएको छ ।

२.३.१. छन्त्यालको इतिहास र ठकुरी

छन्त्याल जातिको इतिहास तागाधारी ठकुरीसँग सम्बन्धित छ भन्ने मत राख्ने लेखकहरूलाई पहिलो समूहमा समावेश गरिएको छ । यस समूहमा बाहुन, क्षत्री र छन्त्याल पृष्ठभूमिका लेखकहरू छन् । समयको हिसाबले ती लेखकले सम्वत् २०३० को दशकदेखि २०५० को दशकसम्म कलम चलाएका छन् । छन्त्यालको पुर्खा ठकुरी वंश भएको भन्नेमा मोहन मल्ल (सन् १९७७), प्रेम कैदी (२०४८) होमनाथ सुवेदी (सन् १९८१), दिलबहादुर छन्त्याल (सन् १९८७) र डा. शास्त्रदत्त पन्त (२०५३) आदि रहेका छन् । यी सबै लेखकले छन्त्याल ठकुरी वंशका हुन् भन्ने मतलाई केन्द्र बिन्दू मानेका छन् ।

मोहनबहादुर मल्लको अनुसार छन्त्याल पुर्खा ठकुरी वंशका थिए । जुम्ली राजा विक्रम शाहीले धौल्यात्री राज्यमा आक्रमण गरेका थिए । सो राज्यका राजा झपचनको मृत्यु भएपछि धौल्यात्री (सिंजा/जुम्ला)बाट छन्त्यालका पुर्खा बसाइँ सरी म्याग्दीका विभिन्न क्षेत्रमा गएर बसोबास गर्नेहरू छन्त्याल भनेर चिनिए । पाल, चन र छन्त्याल ठकुरी हुन् ।... छन्त्यालहरू सूर्यवंशी क्षत्रीको सन्तान हौं भन्छन् । छन्त्याल पुर्खाहरूले वशिष्ठ ऋषिको कामधेनु गाई चोरेर वनमा लुकाएका थिए । ऋषिले थाहा पाएर लुकाएको स्थानमा आएर श्राप दिन लागेको बेलामा पाउ परेका थिए । ऋषिले जनै चुँडाल्न लगाएर शुद्र बनाएर छाडिदिए भन्ने यिनी (छन्त्याल)हरूको धारणा छ (मल्ल, सन् १९७७) । मल्लको भनाइले छन्त्याल शुद्र पनि हुन् । सूर्यवंशी ठकुरी क्षत्री पनि हुन् । गाई चोरी गरेवापत वशिष्ठ ऋषिले जनै चुँडाल्न लगाएका

हुन् । छन्त्यालको संस्कार, पूजा, परम्परा र चलन आदिमा कहीँ कतै न जनैको प्रतिमा वा बिम्ब देखिन्छ न त ऋषिलाई पूजा नै गरिन्छ । त्यसैले यस भनाइप्रति असहमति राख्ने प्रशस्त ठाउँ छन् ।

प्रेम कैदी (२०४८)का अनुसार 'धेरैजसो बूढापाकाहरूले आफू मगर वा गुरुङ भएर सूर्यवंशी हौं भनी दाबी गरेका छन् । उनीहरूको धर्म, संस्कृति र इतिहास हेर्दा र उता कर्णाली क्षेत्रको इतिहास गम्दा छन्त्यालहरूको उत्पत्ति जुम्लामा भएको कुरामा दुईमत हुन सक्दैन । मानव जातिको उत्पत्ति यदि कैलाश मानसरोवर खण्डमा भएको हो र सूर्यपुत्र मनु पहिलेको जुम्ला र हाल कालिकोट जिल्लाको सदरमुकाम मान्म (खाँडचक्र) कै हुन् भने अन्य नेपालीहरू जस्तै यी छन्त्यालहरू पनि सूर्यपुत्र मनुको सन्तान हुन् भन्ने अनुमान गर्न सकिन्छ । लेखकले छन्त्यालको उत्पत्ति सूर्यवंशी र सूर्यपुत्र मनुसँग जोडिदिएका छन् । सूर्यपुत्र मनु र सुर्यवंशसँगको सम्बन्ध केवल छन्त्यालको पहिचान र सभ्यताको इतिहास मेटाउनेबाहेक अरु केही होइन ।

होमनाथ सुवेदीका अनुसार छन्त्यालका पुर्खाहरू ठकुरी थिए । उनीहरूले खानी खनेर जीवन निर्वाह गरेका थिए । ठकुरी वंशबाट पछि मात्र छन्त्याल भएका थिए । सांस्कृतिक चलन र धारणा राजपूत अनुकूल तथा कर्णालीको छत्याल (मल्ल) थरसँग मिल्दोजुल्दो छ (सन् १९८१:७-८) । सुवेदीले छन्त्याल जातिको उत्पत्तिको इतिहास सम्बन्धी ५ वटा लोक कथालाई उल्लेख गरेका छन्-जसमध्ये ४ वटा कथाअनुसार छन्त्याल ठकुरी वंशका हुन् (कथा नं. २, ३, ४ र ५) । अर्को कथा छन्त्याल पुर्खाको प्रारम्भिक अवस्था सम्बन्धी छ (कथा नं. १) । जुन कथामा भुजेल[१०] नौथर[११] जातिसँग जोडेर प्रस्तुत गरेका छन् । सुवेदीले प्रस्तुत गरेका मतबमोजिम छन्त्यालको भाषिक सम्बन्ध, धार्मिक विश्वास र बिम्ब, पूजा, परम्परा र संस्कारसँगै मिल्दैन । त्यसैले सहमत हुन सकिने ठाउँ छैन ।

दिलबहादुर छन्त्यालका भनाइ हुबहु होमनाथ सुवेदीसँग मिलेको छ । छन्त्यालले पनि सुवेदीले जस्तै छन्त्यालको उत्पत्तिबारे पाँचवटा कथा उल्लेख गरेका छन् । कथा नं. १, २, ३ र ४ को कथाको प्रस्तुतिमा केही भिन्नता भए पनि सार एउटै रहेको छ । अर्को कथा मोहनबहादुर मल्लको *सिंजा इतिहास गोरेटो* नामक पुस्तकमा उल्लेख भएको लेखेका छन् । दिलबहादुरका अनुसार सरसर्ती हेर्दा छन्त्यालहरू पहिला ठकुरी नै थिए । पछि आर्थिक विपन्नताले गर्दा र खानीमा काम गर्दा ठकुरी रहेनछन् कि भन्ने प्रभाव पर्न थाल्यो । छन्त्याल जातिलाई खानीमा काम गर्दा या खानी खन्ने हुँदा यिनीहरूलाई खनेल पनि भनिन्छ । कालान्तरमा खानी खन्न शुरु

---

१० भुजेल नेपालको मौलिक इतिहास, भाषा, धर्म र संस्कृति भएको नेपाल सरकारद्वारा सूचीकृत ५९ आदिवासी जनजातिमध्ये एउटा जाति हो । सन् २०११ को तथ्याङ्कअनुसार भुजेल जातिको जनसंख्या १,१८,६५० रहेको छ ।

११ नौथर कर्णालीको खसक्षत्रीका शाखाहरू हुन् । जुन कुरा उनीहरूले बोल्ने खसभाषा उच्चारण (खाया हो, गया हो, भन्या हो आदि) र बिसौना पूजा, मस्टो पूजा र कुलपूजा तथा संस्कार आदिबाट जानकारी प्राप्त हुन्छ । नौथरको बागलुङ जिल्लाको साविक अधिकारीचौर, बोबाङ र निसी गाविसमा बसोबास रहेका छन् । उनीहरूको ९ वटा थर भएकोले नौथर भनिएको हो । ती ९ वटा थरहरूमध्ये क्रमशः थापा, भण्डारी, अर्दैं, कायत, कठेर, कुमाइ, माटे अभ्यासमा छन् । अन्य थर लोप भइसकेका छन् ।

गरेपछि खनेल, आरन लगाउन थालेकाले आफ्रे भनिए पनि समुच्च रूपमा भन्दा आजभोलि छन्त्याल नै भन्छन् (सन् १९८७:२) । यहाँ लेखकले छन्त्याल जातिलाई ठकुरी र क्षत्रीको पहिचानसँगै पेसागत पहिचानको आधारमा मत प्रस्तुत गर्छन् । छन्त्यालको माथिको तर्क र भनाइ द्वितीय स्रोतमा आधारित रहेका छन् । सम्वत् २०३० को दशकपछि उनले नै छन्त्याल छुट्टै मौलिक पहिचान र सभ्यता भएको जनजाति हो भन्ने अभियान र आन्दोलनको नेतृत्व समेत गरेका थिए । सोही क्रममा काठमाडौंमा सम्वत् २०३६ सालमा छन्त्याल हित उपसमिति एवम् सम्वत् २०४३ मा छन्त्याल परिवार सङ्घ गठन गर्ने, सम्वत् २०३८ सालको जनगणनालाई लक्षित गरी जाति र भाषाको नाम स्पष्ट उल्लेख गर्न पर्चा, पम्पेलट छपाउने तथा हुलाकमार्फत छन्त्याल गाउँहरूमा पुऱ्याउने प्रयास गरेका थिए । उनले शुरु गरेको अभियान र आन्दोलनको सवाल वा विषय सत्य थियो/छ ।

सुवेदी र छन्त्यालले छन्त्याल जातिको उत्पत्तिबारे स्रोत छन्त्याल बूढापाका भएको उल्लेख गरेका छन् । जेजति भनाइ हुन् ती सबै छन्त्याल जातिका मानिसले नै भनेका हुन् भन्ने जिकिर गरेका छन् । सोही क्रममा सुवेदीको अनुसार छन्त्यालहरूसित छन्त्यालको उत्पत्ति कसरी भयो भनी सोध्दा उनी (छन्त्याल)हरूले भन्छन् (सन् १९८१:६) भनि उल्लेख गरेका छन् । छन्त्यालले छन्त्याल जातिको उत्पत्तिको विषयमा उनी (छन्त्याल) हरूकै अनुसार (छन्त्याल सन् १९८७: १) भनेर पुष्टि गर्न खोजेका छन् । दुवै लेखकले छन्त्याल जातिको उत्पत्ति र इतिहास सम्बन्धी जेजति भनाइ र मत राखेका छन्- ती सबै छन्त्याल बूढापाकाको भनाइको आधार लिएको हो भन्ने रहेको छ । तथापि लेखकसँग कुन छन्त्याल गाउँका, को बूढापाकाले कहिले भने भन्ने नाम, स्थान र मिति कहींकतै उल्लेख गरेको भने देखिँदैन । त्यसैले उनीहरूको तथ्याङ्कको स्रोत भरपर्दो देखिँदैन र काल्पनिक आधारमा तयार गरिएका भनाइ हुन भन्न सकिने प्रशस्त ठाउँ छन् ।

डा. शास्त्रदत्त पन्तको मत मल्ल, सुवेदी र दिलबहादुरसँग मिल्दो छ । उनी लेख्छन्, छन्त्यालहरू कर्णाली सिंजा प्रदेशका ठकुरी थिए । धौलाश्री राज्यका विक्रम शाही र सिंजाका राजा झप्पनकाबीच युद्ध भएको थियो । छन्त्यालले राजा झप्पनलाई सघाएको हुनाले राजाले सिंजाका दरबारमा जागिरे बनाए । केही समयपछि फेरि युद्ध भयो । विक्रमले झप्पनलाई हराए । पूर्व रिसका कारण विक्रमले त्यस बखतको प्रचलनअनुसार छन्त्यालको जनै चुँडाली, अभक्ष खुवाइ जात पतित गरी कमाराकमारी बनाइ राखे । कमारा भई बस्न नचाहेकाले पछि भागेर हालको बागलुङ, म्याग्दी जिल्लाको अति दुर्गम भूखण्डमा आईबसेका हुन् भनिन्छ ।[१२] डा. पन्तले छन्त्याल जातिको इतिहास र उत्पतिसम्बन्धी दशवटा किंवदन्तीको उल्लेख गरेका छन् । तीमध्ये सातवटा हिन्दु धर्म मान्ने जनैधारी, क्षत्री वंश, ठकुरी वंश, पाण्डवका सन्तानसँग

---

१२ शास्त्रदत्त पन्त धौलागिरिका छन्त्याल, नियुरा प्रकाशन, बागलुङ २०५३ किंवदन्ती नं. १० ।

सम्बन्धित छ ।[१३] दुईवटा किंवदन्ती छन्त्यालको पेसा र नामकरण सम्बन्धी छ ।[१४] एउटा छन्त्यालको पुर्खाको प्रारम्भिक अवस्था होमनाथ सुवेदीको किंवदन्ती अनुसारको भनाइ हो ।[१५] डा. पन्तको भनाइअनुसार छन्त्याल सर्ल्लकै ठकुरी क्षत्री र हिन्दु तागाधारी हुन् भन्ने छ । छन्त्याल पुर्खाको जनै कहिले मुसलमानले चुँडाली दिन्छन्, कहिले बाँच्नका लागि आफै चुँडाल्छन्, कहिले काफलको रूखमा अड्केर चुँडिन्छ र कहिले खानी खन्दा चिसोबाट बच्न रक्सी खान जनै फाल्छन् । कहिले राजाले सजायस्वरूप अभक्ष खुवाउन जनै चुँडाली दिन्छन् । हुँदै नभएको र लाउँदै नलाएको जनै छन्त्याल पुर्खाले जसरी चुँडाले पनि भयो । जता फाले पनि भयो । त्यसैले मल्ल, सुवेदी, पन्त, छन्त्यालको भनाइप्रति सहमति राख्न सकिने ठाउँ छैन । उनीहरूको भनाइको आधारमा नै दीपबहादुर भलञ्जा छन्त्याल (२०५१ः१-२)ले छन्त्याल जातिको उत्पत्ति तथा परिचय शीर्षकमा ४ वटा कथनहरू प्रस्तुत गरेका छन् । उनले उल्लिखित विभिन्न कथनहरू किंवदन्ती र सीमित लेखहरूमा मात्र आधारित देखिएकोले उक्त विषयमा स्थलगत अध्ययन र अनुसन्धान जारी नै छ भनेर लेखेका छन् ।

छन्त्याल पुर्खाहरू तागाधारी वा जनैधारी भएको कुनै लोककथा, गीत, बिम्ब र संस्कारहरू पाइँदैन । तर लेखकका भनाइ र मतहरू नेपालमा शताब्दीऔँदेखि राज्यको संरक्षणमा थुपारिएको वर्ण तथा जात व्यवस्थाअनुसार छन्त्याललाई उचो जातको देखाउने र इतिहास मेटाउने प्रयास भएको हो भन्न सकिन्छ । अर्कातिर तथ्याङ्कको भरपर्दो स्रोत उल्लेख गरिएको छैन ।

पहिलो समूहको मत राख्ने लेखकको जिकिर छन्त्यालको वंश ठकुरी (जात) हुन् भन्ने रहेको छ । जसले छन्त्याललाई ठकुरीकरण गर्न खोजेको देखिन्छ । उनीहरूले नेपाली समाज विकासको क्रममा हिन्दु धर्म, वर्ण व्यवस्था र जात प्रथा कसरी विकास तथा विस्तार भयो । नेपालका विभिन्न आदिवासीलगायत छन्त्यालमा कस्तो असर र प्रभाव रहको थियो भन्ने विषयलाई कम महत्त्व दिएको देखिन्छ ।

नेपालमा वर्ण व्यवस्थाको फैलावटबारे आहुतिको विचारमा नेपालमा वर्ण व्यवस्था तीनतिरबाट फैलन थालेको प्रष्ट देखिन्छ । एक, तत्कालीन नेपालको बागमती उपत्यकामा लिच्छवि शासनको थालनीसँगै वर्ण व्यवस्था लागू गरियो र सन् ६०० सम्ममा छुवाछुतसमेत कायम गरियो । त्यसपछि मल्ल राजा जयस्थिति मल्लले आफ्नो शासन काल (सन् १३६०-१३९५) मा बागमती उपत्यकामा वर्ण व्यवस्थालाई झनै कठोर पारे । दुई, ईसाको पन्ध्रौं शताब्दीपछि प्रवेश गरेका हिन्दुधर्मीय शासकहरूले पश्चिम नेपालदेखि गण्डकी क्षेत्रसम्म वर्ण व्यवस्था लागू गरे । त्यस क्रममा गोरखाका राजा रामशाह (सन् १६०५-१६३६)ले चार वर्ण

१३ शास्त्रदत्त पन्त धौलागिरिका छन्त्याल, नियुरा प्रकाशन, बागलुङ २०५३ किंवदन्ती नं. १, २, ५, ६, ८, ९ र १० ।

१४ पन्त पूर्ववत्, किंवदन्ती न. ३ र ४ ।

१५ पन्त पूर्ववत्, किंवदन्ती न. ७ ।

भएको छत्तीस जातको व्यवस्था कायम गरे। तीन, नेपालका मैथिली, अवध/अवधीलगायतका भाषा बोल्ने तराईका मधेसी समुदायमा भारतको वर्ण व्यवस्था जन्मिएको केन्द्रीय थलोबाट विस्तार हुँदै आइपुगेका थिए । वर्ण व्यवस्थाको विस्तार र प्रभावबारे आहुतिको मतमा गोरखाका राजा पृथ्वी नारायण शाहले असली हिन्दुस्तान निर्माण गर्ने नारासहित आधुनिक नेपालको एकीकरण गरेपछि हिन्दुधर्मीय वर्ण व्यवस्था सिङ्गै नेपालको शासकको जातीय धर्म बन्न पुग्यो। छुवाछूतसहितको वर्ण व्यवस्थामा आधारित हिन्दुधर्मीय खस जातीय अहङ्कारमा आधारित शाहवंशीय सामन्ती राज्यसत्ताले दलितहरूमाथि पुरानो उत्पीडनलाई मात्रै कायम राखेन अझ अगाडि बढेर क्रमशः मङ्गोलोइड मूलका सम्पूर्ण जातिलाई समेत छुवाछूतयुक्त वर्ण व्यवस्थालाई आफ्नो संस्कृति बनाउन प्रेरित र प्रशिक्षित गऱ्यो (सन् २०१०:१७-१८) । त्यसैले आदिवासी जनजाति र अन्य जात तथा आदिवासी जनजातिबीचमा पनि छुवाछूत र उचो निचोका तह निर्माण गरियो र त्यसै भयो । सोहीअनुसार वर्ण व्यवस्था र हिन्दु धर्म अनुसारको उत्पत्ति, संस्कृति र तहको अनुसरणको आरम्भ भयो।

यसो हुनुको प्रमुख कारण नेपाल खाल्डोमा प्राचीन कालदेखि राज्यद्वारा संरक्षित हिन्दु धर्मको प्रभाव थियो/छ । तत्कालीन समयमा नेपालमा मनुस्मृतिको आधारमा समाजलाई विभाजन गरिएको थियो। जहाँ जन्मकै आधारमा कुनै व्यक्ति (तागाधारी वा जनै लगाउने) ठूलो र कुनै सानो (पानी नचल्ने जात) हुने व्यवस्था थियो । त्यतिबेलाका कानुन, थिति र नियम हिन्दु धर्मग्रन्थका आधारमा निर्माण गरिन्थ्यो। सोही कुरा समाजमा लागू हुन्थ्यो। त्यसैले जातीय स्तरीकरण र जातीय गतिशीलताले महत्त्वपूर्ण भूमिका खेलेको थियो। मानवशास्त्री डोरबहादुर विष्ट (सन् २०१५)का अनुसार मनुस्मृतिले हिमालको तल्लो क्षेत्र (पहाड र हिमालको काख)मा बस्ने आदिवासीलाई शुद्र मान्थ्यो। एक पटक यो सिद्धान्तबारे जानकारी गराएमा महत्त्वाकाङ्क्षी मान्छेले आफ्नो उत्पति भारतको मैदानतिर भएको स्थापित गर्न शुरु गर्थे। यसले हाँस्यास्पद परिस्थित सिर्जना गऱ्यो। खस, मगर, गुरुङ र उच्च हिमाली क्षेत्रका उच्च वर्गले तिनीहरूको उत्पत्ति र वंश मैदानतिरका बासिन्दा (हिन्दु धर्म मान्ने आर्यहरू जो नेपालको शासक जात)सँग स्थापना गर्ने प्रयास गरे । वंशावली दिनका लागि पण्डितहरू थिए। यसको परिणाम के भयो भने जो बाठा र चलाख थिए, ती व्यक्तिहरूले आफ्ना पुर्खा गलत र काल्पनिक (हिन्दु धर्म र आर्यसँग सम्बन्धित) बनाउनेतिर झुकाव राख्न सिके । अन्य इमान्दार, स्पष्ट र शारीरिक परिश्रम गर्ने सिधा मान्छेलाई भन्दा उत्पत्ति र वंश फेर्नेलाई सामाजिक प्रतिष्ठा वा सम्मान र इज्जत उच्च दिइयो (विष्ट, २०१५:११४) । विष्टले भनेको कुरा नेपाली समाजमा प्रचलित थियो । धेरै आदिवासी जनजातिले उक्त चलनलाई सिके र लागू गरे। छन्त्याल उक्त चलनबाट चोखो बस्ने कुरै भएन। त्यसैले वंश ठकुरी र धर्म हिन्दु भन्ने उल्लेख गरिएको पाइन्छ। परिणाम साइनो र सम्बन्ध नभएको धर्म मान्ने जनसङ्ख्या झण्डै शतप्रतिशत भयो । त्यसैले छन्त्यालको मौलिक प्राकृतिलाई पुजा गर्ने प्राकृतिक धर्म लोपोन्मुख अवस्थामा पुगेको छ।

ईसाको बाह्रौँ, तेह्रौँ र चौधौँ शताब्दीपछि नेपालको पश्चिम पहाडी र भारतको उत्तर कुमाउँ तथा गढवाल क्षेत्रमा हिन्दु धर्ममा आधारित आर्य सभ्यता र संस्कृतिको प्रभाव बढ्दो थियो । अर्कातिर तत्कालीन स्वतन्त्र राज्यबाट आड भरोसा पाएपछि तथा संरक्षित भएपछि हिन्दु धर्म र संस्कृतिको आदिवासी धर्म तथा संस्कृतिमाथि अतिक्रमण शुरु भएको थियो। वर्ण तथा जात व्यवस्थाअनुसार नेपाली समाजको स्तरीकरण गरियो। जात प्रथाअनुसार हिन्दु उच्च जात तहमा रहेका बाहुनबाट विभिन्न जात र आदिवासीलाई उच्चबाट निचो बनाउने गति बढ्न थाल्यो। आफ्नो वंश, जात र जाति उच्च नभएमा समाजमा अपहेलित हुने, हिनताबोध गर्नुपर्ने, राज्यको पहुँचबाट विमुख हुनुपर्ने, धार्मिक, सांस्कृतिक आदि विभेद सहनुपर्ने भयो । अर्कातिर उच्च जात भएमा विभिन्न अवसरको क्षेत्र फराकिलो हुन्थ्यो ।

सबै जात र जातिले प्रायः आफ्ना वंश जात, थर उच्च जात र जाति भन्नुपर्ने भयो । अर्थात जातीय, भाषिक र सांस्कृतिक पहिचान समाजको स्तरीकरणमा आधारित भएर विकास भयो। जुन प्रक्रिया र चलन काठमाडौं उपत्यकामा लिच्छवि, मल्लकाल र उपत्यका पश्चिमको भू-भागमा भुरे टाकुरे राज्य, बाइसे र चौबिसे हुँदै शाह, राणा र पञ्चायत कालसम्म नै कायम रह्यो। अझ राज्यले नेपालको मङ्गोलोइड समूहका आदिवासी जनजातिको विविध संस्कृति र सभ्यतालाई जङ्गली तथा असभ्यको पगरी गुथाइ दियो।

यहाँ राजनीतिक विश्लेषक/लेखक युग पाठकको विचारलाई उप्काउन सान्दर्भिक देखिन्छ। उनी लेख्छन्, नेपालको सन्दर्भमा आन्तरिक उपनिवेशवादले सर्वप्रथम विविध सभ्यता भएका समुदायलाई तिमी नेपाली भैसकेका छैनौ भन्छ, त्यसपछि तिम्रो भाषा नेपाली होइन भन्छ, अनि तिमी अज्ञानी, पिछडा छौ भन्छ। अन्तिममा तिमी नेपाली बन्न यो भाषा बोल, यस्तो टोपी लगाऊ, यस्ता वीरगाथा घोकेर पाठ गर्ने गर, यस्ता गीत राष्ट्रिय गीत हुन्, राजालाई एकताको प्रतीक मान आदि निर्देशन दिन्छ (२०७४:३८) । राज्यको यस किसिमको मूल नीतिका आधारमा ऐतिहासिक रूपमा वर्ण व्यवस्था र जात प्रथाको विकास र प्रभाव विभिन्न आदिवासी जनजातिमा भयो। परसंस्कृतिकरण र आत्मीकरणको प्रक्रियाले छन्त्याललगायत नेपालका प्रायः सबै आदिवासी जनजातिको मौलिकता हराउँदै गएको सत्य हो।

जात व्यवस्थालाई बलियो राख्न र विभिन्न अवसर प्राप्त गर्न उच्च हिन्दु जातका मानिसले के-के गरे भन्नेबारे मानवशास्त्री विष्टको दृष्टिकोणमा जात व्यवस्थालाई कायम राख्दा आफूलाई फाइदा देख्ने मानिसहरू उच्च पदमा धेरै छन् । जात प्रथालाई बलियो पार्दै लगेर घुमाउरो पाराले वैधानिकता प्रदान गर्न उनीहरू राजाको बलियो स्थानलाई उपयोग गर्न प्रयत्न गर्दैछन् । मानवशास्त्री डोरबहादुर विष्ट लेख्छन्, राजा वीरेन्द्रको सन् १९७५ मा सम्पन्न राज्यभिषेक समारोहमा जात प्रथाको पक्षपाती तत्वद्वारा राजालाई बाहुन, क्षत्री, वैश्य र शूद्रद्धारा अभिषेक गराउने चाँजोपाँजो मिलाइयो । यस प्रयोजनका लागि एक जना लिम्बु (आदिवास जनजाति)लाई शूद्र र श्रेष्ठ (नेवार आदिवासी जनजाति)लाई वैश्य बनाइयो

(विष्ट, सन् २०२०:५३-५४) । पुरोहित्याइँमा त बाहुनहरूको एकाधिकार छ, तर त्यसबाहेक उच्च जातिका बाहुन, क्षत्री र श्रेष्ठ नेवारहरूका लागि सरकारी जागिर रोजगारीको परम्परागत पेसा बनेको छ । उनीहरू सरकारी सेवा आवश्यक परे पनि नपरे पनि पद सिर्जना गरेर भए पनि आफ्नो मान्छेको बलबाट घुस्ने अपेक्षा राख्छन् । यसरी आफ्नो मान्छेको बलमा जागिर पाउनुलाई उच्च जातका मानिसहरूले आफ्नो नैसर्गिक अधिकार ठान्छन् (विष्ट, सन् २०२० :१५३) । विगतमा उच्च जातको यस किसिमको नीति र व्यवहारले गर्दा छन्त्याललगायत विभिन्न आदिवासी जनजातिलाई उच्च वा निचो जात र जाति देखाउने प्रयास विभिन्न लेखकले गरेका हुन् । त्यसैले छन्त्याल जातिको उत्पत्तिको इतिहास ठकुरी र काशीगोत्र अन्तर्गत राखेका हुन् । जुन सत्य होइन ।

वर्ण र जात व्यवस्थामा कसरी एक जातको मानिस अर्को जातमा परिवर्तन (जात खस्नु वा खसाल्नु) हुन्छ भन्ने कुरा केलाउदै इतिहासकार ऋषिकेश शाहका अनुसार बाहुन पुरुष र स्थानीय खस वा अन्य मङ्गोलोइड महिलाको बच्चा खत्री बन्थ्यो जुन खत्री हिन्दु क्षत्रीयको बिटुलो रूप हिन्दु क्षत्रीयको हैसियत पाउँथ्यो । बाहुन पुरुष र महिलाबीचको अनियमित (अवैध वा कानुनी र सामाजिक रूपमा मान्यता नभएको) मेलबाट जन्मिएको बाहनु भन्दा तल्लो तहको जैसी बाहुन हुन्थे जसलाई पुरोहित्याइँ गर्न अनुमति हुँदैन थियो । त्यही नियमअनुसार बाहुन पुरुष र ठकुरी महिलाबाट जन्मिएको बच्चा हमाल ठकुरी हुन्थ्यो- जसलाई ठकुरीभित्रको केही निचो उपजात मानिन्थ्यो (शाह, सन् २००१:१५-१६) । शाहको भनाइ तत्कालीन नेपाली समाजमा प्रचलित चलनमा आधारित रहेको छ, जुन चलनले जंगबहादुर राणाले सन् १८५४ मा जारी गरेको मुलुकी ऐनद्वारा कानुनी वैधानिकता पाएको थियो ।

नेपालको पहिलो लिखित 'मुलुकी ऐन'लाई केलाउँदै मानवशास्त्री एन्ड्रुस होफरले तल्लो जात हुने वा जात खस्ने विषयबारे लेख्छन्, 'मुलुकी ऐन'अनुसार दुई फरक किसिमबाट जातीय च्युत (खस्ने) हुने देखिन्छ । एउटा भातबाट हटाउनु र अर्को जातभात दुवैबाट पतित गर्नु र तल्लो जातमा मिसाउनु हो । पहिलो नियमअनुसार यदि शुद्ध हुने ठहर भएको तर पतिया नहुन्जेलसम्म भात र पानीबाट फरक राख्ने हो र पतियाद्वारा उसको जातमा पुनःसमावेश नहुँदासम्म निचो भएको व्यक्ति फरक एक्लै रहनु हो । पतियापछि भातबाट फरक बनाइएको व्यक्तिले पहिलेको जातको हैसियत पाउँछ । दोस्रो नियमअनुसार कुनै जात वा जातिले कानुन एवम् नियम उल्लङ्घन गरी फरक जात वा जातिसँगै खाना खाने, विवाह गर्ने वा यौन सम्बन्ध राख्ने कार्य गरेमा सधैंका लागि पहिलोको भन्दा निम्नस्तरको जात/जातिमा मिसाउनु वा पतित गर्नु हो । जस्तैः तागाधारी पुरुष वा महिलाले पानी नचल्ने जातसँग विवाह गरेमा विवाह गर्ने व्यक्ति र सोको सन्तान सबै पानी नचल्ने जातमा समावेश हुन्थ्यो । त्यसैगरी तागाधारी व्यक्तिले पानी नचल्ने अछूत जातले छोएको वा पकाएको भात र पानी खाएमा सो तागाधारी व्यक्तिको जात पानी नचल्ने अछूत हुन्थ्यो । जुन नियम मासिने एवम् नमासिने मतुवाली र पानी नचल्ने अछूत जातको बीचमा भएको भात र पानीको लेनदेन/खानपिनमा पनि लागू

हुन्थ्यो । त्यसैगरी खानेकुरा तल्लो तहको जातले पकाएको खानेकुरा उपल्लो तहको जातले नखाने नियम थियो । तर काँचो वस्तु चामल, मासु, साग, फलफूल र आलु आदि तल्लो जातले छोए पनि चोखो मानिथ्यो र माथिल्लो जातले पकाएर खान पाउँथे । तर पकाएको भए स्वीकार्य हुँदैन थियो । त्यसैगरी पानी नचल्ने अछूत जातले प्रयोग गरेको काठ, माटो, धातु र सिसाका भाँडाहरू पानीले सफा गरेपछि चोखो मानिथ्यो र उपल्लो जातले प्रयोग गर्दथे (सन् २००४:१७-१६२) । जात प्रथा र छुवाछूतको यस्तो तहगत संरचनाबाट नेपालका विभिन्न जात र आदिवासी जनजाति प्रभावित थिए । जसले गर्दा तहगत संरचनामा आफ्नो जातिलाई उपल्लो वा उचो जाति देखाउन प्रयास भयो । सोही आधारमा छन्त्यालको उत्पत्तिको इतिहासलाई तागाधारी ठकुरी जोडिएको हो । जुन ठकुरीकरण गर्नुबाहेक वास्तविक इतिहास होइन ।

नेपालको तत्कालीन जात प्रथा र छुवाछूतको कारणले भोग्नुपर्ने सजायबारे केलाउँदै इतिहासकार डेनियल राइट लेख्छन्, यदि कुनै तल्लो जातको व्यक्तिले माथिल्लो जातको हुँ भनेर ढाँटेर उपल्लो (उचो) जातको व्यक्तिलाई आफ्नो हातबाट खाना वा पानी खान दियो भने सजायका लागि जिम्मेवार आफैं बन्नुपर्छ । यस्तो कार्य (अपराध) सजाय चर्को जरिवाना, जेल सजाय, उसको सम्पत्ति जफत (सर्वस्वहरण) र उसलाई दासको रूपमा बेच्न सकिन्थ्यो (सन् २००७:४५) । तल्लो जात भएर कुनै उपल्लो जातको व्यक्तिसँगको खानपानको कारणले मात्र पनि यस्तो कडा सजाय भोग्नुपर्ने तत्कालीन अवस्थामा कुनै पनि जातिले आफ्नो जात वा जातिलाई उचो देखाउनु अवश्य पनि सामाजिक अनुकूलन र संस्कृतकरण हो । त्यसैले छन्त्यालको इतिहास ठकुरी र तागाधारीसँग जोडिएको हो तर जुन इतिहास सत्य होइन ।

त्यसैगरी लेखक राजेन्द्र महर्जनका अनुसार ऐतिहासिक वास्तविकता के हो भने, नेपाली राज्य र संविधानको तहबाट एकल जातीय पहिचान पहिलो (सम्वत् २०७२ असोज ३ गते जारी गरिएको नेपालको संविधान) पटक निर्माण र स्थापना भएको होइन । सबैभन्दा बढी ब्राह्मणवादी पहिचानले ग्रस्त मनुस्मृति र अन्य हिन्दु धर्मशास्त्रबाट प्रभावित नेपालका अधिकांश सुधार, ऐन, विधान र संविधानबाट एकल जातीय पहिचान निर्माण, स्थापना र अभ्यास हुँदै आएको इतिहास छ । चाहे (जय) स्थिति मल्ल (सन् १३८२-९५)को सुधार होस् या उनले जारी गरेको न्याय विकासिनी (मानवन्यायशास्त्र), चाहे राम शाह (सन् १६०६-३६) को थिति होस् या पृथ्वी नारायण शाह (सन् १७२३-७५)को भनिने दिव्य उपदेश, चाहे जङ्गबहादुर राणा (सन् १८१७-७७)को 'मुलुकी ऐन' होस् या राजा महेन्द्र शाह (सन् १९२०-७२)को पञ्चायती संविधान, सबैजसो ऐन, कानुन र संविधानले एकल पहिचानलाई स्थापित गरेका छन् । विशेष रूपमा बाह्मण धर्म, त्यसको भरथेगका लागि बनाइएको धर्मशास्त्र र स्मृति, तिनै शास्त्र र स्मृतिको आधारमा चल्ने राज्य, तिनले धर्माधिकारी र विचारीमार्फत लागू गर्ने धर्म, न्याय र मूल्य मान्यतामा एकल वर्ण/जात/धर्मको प्रभुत्व र वर्चस्वलाई निरन्तरता दिइएको तथ्य स्पष्ट छ (२०७५:७२) । राज्यको यस्तो बल मिचाइ र पेलाइमा नेपालका

विभिन्न आदिवासी जनजातिको उत्पत्तिको इतिहास, वंश सम्बन्ध र सभ्यता लोप हुनु र मूलधारको जात वा जाति, धर्मसँग जोडिन पुग्नु नौलो भएन र होइन पनि ।

राज्यको नीति र व्यस्वस्थाले गर्दा छन्त्यालको मौलिक पहिचान र इतिहासको आधारमा दखल पुगेको छ । हर्क गरुङ (सन् २००४:१)ले पृथ्वी नारायण शाहको नेपाल एकीकरणको महाकथालाई लेखाजोखा गर्दै लेख्छन्, राज्य व्यवस्थाको नीतिले राजनैतिक एकीकरण त भयो तर जनजातिको संस्कृति र जीवनशैलीमा विचलन ल्यायो । उनीहरूको थलोको अतिक्रमण, नेपाली भाषाको विस्तार, धर्म र संस्कारमा हिन्दुकरण र अर्थ/राजनीतिक शोषण नेपालको आधुनिक इतिहासको वस्तविकता हुन् । यसैबाट प्रष्ट हुन्छ छन्त्यालको इतिहास हराउनुको चुरो के हो भन्ने कुरा ।

वर्ण व्यवस्था र जातीय स्तरीकरणको प्रथाले गर्दा छन्त्यालको वास्तविक पहिचान र मौलिकता बिथोलिएको थियो । तत्कालीन समयमा नेपालमा भएको सामाजिक भेदभावको अवस्था कस्तो थियो भन्ने सिल्भाँ लेभीको भनाइबाट अझ थप पुष्टि हुन्छ । लेभीअनुसार कसैले खान नहुने चीज खाएमा वा तल्लो जातको मान्छेको हातबाट पानी पिएमा, अर्को शबदमा भन्ने हो भने पाप कर्म गरेमा धर्माधिकारले राजगुरुको अगाडि लगरे यस अपराधको फैसला गर्छ । राजगुरु भन्ने व्यक्ति राजाको धार्मिक निर्देशक हो । चौधौँ शताब्दीदेखि धर्म र नीतिशास्त्रको निरन्तर विकास भइरहेको छ । मुद्दाको गहनता हेरी जरिवानाको फैसला हुन्थ्यो । जेल पठाउने, सर्वस्वहरण गर्ने, जातबाट च्यूत गर्ने आदि हुन सक्थ्यो । छुट पाउन सक्ने कुनै पाप गरेको रहेछ भने दोषीले प्रायश्चित मात्र गरे हुन्थ्यो । अपराधीले जात जाने खालको अपराध गरेको रहेछ भने उसको समुदायको सबै सदस्यले यो दाग हटाउन स्नान गरेर शुद्ध हुनुपर्थ्यो (लेभी, २००५:१५७) ।

आहुति, विष्ट, पाठक, मर्हजन, गुरुङ, लेभी, राइट र होफरले मध्यकालदेखि आधुनिक कालसम्म नेपाली राज्य, उच्च बाहुन जातको नीति, व्यवस्था, व्यवहार एवम् जातीय स्तरीकरण आदिबारे स्पष्ट पारेका छन् । नेपालको यस्तो राजनीतिक, सामाजिक र सांस्कृतिक संरचनाको पृष्ठभूमिमा मल्ल, सुवेदी, पन्त र छन्त्यालले छन्त्याल जातिको उत्पत्ति र वंश ठकुरी हो भन्ने भनाइ प्रस्तुत गरेका छन् । जुन नयाँ भएन । त्यसैले त छन्त्यालको उत्पत्तिको इतिहाससँग ठकुरी शब्द जोडिनुको कारणहरूलाई विश्लेषण गर्दै गोबिन्द छन्त्याल (२०७१: ७) लेख्छन्, छन्त्यालको इतिहास र संस्कृतिसम्बन्धी मिथकहरूमा ठकुरी वंशको कुरा कसरी आइपुग्यो भन्ने कुरा गम्भीर र सोचनीय विषय हो । प्रा. सिरकार[१६]ले भनेजस्तै कुनै पद वा दर्जा जनाउन तथा शासन गर्ने जुनसुकै नश्ल/वंश (चाहे ककेसई, चाहे मङ्गोलोइड वा द्रविडियन) तथा जाति/समुदायलाई जनाउने-दिइने-पाउने-चिनिने पदवी/उपाधि नै ठकुरी भएकोले छन्त्याल अग्रजहरूको भनाइ/कथनमा सुनिने ठकुरी शब्द पदवी/उपाधिबाहेक अरु केही होइन भन्न

१६ प्रा. सिरकारले ठकुरी शब्दले ओहोदा वा पदवीलाई बुझाउँछ । जुन शब्दको अर्थ र प्रभाव फरक-फरक समयमा स्थानअनुसार भिन्न-भिन्न गरिएको हो भन्ने तर्क गर्छन् । बिस्तृत जानकारीका लागि हेर्नुहोस्, सिरकारको इन्डियन इपिग्राफिकल ग्लोसरी सन् १९६६ ।

सकिन्छ । यहाँ छन्त्यालले ठकुरी शब्द छन्त्यालको इतिहाससँग कुनै पदवी/उपाधिसँग जोडिएकोले जातिको वंश नै ठकुरी हो भन्न नसिकने तर्क पेश गरेका छन् ।

लेखक/अध्येताहरूको भनाइले छन्त्यालको मौलिकतालाई भन्दा काल्पनिकता, परसंस्कृतकरण र आत्मीकरणलाई जोड दिएका छन् । अर्कातिर छन्त्यालको गहिरो अध्ययनको अभावमा जातीय स्तरीकरणलाई आधार मानेर छन्त्याल ठकुरी वंशको सन्तान भएको उल्लेख गरेका छन् । सबै लेखकले छन्त्याल जातिको शारीरिक बनावट, थेप्चो नाक, मझौला कद, सरल तथा सोझो स्वभाव, मौलिक संस्कार, संस्कृतिको गहिरो अध्ययन गरेनन् । यिनीहरूले बोल्ने भाषालाई समेत ख्याल गरेको पाइँदैन । वर्तमानको दक्षिण एसिया क्षेत्रमा ऐतिहासिक रूपमा विकास भएको वर्ण व्यवस्थाको प्रभाव र असर छन्त्यालमा कस्तो रहेको थियो/छ भन्ने कुरालाई बेवास्ता गरेका छन् । उनीहरूको तथ्याङ्कको स्रोत पनि भरपर्दो छैन । बढ्ता काल्पनिकतामा आधारित हुन् भन्न सकिन्छ । त्यसैले त बूढापाकाहरू छन्त्यालको वंश र उत्पत्ति ठकुरी, क्षत्री र तागाधारीबाट भएको हो भन्ने मतलाई अस्वीकार गर्छन् र भन्छन्- जित्नेको इतिहास हुन्छ, हार्नेको हुँदैन । जितारुले जे-जे गर्न र लेख्न भन्यो सोहीअनुसार गर्नेले गरिदिए र लेख्नेले लेखिदिए । त्यसको असर कस्तो पर्छ भन्ने हेक्का समेत राखेनन् । जसले गर्दा छन्त्यालको उत्पत्ति र इतिहास तागाधारी ठकुरीसँग जोडियो । जसको बलियो आधार छैन ।

२.३.२. **छन्त्यालको इतिहास र मगर**

छन्त्यालको उत्पत्तिको इतिहास मगर जातिसँग जोडेर लेख्ने र भन्ने गरेको पनि पाइन्छ । छन्त्याल जाति मगर हुन् भन्ने भनाइ र मत राख्नेहरूमा नरु थापा, मीन श्रीस मगर, टेकबहादुर श्रेष्ठ, केशरजङ्ग बराल मगर, हर्षबहादुर बुडा मगर र जिरो कावाकिता आदि पर्छन् । यी लेखकले छन्त्याल जाति मगर जातिको एउटा थर/उप थर हो भन्ने भनाइ तथा मत प्रस्तुत गरेका छन् ।

अध्येता नरु थापाले पञ्चायत कालमा भएको राष्ट्रिय पञ्चायतको निर्वाचनको सन्दर्भमा अञ्चलाधिशसँग भएको संवादलाई उल्लेख गर्दै लेख्छन्, मगर र छन्तेलहरू सोह्रौं शताब्दीमा जुम्लाबाट सँगै आई मल्कबाङमा बसे र त्यहीँबाट खानी खन्ने दौरानमा छरिँदै गए । मगर गाउँमा बस्ने मगर रहे अरु जाति रहेको ठाँउमा जानेले उनीहरूकै संस्कृतिलाई अङ्गाले । जस्तो फुपूचेलाको कुरा आउँछ त्यो म्याग्दीमा छ । त्यहाँ थकालीहरूमा यो चलन छ । त्यसैको सिको छन्तेल मगरहरूले गरेका हुन् । छन्तेलहरूको जाति थोरै (जनसङ्ख्या) भएर पनि फुपूको छोरीसँग विवाह गर्नुपरेको हो । छन्तेल थरले मगरहरूको छोरी र मगरहरूले छन्तेलहरूको छोरी मागी विवाह गर्छन् । भाषा सम्बन्धमा तपाइँहरूको पूर्वतिर र एउटा राई गाउँकोले अर्को राई गाउँको भाषा बुझ्दैनन् । राई, लिम्बुमा फुपूचेला र मामाचेला चल्दैन । के राई लिम्बुलाई किराँत नमानी हिन्दु मान्ने त । तिनै नेताहरूको अगुवाइमा छन्तेलहरूले अलग आदिवासी भनी नेपाल

सरकारमा दर्ता गराएर आज छन्तेल अलग जाति भएको छ। मगर गाउँका छन्तेलहरू छन्तेल मगर नै छन्। उनीहरू आफूलाई मगरको थर मान्दछन् (थापा, २०६७:९५-९६)। यहाँ थापाले छन्त्याल मगरको थर र विवाह सम्बन्ध पनि मगरसँग भएको तर विभिन्न नेताहरूको सहयोगमा छन्त्याल मगरबाट छुट्टिएको जाति हो भनेका छन्। जसले थोरै सङ्ख्यामा भएको जातिलाई मगरकरण गर्ने प्रयास गर्न खोजिएको प्रष्टै देखिन्छ। साथै, छन्त्यालको फुपूचेला र मामाचेली, फुपूचेली र मामाचेलाबीच हुने विवाहको सामाजिक महत्त्व र अन्य विविध पक्षलाई बेवास्ता गरेका छन्। अर्कातिर जातिको विवाह सम्बन्ध अन्य जात र जातिसँग भएको कारण जात वा जाति एउटै हुँदैन भन्ने कुरा बिर्सिएका छन्। बाहुनले मगरको छोरी विवाह गर्दैमा मगर बाहुन हुँदैन र बाहुन मगर पनि हुँदैन।[१७] त्यसैले थापाको भनाइजस्तो छन्त्याल र मगरबीचको विवाह सम्बन्धको आधारमा मात्र छन्त्याल जाति मगर वा मगरको थर हुन सक्दैन र होइनन् पनि।

अध्येता मीन श्रीस मगरका अनुसार गोर्खा भर्तीका कारण अमगरहरूले मगर लेखेको र मगरका विभिन्न थर, उप थरले मगर जाति कै पुन, थापा, राना र आले लेखाउने गरेको भनाइसहित भुजेल, छन्तेल/छन्त्याल मगरको उप थर हो। रोल्पा, रुकुम र डोल्पातिरका मगरहरू पूर्वतर्फ बसाइँ सर्दै बागलुङ, म्याग्दी र गुल्मीसम्म फैलने क्रममा मातृभाषा र मौलिक संस्कृतिलाई बिर्सदै गएको र मूल थरअन्तर्गत अनेकौं उप थरहरू जन्मन पुगेको देखिन्छ। बागलुङ, म्याग्दी र गुल्मीसम्म आइपुग्दा घर्तीअन्तर्गत काउचा, दर्लामी, दगामी, काला, गलामी, भुजेल, निसेल, नाइसा, नावसा, पुलिसा, पाखाथोकी, फगामी, पुर्जा र छन्तेल लगायतको अनेकौं उप थरहरू बिस्तारित हुँदै गएको पाइन्छ (२०६७:२१-२३)। यहाँ श्रीस मगरले गोर्खा भर्तीको समयमा गैरमगरले समेत मगर जातिको नाममा लाहुरे भएको साथै छन्त्याल मगरको उप थर भएको उल्लेख गर्छन्। यसरी लेखकले गोर्खा भर्तीका लागि गैरमगरले मगर जातिको केही थरको नाममा भर्ती भएको विद्यमान अवस्थाबारे उल्लेख गरेका छन्। सो अवस्था मगर जातिको नाममा मात्र नभएर गुरुङ, राई र लिम्बु जातिको नाममा समेत भर्ती भएको पाइन्छ। अवसरको खोजीको क्रममा वर्तमानमा गैरआदिवासी जनजातिले नेपालको निजामति तथा शिक्षण पेसाका लागि आदिवासी जनजातिको नाममा नियुक्ति लिएका समेत उदाहरण छन्। त्यसैले भर्ती जीवन निर्वाहको एउटा आधार थियो/छ। यसका लागि मगरको विभिन्न थर गैरमगरले लेखाएको भए पनि वास्तवमा सबै उनीहरू मगर चाहिँ होइनन्। साथै श्रीस मगरले छन्त्याल जाति छुट्टै जाति हुनुको विशेषता र आधारहरूलाई गहिरो गरी खोजेको देखिँदैन। जसले गर्दा बलियो आधार बिना नै छन्त्याल मगर हो भन्ने निष्कर्षमा पुगेका छन्।

इतिहासकार टेकबहादुर श्रेष्ठले पर्वत राज्यको ऐतिहासिक रूपरेखा तयार पार्ने क्रममा लेख्छन्, खानीमध्येमा तामाखानीबाट राज्य (पर्वत)लाई निकै आम्दानी हुन्थ्यो। मगर जातिमा

---

१७ जात प्रथाअनुसार उचो जात/जाति र निचो जात/जातिबीच विवाह भएमा निचो जात/जातिको जात निर्धारण हुने चलन थियो। पितृसत्तात्मक समाजमा विवाहपछि महिला र बच्चा पुरुष/श्रीमानको जात, थर, वर्ग वा गोत्र निर्धारण गरिने चलन थियो/छ।

खानी खन्ने, पहरा फोड्ने, काट्ने काममा सिपालु आग्री थिए । यी आग्रीहरूको बसोबास पर्वत[१८]को गुर्जा, कुइने आदि खानीमा निकै रहेको छ (२०५९:१५४-५५)। श्रेष्ठले छन्त्यालको बढी जनसङ्ख्या रहेको स्थानमा तामाखानी भएको तर जाति समुदाय मगर भएको उल्लेख गरेका छन् । जुन भनाइमा कार्यक्षेत्रको अध्ययन भ्रमण र खानी पेसामा आबद्ध समुदायबारे सत्यतथ्य सूचना र जानकारीको कमी भएको देखिन्छ। जसले छन्त्याल जातिलाई मगरकरण गर्न थप सहयोग गरेको छ । वर्तमानसम्म पनि श्रेष्ठले उल्लेख गरेको म्याग्दी जिल्लाको गुर्जाखानी र कुइनेखानी गाउँ छन्त्यालको सबैभन्दा धेरै जनसङ्ख्या भएको गाउँहरूमध्येका गाउँहरू हुन् । त्यसैले श्रेष्ठको भनाइ र मतमा समर्थन गर्न सकिने आधार छैन ।

केशरजङ्ग बराल मगरले विभिन्न लेखक जिरो कावाकिता, होमनाथ सुवेदी र जोन टी हिच्कक आदिको सन्दर्भ प्रस्तुत गर्दै छन्त्याल मगरको उप थर भएको उल्लेख गरेका छन् (मगर, २०६८: २८-३१) । तर बरालले छन्त्याल मगर जाति हो वा मगरको थर हो भनेर स्पष्ट लेखेका भने छैनन् । त्यसैगरी मानवशास्त्री जिरो कावाकिताले मगर जातिलाई मुख्यगरी दुई समूहमा विभाजन गरेका छन् । जसमा एक अठारपन्थी मगर र अर्को चौधपन्थी मगर । यसमध्ये छन्त्याललाई अठारपन्थी मगरअन्तर्गत १४ वटा उप थरमा विभाजन गरेका छन्, जसमा घरन्जा, कुकुर भलञ्जा, दुध भलञ्जा, सिङ भलञ्जा, काग भलञ्जा, खड्का, बुढाथोकी, पुराँने, मच्छिमेल, घ्याप्चन, पोत्लाङ्गे, डाँडामारे, सिङ्गे, र स्याङ्जाली उप थर रहेका छन् (कावाकिता, सन् १९७४:६३) । उनको छन्त्यालसम्बन्धी गहिरो अध्ययनको कमी, मगर र छन्त्यालको छ्यासमिसे बस्ती, छन्त्याल र मगर जातिबीच भएको विवाह सम्बन्ध आदिको आधारमा छन्त्याल जातिलाई मगरअन्तर्गत राखेका हुन् भन्न सकिन्छ । जुन वास्तविकता होइन । कावाकिताले जस्तै अन्य लेखकले पनि सोही विषयलाई प्रमुख आधार बनाएको पाइन्छ । जसले मौलिक पहिचान भएको छन्त्याललाई मगरकरण गर्न थप टेवा पुऱ्याएको थियो/छ ।

दोस्रो समूहको भनाइ र मतप्रति छन्त्याल जातिको जातीय संस्था, जानिफकार र बूढापाका असहमत रहेका छन् । एउटाले अर्को जातिको अस्तित्व, पहिचान र सभ्यतालाई स्वीकार नगर्ने र छन्त्याल मगर हुन् भन्नु जितुवा बन्नुबाहेक अरु केही होइन । मगरीकरणको कारणले सीमित छन्त्यालले मगर हौं भने पनि वास्तवमा छन्त्याल मगर होइनन् । तथापि मगरको सघन बसोबास तर छन्त्याल थोरै सङ्ख्यामा भएको गाउँमा मगरीकरणका कारणले मौलिक पहिचानमा मगर संस्कृतिको प्रभाव रहेको पाइन्छ । जुन प्रभाव छन्त्यालमा मात्र नभएर अन्य जाति समुदायमा पनि रहेको छ । मगरको सघन बसोबास रहेको स्थानमा थोरै सङ्ख्यामा भएका छन्त्याललगायत अन्य जात/जातिहरू मगरकरीकरणको प्रभावमा परेका छन् ।

---

१८ पृथ्वीनारायण शाहले भौगोलिक रूपमा नेपाल एकीकरण गर्नु अगाडि म्याग्दी जिल्लाको गुर्जा र कुइने गाउँको भूगोल पवर्त राज्यअन्तर्गत पर्ने भएकोले म्याग्दीको सट्टामा पर्वत शब्द उल्लेख गरिएको हो ।

श्रीस मगर लेख्छन्, मगर जातिको सघन बस्ती र त्यस सेरोफेरोका अन्य बस्तीका गैर मगर समुदायले अपनाउने सांस्कृतिक चाडवाड, उत्सव, लोकगीत, नृत्य, संस्कारजन्य काम, भाषा तथा वेषभूषामा समेत समानता पाइनुलाई मगरीकरणको प्रभावको रूपमा लिन सकिन्छ । मगरीकरणलाई पश्चिमीकरण झैँ सघन मगर बस्ती र त्यसको सेरोफेरोका क्षेत्रमा बसोबास गर्ने गैरमगर समुदायले मगर जातिको जीवनशैली अनुकरण गर्ने प्रक्रियाको रूपमा लिन सकिन्छ । प्रभावशाली तथा ठूलो -धेरै जनसङ्ख्या) समुदायको सांस्कृतिक प्रभाव अल्पसङ्ख्यक वा कम प्रभावशाली समुदायमा स्वभाविक रूपमा परेको हुन्छ (२०७१ः१२०) । छुट्टै भाषा, संस्कृति, मौलिक पहिचान र सभ्यता भएको जाति र समुदायलाई यही मगरीकरणको प्रभावको आधारमा मगर हो भन्नु गलत हो ।

बागलुङको दक्षिणमा बसोबास गर्ने छन्त्यालमा परेको मगर चलनको प्रभावबारे मानवशास्त्री जोन टी. हिचककले अध्ययन गरेका छन् । उनले मगर समुदायको थर, उप थर र प्रभावबारे लेख्छन्, विभिन्न अन्य जात, जाति र समुदायहरू विभिन्न कारण (विवाह, गोर्खा भर्ती, वर्ण व्यवस्था, सांस्कृतिक प्रभाव)ले मगरीकरण भएको र गरिएको हो जुन भ्यानिस्टार्टले भनेजस्तो गोर्खा आर्मीमा भर्ना हुनका लागि मात्र मगर भएका थिएनन् । त्यो भन्दा पहिलेदेखि नै अन्य जात/जाति र समुदायको मगरीकरण भएको थियो । मगरीकरणको प्रक्रियाको उदाहरणको रूपमा छन्त्याल जातिलाई लिन सकिन्छ जो म्याग्दी जिल्लाको दक्षिण र बागलुङ जिल्लाको दक्षिण पश्चिममा छन् । दक्षिण बागलुङमा छन्त्याल मगर हुन् भन्ने परम्परा छ । जुन कुरा छन्त्यालहरूले अस्वीकार गर्छन् । उनीहरूको अस्वीकारलाई सहयोग गर्ने उनीहरूको विवाहको नियम हो । सामान्यतयाः छन्त्यालले मामाचेला र फुपूचेलीबीचको विवाहलाई मान्यता र अनुमति दिन्छन् । दक्षिण बागलुङमा छन्त्याल समुदाय मगर समुदायको बीचमा बसोबास गर्छन् । मगरसँगै विहेवारी गर्छन् र मामाचेला एवम् फुपूचेलीबीचको विवाहलाई निषेध गरेर मगरकरण भएका छन् । किनभने मगरको चलन र सामाजिक नियमअनुसार फुपूचेला र मामाचेलीबीच हुने विवाहलाई अनुमति र सामाजिक मान्यता दिने व्यवस्था छ । तर मामाचेला एवम् फुपूचेलीबीच विवाह नगर्ने चलन छ (हिचकक, सन् १९६५ः२१३-१४) । हिचककले नातागत विवाह सम्बन्धका आधारमा छन्त्याल छुट्टै जाति हो । तथापि मगरको विवाह चलनलाई अनुसरण गर्ने क्रममा मगर भएका हुन् भन्ने भनाइ प्रस्तुत गरेका छन् । कतिपय लेखकले विवाह सम्बन्धको सामाजिक नियम र चलन, छ्यासमिसे बसोबास र गोर्खा भर्ती हुँदा मगर लेखाएकोले छन्त्याल, भुजेलगायत अन्य जात/जाति मगर हुन् भन्छन् ।

हिचककको भनाइलाई थप पुष्टि गर्ने गरी गुल्मी जिल्ला सत्यवती गापा वडा नं. ८ (साविक भार्से गाविस वडा नं. ५) गुल्मीका शिवप्रसाद छन्त्यालको भनाइ रहेको छ । शिवप्रसाद छन्त्यालका अनुसार भार्सेमा छन्त्यालले खानी खनेका थिए । हाम्रा पुर्खा खिबाङबाट ३/४ थर वा समूह भार्से आएका थिए । भार्सेमा खानी खन्न छोडेपछि यही नै मगर र गुरुङसँग मिलेर बसोबास गरेका थिए । बूढापाकाले भनेअनुसार पहिले छन्त्याल छन्त्यालमा नै विवाह

हुन्थ्यो रे। पछि मगरसँग विवाह हुन थालेपछि त्यो पनि हरायो। छन्त्यालले मगरको छोरी र मगरले छन्त्यालको छोरी विवाह गरे। छन्त्याल केटाले छन्त्याल केटी विवाह गर्न हुँदैन भन्ने चलन भयो। संस्कृति र परम्परा मगरको मान्न थाले। त्यसैले मगरको प्रभाव बढी रह्यो। छन्त्याल भन्ने कमी हुँदै गयो। पितृ र पुर्खाले सुँगुर, बँगुर, राँगो, भैंसी र गाई, गोरुको मासु पहिलेदेखि खाएनन् र हामीले पनि खाँदैनौ। लाहुरे हुँदा पनि छन्त्याल नलेखेर थापा मगर लेख्ने चलन भयो। भार्सेमा मगरले हामीलाई छन्तेल भन्छन्। मगरजस्तै मान्छन्। हामीले पनि अन्यत्र जाँदा छन्तेल भने पनि मगर नै हो भन्छौं। भार्सेबाट धेरै छन्त्यालहरू बसाइँसराइ गरेर रूपन्देही, नवलपरासी र कपिलवस्तु गएका छन्। उनीहरू मगरसँग नै सम्बन्ध कायम गरी बसेका छन्।[१९] शिवप्रसाद छन्त्यालको भनाइबाट छन्त्याल छुट्टै जाति भए पनि पनि मगरकरण भएको प्रष्ट हुन्छ। अझै पनि विभिन्न स्थानबाट बसाइँसराइ गरेका कतिपय छन्त्यालले छन्त्याल र छन्तेल भिन्न जाति हुन् भन्ने तर्क समेत गर्छन्। उनीहरूको अनुसार छन्तेल मगरको एउटा उप थर हो। त्यसैले उनीहरूले मगरीकरणको कारण जातिको पहिचानको रूपमा नामसँग छन्तेल थापा मगर भन्छन् र लेख्छन्। छन्तेल मगर हो भन्ने कुरा असत्य हो।[२०]

ब्रिटिस सेनामा गोर्खा भर्तीको कारणले पनि छन्त्याल जाति मगर हुन् भन्ने गरेको पाइन्छ। बेलायतले भारतमा उपनिवेश कायम गरेपछि सन् १८१४-१६ मा इष्ट-इण्डिया कम्पनी (बेलायत/अंग्रेज) र नेपालबीच युद्ध भयो। युद्धपश्चातको समयदेखि नेपाली युवाहरू भारतको भूमिमा बेलायतीको सेवा गर्न शुरु गरेका थिए। लेखक/विश्लेषक झलक सुवेदीको अनुसार नेपालको आजको लाहुरे संस्कृतिको परम्पराको जग तिनै वीर भनेर ब्रिटिस शत्रुहरूले प्रशंसा गरेका बलभद्र (कुँवर)ले तत्कालीन पन्जावका महाराज रणजित सिंहको सेनामा आफ्नो सेवा समर्पण गरेर बसाएका थिए। तत्कालीन पन्जावको राजधानी रहेको लाहोरमा गएर सेवा बेच्ने काम थालिएकोले विदेशमा काम गर्न जानेहरू लाहुरे भनिन थालिए। श्री ३ महाराज वीर शमशेरको पालामा गोर्खा भर्तीका लागि सहयोग भयो र चन्द शम्शेरको पालादेखि गोर्खा भर्तीले वैधानिकता पायो। सन् १८१५-१९०२ सम्मको अवधिमा ब्रिटिस सेनामा गोर्खा रेजिमेन्टको सङ्ख्या १० पुगेको थियो[२१] (सन् २०१२: ४-६९)। यो लाहुरे संस्कृतिको प्रभाव छन्त्याल जातिमा पनि परेको थियो/छ।

तत्कालीन समयमा गोर्खा भर्तीका लागि बेलायतले विशेषतः पहाडका मतवाली जाति मगर र गुरुङलाई प्राथमिकता दिएको थियो। हर्क गुरुङका अनुसार भर्नामा (गोर्खा भर्तीका लागि)

---

१९ शिवप्रसाद छन्त्याल (छन्तेल) भार्सेका स्थायी निवासी हुन्। उनको सम्वत् २०७१ साल कार्तिक २५ गते मृत्य भएको हो। स्थलगत अध्ययनको क्रममा उनीलगायत भार्सेका अन्य छन्त्यालहरूबीच सम्वत् २०६४ असोज २९ र ३० गते सामूहिक छलफल गरिएको थियो। सोही क्रममा छन्त्यालसँग गरिएको व्यक्तिगत कुराकानीमा आधारित।

२० सीमित समूह वा व्यक्तिको बसाइँ, विवाह सम्बन्ध र मगर संस्कृतिको प्रभावको कारण मगरकरण भएका छन्त्याललाई आधार मानेर सिङ्गो छन्त्याल समुदाय नै मगर हो भन्ने विगतको भनाइलाई निरन्तरता दिनु भ्रमको खेती गर्नु र जितुवा बन्नु हो। साथै, आदिवासीको अधिकारसम्बन्धी आइएलओ महासन्धि नं. १६९, आदिवासीको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषण पत्र-२००७ र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ को ठाडो उल्लङ्घन हो।

२१ विस्तृत अध्ययनका लागि सुवेदीद्वारा लेखिएको ब्रिटिस साम्राज्यका नेपाली मोहरा नामक पुस्तक हेर्नुहोस्।

अङ्ग्रेजहरूले शुरुदेखि नै मतवाली जातिलाई प्राथमिकता दिने चलन बसाले। यसमध्ये मुख्यगरी पश्चिम पहाडका मगर तथा गुरुङ थिए। सन् १८९४/९५ देखि पूर्वका राई र लिम्बु पछि सन् १९०६/७ देखि किराँती-कौँइच (सुनुवार)लाई पनि भर्ना लिन थालियो। पहिलो विश्वयुद्ध (सन् १९१४-१८) ताका बढी मानिस चाहिएकोले सन् १९१५/१६ देखि तामाङ तथा नेवार पनि सामेल गरिए। भर्ती हुनेमा एक तिहाई मगर र बीस प्रतिशत गुरुङ थिए। बाँकी अन्य जात/जाति थिए। हिजोआज भर्ती हुनेहरूको तँछाडमछाडबाट पहाडको बिग्रँदो आर्थिक स्थितिको अन्दाज गर्न सकिन्छ। भर्ना हुनका लागि उमेर घटाउनु र बढाउनु सामान्य कुरो थियो। यसैप्रकार जात ढाँट्ने चलन पनि थियो। जसअनुसार जीवननाथ भट्टराई र नन्दलाल तिवारी 'क्षत्री' लेखाएर भर्ना भएका थिए (गुरुङ, सन् २००४:८१-४८)। गुरुङको भनाइबाट अङ्ग्रेजहरूले गोर्खा भर्तीमा निश्चित जाति विशेषलाई प्राथमिकता दिएका थिए भन्ने प्रष्ट हुन्छ। गोर्खा भर्तीका लागि जातीय प्राथमिकताको आधारमा भर्ती हुने र नहुनेको निक्यौल हुने स्थिति थियो। त्यसैले अन्य जात/ जातिको युवाले लाहुरे हुनका लागि मगर, गुरुङ, राई, लिम्बु आदि जातिको नाममा भर्ती भएको इतिहास र उदाहरण छन्। पल्टन घरमा मङ्गोलियन लाहुरेहरूलाई हिन्दु बनाउन बाहुन पुजारीको भर्ना गर्ने चलन थियो/छ। पछिल्लो समय भने लिम्बु आदिवासीको फेदाङ्मा पनि भर्ती गर्ने चलन चलेको छ।

परम्परागत खानी पेसा कष्टकर कार्य हुनु, खानी बन्द हुनु, आर्थिक अवस्था कमजोर र लाहुरे भएपछि पाइने नगदको छेलोखेलो आदिको कारण छन्त्याल युवाहरू गोर्खा भर्तीमा सामेल भए। तर जातिको नाम ढाँटेर। उनीहरूले व्यक्तिगत नामको पछि छन्त्याल लेखेनन् र थापा मगर, राना मगर, पुन मगर, गुरुङ आदि लेखे अनि भर्ती भए। यसरी गैरछन्त्याल जातिको नाममा भर्ती हुनुको मुख्य कारण राणा कालमा छन्त्याललाई राजस्व बढाउने जाति भएकोले भर्तीमा सामेल हुन नदिनु र अधिकांश मगर र गुरुङ जातिको नाममा सामेल हुँदा भर्ती हुन सजिलो हुनु हो। सेनामा भर्ती हुन नागरिकता अनिवार्य नहुँदासम्म यो क्रम रह्यो। यसै प्रसङ्गलाई स्मरण गर्दै ब्रिटिस सेनाबाट अवकास पाएका शिवप्रसाद छन्त्याल भन्छन्, सम्वत् २०३१ साल असोजमा गल्लासँग म भर्ती हुन भनेर पग्लिहवा गएँ। जाने क्रममा बाटोमा गल्लाले छन्त्याल/छन्तेल भन्यो भने भर्ती हुँदैन वा भयो भने पनि कठिन हुन्छ भन्यो। के भन्यो भने भर्ती हुन सजिलो हुन्छ ? भनेर मैले सोँधे। गोर्खा सेनामा भर्ती भएर बहादुरी कमाएको जातिको नाम भन्नू भर्ती हुन सजिलो हुन्छ भन्यो। त्यसैले मैले भर्ती हुने बेलामा शिवप्रसाद छन्त्यालको सट्टामा शिवप्रसाद पुन भनेँ र लाहुरे पनि भएँ। अहिले सेनाबाट अवकास भएको छु।[२२] शिवप्रसाद जस्तै तत्कालीन समयमा धेरै छन्त्याल युवाहरू मगर जातिको विभिन्न थर नाममा लाहुरे भएका थिए। पत्रकार उजिर बुढाथोकी मगरले छन्त्याल जातिको पेसाबारे केलाउँदै लेख्छन्, पूर्वजको पेसा तामाखानी खन्ने भए पनि वर्तमान अवस्थामा छन्त्याल

---

२२ शिवप्रसाद छन्त्याल बागलुङ जिल्ला तमानखोला गापा वडा नं. ४ (साविक तमान गाविस वडा नं. ८) मा जन्मेका हुन्। उनी नेपाल छन्त्याल संघको केन्द्रीय समितिको छैठौँ महाधिवेशनबाट कोषाध्यक्ष पदको जिम्मेवारीमा छन्। उनीसँग सम्वत् २०७५ पौष २८ गते काठमाडौँमा गरिएको कुराकानीमा आधारित।

जातिहरूको मुख्य पेसा कृषि र पशुपालन नै रहेको छ। समयको परिवर्तनसँगै केही छन्त्यालहरू शहरी क्षेत्रतिर झरेर व्यापार व्यवसायहरू पनि सञ्चालन गर्दै आइरहेका छन् भने धेरथोर छन्त्याल युवाहरू वैदेशिक रोजगराको नाममा जापान, कोरिया, जर्मन अरब र केही युवाहरूले छन्त्याल थर (जाति) परिवर्तन गरी थापा, राना, पुन आदि मगरहरूको थर लेखाइ ब्रिटिस सेनामा कार्यरत छन् (मगर, २०५७:९) । ती युवाहरू वास्तवमा गैरमगर थिए । मगरको जातिको नाममा भर्ती भए पनि उनीहरूको जाति, इतिहास, पहिचान, भाषा, संस्कृति र परम्परा छन्त्यालको थियो। जातिको नाम मगर लेख्नु प्राविधिक-प्रशासनिक कुरा थियो। त्यसैले भर्ती मगर जातिको नाममा भएको आधारमा नै छन्त्याललाई मगर भन्नु गलत हो।

छन्त्याल मगर हो भन्ने जिकिर गर्ने लेखकको आधार केवल मगरीकरणमा परेका छन्त्याल, मगरसँगको विवाह सम्बन्ध, छ्यासमिसे बसाइँ, गोर्खा भर्ती र सोही आधारमा लेखिएका द्वितीय स्रोतको भर हुन् । छन्त्यालको सघन बसोबास भएको बस्ती वरिपरिको अन्य समुदायको छन्त्याल जातिसम्बन्धी पहिचान, भाषा, छन्त्यालबीचमा हुने विवाह सम्बन्ध, विभिन्न संस्कार, पूजा र स्थलगत अध्ययनको आधारमा छन्त्याल मगर होइनन् भन्ने प्रष्ट हुन्छ।

२.३.३.छन्त्याल छुट्टै जाति भएको इतिहास

छन्त्याल जाति मौलिक पहिचान र सभ्यता भएको जाति हो। यस किसिमको भनाइ तेस्रो समूहको लेखक/अध्येता र छन्त्याल बूढापाकाले गरेका छन्। यस समूहमा इन्द्र माली, प्रा.डा. प्रेम शर्मा, यामबहादुर पुन, मधुसुदन पाण्डेय, गोबिन्द छन्त्याल, केभिन फिङ्राजा छन्त्याल, हरिचन छन्त्याल, अन्ना डि सेल्स, वुल्फ डि. मिसल, माइकल नुनन्, जोन टी. हिचकक र छन्त्याल जानिफकार एवम् बूढापाका रहेका छन्। उनीहरूको तर्क छन्त्याल जाति मगर जाति, मगरको थर वा उप थर तथा ठकुरी वंश वा तागाधारी होइनन्। छन्त्याल आफ्नै भाषा, संस्कृति, मौलिक पहिचान र सभ्यता भएको आदिवासी जाति हो भन्ने रहेको छ।

इन्द्र मालीका अनुसार पश्चिम नेपालको उत्तर भेकतिर बसोबास गर्नेहरूमा प्रायः मङ्गोलोइड नश्ल र ठिमाहा जातिकै बाहुल्य देखिन्छ । धौलागिरि अञ्चलको म्याग्दीस्थित कुइने र गुर्जा गाउँमा छन्त्यालको बाक्लो बस्ती पाइन्छ । यसबाहेक ग्यासखर्क, चौरखानी बागलुङ र मङ्गलेखानीमा पनि छन्त्यालहरू बसोबास गर्छन् । यिनीहरू पनि मङ्गोलोइड नश्लका हुन् । छन्त्याल भाषा पनि एकाथरी परिवारअन्तर्गत नेपाल हिमाली शाखाभित्र पर्छ (उद्धरण श्रेष्ठ, २०७१:४०) । इन्द्र मालीले छन्त्याल जातिको वंश, भाषा, र बसोबासलाई उल्लेख गरेका छन्। जसले छन्त्याल भिन्न पहिचान र सभ्यता भएको जाति हो भन्ने जनाउँछ।

त्यसैगरी केभिन फिङ्राजा छन्त्यालअनुसार छन्त्याल जाति नेपालको रैथाने आदिवासी समुदायभित्र रहेका अन्य जनजातिकै समानान्तर छुट्टै एउटा जाति हो । मङ्गोलोइड वंशावली र अनुहारसँग मेल खाने हाम्रो देश नेपालको पश्चिमी भू-भागमा पुर्ख्यौली बसोबासस्थल रहेको

जाति हो (छन्त्याल, २०६१:१२) । भाषाशास्त्रीद्वय माइकल नुनन् र योगेन्द्र यादवअनुसार छन्त्याल जातिले बोल्ने भाषा भोट-बर्मेली भाषा परिवारअन्तर्गत पर्छ ।

दिलबहादुर छन्त्यालका अनुसार माइकल नुनन्, विलियम पाग्लिका, आम्दोसाल (अन्ना डि सेल्स)अनुसार छन्त्यालका पुर्खाले आजभन्दा १,५०० वर्ष अगाडि तिब्बतबाट नेपालको हिमाली भेगमा झरेको र नेपालका राजाबाट खानी खन्ने लालमोहर पाएपछि खानी विशेषज्ञका रूपमा फिरन्ते जीवन बिताउँदै सुदूर पश्चिमाञ्चलदेखि पश्चिमाञ्चलसम्म खानी खनेका हुन् (छन्त्याल, २०५५:ट) । मधुसूदन पाण्डेयका अनुसार छन्त्यालहरू परापूर्वकालदेखि नै खानीमा काम गर्थे । पछि गएर खानी सकिँदै गएपछि उनीहरू तिनै खानीवरिपरि घर बनाएर बस्न थालेका हुन् भन्ने भनाइ पाइन्छ (पाण्डेय, २०६५:२१) । छन्त्याल र पाण्डेयले छन्त्याल जातिको पेसाको आधारमा मत प्रस्तुत गरेका छन् ।

अध्येता यामबहादुर पुनले छन्त्याल जातिको पहिचानको अन्दोलनलाई केलाउँदै लेख्छन्, छन्त्याल मगरभन्दा छुट्टै जाति समुदाय हो भन्ने कुराको सङ्घर्षमा केन्द्रित कारण विशेषतः जनसङ्ख्याले धेरै भएका मगरहरूद्वारा संस्थागत रूपले नै छन्त्याल भनेको मगर हो भनिदिने र मगर लेखकहरूले छन्त्याल मगरको नै थर हो भनेर लेखिदिने जसको आधारमा अन्य अध्येताहरूले पनि सोहीबमोजिम लेखिदिने भएकोले त्यसको प्रतीकार पनि गर्नु परेको यथार्थ हो । सम्वत् २०६८ पुस २७ मा मन्त्रिपरिषद्ले माघे सङ्क्रान्ति थारु, मगरलगायत छन्त्यालको पनि भएको निर्णयविरुद्ध नेपाल मगर संघ केन्द्रीय समितिले माघे सङ्क्रान्ति मगरको मात्र हो भनी जारी गरेको प्रेस विज्ञप्ति त्यसैको एटा उदाहरण हो । प्रमुख थातथलोमा नगइकन कमजोर द्वितीय आँकडाको आधारमा लेखिएको लेखहरूले विरोधाभास थपिदिएको छ । थातथलोमा नै पुगरे गहिरो अध्ययन गरेका अध्येताद्वारा छन्त्यालसम्बन्धी विरोधाभास कुराहरू बाहिर ल्याएको देखिँदैन । भाषा, संस्कृति बेग्लै हो भन्दा पनि मगरभन्दा अलग्गै हो भनी संङ्घर्ष गर्नुपरेको सत्य हो । कतिपय छन्त्यालहरूले हामी पनि मगर नै हौं भनेकाले यस्तो तर्क आएको हो । यस्तो सङ्घर्ष अझै चलिरहेको छ । तर नेपाल सरकार आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ ले छन्त्याल जातिलाई ५९ भित्र एक आदिवासी जनजातिको रूपमा सूचीकृत गरिसकेपछि छन्त्याल जाति मगर जातिभन्दा पृथक पहिचान भएको स्पष्ट र पुष्टि गर्छ (पुन, २०७१:६०) । मगरको भनाइ कानुनी र क्षेत्रगत हिसाबले छुट्टै जाति हो भन्ने रहेको छ ।

अध्येता गोबिन्द छन्त्यालको अनुसार छन्त्यालहरूको इतिहाससँग जोडिएको ठकुरी छन्त्यालको वंशज नभई पदवी/उपाधि मात्र भएको र छन्त्यालहरूको शारीरिक बनोट, सामाजिक, सांस्कृतिक मूल्य-मान्यता, धर्म, संस्कार, चालचलन, प्रथा, परम्परा, रीतिरिवाजलगायत आर्थिक-राजनीतिक जीवन पद्धति मङ्गोलोइड नश्लका जाति/समुदायसँग प्रत्यक्ष मिल्दछ । छन्त्यालहरूको छन्त्याल भाषा भोट-बर्मेली परिवार अन्तर्गत पर्ने र अधिकांश धार्मिक कार्यहरू प्रकृति पुजकका रूपमा गरिने भएकोले छन्त्यालहरू मङ्गोलोइड नश्ल/वंशजका जाति हुन् ।

नेपाल सरकार, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ अनुसार सूचीकृत ५९ आदिवासी जनजातिमध्ये थोरै सङ्ख्या तथा सुविधा वञ्चित समूहमा पर्ने एक आदिवासी जनजाति हो। यसरी सदियौँदेखि आफ्नो थातथलोका प्राकृतिक सुन्दरता र आफ्नै संस्कृति र संस्कारसँग रमाउँदै भिन्न पहिचान निर्माण गरेको समुदाय हुन्- छन्त्याल आदिवासी जनजाति (छन्त्याल, सन् २०७१:१४)। उनले छन्त्याल जाति आफ्नै पहिचान र सभ्यता भएको नेपालको एक मूल/आदिवासी हो भन्ने मत प्रस्तुत गरेका छन्।

प्रा.डा. प्रेम शर्माका अनुसार धेरै (विभिन्न लेखक, जात/जाति र व्यक्ति)लाई एउटा भ्रम के छ भने मगर र छन्त्याल जाति एउटै नवजातिहरू भन्ने लाग्छ। तर यी दुई जातिबीच धेरै कुराहरूमा फरक भेटिन्छ। बसोबास, पेसा र स्थान विशेषले यिनीहरूबीचमा धेरै रहनसहन, संस्कृति, रीतिरिवाज र विहे बरियत आदिमा केही सामीप्य रहे पनि छन्त्याल खाम भाषा र सामाजिक, सांस्कृतिक कार्यहरूले प्रष्ट रूपमा फरक छन् भन्ने प्रमाण दिन्छन् (शर्मा, २०७१:४७)। छन्त्याल र मगर एउटै जाति हो भन्नु भ्रम हो किनकी छन्त्याल भाषा, सामजिक र सांस्कृतिक कार्यहरूको आधारमा भिन्न जाति हो भन्ने शर्माको मत रहेको छ।

मानवशास्त्री वुल्फ डि. मिसलका अनुसार कृषि पेसा अगाल्नु पूर्व छन्तेल/छन्त्यालहरूको मुख्य पेसा तामाखानी थियो। सन् १९३०-३१ मा सरकारले खानी बन्द गरेकोले छन्त्यालहरूले कृषि पेसा १९औँ शताब्दीदेखि मात्र शुरु गरे। सि. जेस्टले गरेको छोटो सर्वेक्षणबाहेक अहिलेसम्म छन्त्यालबारे कुनै पनि अनुसन्धान गरेको पाइँदैन। छन्तेलहरूलाई छिमेकीहरू र सरकारी तथ्याङ्क तथा अन्य प्रतिवेदनहरूमा मगर रूपमा देखाए तापनि मेरो अध्ययनअनुसार छन्त्यालहरूको समूह थकाली, मगरहरू भन्दा छुट्टै हुन्। साथै छन्तेलहरूको वरिपरि बसोबास गर्ने अन्य कुनै पनि जात/जातिहरूसँग उनीहरूको कुनै अन्तरजातीय सम्बन्ध (Inter-ethnic relation) रहेको देखिँदैन। छन्तेलहरूलाई दुई समूहमा बाँड्न सकिन्छ- पश्चिमेली र पूर्वेली। उनीहरूबीचको मुख्य भिन्नता भाषामा रहेको छ। न्युन सङ्ख्यामा आफ्नो भाषा बोल्ने पश्चिमेली छन्त्यालहरूले बाहुन, क्षत्री, कामी र मगरहरूसँगको मिश्रित बसाइँले गर्दा आफ्नो मौलिक परम्परा र भाषा लगभग त्यागिसकेका र बिर्सिसकेका छन्। यिनीहरू बागलुङ जिल्लाको उत्तर पश्चिम क्षेत्रको भूजीखोला, निसीखोला र तमानखोलाको वरपर बसोबास गर्छन्। पूर्वी क्षेत्रका छन्तेलहरू दक्षिण पश्चिममा म्याग्दी खोला र पूर्वमा राहुघाट खोलाको भू-भागमा तथा धौलागिरि हिमालको शिरदेखि दक्षिणी भिरालो ठाडो भू-भागमा सीमित रहेको छ- जुन म्याग्दी जिल्लामा पर्छ। यसलाई आठ हजार पर्वतको नामले पनि चिनिन्छ। यस भू-भागमा बसोबास गरेका छन्तेलहरूले छन्तेल भाषा बोल्दछन्। तर आफ्नो आसपासमा बसोबास गरेका कामी र आठ हजार पर्वत उपत्यकाका अन्य जात/जातिसँग सञ्चार गर्न खसनेपाली भाषाको प्रयोग पनि गर्छन् (मिसल, सन् १९७४:२२२-२३१)। लेखकले क्षेत्रगत अध्ययन गरेकोले छन्त्याल जातिको इतिहास, पेसा, भाषा र अन्य जात/जातिसँगको सम्बन्धलाई वास्तविकता र वस्तुपरक रूपमा प्रस्तुत गरेका छन्। जसले छन्त्याल जाति मौलिक र छुट्टै पहिचान भएको जाति हो भन्ने कुरा प्रष्ट पारेको छ।

भाषाशास्त्री माइकल नुनन्ले छन्त्याल भाषाको नालीबेली विश्लेषण गरेका छन् । उनका अनुसार चन्त्याल (छन्त्याल) हरूलाई भाषागत दृष्टिकोणले दुई समूहमा विभाजन गर्न सकिन्छः एक बागलुङ र अर्को म्याग्दी जुन पश्चिम नेपालको धौलागिरि अञ्चलमा पर्छ । बागलुङका छन्त्यालहरूले १९औँ शताब्दीदेखि भाषा बोल्न छोडेर अहिले खस नेपाली भाषा बोल्छन् भने म्याग्दीका छन्त्याल गाउँहरूमा अहिले पनि छन्त्याल भाषा निरन्तर बोलिरहेका छन् । म्याग्दीका गाउँहरूमा भाषा बोल्नेहरू अहिले लगभग दुई हजारका सङ्ख्यामा छन् । छन्त्याल भाषा बोडिस भाषाहरूको तामाङ्गिक समूहमा पर्दछ । जुन भोट-बर्मेली भाषा परिवारको एउटा बोडिक विभाजनको हाँगा हो । अरु तामाङ्गिक समूहमा पर्ने मुख्य भाषाहरू गुरुङ, मनाङ्गवा, नार्फू, तामाङ र थकाली हुन् (नुनन्, सन् २००५ः१) । यहाँ नुनन्ले पनि क्षेत्रगत अध्ययनको आधारमा छन्त्याल जातिले बोल्ने भाषा फरक भएको उल्लेख गरेका छन्, मगरसँगको भाषागत भिन्नतालाई प्रष्टाएका छन् ।

समाजशास्त्री अन्ना डि. सेल्सले सम्वत् १९१० मा जङ्गबहादुर राणाले जारी गरेको मुलुकी ऐनको आधारमा नेपालको विभिन्न जातिको विकास र पतनबारे अध्ययन गरेका छन् । उनको अनुसार छन्त्याल खनेलका सन्तानहरू हुन् । छन्त्यालहरू नेपालको जात वा जनजाति समूह (ethnic group) के हुन् भनेर मानवशास्त्री र नेपाली आफैले थाहा पाएका वा चिनेका छैनन् । जो मगरका पुरानो थर मानिन्छन् । तथापि, छन्त्यालले आफू छुट्टै जात/जाति भएको मान्छन् । जसको जनसङ्ख्या दश हजारको हाराहारीमा रहेको छ । छन्त्यालहरू धौलागिरि हिमालको पश्चिम र दक्षिण भिरालो भू-भाग विशेषतः म्याग्दी र बागलुङको उत्तरतिर बसोबास गर्छन् । म्याग्दी र भेरी नदीबीचको क्षेत्र तामामा धनी छ । सो क्षेत्रको दक्षिण भागलाई तल्लो २२ खानी जहाँ मगरले खनेका छन् र उत्तर क्षेत्रको उपल्लो २२ खानी छन्त्यालले खनेका छन् । छन्त्यालले मगर जातिसँगको सम्बन्धलाई ठाडै अस्वीकार गर्छन् । सन् १९०८ मा सरकार र बागलुङ जिल्लाको लाम्मेलाको मुखियाबीच खानीसम्बन्धी भएको एक वर्षे सम्झौतामा खनेलहरूलाई आग्री र मुखियाको नाम छन्तेल लेखिएको/राखिएको छ । गाउँको पुरानो मुखियाको अनुसार ८ वर्षपछि सन् १९१६ मा सो क्षेत्रको माथिल्लो भाग/भूमि छन्त्याललाई राज्यले दिएको थियो (सेल्स, सन् १९९३ः९१-९२) । उनले आफ्नो अध्ययन अवलोकन र क्षेत्र कार्यको आधारमा गरेकोले छन्त्याल छुट्टै जाति भएको र सरकारी दस्तावेजमा समेत छन्त्याल लेखिएको उल्लेख गरेका छन् ।

नेपालको विभिन्न जातिमा रहेको एकै नामको थर र एक जातिको अस्तित्वलाई अर्कोले स्वीकार नगर्ने अवस्थालाई केलाउँदै प्रा. कृष्णबहादुर छन्त्याल[२३] लेख्छन्, कुनै-कुनै व्यक्ति

२३ प्रा. कृष्णबहादुर छन्त्याल त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकायको प्राध्यापक हुन् । उनको जन्मथलो प्रदेश नं. ५, गुल्मी जिल्ला सत्यवती गाउँपालिका वडा नं. ८ (साविक लुम्बिनी अञ्चल, गुल्मी जिल्ला, भार्से गाविस) हो । उनी २०७० सालको मंसिरमा सम्पन्न भएको दोस्रो संविधानसभाको सभासद् पदमा नेपाली काँग्रेस पार्टीबाट गुल्मी जिल्ला क्षेत्र नं. १ बाट निर्वाचित भएका थिए ।

विशेषले आफ्नो विचारहरू मञ्चबाट बोलेर होस् वा लेख रचना लेखेर होस् केही जनजातिको अस्तित्व मेटाउने काम गरेका छन् । उनीहरूलाई यो थाहा छैन कि यसले त्यस्ता जनजातिमा कस्तो असर पर्छ । वास्तवमा कुनै पनि जनजातिको परिचयमा सहयोग गर्न नसके पनि त्यसलाई निमोठ्ने काम कसैबाट हुनु युक्ति सङ्गत देखिदैन् । नेपालमा जात/जातिभित्र थुप्रै थरहरू छन् । जुन थरहरूलाई एउटै नामले पुकारिए पनि भिन्दाभिन्दै जातमा पर्छन् । जस्तै थापा, लामिछाने, बुढाथोकी आदि । थापामा पनि मगर थापा र क्षत्री थापा हुन सक्छ । लामिछानेमा पनि मगर लामिछाने, गुरुङ लामिछाने र बाहुन क्षत्री लामिछाने हुन सक्छ । बुढाथोकीमा मगर बुढाथोकी, क्षत्री बुढाथोकी वा छन्त्याल बुढाथोकी हुन सक्छ । छन्त्याल जातिको भिन्दै भाषा, संस्कृति, रीतिरिवाजले गर्दा छुट्टै पहिचान छ । धेरैले छन्त्याललाई मगरजस्तै भने पनि छन्त्याल मगरहरू भन्दा छुट्टै भाषा (खाम भाषा) बोल्ने गर्दछन् । त्यस्तै मगर र छन्त्यालहरूको खास भिन्नता देखिने कुरा हो उनीहरूको संस्कृति र रीतिरिवाज । मगरहरूले मामाको छोरी विवाह गर्ने चलन छ भने फुपूको छोरी विवाह गर्ने चलन छैन । जबकि छन्त्याल जातिमा मामाचेली (छोरी) र फुपूचेला (छोरा) तथा फुपूचेली (छोरी) र मामाचेला (छोरा)बीच विवाह चलन छ । यसै कारणले उनीहरू मगरहरू भन्दा भिन्दै जाति भन्ने बुझिन्छ (छन्त्याल, २०५१:३५-३६) । प्रा. छन्त्याललले मगर र छन्त्यालबीचको विरोधाभाषलाई चिर्ने प्रयास गरेका छन् । अन्त्यमा, छन्त्याल मगर भन्दा छुट्टै हो भन्ने निष्कर्ष पेस गरेका छन् ।

मेचीदेखि महाकालीसम्म भाग ३ ले उल्लेख गरेअनुसार नेपालको जनसङ्ख्यामा तिब्बत बर्मेली परिवारको भाषा बोल्ने समूहहरू मध्येको एक सानो समुदाय छन्तेलको हो । यिनीहरू कताबाट आए भन्ने कुराको पत्ता नलागे तापनि शुरुदेखि नै यिनीहरूले खानीमा काम गर्दै आएका थिए । खानी र आरनको काम गर्ने हुनाले आग्री भनिन्छ । पहिले यिनीहरू पर्वतको छन्तुङ्ग[२४] गाउँमा बसेकोले छन्तेल पनि भनिन्छ । यिनीहरूको पेसा खानी खन्ने थियो । छन्तेलहरू रुकुमबाट शाही राजाको साथमा पर्वतमा आएका हुन् भनिन्छ । छिमेकीको रूपमा मगरहरू वरिपरि भएकोले यिनीहरूको मगर जातिसित विशेष रूपले उठबस हुन पुगेको हो (मेचीदेखि महाकालीसम्म भाग ३, २०३१:६३३) । यहाँ छन्त्यालको पुर्ख्यौली पेसा खानी र रुकुमबाट पर्वतको छेन्तुङ्ग गाउँमा आएर बसेको भन्ने देखिन्छ । तर पर्वतको छेन्तुङ् गाउँ नभएर बागलुङ जिल्लाको ढोर खोला (उत्तरगंगा)को उत्तर किनार छेन्तुङ/छ्यान्तुङ्मा सबैभन्दा पहिले बसोबास गरेका हुन् भन्ने मत रहेको छ । मेचीदेखि महाकालीसम्म भाग ३ मा लेखिएको भनाइ र नगेन्द्र शर्माद्वारा नेपाली जनजीवन नामक पुस्तकको छन्तेल शीर्षक लेखमा लेखिएको छन्त्यालसम्बन्धी भनाइ हु-बहु रहेको छ (शर्मा, २०६३:२१-२२) ।

तेस्रो समूहका लेखकअनुसार छन्त्यालहरू मङ्गोलोइड मूलका, अन्य आदिवासी भन्दा भिन्न,

---

२४ छन्तुङ्ग (छ्यान्तुङ) बागलुङ जिल्ला ढोरपाटन नगरपालिका वडा नं. ६ (साविक अधिकारचौर गाविस वडा नं. ५) मा पर्छ । जुन ढोरपाटन उपत्यकाको उत्तरमा रहेको छ ।

आफ्नो भाषा र संस्कृति भएका जाति (राष्ट्र) हुन् भन्न सकिने बलियो आधार छ। यी माथिका भनाइ र पुर्ख्यौली पेसाका दृष्टिकोणले छन्त्यालहरू यहाँका आदिवासी हुन् भन्ने थप प्रष्ट हुन्छ। यसबाहेक छन्त्यालको इतिहास बारेमा बूढापाका तथा जानिफकारको भनाइले छन्त्याल भिन्न भाषा, संस्कृति, मौलिक पहिचान र सभ्यता भएको नेपालको आदिवासी हो भनेर थप स्पष्ट र पुष्टि गर्छ।

छन्त्याल जातिको उत्पत्तिको इतिहाससम्बन्धी छन्त्याल बूढापाका र जानिफकारको भनाइले केही जानकारी दिएको छ। उनीहरूका अनुसार छन्त्यालको पुर्खाले उहिल्यै प्राचीन समयमा छ्यान्टुङ भन्ने ठाउँमा बसोबास गरेका थिए। त्यहीँ खानी खने। कालान्तरमा म्याग्दी, बागलुङ जिल्लाका विभिन्न ठाउँमा खानी खोज्दै आए। त्यही पेसालाई निरन्तरता दिएका थिए। हाल यो जाति बस्ने मूलथलोमा प्रशस्त मात्रामा खानीका सुरुङ जीवित छन्। यस जातिको उत्पत्तिको तथ्यगत प्रमाण, अभिलेख, वंशावली र अन्य दस्तावेज पाउन सकिएको छैन। तैपनि कुन ठाउँमा कहिलेदेखि बसोबास गरे र कहिलेदेखि खानी खन्न थाले भन्ने कुरा यस जातिको बसोबास रहेका गाउँमा भएका खानीका सुरुङको अध्ययन गरी पत्ता लगाउन सकिने सम्भावना भने कायम छ। यसका साथै विभिन्न लेखकले छन्त्याल छुट्टै आदिवासी जाति भएको अध्ययनद्वारा प्रष्ट पारेका पनि छन्।

नन्दबहादुर घरब्जा छन्त्यालको अनुसार छन्त्यालको वंश, जात, आर्य, ठकुरी, क्षत्री केही होइन। छन्त्यालका पुर्खाहरू चीन, तिब्बत (भोट), डोल्पाको माथिल्लो हिमाली क्षेत्र हुँदै कुलु क्षेत्र आएर केही समय त्यहीँ बसे। कुलु क्षेत्रबाट पछि भेरी नदीको किनारैकिनार तल आएर पूर्वतर्फ आउँदा छ्यान्तुङ भन्ने ठाउँमा दुई दाजु भाइ चन्द्रकोटे र ब्रजकोटे बसेका थिए। उनीहरू सिकार खेल्न, धनुष बाण बनाउन निकै सिपालु थिए। शिकार खेल्दै जाँदा उनीहरूले वरिपरिको जङ्गलमा खानी भेट्टाए। खानीसम्बन्धी ज्ञान, सीप भएकाले पछि खानी खन्न थाले। भाइ ब्रजकोटेका दुई वटा श्रीमती थिए। कालान्तरमा जेठी श्रीमतीबाट जन्मेका सन्तान जेठी पायर घरब्जा र कान्छी श्रीमतीबाट जन्मेको सन्तान कान्छी पायर घरब्जा भए। ब्रजकोटेका सन्तानहरू शिकार खेल्न वनजङ्गल त्यति नजाने र बढी मात्रामा घरमा समय बिताउने भएकाले घरब्जा भएका हुन्। चन्द्रकोटे र ब्रजकोटेका सन्तान धेरै फैलिएका थिए। ब्रजकोटेका सन्तान खानी खन्न कुइने, मङ्गले, मल्कबाङतिर आए भने चन्द्रकोटेका सन्तान केही हालको बागलुङ, रुकुम, गुल्मीतिर लागे तथा केही बोङ्गाखानी, नर्जाखानी र गुर्जातर्फ गए। खानी खन्न सिपालु भएकाले पछि तत्कालीन सरकारबाट खानी खन्ने अधिकार लिई तिनले हालको म्याग्दी, बागलुङ, गुल्मी जिल्लामा रहेका माथिल्लो २२ खानी र तल्लो २२ खानीमा काम गरे। खानीमा काम गर्ने भएकाले यस जातिलाई खनेल पनि भन्थे।[२५] नन्दबहादुर छन्त्यालको भनाइअनुसार छन्त्याल जाति चन्द्रकोटे र बज्रकोटेको सन्तान जो तिब्बतबाट

२५ नन्दबहादुर घरब्जा छन्त्याल नेपाल छन्त्याल संघ केन्द्रीय समितिका पूर्व सदस्य हुन्। उनी धौलागिरि गाउँपालिका वडा नं ८, चौरखानीबाट म्याग्दी जिल्लाको सदरमुकाम बेनी बसाइँ सरे र हाल बेनीबाट पोखरामा बसाइँ सरेका छन्। उनीसँग सम्वत् २०६५ साउन ४ गते म्याग्दीको बेनी बजारस्थित उनको निवासमा गरिएको छलफल र कुराकानीमा आधारित।

डोल्पा हुँदै छ्यान्तुङ आएर हालको म्याग्दी, बागलुङ र गुल्मीका विभिन्न स्थानमा खानी खनेका थिए भन्ने देखिन्छ। उनको भनाइ ठकुरी र मगरसँग नजिक भएको देखिँदैन र छन्त्याल जाति भिन्न हो भन्ने रहेको देखिन्छ।

तालबहादुर र सहबहादुर डाँडामारे छन्त्यालको भनाइअनुसार परापूर्वकालमा छन्त्यालका पुर्खाहरू तिब्बत भोटबाट छार्का भोट, भेरी कर्णाली हुँदै छयान्टुङमा आएर बसेका थिए। छयान्टुङमा सिकार खेल्ने, खानी खन्ने काम गरी पुस्तौँ बसे। यही नै उनीहरूको मुख्य पेसा थियो। भुरेटाकुरे राजाका पालामा जुम्ला कर्णालीतिरका राजा र गण्डकी क्षेत्रका राजाहरूबीच लडाइँ भयो। लडाइँमा ढोरपाटन, घुस्तुङ, बैंसी, ठाकुर आदि क्षेत्रमा माटाको ढिस्को र ढुङ्गाको पर्खाल बनाएर शत्रुलाई धनुषवाण, खुँडाखुकुरीले आक्रमण गरी तिनले गण्डकी क्षेत्रको राजालाई साथ दिएका थिए। राजाहरूबीचमा पटक-पटक झगडा, लडाइँ र युद्ध हुन थालेपछि यस जातिले आफूलाई असुरक्षित महसुस गर्न थाले। असुरक्षा बढेको र वरिपरिको खानी सकिँदै गएकाले थप खानी खोज्दै र शिकार खेल्दै छ्यान्टुङबाट पूर्व दक्षिण भागतिर लागे। सोही क्रममा पछि बागलुङ र म्याग्दीतिर विभिन्न स्थानमा बसोबास गरेर खानी कमाए। केही छन्त्यालहरू छ्यान्टुङबाट साप मार्न हुँदै सागडाँडाको घाँटी पार गरेर हालको खानी खिबाङ आएर ओपा तथा खानी खनेर बसे। खानी खन्दा बस्ने ठाउँलाई ओपा भन्ने चलन थियो। सागडाँडा र खानी खिबाङवरिपरि अझै पनि तामा खानीका सुरुङ/प्वालहरू छन्। सो स्थानबाट छन्त्यालहरू घैयाखानी, घोसाखानी, हिजा, काँडाखानी-बाहुनगाउँलगायत हालको निसी, भूजी, बडिगाड र दर्लिङ खोलाको आसपासमा बसोबास गरेका थिए।[२६] दुवै जनाले छन्त्यालको बसोबास र पेसालाई जोड दिएका छन्।

मनिचन घरब्जा छन्त्यालको अनुसार छन्त्यालका पुर्खा तिब्बत भोटको वज्रकोटका राजा थिए। वज्रकोटमा राजाका अंशमान र वंशमान नामका दुई छोरा थिए। दुवै छोराले दक्षिण हिमशृङ्खला पार गरी कर्णालीको ताक्लाचौर सिंजामा आएर बसे। अंशमान र वंशमान खानीसम्बन्धी जानकार थिए। दुवै भाइका सन्तानले पनि खानी खने। खानी खन्न सिपालु भएकाले खानी खनेर राजालाई राजस्व वृद्धि गर्न सहयोग गरे। त्यतिबेला साना-साना टाकुरे राजाहरूबीच समय-समयमा झगडा, लडाइँ भइरहन्थ्यो। निरन्तर राजाहरूबीच झगडा, लडाइँ हुने भएकाले अंशमान र वंशमानका सन्तान लडाइँको खतराबाट बच्न पूर्वतिर केही सुरक्षित स्थानको खोजीमा लागे। सोही क्रममा भेरी कर्णाली नदी पार गरी ढोर आए। त्यतिबेलासम्म ताक्लाचौर सिंजामा उनीहरू छन्तेल भनेर चिनिन्थे। छन्त्यालका ६ थरहरू भागेर सानो भेरीको मुख्य नदी ढोर खोलाको किनारमा आएर बसे। ढोरमा आइपुग्दा पहिले घरब्जा, तथप्जा र भलञ्जा त्यसपछि डाँडामारे र पोत्लाङे अन्तिममा सिङ्गे आइपुगेका

२६ ढोरपाटन नगरपालिका वडा नं. ६ (साविक अधिकारीचौर वडा नं. ३) घैयाखानी गाउँका स्थायी निवासी तालबहादुर डाँडामारे छन्त्याल र सहबहादुर डाँडामारे छन्त्यालसँग सम्वत् २०६५ साल साउन १३ गते गरिएको कुराकानीमा आधारित।

थिए। खानी खन्ने जाति भएकाले ढोर खोलाको वरिपरि खानी खन्न सुरु गरे। त्यहाँ तिनले प्रशस्त खानी खनेका थिए। अझै पनि त्यस क्षेत्रमा पशुपालन गरी बस्ने गोठलाहरूले त्यस क्षेत्रवरिपरि प्रशस्त खानीको प्वाल र गाग्री, ताउली आकारका ढुङ्गा भएको बताउँछन्। यस जाति बसोबास गरेको र परापूर्व कालमा खानी खनेको ठाउँलाई छ्यान्टुङ भनिन्थ्यो। जुन हाल बागलुङ जिल्लाको पश्चिममा पर्छ। छ्यान्टुङमा बस्दा पनि अर्नाकोटे राजा र जुम्ली राजाबीच झगडा हुँदा अर्नाकोटे राजालाई सहयोग गरेका थिए। कालान्तरमा वरिपरिको खानी पनि सकिएको र खतरा पनि भएकाले म्याग्दी, बागलुङतिर बसाइँसराइ गरेका थिए। बागलुङ र म्याग्दी जिल्लामा हाल बसोबास गर्ने मुख्य थलोमा अझै पनि प्रशस्त खानीका प्वाल छन्।[२७] उनले जातिको परम्परागत पेसा र बसाइँसराइको अवस्थालाई जोड दिएका छन्।

छन्त्याल जाति छ्यान्टुङबाट कहिले म्याग्दी र बागलुङको विभिन्न स्थानमा आए भन्ने प्रमाण छैन। तथापि बूढापाकाको भनाइअनुसार पहिले खानीमाथि छन्त्याल स्वामित्व थियो। भुरेटाकुरे राज्य थिएन। प्रत्येक स्थानमा खानीबाट निस्केको धातु आवश्यकताअनुसार बिक्री खाद्यन्नसँग विनिमय गर्ने, घरेलु सामग्री बनाउने र बेच्ने गर्थे। तर पछि तत्कालीन भुरेटाकुरे ताकमकोट, अर्णाकोट, मुसीकोट आदिका राजा र मल्लकालमा चौबिसे राज्य अन्तर्गतका गल्कोट, पवर्त, मुसीकोट, प्यूठान, रुकुम आदिलाई भेजा तिरेका थिए।[२८] बूढापाकाको यस भनाइअनुसार पुर्खाहरू छ्यान्टुङबाट धेरै पहिले म्याग्दी, बागलुङको विभन्न स्थानमा आएको अनुमान गर्न सकिन्छ। मनिचन घरब्जा छन्त्यालकै अनुसार शताब्दीको शुरुमा नै छ्यान्टुङबाट छन्त्याल पूर्वज म्याग्दी, बागलुङको चारवटा नाका/घाँटी पार गरेर आएका थिए। ढोरपाटनको छ्यान्टुङबाट बागलुङ, म्याग्दी आउँदा ठूलो समूह म्याग्दी गएको र थोरै मात्र बागलुङतिर गएका थिए भन्ने भनाइ रहेको छ।

---

२७ मनिचन घरब्जा छन्त्याल तमानखोला गाउँपालिका वडा नं. ४ (साविक तमान गाविस) लाम्मेलाखानीमा जन्मेका हुन्। हाल काठमाडौंमा बसोबास गर्छन्। उनी नेपाल छन्त्याल संघ केन्द्रीय समितिको दुई कार्यकाल (सम्वत २०५२-५५ र २०५५-६१)का अध्यक्ष हुन्। उनीसँग सम्वत् २०६५ असार २५, २६ र साउन २४ गते गरिएको कुराकानीमा आधारित।

२८ सम्वत् २०६५ सालको विभिन्न समयमा छन्त्याल संघका पूर्वअध्यक्षहरू: मनिचन घरब्जा छन्त्याल, चित्रबहादुर घरब्जा छन्त्याल, इन्द्रजित भलञ्जा छन्त्याल, चौरखानीका हरिप्रसाद घरब्जा छन्त्याल, नन्दबहादुर घरब्जा छन्त्याल आदि जानिफकारहरूसँगको कुराकानीमा आधीरत।

जसलाई देहाय बमोजिमको रेखाचित्रमा राखेर हेर्न सकिन्छः



कुइनेखानीका लालबहादुर छन्त्यालको अनुसार कुइनेखानीमा पुर्खाहरूले खानी खनेका थिए । कुइनेमङ्गले गाविसको सबैभन्दा चलेको र फलेको खानी भिङ्खानी थियो । भिङ्खानीमा पुर्खाहरू छ्यान्टुङ भन्ने स्थानबाट खानी खन्न आएका थिए रे । लेखोट केही छैन । मल्कबाङे र कुइनेखानीबीच चरणका लागि भएको झगडाको मिलापत्रको रूपमा ताम्रापत्र भने गाउँमा छ । जसको भाषा बुझ्न सकिने अवस्थामा छैन । हामी आफ्नो छन्त्याल भाषा बोल्छौं । मगरलगायत अन्य जात/जातिसँग विवाह भयो भने अन्तरजातीय विवाह मान्छौं । हामीले गर्ने संस्कारका कार्य, पूजा आदि सबै अरु जात/जातिको भन्दा भिन्न छ । सुँगुर, बङ्गुर, राँगो, गोरु आदिको मासु खाँदैनौं । हामी छुट्टै जाति हौं । कुइनेखानी गाउँमा थोरै मात्र दलित बस्ती छ । त्यसबाहेक सबै छन्त्यालहरूको बसोबास छ ।[२९] उनले कुइनेखानीका छन्त्याल जातिको चलन र थितिलाई उल्लेख गर्दै आफ्नो मौलिकतालाई जोड दिएका छन् ।

मोतिलाल छन्त्यालअनुसार छन्त्यालहरू घैयाखानीबाट आएका हुन् भन्ने भनाइ छ । यहाँ पोत्लाङे र डाँडामारे छन्त्यालका दुईवटा थरको बसोबास रहेको छ । पहिले पुर्खाहरूले छन्त्यालको भाषा भएको र बोल्ने गरेको भनाइ थियो । तर हामी खसनेपाली भाषा बोल्छौं । खारखोलामा पनि छन्त्यालले तामाखानी खनेका थिए । खानी खन्न बन्द भएपछि पनि पञ्चायत कालसम्म तोप सलामीस्वरूप सरकारलाई कर तिरेका थियौं । छिमेकी गाउँ मगर जातिको भएकोले मगरसँग विहेवारी हुन्छ । उनीहरूमा बाह्य संस्कृतिको प्रभाव रहेको छ । तर हामी छन्त्याल मगर भन्दा छुट्टै जाति हौं । मगरले पनि फरक जातिको रूपमा लिन्छन् । यो भन्दा पहिले छन्त्यालको खोजीमा

२९ लालबहादुर छन्त्याल म्याग्दी जिल्ला रघुगंगा गाउँपालिका वडा नं. ८ (साविक कुइनेमङ्गले गाविस) कुइनेखानीका बासिन्दा हुन् । उनी कुइनेखानीको प्रचलित झाँक्री पनि हुन् । उनीसँग सम्वत् २०६५ पौष ८ गते कुइनेखानीस्थित उनको घरमा गरेको छलफल र कुराकानीमा आधारित ।

जीवलाल छन्त्याल[३०] भन्ने आएका थिए। अग्ला पहाड र भूगोलले गर्दा पुर्ख्यौली ठाउँमा जान सकिएको छैन। विवाह सम्बन्ध स्थापित गर्न पनि कठिन भयो।[३१] यसरी मोतिलाल छन्त्यालले खारखोलाको वस्तुस्थिति र यथार्थलाई प्रकाश पार्न खोजेका छन्।

छन्त्यालको इतिहास र उच्च बाहुन जातको चतुऱ्याइँबारे खड्कलाल तथप्जा छन्त्याल भन्छन्, बाहुन क्षत्रीहरू जातको आधारमा नै उचो र माथिल्लो तहको, पढ्ने, लेख्ने गरेका, बाठो र चतुर हुन्। राज्यको विभिन्न ओहदा र सरकारी पदमा पहिलेदेखि नै उनीहरूको हालीमुहाली छ। बाहुन बाहेकका अरु जात/जातिलाई सानो र अपवित्र जाति हौ भन्छन्। उनीहरू आफूलाई उच्च, पवित्र र चोखो जात हो भनेर आफू इतरका अन्य जात/जातिलाई जन्म संस्कार, मृत्यु संस्कार, पूजा, ग्रहदशा काट्ने कार्यबाट पवित्र र चोखो बनाइदिन्छौं भन्छन्। बाहुनलाई सबै खानेकुरा खाएपछि केले चुठेपछि चोखो हुन्छ भन्दा पानीले भन्छन्। पानी खाएपछि हुने जुठोलाई केले चोखो बनाउने भन्दा पानीले नै भन्छन्। अनि बाहुनको संस्कार र अन्य पूजा, ग्रहदशा काट्ने कार्य गर्दा बाहुनले नै सम्पन्न गर्छन्। तर छन्त्याललगायत अन्य जात/जातिको संस्कारको कार्य गर्दा सोही जातिले गर्न हुँदैन। उच्च र चोखो जातको बाहुन पुरोहितबाट गराउनुपर्छ भन्छन्। जुन बाहुनको अरुमाथि गर्ने विभेद र शोषणको रूप हो। यस्ता बाहुन र क्षत्रीले लेखिदिएको छन्त्यालको इतिहास र उनीहरूको आडभरोसा तथा प्रभावमा लेखिएको इतिहास सत्य र वस्तुपरक हुन सक्दैन। हाम्रो गाउँघर (घोसाखानी)मा मगर, कामी, दमाईं, थकाली, क्षत्री, बाहुन सबैले छन्त्याललाई छुट्टै जाति भन्छन्। हाम्रो कूलपूजा, मण्डली पूजा, जन्म, विवाह, मृत्यु संस्कार र चलन अन्य जातिको भन्दा फरक छ।[३२] उनले बाहुनको चतुऱ्याइँ र छन्त्याल जाति छुट्टै पहिचान भएको जाति हो भन्ने तर्क पेस गरेका छन्।

उल्लिखित भनाइले छन्त्याल जाति परापूर्व कालमा भोटबाट कर्णाली हुँदै छ्यान्टुङ आएको र खानी चलाएको मतलाई बलियो बनाएको छ। छ्यान्तुङबाट पछि म्याग्दी र बागलुङतर्फ खानीको खोजीमा फैलिएर खानी खनेको हुन्। यस जातिले विशेषतः तामाखानी खनेको पाइन्छ। वर्तमान समयमा पनि यस जातिको बसोबास रहेका गाउँमा प्रशस्त मात्रामा तामाखानीका सुरुङ छन्। उल्लिखित बूढापाकाको भनाइ, तेस्रो समूहको भनाइ र मत राख्ने अध्येताअनुसार छन्त्यालका पुर्खा ठकुरी र मगर होइनन्। यिनीहरू मङ्गोलोइड वंश/नश्लको भएको देखिन्छ। मङ्गोलोइड

---

३० जीवलाल पोल्लाङे छन्त्याल गण्डकी प्रदेश बागलुङ जिल्ला ढोरपाटन नगरपालिका वडा नं. ६ (साविक अधिकारीचौर गाविस वडा नं. ३) घैयाखानीका बासिन्दा हुन्। उनले पञ्चायत कालमा प्रधानपञ्च, सम्वत २०५४-५९ सम्म साविक अधिकारीचौरको गाविस अध्यक्ष, नेपाल छन्त्याल संघको क्षेत्रीय अध्यक्षलगायत विभिन्न जिम्मेवारीमा रही राजनीति र समाज सेवा गरेका थिए। उनको सम्वत् २०६४ साल पुसमा देहान्त भएको हो।

३१ मोतिलाल पोल्लाङे छन्त्याल प्रदेश नं. ५ प्यूठान जिल्ला नौबहिनी गाउँपालिका वडा नं. १ (साविक स्याउलीबाङ गाविस) खारखोलाका बासिन्दा हुन्। पञ्चायत कालसम्म सो गाउँको मुखिया भएर कार्य गरेका थिए। उनीसँग सम्वत् २०६४ कार्तिक १७ र १८ गते खारखोलाको उनको घरमा गरिएको कुराकानी र छलफलमा आधारित।

३२ खड्कलाल तथप्जा छन्त्याल बागलुङ जिल्ला ढोरपाटन नगरपालिका वडा नं. ३ (साविक बुर्तिबाङ गाविस वडा नं. ९) घोसाखानीका स्थायी निवासी हुन्। उनको जन्म सम्वत् १९८९ माघमा र निधन २०७४ पुस ७ गते भएको हो। उनीसँग सम्वत् २०६५ साल साउन १५ र १६ गते गरिएको कुराकानीमा आधारित।

नश्लका हुन् भन्ने कुरा छन्त्यालहरूको शारीरिक बनोट, स्वभाव, भाषा, धर्म, संस्कार, संस्कृतिले थप पुष्टि गर्छ । किनभने तथ्याङ्कमा हिन्दु धर्म उल्लेख भए पनि छन्त्याल बस्तीमा हिन्दु देवी देवताको पुराना मठमन्दिर छैनन् । जेजति बनेका छन्, शाह र राणा शासनको पालामा स्थापित भएका छन् । छन्त्यालले पूजाआजा गर्दा रक्सी, जाँडलाई प्रसादको रूपमा चढाउने चलन छ । मौलिक तरिकाले भूमे, सिमे, सिद्ध, सिकारी, चुरेनी, लागो आदिको पूजा ठूलो रूखको फेँद वा डाँडा वा जङ्गलमा बनाइएको थानमा गर्छन् । तेस्रो समूह एवम् बूढापाकाको भनाइ र तर्कका आधारमा छन्त्यालको विशेषता भिन्न जाति हो भन्ने प्रमाणित गर्छ ।

२.३.४. छन्त्याल जातिको इतिहास र खानी

छन्त्याल जातिको इतिहास खानीसँग जोडिएको छ । खानी परम्परागत र पुख्र्यौली पेसा थियो । छन्त्याल पूर्वज्ले तामाखानी खनेका थिए । त्यसबाहेक सिसा, फलाम र अन्य धातुसम्बन्धी खानी पनि खनेका थिए । यसको पुष्टि छन्त्याल जातिको बसोबास भएको प्रत्येक छन्त्याल गाउँवरिपरि भएको खानीका सुरुङ, खाली (धाउ) पखालेको स्थान र गाउँको नामको पछि 'खानी' शब्द जोडिनुले गर्छ । जस्तैः गुर्जाखानी, घैयाखानी, मङ्गलेखानी, कुइनेखानी, बोङ्खानी आदि हुन् । अपवाद र बसाइँसराइ गरेको गाउँमा मात्र खानीका सुरुङ छैनन् । र, ती गाउँहरूको नामपछि खानी शब्द जोडिएको पाइँदैन ।

छन्त्यालका पूर्वजले परापूर्वकालदेखि आधुनिक कालसम्म खानी खनेका थिए भन्ने भनाइ रहेको छ ।[३३] तथापि लिखित अभिलेख र प्रमाण भने पाउन सकिएको छैन । मध्यकाल र आधुनिक कालमा भने खानी खन्न विभिन्न जाति समुदायलाई राज्यले दिएको अनुमतिबारे केही दस्तावेज रहेको पाइन्छ । प्राचीन कालमा नेपालमा प्रशस्त तामा प्रयोग भएकोबारे विभिन्न अध्येताहरूले उल्लेख गरको पनि पाइन्छ । यसै सन्दर्भमा बालचन्द्र शर्मा लेख्छन्, चीनिया यात्रीहरू[३४]को पालादेखि नेपालका देवल र राज प्रसादहरूको छाना तामाका मोटा पत्र र सवर्णले मण्डित भएको कुरा सुनिन्छ । नेपालमा प्राप्त विभिन्न राजाहरूका मुद्रा (टक वा सिक्का)हरूले पनि यस कुराको प्रमाण दिन्छ । नेपालको पश्चिमी इलाकामा पुरानो समयदेखि नै तामा र फलामको खानी खनिएका छन् (२०२२:३०) । लेखकले प्राचीन कालमा तामा र सुनजस्ता धातुहरू प्रयोगमा रहेको उल्लेख गरेका छन् । त्यसैगरी, डा. जगदीशचन्द्र रेग्मीले नेपालको प्राचीन नेपाली संस्कृतिबारे उल्लेख गर्दै लेख्छन्, नेपालमा ताँवोको प्रयोगको

३३ सम्वृत २०६४ देखि २०७६ बीचमा बागलुङ लाम्मेलाखानीको मनिचन घरब्जा छन्त्याल, घैयाखानीका तालबहादुर र सहबहादुर डाँडामारे छन्त्याल, म्याग्दी कुइनेखानीका लालबहादुर छन्त्याल, चौरखानीका हरिप्रसाद घरब्जा छन्त्याल, पोखरा निवासी नन्दबहादुर घरब्जा छन्त्याल, गुल्मी भार्सेका शिवप्रसाद छन्त्याल, मालकारानीका गम्मरसिहं छन्त्त्याल र प्यूठान खारखोलाका मोतिलाल छन्त्याल, एकरातेका गगनसिंह छन्त्याल आदि जानिफकारहरूसँगको भटेघाटको क्रममा गरिएको कुराकानीमा आधारित ।

३४ सन् ६२९ देखि ६५७ सम्म नेपालको बाटो भएर भारतका तत्कालीन सम्राट हर्षवर्धनसँग भेटघाट गर्ने यात्री हुएन साङ्, वाङ् हुएन चे आदि ।

लामो इतिहास छ । लिच्छिवि कालका राजाहरूले छापेका सबै पैसा ताँवैका छन् । नक्साल अभिलेखमा उल्लेख गरिएको ताम्रकुट्टाशालाको अर्थ ताँवोको काम गर्ने कारखाना घर अर्थ मानेमा यस धातुसम्बन्धी उद्योग पनि त्यतिखेर (प्राचीन काल) विकसित भैसकेको बुझिन्छ (२०५०:३६) । लेखकद्वयले तामाको खानी कहिले, कहाँ, कसले, कसरी खनेका थिए भन्ने उल्लेखचाहिँ गरेका छैनन् ।

मध्य र आधुनिक कालमा नेपालमा विभिन्न धातुको खानीहरू खनिएका र सोबाट तत्कालीन राज्यले राजश्व सङ्कलन गरेको थियो । पर्वत राज्यको ऐतिहासिक रूपरेखाको अध्ययन गर्ने क्रममा टेकबहादुर श्रेष्ठ लेख्छन्, पर्वत राज्यमा चट्टानदार पहाडहरूमा तामा, फलाम, सिसा, अभ्रक, गन्धक आदि विभिन्न खनिज पदार्थको खानी थिए । खानी मध्येमा तामाखानीबाट राज्यलाई निकै आम्दानी हुन्थ्यो । पर्वतका राजा मलेबम मल्लको पालादेखि नै तामाको उपयोग बढ्न थालेको देखिन्छ । यिनको पालामा तामाको पैसा प्रचलनमा आएको थियो । उत्पादन गरिएका तामा आदि वस्तुबाट राज्यलाई आवश्यक पर्ने भाँडाकुँडा, कुटो कोदालो आदि कृषि औजार र युद्धका लागि चाहिने भाला, खुकुरी आदि हतियार तयार गरिन्थे (२०५९:१५४) । इतिहासकार ह्यामिल्टनअनुसार गल्कोट राज्यमा प्रयाप्त खानी खन्ने आग्री थिए । त्यहाँ (गल्कोट) धेरै उत्पादन हने ३ वटा तामाखानी र १ वटा फलामखानी थियो । एक वर्षको अवधिमा खानीसहित सङ्कलन भएको कुल राजश्वमध्ये राजाको हिस्सा रू. ३५००/- थियो (सन् १८१९ पुनःमुद्रण २००७:२५७-२५८) । आधुनिककालको आरम्भमा तिब्बत र नेपालबीचको सम्बन्ध उल्लेख गर्दै इतिहासकार ज्ञानमणि नेपाल लेख्छन्, उनले (पृथ्वी) भोटसँग व्यापार आफ्नो हातमा पर्नासाथ चोखा टक चलाउने नीति लिएका थिए । परन्तु मल्लकालमा र पृथ्वी नारायण शाहको आक्रमण, घेराबन्दी हुँदा सकस परेको बेला खर्च टार्न काठमाडौं र भक्तपुर राज्यका राजाहरूले थोरै चाँदी धेरै ताँवा भएको प्रशस्त टक काटेर भोट पठाएका थिए (२०५५:२४८) । उल्लिखित लेखकहरूका अनुसार मध्य र आधुनिक कालमा तत्कालीन अवस्थामा खानी राज्यको एउटा प्रमुख आर्थिक स्रोत थियो । सोको लागि चाँदी तथा तामाको टक काटेर व्यापार गरेका थिए भन्ने थाहा हुन्छ । तत्कालीन राजा पृथ्वी नारायण शाहले त आफ्ना शासनकालमा षानी भयाका ठाउँमा गाउँ भया पनि गाउँ अरु जग्गामा सारिकन पनि षानी चलाउनु । गऱ्हा बन्या जग्गामा घर भया पनि घर अरु जग्गामा सारि कुलो काटि षेत बनाइ आवाद गर्नू भनेर दिव्योपदेशको नाममा आदेश दिएका थिए । पृथ्वी नारायण शाहको यस्तो भनाइले तत्कालीन अवस्थामा खानीको महत्त्व धेरै नै भएको स्पष्ट हुन्छ । तत्कालीन अवस्थामा खानीबाट उत्पादित विभिन्न धातुहरू हातहतियार, मुद्रा, दैनिक सामग्री बनाउन र व्यापारका लागि निकासी समेत गरिएको थियो ।

नेपालमा खानी खन्ने कार्यमा आदिवासीहरू सहभागी थिए । जसले गर्दा राज्यलाई प्रशस्त राजश्व प्राप्त हुन्थ्यो । उनीहरूलाई खनेल, आग्री र आफ्रे पनि भनिन्थ्यो । जुन शब्द वर्तमानमा प्रयोग हुँदैन । यी तीनवटै शब्दले खानीमा काम गर्ने समूह वा जातिलाई बुझाउँथ्यो ।

उन्नाइसौँ शताब्दी ताकाको नेपालमा आर्थिक अवस्थालाई केलाउँदै इतिहासकार महेशचन्द्र रेग्मी लेख्छन्, देशको विभिन्न क्षेत्र विशेषतः पश्चिम पहाडी भू-भाग बागलुङलगायत सो क्षेत्रको खानीबाट परम्परागत रूपमा उत्पादन गरिएको तामा, फलाम र सिसाको निर्यातबाट उल्लेख्य राजश्व प्राप्त हुन्थ्यो (रेग्मी सन् १९७२:६८)। पेसा (खानी) निश्चित जात, जाति वा समुदायलाई निर्धारण गरिएको थियो। तल्लो जातिका गुरुङ, मगर घर्ती, र कामीले परम्परागत रूपमा कच्चा धातु निकाल्ने र पगालेर धातु बनाउँथे। तिनीहरूलाई सामूहिक रूपमा आग्री भनिन्थ्यो। उपल्लो जात र समुदायको भनिने बाहुन तथा क्षत्रीहरू खानी पेसामा सङ्लग्न भएको प्रमाण भेटिदैन (सन् १९८४:८५)। यी खनेल वा आग्री समुदाय (गुरुङ, मगर, छन्त्याल, घर्ती र श्रीस)का सन्ततिले आधिकारिक रूपमा सम्वत् १९०० मा खानी बन्द नहुँदासम्म खानी खनेका थिए (गुरुङ, सन् १९९७:२७४)। धेरै अध्येताले खानी खन्ने समूहमा छन्त्यालको नाम भने उल्लेख गरेको पाइँदैन (रेग्मी सन् १९७२, १९८४, १९८८; श्रेष्ठ २०५९; विष्ट २०६४; ह्यामिल्टन सन् १८१९ पुनःमुद्रण २००७ आदि)।

हरिचन छन्त्यालअनुसार नेपालको पश्चिमको पहाडी भू-भागमा खानी पेसामा छन्त्याल, मगर, गुरुङ र कामी सङ्लग्न थिए। अन्य क्षेत्रमा अरु नै जात/जाति थिए। तत्कालीन खानी खन्ने समयमा छन्त्यालको सबै समुदाय नै खानीमा सङ्लग्न थिए। खानीमा काम गर्ने भएकोले नै समाजमा अन्य जात/जातिका मानिसले छन्त्यालहरूलाई खनेल, आग्रीका साथै मुसा भनेर जिस्काउने परम्परा थियो (छन्त्याल, २०७१:७९)। समुदाय नै सङ्लग्न भएको कुरा प्रत्येक छन्त्याल गाउँमा भएको खानीको सुरुङले पनि पुष्टि गर्छ। यससँगै मधुसूदन पाण्डेयका अनुसार छन्त्यालहरू परापूर्वकालदेखि नै खानीमा काम गर्थे। खानी सकिँदै गएपछि उनीहरू तिनै खानीवरिपरि घर बनाएर बस्न थालेका हुन् भन्ने भनाइ पाइन्छ। हुन पनि बागलुङ र म्याग्दी जिल्लामा बसोबास गर्ने छन्त्यालहरूको गाउँको नाम पछाडि खानी नजोडिएको पाइँदैन (२०६५:२१)। त्यसैगरी अध्येता यामबहादुर पुनअनुसार मगर र अन्य समुदाय भन्दा पहिले छन्त्याल समुदायले खानी खनेको हुनुपर्छ, किनकी छन्त्यालहरूको इतिहास खानीसँग जोडिएको छ (सन् २०१०:३८५)। मानवशास्त्री वुल्फ डि. मिसलअनुसार तिनीहरू (छन्त्याल)को प्रमुख विशेषता उनीहरूको पहिलेको पेसा (खानी)सँग जोडिएको छ। तिनीहरू केवल तामाखानीमा मात्र आबद्ध थिए (सन् १९७४:२२२)। समावशास्त्री अन्ना डि सेल्सअनुसार सबै (छन्त्याल) तामाखानीमा काम गर्नेका सन्तानहरू हुन् (सन् १९९३:२२)। उनको अनुसन्धानमा छन्त्याल जातिले पहिले खानी खनेका थिए भन्ने थप पुष्टि हुन्छ।

छन्त्याल बूढापाकाहरूको अनुसार पनि छन्त्यालको पूर्वजूले बागलुङ जिल्लाको छ्यान्टुङ क्षेत्रवरिपरि प्रशस्त खानी खनेका थिए। त्यही खानीको खोजी र ऐरा खेल्दै छ्यान्टुङबाट म्याग्दी, बागलुङ, गुल्मी, प्यूठान, रुकम, सुर्खेत आदि जिल्लाका विभिन्न स्थानमा खानी खन्न पुगे। छन्त्याल बूढापाकाको भनाइ र विभिन्न अध्येताको स्थलगत अध्ययनअनुसार छन्त्याल जाति खानी खन्ने नेपालको आदिवासी जनजाति हुन् भन्ने प्रष्ट हुन्छ। जुन परम्परागत तथा

पुर्ख्यौली पेसा अहिले जातीय पहिचानको रूपमा रहेको छ।

२.३.५. छन्त्यालको इतिहासको अवस्था

छन्त्याल जातिको साङ्गोपाङ्गो इतिहास अलिखित छ। किनभने यो जातिसम्बन्धी तथ्यपरक लिखित र तथ्यगत प्रमाणहरू अझै फेला पार्न सकिएको छैन। छन्त्यालसम्बन्धी जेजति अध्ययन र लेखनहरू भएका छन्। तीमध्ये केहीले छन्त्यालको उत्पत्ति र पहिचानबारे विरोधाभाष सिर्जना गरेका छन्। जुन अध्ययनहरू बढी द्वितीय तथ्याङ्क र किंवदन्तीमा आधारित रहेका छन्। उनीहरूको इतिहास र उत्पत्ति ठकुरी वंश तथा तागाधारीसँग जोडिदिएका छन् (मल्ल, सन् १९७७; कैदी सन् २०४८; सुवेदी सन् १९८१; छन्त्याल सन् १९८७; पन्त सन् २०५३ आदि) आदि। केही अध्ययनले छन्त्याल मगर जातिभित्रको थर र उप थर हो भनेर उल्लेख गरेका छन् (थापा सन् २०६७; श्रेष्ठ २०५९; श्रीस मगर २०६७; कावाकिता सन् १९७४ आदि)। जुन अध्ययन प्राथमिक तथ्याङ्कको अधारमा तथा छन्त्याल बस्ती र बूढापाकालाई कार्यक्षेत्र बनाएर गरिएका छन् तिनले छन्त्याल उत्पत्ति र इतिहासको विविध पक्षलाई सत्य र वास्तविकता रूपमा प्रस्तुत गरेका छन् (इन्द्र माली उद्धरण श्रेष्ठ २०७१; शर्मा २०७१; पुन २०७१; पाण्डेय २०६५; छन्त्याल २०७१; छन्त्याल २०६१; छन्त्याल २०६५ र २०७१; सेल्स सन् १९९३; मिसल सन् १९७४, नुनन् सन् २००५ हिचकक सन् १९६५ आदि)।

प्रायः सबै अध्ययनहरूमा छन्त्यालसम्बन्धी एउटा समानता पाइन्छ। सो समानता छन्त्याल जातिको पुर्ख्यौली पेसा खानी खन्ने रहेको उल्लेख गरेका छन्। साथै बूढापाकाको पनि सोही मत रहेको छ। यस जातिको इतिहासको बलियो प्रमाण भनेको छन्त्याल गाउँमा भएका खानीका सुरुङ, विभिन्न अध्ययन तथा जानिफकार एवम् बूढापाकाका भनाइ हुन्। यी सबै स्रोतहरूले छन्त्याल जातिको समग्रतालाई समेट्न भने सकेका छैनन्।

२.३.६. छन्त्यालको महत्त्वपूर्ण पुर्खाको नाम

इतिहास र उत्पत्ति नै अलिखित र मौखिक भएकोले छन्त्यालका पुर्खाहरूको नाम पाउन पनि कठिन रहेको छ। तर बूढापाकाको भनाइमा पुर्खाहरू चन्द्रकोटे र ब्रजकोटे तथा अंशमान र वंशमान हुन्। त्यसपछिका पुर्खामा मणिराम, गजराम, बस्त, थमन छन्त्याल हुन्। यी मणिरामको पालादेखि कुइने मङ्गलेको भिङ्खानीमा तामा प्राप्त भएकाले पैसा काट्ने हट्टी (टक्सार) स्थापना गरिएको थियो। उक्त हट्टीमा भिङ्खानीसहित ठाडाखानी, मल्कबाङखानीगायत वरिपरिका अन्य खानी गाउँमा निकालिएको तामाबाट सिक्का निकालिएको थियो भन्ने कुरा नन्दबहादुर छन्त्याल बताउँछन्। त्यसपछि मणितरामले निरन्तर रूपमा दुवै ठाउँमा मुखिया भई खानी चलाएका थिए। थमन छन्त्यालले मल्कबाङमा चौतरेको जिम्मेवारी पूरा गरेका थिए। यसबाहेक परापूर्व कालदेखि खानी विशेषज्ञका रूपमा काम गरेको समुदाय अशिक्षित भएको र राज्यको बेवास्ताले गर्दा अरू पुर्खाको काम तथा नाम त्यति थाहा हुन सकेको छैन।

यसो हुनुमा मुख्यतयाः बकितमको आयू छोटो हुनु र लिखितमको चलन नहुनु हो । तर खानी चलाएको प्रत्येक गाउँमा छन्त्याल जाति नै तालुक भई बसेको पाइन्छ ।

छन्त्याल पुर्खा र इतिहासबारे जानकारी नहुनुको विविध कारणहरू छन् । पहिलो, छन्त्याल पूर्वज् अशिक्षित थिए र लिखितम गर्न सकेनन् । दोस्रो, श्रुति र किंवदन्तीको रूपमा पुस्तान्तरण हुन सकेन । तेस्रो, मध्य र आधुनिक कालमा राज्यसँगको सम्बन्धबारे लेखिएको दस्तावेजहरू राज्य र छन्त्याल दुवै पक्षले संरक्षण गर्न सकेनन् । चौँथो, पुर्खा र अग्रजसँग भएका दस्तावेज (भेजा तिरेको रसिद्, चिना, भेजा सङ्कलनको टिप्पणी, तमसुक, खानीको स्वामित्वसम्बन्धी कागजात आदि) मृत्युपछि ब्राह्मण पण्डितहरूले गंगामा बगाउनुपर्छ भनेर सिकाए र सोही गरियो ।[३५] पाँचौं, राज्य र समुदाय दुवैले दस्तावेजीकरणमा बेवास्ता गरे ।

२.३.७. भूमिसम्बन्धी इतिहास

छन्त्यालका पुर्खाको स्वामित्व र नियन्त्रणमा कति भूमि थियो भन्ने तथ्यगत प्रमाण छैन । विगतको भूगोलसम्बन्धी आधार र वर्तमानमा उनीहरूको बसोबासलाई आधार मान्दा मूलथलो चुरेन हिमालदेखि धौलागिरि हिमालसम्मको पूर्व, दक्षिण र पश्चिम क्षेत्र हो । छन्त्यालले पूर्वमा कालीगण्डकी, उत्तरमा धौलागिरि तथा चुरेन हिमाल, पश्चिम भेरी नदी र दक्षिणमा महाभारत पर्वतमालाभित्र बसोबास गरेका र खानी खनेको देखिन्छ । त्यसैले सो क्षेत्र नै छन्त्यालको ऐतिहासिक भूमि हो भन्न सकिन्छ । उक्त भू-भागमा छन्त्याल पुर्खाले स्वतन्त्र रूपमा खानी खन्ने र शिकार खेल्ने गरेका थिए । पछि स-साना राज्यको स्थापना, राज्यद्वारा कर सङ्कलन र विभिन्न राज्यबीचको झगडाको कारण भूमिका सीमाहरू सङ्कुचित भए । नेपाली एकीकरणको र राज्य विस्तारको क्रममा छन्त्यालको मूलथलोलाई गोर्खा (नेपाल)मा मिलाइयो । साथै, विभिन्न सैनिक र कर्मचारीलाई विर्ता, जागिर रूपमा वितरण गरियो ।

त्यसैको परिणाम छन्त्यालले पुर्ख्यौली भूमिको कर शाह राजा र राणाको एजेन्ट/प्रतिनिधिलाई बुझाउनुपर्‍यो । उदाहरणको रूपमा राणा र पञ्चायत कालसम्म छन्त्यालको उद्‌गमथलो मानिने छ्यान्टुङको बनाउलो (भूमिकर) म्याग्दीको ताकमका हमाल क्षत्रीहरूलाई बुझाउँथे । अर्को, पछिल्लो समयसम्म हालको ढोरपाटन नगरपालिका वडा नं. ६ अन्तर्गतको लामडाँडा, साँगडाडा र खानी खिबाङको कर उमराव, घैयाखानी तथा बोङ्खानीको छन्त्याललाई बुझाउने गर्थे । घैयाखानी तथा बोङ्खानीको छन्त्यालको पुर्ख्यौली थलो भएकोले तथा उमराव राज्यको प्रतिनिधि भएकोले भूमिकर सङ्कलन गरेका थिए । यस्ता थुप्रै उदाहरणहरू छन्त्याल गाउँ र सो क्षेत्रको वरिपरि बसोबास गर्ने समुदायसँग छ ।

---

३५ कुनै पनि व्यक्तिको मृत्युभएपछि मृतकको चिना, नागरिकता, विभिन्न विषयसँग सम्बन्धित कागजी प्रमाण आदि पवित्र गंगामा बगाउनुपर्छ; खुकुरी, चारआनी, बासा, भाँडावर्तन प्रयोग गर्न मिल्ने जति दान गर्नुपर्छ; आदि ब्राह्मण पण्डितले सिकाउँदा बागलुङ, म्याग्दी, गुल्मी र प्यूठान आदिका धेरै आदिवासी जनजाति छन्त्याल, मगर, थकाली, नेवार, गुरुङ आदिले प्रत्येक वर्ष जनैपूर्णिमाको अवसरमा बगाउनुपर्ने चीजहरू ढोरपाटनको उत्तरगंगा नदीमा वर्षौंदेखि बगाउँदै आएका छन् । फलस्वरुप दस्तावेजहरू हराइरहेका छन् ।

खानी खन्ने खनेल छन्त्याल गाउँमा अन्य गैरछन्त्यालको बसोबास हुन थालेपछि गैरखनेल (मौल) र खनेल (छन्त्याल) बीचमा भूमिका लागि झैझगडा भएको हुन्थ्यो। जसको प्रमाण अन्ना डि सेल्सले आफ्नो अध्ययनको क्रममा बागलुङको लाम्मेलाखानीको मुखियाले सन् १९१६ मा उक्त स्थानको भूमि उपयोगका लागि पाएको अधिकारबारे उल्लेख गरेका छन्।[३६] छन्त्यालको भूमि राज्यले खोसेपछि पनि उपभोगको क्रममा अन्य गैरछन्त्यालसँग मनमुटाव र झैझगडा भएको बूढापाकाहरू बताउँछन्। त्यसैले सन् १९०० देखि मौल र खनेल छन्त्यालबीचको विवाद समाधानका लागि मेजबन्दी[३७] कार्यान्वयन गरिएको थियो। वर्तमानमा छन्त्यालहरूसँग नेपाल सरकारको नियमानुसार उपभोग गर्ने नापी गरिएको जग्गा जमिनबाहेक अन्य क्षेत्रमा नियन्त्रण र स्वामित्व छैन। केवल उपभोक्ताको रूपमा मात्र रहेका छन्। यसबाट के प्रष्ट छ भने छन्त्यालको पुर्ख्यौली र समुदायको सामूहिक स्वामित्वमा रहेको जमिन नेपाल राज्यबाट खोसिएको थियो।

२.३.८. बसाइँसराइको इतिहास

छन्त्यालले उद्गम मूलथलो छ्यान्टुङबाट शताब्दीऔँ अगाडि ऐरा खेल्ने र खानी खोज्ने क्रमसँगै अस्थायी र स्थायी रूपमा बसाइँसराइको शुरुवात गरेका थिए। कतिपय अध्येता र जानिफकारको भनाइअनुसार त छन्त्याल पूर्वज छार्काभोट पार गरी जुम्ला हुँदै छ्यान्टुङ आएर बसेका थिए। जुन कुराले छन्त्याल जातिको प्राचीन समयमको बसाइँसराइलाई सङ्केत गर्दछ। पुर्खाहरू छ्यान्टुङबाट मुख्य गरी ४ वटा नाका/घाँटी/देउराली/भन्ज्याङ पार गरेर हालको बागलुङ, म्याग्दी, गुल्मी, प्यूठान, मुस्ताङ, सुर्खेत र रुकुमको विभिन्न स्थानमा खानी खन्न पुगेका थिए। उक्त स्थानमा छन्त्याल सभ्यताको विकास गरेका थिए/छन्। त्यहाँको खानीका प्वाल वा सुरुङ, बसोबासको ढाँचा, पूजा थान, बिसौना, खाली पखालेको स्थान, घरका पर्खालका भग्नावेश र चिहानघारी आदिले दर्शाउँछन्। जुन ऐतिहासिक र पुरातात्विक महत्त्वका छन्।

मूलथलोको विभिन्न छन्त्याल गाउँबीचमा एक गाउँको छन्त्याल अर्को गाउँमा खानी खन्न र विवाह सम्बन्धका आधारमा आन्तरिक बसाइँसराइ हुन्थ्यो। तर मूलथलोबाट सम्वत् २००० भन्दा अगाडि बसाइँसराइ गरेर काठमाडौं, पोखरा, रूपन्देही, चितवन, नवलपरासी, दाङलगायत तराई-मधेस र बजार-शहरी स्थानमा गएका थिएनन्। विशेषतः दोस्रो विश्वयुद्धमा बेलायतको गोर्खा रेजिमेन्टमा भर्ती भएका छन्त्याल लाहुरेहरूले केही पैसा हुन थालेपछि बसाइँसराइ सरे। पञ्चायत काल र २०४६ सालको राजनैतिक परिवर्तनपछि विदेशमा रोजगारीका लागि जाने प्रक्रिया शुरु भएपछि बसाइँसराइको गति तीव्र भयो। मूलथलोबाहेक अन्य जिल्ला र स्थानमा जेजति छन्त्याल छन्, ती सबै सम्वत् २००० पछि बसाइँसराइको कारण पुगेका हुन्। पछिल्लो

---

३६ बिस्तृत जानकारीका लागि अन्ना डि सेल्सको लेख *When the Miners Came to Light: The Chantel of Daulagiri (1993)* हेर्नुहोस्।

३७ खानी खन्ने खनेल छन्त्याललाई तत्कालीन राज्यले सामूहिक रुपमा खानी खन्न र हकभोग गर्नका लागि चार किल्ला तोकी जमिनको क्षेत्र निर्धारण गर्ने प्रक्रिया वा कार्य।

समय अमेरिका, अष्ट्रेलिया, क्यानाडा, जापान, कोरिया, हङकङ, युरोपका विभिन्न देशहरू, खाडी मुलुकहरूका देशहरूमा स्थायी र अस्थायी बसाइँसराइ उच्च रहेको छ । सन् १९९० पछि अमेरिका, क्यानाडा, अष्ट्रेलिया र युरोपका देशहरूमा ती देशहरूको नागरिक भएरै बस्ने पनि गरिरहेका छन् । बसाइँसराइको राम्रो उदाहरण हालको रघुगंगा गाउँपालिका वडा नं. ८ को कुइनेखानी गाउँ हो । पहिले करिब १०० भन्दा बढी घरधुरी भएको कुइनेखानीमा हाल मुस्किलले ३५-४० घर छन्त्यालहरू बसोबास गर्छन् । बसाइँसराइ गरे पनि धेरै छन्त्यालहरूले मूल थातथलोको जग्गा जमिन र घर आदि भने बेचबिखन कमैले मात्र गरेका छन् । छन्त्याल जातिको बसाइँसराइको प्रमुख कारण भौगोलिक विकटता, उत्पादनको कमी, अवसरको खोजी, लगानीको अभाव, शिक्षा, स्वास्थ्य र सुविधाको खोजी एवम् आम्दानीमा बृद्धि आदि हुन् ।

२.३.९. छिमेकी अन्य जात/जातिसँगको सम्बन्धको इतिहास

छन्त्याल जाति र छिमेकी अन्य जात/जातिबीच सम्बन्धको इतिहास पहेलीजस्तो छ । मूलथलोमा छिमेकी जातिमा मुख्यः गुरुङ, मगर, थकाली र जातमा बाहुन, क्षत्री, दलित आदि हुन् । कसरी, कहिले अन्य जात/जातिको छन्त्याल भूमिमा आगमन भयो भन्ने इतिहास र प्रमाण छैन । तथापि बूढापाकाहरूअनुसार छन्त्याल खानी खन्नका लागि भीर, पहरा र पखेरा खोज्दै र खानी खन्दै गए अन्य (मौल) जात/जातिले उत्पादनशील र सम्म परेका फाँटमा कृषि तथा पशुपालन व्यवसाय गर्न आएका थिए । यसरी आउनेमा मुख्य गरी मगर, बाहुन र क्षत्री समुदायका बढी थिए ।

खानी खन्ने, ओसार्ने, धुलो बनाउने, आफर लाउने, हातहतियार बनाउने आदि सबै काम पहिले छन्त्याल आफैंले गर्थे । राज्यले खानीबाट करस्वरूप अमानत र इजरा प्रणालीबाट भेजा उठाउन थालेपछि थकाली जातिहरू बजार व्यवस्थापन (एजेन्ट)को रूपमा आएका थिए ।[३८] वर्ण व्यवस्था र जात प्रथाबाट प्रशिक्षित आर्यहरूको पश्चिम नेपालमा आगमन भएपछि आफर लाउनको निम्ति दलितभित्रको विक, कामी आदि थर आए ।[३९] त्यसैक्रमम अन्य जातिका खनेल गुरुङ र मगरसँग[४०] पनि सम्बन्ध कायम भयो । प्रेम शर्माका अनुसार विगतमा छन्त्याल र थकाली, दलितबीचको सम्बन्ध क्रमशः खानीको प्राविधिक, मालिक (लगानी), बजार व्यवस्थापक र खानीको उत्पादन धातु खार्ने काममा प्रत्यक्ष सङ्लग्न रहेको प्रमाण बागलुङ र म्याग्दीका बस्ती र गाउँहरूमा भेटिने कुरा बुर्तिबाङका तुल्सीराम अर्याल र म्याग्दी ताकमस्थित हेम माविका प्राचार्य गिरिप्रसाद छन्त्याल बताउँछन् (२०७१:४७) । बाहुन र क्षत्रीहरूसँग हिन्दु धर्म र संस्कृतिको विस्तार र जजमानी गर्न तथा राज्यको दूतको रूपमा कार्य गर्न छन्त्याल गाउँवरिपरि बस्न थालेपछि सम्बन्धको शुरुआत भयो ।

---

३८ बागलुङको घोसाखानी, बोङ्खानी, खुंखानी, लाम्मेलाखानी, घैयाखानी आदि उदाहरण हुन् ।

३९ प्रायः सबै छन्त्याल गाउँमा दलित अन्तर्गतका कामी, विक, चुनरा, सुनार, जक्तपुरी, हर्मेल जातिको बसोबास हुनु उदाहरण हुन् ।

४० गुल्मी जिल्लाको भार्से, मालारानी; बागलुङ जिल्लाको भुस्कात (सुनेल), पाण्डवखानी, दर्लिङ; म्याग्दीको ओखरबोट, वंरजा, डाँडाखानी; प्यूठानको खारखोला आदि उदाहरण हुन् ।

छन्त्याल र छिमेकी जात/जातिसँग भूमि र प्राकृतिक स्रोत साधनमाथिको स्वामित्व एवम् नियन्त्रणका लागि विवाद र झै-झगडा समेत हुने गर्दथ्यो । यसको एउटा उदाहरण गोबिन्द र हरिचन छन्त्यालअनुसार तत्कालीन एक समयमा (सम्वत् १९७० को दशक) हाँडीखानीको खेतीयोग्य जमिन र जैमानेको वन क्षेत्रबारे छन्त्याल अग्रजहरू र मस्तीका जोगी (कुँवर)हरूबीच झै-झगडा र पिटापिट भएको रहेछ । वैशाख जेठको भर्खर गहुँ र जौँ बाली पाकेको महिनामा जोगीहरूको गाईवस्तु छन्त्यालको हाँडीखानीको बालीमा चर्दै रहेछन् । छन्त्याल पुर्खा लेक सेतीभीरबाट शरीरको दायाँ र बायाँमा हरिस बाँधेर हाँडीखानी आई खेतबारीको बीचमा कराउँदै फन्कदा (घुम्दा) डरको कारण मस्तीका जोगीहरू गाईवस्तु छोडेर भागेछन् । त्यसपछि हाँडीखानी र जैमानेको केही भूमि, खेतीयोग्य जग्गा र वनक्षेत्रहरूमा छन्त्यालले भोगचलन गरेका थिए (छन्त्याल, २०७०:६६-६७) । यस्ता घट्नाहरू लगभग सबै छन्त्याल गाउँका छन्त्यालहरूले भोग्नुपरेको थियो । यस किसिमको विवाद र झगडा खानी खन्ने भूमिको सीमा, स्वामित्व र प्राकृतिक स्रोतहरूको भोगचलन आदिको विषयमा छन्त्याल र छन्त्यालबीच तथा छन्त्याल र गैरछन्त्यालबीचमा भएको थियो । उदाहरणको रूपमा विभिन्न कालखण्डमा वनका लागि मल्कबाङ र कुइनेखानीको छन्त्यालबीचको झगडा, बोङ्खानी र खुंखानीका छन्त्यालबीचको झगडा र विवाद आदि छन्त्याल समुदायबीच नै भएको थियो । त्यसैगरी, बोङ्खानी र ताकमका बासिन्दाबीच, नर्जाखानी र म्याग्दी ताकमका बासिन्दाबीच साँध-सीमानाका लागि भएको विवाद र झगडा, बोङ्खानी र भयरबोङ्गा बासिन्दाबीच, घैयाखानी र कुदुम, पानीपोखरा, ओखरेनी, भैंसेखर्क, नाथुरीका बासिन्दाबीच साँध-सिमना र घाँस-दाउरासम्बन्धी भएको विवाद र झगडा आदि छन्त्याल र गैरछन्त्याल जातिबीच विवाद भएका उदाहरण हुन् ।

क्षत्री, बाहुनसँगको सम्बन्ध रूपमा मिलेको जस्तो देखिने तर सारमा द्वन्द्वात्मक रहँदै आएको छ । बाहुन, क्षत्रीसँग छन्त्यालको मितेरी नाता सम्बन्ध पनि देखिन्छ । तथापि, जजमानी (पुरेत्याँइ) गर्ने क्रममा छन्त्यालको मौलिक संस्कारका कार्य, संस्कृति, परम्परा र थिति लोपोन्मुख अवस्थामा पुऱ्याइएको छ । छन्त्यालको इतिहास तागाधारीसँग जोड्ने, छन्त्याललाई गोत्र दिने, पुरोहित बाहुन हुने, मृतकको काजकिरिया शुद्ध गराउने, कोरा बस्न सिकाउने, अन्य जाति भन्दा उचो र निचो जातिको तह निर्धारण गरिदिने, मृतकका कागजी दस्तावेज गंगामा बगाउन लगाउने, राम्रा र प्रयोग हुने वस्तु दान गर्न भन्ने आदि बाहुनले छन्त्याल समुदायमा थुपरेका कार्य र प्रक्रिया हुन् । बाहुन, क्षत्रीहरूसँग यस किसिमको सम्बन्धको प्रभाव र असरको कारण छन्त्यालहरू हिन्दुकरण बढी भएका छन् ।

गाउँवरिपरि रहेका थकाली, गुरुङ र मगरसँग विवाह सम्बन्ध, आफन्त र मितेरी सम्बन्ध रहँदै आएको छ । चाडवाड र संस्कारको कार्यमा सहभागी हुने तथा आवश्यक सहयोग गर्ने प्रचलन रहेको छ । यसैको आधारमा कतिपय मगरले छन्त्याल मगर जातिको एक थर वा उप थर हो समेत भन्ने गरेका छन् । सञ्चार सम्बन्धका लागि खसनेपाली भाषाको प्रयोग गर्छन् । दलितहरूसँग पेसागत सम्बन्ध भए पनि परिवार समाजको स्वीकृतिमा वैवाहिक सम्बन्ध भने देखिँदैन ।

अध्यायः तीन
भूगोलः मूलथलो र पहिचान

३.१. भूमि, मूलथलो र पहिचान

भूमि भन्नाले छन्त्याल पुर्खादेखि नै जीवन निर्वाह (खानी, ऐरा, कृषि, पशुपालन) गर्न भोगचलन गरेको, संस्कृति र आध्यात्मिक आस्था एवम् मूल्यको अवस्थाअनुसार ओगटेको भूमि र पर्यावरणलाई बुझाउँछ। छन्त्यालको निम्ति जमिनमुनिको खनिज, जमिनको सूक्ष्म जीवाणु, प्रकृति, प्राणविहीन थान, बिसौना, जमिनमाथिको हावा यी सबै भूमि हुन्। छन्त्यालको भूमि धौलागिरि हिमालको दक्षिणपूर्वदेखि पश्चिमसम्को दक्षिणी मोहडा गण्डकी प्रदेश (प्रदेश नं. ४)अन्तर्गत बागलुङ र म्याग्दी जिल्ला, प्रदेश नं ५ को गुल्मी र प्यूठान जिल्ला तथा कर्णाली प्रदेश (प्रदेश नं. ६)को सुर्खेत जिल्लाको विभिन्न गाउँठाउँहरू हुन्। छन्त्यालको बसोबासको सन्दर्भमा समाजशास्त्री अन्ना डि सेल्सअनुसार सबै (छन्त्याल) तामाखानीमा काम गर्नेहरूका सन्तान हुन्। म्याग्दी र भेरी नदीबीचमा फैलिएको यो (आठ हजार पर्वत) नेपालको भू-भाग हो। जुन तामाखानीमा सबैभन्दा धनी छ। सामान्यतया दक्षिण क्षेत्रको खानीलाई तल्लो २२ खानी मगरहरूले खनेका थिए भने उत्तरी क्षेत्रको उपल्लो २२ खानी मुख्य रूपमा छन्त्यालहरूले खनेका थिए (सन् १९९३:९२)। नदी प्रवाहको दृष्टिले पूर्व कालीगण्डकी नदी र पश्चिम भेरी नदीबीचको उपत्यका छन्त्याल भूमि हो। सोही भूमि छन्त्यालको मूलथलो पनि हो। मूलथलोमा खानी खन्न बन्द भएपछि कृषि, पशुपालन र घरेलु उत्पादनको आधारमा निर्वाहमुखी आर्थिक पद्धतिमा आबद्ध भएका थिए।

भूमिले छन्त्याल जातिको पहिचान झल्काउँछ। त्यसैले 'नेपाली वृहत शब्दकोश' (२०६७:४१८) मा 'छन्तेल' नेपालको विशेषगरी धौलागिरि अञ्चलमा बसोबास गर्ने एक जाति भनेर लेखिएको छ। शब्दकोशमा छन्त्यालको भाषा, संस्कृति, परम्परा र इतिहासको परिभाषा लेखिएको छैन। केवल बसोबास गर्ने प्रशासनिक क्षेत्र (भूगोल)को आधारमा परिभाषित गरिएको छ। यसै सन्दर्भमा विरेन्द्र रावत[४१]को भनाइ विशेष रहेको छ। रावत भन्छन्, 'तपाईंले परिचयको क्रममा नामसँगै छन्त्याल भन्दा घरचाहिँ पक्कै गुल्मी, बागलुङ वा म्याग्दी हुनुपर्छ भन्ने लागेको थियो। पछि सोध्दा ठ्याक्कै बागलुङ भन्नुभयो। छन्त्यालको बसोबास मुख्यगरी गुल्मी, बागलुङ र म्याग्दी नै हो। त्यसैले पूर्वानुमान गरेको हुँ। रावतको भनाइ

---

४१ विरेन्द्र रावत ठाकुरबाबा नगरपालिका बर्दियाका स्थायी बासिन्दा हुन्। उनी ठाकुरबाबा नगरपालिकाका कृषि विकास शाखाका प्रमुख र कृषि प्राविधिक छन्। रावत ठाकुरबाबा नगरपालिकामा सरुवा हुनुअगाडि गुल्मी जिल्ला मुसीकोट नगरपालिकामा २ वर्ष कृषि प्राविधिक र शाखा प्रमुख भएर काम गरेका थिए। सोही समयमा उनी मुसीकोटमा बसोबास गर्ने छन्त्यालहरूसँग परिचत भए। साथै, छन्त्याल जातिको बसोबासबारे ज्ञान हासिल गरेका थिए। सम्वत् २०७५ साल चैत्र २९ गते ठाकुरबाबा नगरपालिकाको उहाँकै कार्यकक्षमा कुराकानीमा आधारित छ।

छन्त्याल भन्दाबित्तिकै निश्चित बसोबास (भूगोल)को सङ्केत गर्दछ। शब्दकोश र रावतको भनाइले पहिचान निश्चित भूगोलसँग पनि जोडिएको हुन्छ र निर्माण भएको हुन्छ भन्नेलाई थप पुष्टि गर्दछ।

पहिचान र पहिचान निर्माणका आधारहरू केलाउँदै राजेन्द्र महर्जन लेख्छन्, पहिचान वा अस्मिता भनेको व्यक्ति वा समुदायको परिचय हो। समय र सन्दर्भअनुसार ती पहिचान खुम्चिने र फैलने हुन्छ, कीर्तिपुरमा मेरो पहिचान समल टोलबासी हुन्छ भने अन्य जातको सन्दर्भमा ज्यापु हुन सक्छ। काठमाडौंबाट हेर्दा म कीर्तिपुरबासी नेवार हुन सक्छु भने नेपालको बृहत् परिवेशबाट कसैले हेर्दा काठमाडौंबासी लेखक-सम्पादक (महर्जन, २०७५:५९-६०)। महर्जनको भनाइले पनि भूगोलले पनि पहिचान निर्माण गर्छ भन्ने थप पुष्टि गर्छ। त्यसबाहेक डोल्पा जिल्ला बस्ने डोल्पाली, दैलेख बस्ने दैलेखी, झापा बस्ने झापाली, स्याङ्जा बस्ने स्याङ्जाली र पर्वत बस्ने पर्वते आदि नाम विशेषण भूगोलको आधारमा नै बनेका हुन्। त्यसैले छन्त्यालका लागि पनि उनीहरूको भूमि, भू-क्षेत्र पहिचानको प्रमुख आधार हो।

त्यसैले मूलथलोको हिसाबले छन्त्यालको पहिचान बागलुङ, म्याग्दी र गुल्मी आदि जिल्लामा बस्ने जाति हुन्। पुर्ख्यौली पेसाको दृष्टिले खानी खन्ने जाति हो। बागलुङ जिल्लाभित्र पनि लाम्मेलाखानीको छन्त्याल, देउरालीखानीको छन्त्याल, म्याग्दीमा कुइनेखानीको छन्त्याल, गुर्जाखानीको छन्त्याल भनेर भूगोलको आधारमा पहिचान निर्माण हुन्छ। गाउँभित्र पनि डाँडाघरे (डाँडामा घर भएको) छन्त्याल, गैराघरे (गहिरो वा खाल्डोजस्तो स्थानमा घर भएको) छन्त्याल आदि भनेर भूगोलले पहिचान बनेको हुन सक्छ।

अर्कातिर मूलथलोको वातावरण र उपलब्ध स्रोत साधनका आधारमा विभिन्न ज्ञान, सीप र प्रविधिको विकास गरेका छन्। जमिनलाई उपयोग र व्यवस्थापन आफ्नै तरिकाले गरेका छन्। वनजङ्गल र नदीहरूको व्यवस्थापन र संरक्षण गरेका छन्। यी सबै कुरा मूलथलो (भूगोल)सँग आएको हुन्छ। केवल उजाड, रूख विरुवा र पानी, जमिन मात्रै होइन। छन्त्यालको भूगोल भन्नाले त्यहाँको माटो, ढुङ्गा, बोटविरुवा, हावा पानी, जीवजनावर र किराफट्याङ्ग्रा, जमिनमुनि एवम् माथि आदि सजीव तथा निर्जिव सबैलाई बुझाएको हुन्छ। त्यसैको आधारमा पहिचान बनेको छ।

सङ्ख्यात्मक हिसाबमा छन्त्यालको मूलथलो म्याग्दी, बागलुङ र गुल्मीमा जनसङ्ख्या ८,३२२ जना छन्। जुन छन्त्यालको कुल जनसङ्ख्याको ७०.४७ प्रतिशत हो। सङ्ख्याको आधारमा पनि छन्त्यालको मूलथलो हालको यी तीन जिल्लाको भूगोल हो। भाषा वक्ताको सङ्ख्या पनि यी तीन जिल्लामा २,३९८ रहेको छ। जुन कुल भाषा वक्ताको ५५.९९ प्रतिशत हो। भाषा वक्ताको आधारमा पनि मूलथलो ३ जिल्लाको भूगोल हो। छन्त्यालको सघन बसोबास पनि ३ जिल्लामा नै छ। साविक कुइनेमङ्गले गाविसमा सम्वत् २०५८ मा १,०२३ र २०६८ मा ८४७ छन्त्याल जनसङ्ख्या छ। आदिवासीमध्ये छन्त्याल मात्र बसोबास भएको

गाविस गुर्जाखानी हो । गुर्जामा केवल छन्त्याल र दलित मात्र बसोबास गर्छन् । गाउँस्तरमा धेरै गाउँहरूमा छन्त्यालको मात्र बसोबास रहेको छ । अन्य जातिवरिपरि बसेका छन् ।

३.२. साँध सीमाना

छन्त्याल जातिको भूगोलको साँध सीमाना कहाँदेखि कहाँसम्म, कति थियो कुनै लेख्य अभिलेख छैन । तत्कालीन समयमा राज्यले भूमि भोग चलनका लागि दिएको कागजात र बूढापाकाको भनाइ सीमा निर्धारण गर्न प्रयाप्त छैनन् । अर्कातिर भूमिको स्वामित्व र सीमा घटबढ भई नै रह्यो । पृथ्वी नारायण शाहको कथित राज्य (विस्तार एकीकरण)[४२]को क्रममा धेरै आदिवासीको भूमि खोसिएका थिए । खोसिएका भूमि सेना र सत्ताको नजिक ब्राह्मण, क्षत्रीलाई जागिरको रूपमा दिइन्थ्यो ।

इतिहासकार लुडविग एफ. स्टिलरको अनुसार गोर्खाले नयाँ राज्य जितेपछि सेनाको सङ्ख्या बढाउन र तलब दिनका लागि विजय गरेको भू-भागको जमिन सेनालाई जागिरको रूपमा दिने गरिन्थ्यो । नियमित सैनिकलाई सिधै जमिन दिइन्थ्यो । अनियमित (आवश्यक परेको अवस्थामा मात्र लडाइँमा जाने) सैनिकलाई उमरावमार्फत दिने गरिन्थ्यो (सन् १९९५ः२३९-४४) । राज्यको यो कार्यको असर छन्त्यालको भूमिमा नपर्ने कुरै भएन । त्यसैले त झलक सुवेदी लेख्छन्, नेपालमा हिन्दु खसहरूले खसानबाट राज्य विस्तार गर्दै र बस्ती विस्तार गर्दै पूर्व सरेपछि आदिवासीहरूमा प्रचलित परम्परागत भूमि व्यवस्थाहरू वा प्रथाजनित भूमि व्यवस्थाहरू पनि समाप्त हुँदै गएका हुन् । खसहरूको प्रभाव विस्तार भन्दा पहिले नेपालमा केही जनजातिहरूमा सामूहिक स्वामित्वमा आधारित भएर जल र जङ्गलको उपभोग गर्ने प्रथा या परम्परा रहेको पाइन्छ (सुेवदी, २०७३ः२२) । त्यसैले छन्त्यालको नेपाल एकीकरण अगाडि र अहिलेको साँध सीमाना निर्क्योल गर्न सजिलो भएन ।

विगतमा छन्त्याल जातिसम्बन्धी अध्ययन गर्ने अध्येता तथा खोजकर्ताले छन्त्याल पुर्खाले खनेका खानीको क्षेत्रसम्बन्धी उल्लेख गरेका छन् । यसको आधारमा सामान्य नक्सा कोर्न सकिने अवस्था छ । यस सन्दर्भमा अन्ना डि. सेल्सअनुसार सबै छन्त्याल तामाखानीमा काम गर्नेका सन्तानहरू हुन् । म्याग्दी र भेरी नदीबीचमा फैलिएको यो (आठ हजार पर्वत) नेपालको भू-भाग हो; जुन तामाखानीमा सबैभन्दा धनी छ । सामान्यतयाः दक्षिणी क्षेत्रको खानीलाई तल्लो बाइस खानी भनिन्छ; जहाँ मगरहरूले खानी खनेका थिए भने उत्तरी क्षेत्रको उपल्लो बाइस खानी मुख्य रूपमा छन्त्यालहरूले खानी खनेका थिए (सन १९९३ः९२) । शास्त्रदत्त पन्तअनुसार हालको धौलागिरिमा पर्ने खानीलाई उपल्लो २२ खानी र गुल्मी जिल्लामा पर्ने जतिलाई तल्लो २२ खानी भनिने गरिन्थ्यो । उपल्लो (२२)

४२ गोविन्द न्यौपानेअनुसार गोरखा राज्यको सैनिक अभियान वास्तवमा राष्ट्रिय एकीकरण अभियान होइन बरू पूर्णत सहितको सामन्ती धर्मतन्त्रात्मक राज्य निर्माणका लागि छिमेकी सामन्ती राज्यहरूमाथिको आक्रमण गर्ने, कब्जा गर्ने र विलय गर्ने सैनिक अभियान थियो (न्यौपाने, सन् २०००ः२२) ।

खानी नै छन्त्यालको खानी हो (२०५३:३१)।

वुल्फ डि मिसलअनुसार छन्तेलहरूलाई दुई समूहमा बाँडन सकिन्छः पश्चिमेली र पूर्वेली। उनीहरूबीचको मुख्य भिन्नता भाषामा रहेको छ। यिनीहरू (पश्चिमेली छन्त्याल) बागलुङ जिल्लाको उत्तर पश्चिम क्षेत्रको भूजिखोला, निसीखोला र तमानखोलाको वरपर बसोबास गर्छन्। पूर्वीय क्षेत्रका छन्तेलहरू दक्षिण पश्चिममा म्याग्दी खोला र पूर्वमा राहुघाट खोलाको भू-भाग तथा धौलागिरि हिमालको शिरदेखि दक्षिणी भिरालो ठाडो भू-भागमा सीमित रहेको छ, जुन म्याग्दी जिल्लामा पर्छ। यसलाई आठ हजार पवर्तको नामले पनि चिनिन्छ (सन् १९७४:२२२-३२)। यी तीनजना अध्येताले विशेष म्याग्दी र बागलुङ जिल्लालाई कार्य क्षेत्र बनाएर अध्ययन गरेका थिए। त्यसैले अन्य जिल्लाका छन्त्याल बस्तीलाई अध्ययनमा समावेश गर्न सकेनन्। यी तीनजना अध्येताको भनाइको आधारमा छन्त्यालको मूलथलोको साँध सीमानाको नक्सा म्याग्दी र बागलुङ जिल्लाको सीमानालाई मान्न सकिन्छ। त्यति मात्रले अन्य जिल्लाका ऐतिहासक छन्त्याल गाउँ समावेश हुँदैन। पुर्खाहरूको स्वामित्वमा भएका भू-भाग छुट्न जान्छ।

छन्त्याल बूढापाकाले पहिले छन्त्याल पुर्खाले ठूलो भेरीदेखि पूर्व र कालीगण्डकी नदीदेखि पश्चिम हिमालको दक्षिण क्षेत्रमा खानी खनेका थिए र सो क्षेत्र उनीहरूको स्वामित्वमा भएको बताउँछन्। विभिन्न लेखक र बूढापाकाको भनाइ तथा वर्तमानमा छन्त्यालको बसोबासको क्षेत्र एक आपसमा मिल्दो छ। छन्त्यालको बसोबास भएको स्थानका विभिन्न समयमा गैरछन्त्याल मगर, थकाली, गुरुङ, बाहुन, क्षत्री र दलित आएका थिए। जसले गर्दा उनीहरूको बसाइ मिश्रित अवस्थामा रहेको पाइन्छ। राज्यले प्रशासनिक संरचना बनाउँदा र विभिन्न निकाय खडा गर्न निर्धारण गरेको सीमाले परापूर्व कालमा यस जातिको स्वामित्वमा रहेको र भोगचलन गरेको साँध सीमाना तल-माथि परेको छ।

पहिलो, वर्तमान छन्त्याल बस्ती रहेको स्थानको वरिपरिको साँध सीमाना; दोस्रो, परापूर्व कालदेखि खानी खनेको भू-भाग, तेस्रो, छन्त्यालका बूढापाकाको नापी नक्सा हुनुभन्दा पहिलेको चरण, वन, जमिनसम्बन्धी भनाइ र चौंथो, विभिन्न लेखकको भनाइका आधारमा साँध सीमाना निर्धारण गरिएको छ।

पूर्व समाना– धौलागिरि हिमाल रघुगंगाको दायाँबायाँको भू-भाग हुँदै कालीगण्डकीसहित रुद्रबेनीसम्म।

दक्षिण सीमाना– रुद्रबेनीदेखि पश्चिम बडीघाटको किनारैकिनार इन्द्रेगौँडा, छल्दी खोलाको किनार हुँदै प्युठानको सीमाना र त्यसपछि बागलुङ, प्यूठानको सीमाना हुँदै रोल्पाको सीमानासम्म।

पश्चिम सीमाना– रोल्पाको सीमानादेखि भेरी नदी हुँदै डोल्पाको सीमानादेखि पुठ हिमचुलीसम्म।

उत्तर सीमाना– पुठ हिमचुली हुँदै चुरेन हिमाल, धौलागिरी हिमालसम्म।

उल्लिखित क्षेत्रभित्र यस जातिको मुख्य थातथलो रहेको छ। उनीहरूले प्रशस्त मात्रामा खानी खनेका छन्। वर्तमानमा बसोबास गर्ने गाउँको नाम पछाडि खानी शब्द आउँछ। जस्तैः गुर्जाखानी, झिङ्खानी, छापखानी, खुंखानी, गुर्जाखानी, देउरालीखानी, भुलेखानी, घैयाखानी, घोसाखानी, लाम्मेलाखानी, कुइनेखानी, मङ्गलेखानी, मलम्पारखानी, नर्जाखानी आदि हुन्।

तालिका न. १ः छन्त्यालको सघन बसोबास भएको स्थानहरू

प्रदेश नं. ४ (गण्डकी प्रदेश)			
बागलुङ		म्याग्दी	
१	लाम्मेलाखानी	१	खानीगाउँ (बरम्जा)
२	खुङ्खानी	२	भकिम्ली
३	नर्जाखानी	३	ठाडाखानी
४	बोङ्खानी/बोङ्गाखानी	४	मङ्गलेखानी
५	कटेरी	५	घ्याँसीखर्क
६	हिजा	६	पात्लेखर्क, द्वाँडी ढाँर
७	लुकुरवन	७	चौरखानी
८	घोसाखानी	८	कुइनेखानी
९	घैयाखानी-हाँडीखानी	९	मल्कबाङखानी
१०	पुछरा, सिल्खुङ (निसी)	१०	मलम्पार
११	काडाँखानी-बाहुनगाउँ/बानगाउँ	११	मच्छिमखानी
१२	दर्लिङ	१२	छापखानी
१३	भुस्काटखानी	१३	गुर्जाखानी
१४	धम्जाखानी		
१५	उनुवा (तङ्ग्राम)	पर्वत	
१६	लेखानी	१	भूक
१७	देउरालीखानी		
१८	कालपाताल	मुस्ताङ	
१९	नौला (दमेक)	१	घाँस
२०	धुल्लुबाँस्कोट		

२१	बाराकोट (हुग्दीशिर)		
प्रदेश नं. ५			
गुल्मी			प्यूठान
१	मालारानी	१	खबाङ
२	वडागाउँ	२	खारखोला
३	दुबीचौर	पूर्व रुकुम	
४	भूर्तङ	१	फल्नेखानी
५	भार्से	२	बिर्गुमखानी
दाङ			
१	तोरीगाउँ		
२	शान्तिनगर		
प्रदेश नं. ६ (कर्णाली प्रदेश)			
सुर्खेत			
१	कुइनेपानी		
२	लामिदार		
३	गर्पन		
४	साटाखानी		

(स्रोतः स्थलगत अध्ययनको आधारमा)

उक्त मूलथलोबाट बसाइँसराइ गरेर छन्त्यालहरू देशका विभिन्न जिल्लामा गएका छन् । यसरी जाने क्रममा रूपन्देही जिल्लाको बुटवल, तामनगर, धावा, सालझण्डी, कालिकानगर, मणिग्राम; काठमाडौँ उपत्यकाको सामाखुसी, गोङ्गबु, मनमैजु, धापाखेल आदि; दाङको तुल्सीपुर; कास्की पोखराको दीप, लामाचौर, हेम्जा र नयाँबजार आदि हुन् ।

३.३. प्राकृतिक स्रोतसाधनहरू

३.३.१. वनजङ्गल, चरन र नदीहरू

छन्त्यालका उल्लिखित सीमाभित्रको भूमिमा प्रशस्त वनजङ्गल र नदीहरू रहेका छन् । ती वनजङ्गल र चरन क्षेत्रअर्न्गत म्याग्दी जिल्लाको कुइनेमङ्गलेको खानीको ३१ खर्कजस्तै धुरी, दहवन, नौलावन, झिरवारी, भालुचुली, मरमेला, भीमखानी आदि । मल्कबाङको मलम्पार, हुमी जङ्गल, होस्नाम, बाँदरे जङ्गल आदि । बरंजाको खालीडाँडा, जुइथुङडाँडा, चिनाकोटको जङ्गल । भकिम्लीको गोवेवन, सम्मनी जङ्गल, जुठेवास, चिलबस्ने आदि प्रमुख हुन् । गुर्जा खानीको चेन्वो, लाछाबाङ, नाङ्लीबाङ, बरासे, क्युनधुरी, दल्छिङ्गे, भुस्ने, भार्को, नाम्बाजु, धौलाताला, लस्तबाङ, न्हिमरु, दबदबे आदि । मच्छिमको भूइँथान, बिरौटो, काठफाल्ना, चौधुल, मालिकाको धुरी, चरा पोल्ने आदि प्रमुख हुन् ।

बागलुङ खुंखानीको लिङ काट्ने वन, सोन्तरे वन, लामीडाँडा, डोखाको वन, नौडल्ले, मन्सुङमेला, पातलाखर्क, खागटो, सरवारी आदि । बोङ्खानीको महरेखर्क, सातवन, राजवन, थालखर्क, घुस्तुङ, दमेक गाँजाको वन, बाघकाटे वन, नाङ्गेको वन आदि । घैयाखानीको जैमाने, सागडाँडा, सापमार्नको वन, खानीखिबाङको वन, साप्रिङको धुरी, नकटेको धुरी, सुर्के, थालखर्क, दयोमेला, टीकाधारा आदि । काडाँखानी-बानगाउँको खानीवन, नाङ्गेको धुरी निसीको सुर्तिबाङको वन र बुकी आदि । लाम्मेलाको बयली, सोले, धुरखोला आदि प्रमुख हुन् । विर्गुमखानी र फल्नैखानीको पातलाखर्क, खागटो, सरवारी ठूलचौर, प्यालाबुकी, राम्ला, किङबाङ र आफ्रगा आदि प्रमुख हन् । गुल्मी मालारानीको मालिकाको धुरी र रेसुङ्गाको धुरी आदि प्रमुख वनजङ्गल र चरन क्षेत्र हुन् ।

छन्त्यालको मूलथलोको प्रमुख नदीहरूमा म्याग्दी जिल्लाको राखुखोला, म्याग्दीखोला, कालीगण्डकी, गुर्जाखोला आदि हुन् । बागलुङ जिल्लाको वडीघाट, हुग्दीशिर खोला, डूम खोला, तमान खोला, भुजी खोला, निसी खोला, ढोर खोला, घुस्तुङ खोला, गाडी खोला, खुंखानी खोला, लुकुरवन खोला, तारा खोला, पाण्डवखानी खोला, भिङ्गार खोला, दर्लिङ खोला आदि प्रमुख हुन् । यस्ता नदी र खोला गुल्मी, प्यूठान र सुर्खेतमा पनि प्रशस्त छन् ।

३.३.२. खानी

छन्त्याल जातिको बसोबास भएका हरेक गाउँमा प्रशस्त खानीका सुरुङ्ग अझै जिउँदो इतिहास बोकेर बसेको पाइन्छ । विडम्बना संरक्षण र सम्वर्द्धनको अभावले जातिको इतिहास बोक्ने सम्पदा पुरिँदै गरेको पाइन्छ । यस जातिको बसोबास रहेको ठाउँको केही प्रमुख खानीको नाम यहाँ उल्लेख गरिएको छ ।

क) म्याग्दी जिल्ला

गुर्जाखानीः सेबुङ्खानी, भेम्बाखानी, भार्कोखानी, बुर्खानी, सितमखानी, कुरानुखानी, लाछाबाङखानी, भोसोखानी, किट्नेखानी, निम्रुकखानी, कातम्बाखानी, गुर्जाखानी, नाम्बाजुखानी, दल्छिङ्गेखानी, कम्जाखानी, बराँसेखानी, सावलाखानीलगायत करिब २०० हाराहारीको सङ्ख्यामा यस गाउँवरिपरिको क्षेत्रमा खानी चलाएको पाइन्छ ।

कुइनेमङ्गले खानीः भिङ्खानी, डल्लाखानी, ठाडाखानी, सोनाखानी, नसीखानी, जरीबिसौनी खानी, ठुरेखानी, पैनीखानी, कुलेखानी, भीमखानी, रितुखानी, पाँचेखानी, भालथुन्नेखानी, फाल्दुङ्गाखानी, फालखर्कखानी आदि ।

मल्कबाङलगायत अन्य खानीः मलम्पारखानी, भिरखानी, रातोपराखानी, लेकखानी, जेङ्नाखानी, पानीखानी, उभिन्देखानी, पिहिलेखानी, अर्मनखानी, साप्रेखानी, मच्छिमखानी आदि ।

ख) बागलुङ जिल्ला

हिलेखानी, गुरखानी, भुरेखानी, खिबाङखानी, हुरीखानी, हाँडीखानी, खानीखोला, ठूलोपँधेरा खानी, गैराखानी, कुवापानी खानी, गरखोलाखानी, मार्लाछिन्ने खानी, भक्तेपाखा खानी, करिङखर्क खानी, चेखानी, पात्लेखानी, सेरमाखानी, भोटेखानी, खानीचौर, घोसाखानी, खुंखानी[४३], लाम्मेलाखानी, बोङ्खानी/बोङ्गाखानी, छिपछिपेखानी, भाल्नेखानी, कटेरीखानी आदि ।

ग) गुल्मी, रुकुम तथा प्यूठान जिल्ला

भेडेखानी, ओडारेखानी, खानीगाउँखानी, फल्नैखानी, बिर्गुमखानी, खारखोलाखानी, बाजेखानी, जारगाउँखानी आदि ।

३.३.३. जैविक विविधता

जैविक विविधता भन्नाले छन्त्यालको भू-भाग र पर्यावरणअनुसार जमिन र पानीमा पाइने विभिन्न जीव, जन्तु र विरुवा आदिबीच भएको फरक वा भिन्नता हो । अर्थात जैविक संरचनामा भएको भिन्नता वा फरकपना नै जैविक विविधता हो । प्राकृतिक सन्तुलन र मानवीय उपभोगका लागि पनि जैविक विविधता हुन आवश्यक रहेको छ । जैविक विविधताअन्तर्गत छन्त्याल भूमिभित्र निम्न प्रकारका जीव, जनावर, बोटविरुवा र जडीबुटी पाइन्छ ।

क) जङ्गली जनावरः घोरल, रतुवा, चितुवा, थार, कस्तुरी, कोइरालो, स्याल, सेतो बाँदर,

---

४३ खुंखानी निवासी हरिलाल छन्त्यालका अनुसार खुंखानी गाउँमा मात्र १०० भन्दा बढी तामा निकालिएका खानीका प्वाल पाइन्छन् । सम्वत् २०५०/५१ मा पहिरो जाँदा स्थानीय वासिन्दा दिलबहादुर छन्त्यालले धाउ सङ्कलन गरी गालेर ५/६ धार्नी तामा बनाएका थिए ।

रातो बाँदर, नाउर, ब्वाँसो, वनबिरालो, माउखाने, बँदेल, झारल, चौघोरा, कस्तुरी, दुम्सी, हिउँ चितुवा र भालु आदि ।

ख) **घरपालुवा जनावरः** कुकर, बिरालो, भैंसी, राँगा, गोरु, गाई, बाख्रा, भेडा, घोडा र खरायो आदि ।

ग) **पंक्षीः** चील, चमेरो, गिद्द, बाज, बोड्रली, हुँचील, कोइली, ढुकुर, परेवा, मलेवा, च्याखुरा, डाँफे, मुनाल, हलेसो, कालिज, पिउरा, जुरेली, फोडरास, पानीहाँस, फिस्टा, टिवई, भ्याकुर, चिचिमकोटे, चुप्पी, बाँसकोसेरा, भद्रा, रानीचरा, मैना, गौथली, भँगेरा, ल्हाँचे र कल्चौरा आदि । स्थानअनुसार चराका नामहरू फरक हुन सक्छन् ।

घ) **पानीमा हुने जीवः** असला माछा, बडुना, गडेरा, पाहा, भ्यागुता, चेपा, चेपागारा, टेलकाप्रे, बाममाछा, कत्ले माछा, रातआँखे माछा, ओर र गंगटा आदि ।

ङ) **किराहरूः** चिप्लेकिरा, धेमरा/धमिरा, झ्याउँकिरी, बारुलो, घर माहुरी, अरिंगाल, झेमरी, भीरमाहुरी, बच्छिँयु, भमरा, विभिन्न प्रजातिका कमिला, पिउसा, मोस (मसिनो किरा), गाइने किरा, दाँस, गड्यौला, विभिन्न प्रजातिका पुतली, झुसिलीकिरा, भुइँ तथा डाले जुका, पानी जुका, विभिन्न प्रजातिका फट्याङ्ग्रा, गोबरे किरा, बोङ्सली र औंसा आदि ।

च) **रूखः** कटुस, खोटे सल्ला, धुपी सल्ला, खर्सुङ, लालीगुराँस, फलाँट, बाँस, निङ्गला, चेमलो, भोजपत्र, बाज, दबदबे, सिसौ, साल, अडेर, उत्तीस, सिर्मु, भुङ, पट्का, मयोपात, गनाउने, बाँस, पाङ्ग्रा, ओखर, कायो, कोइरालो, कुटमेरो, पितेचोर, पड्का, भलायो, बकाइनो, बयँस, रयँस, काउलो, अङ्गेरी, चुत्रो, ऐँसेलु, काफल, दुरिलो, काभ्रा, हर्रो, खिर्रो, खमारी, सिमल, खन्यु (रूख), धाइरो, महेल, डेम्मर, जेङ्ना, गिट्ठा (रूख), रातगेरी, पिपल, बर, बयस, ढाल्ने, चिलाउने, स्वामी र पैयुँ आदि ।

छ) **जडीबुटीः** चिराइतो, पाँचऔंले, यार्सागुम्बा, किटुकी, सतुवा, विखमा, तितो, अत्तिस, निरवंशी, भुत्ले, समायो, पदमचाल, ढोकायो, भिरअमिलो (चुल्ठे), सलमिश्री, जटामसी, बिटुमिन, टुसा, उन्यू, बनमारा, च्याउ, टोप्रे झार, लहरे झार, कुरिलो, मजरा, टिमुर, सिलटिमुर, बागलपाते, पानीलहरा, भाङ्गो (गाँजा), पुवा, हलहले र पुरेनी आदि ।

ज) **फलः** काफल, चुत्रो, ऐँसेलु, महेल, गोफिला, डेम्मर, घुयँलो, खन्यु, घोपा, जबुना, तबुना, अम्बा, नासपति, सुन्तला, कागती, केरा, खुरपानी, स्याउ, अमिलो, अमला, न्हाप, लिसो, आरु र पुरेनी आदि ।

झ) **जमिनमुनि फल्ने फलः** सेतो तरुल, रातो तरुल, वन तरुल, भुइँस्याउ, आलु, पिँडालु, सख्खरखण्ड, गिट्ठा (खान मिल्ने फल), भ्याकुर र सक्कली आदि ।

ञ) **फूलहरूः** सयपत्री, गुराँस, मखमली, थुङ्गे, लालुपाते र सुर्यमुखी आदि ।

ट) वातावरण: छन्त्याल भूमि उच्च हिमाली र महाभारत पर्वत क्षेत्रमा पर्छ जहाँ दुई प्रकारको स्वच्छ हावापानी पाइन्छ। उक्त हावपानीमा उल्लिखित जैविक विविधताको सङ्गम भएको पाइन्छ। मानव बस्तीको घनत्व र आधुनिक कलकारखाना नभएकाले वातावरण सफा र स्वच्छ रहेको पाइन्छ। विशेषतः कालीगण्डकी र वडीघाड किनारातिर साल, खयरका रूख पाइन्छ भने हिमाली क्षेत्रभन्दा तल धुपी, धुपीसल्ला, लालीगुराँस, चेमाली प्रशस्त पाइन्छ। यस क्षेत्रमा वायु, जल, जमिनको प्रदूषण भएको पाइँदैन।

३.४. जमिनको अवस्था

सरकारले प्रशासनिक निकायको सीमा निर्धारण गर्नलाई नापीनक्सा गर्दा परापूर्व कालदेखि भोगचलन गर्दै आएको भूमि छन्त्याल जातिको स्वामित्वबाट गुमेको छ। केवल व्यक्तिगत नाममा दर्ता भएका भूमिमा मात्र स्वामित्व र अधिकार सीमित रहेको छ। बाँकी भूमि सरकारको स्वामित्व र अधिकार क्षेत्रमा रहेको छ। यसका साथै जमिनमाथिको अधिकार पनि सोहीअनुसार यस जातिबाट खोसिएको छ। त्यसैले यस जातिको जमिनमाथिको सामूहिक स्वामित्व र अधिकार राज्यबाट हरण गरिएको छ।

यसका अतिरिक्त यस जातिको मूलथलोको जमिनमा गैर छन्त्यालको स्वामित्व र अधिकार रहेको पाइन्छ, जुन उनीहरूको नाममा नक्साङ्कन गरी लालपूर्जा दिइएको छ। बाँकी जमिन राज्यको नाममा रहेको छ। विगतको सामूहिक भूमि हाल गैर छन्त्याल बाहुन, क्षत्री, मगर, थकाली, गुरुङ, दलित, नेवार सबैले प्रयोग गरेका छन्। राज्यको नाममा रहेको भूमि त्यहाँका बासिन्दाले प्रयोग गरिरहेका छन्। तर उनीहरूको त्यहाँ अधिकार र नियन्त्रण छैन।

राज्यले यस जातिको विगतको भूमि राष्ट्रियकरण गरेर खोसेको पाइन्छ। तर जबर्जस्ती विस्थापनचाहिँ गरेको देखिँदैन। केवल राज्यले नापनक्साका आधारमा अतिक्रमण गरेको छ। यसले गर्दा छन्त्यालले पहिलेजस्तो जहाँसुकै उपभोग गर्न नपाउनुका साथै स्वामित्व र अधिकारबाट वञ्चित भएको पाइन्छ।

अध्यायः चार
सामाजिक संरचना र सम्बन्ध

४.१. बसोबासको पृष्ठभूमि

छन्त्याल जाति आदि/अनादि कालदेखि ऐरा खेल्दै र विभिन्न स्थानमा तामाखानी खन्दै आएको जाति हो । त्यसैको आधारमा पूर्वज र पुर्खाले जीवन निर्वाह गरेका थिए । पहिले एक स्थानमा खानी सकिएमा, जमिनमुनि धेरै गहिरो गएमा, सुरुङमा पानी भेटिएमा र नयाँ स्थानमा खानी पत्ता लागेमा पहिलेको स्थान छोडेर नयाँ स्थानमा खानी खन्न जानुपर्थ्यो । त्यसैले छन्त्याल पूर्वजूले कुनै निश्चित स्थानमा लामो अवधि बसोबास गरेको स्थायी गाउँ वा स्थान थिएन होला । यसखाले अवस्था पुर्खा छ्यान्टुङमा बस्नु अगाडिसम्म रहेको अनुमान गर्न सकिन्छ । अर्कातिर बूढापाकाअनुसार पुर्खाले खानी खन्दा स्थानीय स्तरमा उपलब्ध सामग्री माटो, ढुङ्गा, काठ र चोयाको चेत्रो/बलाङले घर बनाई बसेका थिए । एकै स्थानको खानीमा एक शताब्दीभन्दा बढी अवधि बिताएका र बसोबास गरेको बूढापाकाको भनाइ रहेको छ । सोसम्बन्धी अभिलेख र प्रमाण भने छैन ।

पूर्वजूहरू छ्यान्टुङमा बस्न थालेपछि स्थायी बसोबासको आरम्भ भएको हो भन्न सकिन्छ । जसको प्रमुख आधार पहिलो, छन्त्यालको उत्पत्ति थलो छ्यान्टुङ मान्नु; दोस्रो, सोही स्थानको नाममा जातिको नामकरण हुनु; तेस्रो, म्याग्दी, बागलुङ, गुल्मी, रुकुम, प्यूठान छ्यान्टुङको पूर्वका ४ वटा नाका/घाँटी पार गरेर आएको भनाइ; चौंथो छन्त्यालको बसाइँको भूगोलिक अवस्थिति हुन् । यी आधारलाई कुइनेखानीको सम्वत् १६५४ को ताम्रापत्रले प्रमाणित गर्छ । मल्कबाङको झकप्रसाद घरब्जा छन्त्यालको घरमा भएको १९०४ साल उल्लेख भएको ६ माने पाथीले थप पुष्टि गर्छ । प्रत्येक छन्त्याल गाउँमा भएको तामा खानीको सुरुङलाई उत्खनन् र अध्ययन गर्न सके सो स्थानमा छन्त्यालको बसोबास कति अवधिको थियो भन्ने थाहा पाउने बलियो प्रमाण हुन सक्छ । उक्त अध्ययनका लागि नीति, स्रोत र विशेषज्ञताको आवश्यकता भने हुन्छ ।

प्राचीन कालदेखि नै चुरेनदेखि धौलागिरी हिमालको दक्षिण, पूर्व र पश्चिम मोहडाको विभिन्न स्थानमा खानी खनेकोले ती स्थानमा छन्त्याल पूर्वजूहरूले बसोबासको आरम्भ गरेका थिए । पुर्ख्यौली पेसाको कारण छन्त्याल जातिको बसोबास महाभारत पर्वत वा पहाडको फेँददेखि हिमालको काखसम्म फैलिएको छ । उक्त स्थानमा गुजुमुजु बस्ती बसाएका थिए । ती बस्ती (गाउँ) अझै पनि रहेका छन् । अर्कातिर छन्त्याल पूर्वज खानीबाट कृषि र पशुपालनमा सङ्क्रमण हुँदा नदी किनारका बेँसी र टारहरूमा अन्य जात/जातिको बसोबास भएकोले पनि पहाडी क्षेत्रमा बसोबास गर्नुपरेको थियो ।

४.२. बासस्थानको किसिम

छन्त्याल पहाडको काखमा अलि सम्म परेको स्थानमा गराहरू बनाएर बसोबास गरेका छन् । पुराना छन्त्याल गाउँमा २ वा २ भन्दा बढी थरहरू मिलेर बस्ती विकास गरेका छन् । मामा र फुपूको छोरा छोरीबीच सोलीडोली चलनअनुसार विवाह गर्ने भएकोले कम्तीमा एक गाउँमा २ वटा थरहरू बस्ने गरेको पाइन्छ । सकेसम्म दाजु भाइ र थरअनुसार मिलेर लहरै घर बनाइ एकै स्थानमा गुजुमुजु घर बनाएर बस्ने चलन छ । पहाडमा बस्नयोग्य सम्म परेको स्थानको कमी, सामूहिक चाडवाड मनाउन, भेला हुन, आपतविपत पर्दा सहयोग आदान-प्रदान गर्न, मानव तथा जङ्गली जनावार आक्रमणबाट बच्न र सामूहिक रूपमा बस्ने स्वभावको कारण प्रत्येक गाउँमा छन्त्यालहरू एकै स्थानमा घर बनाएर बस्ने गरेको बूढापाका बताउँछन् । छन्त्याल गाउँमा प्रायः घरमा घर जोडिएका हुन्छन् । एक घरको आँगन अर्को घरको कुलेसो हुन्छ । कतिपय स्थानमा २ वा ३ वटा घरको आँगन एउटै हुन्छ । प्रायः सबै घरमा दुई वा तीनतिर पाली बनाइएको हुन्छ । दुईतिर भए दुई पोल र तीनतिर भए तीन पोल पाली भएको घर भनिन्छ ।

छन्त्याल गाउँहरू प्रशस्त प्राकृतिक स्रोत भएको स्थानमा छन् । गाउँवपरिपरि वनजङ्गल, मूल वा खोला, खेती गर्ने जमिन, चरन क्षेत्र र ढुङ्गाखानी आदि छन् । जुन जीवन निर्वाहका अनिवार्य शर्त हुन् । नरेश ईङ्वारमअनुसार छन्त्यालको मुख्य सम्बन्ध जङ्गलसँगै हुने गरेकोले यो जाति रहेको गाउँ नजिक प्रायः जङ्गल नै भेटिन्छ (ईङवारम, २०५४/४५:१०६) । भौगालिक संरचनाअनुसार चारै दिशाबाट मूल तथा सहायक बाटो गाउँमा जोडिएको हुन्छ । मूल बाटो भन्नाले सजिलै वस्तु भाउ र मानिस आवत-जावत गर्न सक्ने गोरेटो बाटोलाई बुझाउँछ । सहायक वा सानो बाटो भन्नाले मुस्किलले मानिस हिड्न सक्ने बाटोहरू हुन् । उक्त बाटाहरूले वनजङ्गल, पानीपँधेरो, अन्य छिमेकी गाउँ, बजार र चरन क्षेत्र आदिलाई गाउँसँग जोडेको हुन्छ । उनीहरू ती बाटोबाट वस्तुभाउ गाउँबाट लेकतिर लेकबाट गाउँतिर सार्न, वस्तुभाउ हिँडाउन र दैनिक रूपमा दाउरा, घाँस, पात पतिङ्गर लिन वन जाने र आउने गर्छन् । गाउँमा जाने मूल बाटो तुलनात्मक रूपमा सहज र सजिला छन् भने कतिपय बाटा अप्ठ्यारा तथा हिँड्न पनि कठिन हुने खालका छन् । अप्ठ्यारा र कठिन बाटोहरू सबै छन्त्यालले झारा उठेर (घन, ताङ्गा, गल, छिना आदि)को सहयोगमा पहरा काटेर हिँड्न सकिने बनाएका छन् । मूल बाटोले अन्य छिमेकी गाउँ, सरकारी निकाय र सहरी क्षेत्रसम्म जोडेका छन् । छन्त्याल गाउँ पुग्नका लागि प्रायः उकालो चढ्नुपर्छ । सम्वत् २०६० को दशकपछि प्रायः छन्त्याल गाउँहरू पैदल बाटोको सट्टामा मोटर र जीप आदि चल्न मिल्ने कच्ची सडकले जोडिएका छन् ।

वनजङ्गल, चरन, छिमेक गाउँ र सहरी क्षेत्रबाट छन्त्याल गाउँ आउने र जाने बाटामा प्रशस्त बिसौना, चौपारी र थानहरू छन् । जहाँ थाकेको समयमा थकाइ मार्ने, भारी बिसाउने र भेला भएको बेलामा दुःख सुखबारे भलाकुसरी गर्छन् । कुनै नयाँ व्यक्ति वा स्थानीय पनि लामो

समयको अन्तरालमा बिसौना, चौपारी र थान भएको बाटो हिँडेमा फूलपाती चढाउने र ढोग्ने गर्छन् । यसो गरेमा शुभ र राम्रो हुन्छ भन्ने विश्वास छ । थान, बिसौना र चौपारीमा गाउँ मिलेर निश्चित दिन र समयमा परम्परागत चलन, रीत, विधिअनुसार पूजा गर्ने पनि गर्छन् ।

गाउँ नजिकको पानीको मूल, नदी वा कुलोमा काठ वा ढुङ्गाको धारा बनाएर खानेपानी व्यवस्था गरिएको छ । खानेपानी व्यवस्थापनका लागि गाउँको बासिन्दाले झारा प्रथाद्वारा काम गर्छन् । खानेपानीको साथै अलि सजिलो र सम्म परेको स्थानमा वस्तुभाउका लागि पानीघाट बनाएका हुन्छन् । पानीघाट नजिकै नुन खुवाउन नुनथलाको व्यवस्था हुन्छ । पानीघाटमा सकेसम्म भैँसी आहाल बस्नका लागि पोखरी वा आहाल बनाएका हुन्छन् । जहाँ गर्मी मौसममा वस्तुभाउलाई पानी खुवाउने र खर्काउने गर्छन् । सो समयमा गोठालाहरू भेला भएर डोको, डालो, नाम्लो, दाम्लो र विभिन्न डोरी बनाउँछन् । साथै दुःख, सुखका कुरा र हँसीमजाक गर्छन् ।

छन्त्याल गाउँमा गैर छन्त्याल मगर, दलित, क्षत्री, बाहुन र गुरुङ आदिको पातलो र छ्यासमिसे घर छन् । दलित प्रायः गाउँको अलिपर छेउतिर बसोबास गरेको पाइन्छ । गाउँमा अपवादबाहेक सबै जात/जातिसँग मिलेर बसेको पाइन्छ । तर इतिहासको कालखण्डमा भूमिका लागि गैर छन्त्यालसँग भएको झगडा र बेमेललाई भने आँखा चिम्लनु हुँदैन । सम्वत् २०४० को दशक अगाडिसम्म छन्त्यालको गाउँअनुसार भूगोलको सीमाना छुट्टै थियो । आफ्नो भूमिमा भएको स्रोतसाधनको उपयोग गरी जीवन निर्वाह गरेका थिए । तर बहुदल आएपछि उक्त व्यवस्था र चलन क्रमशः लोप हुँदै गएको छ ।

४.३. घरको बनावट र निर्माण सामग्री

छन्त्यालको घर थेच्चा एक वा दुईतले, दुई वा तीनपोल पाली भएको र छाना ढुङ्गा, जस्ता वा खरले छाएका हुन्छन् । घरको छाना पहिले खर, काठको फल्याक, निङ्गालाबाट बनाइएको चेत्रो (बलाङ) र ढुङ्गाले छाउने चलन थियो । पछि क्रमश खर र ढुङ्गा हुँदै जस्तापाताको प्रयोग भएको छ । घर बनाउँदा सामान्यतः आखत हेर्न जानेको वा झाँक्रीलाई घडेरीको माटो हेराउने चलन थियो/छ । यदि बनाउनयोग्य भएको निर्क्यौल भएमा धुपबत्ती र धजा चढाएर जग हाल्ने गरिन्छ । सोपछि घर निर्माण गरिन्छ । नयाँ घरमा बस्न वा सर्नका लागि पहिले शुभ दिन र साइत आखत हेर्न जानेको वा झाँक्रीले निर्धारण गर्छ । सोही दिन भूमे, कुल र पितृलाई सम्झेर पूजा गरिन्छ र नयाँ घरमा बस्न शुरु हुन्छ । उक्त अवसरमा इष्टमित्रलाई निमन्त्रणा गरिन्छ । निम्तालु इष्टमित्र खानपानको व्यवस्था गरिन्छ । सामान्य गाउने र बजाउने पनि गर्छन् । जसलाई नयाँ घरको घरपैँचो भन्ने गरिन्छ । यस किसिमको चलन क्रमशः हराउन थालेको छ । सहरतिर त घडेरीको माटो हेराउने सम्भावना पनि हुँदैन । साथै घर निर्माण गर्ने सामग्रीहरू पनि फरक छन् ।

घर पहिले एक तले बनाए पनि पछिल्लो समय दुई तले बनाउँछन् । खानी पेसा आबद्ध

हुँदा ढुङ्गाको गारो/पर्खाल लगाइ चित्रो/बलाङ्ले छाना छाएर एक तले घर बनाउँथे। कृषि पेसा अँगालेपछि दुई तले बनाइ ढुङ्गाको गारो लगाइ ढुङ्गाकै स्लेटले छाना छाउने गरेका थिए। घरको माथिल्लो भागमा मालसामान राख्ने र तल्लो तलामा खाने, सुत्ने र बस्ने कामको लागि प्रयोग गर्छन् (मेची महाकाली, २०३१:६३४)। भौगालिक अवस्थाअनुसार भुइँ तलामा काठको ढोका हुन्छ। प्रकाशका लागि एक वा दुईवटा झ्याल राखिएको हुन्छ। भुइँ तलाको भित्र बीच भागमा इल्टो[४४] राखेर चुल्हो बनाइन्छ। चुल्होको सिरानतिर धुप धजा गर्ने र पूजा स्थान निर्धारण गरिएको हुन्छ। भित्रपट्टि महत्त्वपूर्ण सामान, खानेकुरा, चामल, पिठो, आँटो राख्ने र पूजा गर्ने भनार (भण्डार) कोठा हुन्छ। पर्खालसँगै काठको फल्याकको भाँडाकुँडा राख्नलाई आलमारी बनाइन्छ। पर्खालमा भित्रे खोपाहरू हुन्छन्। यसमा विभिन्न सामानहरू राख्ने गरिन्छ। घरभित्रको एक कुनामा माथिल्लो तलामा जानका लागि लिस्नु राखिएको हुन्छ। उक्त लिस्नुको छेउमा कोदालो, बन्चरो, खुकुरी, गल, नयाँ वा पुरानो हरिस निकालेको हलो आदि राखिन्छ। सो छेउ वा कुनालाई लिस्नु कुना भनिन्छ। ढोका नजिकै कुचो र फोहोर राख्ने स्थान दरकुना हुन्छ। सोही स्थानको छेउमा अलि अग्लो पर्खालको गाग्री राख्ने गग्रेटो हुन्छ। अर्को भागमा कपडा झुण्डाउन वा राख्नका लागि लाम्चो काठ वा डोरीको झोक[४५] हुन्छ। चुल्हो दायाँ, बायाँ र तलतिर ओछ्यान हुन्छ। त्यसमध्ये मूल ओछ्यानमा अरमेनी[४६] महिला बस्छन्। चुल्हो माथि माछा, मासुको सुकुटी बनाउन र नाङ्लो, चाल्नो र पेरुङ्गो आदि विभिन्न स-साना सामान राख्न भार हुन्छ। तल्लो तलामा खाना पकाउने, बस्ने, अलिकति अन्नबालीको गेडा राख्ने, सुत्ने, पाहुना आउँदा सम्मान गर्ने आदि कार्य बढी गरिन्छ।

माथिल्लो तलालाई आँटी भनिन्छ। आँटीमा आवश्यकताअनुसार ५/६ वटा बुट्टेदार झ्याल हुन्छन। तीमध्ये एउटा झ्यालबाट मात्र पालीको छानामा आउन जान मिल्छ। माथिल्लो तलामा अन्न बाली राखन र धरनका लागि प्रयोग हुन्छ। भकारी, कोठो र थुन्से आदिमा अन्नहरू राखिन्छ। नयाँ बाली पाक्यो भने पुली झिकेर माथिल्लो तलाको मूल थाम वा खाँबोमा धजा र धुपबत्ती गरी बाँध्ने चलन छ। त्यसैगरी हातहतियार बन्दुक, धनु, बाण, थौंक्रो, भोल्टो, थैंबे, बासुलो, छिना, घन, ताङ्गा आदि एउटा कुनामा राखिन्छ। सोसँगै नयाँ हलो, दाँते, कोदालो, बन्चरोको बिँड बनाउने काठ आदि पनि माथिल्लो तलामा नै राखिन्छ।

घरको बाहिरपट्टि दुई वा तीनतिर पाली हुन्छ। दुईतिर मात्र पाली भए दुई पोल र तीनतिर पाली भए तीन पोल पाली भएको घर भन्ने गरिन्छ। जहाँ पिस्नका लागि जाँतो, कुट्नका लागि ओखल वा ढिकी हुन्छ। सम्भव भएसम्म सानो कोठा बनाएर जाँड, रक्सी बनाउने गरिन्छ जसलाई खोपी भनिन्छ। त्यसैगरी पालीमा दाउरालगायत दैनिक प्रयोग हुने सामग्री राख्ने गरिन्छ। पाहुनाहरू आएमा कतिपय अवस्थामा पालीमा नै स्वागत गरिन्छ। पालीको

---

४४ चुल्हो बनाउनका लागि चुल्होको वरिपरि मोटाइको भागतिरबाट ठाडो पारेर राखिएको ढुङ्गा।

४५ राति सुत्दा ओढ्ने र ओछ्याउने कपडा वा शरिरको कपडा झुण्ड्याउने वा राख्ने डोरी वा काठ।

४६ घरको मूली महिला।

बस्ने स्थानलाई दलान भनिन्छ। प्रायः पालीमा कोठाबार बनाइएको हुन्छ। जसले गर्दा पानीको बाछिटा र फोहोर सजिलै भित्र जान पाउँदैन।

घर बनाउँदा मुख्य रूपमा आँगन, करेसाबारी, जुठेल्नो, मलखाद, फलफूल लगाउने, दाउरा राख्ने कटेरो, वस्तुभाउका लागि गोठ र कुखुराको खोर बनाउने स्थान आदिलाई ध्यान दिइएको हुन्छ। त्यससँगै वर्तमानमा पानीको धारा र चर्पीलाई समेत ध्यान दिइन्छ। यदि यी कुराहरू बनाउन जग्गा नभएमा असुविधा भएको घर भन्ने बुझिन्छ। घर छेउमा इरम[४७] पनि बनाउने चलन छ। जहाँ बाली गेडा बनाउन अगाडि र बनाएपछि राखिन्छ। साथै आवश्यकता र स्थानअनुसार घर साँगुरो भएको अवस्थामा ढिकी, जाँतो, ओखल पनि इरममा नै राखिएको हुन्छ। आँगन वा खला फराकिलो र सजिलो छ भने राम्रो घर भनिन्छ।

परम्परागत घर बनाउनका लागि हिलो माटो, ढुङ्गा, काठका सामग्री प्रयोग गरिन्छ। पर्खाल लगाउन हिलो माटो र कर्मीले बनाएको ढुङ्गा प्रयोग गरिन्छ। झ्याल, ढोका, सँघार, पाती, कोठाबार बनाउन, माथिल्लो तला अड्याउन, बलो (छानो छाउनका लागि तलबाट अडेस दिनका लागि बनाइने सामग्री), थाम, दलिन, निरल, चिर्पट, खाँबो, भेल्चे र डारा आदि सबै चिलाउने, भूङ, खोते सल्ला, सिर्मु, कटुस, उत्तिस, ओखर, पाङ्रा, वन दबदबे आदि रूखको दार प्रयोग हुन्छ। घरको छाना प्रायः ढुङ्गाले छाएका हुन्छन्। खरले छाएका घरहरू कम हुँदै गएका छन्। जस्ताको प्रयोग बढ्दै गएको छ।

उच्च पहाडी क्षेत्रको चिसो बातावरणमा बसोबास भएकोले घरहरू अग्ला हुँदैनन्। साथै न्यानो वातावरण हुने गरी घर बनाइएको हुन्छ। त्यसैले तल्लो तलामा धेरै झ्याल राखिएको हुँदैन। यसबाहेक धुवाँ जाने छुट्टै प्वाल र माध्यमको व्यवस्था पनि हुँदैन। होचो घरमा आगो बाल्दा निस्किएको धुवाँले घरमा प्रयोग गरिएको काठ, छानोको चिर्पट र पर्खाल लिपपोत गरिएको माटो कालो भएको हुन्छ। बढी धुवाँ लिस्नु राखिएको स्थान हुँदै माथिल्लो तलामा भएका झ्यालबाट बाहिर निस्कन्छ। त्यसैले ती झ्याल पनि कालो ध्वाँसो लागेका हुन्छन। तल्लो तलाको ढोका र झ्यालबाट कम मात्रामा धुवाँ बाहिर जान्छ। दलिन, निरल, थाम, बलो, खाँबो, डाँरा आदि धुवाँले कालो भएमा धमिराले खाँदैन। धेरै समय टिकाउ र बलियो हुन्छ। त्यसैले घरभित्र चुल्हो बनाउने र आगो बाल्ने चलन छ। घरको बनावट र निर्माण सामग्री उस्तै भए पनि समय, स्थान र भौगोलिक अवस्थाअनुसार केही फरक रहेको छ। वर्तमानमा पुर्ख्यौली गाउँबाट बसाइँ सरी सहरी क्षेत्रमा आएर बनाइएको घरमा सिमेन्ट, बालुवा, इट्टा, रड आदिको प्रयोग हुने नै भए।

४.४. परिवार र आकार

परिवार परम्परागत सामाजिक संस्था र समाजको प्रारम्भिक आधार हो। व्यक्तिगत र

---

४७ अन्नबाली, दाउरा, ढिकी, जाँतो आदि राख्नका लागि बनाएको धनसार जस्तो सानो घर।

सामाजिक सम्बन्ध परिवारमा आधारित रहेको हुन्छ । परिवारबाट नै व्यक्तिले सामाजिक, सांस्कृतिक, आर्थिक र राजनैतिक आदि क्रियाकलाप गर्न सिक्छ । उक्त सिकाइले व्यक्तिलाई परिपक्क र पूर्ण बन्नका लागि योगदान गरेको हुन्छ । छन्त्यालमा परिवार सार्वभौम र स्वायत्त संस्था हो । यसको जीवन्तता, सञ्चालन र व्यवस्थापनमा सबै सदस्यको भूमिका हुन्छ । व्यक्तिको आवश्यकता, वृद्धि विकास र भरपोषण परिवारमा हुन्छ । परिवारको आवश्यकता पूर्तिका लागि सबै मिलेर काम गर्छन् । त्यसैले परिवार र व्यक्तिलाई एक आपसबाट छुट्ट्याउन सकिदैन । छन्त्याल जातिमा परिवारसँग घर पनि जोडिएर आएको हुन्छ । यदि कुनै व्यक्तिले केही विषयमा निर्णय गर्नुपऱ्यो भने घरपरिवारमा सल्लाह गर्छु भन्छ । त्यसैले परिवार र घरपरिवार पर्यायवाची शब्दको रूपमा प्रयोग गर्न सकिन्छ ।

छन्त्यालमा घरपरिवार भन्नाले एउटै चुल्होमा खाना पाक्ने, घरमूली एक जनालाई मान्ने, एउटै रगत सम्बन्ध भित्रका र वंश अन्तर्गतको बाउ आमा, पति पत्नी, छोरा छोरीलाई बुझाउँछ । परिवारमा सामान्यतयाः ३ वटा पुस्ता बाजेबज्यैदेखि नाति नातिनीसँगै बस्ने चलन छ । त्यसबाहेक अविवाहित छोरी, फुपू, बहिनी र विधवा वा सम्बन्ध विच्छेद गरी माइतमा आएको दिदी बहिनी पनि परिवारको सदस्य हुन्छ । तर दिदी बहिनीको छोराछोरी रहेछन् र साथमा नै बसे पनि परिवारको सदस्यमा गणना गरिदैन । परिवारको सदस्य पैतृक सम्पत्तिको हकदार हुन्छ । छोरी विवाह गरेर गए पछि परिवारको सदस्य हुँदैन ।

छन्त्याल जातिमा पहिले बृहत परिवारको चलन थियो । जुन परम्परागत पेसा कायम रहँदासम्म कायम रहेको अनुमान गर्न सकिन्छ । तत्कालीन समयमा खाना सङ्कलन, बालबच्चाको हेरचाह, खानी खन्नुपर्ने र श्रमको बढी आवश्यकताको कारण बृहत् परिवारमा बस्नु अनिवार्य जस्तै थियो । समयक्रमसँग संयुक्त र एकल परिवारमा परिणत भयो । वर्तमानमा छन्त्याल एकल र संयुक्त परिवारमा बस्ने गर्छन् । संयुक्त परिवार भन्नाले बउआमा, पति-पत्नी, भाइ-बुहारी, छोरा-बुहारी र नाति-नातिनीसहितको परिवारलाई बुझाउँछ । जहाँ कम्तीमा ३ वटा पुस्ताका व्यक्तिहरू हुन्छन् । संयुक्त परिवारको विशेषता ३ वटा पुस्ताका सदस्य हुने, एकै घरमा बस्ने, एउटै चुल्होमा पाकेको खाने, एकजना घरमुली भएको, जग्गाजमिन बाँडफाँड नगरिएको, सामाजिक र सांस्कृतिक कार्यका लागि एक मात्र एकाईको रूपमा गणना हुने आदि हुन् । अहिले विभिन्न कारणले संयुक्त परिवारको विशेषतामा फरक प्रवृति देखिएको छ, जसमा बैदेशिक रोजगारी र बसाइँसराइ मुख्य कारण हो । ती विशेषता पैतृक सम्पत्तिको अंशवण्डा नगरिनु, परिवारका केही सदस्य गाउँ र केही सहरमा बस्नु, कुनै परिवारसहित बैदेशिक रोजगार जानु, चुल्हो फरक हुनु, एक मात्र सामाजिक एकाईको रपमा गणना हुनु आदि हुन् । तर उनीहरू बीचको पारिवारिक सम्बन्ध, जिम्मेवारी बहन, भरपोषण र घरमूली एउटै रहेको छ । हक लाग्ने सबैको अंशबण्डा गर्दा पैतृक सम्पत्तिमा समान हुन्छ । संयुक्त परिवारलाई ठूलो परिवार पनि भन्ने गरिन्छ । यसको विशेष सामाजिक हैसियत र महत्त्व हुन्छ । यस किसिमको परिवार श्रम शक्तिको उपलब्धता, श्रम विभाजन, आवश्यकता पूर्ति, पारिवारिक एकता, ज्ञान पुस्तान्तरण र

बालबच्चाको सामाजिकरणका लागि महत्त्वपूर्ण हुन्छ।

अहिले संयुक्त परिवारको सङ्ख्या घट्दो क्रममा छ। एकल परिवारको सङ्ख्या बढ्दै गएको छ। एकल परिवार भन्नाले विशेषतः बाउआमा र छोराछोरी बुहारीसहितको परिवारलाई बुझाउँछ। जुन परिवारमा दुईवटा पुस्ता हुन्छन्। एकल परिवारमा मुख्य दुई पस्ता हुनु, सरदर ६/७ जनाको परिवार सङ्ख्या हुनु, एकजना घरमुली, एकै चुल्हो पाकेको खानु र एउटा सामाजिक एकाईको रूपमा गणना हुनु आदि हुन्। एकल परिवारलाई सानो परिवार पनि भनिन्छ। बैदेशिक रोजगारी, विभिन्न क्षेत्रमा जागिर र पेसामा परिवर्तनका कारण एकल परिवारको विस्तार भएको छ।

छन्त्यालमा छोरीले विवाह गरेपछि ज्वाइँको घरमा जाने चलन छ। छोरीले पैतृक सम्पत्तिमा दाबी गर्ने चलन छैन। यसो हुनुको कारण पितृसत्तात्मक व्यवस्थाले गर्दा हो। छोरा भने विवाह गरे पनि नगरे पनि पैतृक सम्पत्तिको हकदार हुन्छ। यदि छोराले विवाह गरेर छुट्टिन चाहेमा जति भाइहरू छन् भाइहरूको सङ्ख्या र बउआमाका लागि जिउनीसहित पैतृक सम्पत्ति बराबार बाँडछन्। आफ्नो अंश लिएर छुट्टै घर बनाएर परिवारसहित बस्छ। बाबुआमाको इच्छाअनुसार कुनै पनि छोरासँग मिलेर बस्न पनि सक्छन्। यदि इच्छा नभएमा अलग्गै बस्न पनि सक्छन्। बाबुआमा काम गर्न नसक्ने अवस्थामा छन् भने छोराहरूले सहयोग गर्नुपर्छ वा पाल्नुपर्छ। बाबुआमा फरक बसेका छन् र मृत्यु भयो भने जिउनीलाई सबै भाइले मिलेर बाँड्छन्। यदि कुनै छोरासँग बसेको भए जोसँग बसेको छ उसैले दाबी गर्छ। विवाद वा बेमेल आएमा सहमतिमा टुग्याउँछन्।

प्राचीन समाजको कुनै चरणमा छन्त्यालको समाज मातृवंशीय अवस्थामा रहेको थियो कि भन्ने अनुमान गर्न सकिन्छ। विभिन्न कालखण्डमा पितृसत्तात्मक समाजमा परिणत भएको हो। खानी खन्ने समयमा भने पुरुषले खानी खन्न सुरुङभित्र जानुपर्थ्यो। घरपरिवार व्यवस्थापन र सञ्चालनको जिम्मेवारी महिलाको हुन्थ्यो। यद्यपि, मातृवंशीय विशेषतासहित मिश्रित अवस्थामा भएको अवस्थालाई नजर अन्दाज गर्न भने सकिदैन। कतिपय छन्त्याल परिवारमा निर्णय महिलाको हुने गर्छ। परिवार महिलाको नेतृत्व र नियन्त्रणमा सञ्चालन हुन्छ। तर पनि सम्पत्ति अपवादबाहेक पुरुषकै नाममा रहने गर्दछ। कतिपय परिवारमा महिलाको निर्णय लागू हुने देखिए पनि सार्वजनिक वृत्तमा महिलाको प्रभाव देखिदैन। अर्कोतिर सरकारी लेखोटमा घरमूली भनेर पुरुषको नामलाई जोड दिने सोच र व्यवहारले महिलाको योगदानलाई निस्तेज पार्दछ। छन्त्याल समाजमा महिला र पुरुष बीचको शक्ति सम्बन्ध पुरुष उच र महिला निचको अवस्थामा छ। छन्त्यालमा धर्मपुत्र वा धर्मपुत्री राख्ने चलन पनि थियो। तर त्यो क्रमशः हराउँदै गएको छ। पहिले छोरा नभएमा छोरी-ज्वाइँलाई राख्ने चलन थियो। तर वर्तमानमा त्यति धेरै व्यवहारमा पाइदैन। छोरी-ज्वाइँ राखे पनि काजकिरियाका लागि दाजु भाइको छोरालाई प्राथमिकता दिने चलन थियो/छ। जुन चलनमा क्रमशः परिवर्तन हुँदै गएको छ। छोरीले पनि

दागबत्ती दिने र किरियापुत्री बस्ने चलन बढेर गएको छ।

४.५. थर र उप थर

छन्त्यालको मूल कुल परम्पराबाट समयक्रममा सन्तानहरू हुँदै आएको वंशानुगत उप पद वा शाखा नै थर हो। छन्त्यालले पहिलेदेखि नै व्यक्तिगत नामको पछि जाति नाममा 'छन्त्याल' लेख्छन्। थर लेखेको पाइँदैन। जातिको नाम पनि सम्वत् २०४० को दशकसम्म छन्तेल लेख्ने र भन्ने गरेको पाइन्छ। त्यतिबेलाको सरकारी काजपत्रमा थर उल्लेख नभएको र छन्तेल नै लेखिएको देखिन्छ। उक्त शब्द 'छन्तेल'बाट अपभ्रंश भएर छन्त्याल भएको अगाडि नै उल्लेख गरिएको छ। अझै पनि विभिन्न गैर छन्त्यालले छन्त्यालको सट्टामा छन्तेल लेख्छन् र भन्छन्। अर्कातिर छन्त्यालको छिमेकी जात/जातिले पनि बोलीचालीमा छन्तेल नै भनेर बोलाउँथे र बोलाउँछन्। विदेशीले 'चन्तेल', 'चन्त्याल' आदि लेखेको पाइन्छ। सायद अङ्ग्रेजीमा 'छ' वर्ण नहुने हुँदा 'च' लेखेका हुन सक्छन्। तर थर लेख्ने र भन्ने गरेको विरलै पाइन्छ।

छन्त्यालमा बोलचाल र लेख्यमा व्यक्तिको नामपछि थर उल्लेख नगर्ने र जाति नाम लेख्ने परम्परा कायम छ। सामाजिक र सांस्कृतिक कार्य गर्नुपरेमा थरले महत्त्वपूर्ण भूमिका खेल्छ। विशेषतः कुलपूजा र जीवन चक्रीय संस्कारमा थर अनिवार्य शर्त हुन्छ। छन्त्यालमा थरले कुल परम्पराअनुसारको वंशाणुगत पदलाई जनाउँछ। त्यसैले एकै थरभित्र विवाह बर्जित हुन्छ। साथै विभिन्न संस्कार र कुलपूजा गर्दा भेला हुनुपर्छ। सामान्यतयाः थर र भाइखलकलाई पर्यायवाची शब्दको रूपमा बुझ्ने पनि गरिन्छ। तथापि, भाइखलक अलि साँगुरो अर्थमा बुझिन्छ भने थर फराकिलो अर्थमा बुझिन्छ। कुलपूजा गर्दा र काजकिरिया गर्दा भाइखलक वा एउटै थरकाले मात्र नगद वा जिन्सी सरियो उठाउने गर्छन्। अन्य थरले दिएको नगद वा जिन्सी भाइसरियोमा गणना हुँदैन। छन्त्यालले बोलीचाली र लेखनमा थरको प्रयोग नगरे पनि सामाजिक, सांस्कृतिक र संस्कारका कार्यहरू गर्दा अनिवार्य रूपमा म कुनचाहिँ थरअन्तर्गत पर्छु भनेर हेक्का राख्नुपर्छ र राख्ने गरेका छन्।

अध्ययनको क्रममा छन्त्याल जातिको १२ थर मात्र रहेको पाइएको छ। उप थरको सन्दर्भमा एउटै थरभित्र समयको कालखण्डमा धेरै पुस्तासम्म दाजु भाइ छुट्टिएर विभिन्न स्थानमा बसोबास गरी बनेको समूह हो। जस्तैः लाम्मिले घरब्जा, मल्कबाडे घरब्जा, मङ्गलेका घरब्जा, धम्जाली घरब्जा र भुस्काटे घरब्जा आदि उदाहरण हुन्। उक्त समूह उप थर होइन र अभ्यासमा पनि छैन। कतिपय विद्वान र लेखकले ती समूहलाई उप थरमा समावेश गरेका छन्। भूगोल र बसोबासको हिसाबले विभिन्न गाउँमा बस्ने एकै थरका छन्त्यालको कुलपूजा, भूमेपूजा आदि फरक-फरक छन्। देवता, पूजाको विधि र प्रक्रिया उस्तै छन्। त्यसैले ती उप थर होइनन्।

तालिका नं. २: अध्ययनको क्रममा प्राप्त छन्त्यालको थरहरूको विवरण

सि.न.	थरको नाम	उप थर	बसोबास क्षेत्र
१	घरब्जा	नभएको	म्याग्दी, बागलुङ, पर्वत र गुल्मी जिल्लाको अधिकांश गाउँ
२	भलञ्जा	नभएको	म्याग्दी, बागलुङ, पर्वत र गुल्मी जिल्लाको अधिकांश गाउँ
३	तथप्जा	नभएको	म्याग्दी, बागलुङ र पर्वत जिल्लाको विभिन्न गाउँ
४	डाँडामारे	नभएको	बागलुङ, म्याग्दी, प्यूठान र रुकम जिल्लाको विभिन्न गाउँ
५	पोत्लाङे	नभएको	म्याग्दी, बागलुङ र रुकम जिल्लाका विभिन्न गाउँ
६	बुढाथोकी	नभएको	म्याग्दी र बागलुङ जिल्लाको विभिन्न गाउँ
७	घ्याप्चन	नभएको	म्याग्दी जिल्लाको विभिन्न गाउँ
८	पुराने	नभएको	म्याग्दी जिल्लाको विभिन्न गाउँ
९	सिङ्गे	नभएको	म्याग्दी र बागलुङ जिल्लाको गाउँ
१०	घर्ति	नभएको	म्याग्दी जिल्लाको विभिन्न गाउँ
११	झिङ्राजा	नभएको	म्याग्दी र बागलुङ जिल्लाको विभिन्न गाउँ
१२	खड्का	नभएको	म्याग्दी जिल्लाका विभिन्न गाउँ

(स्रोतः सम्वत् २०६४, २०६५, २०६७, २०७५ र २०७६ को स्थलगत अध्ययन र विभिन्न लेखकको आधारमा)

तालिका नं. ३: विभिन्न लेखक/अध्येताले उल्लेख गरेका छन्त्यालका थर र उप थरको विवरण

सि.न.	लेखक/ अध्येता	थरको नाम	उप थर
१	शास्त्रदत्त पन्त	दुध भलञ्जा, काग भलञ्जा, सिङ्गे भलञ्जा पतनेरी (कान्छी परेली), कुकुर (नाउ) भलञ्जा, सिंजाली घरब्जा, बौध घरब्जा, मंयाराजा (झिङ्राजा), तथप्जा, पुराने, पोत्लाङ्गे, डाँडामारे, बुढाथोकी, खड्का, घ्याप्चन र श्रीभक्त (१५ थर)	

सि.न.	लेखक/ अध्येता	थरको नाम	उप थर
२	दिलबहादुर छन्त्याल	घरब्जा, भलञ्जा, पोत्लाङ्गे, तथप्जा, पुराने, घ्याप्चन, डाँडामारे, सिङ्गे, घर्ती, झिङ्राजा, खड्का, बुढाथोकी (१२ थर)	घरब्जाः जेठी पायर र कान्छी पायर। भलञ्जाः दुध, काग र कुकुर भलञ्जा। तथप्जाः ११ भाइ र १२ भाइ।
३	मेचीदेखि महाकाली भाग ३	घरब्जा, कुकुर भलञ्जा, दुध भलञ्जा, काग भलञ्जा, स्याङ भलञ्जा, खड्का, बुढाथोकी, पुराने, मच्छिमेल, घ्याप्चन, पर्लाङ्गे, डाँडामारे, सिङ्गे र स्याङजाली (१४ थर)	
४	होमनाथ सुवेदी	घरब्जा, कुकुर भंलजा, दुध भंलजा, काग भंलजा, सिन्की भंलजा, खडका, बुढाथोकी, पुराने, मच्छिमेल, घ्याप्चन, पलांगे, डाँडामारे, सिंगे, स्याङजाली (१४ थर)	घरब्जाः जेठी पायर, माहिली पायर, कान्छी पायर
५	नगेन्द्र शर्मा	घरब्जा, दुध भलञ्जा, स्याङ भलञ्जा, बुढाथोकी, मच्छेमल, पलाङ्गे, सिङ्गे, महथोकी, कुकुर भलञ्जा, काग, छन्तेल, पुराने, घ्याप्चन, डाँडामारे, स्याङ्जाली, थरमोकी (१६ थर)	
६	कावातिका जिरो	घरन्जा, कुकुर भलञ्जा, दुध भलञ्जा, सिङ भलञ्जा, काग भलञ्जा, खड्का, बुढाथोकी, पुराँने, मच्छिमेल, घ्याप्चन, पोत्लाङ्गे, डाँडामारे, सिङ्गे, र स्याङजाली (मानवशास्त्री कावाकिताले छन्त्याललाई अठारपन्थी मगरअन्तर्गत १४ वटा उप थरमा विभाजन गरेका छन्। उनको गहिरो अध्ययनको कमी; मगरसँगको बसोबासको निकटता; मगर र छन्त्यालको छ्यासमिसे बस्ती भएको गाउँमा एक आपस भएको विवाह आदिको आधारमा छुट्टै छन्त्याल जातिलाई मगरअन्तर्गत राखिएको हो।)	
७	अध्ययनको क्रममा प्राप्त थर	घरब्जा, भलञ्ला, पोत्लाङे, तथप्जा, पुराने, घ्याप्चन, डाँडामारे, सिङ्गे, घर्ती, झिङ्राजा, खड्का, बुढाथोकी (१२ थर)	

(स्रोतः स्थलगत अध्ययत र विभिन्न लेखक/अध्येताहरूको आधारमा)

विभिन्न अध्येताले भने छन्त्याल जातिमा १२ वटा भन्दा बढी थरहरू भएको उल्लेख गरेका छन्। शास्त्रदत्त पन्त (२०५३) ले (छन्त्यालको) चार थरहरू तथब्जा, भलञ्जा, घरब्जा

र झिङ्राजा पछि गएर १४ थरहरू विभाजित भएका हुन् भनेर उल्लेख गरेका छन् । पन्तले घरब्जाको २ वटा र भलञ्जाको ४ वटा थर उल्लेख गरेका छन् । पन्तकै अनुसार श्रीभक्त थर पन्ध्रौं थर हो र यो नयाँ मुलुकी ऐनपछि सिर्जना भएको हो भनिन्छ भनी उल्लेख गरेका छन् (पन्त, २०५३ः ८) । जुन थर हाल अस्तित्वमा छैन । पन्तले चार प्रकारका भलञ्जामा सिङ्गे थरलाई पनि समावेश गरेका छन् भने दुई प्रकारका घरब्जा उल्लेख गरेका छन् । तर घर्ती थरलाई समावेश गरेका छैनन् । यी थरहरू कुन-कुन गाउँमा बसोबास गर्छन् भन्ने कुरामा लेखक मौन रहेका छन् । थरबारे पन्त थप लेख्छन्, दिलबहादुर छन्त्यालले थरहरूबारे अलि फरक मत राख्दछन् । उनका अनुसार छन्त्याल १६ थरका छन् (पन्त, २०५३:८) । तर दिलबहादुर छन्त्याल (२०५१)ले आफ्नो लेखनहरूमा छन्त्यालको १२ थर भएको उल्लेख गरेका छन् ।

मेचीदेख महाकाली भाग ३ (२०३१ः ६३४)मा छन्त्यालको १४ वटा थर भएको उल्लेख गरिएको छ । होमनाथ सुवेदी (सन १९८१ः ८)को अनुसार छन्त्यालको १४ वटा थर र घरब्जाको ३ वटा भेद भएको उल्लेख गरेका छन् । मीन श्रीस मगरले छन्तेल/छन्त्याल मगर जातिको उप थर भएको लेखेका छन् । श्रीस मगरको अनुसार (मगरहरू) बागलुङ, म्याग्दी र गुल्मीसम्म आइपुग्दा घर्तीअन्तर्गत काउचा, दर्लामी पूर्जा, छन्तेललगायत अनेकौं उप थरमा विस्तारित हुँदै गएको पाइन्छ (श्रीस मगर, २०६७:२३) । श्रीस मगर थप लेख्छन्, मगर समुदायमा गोर्खा भर्तीका कारण पनि अमगरहरूले मगर थर, उप थर लेखाउने तथा मगर जातिका घर्ती, रोका/रोकाया र बुढा थर अन्तर्गतका अनेकन उप थरका मगरले पुन, थापा, राना र आले लेखाउने गरेकोले गलामी, काला, भुजेल, छन्तेल/छन्त्याल आदि उप थरका घर्ती मगरहरूले भर्ती हुँदा थापा, पुन, राना लेखाइ दिएकोले एउटै उप थर पनि थापा, राना र पुन थरमा देखा परे (श्रीस मगर, २०६७:२१) ।

लेखकले भुजेल र छन्तेल/छन्त्याल जातिमा (✶) चिन्ह लगाएर फुट नोटमा हाल भुजेल र छन्तेल छुट्टै जातिमा सूचीकृत गरेका छन् भन्ने वाक्य लेखेका छन् । श्रीस मगरको भनाइ कावातिकाको 'द हिल मगरस् एण्ड देअर नेइबोर्स' लेखको छन्त्याल र मगरबीचको विवाह सम्बन्ध, छ्यासमिसे बसाइ र मगर संस्कृतिको प्रभाव आदिमा आधारित रहेको छ । उनले छन्त्यालको भाषा, थरभित्रको वैवाहिक सम्बन्ध, विशुद्ध छन्त्याल गाउँको बूढापाकाको भनाइ र संस्कार तथा राज्यको सदियौँदेखिको दमन आदिलाई आखाँ चिम्लेका छन् । यदि लेखकको जस्तो सोच, बुझाइ र लेखाइ गर्ने हो भने नेपालमा सबैभन्दा बढी हिन्दुकरण, संस्कृतकरण भएको र ब्राह्मणवादबाट प्रभावित जाति मगर हो । मगर र बाहुन क्षत्रीको थरहरू मिल्छन्, संस्कार मिल्छ, बसाइको ढाँचा मिल्छ, विवाह सम्बन्ध छ भन्दैमा मगरहरू बाहुन क्षत्रीबाट छुट्टिएको जाति हो भन्न मिल्दैन । त्यसैले अङ्ग्रेजी र हिन्दी संस्कृतिले नेपाली संस्कृतिलाई असर गऱ्यो । एकल संस्कृतिको नीतिले नेपालका सबै आदिवासी जनजातिको संस्कृति खायो । अनि मगरले छिमेकी जाति भुजेल र छन्त्यालको पहिचान मेटाउन खोज्नु जितुवा बन्नु सिवाय अरु केही हुन सक्दैन ।

विभिन्न विद्वान् र लेखकले छन्त्यालको फरक-फरक सङ्ख्यामा थर र उप थर उल्लेख गरेका छन् । तथापि, छन्त्याल जानिफकारहरू ती थरहरूप्रति पूर्ण सहमत छैनन् । मनिचन घरब्जा छन्त्यालअनुसार छन्त्याल जातिमा हाल १२ थर छन् । अरु कुनै उपजाति, उप थर छैनन् । छ्यान्टुङमा पुर्खाहरू सबैभन्दा पहिले बसोबास गर्दा ६ थरहरू भएको बुझिन्छ घरब्जा, भलञ्जा, तथप्जा, डाँडामारे, पोत्लाङ्गे र सिङ्गे । पछि म्याग्दी र बागलुङतर्फ बसाइ सरेपछि अन्य ६ थर थपिएर १२ थर भएका हुन् ।[४८] छन्त्यालमा जनसङ्ख्याको हिसाबले पहिलो घरब्जा र दोस्रो भलञ्जा छन् । १२ थरमध्ये बुढाथोकी, घर्ती र खड्का थरको नाम अन्य जात/जातिको थर र जात/जातिको नामसँग मिल्छ । अरु नौवटा थर भने अन्य जात/जातिको थरको नामसँग मेल खाएको पाइँदैन ।

४.६. वर्ग र गोत्र

छन्त्याल जातिमा थर जस्तै वर्ग रहेको हुन्छ । तर थरजस्तो महत्त्वपूर्ण हुँदैन । वर्ग नाम, अक्षर र समयको आधारमा निर्धारण गर्ने चलन छ । ती सबै विभिन्न जनावर र पंक्षीको नाममा रहेको छन् । वर्ग विशेषतः शुभ र अशुभ खोट्याउन तथा विवाह, भात खुवाइ, गुन्युचोली र मीत वा सैनाको सम्बन्ध स्थापना आदि कार्यमा ख्याल गर्नुपर्छ । छन्त्यालमा ८ वटा वर्गहरू छन्- जसमा बिरालो वर्ग, चील वर्ग, सिंह वर्ग, कुकुर वर्ग, सर्प वर्ग, मुसा वर्ग, हरिण वर्ग र भेडा वर्ग हुन् । विवाह गर्दा यदि केटा बिरालो वर्गको छ भने मुसा वर्गको केटीसँग विवाह गर्नु हुँदैन, यी दुईवटा वर्ग शत्रु वर्गमा पर्छन् । शत्रु वर्गबीच विवाह भएमा बलशाली वर्गले कमजोर वर्गलाई खान्छ वा हानि नोक्सानी गर्छ भन्ने विश्वास रहेको छ । त्यसैले मित्र वर्गलाई मात्र जोड दिनुपर्छ भन्ने आस्था रहेको छ । उदाहरणको रूपमा हरिण र भेडा वर्ग मित्र वर्ग हुन् ।

छन्त्याल जातिको उत्पत्ति र विकास गोत्रमा आधारित थिएन र छैन । त्यसैले छन्त्यालमा ऐतिहासक रूपमा गोत्रको चलन भएन । गोत्रको सन्दर्भमा लेखक/विश्लेषक आहुति लेख्छन्, हिन्दु समाजको गोत्र परम्परा वास्तवमा कथित हिन्दु उच्च जातीय गोत्र परम्परा हो किनकी त्यसभित्र अरुलाई समावेश गरिन्न । ती गोत्र भनेका ऋषिहरूका सन्तानहरू नै हिन्दु उच्च जात हुन् भन्ने दाबी पाइन्छ । हिन्दु उच्च जातीय गोत्र वास्तवमा हिन्दु वर्ण व्यवस्थामा आधरित जातीय श्रेष्ठता कायम गर्न निर्मित मिथक मात्र हुन् ।[४९] लेखकले भनेजस्तै हिन्दु समाजमा प्राचीन मूल ऋषि वा पुरुषबाट आरम्भ भएर बाजे, बुबा, छोरा हुँदै नयाँ सन्तानमा बढ्ने ऋषिवंश नै गोत्र हो । ऋषिले आफ्ना सन्तानलाई पहिचान दिनका लागि नाम सङ्केत प्रयोग गर्ने प्रणाली गोत्र हो । अर्थात् गोत्रको नाम भन्नु भनेको पहिलेका ऋषिहरूको नाम हो । प्राकृतिक धर्म मान्ने, मङ्गोलोइड नश्ल र सभ्यताका, उच्च पहाडी भू-भागमा बस्ने, ऐरा खेल्ने

---

४८ सम्वत् २०६५ असार २२ गते मनिचन घरब्जा छन्त्याल सँग काठमडौंको सामाखुशीमा गरिएको कुराकानीमा आधारित ।
४९ आहुतिको सम्वत् २०७६ फागुन ११ गतेको ई-कान्तिपुरमा प्रकाशित लेख ।

र खानी खन्ने छन्त्यालको पुर्खा ऋषि तपस्वी थिएनन् र होइनन् । त्यसैले पुर्खाको हिन्दु वा काशीतिरका गोत्रीय प्रणालीका जाति थिएन । भएको भए पूर्वज्बाट मौखिक रूपमा हामीसँग आइपुग्थ्यो होला । अहिले छन्त्यालहरू गोत्रको घनचक्करमा परेका छन् । एउटै थरमा दुईवटा गोत्र कसरी भयो? दुई वा तीनवटा थरको एउटै गोत्र कसरी भयो? भन्ने प्रश्न, जिज्ञासा र बहस तथा छलफलको विषय सतहमा पोखिएको पाइन्छ । यी सबैले छन्त्याल जातिमा गोत्रको चलन पछि मात्र शुरु भएको हो भन्ने सङ्केत गर्दछ ।

हिन्दु धर्म र सोको अनुयायी क्षत्री, बाहुनसँगको सम्पर्कमा आएपछि छन्त्याललगायत अन्य जातिको बच्चाको नामकरण गर्ने, शुभ, अशुभ र ग्रह दशा हर्ने, भविष्णवाणी गर्ने र संस्कारको कार्य सम्पन्न गर्ने हर्ताकर्ता उनै हिन्दु ब्राह्मण भए । आदिवासी जनजातिको समाज र जातिमा नभएको हिन्दु धर्मको गोत्र, जातीय स्तरीकरण, उचोनिचो आदि सबै सोधीखोजी गरे नपाएपछि उनीहरूले गोत्र र जात प्रथा थमाइ दिए । त्यसपछि आरम्भ भयो हामी यो गोत्रका, उचो जातका, यो खाने ऊ नखाने, हाम्रा पुर्खा ठकुरी, काशी नुहाएर आएका भन्ने बुझाइ । यो बुझाइले पुऱ्यायो गोत्रको घनचक्करमा । हिन्दु परम्पराअनुसार एउटै गोत्रमा विवाह हुँदैन । छन्त्यालको डाँडामारे, सिङ्गे र बुढाथोकीले गोत्र कौशिल्या हो भन्छन् । छन्त्याल परम्पराअनुसार आफ्नो थरबाहेक अन्य थरको केटाकेटीबीच विवाह हुन्छ । गोत्रअनुसार हुँदैन । किन यस्तो भयो भन्दा छन्त्यालका तीनवटा थरलाई फरक-फरक बाहुन पण्डितले फरक मिति, स्थान, उद्देश्य र सन्दर्भमा गोत्र दिए । अनि एकै हुन गयो । यसबाट के प्रष्ट हुन्छ भने छन्त्याल जातिमा ऐतिहासिक रूपमा नै हिन्दु धर्मशास्त्र अनुसारको ऋषि गोत्रको चलन थिएन । गोत्र निर्धारण पछि मात्र गरिएको हो ।

४.७. नाता, कुटुम्ब र साइनो सम्बन्ध

छन्त्यालमा नाता सम्बन्धको माध्यमबाट आफूसँग सम्बन्धित व्यक्ति र अन्य व्यक्तिबीचमा भिन्नता छुट्ट्याउने गरिन्छ । समाजमा विभिन्न व्यक्ति वा सदस्यलाई सम्बन्धित गराउने व्यवस्था नै नाता हो । छन्त्यालमा जन्म वा रक्त, वैवाहिक र मितेरी एवम् अन्य सम्बन्ध गरी तीनवटा नातेदारी सम्बन्ध हुन्छ । जसलाई नातासम्बन्ध भनिन्छ । छन्त्याल जातिको विशिष्ठ पहिचान मातृवंशीय भए पनि हाल पितृवंशीय प्रणाली लागू भएको छ । त्यसैले जन्म वा रक्तको नाता सम्बन्ध प्राथमिक हुन्छ । वैवाहिक द्वितीय नाता सम्बन्ध हो । धर्मपुत्र वा धर्मपुत्री र मितेरी नाता सम्बन्ध नगण्य रूपमा रहेको छ । यो नाता अघिल्ला अरू दुई नाताभन्दा कम प्राथमिकतामा पर्छन् । यस जातिमा रगतको नाताबाट बन्ने नातेदारी सम्बन्धलाई रक्त सम्बन्धको नाता वा खलक भनिन्छ । यस प्रकारको नाताले पुर्खाको वंशलाई निरन्तरता र हस्तान्तरण गर्छ । मुख्यगरी यसै सम्बन्धका आधारमा बुबा आमाको चलअचल सम्पत्तिमाथि छोरा र अविवाहित छोरीको हक लाग्छ ।

यो रक्त सम्बन्धको नाता पनि मुख्य र सहायक गरी दुई प्रकारका छन् । छन्त्याल जातिमा

बुबाआमाको थर, वर्ग र खलकलाई प्रतिनिधित्व गर्ने नाताहरू रक्त सम्बन्धको प्राथमिक नाताअन्तर्गत पर्छन् । यस नातासम्बन्धभित्र बुबा-आमाको खलक लोग्ने-स्वास्नी, आमा-छोरा, आमा-छोरी, बुबा-छोरा, बुबा-छोरी, दाजु-भाइ, दिदी-बहिनी, भाउजू, बुहारी, नाति, नातिनी पर्छन् । यस नाता सम्बन्धलाई तालिकामा प्रस्तु गरिएको छ ।

तालिका नं. ४: रक्तसम्बन्धका आधारमा मुख्य नाताहरू

क्र.सं.	नाता सम्बन्ध	छन्त्याल नाता	बुबाको खलक/पुस्ता
१.	बुबा (F)	बउ	खलक+१
२.	आमा (M)	आमा	खलक+१
३.	दाइ (eB)	दाइ	खलक+०
४.	भाइ (yB)	भाइ	खलक+०
५.	भाउजू (weB)	भाउजू	खलक+०
६.	बुहारी (wyB)	बुहारी	खलक+०
७.	दिदी (eZ)	नाना	खलक+०
८.	बहिनी (yZ)	बहिनी	खलक+०
९.	छोरा (S)	छोरा	खलक–१
१०.	छोरी (D)	छोरी	खलक–१

(स्रोतः स्थलगत अध्ययनमा आधारित)

यस जातिमा रक्त सम्बन्धबाट बन्ने सहायक नातासम्बन्ध पनि फरक-फरक रहेको पाइन्छ । जसमा आमा-बुबाबाट बन्ने संयुक्त, आमापट्टिबाट र बुबापट्टिबाट मात्र बन्ने सहायक नातासम्बन्ध तालिका प्रस्तुत गरिएको छ ।

तालिका नं. ५: संयुक्त रूपमा बुबा–आमाबाट बन्ने सहायक नाताहरू

क्र.सं.	नाता सम्बन्ध	छन्त्याल नाता	बुबाको खलक/पुस्ता
१.	बुबा-आमाका बाजेको बुबा	बराजु	खलक+४
२.	बुबा-आमाका बाजेकी आमा	बराजु	खलक+४
३.	बुबा-आमाका बाजे	जिजु	खलक+३
४.	बुबा-आमाकी बज्यै	जिजुनी	खलक+३
५.	बुबा-आमाका बुबा	बाजे	खलक+२
६.	बुबा-आमाकी आमा	बाजे	खलक+२

(स्रोतः स्थलगत अध्ययनमा आधारित)

यस नाताअन्तर्गत बराजु, जिजु र बाजे पर्छन् । यी सबै नाताहरू सम्मान गर्नुपर्ने नाता हुन् । पैतृक सम्पत्तिको हकदार बुबा र त्यसपछि आफू हुने चलन रहेको छ ।

तालिका नं. ६: बुबाका दाजु-भाइपट्टिका नाता

क्र.सं.	**नाता सम्बन्ध**	**छन्त्याल नाता**	**बुबाको खलक/पुस्ता**
१.	बुबाको दाइ	ठुलो बउ	खलक+१
२.	बुबाका दाइकी श्रीमती	जेठी आमा/जेठीमा	खलक+१
३.	बुबाको भाइ	काका	खलक+१
४.	बुबाको भाइकी श्रीमती	कान्छी आमा/कान्छीमा	खलक+१
५.	बुबाका दाइ भाइको छोरो (उमेर बढी)	दाइ	खलक+०
६.	बुबाका दाइ भाइको छोरा (उमेर बढी)की श्रीमती	भाउजू	खलक+०
७.	बुबाका दाइ भाइको छोरा (उमेर कम)की श्रीमती	भाइ बुहारी	खलक+०
८.	बुबाका दाइ भाइकी छोरी (उमेर बढी)	नाना	खलक+०
९.	बुबाका दाइ भाइकी छोरो (उमेर कम)	बहिनी	खलक+०
१०.	बुबाका दाइ भाइको छोरी (उमेर बढी)का श्रीमान्	भिनाजु	खलक+०
११.	बुबाका दाइ भाइकी छोरी (उमेर कम)का श्रीमान्	बहिनीज्वाइँ	खलक+०
१२.	बुबाका दाइ भाइको छोराको छोरो	भतिजा	खलक–१
१३.	बुबाका दाइ भाइको छोराकी छोरी	भतिजी	खलक–१
१४.	बुबाका दाइ भाइको छोराको छोराको छोरो	नाति	खलक–२
१५.	बुबाका दाइ भाइको छोराको छोराकी छोरी	नातिनी	खलक–२

(स्रोतः स्थलगत अध्ययनमा आधारित)

तालिका नं. ७: बुबाका दिदी बहिनीपट्टिका नाता

क्र.सं.	नाता सम्बन्ध	छन्त्याल नाता	बुबाको खलक/पुस्ता
१.	बुबाकी दिदी	नीनी	खलक+१
२.	बुबाकी बहिनी	नीनी	खलक+१
३.	बुबाका दिदी बहिनीका श्रीमान्	मामा	खलक+१
४.	बुबाका दिदी बहिनीको छोरो (उमेर बढी)	भेना	खलक+०
५.	बुबाका दिदी बहिनीको छोरो (उमेर कम)	साला	खलक+०
६.	बुबाका दिदी बहिनीकी छोरी (उमेर बढी)	भाउजू	खलक+०
७.	बुबाका दिदी बहिनीकी छोरी (उमेर कम)	साली	खलक+०

(स्रोतः स्थलगत अध्ययनमा आधारित)

तालिका नं.८ः आमापट्टिका नाता

क्र.सं.	नाता सम्बन्ध	छन्त्याल नाता	बुबाको खलक/पुस्ता
१.	आमाका दाइ	मामा	खलक+१
२.	आमाको भाइ	मामा	खलक+१
३.	आमाका दाइकी श्रीमती	माइजू/फुपू	खलक+१
४.	आमाको भाइकी श्रीमती	माइजू/फुपू	खलक+१
५.	आमाकी दिदी	ठुलीआमा/ठूलीमा	खलक+१
६.	आमाकी बहिनी	छ्यामा/ कान्छीआमा	खलक+१
७.	आमाकी दिदीका श्रीमान्	ठूलोबा	खलक+१
८.	आमाकी बहिनीका श्रीमान्	सानोबा	खलक+१
९.	आमाका दाइ भाइको छोरा (उमेर बढी)	भेना/सोल्टी	खलक+०
१०.	आमाका दाइ भाइको छोरा (उमेर कम)	साला/सोल्टी	खलक+०
११.	आमाका दाइ भाइकी छोरी (उमेर बढी)	सोल्टिनी/भाउजू	खलक+०
१२.	आमाका दाइ भाइकी छोरी (उमेर कम)	सोल्टिनी/साली	खलक+०

क्र.सं.	नाता सम्बन्ध	छन्त्याल नाता	बुबाको खलक/पुस्ता
१३.	आमाका दिदी बहिनीको छोरो (उमेर बढी)	दाजु	खलक+०
१४.	आमाका दिदी बहिनीको छोरो (उमेर कम)	भाइ	खलक+०
१५.	आमाका दिदी बहिनीकी छोरी (उमेर बढी)	नाना	खलक+०
१६.	आमाका दिदी बहिनीकी छोरी (उमेर कम)	बहिनी	खलक+०

(स्रोतः स्थलगत अध्ययनमा आधारित)

यस जातिमा आमापट्टिबाट बन्ने नाताहरूमा मामा माइजू, उनीहरूका छोरा छोरी, आमाका दिदी बहिनी, ठूलीआमा, छ्यामा, उनीहरूका लोग्ने ठूलोबा र कान्छाबा आदि पर्दछन् ।

यस जातिको अर्को महत्त्वपूर्ण नाता सम्बन्ध विवाहबाट स्थापित भएको हुन्छ । विवाहले पुरुष र महिलालाई मात्र एकअर्कामा सम्बन्धित नबनाएर दुईवटा परिवारलाई समेत जोडेको हुन्छ । यो नाता सम्बन्धले पैतृक सम्पत्तिमाथि कुनै सम्बन्ध राखेको हुँदैन । विवाहबाट स्थापित नाता सम्मानित, ठट्यौली दुवै रहेको हुन्छ । यस नाता सम्बन्धमा संस्कार, पूजा, उत्सव, चाडवाडहरूमा निमन्त्रणा गर्ने र आवश्यकताअनुसार सहयोग आदानप्रदान गर्ने गरिन्छ ।

तालिका नं. ९: श्रीमतीपट्टिबाट बन्ने मुख्य नाता

क्र.सं.	नाता सम्बन्ध	छन्त्याल नाता	बुबाको खलक/पुस्ता
१.	श्रीमतीकी आमा	सासू/फुपू/माइजू	खलक+१
२.	श्रीमतीका बुबा	ससुरा/मामा	खलक+१
३.	श्रीमतीका जेठाबा	जेठा ससुरा/मामा	खलक+१
४.	श्रीमतीकी जेठीमा	जेठी सासू/फुपू/माइजू	खलक+१
५.	श्रीमतीका काका	कान्छा ससुरा/मामा	खलक+१
६.	श्रीमतीकी कान्छीमा	कान्छी सासू/फुपू/माइजू	खलक+१
७.	श्रीमतीका दाइ	जेठान	खलक+०
८.	श्रीमतीका दाइकी श्रीमती	जेठानी दिदी	खलक+०
९.	श्रीमतीको भाइ	साला	खलक+०
१०.	श्रीमतीको भाइकी श्रीमती	बहिनी	खलक+०
११.	श्रीमतीकी दिदी	दिदी सासू	खलक+०

क्र.सं.	नाता सम्बन्ध	छन्त्याल नाता	बुबाको खलक/पुस्ता
१२.	श्रीमतीकी दिदीको श्रीमान्	सादुदाइ	खलक+०
१३.	श्रीमतीकी बहिनी	साली	खलक+०
१४.	श्रीमतीकी बहिनीको श्रीमान्	सादुभाइ	खलक+०
१५.	श्रीमतीका दाइ भाइको छोरो	भदै/भान्जा	खलक–१
१६.	श्रीमतीका दाइ भाइकी छोरी	भदैनी/भान्जी	खलक–१
१७.	श्रीमतीका दिदी बहिनीको छोरो	भतिजा	खलक–१
१८.	श्रीमतीका दिदी बहिनीकी छोरी	भतिजी	खलक–१
१९.	श्रीमतीका दाइ भाइको छोराको छोरो	नाति	खलक–२
२०.	श्रीमतीका दाइ भाइको छोराकी छोरी	नातिनी	खलक–२

(स्रोतः स्थलगत अध्ययन २०६५)

छन्त्याल जातिमा आफ्नो विवाहबाट बन्ने नाताहरूमा श्रीमतीका आमा बुबा सासू ससुरा, दाजु भाइ जेठान साला, उनीहरूका श्रीमतीहरू जेठानी दिदी र बहिनी, श्रीमतीका दिदी बहिनीहरू दिदी सासू र साली, उनीहरूका लोग्ने सादुदाइ र सादुभाइ आदि पर्छन् ।

यस जातिमा परम्परागत रूपमा मामाको छोरा र फुपूकी छोरी तथा मामाको छोरी र फुपूको छोराबीच विवाह गर्ने प्रचलन रहेका छ, जसलाई Cross-Cousin विवाह भनिन्छ । यस विवाहलाई समाजले पनि स्वीकृत गरेको छ । एकै बुबा आमाले जन्माएका छोरापट्टिका सन्तान र छोरीपट्टिका सन्तानहरूबीचको नाता साली भेनाको हुने गर्छ । वर्तमानमा छन्त्याल समाजमा पितृवंशीय भएकाले विवाहिता महिलाको थर, वर्ग र खलक श्रीमान्को अनुसार परिवर्तन हुन्छ । जसले गर्दा विवाहिता महिलाले लोग्नेको खलकले गर्नुपर्ने र बार्नुपर्ने जन्मदेखि मृत्युसम्मको संस्कारलाई अवलम्बन गर्नुपर्छ ।

छुन नहुने नाता (Avoidance kinship)

यस नाताअन्तर्गत जेठाजु–बुहारी र दिदी सासू (श्रीमतीकी दिदी) र ज्वाइँ पर्छन् । परम्परागत मान्यताअनुसार यी नाता पर्ने व्यक्ति जीवनमा कहिल्यैं छोइनु हुँदैन । यदि छोइएमा सुनपानीले छर्कनुपर्छ भन्ने मान्यता रहेको छ । कुनै एकको मृत्यु भएमा अर्कोले छुन समेत हुँदैन भन्ने मान्यता छ । नछुने नातामा अहिले परिवर्तन आएको छ । यदि कुनै दाजु भाइ पाँचजना

छन् भने अरू भाइको श्रीमतीले जेठो दाजुलाई मात्र नछुने नाताअनुसार जेठाजु-बुहारी बार्ने गरिन्छ। कान्छो भाइको श्रीमतीले जेठो दाजुबाहेक अरु दाइलाई जेठाजु बार्नु पर्दैन। त्यसैगरी श्रीमतीको धेरै दिदीहरू छन् भने उमेरले सबैभन्दा जेठोसँग छुनु हुँदैन भन्ने मान्यता रहेको छ। छन्त्याल जातिमा छुन नहुने नाताको विकास कसरी भयो भन्ने अध्ययन त हुन सकेको छैन। तथापि, हिन्दु धर्म र संस्कृतिको प्रभाव हो भन्न सकिन्छ।

ठट्यौली नाता (Joking relationship):

छन्त्यालमा ठट्यौली वा जिस्काउने नाताअन्तर्गत प्रशस्त ख्याल ठट्टा गरिन्छ। यस नातामा भेना-साली र देवर-भाउजू पर्छन्। यी दुईओटा नातामध्ये बढी प्रचलित भेना-साली नातामा एकले अर्कालाई जिस्काउने, गिज्याउने र हँसाउने प्रचलन बढी रहेको पाइन्छ। त्यसैले, 'गुन्द्रुकलाई पकाउनु पर्दैन र सालीलाई फकाउनु पर्दैन' भन्ने उखान चरितार्थ हुन्छ। देवर-भाउजू बीचको ख्याल ठट्टा भने अलि बढी मर्यादित र सम्मानित हुन्छ।

सम्मान गर्नुपर्ने नाता

यस जातिमा केही सम्मान गर्नुपर्ने नाताहरू रहेका छन्। ती नाताअन्तर्गत बाजे-बजे, नीनी-मामा, जेठाजु, भिनाजु, दाइ, दिदी, सासू, ससुरा, आमा, बउ, काका, कान्छीमा, ठूलाबुबा, ठूलीमा आदि पर्छन्। यी नाता पर्ने व्यक्तिलाई नाम किटेर बोलाइँदैन। बढी मात्रामा साइनो लगाएर बोलाउन चलन छ। नाता साइनोमा ठूलो भए भेट हुदाँ सम्मानस्वरूप ढोग्ने र नमस्कार गर्ने चलन छ। ढोग्नुपर्ने नातामा आमा-बुबा, मामा-माइजू, नीनी-मामा, सासू-ससुरा, दिदी-भिनाजु, जेठाजु, दिदी सासू, बाजे-बजे, ठूलोबा-ठूलीमा, सम्धी-सम्धिनी आदि पर्छन्। वर्तमानमा विविध कारणले गर्दा सम्मान गर्नुपर्ने नातामा ढोग्ने भन्दा नमस्कार गर्ने चलन बढी छ। साथै हात मिलाउने, अँगालो हाल्ने र म्वाइँ खाने चलन समेत बढ्दै गएको छ।

मित तथा सैना नाता (Fictive Kinship)

छन्त्यालमा मित र सैना लगाएर पनि नातासम्बन्ध कायम गर्ने चलन छ। जुन नगण्य वा न्यून रहेको छ। पुरुष-पुरुषबीच स्थापित नातालाई मित र महिला-महिलाबीच स्थापित नातालाई सैना भन्ने गरिन्छ। मित र सैना नातालाई मितेर/मितेरी सम्बन्ध वा नाता पनि भन्ने गरिन्छ। यसरी स्थापित नाता जुन व्यक्तिले मित वा सैना लगाएको हो सोही व्यक्ति बमोजिमको साइनो कायम हुन्छ। कुनै महिलाले सैना लगाएमा उनका दाइभाइले सैनालाई उमेरअनुसार दिदी वा बहिनी भन्नुपर्दछ। त्यसैगरी पुरुषले मित लगाएमा मितको आमा, बा, दाइभाइ र दिदी बहिनीलाई रक्त सम्बन्धको आधारमा कायम हुने साइनोजस्तै मितआमा, मितबा, मितदाइ, मितभाइ आदि साइनोले बोलाउने र सम्मान गर्ने प्रचलन छ। मितको श्रीमतीलाई मितेनी भनिन्छ भने दाजु भाइ, छोरा, छोरीलाई मितेनी भाउजू, दाजु भाइ, मितेरी भतिजा र भतिजी भन्ने गरिन्छ। मित र सैनाको आधारमा कायम हुने नाताले सम्बन्ध विस्तार हुन्छ तर सम्पत्तिमा हकदाबी हुँदैन।

पहिलो, नयाँ स्थान र समुदायमा आफ्नो सम्बन्ध विस्तार र उद्देश्य हासिलका लागि मित वा सैंना नाता कायम गर्छन् । यो एउटा कुतनैतिक सम्बन्धको स्थापनाको माध्यम हो भन्न सकिन्छ । दोस्रो, अत्यन्त भावनात्मक र मित्रतापूर्ण सम्बन्ध भएमा मित वा सैना नाता कायम गर्छन् । यस किसिमको मित वा सैना लगाउने चलनलाई बाँजोडेर लगाएको मित वा सैना भनिन्छ । मित वा सैनाबीचमा नातासम्बन्ध कायम भएको प्रतीक रूपमा जिन्सी सामान एक आपसमा आदानप्रदान समेत गर्ने चलन छ । मित वा सैना लाउने क्रममा जेष्ठ व्यक्ति र साथीभाइ आदि साक्षीको रूपमा रहन्छन् । उनीहरूलाई सामान्यतया खानपिन पनि गरिन्छ । तेस्रो, ज्योतिषले कुनै व्यक्तिको ग्रह दशा नराम्रो छ वा परिस्थिति खराब छ भनेमा सोबाट छुटकारा पाउनका लागि पनि मित वा सैना नाता सम्बन्ध कायम गर्छन् । यस किसिमका मित वा सैना नातासम्बन्ध कायम गर्दा विशेषतः ज्योतिषको भूमिका प्रमुख हुन्छ । यसरी लगाएको मित वा सैना नाताभित्र एक आपसको संस्कार, पूजा र अन्य सांस्कृतिक कार्यहरूमा सहभागी हुन्छन् । अप्ठ्यारो अवस्थामा आर्थिक सहयोग समेत आदानप्रदान हुन्छ ।

छन्त्याल र छन्त्यालबीच तथा छन्त्याल र गैर छन्त्यालबीच मित वा सैना लगाउने चलन छ । गैर छन्त्यालअन्तर्गत बाहुन, क्षत्री, मगर, गुरुङ, थकाली, दलित आदि जात र जातिसँग मितेरी नाता कायम गरेको पाइन्छ । मित वा सैना सकेसम्म पहिलेदेखि नै चिने र जानेको, धेरैथोरै सँगै उठबस गरेको, एउटै उमेर समूहको व्यक्तिसँग नाता कायम गर्ने चलन छ । कुनै-कुनै समयमा भने एक दुई दिनको चिनजान र उठबसको आधारमा पनि मित वा सैना नाता कायम गरेको पाइन्छ ।

छन्त्यालमा जनसुकै आधारमा नाता सम्बन्ध स्थापित भएको भए पनि नाता र साइनोअनुसार भेटघाट हुने, विभिन्न चाडपर्वमा निमन्त्रणा गर्ने, संस्कारको कार्यमा सहभागी हुने र आवश्यकताअनुसार एकआपसमा सहयोग आदानप्रदान गर्ने चलन छ । कुलपूजा र संस्कारको कार्यमा भने रक्त सम्बन्धबाट बनेका नाताका दाजु भाइको विशेष महत्त्व हुन्छ । सो किसिमको कार्यमा दाजु भाइ भेला हुने, थितिअनुसारको काम सम्पन्न गर्ने र भाइसरियो उठाउने गर्छन् । त्यसैगरी काजकिरियामा पाँरेको जिम्मेवारी दिदी बहिनी वा छोरीको श्रीमान् जो ज्वाइँ/भान्जाले पूरा गर्छन् ।

४.८. नाताकुटुम्बमा विनिमय प्रणाली

यस जातिमा विनियम प्रणाली निकै पुरानो चलन हो । खानी खन्नेताका पुर्खाले तामासँग खाद्यान्न, कपडा र अन्य आवश्यक सामग्रीको विनिमय गरेर आफ्ना आवश्यकता पूर्ति गर्थे । जुन प्रणाली नाता र कुटुम्बको बीचमा मात्र सीमित थिएन । तथापि, नाता सम्बन्धको महत्त्वपूर्ण भूमिका अवश्य थियो । त्यसैले विभिन्न 'खनेल' छन्त्याल र व्यापारी कार्य गर्ने थकालीबीचमा वैवाहिक सम्बन्ध मात्र होइन, मित र सैना नाता लगाउने चलन थियो । विनिमय प्रणालीलाई निरन्तर दिने क्रममा छन्त्याल जातिले नाता, साइनो र कुटुम्बअनुसार आपसमा सहयोग गर्ने, भेटघाट गर्ने, कोसेली आदानप्रदान गर्ने, खानपिन गर्ने, रमाइलो गर्ने आदि

प्रचलन अझै पनि रहेको पाइन्छ। यस्तो अवसर र मौका विशेषगरी कुलपूजा, माघेसङ्क्रान्ति, साउने सङ्क्रान्ति/साउनेसङ्क्रान्ति चाडवाड मिल्दछ।

संस्कारअनुसार विभिन्न कार्य सम्पन्न गर्दा विवाह सम्बन्धकाले स्थापित साइनो पर्नेले रोटी, रक्सी, जाँडलगायत सगुन ल्याउँछन्। विशेषतः दिदी बहिनी, दाजु भाइ, रक्त सम्बन्ध र वैवाहिक तथा मितेरी सम्बन्धका नातेदार र कुटुम्बहरू विवाह, छेवर, काजकिरिया आदिमा बढी भेटघाट हुने गर्छ। कोसेली आदानप्रदान गर्ने कार्यमा बढी दिदी बहिनी, छोरी र भतिजीहरू रहेका हुन्छन्। यसबाहेक आवश्यक र अप्ठ्यारो परेका बेला नगद पैसाको सरसहयोगका साथै अर्मपर्म गरी श्रमको पनि विनिमय हुने गरेको पाइन्छ। अर्कातिर खाद्यान्नको अभाव भएको समयमा अन्नबाली विनिमय गर्ने चलन पनि छ। जसको परिणामस्वरूप यस जातिमा नाता तथा साइनो सम्बन्ध निकै बलियो भएको हुन्छ। काजकिरिया गर्दा छोरी ज्वाइँ नभएसम्म लगभग असम्भव जस्तै हुन्छ किनभने फूलचन्दन फुकाउने तथा अन्य कार्यहरू उनीहरूद्वारा नै गराउने गरिन्छ। समग्रमा नाता कुटुम्बमा श्रम, नगद, सेवा र वस्तुको विनिमयको चलन छ। वर्तमानमा वस्तु विनियमको सट्टा नगद लेनदेनले स्थान ओगट्न थालेको छ।

४.९. नाता र कुटुम्ब प्रणालीको महत्त्व

यस जातिमा नाता सम्बन्धले उनीहरूको सामाजिक व्यवस्था सञ्चालनमा महत्त्वपूर्ण भूमिका खेलेको छ । नाता सम्बन्धले नै छन्त्याल-छन्त्याल तथा छन्त्याल र अन्य जात/जातिबीच सम्बन्ध स्थापित गराइ उनीहरूको सामाजिक अन्तर्क्रियालाई निरन्तरता दिने कार्य गरेको छ। एकातिर नाता व्यवस्थाले परिवार, खलक र समाजमा व्यक्तिगत हैसियत र सामाजिक सम्बन्धको निर्धारण गरेको हुन्छ। अर्कोतिर नाता सम्बन्धबाट नै वंश स्थापना, वंश परम्पराको निरन्तरता, उत्तराधिकारीको निर्धारण भएको हुन्छ। नाता सम्बन्धले कोसँग विवाह गर्ने र कोसँग विवाह नगर्ने विवाह प्रणालीलाई निश्चितता दिएको हुन्छ। यही नाता सम्बन्धले नै परिवार, खलक, कुटुम्बबीच अप्ठ्यारो परेका बेला आर्थिक, सामाजिक र सांस्कृतिक सहयोगको आदानप्रदानमा योगदान गरेको छ। अतः छन्त्याल समाज व्यवस्थापन र निरन्तरताका लागि नाता र साइनोले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ।

अध्यायः पाँच

धर्म, धार्मिक विश्वास र चाडपर्व

५.१ परम्परागत धर्म

धर्म भन्नाले १. स्वर्ग प्राप्त गर्न सकिने लोकविश्वास भएको कार्य वा कर्म; २. ईश्वर अथवा सद्गतिको प्राप्तिका लागि गरिने शास्त्रविहित कर्म; ३. कुनै जाति, वर्ग, पद आदिका निम्ति निर्धारित कार्य वा व्यवहार; लोकको हित वा व्यवस्थाका लागि अँगालिने कर्म वा कर्तव्य; ४. कुनै महापुरुषले चलाएको मत, सम्प्रदायलाई बुझाउँछ (नेपाली शब्दकोश, २०६७:६४७)। समान्यतयाः भगवान (देवी र देवता) प्रतिको विश्वास र पूजाको प्रणाली वा व्यवस्थाप्रतिको विश्वास नै धर्म हो। अदृष्य र अलौकिक शक्ति वा आत्माप्रति गहिरो विश्वास र आस्था हो। धर्म जीवनको आध्यात्मिक र भावनात्मक मार्गदर्शन हो, जसले समाजमा प्रकार्य र अकार्य दुवैका लागि भूमिका खेलेको हुन्छ। धर्मलाई पवित्रता, असल कार्य, विश्वास र परम्परासँग जोडेर व्याख्या गरे पनि परिणाम र प्रभावहरूको तथ्यले सोको प्रमाणित गर्न सकेको छैन। धर्म बल र प्रभावशाली व्यक्ति, वर्ग, समुदायअनुकूल उपयोग, प्रभाव र विस्तार गरिएको पाइन्छ। त्यसैले बल र प्रभावशालीका लागि धर्मले राम्रो कार्य गरेको हुन्छ। अर्कातिर बल र प्रभावहिनका लागि अकार्य गरेको हुन्छ। विश्वमा आस्था र विश्वासको आधारमा भूगोल र समुदायअनुसार विभिन्न धर्मको जन्म र विकास भएको छ। जसअन्तर्गत नेपालमा हिन्दु, बौद्ध, इसाइ, मुस्लिम, किराँत, शिख र प्रकृतिसहित १० वटा धर्म अस्तित्वमा छन्। यी सबै धर्मअनुसार जीवन र जगतलाई बुझ्ने, व्याख्या गर्ने दृष्टिकोण वा आयाम फरक-फरक रहेका छन्।

परम्परागत अभ्यासलाई केलाउँदा छन्त्याल जातिको धार्मिक साइनो प्रकृति धर्मसँग छ। उनीहरूले जमिन, नदी, ताल, आगो, वायु, आकाश र अन्य प्राकृतिक वस्तुलाई निराकार देवी देवताको रूपमा पूजा गर्छन्। वर्तमानमा सन् २०११ को तथ्याङ्कअनुसार प्रकृतिपूजक छन्त्यालको जनसङ्ख्या केवल २७२ जना मात्र रहेको छ। जबकि कुनै साइनो र सम्बन्ध नभएको हिन्दुधर्म मान्ने जनसङ्ख्या ११,२२७ रहेको देखाइएको छ। अर्थात् कूल जनसङ्ख्याको ९५.०३ प्रतिशत हिन्दु धर्म मान्ने देखिन्छ। बाँकी अन्य धर्म मान्ने छन्त्याल देखाइएको छ। जुन सरासर गलत हो। आदिवासी छन्त्याल समुदाय प्रकृतिपूजक भएको स्थापित तथ्य हो। छन्त्यालहरूको मौलिक धर्म प्रकृति/प्राकृतिक धर्म नै हो। राज्य सरकारले आफूअनुकूल तथ्याङ्क उत्पादन गर्ने र एकल धार्मिक वर्चस्व कायम राख्नका लागि यसखाले मिथ्याङ्क उत्पादन गरिरहेको छ।

प्रकृति, भूमि, हावा, पानी, नदी, खोला, ताल, भिर, पहरा, ढुङ्गा, जीव र बोटविरुवा छन्त्यालका भगवान, देवी, देवताको रूपमा विश्वास, भरोसा र आस्थाका आधारहरू हुन्।

ती देवी देवता र भगवानका रूपहरू निराकार र रङहीन हुन्छन् । यसको पुष्टि प्रत्येक छन्त्याल बस्तीमा वायु, भूमे, पानीको मूल, खानी, कुलदेवता, सिद्ध, सिकारी, चुरेनी आदिको पूजाआजा गर्दा देवताको रूपमा राखिने ढुङ्गा वा काठ प्रयोग गरिनु हो ।[५०] छन्त्यालको देवी र देवता नत गजदम्भ आँखा चिम्लेर बस्छन्, न कमलको फूल, बाघ, हात्ती, मयूर, मुसा आथिमाथि नै सवार भएका हुन्छन् । न त उनीहरूको अनुहारमा कोमलता, निर्भिकता झल्कन्छ, न त खुडा र बन्चरोजस्ता हतियार हातमा समाएर डरलाग्दो रूपमा देखिन्छन् नै । भूगोलका आधारमा गाउँअनुसार पूजाआजा गर्ने विधि र शैलीमा भिन्नता हुनसक्छ । तर उल्लिखित देवी देवताको पूजा प्रत्येक गाउँमा गर्ने गरेको पाइन्छ । परम्परागत रूपमा मान्दै आएका देवी देवता र तिनीहरूको पूजाआजा आफ्नै विधि, प्रक्रिया र सामग्रीको उपयोग गरेर गर्छन् । अरू कुनै गैरआदिवासी वा गैर छन्त्याल पुरोहित वा व्यक्तिले सिकाउनु पर्दैन ।

जातीय धर्म प्राकृतिक हो भन्नेमा दिलबहादुर छन्त्याल र केभिन छन्त्याल सहमत भएका देखिन्छन् । दिलबहादुर छन्त्याल (सन १९९५) लेख्छन, धेरैजसो छन्त्याल जनजातिले प्राकृतिक धर्म मानिरहेका छन् । त्यसको विधिविधान छैन । केभिन छन्त्याल (२०६१:९४)का अनुसार छन्त्याल जातिको धार्मिक विषयमा प्रकाश पार्दा यी जातिहरू प्रकृतिपूजक हुन् । केभिन थप्छन्, छन्त्याल जातिका मानिसहरू मठमन्दिरमा गएर त्यति पूजा गर्दैनन् । प्राकृतिक धर्म छन्त्यालको परम्परागत धर्म हो भन्नेमा वामी-७ गुल्मीका गमरसिङ छन्त्यालले स्वीकारे । उनका अनुसार परापूर्व कालदेखि हाम्रा पुर्खाले प्रकृतिमा भएका मूल, रूख, ढुङ्गा, पहाड, नदी, ताल, माटोलाई मान्दै र पूज्दै आएका हुन् । पछि हिन्दु, बुद्ध, क्रिष्चियन धर्मको प्रभाव परेर अन्य धर्म मान्न थालेका हुन् । नेपाल र गाउँमा बाहुन पण्डितले हिन्दु धर्मको प्रचारप्रसार गरे । सोहीअनुसार चाडवाड मनाउन र संस्कारका क्रियाक्लाप गर्न सिकाए, जसले गर्दा छन्त्याल जातिले धर्म हिन्दु मान्न थाले । तर मौलिक प्राकृतिक धर्मलाई छोडेका छैनन् ।[५१] छन्त्यालले कुन-कुन समयमा छन्त्याल जातिले के-कस्तो धर्म मान्दै आए भन्ने कुरा अध्ययनको विषय भएको समेत उनले बताएका थिए । छन्त्यालको मतमा अन्य छन्त्याल बूढापाका र जानिफकार पनि सहमत छन् ।

यसै सन्दर्भमा केही व्यक्तिले प्राकृतिक धर्मसँगै बोन धर्म र बौद्ध धर्म पनि क्रमशः अङ्गीकार गरेका थिए । दुवै धर्मको अनुसरण गर्दा पनि प्राकृतिक धर्मलाई नछाडेको बताएका छन् । दिलबहादुर छन्त्याल (सन् १९९५)ले प्राकृतिक धर्मलाई बोन धर्म भनी उल्लेख गरेका

---

५० छन्त्याल जातिले पूजा गर्दा भगवान वा देवी र देवताको बिम्ब वा प्रतिमाको रुपमा ढुङ्गालाई चोखो पानीले सफा गर्छन्, रातो सेतो धजा बाँध्छन् । सोपछि थानमा सजाएर राख्छन् । त्यसैको वरिपरि कुण्डली बनाउने र धुप जलाउँछन् । बलि दिएमा सोही ढुङ्गामाथि बलिको रगत छर्कन्छन् । साथै टाउको/मुड राख्छन् । प्रतिमाको रुपमा राखिएको ढुङ्गाको निश्चित आकार, लम्बाईं, चौडाइँ र उचाइको हुनुपर्छ भन्ने हुँदैन । केवल थानमा अड्याउन सजिलो हुने आकारको भए हुन्छ ।

५१ गम्मरसिंह छन्त्याल गुल्मी जिल्ला मुसीकोट नगरपालिका वडा नं. ८ (साविक वामी गाविस वडा नं ७) मालारानीका स्थायी निवासी हुन् । उनको जन्म सम्वत् १९८६ भाद्र १० गते र मृत्यु सम्वत् २०६४ चैत्र १४ गते भएको हो । उनी अवकास प्राप्त बेलायती गोर्खा सेना र समाजसेवी हुन् । उनीसँग सम्वृत २०६४ असोज १७ गते वामी गाविस वडा ७ मालारानीमा गरिएको कुराकानीमा आधारित ।

छन् । उनी लेख्छन्, छन्त्याल जातिको गाउँबस्तीमा न त हिन्दु धर्मको मठमन्दिर छ न त बुद्ध धर्मको म्हाने गुम्बा नै । प्राकृतिक धर्म बोन धर्म मान्दछन् । बोन धर्म र बौद्ध धर्म यस जातिले १८औँ शताब्दीको अन्त्यसम्म मान्दै आएको केही छन्त्याल व्यक्ति बताउँछन् । हिन्दु आर्यहरूको नेपाल आगमन र उनीहरूको स्थानीय राजनीति, धर्म, संस्कृतिमाथि हस्तक्षेप बढ्न थालेपछि बिस्तारै यो समुदायबाट दुवै धर्म हराउँदै गएको अनुमान गर्न सकिन्छ भन्ने छन्त्याल जानिफकारहरूको मत देखिन्छ । तथापि, प्राकृतिक धर्मलाई छोडेको पाइँदैन । हाल परम्परागत रूपमा बोन र बौद्ध धर्मअनुसार कुनै धार्मिक कार्य वा संस्कारका विधि गरेको अपवादबाहेक पाउन कठिन छ । तर हिन्दु धर्मावलम्बीले बौद्ध धर्मका कागजात जलाएर नष्ट गरेको घटना र राज्यबाट राष्ट्र धर्मका रूपमा मान्यता पाएको हिन्दु धर्मको एकाधिकारलाई बिर्सन भने हुँदैन । जुन एकाधिकारले छन्त्याललगायत नेपालका सबै आदिवासी जनजातिको परम्परागत धर्ममा के-कति प्रभाव र असर पाऱ्यो भन्नेबारे धेरैसँग साझा पीडा रहेको छ ।

भुस्काट निवासी जगबहादुर घरब्जा छन्त्याल[५२] तथा बमबहादुर घरब्जा छन्त्याल[५३]का अनुसार प्राकृतिक धर्मको कुनै विकसित धार्मिक संस्था र विधिविधान नभएको कारणले अन्य गैर परम्परागत धर्मको प्रभाव छन्त्याल जातिमा छिटो परेको हो । हिन्दु आर्यको आफ्नो धर्म प्रचार गर्ने र सोहीअनुसार राज्य व्यवस्थाको नीति तयार गर्ने प्रमुख ध्येयले नेपालका परम्परागत धर्ममाथि आक्रमण भयो । परिणामतः नेपाल एकीकरणसँगै राणा शासन, पञ्चायती व्यवस्था हुँदै बहुदलीय प्रजातन्त्रसम्म हिन्दु धर्मले राष्ट्र धर्मको मान्यता पायो । यस धर्मको प्रभाव अन्य सम्प्रदायमा परेको प्रशस्त उदाहरण देखिन्छ । यसले गर्दा संस्कार, संस्कृति, धर्म सबै मिश्रित अवस्थामा रहन पुगेको पाइन्छ । हाल छन्त्याल जातिको आस्था र विश्वास निरपेक्ष प्राकृतिक धर्ममा मात्र आधारित भएको पाइँदैन । संस्कार, परम्परा र संस्कृति केही मिश्रित अवस्थामा रहेको पाइन्छ । मौलिक संस्कार र परम्परालाई छोडेको भने छैनन् ।

मोतीलाल छन्त्याल र मनिचन घरब्जा छन्त्याललगायत अधिकांश छन्त्यालका अनुसार राणाकालीन तथा पञ्चायती व्यवस्था हुँदा समेत छन्त्यालका पुर्खा र अग्रज प्रशासन, सरकारी नियम-कानुन जान्ने-बुझ्ने थिएनन् । अशिक्षित र साह्रै सोझा र सरल स्वभावमन थिए र छौं । जनगणनाको समयमा गणकले जे-जे धर्म, भाषा लेखिदिए पनि थाहा पाएनन् । परिणातः धार्मिक तथ्याङ्कमा अधिकांश हिन्दु धर्म मान्ने देखिन पुग्यो । ९ वटा जनगणना (सन् १९११ देखि सन् १९९१ सम्म) सम्पन्न हुँदासम्म छन्त्याल जातिको उल्लेख भएन । छन्त्याल भाषा मातृभाषा र पुर्ख्यौली भाषा हुँदाहुँदै मातृभाषा पनि नेपाली बनाइयो । यसले गर्दा छन्त्याल

---

५२ सम्वृत २०६५ साउन ३ गते ताराखोला गाउँपालिका वडा नं. १ (साविक अमरभूमि गाविस) भुस्काटमा जगबहादुर घरब्जा छन्त्यालसँग गरिएको कुराकानीमा आधारित । उनी नेपाल छन्त्याल संघ केन्द्रीय समितिका पूर्व केन्द्रीय सदस्य हुन् ।

५३ सम्वत् २०६५ साउन ३ गते बागलुङ जिल्ला ताराखोला गाउँपालिका वडा नं. १ (साविक अमरभूमि गाविस) भुस्काटमा बमबहादुर घरब्जा छन्त्यालसँग गरिएको कुराकानीमा आधारित । उनी नेपाल छन्त्याल संघ केन्द्रीय समितिको पटकौंपटक सल्लाहकार भई योगदान गर्नुका साथै नेपाल छन्त्याल संघ, कास्कीको सचिवसँगै नेपाल आदिवासी जनजाति महासंघ, कास्कीको सचिव समेत भएका छन् । उनी अवकास प्राप्त शिक्षक समेत हुन् ।

जातिको पहिचानमा सङ्कट उत्पन्न हुन पुग्यो । छन्त्याल जातिले हिन्दु धर्म विशेषतः १८औँ शताब्दीको अन्त्यतिरबाट अङ्गीकार गरेको अनुमान गर्न सकिन्छ। नन्दबहादुर घरब्जा छन्त्याल भन्छन्, हिन्दु आर्यहरू नेपाल आएपछि उनीहरूको देखासिकी गर्दै र पछि बाध्यात्मक रूपले त्यसै समयदेखि अर्को धर्म अङ्गीकार गरिएको हो। यही भनाइसँग मेल खाने भनाइ तुलबहादुर छन्त्याल भन्छन्, नेपालमा हिन्दुको आगमन र बसाइँसराइले गर्दा १६औँ शताब्दीको अन्त्यतिर भेट भएको र १७औँ/१८औँ शताब्दीमा थोरै प्रभाव परेको तर उनीहरूले स्थानीय राज्य कब्जा गरेपछि १८औँ १९औँ शताब्दीबाट बाध्यात्मक रूपमा हिन्दु धर्म अरुले मान्नुपरेको थियो। तर हाम्रा पुर्खाले प्रकृतिको पूजा गर्न कहिल्यै छोडेका थिएनन् र अझै मान्दै आएका छन्। हिन्दु धर्म पछि मात्र मान्न थालिएको हो ।

वर्तमान अवस्थामा पनि निरपेक्ष रूपमा यस जातिले एकै धर्ममात्र मान्ने गरेको पाइँदैन । हिन्दु धर्म र प्राकृतिक धर्मसँग अन्य धर्मको मिश्रित रूप पाउन सकिन्छ। छन्त्यालले एकातिर सिमे, भूमि, कुल, सिद्ध, सिकारी पूजा गर्छन् । अर्कातिर सरस्वती, दुर्गा, राम, कृष्ण, गणेश आदिको पूजामा पनि सहभागी हुन्छन् । यस अतिरिक्त सम्वत् २०५० को दशकपछि बौद्ध धर्म र इसाइ धर्म मान्नेको सङ्ख्या पनि बढ्दै गएको छ। सम्वत् २०५८ को तथ्याङ्कमा भने छन्त्यालले बौद्ध धर्म बढी मान्ने गरेको तथ्याङ्कमा देखिन्छ।

तालिका नं. १०: छन्त्याल जातिको धार्मिक जनसङ्ख्याको विवरण

धर्म	२०६८		२०५८		कैफियत
	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत	
हिन्दु	११२२३	९५.०३	३०२१	३०.७८	
बुद्ध	-	०.००	६३०१	६४.२०	
क्रिस्चियन	१७२	१.४६	१९	०.१९	
प्रकृति	२७२	२.३०	–	०.००	
शिख	-	०.००	५	०.०५	
अन्य	१४३	१.२१	४६८	४.७७	
	११८१०		९८१४		

(स्रोतः केन्द्रीय तथ्याङ्क विभागको २०५८ र २०६८ जनगणनामा आधारित)

सम्वत् २०५८ को तथ्याङ्कमा बुद्ध धर्म मान्ने जनसङ्ख्या ६४.२० प्रतिशत थियो। जुन २०६८ मा आइपुग्दा शून्य प्रतिशतमा पुग्यो । अर्कातिर हिन्दु धर्म मान्ने २०५८ को ३०.७८ प्रतिशतबाट बढेर ९५.०३ प्रतिशत पुग्यो। २०५८ मा शिख धर्म मान्ने ५ जना देखिएको छ।

तर १० वर्षपछि शून्य रहेको छ। क्रिस्चियन र प्रकृति धर्म मान्ने सङ्ख्या बढेको छ। २०५८ को तथ्याङ्कमा छन्त्याल समुदायमा बुद्ध धर्मको सङ्ख्या अधिक देखिनुमा नेपाल आदिवासी जनजाति महासंघको भूमिका र निर्णले असर पारेको देखिन्छ। महासंघले धर्मका सम्बन्धमा नेपालका सबै आदिवासी जनजातिहरूलाई हिन्दु धर्म नलेख्नू र नलेखाउनू भन्ने निर्णयको परिपत्र महासंघमा आबद्ध सङ्गठनहरू गरेको थियो। सो निर्णयलाई सदस्य सङ्गठन हुनुको अर्थले छन्त्यालहरूले बुद्ध धर्म लेख्न र लेखाउन छन्त्याल संघले समुदायलाई जागरुक र सचेत बनाएको थियो।

सम्वत् २०६८ मा हिन्दु धर्मको सङ्ख्या बढ्नुको कारण बुद्ध धर्म लेखाउनुको सट्टा हिन्दु लेखाउनु, गणकले छन्त्यालको वास्तविक धर्म के हो भन्ने नबुझ्नु, छन्त्याल समुदायको संघसंस्थाले हिन्दु धर्मले आदिवासी जनजातिमाथि पारेको प्रभावको प्रतिरोधात्मक क्रियाक्लापलाई जनगणनाको समयमा व्यापक बनाउन नसक्नु, छन्त्यालले परापूर्व कालदेखि प्रकृति पूजा वा अन्य धर्मसँग छन्त्यालको सम्बन्ध नखोज्नु, वर्तमान अवस्थालाई बढी ध्यान दिनु आदि कारण हुन्। २०६८ मा २०५८ भन्दा फरक प्रकृति पूजा गर्ने २७२ सङ्ख्या हुनु सकरात्मक रहेको छ। अबको जनगणना तथा सरकारी रेकर्डहरूमा छन्त्याल समुदायको धर्म 'प्रकृति' नै लेख्न र लेखाउन पहलकदमी गर्नु जरुरी देखिन्छ।

५.२. धार्मिक विश्वास

तथ्याङ्कमा धार्मिक जनसङ्ख्याको विवरणमा विविध रूप देखिएको छ। तथापि, परम्परागत रूपमा मूलभूत धार्मिक दर्शन र विश्वास एकै रहेको छ। मानिसको जन्म, मृत्यु प्रकृति तथा संसारको नियमित चक्र स्वभाविक प्रक्रिया हो भन्ने विश्वास छ। पृथ्वी वा संसारका विभिन्न जीव, जीवणु, हावापानी र बोटविरुवा आदिको कारण मानव जीवनको सम्भव भएको हो। प्रकृति, भूमि, हावापानी, जीव र बोटविरुवा छन्त्यालका भगवान, देवी, देवता र आस्थाका आधारहरू हुन्। धार्मिक विश्वासअनुसार मानिसको मृत्यु भौतिक शरीर र आत्माबीचको स्थायी बिछोड हो। मृत्युपछि आत्मा स्थायी रूपमा अलौकिक (अदृश्य) संसारमा मिसिएको हुन्छ। मृत्कको आत्मा कूल र पितृको रूपमा रहन्छ जसले हाम्रा श्रीसम्पत्ति, जीवन र अन्नबाली आदिको रक्षा गर्छन्। यदि बेखुश वा रिसाएमा हानि नोक्सानी गर्छन् भन्ने आस्था र विश्वास गर्छन्। मानिसको मृत्युपछि पुनःजन्म हुँदैन। भौतिक जीवनमा गरिने संस्कारको क्रियाक्लापले मृतकको आत्म खुशी हुन्छ, कूल पितृमा चढ्ने बाटो र अवसर सहज हुन्छ भन्ने गहिरो विश्वास छ। प्रकृतिलाई विभिन्न देवी देवताको रूपमा पुज्नु र मान सम्मान गर्नु छन्त्यालको थिति, संस्कार र कर्तव्य हो भन्ने मान्यता तथा विश्वास छ।

५.३. छन्त्याल जातिको धार्मिक संस्था र पुजारी

यस जातिमा प्रचलनअनुसार गरिने विभिन्न पूजाआजा र धार्मिक कार्यका लागि

परम्परागत रूपमा स्थापित र विकसित धार्मिक सङ्गठन संघसंस्था रहेको पाइँदैन । पूजा गर्दा सामूहिक रूपमा भेला हुने, पूजासम्बन्धी थिति बसाउने, आवश्यक सामग्री जुटाउने कार्य भने परापूर्व समयदेखि गर्दै आएको पाइन्छ । जस्तै, भूमेपूजा गर्दा मङ्सिर वा वैशाख महिनामा गर्ने, पूजा गरिएको भेडाको मासु सबै घरकुरियालाई पुऱ्याउने, आवश्यक पूजा ठेक उठाउने र पूजाको दिन आवश्यक चामल घ्यू, तेल, पिठो लगायतका सामग्री समान रूपमा सबैले बराबर उठाउने चलन भएको पाइन्छ । यी उल्लिखित कार्य स्वाभाविक रूपले पाँरे वा मुखियाको नेतृत्वमा हुने चलन छ । तर यसलाई व्यवस्थित गर्न निश्चित संस्था नै खडा गरेको चाहिँ पाइँदैन । यो चलन प्रत्येक छन्त्याल गाउँमा अझै जीवित रूपमा रहेको पाइन्छ । यसका अतिरिक्त धार्मिक तथा अन्य प्रचलित संस्कार, संस्कृतिसम्बन्धी कार्य सम्पन्न गर्नका निम्ति गैरपरम्परागत संस्था पनि रहेको पाइँदैन । उल्लिखित अवस्थाले छन्त्यालमा धर्म, धार्मिक परम्परा र चलन लिपिबद्ध एवम् व्यवस्थित नभएको सङ्केत गर्छ ।

छन्त्याल जातिको पूजा, संस्कारको कार्य र अन्य धार्मिक कार्य सम्पन्न गर्ने मुख्य व्यक्तिलाई पाँरे भनिन्छ । बुद्ध धर्ममा लामा, लम, हिन्दु धर्ममा पण्डित र क्रिस्चियनमा पादरी भनेजस्तै छन्त्यालको पुजारीलाई पाँरेले बुझाउँछ । पूजा, संस्कार र चाडपर्वअनुसार पाँरै फरक-फरक व्यक्ति हुने गर्छ । कुलपूजा गर्दा कूल दाजभाइभित्रको अविवाहित पुरुष पाँरे बस्ने चलन छ । भूमेपूजा गर्दा गाउँको अविवाहित पुरुष पाँरे हुन्छ । त्यसैगरी गोठपूजा गर्दा घरको पुरुष व्यक्ति पाँरे हुन्छ । मूल वा बराहपूजा गर्दा कुन घर परिवारले पूजा गर्ने हो सोही घरको पुरुष पाँरे हुन्छ । पितृ पूजा गर्दा घरको पुरुष पाँरे हुन्छ । पूजामा पाँरेले चोखो गरी बस्नु पर्छ । पूजाको सामग्री तयार गर्ने, थान लिपपोत, प्रसाद चढाउने, धुप धजा गर्ने र बलि दिने भए पशु वा पंक्षी मन्साउने आदि कार्य गर्नुपर्छ । बच्चा जन्मिएपछि धुप गर्दा ज्वाइँ पाँरे हुन्छ । काजकिरिया चोख्याउँदा घरको भान्जा वा ज्वाइँ पाँरे हुन्छ । काजकिरियामा पाँरेले हवन गराउने, तामापानी तयार गर्ने र मृतकको दाजु भाइलाई खान दिने, दान दक्षिणा लिने र जाँड/जाँडको सास फाल्नेलगायत मूख्य-मूख्य काम सम्पन्न गर्नुपर्दछ ।

विभिन्न अध्येता र सामान्य ज्ञानका किताब लेख्ने लेखकहरूले छन्त्याल जातिको पण्डित वा पूजारी भान्जा हुन्छ भनेर लेख्ने गरेको पाइन्छ । जुन त्रुटीपूर्ण छ । भान्जा वा ज्वाइँ केवल बच्चाको धूप गर्दा र काजकिरियामा मात्र पाँरे वा पण्डितको भूमिकामा हुन्छ । अन्यथा हुँदैन । त्यसैले छन्त्याल जातिको धार्मिक कार्य गर्ने व्यक्ति पाँरे हो । छन्त्याल जातिमा प्रचलित पूजा, संस्कार र चाडवाडअनुसार फरक-फरक व्यक्तिले पाँरेको भूमिका गर्नुपपर्दछ । पाँरे प्रायः पुरुष हुन्छन् । लैङ्गिक दृष्टिले हेर्दा पुरुष मात्रै पाँरे हुनु भनेको महिला अपवित्र हुन्छन् भन्ने दोषपूर्ण अभ्यास देखिन्छ । हिन्दु पितृसत्तात्मक सोच, चिन्तन र व्यवहारले महिलाको स्थान यस्तो हुन गएको प्रष्टै देखिन्छ ।

परम्परागत रूपमा कुन व्यक्तिले कति लामो समयसम्म पाँरेका जिम्मेवारी पूरा गऱ्यो भन्ने

तथ्याङ्क उपलब्ध छैन । पूजाको किसिम, संस्कारको कार्यअनुसार पूजा र संस्कारअनुसार फरक थर र फरक उमेर समूहका व्यक्ति पाँरे हुने भएकोले धार्मिक नेताहरूको नाम उल्लेख गर्न कठिन रहेको छ । एकातिर पूजा र संस्कारको कार्य गर्ने समयमा उपलब्ध पाँरेबाट काम गर्नुपर्ने र अर्कातिर कुनै पनि निश्चित व्यक्तिलाई पाँरेको कार्य जिम्मेवारी नदिने चलनको कारण पाँरेको क्रमबद्ध सूची तयार हुँदैन । छन्त्याल जातिमा धामी झाँक्री प्रथा बढी प्रचलित थियो र केही मात्रामा अहिले पनि कायम छ ।

छन्त्यालको ऐतिहासिक, धार्मिक र सांस्कृतिक महत्त्वका परम्परागत सम्पदाहरू भूमेथान, कुलथान/कुलाथान, बराहथान, सिद्धथान, देउराली, वायुथान र मण्डलीथानआदि मुख्य हुन् । यी सबै थानहरू प्रायः सबै छन्त्याल गाउँहरूमा पाउन सकिन्छ । भूगोल र थरअनुसार प्रत्येक गाउँमा कुल थान र साझा भूमेथान, बराहथान, सिद्धथान हुनु छन्त्यालको विशेषता पनि हो । परम्परागत शैलीमा बनाइएका विभिन्न देवी देवताको थानहरू कतिपय गाउँमा मन्दिर, चैत्य, गुम्बा आदिको शैली र आकारमा पुनःनिर्माण हुन थालेको छ । जुन मौलिक र परम्परागत प्रविधि, शैली, ज्ञान तथा सीप हराउन थालेको हो भन्ने आभाष हुन्छ । बोलीचालीमा पनि कुलथान, भूमेथानको सट्टामा कुल मन्दिर र भूमे मन्दिर भन्न थालिएको छ । 'थान' निर्माण र पुनः निर्माणको पछिल्लो शैली र भिन्न नाम उच्चारणले छन्त्यालको परम्परागत सम्पदाको पहिचानमा सङ्कट आउन सक्ने सम्भावनालाई नकार्न सकिदैन ।

विकट क्षेत्रमा बसोबास, व्यवस्थित र विकसित परम्परागत धार्मिक संस्थाको कमी, साथै देवी देवताको प्रख्याती अरू जात/जातिमा फैलन नसकेको हुनाले वर्तमानमा पनि छन्त्यालको ऐतिहासिक महत्त्वका सांस्कृतिक सम्पदा प्रकाशमा आएका छैनन् । तथापि, सांस्कृतिक सम्पदा भने छन् । खुंखानीको भूमेथान, मालारानीको पुर्खा पूजा गर्ने कोट, कुइनेको भूमेथान र कुलथान, एकरातेको कुलथान, खिबाङको खानी मण्डलीथान, गुर्जाको देवीस्थान, मण्डलीथान, भूमेथान, बराहथान, लाम्मेलाखानीको कुलथान, भूमेथान, सिद्धथान, बराहथान, बोङ्खानीको कुलथान, भूमेथान, झिङ्खानीको भूमेथान, मङ्गलेखानीको सिद्धथान, वायुथान, घैयाखानीको कुलथान, भूमेथान आदि । उल्लिखित यी सम्पदालाई स्थानीय स्तरमा बाहेक अन्य क्षेत्रबाट संस्थागत रूपमा व्यवस्थित गरी संरक्षण र सम्वर्द्धन गरेको पाइँदैन । यसले गर्दा यस जातिको सांस्कृतिक सम्पदा लोप भएर जाने सम्भावना बढी मात्रामा छ ।

५.४. छन्त्याल र झाँक्री प्रथा

झाँक्री भन्नाले सामान्यतयाः तन्त्रमन्त्र जानेको, विशेष पहिरन लगाइ झाँवा निकालेर शरीरमा देवी देवता र प्रेत वा आफ्नो गुरु देउ चढाइ अर्धचेतन अवस्थामा सामान्य मानिस र देवी देवता बीचमा सम्पर्क गरी माम्ने व्यक्तिलाई बुझाउँछ । देउ वा देवता शरीरमा चढेपछि सोको अधारमा भूतप्रेत, पिचास, लागोभागो, बोक्साबोक्सी, देनीचुरेनी आदिबाट मानिसलाई मुक्त बनाउने वा निको पार्ने तान्त्रिक व्यक्ति भनेर पनि बुझ्न सकिन्छ । झाँक्रीले टाउकोमा

बाखर, हातमा ढ्याङ्ग्रो र गजा, घाँटीमा विभिन्न रिठ्ठा, रुद्राक्ष र सर्पको छालाको माला र शरीरमा भाँरा भिरेको हुन्छ। कतिपयले ती पहिरन नगरेको पनि पाइन्छ। आधुनिक औषधीको विकास हुनु अगाडि आध्यात्मिक ज्ञानको आधारमा झारफुक गरेर दोखका बिरामीलाई निको पार्ने काम गर्ने व्यक्तिलाई समेत झाँक्री कहलिन्छन् । अक्सफोर्ड शब्दकोशअनुसार (सन् २००५:१३९४) कुनै समाज वा धर्ममा असल र खराब आत्माबीच सम्पर्क गराई बिरामी व्यक्तिलाई निको पार्ने विश्वास गरिएको व्यक्ति झाँक्री हो । नेपाली शब्दकोशअनुसार (२०६७:५१३) तन्त्रमन्त्रको प्रयोग गरी झारफुक गर्ने र रोगीको उपचार गर्ने व्यक्ति वा धामीलाई झाँक्री भनिन्छ । प्रतिभा पुनअनुसार (२०७५:२२) लौकिक र परालौकिक संसारबीचको मध्यस्थकर्ता रूपमा रही दुई संसारको सम्बन्ध स्थापित गराउने व्यक्ति झाँक्री हो । जो तन्त्र, मन्त्र र यन्त्रले सुसज्जित हुन्छन् । व्यक्तिमा देउ उत्रदा विशेष प्रकारको झाँक आउने भएकोले झाँक्री भनिएको हो, जसले रोगव्याधिको शमन गर्ने तथा अन्य विपत्ति टार्ने गर्दछन् । झाँक्रीका गुण, ज्ञान र सीप भएका व्यक्ति छन्त्यालमा जातिमा पनि छन् ।

झाँक्री प्रथा छन्त्याल जातिमा विशेष रूपले धेरै पहिलेदेखि नै चलेको अनुमान गर्न सकिन्छ। तर कहिलेदेखि झाँक्री प्रथाको कसरी विकास र विस्तार भयो भन्ने तथ्यचाँहि छैन । पुरुष र महिला दुवै लिङ्गका व्यक्ति झाँक्री हुन सक्छन् । झाँक्री बन्न गुरु थाप्नुपर्छ र सो गुरुले विश्वास गरेपछि राति सुतेको बेलामा गुरुको शक्ति चेलाको शरीरमा जान्छ, भनिन्छ । यी सबको विधि, विधान, नियम तथा मन्त्र आध्यात्मिक गुरुले सपनामा सिकाउँछन् भन्ने धारणा रहेको छ । (*मेचीदेखि महाकाली* भाग ३, २०३१:६३५) । मानवशास्त्री वुल्फ डि. मिसलअनुसार छन्त्याल समुदायभित्र झाँक्री सबैभन्दा महत्त्वपूर्ण धार्मिक विज्ञ हो । एक जना झँक्रेनी (महिला)सहित चारजना झाँक्रीहरू आठ हजार पर्वतमा छन् । चारवटा झाँक्रीमध्ये कुइनेखानी गाउँको कुम्मसिंह छन्तेलले उच्च स्थान (दर्जा) पाएको छ र ऊ नै झाँक्रीबाट प्रात आम्दानीले जीवननिर्वाह गर्न सक्ने एकल व्यक्ति हो (सन् १९७६:१५५) । मिसेलले आठ हजार पर्वतमा चारजना छन्त्याल झाँक्री भएको बताए पनि आफ्नो अध्ययनमा कुम्मसिंह छन्तेल र पद्मलाल छन्तेलको नाम मात्र आफ्नो अध्ययनमा समावेश गरेका छन् ।

छन्त्यालमा भुइँ फरुवा, औतारी, गुरुचेला झाँक्री र गुणी झाँक्री गरेर चार किसिमको झाँक्री रहेको पाइन्छ। यी सबै झाँक्री विद्या (ज्ञान), गुण र सीप प्राप्तिका आधारमा नामकरण गरिएका हुन् । पहिलो, अलौकिक र अदृष्ण शक्तिको कारण सपना वा एकान्त वनमा गएर स्वतःस्फूर्त रूपमा झाँक्रीसम्बन्धी ज्ञान, सीप र प्रविधिले निपूर्ण बनेका झाँक्रीलाई भुइँ फरुवा झाँक्री भनिन्छ। दोस्रो, देउले छुने चोखो व्यक्ति देउ वा झाँक्री गुण शरीरमा चढेपछि हल्लने, काम्ने र अर्धमूर्छित अवस्थमा विभिन्न कुराहरू बरबराउने व्यक्तिले आफूभन्दा जान्ने र पाको झाँक्रीलाई गुरुको रूपमा मानेर पूर्ण रूपमा झाँक्रीसम्बन्धी ज्ञान, सीप र प्रविधि सिकेर बनेको झाँक्रीलाई औतारी झाँक्री भनिन्छ । तेस्रो, यदि कुनै व्यक्तिलाई झाँक्री बन्न इच्छा छ भने आफू भन्दा पाको र जान्ने झाँक्रीलाई गुरुको रूपमा मान्ने र गुरुले विशेषत झाँक्री बन्न चाहने

व्यक्तिको शरीरमा बोक्साबोक्सी, दुष्ट आत्मा हटाइ देउ वा देवता चढाउने, मन्त्र, तन्त्र र यन्त्रसम्बन्धी ज्ञान, सीप र प्रविधि सिकाइ तयार गरिएको झाँक्रीलाई गुरुचेला झाँक्री भनिन्छ। चौंथो, आफू भन्दा पाका र जान्ने व्यक्तिबाट तन्त्रमन्त्र सिकेका सोही आधारमा झारफुक गर्ने व्यक्तिलाई गुणी झाँक्री भनिन्छ। गुणी झाँक्रीले यन्त्र बनाएका हुँदैनन्। अक्सर झावा निकालेर देउ चढाउने पनि कम गर्छन्।

झाँक्रीको पहिरन र सामग्रीहरू पनि विशेष खालको हुन्छ। झाँक्रीको ढ्याङ्ग्रो, गजा, बाखर, बर्छा, कम्मरपेटी, घण्टी, सर्प र रिठ्ठाको माला विभिन्न पंक्षी र जन्तुको सेप्राङ मुख्य सामग्री हुन्। त्यससँगै दौरासुरुवाल लगाउँछन्। मन्त्रले शुद्ध गरिएको अँगार धुलो बनाइ घ्यू वा तेलमा मोलेको मोसो अनुहार, छाती, खुट्टा आदिमा लगाउने गर्छन्, जसले दुष्ट आत्मा वा राक्षस आदिबाट झाँक्रीलाई जोगाउँछ भन्ने विश्वास गरिन्छ।

झाँक्रीले विशेषतः कुनै व्यक्ति बिरामी भएमा सोको उपचारको कार्य गर्छन्। झाँक्रीका अनुसार कुनै पनि व्यक्ति दुई कारणले बिरामी वा अस्वस्थ हुने गर्छ। एक, अङ्ग रोग हो। दोस्रो, भूतप्रेत, बोक्साबोक्सी, वनमा रहने देवी देवता आदिको दोख हो। पहिलो, झाँक्रीले बिरामीको नाडीको छाम्छन् र विचार गर्छन्। सोको आधारमा अङ्ग रोग वा दोख केहो भनेर खुट्याउँछन्। दोस्रो, अक्षतापाती र चाँदी वा तामाको (हाल प्रचलन भएको) सिक्का थालीमा राखेर जोर, विजोर सङ्ख्या छुट्टाएर रोग र दोख के भनी खुट्टयाउँछन्। यसरी बिरामीको कारण खुट्टयाएपछि अङ्ग रोग हो भने सामान्य जडीबुटी वा आफूले जानेको औषधी उपचार गर्छन्। अन्यथा वैद्य वा अस्पतालमा डाक्टरसँग जाँच गराउनका लागि र डाक्टरको सल्लाहअनुसार एलोप्याथिक औषधी सेवन गर्न सुझाव दिन्छन्। दोखको कारणले बिरामी भएका रहेछ भने झाँक्री विधि र विधानअनुसार उपचार गर्छन्। झाँक्री र लोक विश्वासअनुसार कुनै व्यक्ति दोखले गर्दा बिरामी हुनुको विभिन्न कारक तत्वहरू रहेका हुन्छन्। बोक्साबोक्सी, भूतप्रेत, मसान, विभिन्न देवी देवता, वनका शिकारी, वनझाँक्री, सिरेनी, दैनी, चुरेनी आदि लागेमा मानिस बिरामी हुन्छन्। यी नै दोखका कारक तत्वहरू हुन् भन्ने विश्वास रहेको छ। दोखको उपचारस्वरूप झाँक्री बस्ने, विभिन्न विधि पात्लो फाल्ने, बोक्सी नचाउने, गउँरो/गहुँरो उचाल्ने, हँस फर्काउने, धजा मन्साउने, मूर्ति फाल्ने, झारफुक गर्ने आदि कार्य गरिन्छ। यदि दोख खुट्याउने बेलामा देवी देवता बढी नै रिसाएका वा भाकल गरिएको छ भने बलिसमेत दिने चलन छ।

अझै पनि विभिन्न छन्त्याल गाउँमा छन्त्याल झाँक्री छन्। उनीहरूको महत्त्व र उपदेयता भने पहिलेका तुलनामा कम हुँदै गएको छ। तथापि, आधुनिक उपचार पद्धतिले निको नभएमा अन्तिम विकल्पको रूपमा झाँक्री राख्ने चलन कायम छ। झाँक्रीले विशेषतः मसान, लागोभागो, दैनी, चुरेनी, बोक्साबोक्सी लागेको कारण कुनै व्यक्ति बिरामी परेका भए झारफुक र तन्त्रमन्त्र गर्छन्। उनीहरूले स्थानीय स्तरमा उपलब्ध जडीबुटीबाट औषधी बनाएर उपचार पनि गर्छन्। यदि चोटपटक र रोगका कारणले बिरामी भएको छ भने अस्पतालमा उपचार गराउन सुझाव दिन्छन्।

५.५. परम्परागत देवी देवता

परापूर्वकालदेखि प्राकृतिक धर्म अवलम्बन गरेका छन्त्याल जातिको सोही अनुसारका परम्परागत देवी देवता छन् । जसलाई पूज्ने, मान्ने र पूजाआजा गर्ने, बलि दिने छुट्टै मौलिक परम्परा छ। ती विभिन्न देवी देवताले जीवनभर रक्षा गर्ने, अनिष्टबाट जोगाउने, अप्ठ्यारो पर्दा सहयोग गर्ने आदि विश्वास रहेको छ। आफ्ना सन्तानको भलाइ, बाढीपहिरो, रोगव्याधिबाट जोगाउन, राम्रो बाली बनाउन, कुलघरान, दाजु भाइलगायत श्रीसम्पत्तिको संरक्षण र रक्षा देवी देवताले गर्छन् भन्ने विश्वास छ। त्यसैले यस जातिमा कुलदेवता, भूमे, सिकारी, सिद्ध, बराह, मूल, वायु आदि देवी देवतालाई धुप बत्ती गर्ने, धजानेजा र विभिन्न प्रसाद चढाउने, कुखुरा, भेडाको पाठा, बाख्राको बलि दिने चलन छ।

परम्परागत रूपमा मान्दै आएको देवी देवता निम्नानुसार छन्ः

देवता– कुलदेवता, पितृदेवता, सिमेदेवता, भूमेदेवता, सिद्ध, सिकारी, बराहदेवता, वायुदेवता, वराहदेवता, देउरालीदेवता, अग्निदेवता, नागदेवता, बोक्सा, वनझाँक्री आदि ।

देवी– झङ्क्रेनी, सिरेनी, बोक्सेनी, डुलवा, देउरालीदेवी, चुरेनी आदि ।

मध्यकालदेखि काठमाडौंमा प्रभाव जमाउँदै आएको हिन्दु धर्मले नेपाल एकीकरणपछि बहुदलीय व्यवस्था स्थापनासम्म राष्ट्र धर्मका रूपमा स्थान पायो । त्यस धर्मका देवी देवताको पूजा नगण्य रूपमा मात्र गर्छन् । समर्पित नै भएर यस धर्मलाई मान्ने र देवी देवताको पूजा गर्ने सङ्ख्या छन्त्यालमा अत्यन्त न्यून रहेको पाइन्छ। तर सतही रूपमा हेर्दा बढी नै सङ्ख्या भएजस्तो देखिन्छ।

गैरपरम्परागत देवता– कृष्ण, राम, गणेश, विष्णु, शिव, बुद्ध, जिसिस क्राइस्ट आदि ।

गैरपरम्परागत देवी– दुर्गा, सरस्वती, लक्ष्मी, पार्वती, सेन्ट मेरी आदि ।

उल्लिखित गैरपरम्परागत देवी देवताको पूजाआजा गर्दा पनि छन्त्यालहरूले आफ्नै विधि, प्रक्रिया र शैलीमा गरेको पाइन्छ। पुजारी पनि आफै हुने गर्छन् । तर मन्दिरमा अन्य गैरछन्त्याल पुजारी छ भने पूजा तथा दर्शन पुजारीद्वारा गर्ने नै भए।

५.६. परम्परागत चाडवाड/चाडपर्व

छन्त्यालले परापूर्वकालदेखि भूगोल, मौसमी चक्र, उत्पादन प्रक्रिया र आस्थाअनुसार विभिन्न चाडपर्व मनाउँदै आएको पाइन्छ। ती चाडवाड परम्परागत विधि, प्रक्रिया र शैलीमा मनाउने गर्छन् । माघे सङ्क्रान्ति र श्रावणे सङ्क्रान्ति/साउने सङ्क्रान्ति, भूमेपूजा र कुलपूजा आदि मुख्य चाडवाड हुन् । यी चाडपर्वले उनीहरूको जीवनसँग विशेष महत्त्व राख्ने भएकोले धुमधाम र हर्सोल्लासका साथ मनाउने चलन रहेको छ।

५.६.१. म्हिलाङे सोङ्ती (माघे सङ्क्रान्ति)

म्हिलाङे सोङ्ती छन्त्यालको सबैभन्दा महत्त्वपूर्ण चाड हो । यो चाड छन्त्यालले परापूर्व कालदेखि परम्परागत रूप र मौलिक ढङ्गले मनाउँदै आएका छन् । जसले यस जातिको सांस्कृतिक महत्त्वलाई उजागर गरेको छ । माघ महिनाको पहिलो दिन मनाउने पर्व नै म्हिलाङे सोङ्ती हो । जुन नेपाली भाषामा माघे सङ्क्रान्तिको नामले प्रचलित छ । माघे सङ्क्रान्ति छन्त्याल जातिको राष्ट्रिय चाड हो । यसै दिनदेखि छन्त्याल जातिको नयाँ वर्षको आरम्भ हुन्छ ।

माघे सङ्क्रान्तिको दिनदेखि सूर्य दक्षिणबाट क्रमशः उत्तरतिर लाग्ने र दिन क्रमशः लम्बदै जाने तथा रात छोटो हुँदै जाने, जाडोपछि गर्मीयामको शुरु हुने, उधौलीको समाप्तिपछि उभौलीको आरम्भ हुने, हेमन्त ऋतुपछि शिशिर ऋतु र वसन्त ऋतु लाग्ने तथा वर्षे बाली भित्र्याई हिउँदे बाली लगाइसकेको खुशीयालीमा चाड मनाउने चलन छ । ऐतिहासिक दृष्टिमा छन्त्याल पुर्खाहरूले पहिले माघे सङ्क्रान्तिको दिन खानी खन्न छोडी पितृपूजा गर्ने, परिवारसँग बसेर खानपिन गर्ने, ताराखेल शुरु गर्ने र आफन्तजनसँग भेटघाट गरी मनाउने चलन रहेको थियो ।

यस दिन घर लिपपोत गरी सबैतिर चोखो गरिन्छ । विशेषतः बिहान नजिकको खोला वा पँधेरामा नुहाइ तामाको पैसा, मासको दाल, अक्षतापाती र धजालाई गोगन वा मयोको पातामा राखी बत्ती बालेर जलदेवताको नाममा पूजा गरी पानीमा बगाइन्छ । साथै टिलाकुटी[५४] साटी चेलीबेटीहरूलाई दक्षिणा दिइन्छ । पितृलाई प्रसाद चढाउन सगुनको रूपमा पकाइएको विभिन्न परिकार जस्तैः तरुल, भ्याकुर, गिठ्ठा, सख्खरखण्ड, सेलरोटी, रक्सी, जाँड, मासु, आचार, चट्नी, भात, तरकारी र फलफूल आदिलाई नाङ्लोमा राखिन्छ । मूलथाम वा सिरानमा धुपबत्ती गरेर धजा बाँधिन्छ । सोपछि पवित्र स्थानमा पितृ चढाउनुपर्छ । पितृ चढाएमा पितृदेवता खुशी हुने, परिवारमा सुखशान्ति हुने र विविध किसिमका अनिष्टबाट पितृले जोगाउने गर्छन् भन्ने विश्वास रहेको छ । खानी खन्ने सयममा पितृपूजा गर्दा “पुर्खाहरूले वर्षायामको खोलानाला र बाढीपहिरोबाट बाँचियो, खानी खन्दा सुरुङ भत्केर मर्न नपरोस्, पानी नभेटियोस्, कुनै वाधा अवरोध सृजना नहोस्, तामा प्रशस्त फलोस्, पितृहरूले विभिन्न अनिष्ट र खतराबाट रक्षा गरून्” भन्दै पुकार गरिन्थ्यो ।

माघे सङ्क्रान्तिमा विशेषतः माटोमुनि फल लाग्ने जातका कन्दमूल जस्तैः गिठ्ठा, भ्याकुर, वनतरुल, सक्खरखण्ड, आलु, पिँडालु, करेसाबारीमा लगाउने सेतो, रातो, गान्टे, हात्तीपाइले तरुलका परिकारहरू र पेय पदार्थमा जाँड, रक्सी महत्त्वपूर्ण हुन् । त्यसैगरी, अन्य परिकारमा भात, मासु, खिच्चडी, अण्डा, तरकारी, पाना (आलुदम वा फ्राई गरेको आलु), दाल, आचार,

---

५४ माघे सङ्क्रान्तिको दिन मासको दाल, चामल र नगद टपरीमा राखेर घरमुलीले छोरीबेटीलाई टीका लगाइ दिइने उपहारलाई टीला साट्ने भनिन्छ ।

भिना, सेल (घुमाउने) र चेप्टो रोटी पनि उत्तिकै महत्त्वपूर्ण परिकारहरू हुन् । जाँड, रक्सीसहित दूध, दही, मही, घ्यू, नौनी आदि पनि चलनमा रहेका छन् । यस पर्वमा भने पेय पदार्थको रूपमा जाँड र रक्सी अनिवार्य हुन्छन् । गिठ्ठा, भ्याकुर, सक्खरखण्ड, वनतरुल, सेतो, रातो र गान्टे तरुल तथा भात, मासु र दालका परिकारहरूको त्यत्तिकै महत्त्व हुन्छ ।

यस दिनदेखि परम्परागत तारा खेल शुरू गरिन्छ । ऐतिहासिक रूपमा सिकारी समाजमा आहारका लागि धनु र वाणमा निपूर्ण हुनु अनिवार्य थियो । जसले गर्दा सिकारलाई सही निशाना लगाउन सकिन्थ्यो । यदि निशाना चुकेमा तुरुन्तै दोहोरिएर थप निसाना लगाउने अवसर गुम्थ्यो र गुम्छ । निशाना गुमेको अवस्थामा आवश्यक खानाको अभाव हुन्थ्यो, जसले गर्दा चिसो मौसममा शरीरमा प्रोटिनको कमी हुन्थ्यो । परिणामतः शरीर कमजोर भएर सिकार गर्न र खाना सङ्कलन गर्न कठिन हुन्थ्यो । त्यसैले पुर्खाहरूले खाना र शरीरमा प्रोटिनको कमी हुन नदिन र शरीर बलियो राख्नका लागि सही निसाना लगाउनुपर्थ्यो । सिकार मार्नुपर्थ्यो । त्यसैले उनीहरू धनु र वाणमा कुशल, विशेषज्ञ, योग्य, दक्ष र निपूर्ण हुन तथा अभ्यस्त बन्नका लागि दैनिक रूपमा मिहिनेत र अभ्यास गर्नुपर्थ्यो । अन्ततः यो तारा खेलको रूपमा विकास भयो र पर्वको रूप लियो । यसै पृष्ठभूमिको निरन्तरतास्वरूप माघे सङ्क्रान्तिको दिनदेखि तारा खेलको आरम्भ गरिन्छ । शुरुमा ताराको फ्ल्याकलाई अक्षता पाती र धुपबत्तीले पूजा गरिन्छ । सोपछि भाले मन्साएर बलि दिने चलन छ । पूजा सकिएपछि पाको र छानिएको व्यक्तिले वाणले तारा हानेर अपौचारिक रूपमा खेलको उद्घाटन गरिन्छ । सोपछि सबैजना सहभागीहरू विभिन्न समूहमा विभाजित भएर तारा हान्छन् । तारा हान्ने क्रममा कुनै खेलाडीले खोल[५५] पसालो भने फूल टीका लगाइदिएर सम्मान गर्ने तथा ताराको फ्ल्याक, धनु, वाण र खोल (ring)लाई अक्षतापाती र जाँड वा रक्सी छर्केर पुज्ने चलन छ ।

वर्तमानमा माघे सङ्क्रान्ति पर्वको अवसरमा विभिन्न छन्त्याल गाउँहरूमा मेला जात्रा लाग्ने गर्छ । जुन मेलाजात्रामा ताराखेल, भलिबल, फुटबल, दोहोरीगीत, लोकगीत, विभिन्न सांस्कृतिक नाचगान र झाँकीहरूलगायत विविध मनोरञ्जनात्मक कार्यक्रमहरूको आयोजना गरिन्छ । यदि गाउँमा कुनै बालकको पुतपुराउ खाने रहेछ भने सङ्क्रान्तिको दिनको साँझमा परम्पराअनुसार तयारी गरी पुतपुराउ खाने, नाचगान गर्ने चलन पनि रहेको पाइन्छ ।

५.६.२. साउने सङ्क्रान्ति

छन्त्यालले साउने सङ्क्रान्तिलाई दोस्रो ठूलो पर्वका रूपमा मनाउँछन् । श्रावण कालो महिना हो भन्ने धारणा रहेको छ । यो महिनापछि वर्षा धेरै हुने, बाढीपहिरो जाने, खोलानालामा पानीको मात्रा बढ्ने, परम्परागत साँघु, फट्के र घाटमा क्षति पुग्ने हुन्छ । जसले गर्दा छिमेकी गाउँका इष्टमित्रसँग आवतजावत बन्द हुने, दैनिक जीवनका कार्य गर्दा, वा आवतजावत गर्दा

५५ तारा खेलका लागि गाडिएको फ्ल्याकको बीच भागमा निशाना लगाउनका लागि राखिएको फलामको सानो घेरा वा रिङ ।

मर्ने-बाँच्ने कुनै ठेगान नहुने, सूर्य उत्तरबाट दक्षिणतिर लाग्ने, उद्यौली शुरु हुने, बर्षे बाली लगाइ सकिने भएकोले यो चाड मनाउने गरिन्छ।

साउने सङ्क्रान्तिको बिहानै घर लिपपोत गरी चोखो गरिन्छ। पितृ चढाउने घरमूली वा जेठो व्यक्ति धारा वा पँधेरामा गएर नुहाएर चोखो हुन्छ। घरमूली वा जेठो व्यक्तिले सगुनको रूपमा पकाइएको विभिन्न परिकार सेल रोटी, खीर, माछा, मासु, जाँड, रक्सी, फलफूल आदिलाई नाङ्लोमा मिलाएर राखिन्छ। त्यसपछि पितृ चढाउने स्थानमा धुपबत्ती बाल्ने र धजानेजा चढाउने गरिन्छ। सगुनलाई धुपमा धुपाएर चोखो तथा पवित्र स्थानमा घरभित्र पितृ चढाइन्छ। यसरी पितृपूजा गरेमा पितृदेवता खुशी हुने, परिवारमा सुखशान्ति हुने र विविध किसिमका अनिष्टबाट पितृले जोगाउने वर्षे बाली राम्रो हुने, वर्षायामको बाढीपहिरोबाट बचाउँछन् भन्ने गहिरो विश्वास रहेको छ। पितृ चढाइसकेपछि परिवारका सबै सदस्यहरू, चेलीबेटी, इष्टमित्र, नातागोता भेट भएर खानपान गर्छन्।

सङ्क्रान्तिको साँझ राँके फाल्ने चलन छ। सोको लागि भलायो, राँके झार, सरेतो, टिमुर, कुरिलोको हाँगा र खोटेसल्लोको दियाले जम्मा गरिन्छ। आँगनको डिलमा चामल वा गहुँको पिठो र बेसारको पिठोले रेखी लगाइ विभिन्न खानाको परिकार, फलफूल चढाउने र धुपधजा गरी राँके बोक्साको पूजा गरिन्छ। पूजा सकिएपछि अँगेनाबाट चारवटा अगुल्टो चारै दिशापारि "राँकेपाके, लुतो पुतो, घाउ, खटिरा, रोग व्याधि, हैजा, माइव्यथा, बाढीपहिरोजस्ता अनिष्टहरू सबै यसै लुतोले लैजा" भन्दै अगुल्टाको लुतो फाल्ने चलन छ। लुतो फालिसकेपछि दगुर्दै घरभित्र पसी केही समय ढोका बन्द गरी बस्छन्। यदि ढोका बन्द नगरेमा राँके बोक्सा जागेर घरभित्र छिरेर अनिष्ट गर्छ भन्ने जनविश्वास रहेको पाइन्छ। उक्त अवसरमा आफ्ना दाजु भाइ, चेलीबेटी भेला भएर मनाउने गर्छन्।

साउने सक्रान्तिको साँझ राँके बोक्साको पूजा गरी लुतो फाल्दा परिवारमा आइपर्ने विभिन्न विपत्ति, रोग, व्यथा, घाउ, खटिरा हुँदैन भन्ने जनविश्वास रहेको छ। यस महिनादेखि भदौ महिनासम्म धामीझाँक्रीका विभिन्न देवी देवता ओपा[५६] भित्र पसेर बस्छन् भन्ने विश्वास छ। धामीझाँक्रीले यी दुई महिना ढ्याङ्ग्रो बजाउनु हुँदैन भन्ने मान्यता छ। त्यो वर्षमा राम्रा-नराम्रा के-कस्ता घट्ना र अनिष्ट कार्यहरू हुन सक्छन् भनेर साँझमा धामीझाँक्री आफ्ना सजावटका समानहरू बाखर, विभिन्न पशुपंक्षीको माला, फेटा, घण्टा, सर्प, रिठ्ठा आदिको माला र कोइलाको मोसो आदि लगाइ र ढ्याङ्ग्रो बजाउँदै झाँक्री बस्छन्। झाँक्रीले मन्त्र र ओखाभाकाबाट गुरुदेवता र गाउँका भूमेदेवता, जलदेवता, सिद्धशिकारी र कुलदेवतालाई बोलाउँछन्। झाँक्रीको शरीरमा देवता आएपछि थरथर काप्न थाल्छ। सो वर्षभरिको अवधिमा गाउँघर, छरछमिकमा राम्रो-नराम्रो के हुन्छ भविष्यवाणी गर्छ। यसरी झाँक्री बोल्दा देवता बोलेको हो भन्ने मान्यता रहेको छ। यी दुई पर्वसँगै भूमेपूजा, कुलपूजालाई पनि पर्वका रूपमा

---

५६ घरेलु औजार घन, ताङ्गा, कुतो, कोदालो आदिले जमिनमुनि खनेर बनाएको ओडार वा छोटो सुरुङ।

मनाउने गरेको पाइन्छ ।

यसबाहेक गैरपरम्परागत चाडवाड दसैँ, तिहार, जनैपूर्णिमा, तीज, चैतेदसैँ, होलीपूर्णिमा, बुद्धपूर्णिमा आदि मनाउँछन् । हिन्दु धर्मको शास्त्रमा उल्लेख भएको विधिअनुसार मनाउने चलन भने पाइँदैन । हिन्दु चाडवाड विशेषतः यस धर्मसँगको सम्पर्क र प्रभावसँगै बिस्तारै मान्दै आएको भन्ने भनाइ बूढापाका राख्छन् । उनीहरूका अनुसार हिन्दु धर्मावलम्बी आफ्नो प्रभाव सबै क्षेत्रमा फैलाउन चाहन्थे र सफल पनि भए । सोहीअनुसार राज्यमाथि हस्तक्षेप गरी नीतिनिर्धारण तहसम्म पहुँच पुऱ्याउने अवस्थामा पुगे । अन्ततः राज्यका कानुन, ऐन, नियम हिन्दु धर्मको ग्रन्थ मनुस्मृतिका आधारमा बन्न थाले, जुन प्रक्रिया हालसम्म पनि छ । यसको असर गैरहिन्दुको जीवनको हरेक पक्षमा प्रभाव रहँदै गयो । अन्त्यमा नेपालका आदिवासी जनजातिलगायत सबै समुदायले हिन्दु चाडपर्व मान्न थालेका हुन् ।

रामबहादुर छन्त्यालका अनुसार हिन्दु धर्मसँग सम्बन्धित चाडवाड छन्त्याल जातिले विशेषतः दुईवटा कारणले मनाउन थालेका हुन् । एक, कुनै पनि व्यक्ति वा समुदायले अर्को भिन्न परम्परा, संस्कृतिको सम्पर्कमा आएमा वा उनीहरूसँग घुलमिल भएमा एकले अर्काको धर्म, संस्कार, संस्कृति अनुसरण र देखासिकी गर्छ । जुन यहाँका धेरै आदिवासी जनजातिमा लागू भयो । छन्त्याल जातिले त्यहीलाई अनुसरण गरे । दोस्रो, बाध्यात्मक स्थिति हो । राज्यले हिन्दु धर्मलाई राज्यको मान्यता दियो । हिन्दु राज्य काय गऱ्यो । कर्मचारीलाई पर्व खर्च पनि दसैँमा पाउने व्यवस्था गऱ्यो । सार्वजनिक बिदाको व्यवस्था गऱ्यो । हिन्दु धर्म अनुसारको चाडपर्व नमान्ने जाति, समुदाय र व्यक्तिलाई हेयू र निच दृष्टिले हेर्न थालियो । त्यतिमात्र होइन विभिन्न नीति, नियम बनाएर लागू गऱ्यो । परिणामतः छन्त्यालले पनि दसैँ, तिहार, तीज, जनैपूर्णिमा आदि चाडपर्व मान्न थालेका हुन् ।[५७] गैरपरम्परागत चाडपर्व छन्त्यालले भनेजस्तै हिन्दु धर्म मान्ने बाहुन र क्षत्री (खस)हरूसँगको सम्पर्क र पर्व मनाउनका लागि राज्यद्वारा लादिएको नीति, सुविधा र व्यवस्था कारणले हो भन्ने पुष्टि हुन्छ । नेपालमा आदिवासी जनजाति समुदायमा हिन्दु धर्मसँग सम्बन्धित चाडवाडहरू मान्नैपर्ने बाध्यता नमानेपछि राज्य सरकारले दण्ड जरिवाना समेत दिने गरेको तथ्यबारे धेरै लेखक/अध्येताहरूले सबिस्तार लेखेका छन् (गुरुङ, सन् २००८; विष्ट सन् २०७६; मिखाइल्स, सन् २००८; एलेन, सन् २००८; प्याफ–जरनेका, सन् २००८; लेटिजिया, सन् २०१६; लावती, सन् २०१२; ह्याङ्गेन, सन् २०१०; भट्टचन सन् २००८ आदि) ।

५.७. परम्परागत पूजा

छन्त्यालले परम्परागत रूपमा प्रकृतिका विभिन्न सजिव तथा निर्जीव वस्तुलाई देवी देवताको रूपमा पूजा गर्दै आएका छन् । विशेषतः मानवलगायत सबै जीवको अस्तित्त्व र

५७ सम्वत् २०६५ साउन १ गते बागलुङ बजारस्थित रामबहादुर छन्त्यालसँग गरिएको कुराकानीमा आधारित । छन्त्याल हालको जैमिनी नगरपालिका वडा नं. ३ (साविक दमेक गाविस ७)का स्थायी निवासी र बसाइँ सरेर बागलुङ बजारको बासिन्दा हुन् । उनी नेपाल छन्त्याल संघ जिल्ला समिति बागलुङका पूर्वअध्यक्ष समेत हुन् ।

जीवन प्रकृतिको कारणले नै सम्भव भएको हो भन्ने विश्वास रहेको छ। त्यसैले छन्त्यालमा पृथ्वीको माटो, ढुङ्गा, पानी, रूखविरुवा देवी र देवताको रूप हुन् भन्ने गहिरो विश्वास र आस्था रहेको छ। यसको आधारमा पूजा गर्छन्।

परम्परागत रूपमा पूर्वजदेखि गर्दै आएको पूजाहरू निम्नानुसार रहेका छन्ः

५.७.१. भूमेपूजा

छन्त्याल जातिले श्रद्धा र सम्मानपूर्वक जमिन वा भूमिलाई पूजा गर्ने चलन छ। जमिन वा भूमि नै जीवन बाँच्ने, खानी खन्ने, खेतीपाती गर्ने र पशुपालन गर्ने आधार हो। भूमि र मानिसको सम्बन्ध अन्योन्याश्रित छ भन्ने आधारमा भूमे देवताको रूपमा प्रत्येक वर्ष भूमेथानमा भूमिको पूजा गरिन्छ। भूमेपूजा विशेषतः मंसिर वा बैशाख महिनामा सामूहिक रूपमा गर्ने चलन छ।

भूमेपूजा गर्न गाउँको अविवाहित पुरुष पाँरे बस्नुपर्छ। पाँरे बस्ने व्यक्तिले पूजाको अघिल्लो दिन सूर्यास्तअघि नै खाना खाएर नुहाइ चोखो गरी बस्नुपर्छ। पूजाको दिन गाउँका सबै घरधुरीबाट सकेसम्म एक/एक जना पुरुष वा महिला सहभागी हुन्छन्। बिहान पाँरेले भूमेथान सरसफाइ तथा लिपपोत गर्ने, ढुङ्गाको देवतालाई सफा गरी थानको खोपामा राख्ने, कुण्डली बनाउने, धजानेजा चढाउने र धुप बाल्ने गर्छन्। पाँरेले चामल वा गहुँको पिठो र बेसारको धुलोको रेखी तयार गर्ने, खीरलगायत भूमे देवतालाई चढाउने प्रसाद गेरमति, रोटी, जाँड, फलफूल तयार गर्ने र चढाउने, दूधको धार हाल्ने, बलि दिने भेडाको सार वा पाठामा अक्षता पाती र चोखोपानी राखेर मन्साउने गर्छन्। सबै तयारी पूरा भएपछि बलि दिइन्छ। बलिको रगत थानको कुण्डली र देवतालाई चढाउनुपर्छ भन्ने विश्वास छ। बलि दिएको भेडाको साँर वा पाठाको मुडलाई थानमा राखिन्छ। भेडाको बाँकी शरीरलाई उठाएर पाँरे र अन्य सहयोगीले थानलाई दाहिने पारी तीनपटक परिक्रमा गराइन्छ। सामूहिक साँरको बलि दिएपछि मात्र व्यक्ति वा परिवारले भाकल गरेको पाठाको बलि दिने गरिन्छ।

बलि दिएपछि भेडाको साँरको पात्रो निकालेर धामीझाँक्री वा आखत हेर्ने जानेको व्यक्तिले उक्त वर्ष बालीनाली राम्रो हन्छ वा हुँदैन, समयमा पानी पर्छ वा पर्दैन र प्राकृतिक प्रकोप तथा विपत्ति आइलाग्छ वा लाग्दैन भनेर शुभ-अशुभको जोखना हेर्छन्। सोहीअनुसार उपस्थित सहभागीलाई जानकारी गराउँछन्। त्यसपछि साँरको भित्रास सफा गरी शरीरको मासुसँग मिसाएर पकाइन्छ। पकाएको र पोलेको मासु थानमा चढाइन्छ, साँरको सिङ थानको लिङ्गोमा झुण्डाइन्छ। सबै प्रसाद थानमा चढाएपछि सहभागीले लिएर गएको सगुन र प्रसादको रूपमा तयार गरिएको परिकारहरू बाँडरे खान्छन्। गाउँमा रमाइलो गर्छन्। साँरको मासु गाउँको सबै घरधुरीलाई जे-जति पुग्छ भाग लगाउने चलन छ। पूजा गर्दा लागेको खर्च वा आर्थिक भार प्रत्येक घरधुरीले बराबर व्यर्होछन्, जुन सामाजिक र सांस्कृतिक कार्यका लागि एकता र

समानताको प्रतिबिम्ब हो ।

यसरी भूमेको पूजा गरेपछि पनि अति वर्षा, अनावृष्टि, बालीनाली राम्रो भएन र वस्तुभाउलाई रोगव्याधि लाग्यो भने पूजा राम्ररी नभएको हो र भूमेदेवता खुशी भएनन् भन्ने विश्वास गरिन्छ। पुनः अर्को वर्ष गर्दा पूजाको विधिलाई सुधार गर्ने प्रयास गरिन्छ। एकातिर भूमेपूजाले छन्त्याल जाति र भूमिसँगको सम्बन्धलाई बलियो बनाउँछ। अर्कातिर गाउँका सबै बासिन्दालाई एकताको डोरीमा बाँधेको छ। हामी भन्ने भावनको विकास गराएको छ। त्यसैले भूमेपूजाले प्रकृतिप्रतीको समर्पण र सामाजिक एवम् सांस्कृतिक सम्बन्धलाई बलियो बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ।

५.७.२. बराहपूजा

जल वा पानीप्रतिको सम्मानस्वरूप जलदेवता वा बराहपूजा गर्ने चलन छ। बराहपूजा विशेषतः मंसिर, बैशाख वा साउन महिनामा गर्ने भए पनि गाउँठाउँअनुसार विभिन्न महिना वा दिनमा पूजा गर्ने चलन छ। बराहपूजा सामूहिक र व्यक्तिगत दुवै किसिमले गरिन्छ। बराहपूजाको दिन पाँरैले बिहान चोखोनिष्ठो गरी नुहाएर थान लिपपोत गर्छ। यससँगै ढुङ्गाको देवता, रगत पार्ने र दूधको धार हाल्ने कुण्डली तयार पार्छ। प्रसादको रूपमा गेरमति, रोटी, खीर आदि पकाउँछ। दूधको धार हाल्छ। धजानेजा लिङ्गोमा बाँधेर चढाउने, विभिन्न फलफूल र प्रसादहरू चढाउने गर्छ। चोखोपानी र अक्षतापातीले भेडाको साँर वा पाठा मन्साउने गर्छ। सोपछि बलि दिने चलन छ।

बलि दिएपछि साँरको पात्रो निकालेर पूजा राम्रो नराम्रो के भयो? एक वर्षको अवधिमा शुभअशुभ के कस्तो हुन्छ? समयमा पानी पर्छ वा पर्दैन? आदि विषयमा जोखना हेर्न जान्ने व्यक्तिले खुट्ट्याउने गरिन्छ। सोहीअनुसार उपस्थित व्यक्तिहरूलाई सूचना प्रवाह हुन्छ। अन्त्यमा, पाँरैले साँरको पकाएको मासु र तयार गरिएको प्रसाद थानमा चढाएपछि लिएर गएको सगुनपात सहभागीहरूले मिलेर खान्छन्। निमन्त्रणा गरिएको पाहुनासहित खानपान र रमाइलो गरिन्छ।

५.७.३. सिद्धपूजा

छन्त्यालले प्रकृतिको देवताको रूपमा सिद्धपूजा गर्ने चलन छ। यो पूजा सामूहिक र भाकलअनुसार व्यक्तिगत हुन्छ। सिद्धपूजा विशेषतः चोखो र उच्च स्थानमा बनाइएको सिद्धथानमा गरिन्छ। सिद्ध पूजामा पनि पाँरै पुरुष बस्ने चलन छ। पूजाको दिन पाँरैले अन्य पूजामा जस्तैः चोखोपानी, माटो वा गोबरले थानको सरसफाइ गरी लिपपोत गर्नुपर्छ। सोपछि ढुङ्गाको देवता, कुण्डली बनाउने, चोयाँ वा तितेपाती वा बाँस वा कुनै बिरुवाको लामो लिङ्गो बनाएर धजानेजा बाँधेर थानमा गाड्नुपर्छ। पूजाको सामग्रीहरू तयार गरी प्रसाद चढाउनुपर्छ। गाउँबाट आएको धजानेजा पनि पाँरैद्वारा चढाउने चलन छ। चोखोपानी र अक्षतापाती राखेर

भेडाको ठमाहा[५८] साँरलाई मन्साइन्छ । साँरले छिट्टै माने[५९]मा देवता खुशी भएको विश्वासमा बलि दिइन्छ । साँरले नमानेसम्म बलि दिने गरिँदैन । त्यसपछि गाउँका उपस्थित सबै सहभागीले सगुन खान्छन् । साँरको पात्रो हेरेर शुभ-अशुभको जोखना हेर्छन् ।

५.७.४. गोठपूजा

छन्त्याल जातिले खानी खन्न छोडेपछि पूर्ण रूपमा कृषि र पशुपालन व्यवसायमा लागेका थिए । उनीहरूले भेडा, बाख्रा, भैंसी, गाई आदि पाल्ने गर्थे र गर्छन् । पशुपालनका लागि विभिन्न स्थानमा मौसमअनुसार वस्तुभाउको गोठ सार्ने चलन छ । पशुपालन गर्दा कुनै पनि अप्ठ्यारो, कठिनाइ र अशुभ नहोस्, वस्तुभाउमा हानि नोक्सानी नहोस् भन्ने कामनासहित प्रत्येक छन्त्याल पशुपालकले गोठालो र गोठल्नी (पशु वा गोठको देवी देवता)को नाममा गोठ पूजा गर्ने चलन छ, जसलाई गैह्रोपूजा पनि भनिन्छ । गोठपूजा गाउँ र अवस्थाअनुसार जुनसुकै महिनामा गर्ने परम्परा छ । तथापि, असोज, मंसिर, पुस र बैशाख महिनामा बढी गर्ने चलन छ अर्थात् उभौली र उधौली जुनसुकै समयमा पनि गरिन्छ । गोठपूजा प्रत्येक परिवारले एकल रूपमा वा पशुपालक मिलेर संयुक्त रूपमा दुवै तरिकाले गरिन्छ । पूजा परिवार मात्र गर्ने भए पाँरे पनि सो परिवारको मूली पुरुष बस्ने गर्छ । पूजाको दिन पाँरेले बिहान नुहाइ चोखोपानी, माटो, ढुङ्गा र गोबरले गोठभित्र थान बनाउँछ । ढुङ्गाको देवता र कुण्डली बनाउँछ । तितेपाती वा चोयाको सिताको लिङ्गो बनाएर रातोसेतो धजा बाँधेर थानमा राख्छ । थानमा चढाउनका लागि गेरमति, च्याप्टे, बालो रोटी तयार गर्नुको साथै खीर पनि पकाउँछन् । थानमा प्रसाद, फूल, अक्षता, पाती चढाएर धुप बालिन्छ । सोपछि बलि दिने रातो भाले र पहेँलो पाथीलाई अक्षतापाती र चोखोपानी मन्साउँदै गोठ परिक्रमा गराइन्छ । गोठ परिक्रमा गराएपछि कुखुराले माने पछि बलि दिइन्छ ।

कुखुराको पात्रो हेरेर पूजा राम्रो भयो भएन, देवी र देवता खुशी भए वा भएनन्, वस्तुभाउ र गोठमा आउने दिनमा शुभ वा अशुभ के हुन्छ भनेर जोखना हेर्ने गरिन्छ । विभिन्न खानेकुराको परिकार र पकाएको वा पालेको मासु थानमा चढाएपछि पारिवारिक भए परिवारका सदस्य, निमन्त्रणा गरिएका छोरी ज्वाइँ वा पाहुना र सामूहिक भए सोहीअनुसार व्यक्तिहरू जम्मा भएर खानपान र रमाइलो गर्ने गर्छन् ।

५.६.५. कुलपूजा

आदिम कालदेखि एउटै घराना, थर वा खलकमा मृत्यु भएका पितापुर्खाको सम्मान, सम्झना, श्रद्धा तथा बाँचेका वंश र सन्तानको रक्षा, उन्नतिको कामनासहित गरिने सामूहिकपूजा

---

५८ पाठा जन्मेदेखि नै ऊन नकाटेको साँर ।

५९ बलि दिने पशु वा पंक्षीले पाँरेले राखेको अक्षता, पाती र पानीलाई शरिर झट्कारेर वा हल्लाएर वा थर्थराएर शरीरबाट हटाउने कार्य ।

नै कुलपूजा हो । पूजाको दिन निर्धारित खलक वा थरको गन्यमान्य तथा सबै दाजु भाइको सहमतिमा हुने गर्छ । विशेषतः कुलपूजा मंसिर महिनामा गर्ने चलन छ । पाँरे खलक वा थरभित्रको अविवाहित व्यक्ति सामूहिक सहमतिमा छनौट हुन्छ। कुलपूजाका लागि आवश्यक सामग्रीहरूः विशेष चोखोपानी (तामाको भाँडा वा काठको ठेकी), रातोसेतो धजा, फूलपाती, अक्षता, कटुसको वा बाँसको लिङ्गो, घ्यू, धुप, चामलको पिठो र बेसार, धार हाल्नका लागि दूध, माटो वा गोबर र थान रङ्गाउन सेतो कमेरो आदि हुन् ।

थान लिपपोतका लागि आवश्यक चीजहरूः चोखोपानी, कमेरो, माटो, गोबर आदि हुन् । बलिदिने पशु र पंक्षीहरू भेडाको साँर र कुखुराको भाले, परेवा आदि हुन् । कुलदेवतालाई चढाउने प्रसादहरूः गेरमति, रोटी, जाँड, रक्सी, फलफूल, तरकारी, खीर, साँर र कुखुराको मुटु कलेजो पोलेको वा भुटेको आदि प्रमुख हुन् । पूजाको दिन पूजा सामग्री र अन्य व्यवस्थापनका लागि छनौट गरिएको घरबाट बाँस वा कटुसको लिङ्गोलाई कमेरो र रातो माटोले रङ्गाउने र रातोसेतो धजा बाँध्ने साथै पूजा सामग्री र बलिदिने पशुपंक्षी आदि लिएर पूजा स्थल थान वा विसौनामा गइन्छ । पूजा थान गएपछि पाँरे तथा उपस्थिति दाजुभाइ मिलेर थानको सरसफाइ र लिपपोत गरिन्छ । पाँरेले थानको खोपामा कूलको प्रतिमास्वरूप रहेका निराकार मूर्तिको सरसफाई गर्ने र खोपा लिपपोत गर्ने, खोपामा रेखी हाल्ने, धुप बाल्न र बलिको रगत चढाउन कुण्डल बनाउने, लिङ्गोलाई थानको बीचमा पर्ने गरी ठड्याउने, प्रसाद चढाउन गेरमति र रोटी बनाउने आदि मुख्य कार्य गरिन्छ । पाँरेलाई आवश्यकताअनुसार उपस्थित अन्य दाजु भाइले सहयोग गर्छन् ।

पाँरेले थानलाई चोखोपानी वा तामापानी छर्केर चोख्याउने, निराकार मूर्ति र लिङ्गोमा दाजु भाइ खलकको प्रतिनिधित्व हुने गरी एक/एक जोडा धजा बाँध्ने साथै प्रत्येक घरबाट लिइएको धजालाई लिङ्गो वा थानमा चढाउने, दाउराको कोइलामा धुपी वा घ्यू र तितेपातीको धुपलाई प्रत्येक खोपामा जलाउने (अगरबत्तीको आगमनसँगै सो पनि प्रयोग गर्ने चलन छ) साथै कुण्डलीमा दूधको धार हाल्ने गर्छन् । सोपछि अक्षतापाती र चोखोपानीले पुजारीले थर वा खलकको तर्फबाट पूजा गरिने भेडाको साँर वा कुखुराको भालेमा अक्षतापाती, चोखोपानी हाल्ने र मन्साउने गरिन्छ । सो समयमा कुलदेवतालाई पुकार्दै रक्षा गर्न र भूलचूक भएमा क्षमा गर्न प्राथना वा याचना गरिन्छ । साँर र भालेले मानेपछि पुजारीले दुवैको पालैपालो बलिदिने गर्छन । सोपछि यदि भाकलअनुसार कुनै दाजु भाइले पशु वा पंक्षी लिएर गएको भए सो मन्साउने र प्राथना गर्न लगाइ बलि दिने गरिन्छ ।

बलि दिएपछि भेडाको साँर र कुखुराको रगत फरक-फरक खोपा र कुण्डलीमा पार्नुपर्छ भन्ने विश्वास रहेको छ । शिर वा मुडलाई पनि केही समय छुट्टाछुट्टै बनाएको कुण्डलीमा राखिन्छ । भेडाको साँर तथा कुखुराको मुटु र केलेजो धामीझाँक्रीको विशेषता भएको वा जान्ने व्यक्तिले शुभ-अशुभ हेर्ने गरिन्छ । सोपछि त्यसलाई भुटेर वा पोलेर जाँड, रक्सी र अन्य प्रसादसँगै पाँरेद्वारा थानमा चढाइन्छ । साँरको सिङ लिङ्गोमा बाँध्ने र भालेको प्वाँख थानको

कुण्डलीमा राखिन्छ । उपस्थित दाजु भाइ र भाकलअनुसार लिएर गएका प्रसाद एवम् अन्य चीज लिएर आएका सबैले चढाउन सक्छन् । सोपछि लिएर गएको प्रसाद जाँड, रक्सी, रोटी, तरकारी, भेडा, कुखुराको मासु आदि सबै उपस्थित इष्टमित्र र दाजु भाइले सामूहिक रूपमा एकआपसमा बाँडेर खान्छन् । भेडाको साँरको मासु उपस्थिति नहुने दाजु भाइलाई सानो टुक्रा भए पनि पुऱ्याउने चलन पनि कायम छ । यस दिन इष्टमित्र, नाताकुटुम्ब आदिलाई बोलाएर खानपान, रमाइलो गर्ने तथा मेला लगाउने चलन पनि विकास हुँदै गएको छ ।

कुलपूजामा विभिन्न आफन्त, इष्टमित्र, नाताकुटुम्बलाई सहभागिताका लागि निमन्त्रणा गरिन्छ । पूजाको खर्च तथा आर्थिक भारलाई पूजा गर्ने थर वा खलकका दाजु भाइले बराबर भाग लगाएर व्यहोर्छन् । जसले गर्दा खर्चको व्यवस्थापन गर्न सजिलो हुन्छ । जसले एकता, भावनात्मक सम्बन्ध, सामूहिता र समानताका लागि भूमिका खेलेको हुन्छ ।

कुलपूजाको दिन पाँरेसहित सबैले “हे कुलदेवता…! हाम्रो वंश, जाति, थर, खलकको परम्परा, मूल्यमान्यता र रीतिथितिअनुसार तिम्रो चरणमा आएका छौं । वंश, जाति, थर, खलकको उन्नति, प्रगति र रक्षाका लागि चलिआएको सीमा र चलनअनुसार विधि, प्रक्रियाअनुसार तिम्रो सामू प्राणी राखेका छौं । तिम्रो खुशी र शक्तिका लागि चढाएका छौं । गनुपर्ने कार्य नभएको भए, विधि र प्रक्रियामा त्रुटी भए साथै जानअन्जानमा भूलचूक भए क्षमा दिनुहोला । तिमी खुशी भए यिनी (भेडाको साँर र भाले)ले मान्ने छन् । हे कुलदेवता…! हामी तिम्रा सन्तान हौं । तिम्रो मानमनितो गर्नु, तिमीलाई पुज्नु हाम्रो कतर्व्य हो । सन्तानको रक्षा गर्नू, आपतविपद्मा जोगाउनू, दुःखकष्टबाट छुटकारा दिलाउनू तिम्रो दायित्व हो । यो हाम्रो पुकार तिम्रो सन्तानको आवाज हो । मानिदेऊ…मानिदेऊ हाम्रा कुल देवता भन्दै पुकार्ने गरिन्छ । वंश, जाति, थर, खलकमा भविष्यमा हुने जायजन्म राम्रो होओस्, बालीनाली श्रीसम्पतिको रक्षा होओस्, अनिष्ट, अकाल, दुखकष्ट र पीरमर्का कसैलाई नपरोस्, अन्याय र अत्याचार कसैमा नहोस् । तिम्रो सन्तानको जीवन सहज र सरल रूपमा चलोओस् भन्ने पुकार हामीले तिमीसँग गर्छौं” भन्दै कुलको सम्झना गर्ने चलन छ ।

कुलपूजाले मृतक पुर्खा र अग्रजप्रति भावनात्मक सम्मान र सम्झना गरेको हुन्छ । आफ्नो थर, खलक बीचमा एकता र समर्पणको भावनाको विकास गराएको हुन्छ । पूजामा निमन्त्रणा गरिएको माइती, इष्टमित्र र पाहुनाहरूसँग समाजिक सम्बन्ध बलियो भएको हुन्छ । छन्त्याल जातिको कुलपूजाले इतिहास, समाजिक सम्बन्ध र सांस्कृतिक पहिचान तथा हामी भन्ने भावनलाई जीवन्त बनाउन योगदान गरेको हुन्छ ।

५.७.६. पितृपूजा

छन्त्याल जातिले पितृपूजा परिवारमा घरभित्र गर्ने चलन छ । जसमा मृतक पितृहरूको सम्झाना र सम्मान गरिन्छ । विशेषतः परम्परागत रूपमा पितृपूजा माघे सङ्क्रान्ति र साउने सङ्क्रान्तिको अवसरमा गरिन्छ । पितृपूजामा पाँरे वा पुजारी घरको मुली वा जेष्ठ पुरुष हुन्छ ।

महिलाले पूजाको दिन (माघे वा साउने सङ्क्रान्ति) घर र पूजा स्थान लिपपोत गर्छन् । पितृ चढाउने प्रसाद माघे सङ्क्रान्तिमा तरुल, भ्याकुर, गिठ्ठा, सख्खरखण्ड, मासु, तरकारी, रक्सी, जाँड, दूध, दही र साउने सङ्क्रान्तिमा खीर, मासु, तरकारी अचार, रक्सी, दूध, दही आदि तयार गरिन्छ । उक्त प्रसादलाई नाङ्लो वा पूजा थालीमा मिलाएर राखिएपछि धुपबत्तीमा धुपाएर चोखो स्थानमा पितृ चढाउने गरिन्छ। पितृ चढाउने समयमा घरपरिवार, श्रीसम्पत्तिलाई रक्षा गर, कुनै दुःखकष्ट सहन नपरोस् भन्ने कामना गरिन्छ। पितृपूजा गर्दा मृतक मातापिता, पुर्खा खुशी भएर सबैमा रक्षा गर्नेछन् भन्ने अपेक्षा गरिन्छ। सो दिन दिदी बहिनी, छोरी चेली र आफन्तहरूलाई बोलाएर खानपानसँगै रमाइलो गरी मनाउने चलन छ।

पितृदेवतालाई छन्त्यालले हरेक कार्य गर्दा सम्झने र सम्मान गर्ने गर्छन् । यात्रा, नयाँ कामको थालनी, कुनै नयाँ बाली चाख्दा वा खाँदा, यात्राबाट फर्कदा र कुनै संस्कार कार्य गर्नुपर्दासमेत पितृदेवताको पूजा गरिन्छ । छोराको विवाहमा नयाँ दुलहीको वंश र कुलमा समावेश, जीवन सुखमय र सन्तान वृद्धिको कामनासहित पूजा गरिन्छ। त्यसैगरी, छोरीले माइती भेट्न आउदा पितृलाई सम्झेर धुपबत्ती बाल्ने र छोरीले रीतअनुसार ल्याएको दहीलगायत अन्य परिकार चढाइ पितृपूजा गरिन्छ। बच्चाको धुप, छेवर, पुतपुराउ र गुन्युचोलीको समयमा पनि पितृदेवतालाई सम्झने र पुज्ने चलन छ। यदि पितृदेवता खुशी नभए परिवारमा अनिष्ट हुन्छ। परिवारको सदस्यको उन्नति र प्रगतिमा अवरोध आउँछ भन्ने विश्वास रहेको छ।

५.७.७. मण्डलीपूजा

छन्त्यालले परिवार र गाउँबस्तीको शुभ होस्, कुनै किसिमका विपत्ति र हानि, नोक्सानी नहोस्, ग्रह, दशा नराम्रो भए पनि ती सबै टरेर जाओस् भन्ने कामनासहित सामूहिक वा पारिवारिक रूपमा मण्डलीपूजा गर्ने चलन छ । मण्डलीपूजा छन्त्याल गाउँ र थरअनुसार फरक-फरक समय र स्थानमा गर्ने चलन छ । मण्डलीपूजाको दिन पाँरैले बिहान नुहाएर पूजा सामग्रीहरू चोखोपानी, धुपधजा, अक्षतापाती, प्रसाद बनाउन चाहिने पिठो, घ्यू वा तेल, लिङ्गो, रेखी हाल्ने चामल वा गहुँको पिठो र बेसारको धुलो, बलि दिने कुखुराको भाले र पोथी आदि तयार गर्छ । सोपछि सबै समाग्री बोकेर मण्डली थानमा गइन्छ । मण्डली थान पाँरैले सरसफाइ तथा लिपपोत गर्छन् । देवता र कुण्डली तयार गर्छन् । थानमा लिङ्गो गाँड्ने र धुपधजा गर्छन् । सोपछि कुखुराको भाले पोथीलाई सबैको रक्षा होस्, अशुभ, सङ्कट, कष्ट कसैले सहन नपरोस् भन्ने प्राथना र कामना गर्दै अक्षता, पाती र चोखोपानीले मन्साउने काम गरिन्छ। कुखुराले मानेपछि कुखुराको बलि दिइन्छ। कुखुराको पात्रोको आधारमा शुभअशुभ के हुन्छ भनेर हेर्ने चलन छ। त्यसपछि कुखुराको पात्रो (कलेजो), खुट्टाको नङ्ग्रा, चुच्चो, शिरोको सानो भाग काटेर थानमा चढाइन्छ । पखेताको प्वाँख उखेलेर कुण्डल वा थानमा गाडिन्छ । साथै लिएर गएको प्रसाद तथा सगुन चढाइन्छ । सोपछि उपस्थित सहभागीहरूले प्रसाद तथा सगुन बाँडेर खाने चलन छ।

५.७.८. घरपूजा

खलकमा विशेषतः मृत्यु भएका व्यक्ति आत्मा लागोभागो, डैनी, चुरेनी वा दुष्ट आत्माको रूपमा दोख भएर बसेका हुन्छन् र तिनीहरूलाई पुज्नुपर्छ भन्ने विश्वासको आधारमा घरपूजा वा घरका पूजा गर्ने चलन छ। घरका पूजा मुख्यगरी एकै खलक (जिजु वा बराजु वा पाँच/छ पुस्तापछि)मा दुईवटा झाँक्री भएमा घरका पूजा छुट्टै गर्ने चलन छ। यो पूजा खलकभन्दा सानो एकाइमा दुईदेखि तीन वर्षको बीचमा साँझ वा रातको समयमा गरिन्छ। पूजा गर्ने दाजु भाइको सहमतिमा घरभित्र वा पालीमा कहाँ पूजा गर्ने भनेर स्थान निर्धारिण गरिन्छ। पूजा स्थान घरभित्र बनाउने चलन छ। थान बनाउने, देवता स्थापना गर्ने, थान लिपपोत गर्ने, धजा चढाउँने, धुपबत्ती बाल्ने आदि सबै कार्य पाँरैले गर्छ। रातोसेतो धजा मृतक पुरुषको नाममा र रातो मात्र धजा मृतक महिलालाई सम्झेर बाँध्ने चलन छ। त्यसपछि झाँक्रीको सहयोगमा पूजा गर्ने घरको आँगन वा पालीमा आयतकारमा लिपपोत गरेर वरिपरि रेखी हालेर स्थान निर्धारण गरिन्छ। सो स्थानको चार कुनामा कटुस वा पैयुँ वा निङ्गलाको लिङ्गो धजा बाँधेर गाडिन्छ। सोपछि बाहिरी फेराबाट बिजोर सङ्ख्यामा धागोले घेरा बनाइन्छ। सोको बीचमा सूर्यको आकृति बनाइन्छ।

लिङ्गोको घेराभित्र घरका पूजा गर्ने दाजु भाइका उपस्थित व्यक्ति (महिला, पुरुष, बालबालिका)हरू जम्मा हुन्छन्। सो क्रममा झाँक्रीले विभिन्न मन्त्रोचरणसहित उक्त घेरावरिपरि परिक्रमा गरेर दाजु भाइलाई दोखबाट जोगाउनका लागि बाँध्छ। झाँक्रीले परिक्रमा गरेपछि लिङ्गोमा घुमाइएको धाँगोको डोरो उपस्थित सबैजनाको नाडीमा ज्वाइँद्वारा बाँध्ने चलन छ। जसले दाजु भाइबीचको सम्बन्ध, पहिचान र दोखबाट छुट्कारा पाएको सङ्केत गर्छ। त्यसपछि लिङ्गोलाई ज्वाइँले उठाएर खोलामा बगाउँछन्।

त्यसपछि पूजा थानमा गएर पाँरैले धुपबत्ती गर्ने र अक्षतापाती एवम् चोखोपानी छर्केर भेडाको पाठी मन्साउने गर्छ। पाठाले मानेपछि पाठाको छाती चिरेर मुटु झिकेर पूजा गरिन्छ। झाँक्रीले पाठाको पात्रो हेरेर राम्रो वा नराम्रो के छ भनी भविष्यवाणी पनि गर्छन्। सोपछि पाँरैले विभिन्न परिकार, पाठाको मुटु र कलेजो आदि भुटेर प्रसादको रूपमा थानमा चढाउने चलन छ। यी सबै कार्य सकिएपछि पूजामा सहभागी भएका दाजु भाइबाट सङ्कलन गरिएको रोटी, रक्सी, जाँड आदि सबैले खान्छन्। पूजा गर्नका लागि सबै दाजु भाइले सामूहिक रूपमा पाठा, जाँड, रक्सी, रोटी आदिको नगद खर्चको बराबर हिस्साको जिम्मेवारी लिन्छन्। पाठाको मासु पनि बराबर भागबण्डा गर्छन्।

५.७.९.शिकारीपूजा

शिकारीपूजा छन्त्यालको पुरानो शिकार खेल्ने पेसासँग सम्बन्धित छ। छन्त्यालमा मानिसजस्तै वनजङ्गलमा देवताको रूपमा वन शिकारी हुन्छ भन्ने परापूर्वकालदेखि नै विश्वास

रहेको छ। यदि वन शिकारीले वाण हान्यो र मानिसलाई लाग्यो भने मुटु र कोखा दुख्ने, रतग वान्ता गर्ने तथा अन्त्यमा मृत्युसम्म हुन्छ भन्ने बुझाइ रहेको छ। यदि मृत्यु भएन भने पनि ऊ पक्षघात वा अपाङ्ग भएर बाँच्नुपर्छ भन्ने गहिरो विश्वास रहेको छ। उक्त शिकारीले घना तथा सुनसान जङ्गलमा मिरमिरे उज्याले हुनुभन्दा अगाडि, घाम तुरिने बेला, साँझ वा रातिमा मान्छेले जस्तै कुरल्ने, मृग लखेट्नेजस्तो आवाज दिने गर्छ। सो समयमा मानिस कि त चुप बस्नुपर्छ, कि आवाज शिकारी देवताको हो वा मानिसको हो भन्ने बडो ध्यान दिएर खुट्ट्याएर मात्र आवाज फर्काउनुपर्छ। अन्यथा शिकारीको आवाज छुट्याउन सकिएन आवाज फर्काउँदा सोही आवाजको सङ्केतको आधारमा वन शिकारीले वाणले हिर्काएर मार्छ भन्ने धारणा छ।

शिकारी देवताको कारणले कुनै अप्रिय घट्ना नहोस्, दुःख कष्ट भोग्न नपरोस्, शिकार खेल्दा मृग भेटियोस् र मार्न सकियोस् भन्ने कामनासहित शिकारीपूजा गर्ने चलन छ। शिकारीपूजा मानिसको कार्य र अवस्थाको आधारमा कुनै पनि मिति, बार र समयमा गर्न सकिन्छ। पहिलो, शिकारी देवताको कारण नराम्रो घट्ना नहोस् भनेर; दोस्रो, शिकारी देवताको वाण लागेर बिरामी भएमा; तेस्रो शिकार खेल्न शुरु गर्नुभन्दा अगाडि र चौंथो शिकार मारेपछि गर्ने गर्छन्।

शिकारी देवताको पूजा शिकारको उठान गर्ने बेलामा सामान्य धुपधजा मात्र गर्छन्। शिकार मारेपछि रूखको हाँगामा धजा बाँध्ने, धुप जलाउने र मृगको रगत चढाउने गर्छन्, जसलाई म्हेर हाल्ने पनि भनिन्छ। त्यसैगरी कुनै व्यक्ति बिरामी भएमा वा देवताको सम्मान गर्दा भने सानो निङ्गालाको धनु, वाण, पातको बाला, चाँचुरेमा अण्डा, धजा बाँध्ने र धुप बत्ती बालेर वनको नजिकै रूखको जरामा थान बनाएर पूजा गर्छन्। यदि धामीझाँक्रीले बलि दिनुपर्छ भनेमा झाँक्रीले भने अनुसारको बलि दिने पनि गर्छन्। यसरी पूजा गरेपछि बिरामी ठीक हुन्छ भन्ने विश्वास छ।

उल्लिखित पूजाबाहेक परम्परागत रूपमा छन्त्यालले देवीपूजा, देउरालीपूजा, चुरेनी, सियो, झँक्रेनी, मसान, राहा, डुलुवा आदिलगायत गाउँ र स्थान अनुसारको अन्य विभिन्न रैथानै देवी देवता र दुष्ट आत्माको पूजा गर्ने चलन छ। पूजाको विधि, शैली र चढाउने चीजहरूमा भने त्यत्ति धेरै तात्विक भिन्नता भएको पाइँदैन। सबै स्थानको पूजा लगभग मिल्दोजुल्दो देखिन्छ।

छन्त्यालको कुलदेवता, भूमेदेवता, पितृदेवता, मण्डलीदेवता, गोठको देवता, मूलदेवता, बराहदेवता, सिद्धदेवता, देउतेनी, देवीहरूले शुभ कार्यमा साथ दिन्छन्। कुनै अनिष्ट र अशुभ भएमा रक्षा गर्छन्, बचाउँछन् भन्ने गहिरो आस्था र विश्वास रहेको छ। तर चुरेनी, सियो, वन शिकारी, भूत, मसान आदिले हानि नोक्सानी गराउँछ भन्ने आम मान्यता र विश्वास छ। छन्त्यालको आस्था र विश्वासको आधारमा विभिन्न तह र समूहमा देवी देवतालाई विभिन्न स्थानमा राखेर पूजा गर्ने र मान्ने चलन छ।

छन्त्यालले परम्परागत रूपमा आफ्ना जातिमा मान्दै र पुज्दै आएको विभिन्न देवी देवताको पूजासँगै हिन्दु धर्म, बुद्ध धर्म, इसाई धर्मअनुसार स्थापित र मानिआएका देवी देवता र भगवानका रूपहरूलाई समय, स्थान, आस्था र विश्वासको आधारमा पूजा पनि गर्छन् । जस्तैः मनकामनाको पूजा, कालिका भगवतीको पूजा, मुक्तिनाथको पूजा, उत्तरगंगा पूजा, स्वयम्भूको पूजा आदि उदाहरण हुन् ।

५ ८. अन्य धर्मको प्रभावले ल्याएको परिवर्तन

परम्परागत देवी देवताको पूजा, धार्मिका विश्वास र दर्शनले छन्त्यालको जीवनमा गहिरो भूमिका खेलेको छ। तर केन्द्रीय तथ्याङ्क विभागको सम्वत् २०५८ र २०६८ को तथ्याङ्क विवरणले छन्त्याल जातिको धार्मिक सङ्ख्याको तस्विर फरक देखाएको छ । सङ्ख्याको हिसाबले २०५८ मा ३०.७८ प्रतिशत र २०६८ मा ९५.०८ प्रतिशत छन्त्यालले हिन्दु धर्म मान्ने गरेका छन् । तर छन्त्याल गाउँमा न त कुनै मन्दिर छ, न कुनै हिन्दु देवी देवताको प्रशस्त मूर्ति नै छन् । तथ्याङ्कअनुसार परम्परागत धर्म मान्ने जनसङ्ख्या केवल २०६८ मा २.३ प्रतिशत छ। जुन अध्ययनको विषय भएको छ।

यसखाले तथ्याङ्कीय तस्विरको मूल वा पहिलो कारण विगत लामो समयदेखि राज्यद्धारा संरक्षित र लादिएको हिन्दु धर्मको उपज हो । दोस्रो, जनगणनामा सहभागी गणकहरूको विभेदकारी, दोषी सोच र व्यवहार हो । तेस्रो, प्राकृतिक धर्मको कुनै विधि, विधान र लिखित दस्तावेज नभएको अवस्थामा छन्त्याल शास्त्रको नाम के हो? विद्या, धन, शक्ति, सत्यको देवता र देवी कुन-कुन हुन्? लौ भन्नुस् भनेर सोधेपछि हुँदै नभएको नाम कहाँबाट ल्याएर बताउन सकिन्छ। जस्तैः छन्त्याल भाषामा इपा भनेको नेपालीमा ढुङ्गा हो। इपा न त बालुवा हो, न गिट्टी हो, न छपनी हो, न त सुर हो । नेपालीमा नाम भएको यी सबै ढुङ्गाका किसिम हुन् तर नाम फरक। तर छन्त्याल भाषामा सबैलाई इपा शब्दले बुझाउँछ। त्यस्तै, विद्या, धन, शक्ति, सत्य, अवतारी जे-जे देवी देवता हिन्दु धर्ममा भने पनि छन्त्यालमा जातिका लागि उनीहरूको कुल, पितृ, मण्डली, भूमे, बराह आदि देवता नै हुन्। तसर्थ, गणकले यही कुरालाई ख्याल नगर्दा धार्मिक जनसङ्ख्या हिन्दु बढी देखियो । चौथो, छन्त्यालको बस्तीमा बाहुन क्षत्रीको सर्म्पक हो । उनीहरूसँग भौतिक शरीर मात्र नआएर संस्कृति, धर्म, विश्वास पनि आएको थियो । उनीहरू राज्य संरक्षित धर्मअनुसारका देवी र देवतालाई पूजा गर्थे । सोको अनुसरण र अनुकरण छन्त्यालले पनि गरे। धार्मिक आस्था र विश्वास वैयक्तिक स्वतन्त्रताको विषय त हो नै । तथापि, परम्परादेखि समुदायले अनुसरण गर्दै आएको धर्मको भने विशेष स्थान हुने गर्दछ।

आदिवासीको गाउँ र बस्तीमा बाहुन, क्षत्री बसेमा कसरी रैथाने पूजा र भूमिकामा प्रभाव पार्छ भन्ने विषयमा गुल्मी जिल्लाको साविक दर्लिङ पञ्चायतको विश्लेषण गर्दै म्यारी लिकोम्टे-टिलोइन लेख्छन्, पञ्चायतको सुधारपछि दर्लिङको नयाँ पञ्चायतमा नजिकको

उच्च हिन्दु जातका बाहुन, क्षत्री पनि समावेश भए । भूमेपूजामा के परिवर्तन आयो? भने तीनवटा महत्त्वपूर्ण परिवर्तन भयो । पहिलो, पूजा गर्ने स्थान परिवर्तन भयो । मुखिया (मगर)को घर नजिकको भूमे मन्दिर पहाड (डाँडा)को टाकुरामा सारियो । दोस्रो, पूजा परिवर्तन भयो । केही प्रकोप भएपछि मगरहरूको निर्णयअनुसार पञ्चायतमा सुँगुरलाई निषेध गरियो । सट्टामा बाख्राको बलि दिइन थालियो । तेस्रो, पूजा गर्ने पूजारी परिवर्त भयो । मुखियाले भूमेथानको जमिन र भूमेपूजाको पूजारी हुने वैधानिकता गुमायो (लिकोम्टे-टिलोइन, सन् १९९३:१३०) । यस किसिमको अवस्था दर्लिङ पञ्चायतमा मात्र सीमित भएन । अन्य आदिवासी जनजातिको बस्तीमा पनि कानुन र धर्मको आधारमा संस्कार, संस्कृतिमा परिवर्तन भयो । यसबाट छेवैंको बागलुङ दर्लिङको छन्त्याल र अन्य आदिवासीको भूमेपूजा विशुद्ध रहन सकेन ।

हिन्दु धर्मले राज्यबाट कसरी संरक्षण पायो र कसरी फैलियो भन्ने कुरालाई तत्कालीन राजा महेन्द्र शाहको भनाइले पुष्टि गर्छ । उनको अनुसार नेपाल स्वतन्त्र, सार्वभौम सत्तासम्पन्न हिन्दु अधिराज्य हो । आफूलाई हिन्दु भन्नमा लाज वा सङ्कोज नमानी हिन्दु समाजलाई जोगाउन, सुदृढ पार्न तथा विकसित गर्न र धर्मको पुनरुत्थानका लागि अग्रसर भएर नै हामी आफ्नो राष्ट्र र समाजको रक्षा र विकास गर्न सक्ने छौं । हिन्दु धर्म विश्वको प्राचीन धर्म हो । यसको आफ्नो एउटा श्रेष्ठ तत्वज्ञान छ । संसारबाट अनेक प्रकारका सङ्घर्षलाई हटाइ सबैको कल्याण गर्ने र सबैलाई सुखी र शान्तिप्रिय बनाउनका लागि प्रशस्त मार्ग यसमा छ । त्यसैले हामी सबै हिन्दु एउटै शुत्रमा बाँधिइ एउटै शक्तिको रूपा खडा हुनुपर्छ । आज धर्म हाम्रो जीवन हो । यस धर्मसँग अलग भएर, यसप्रति उदासीन भएर हामी बाँच्न सक्दैनौं[६०] (देवकोटा, सन् १९८३:८६६-७०) । देश र प्रजाको रक्षक तथा विष्णुको अवतार मानिने राजाको नै हिन्दु धर्मबारे यस किसिमको अभिव्यक्तिले समाजमा अवश्य नै महत्त्वपूर्ण अर्थ राख्छ ।

यही पृष्ठभूमिमा छन्त्याल जाति प्राकृतिक धर्मसँगै हिन्दु धर्मबाट बढी प्रभावित भए । छन्त्याल जाति विशेषतः मध्यकालदेखि नै हिन्दु धर्मसँगको सम्पर्क भएको अनुमान गर्न सकिन्छ । मध्यकालमा छन्त्यालले खानी खनेर तामा भेजा गल्कोट, मुसीकोट, प्यूठान र पवर्त आदि राज्यका मल्ल राजाहरूलाई बुझाएका थिए । जुन क्रममा उनीहरूसँग परोक्ष तथा अपरोक्ष अन्तर्क्रिया हुन पुग्यो । त्यतिबेला मल्लहरू हिन्दु धर्म मान्ने तागाधारी ठकुरी थिए । उनीहरू हिन्दु धर्म, वर्ण व्यवस्था र जात प्रथा कार्यन्वयनको वाहक थिए । जो विभिन्न स-साना राज्यमा शासन सञ्चालन गरेको इतिहास छ । त्यसैले सोहीअनुसार छन्त्यालमा धार्मिक तथा सांस्कृतिक परिवर्तन देखा पर्दै गएको थियो भन्न सकिन्छ ।

धार्मिक परिवर्तन र प्रभावबारे बुर्तिबाङ भेकका छन्त्याल बुढापाका र जानिफकारका अनुसार

---

६० तत्कालीन श्री ५ महाराजधिराज महेन्द्र वीरविक्रम शाहबाट सम्वत् २०२१ साल माघ १ गते भारतको नागपुरमा आयोजित हिन्दु सांस्कृतिक भेलालाई गरेको सम्बोधन । बिस्तृत जानकारीका लागि हेर्नुहोस्, ग्रीष्मबहादुर देवकोटाको नेपालको राजनीतिक दर्पण तेश्रो भाग ।

बुर्तिबाङ[६१] भेक/क्षेत्रका छन्त्याल गाउँ खुंखानी, बोङ्खानी/बोङ्गाखानी, लाम्मेलाखानी, घैयाखानी, काडाँखानी-बाहुनगाउँ, निसी, घोसाखानी र दर्लिङमा हिन्दु धर्म अनुसारको बाहुन काजकिरिया, पूजाआजा गर्न र गराउन घोसाखानीको स्व. गजराज तथप्जा छन्त्यालको छोरा स्व. दुकुल तथप्जा छन्त्यालको ठूलो भूमिका रहेको छ। दुकुल छन्त्याल तत्कालीन अवस्थामा बुर्तिबाङका मल्ल ठकुरीको सम्पर्कमा थिए। सो कारणले उनी बाहुन पुजारी र पण्डितबाट पूजाआजा र काजकिरियाबाट प्रभावित भए। काजकिरिया गर्दा बाहुन राख्ने, डिकुरा फोर्ने, बाँसको ढुङ्ग्रोमा पानी चढाउने आदि गर्दा जातीय पहिचान कायम हुने, उच्च जाति हुने, सामाजिक प्रतिष्ठा बढ्ने, संस्कार सुधार हुने आदि ठानेर आफ्नो दाजु भाइको काजकिरिया बाहुन पुरोहितबाट गराए। बोङ्गाखानीको दाजु भाइलाई पनि सोही गर्न सिकाए। त्यसपछि अन्य छन्त्याल गाउँमा पनि त्यसको प्रभाव बढ्यो। हिन्दु धर्म अनुसारको काजकिरिया र पूजाआजा हुन थाले। कतिपय अवस्थामा त छन्त्यालको किरिया बस्ने व्यक्तिलाई गरुड पुराण सुनाउने कार्य समेत भयो।[६२] जुन कार्य सम्वत् २००७ सालपछि मात्र भएको थियो। उक्त समयभन्दा अगाडि काजकिरिया पनि पूर्ण रुपले हिन्दु धर्मअनुसार हुँदैन थियो। यस भनाइले बुर्तिबाङ भेक/क्षेत्रको छन्त्याल गाउँमा हिन्दु धर्मअनुसार पूजा आजा र काजकिरिया गर्ने प्रभाव धेरै पछिमात्र परेको रहेछ भन्ने स्पष्ट हुन्छ।

अर्कातिर वर्तमानमा समेत सरकारी निकाय र तीन तहको सरकारबाट पनि धार्मिक पर्यटनको नाममा आदिवासीको थान र चाडपर्वको संरक्षणका लागि भन्दा हिन्दु धर्मका प्रतीक, आस्थाका केन्द्र मन्दिर निर्माण र पुनःनिर्माण तथा चाडपर्वको संरक्षणमा बजेट विनियोजन र खर्च हुँदै आएको छ। जसले छन्त्याल जातिको धर्ममा हिन्दुकरणको प्रभावलाई बढाउने सहयोग पुगेको छ। जुन कार्यलाई रोक्न आवश्यक छ।

छन्त्यालमा संस्कृतकरण र हिन्दुकरणको प्रभाव विभिन्न पक्षमा रहेको छ। पहिलो, परम्परागत पूजा र चाडपर्वसँगै हिन्दु धर्म अनुसारका पूजा गर्ने र चाडपर्व मनाउने गर्छन्। दोस्रो, पूजा विधि र चाडपर्व मनाउने प्रक्रियामा प्रभाव रहेको छ। उदाहरणको रूपमा दसैँ पर्व मनाउने क्रममा रातो टीका लगाउने र नगद दक्षिणा दिने चलन हो, जुन छन्त्यालको चलन होइन। तेस्रो, नामकरण हो। गाउँ र वनजङ्गलका नामहरू हिन्दु बिम्ब झल्किने हुनु, खोला, नदीहरूको नाम गंगा हुनु र सांस्कृतिक सम्पदाको नामकरण भूमेथान, कुलथान, बराहथानको सट्टा कुलमन्दिर,

६१ अहिले बुर्तिबाङ ढोरपाटन नगरपालिकाको केन्द्र हो। यो पहिलेदेखि नै बागलुङ जिल्लाको दोस्रो र बागलुङ पश्चिम भेकको पहिलो व्यापारिक केन्द्रको रुपमा परिचित थियो/छ। भूजीखोला, तमानखोला र निसीखोलाको संगमस्थलमा बुर्तिबाङ बजार रहेको छ। ढोरपाटन जाने प्रमुख मार्ग पनि बुर्तिबाङ भएरै जान्छ। हाल मध्यपहाडी लोकमार्ग र सालझण्डी-ढोरपाटन मोटरबाटोले छोएको बुर्तिबाङ १० वटा व्यवस्थित सहरमध्ये एक हो। पञ्चायतकालमा (सम्वत् २०१७ देखि २०४६ सम्म) र सोपछि (सम्वत् २०४६ देखि २०७२ सालसम्म) बुर्तिबाङ भेक/क्षेत्रले निसी, बोहोरागाउँ, देविस्थान, राजकुट, दर्लिङ, भिमगिठ्ठे, बुर्तिबाङ, रणसिंहकिटेनी, अधिकारीचौर, बोबाङ, खुंगा, बोङगादोभान, खुंखानी र तमान गाउँ पञ्चायत तथा साविक गाविसलाई बुझाउँथ्यो।

६२ लाम्मेलाखानी निवासी मनिचन घरब्जा छन्त्याल, घैयाखानी निवासी तालबहादुर डाँडामारे छन्त्याल, घोसाखानी निवासी स्व. खड्कलाल तथप्जा छन्त्यालसँग विभिन्न समयमा गरिएको कुराकानीमा आधारित।

भूमेमन्दिर आदि शब्दको प्रयोग र मन्दिरको निर्माण हुनु हो । चौंथो, हिन्दु प्रतीक (symbols) गाईलाई लक्ष्मी देवीको रूपमा मान्नु हो । गाईको पिसाबको प्रयोगले बर्जित कार्य र जुठो बारेको अवस्थामा चोखो बनाउँछ भनी मान्नु हो । पाँचौ, फूलपाती र फूल चढाउने तथा पूजा गर्ने स्थान विभिन्न देवी देवताको मन्दिर परिक्रमा गर्ने अवस्था हो । आफ्ना परम्परागत थानको भन्दा शिव, पार्वती, राम, कृष्णका मन्दिरको प्रचारप्रचार र बहस बढी हुनु हो । छैठौं, विश्वास र आस्था हो । छन्त्याल जातिको पम्परागत विश्वासअनुसार मृत्यपछि स्वर्ग र नर्कजस्ता तहगत संरचना हुँदैन भन्ने विश्वासको सट्टा स्वर्ग र नर्कप्रतिको विश्वास एवम् आस्था हुनु हो ।

छन्त्यालको संस्कार, संस्कृतिको क्षेत्रमा छन्त्याल जातिको प्रतिनिधिमूलक संस्था र जागरुक छन्त्याललले सांस्कृतिक, भाषिक र धार्मिक पुनःजागरण, संरक्षण र प्रवर्द्धनका लागि विभिन्न तहमा भूमिका निर्वाह गरेका छन् । यो क्रम विशेषतः सम्वत् २०४६ र २०६२/०६३ को राजनैतिक परिवर्तनपछि बढेको छ । तर सम्वत् २०५० को दशकको अवधिमा पुनःजागरणका लागि विभिन्न बहस र छलफल हुँदै आएका छन् । जुन अवस्थाले आशावादी र उत्साहित बनाएको छ । तर मूर्त रूप लिन सकेको छैन । अर्कातिर जे-जति कार्य भएका छन् ती पर्याप्त छैनन् ।

सम्वत् २०४६ सालको बहुदलीय प्रजातन्त्रको आन्दोलनपछि केही छन्त्याललले बुद्ध र क्रिश्चियन धर्म मान्न थालेका छन्, जुन पछिल्लो समय छन्त्याल जातिमा देखिएको धार्मिक परिवर्तन हो । उनीहरूको सबै संस्कारका कार्यहरू पछिल्लो समय अनुसरण गरिएको सम्बन्धित धर्मअनुसार भने हुने गरेको देखिँदैन ।

अध्यायः छ

छन्त्याल जातिको जीवन चक्रीय संस्कार

६.१. छन्त्याल जातिको जीवन चक्रीय मुख्य संस्कार

छन्त्यालमा जीवन चक्रीय संस्कार भन्नाले मानिसको गर्भधारणको अवस्थादेखि मृत्युउप्रान्त मृतकको नाम तथा सम्झनामा परम्परा र धार्मिक आस्था एवम् विश्वासको आधारमा गरिने क्रियाक्लापहरूको समग्रतालाई बुझाउँछ। संस्कार विभिन्न प्रतीक, आस्था र विश्वासको समग्रता, नैतिकता, भावना र संस्कृतिसँग जोडिएको हुन्छ। संस्कारले समाजका सदस्यलाई एउटा निर्दिष्ट नियम तथा सीमाभित्र नियन्त्रण र नियमन गर्ने कार्य गरेको हुन्छ। संस्कारले मानवीय दृष्य संसार र अदृष्य दैवीय शक्ति वा संसारको बीचमा सेतुको काम गर्छ, जसलाई मान्यता र विश्वासको आधारमा वैधानिकीकरणको प्रयास गरिएको हुन्छ।

भौगोलिक अवस्था, वातावरण, धार्मिक आस्था र विश्वासअनुसार छन्त्याल जातिको मौलिक संस्कार छन्। जुन परम्परागत रूपमा धार्मिक, सामाजिक, सांस्कृतिक र ऐतिहासिक रूपमा चल्दै आएको छ। संस्कारले मानवीय जीवनलाई भावनात्मक आस्था एवम् विश्वासअनुसार सहज र पूर्णता दिन सहयोग गरेको विश्वास गरिन्छ। अर्कोतिर जातीय पहिचानको आधार स्तम्भ पनि खडा गरेको छ। यस जातिको पनि पृथक परम्परागत संस्कार छन्। जुन अन्य जातिभन्दा फरक छन्। संस्कारको कार्य गर्ने व्यक्तिलाई पुरोहित वा लामा वा पण्डित वा गुरु वा पास्टर आदि जे शब्दले सम्बोधन गरे पनि छन्त्याल जातिले पाँरे भन्छन्। संस्कारअनुसार पाँरे एकै व्यक्ति हुँदैन। छन्त्याल जातिको मुख्य संस्कार निम्नानुसार छन्।

६.२. गर्भावस्था र जन्मावस्था

छन्त्याल जातिमा बच्चा गर्भावस्थामा हुदाँ कुनै विशेष संस्कार गर्रिंदैन। सामान्यतः कुनै महिला गर्भवती भएको जानकारी प्राप्त भएपछि उक्त घरको तर्फबाट विभिन्न पूजा गर्दा केही सामाजिक बन्देज भने अवश्य हुन्छ। उक्त घरको व्यक्ति पाँरे बस्न नपाउने र पूजा सामग्री स्वीकार गर्रिंदैन। यदि पूजा गर्दा बर्जित कार्य गरेमा देवता बेखुश हुने र हानि नोक्सानी गर्छन् भन्ने विश्वास छ। तथापि, यो चलन हाल अभ्यास र व्यवहारिक जीवनमा कम हुँदै गएको छ। परिवारको अवस्थाअनुसार गर्भवतीले आराम गर्ने, पोषिलो खाने र स्वास्थ्य जाँच गर्ने आदि हुन्छ। गर्भवती महिलाले नियमित रूपमा खेती, पशुपालन र घरव्यवहारको कार्य गर्ने चलन छ। तर यो अवस्था र चलनमा बसाइँसराइ र स्वास्थ्यप्रतिको सचेतनाले परिवर्तन ल्याएको छ। नजिकको स्वास्थ्य केन्द्र, अस्पताल आदिमा नियमित रूपमा स्वास्थ्य जाँचका लागि जान्छन्। गर्भवतीको श्रीमान्ले सर्प मार्नु हुँदैन, कुखुरा वा अन्य पशुपंक्षीको बलि दिनु हुँदैन भन्ने धारणा

छ। यदि सो कार्य गरेमा बच्चाको गर्धन लुलो हुने, बच्चा ढिला बोल्ने र बच्चाको वृद्धि र विकासमा असर गर्छ भन्ने मान्यता रहेको छ।

बच्चा परम्परागत रूपमा पाको र धेरैथोरै सुडेनीसम्बन्धी ज्ञान र अनुभव भएको महिलाको सहयोगमा घरमा नै जन्माउने चलन थियो र केही मात्रामा अझै छ। बच्चा जन्मेपछि खुर्मली वा आँसी वा छुरा आदिले साल र काललाई छुट्टाएर काटिन्छ, जसलाई नाई काट्ने भनिन्छ। नाई काटेपछि बच्चा तर्फको भागलाई सकेसम्म कुनै किटाणु र जीवाणुले असर नगरोस् भनेर तोरीको तेल र बेसार लगाएको धागोले नाई बाँधिन्छ। सोपछि बच्चालाई नुवाइधुवाइ गरिन्छ। त्यसपछि आमाको दुध चुसाइन्छ। त्यसपछि साललाई अलि पवित्र र चोखो स्थानमा गाडिन्छ। त्यसपछि घरमा भएको सकेसम्म पोषिलो खानेकुरा (माछा, मासु, दूध, घ्यू र खाना) सुत्केरीलाई खान दिने गरिन्छ। सुत्केरीको स्वास्थ्यमा प्रतिकूल असर गर्छ भन्ने विश्वास गरिएको खानेकुरा भने केही समयका लागि बर्जित गरिएको हुन्छ। बच्चाको धुप नगर्दासम्म सुत्केरी र बच्चालाई पूर्ण रूपमा आराम गर्ने अवसर हुन्छ। जसले स्वास्थ्य सुधारमा महत्त्वपूर्ण सहयोग गरेको हुन्छ। बच्चाको जन्मेपछि धुप नगर्दासम्म परिवार र दाजु भाइमा शुभ कार्य र पूजा कार्य बर्जित हुन्छ। यो अवधिलाई जुठो मानिन्छ। वर्तमानमा स्वास्थ्य सेवाको विकास र विस्तार, स्वास्थ्यप्रतिको सचेतना, बसाइँसराइ आदिको कारणले परम्परागत रूपमा सुत्केरी हुने चलन, गरिने क्रियाक्लाप, बच्चा तथा सुत्केरीको खानपान र स्याहारमा परिवर्तन आएको छ।

६.३. धुप गर्ने

बच्चा जन्मेको पाँच दिनदेखि एघारौँ दिनभित्र बिजोर दिनमा जुठो हटाउन, बच्चालाई बाह्य संसार देखाउन र बर्जित कार्य फुकाउनको निम्ति गरिने कार्यलाई धुप गर्ने भनिन्छ।

धुप गर्दाको कार्य र विधि

धुप गर्ने दिन घर लिपपोत गरिन्छ। त्यसैगरी बच्चा र आमालाई नुहाइधुवाइ गरिन्छ। चेलीबेटी वा ज्वाइँचेलाबाट सुनपानी बनाइ घरका विभिन्न कोठा, सुत्केरी हुँदा प्रयोग भएका सामान तथा सुत्केरी चोखाइन्छ। त्यसैगरी नजिकका दाजु भाइको घरमा पनि सुनपानी छर्केर घर चोखाइन्छ। सुत्केरीलाई खाना खुवाएपछि बच्चा र आमालाई आँगनमा ल्याइन्छ। सो समयमा आमा र बच्चालाई तोरीको तेल लगाइन्छ। सोपछि तावा (झाङ्गा)मा कोइला राखी त्यसमाथि धुपीसल्लाको धुप, तितेपाती, दल्सिङ ढुङ्गा र काठ राखेर बच्चालाई धुपाइन्छ। उक्त कोइला र धुपलाई नजिकै दोबाटोमा पाको महिलाद्वारा विर्सजन गरिन्छ। साथै बच्चा जन्मेको समय, बार, गते, छुट्टयाई, ज्योतिष जानेको व्यक्तिले बच्चाको नामकरण गर्छ। बेसारले रङ्गाएर पहेँलो बनाइएको पाँच वा सात सरे धागो बच्चा र उसको बुबाको हातमा ज्वाइँबाट बाँधिन्छ, जसले बच्चा र उसको पिताबीचको नाता सम्बन्धलाई जनाउँछ। यस दिन कुखुरा

वा खसी काट्ने, सोको चिङ्गा पात्रो हेर्ने र शुभ-अशुभ के हुन्छ भनी भविष्यवाणी गर्ने चलन पनि छ। सामान्यतयाः सुँढेनीलगायत अन्य छरछिमेकीलाई बोलाएर सगुन खुवाउने चलन छ। त्यस दिनदेखि सुत्केरी भएको अन्य दाजु भाइलाई देवी देवताको पूजा वा अन्य शुभ कार्य गर्न मिल्छ। तर सुत्केरीको घरमा २२ दिनसम्म शुभ कार्य गर्न वर्जित हुन्छ। धुप गरेपछि मात्र सुत्केरी घरबाहिर बच्चा लिएर आँगनमा बस्ने चलन छ। साथै सुत्केरीले अरुले पकाएर राखेको खानेकुरा आफै झिकेर खाने, सरसमान प्रयोग गर्ने तथा सानातिना कार्य गर्न स्वीकार्य हुन्छ।

धुप गर्दा आवश्यक पर्ने सामग्रीहरूः

तावा, आगोको कोइला, धुपी सल्लाको धुप, तितेपाती, डल्छिङ/दल्सिङ ढुङ्गा, भलाया वा अन्य बिरुवाको पात, पहेँलो धागो, सुनपानी वा तामापानी, तामाको भाँडा आदि मुख्य सामग्री हुन्।

सगुन

रोटी, दुध, दही, मही, ध्यू, मह, अचार, आलुको पाना, तरकारी, सागसब्जी, फलफूल, रक्सी, जाँड, मासु, भात, दाल आदि मुख्य परिकार हुन्।

६.४. भात खुवाइ

यस जातिको चलनअनुसार छोराछोरी जे जन्मिए पनि छ महिनामा कुनै एक दिन शुभ साइत पारी पहिलोपटक बच्चालाई भात (अन्न) खुवाउने चलन छ। बच्चालाई भात खुवाउनका निम्ति बच्चाको नाम, थर, खलक, वर्ग आदि जुराइ दाजु भाइका अविवाहित छोरीमध्ये एकजनालाई छनौट गरिन्छ। भात खुवाउने दिन उसैको हातबाट बच्चालाई भात/अन्न खुवाइन्छ।

भात खुवाइमा गरिने कार्य र विधि

भात खुवाउने दिन घर लिपपोत तथा सरसफाइ गरिन्छ। सर्वप्रथम पितृ, कुलदेवता र इष्टदेवतालाई सम्झी घरको पूजा स्थानमा धजा चढाउने, धुप जलाउने र बत्ती बाल्ने गरिन्छ। सोपछि तयार गरिएको चीजहरू पहिले पितृलाई चढाइन्छ। बच्चाको उज्जवल भविष्य, उन्नति र प्रगति साथै बच्चालाई भात खुवाएपछि “कुनै दुःख, कष्ट, र रोगव्यथाले नछोओस्” भन्ने कामना गरिन्छ। बच्चालाई खुवाउनका लागि सम्भव भएसम्म तामाको भाँडामा खाना तयार गरिन्छ। साथै बच्चालाई नयाँ र सफा कपडा लगाइ दिइन्छ। निर्धारण गरिएको शुभ समयमा विभिन्न परिकारका खाना छनौट गरिएको छोरी वा कन्याबाट सम्भव भएसम्म तामा वा अन्य धातुको चम्चा वा सिक्काले बच्चालाई भात/अन्न खुवाइन्छ।

सोपछि क्रमशः बच्चाको आमाबा, दाजु भाइ इष्टमित्र र निम्तालुले बच्चालाई दहीमा भिजाएको चामलको सेतो टीका लगाइ आर्शिवाद दिन्छन। भात खुवाएपछि मात्र बच्चालाई

विभिन्न खाद्यवस्तुबाट बनाइएको खानेकुरा खुवाउने चलन छ। सोभन्दा पहिले बच्चालाई कुनै अन्न खुवाएको हुँदैन । बच्चालाई भात खुवाएबापत बच्चाका आमा बुबाले भात खुवाउन छनौट गरिएको कन्यालाई स्वेच्छाले दक्षिणा वा उपहार दिने चलन छ । भात खुवाइको अवसरमा छरछिमेकीलाई निमन्त्रणा गरेर सामान्य खानपानको व्यवस्था गर्ने चलन छ। तर अनिवार्य छैन। पाहुनाले बच्चालाई स्वेच्छाले दक्षिणा वा उपहार दिन सक्छन्।

आवश्यक सामग्री

चामल, चम्चा वा सिक्का, नयाँ वा सफा कपडा, धुप, धजा, चोखो गरी पकाएको खाना र खानेकुरा बनाउन चाहिने अन्य वस्तुहरू आदि मुख्य सामग्री हुन्।

खानाको परिकार

दाल, भात, तरकारी, अचार, बिरम्ला, मासु, जाँड, रक्सी, दूध, दही, ध्यू, मही आदि प्रमुख परिकार हुन्।

६.५. छेवर

बालक वा छोरा ५ वा ७ वर्षभित्र बिजोर वर्षको उमेर हुँदा छेवर गर्ने चलन छ। बालकले दाँत नफेर्दै छेवर गर्ने चलन छ। छेवरका लागि बालकको नाम, थर, खलक, वर्गअनुसार कुनै एक दिन शुभ समय निर्धारण गरिन्छ। साथै बालकको कपाल फाल्न एक जना ज्वाइँ वा मामा छनौट गरिन्छ।

छेवरमा गरिने कार्य र विधि

छेवर गर्ने दिन घरमा बिहानै लिपपोत तथा सरसफाइ गरिन्छ। पितृलाई सम्झेर धुपधजा र अन्य खाने कुराका परिकारहरू चढाउने र प्रार्थना गरिन्छ। छेवर गर्ने बालकलाई ज्वाइँ वा मामा र चेलीबेटीले नजिकैको गोठमा लैजान्छन्। गोठमा बालकलाई दाम्लोले बाँधिन्छ। साथै बालकको अगाडि अलिकति हरियो घाँसका रूपमा दुबोपाती राखी बालकलाई जनावरजस्तो कराउन र घाँस खाएजस्तो गर्न लगाइन्छ। त्यसपछि ज्वाइँ वा मामाले बालकको टाउकाको केश दुईवटा दल्छिङ ढुङ्गाले अलिकति काट्छन्। सोपछि कैँची वा छुराले कपाल काट्ने चलन छ। काटिएको केशलाई छोरीले टपरीमा जम्मा गरी पवित्र र चोखो ठाउँमा फाल्छन्। केश खौरेपछि बालकलाई नुहाउन लगाइ नयाँ वा सफा कपडा लगाउन दिइन्छ। सोपछि ज्वाइँले बालकलाई टीका लगाइ दिन्छन्। साथै लिएर गएको सगुन छोरी र ज्वाइँले खान्छन्। बालकलाई केश खौरिदिने ज्वाइँ वा मामाले बोकेर घरमा ल्याउँछन्। शुभ समयमा फेटा गुथाई घरको मूलीबाट दहीमा भिजाएको चामालको सेतो टीका लगाइ दिन्छन्।

सोपछि परिवारका अन्य सदस्य र उपस्थित सबै जनाले टीका लगाउने र आर्शिवाद दिन्छन्। उपस्थित इष्टमित्र, दाजु भाइ सबैले बालकलाई टीका लगाइसकेपछि स्वेच्छाले दक्षिणा वा उपहार दिन्छन्। दक्षिण वा उपहारको अनिवार्य छैन। टीका लगाएपछि पहिले सगुन

बालकलाई खान दिने र सोसँगै उपस्थित सबैले खाने चलन छ। छेवर संस्कारपछि बालकले जीवन प्रक्रियाको एक चरण पार गरी अर्को चरण सुरुआत गरेको भन्ने हुन्छ। पहिले छेवर ११ वर्षसम्मको बिजोर वर्षमा गर्ने चलन थियो। साथै छन्त्यालको विभिन्न गाउँठाउँको चलन र परिवारको अवस्थाअनुसार विधि र प्रक्रिया एवम् समयमा केही फरक हुन्छ।

आवश्यक सामग्री

धूपधजा, कैंची वा छुरा, डल्छिङ ढुङ्गा, टपरी, दाम्लो, दुबो र पाती, फेटाको कपडा, नयाँ वा सफा लगाउने कपडा, सगुन आदि हुन्।

खानाको परिकार

रक्सी, जाँड, मासु, रोटी, दही, भात, दाल, तरकारी, आचार आदि हुन्।

६.६. गुन्युचोली

बालिका वा छोरीलाई ५ वा ७ वर्षमा गुन्युचोली गर्ने चलन छ। बालिकाको नाम, थर, खलक, वर्गअनुसार शुभ दिन र समयको निर्धारण गरिन्छ।

गुन्युचोलीमा गरिने कार्य र विधि

गुन्युचोली गर्ने दिन विहान घर लिपपोत तथा सरसफाइ गरिन्छ। बालिकाले पनि नुहाइ धुवाइ गर्छिन्। पहिला पितृ तथा कुलदेवताको पूजा गर्ने साथै सगुन चढाइन्छ। सोपछि निर्धारित शुभ समयमा दिदी वा आमाले बालिकालाई नयाँ गुन्युचोली वा कपडा लगाइ दिन्छिन्। सोपछि घरको मुख्य व्यक्तिले बालिकालाई दहीमा भिजाएको चामलको सेतो टीका लगाइ आशिर्वाद दिन्छन्। सोपछि मात्र बाआमा र अन्य व्यक्तिले टीका लगाइ दिने चलन छ। टीका लगाइसकेपछि स्वेच्छाले दक्षिणा वा उपहार दिइन्छ। दक्षिणा वा उपहार अनिवार्य छैन। गुन्युचोली गरेपछि छोरी जीवनको एक चरण पार गरेको हो भन्ने बुझिन्छ। साथै ऊ परिपक्वतातर्फ उन्मुख भयो भन्ने रूपमा लिइन्छ।

आवश्यक सामग्री

नयाँ गुन्यु र चोली, धुपधजा, सगुन आदि।

खानाको परिकार

दाल भात, तरकारी, मासु, आचार, रोटी, रक्सी, जाँड, दूध, दही, मही आदि।

६.७. पुतपुराउ

पुतपुराउ कुनै परिवारमा पहिलो सन्तान (छोरा वा छोरी) प्राप्तिको अवसरमा मनाइने एउटा संस्कार हो। यसलाई परिवारमा पहिलो सन्तान जन्मेको अवसरमा उक्त सन्तान जीवनमा सफल र असल व्यक्ति बनोस् भन्ने कामनासहित आशीर्वाद दिनका लागि मनाइने संस्कारका

रूपमा बुझिन्छ। सामान्यतयाः पुतपुराउ गुन्युचोली र छेवर गर्नुअगाडि वा गुन्युचोली र छेवरको दिन गर्ने संस्कार हो। यस समयमा बालक र बालिका बिजोर वर्षको उमेरमा हुनुपर्छ।

पुतपुराउमा गरिने कार्य र विधि

पुतपुराउ सम्पन्न गर्न गाउँका बूढापाका र युवा एक घरमा भेला हुन्छन्। सिङ्गारु र पुरुसिङ्गे बनाइ सोरठी नाचका लागि विभिन्न देवतालाई वर्णाउँदै साँके मार्छन्। त्यसपछि पुतपुराउ गर्ने घरमा गएर मारुनी नाच नाच्दै गीतबाट विभिन्न देवी देवता र कुललाई पुकार्दै बालक वा बालिकालाई भविष्यमा "ज्ञानीगुणी बनी कुलको इज्जत राख्ने बनोस्, साथै सफल जीवन बिताओस्" भन्ने कामनासहित आशीर्वाद दिइन्छ। पुतपुराउ गर्ने घरबाट स्वेच्छाले नाचगान टोलीलाई दानदक्षिणा र सगुन दिने चलन छ, जुन उक्त बालकको हातबाट प्रदान गरिन्छ। पुतपुराउ दिने बालकलाई फेटा गुथाई गाउँका बूढापाकाले आशीर्वाद दिन्छन्।

अन्त्यमा, नाच टोलीको जान्ने व्यक्तिले पुनः विभिन्न देवी देवतालाई पुकार्दै नाच लगाउँदा, आशीर्वाद दिँदा भूलचूक, गल्ती भएमा माफी पाउँ भनी वर्णाउँदै विधिवत् सोरठी नाच अन्त्य भएको घोषणा गरिन्छ। कुनै छन्त्याल गाउँमा भने सोरठी नाच सकिएपछि पुतपुराउ गर्ने घरबाट दिएको खसी बोका वा दानबाट खरीद गरेर विभिन्न देवी देवतालाई सम्झेर पूजा गर्ने चलन पनि छ। गाउँठाउँअनुसार पुतपुराउ गर्ने विधि र प्रक्रिया तथा उमेर, लिङ्गमा फरक रहेको छ।

आवश्यक सामग्री

फेटा, धुपधजा, मारुनी नाचका लागि आवश्यक पोसाक, मादललगायत अन्य बाद्यबादनका समाग्री आदि हुन्।

दक्षिणाका सामानहरू

नगद, खसी, बोका, सेलरोटी, तरकारी जाँड, रक्सी आदि।

खानाको परिकार

दाल, भात, तरकारी, अचार, मासु, जाँड, रक्सी, दूध, दही, घ्यू आदि।

६.८. विवाह

छन्त्यालमा विवाह जीवनको एक महत्त्वपूर्ण संस्कार र सामाजिक संस्था हो। विवाहले समाजमा यौन कार्यलाई व्यवस्थित र नियन्त्रण गर्छ। बालबच्चा जन्माउनका लागि समाजबाट स्वीकृत हुन्छ। विवाहले खुला यौन क्रियाक्लापलाई नियन्त्रण, सन्तान वृद्धि, दुई परिवारबीच सम्बन्ध विस्तार र नयाँ पुस्तालाई सम्पत्ति हस्तान्तरण वा पुस्तान्तरण गर्ने परम्परालाई अगाडि बढाउने कार्य गर्छ। त्यसैगरी विवाहले उत्पादन प्रणालीमा पनि योगदान गरेको हुन्छ। काम गर्दा जिम्मेवारी बोध, अपनत्व र स्वामित्व ग्रहण बाह्य जनशक्तिमा भन्दा परिवारको सदस्यमा

बढी हुन्छ। समयको क्रमसँगै विवाहले आय आर्जन र स्वदेश तथा विदेशमा रोजगारी गरेर परिवारमा आम्दानी गर्न पनि महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ।

भूगोल, जाति, धर्म, कानुन र परम्परागत चलनअनुसार विवाह विभिन्न प्रकारको हुन्छ। समय क्रमअनुसार विवाहको प्रकार, विधि र प्रक्रियमा परिमार्जन र परिवर्तन हुन्छ। छन्त्याल जातिले परम्परागत विवाहमा विश्वास गर्छन्। परम्पराअनुसार सामान्यतयाः भागी विवाह (प्रेम विवाह), चोरी विवाह र मागी विवाह चलनमा छ। पत्नीको सङ्ख्याको आधारमा एकल विवाह र बहुविवाह रहेको छ। बहुविवाहमा बहुपत्नी विवाहको चलन छ। तर बहुपति विवाहको चलन भने छैन। त्यस्तै, जातीय आधारमा सजातीय र अन्तरजातीय विवाह गर्ने चलन छ। त्यसबाहेक नातागत विवाह पनि प्रचलनमा छ। जसअन्तर्गत मामाचेली र फुपूचेला एव मामाचेला र फुपूचेलीबीच विवाह हुन्छ, जसलाई सोलीडोली पनि भनिन्छ।

छन्त्यालमा विवाह स्वतन्त्र रूपले छन्त्याल भित्रका १२ थर बीचमा हुन्छ, जसमा आफ्नो थरबाहेक अन्य ११ थरको केटा र केटीसँग विवाह हुन्छ। आफ्ना थरभित्र नै विवाह भए सोलाइ हाडनाताभित्र पर्छ। त्यसैले अन्य थरमा मात्र विवाह हुन्छ। तथापि, अर्को थरमा पनि आफ्नो आमा, कान्छीमा, ठूलीमाको दिदी वा बहिनी र मित एवम् सैनाको छोरा वा छोरीसँग भने विवाह बर्जित हुन्छ। यदि कसैले हाडनाता र सामाजिक रूपमा बर्जित साइनोसँग विवाह गरेमा सो व्यक्ति वा दम्पत्तिलाई दाजु भाइबाट फट[६३] गराउने चलन छ।

सामान्यतः छन्त्याल केटा र केटी १८ वर्षभन्दा बढी उमेर भएपछि मात्र विवाहको प्रक्रिया अगाडि बढ्छ। विवाह गर्दा केटा पक्षको बाआमा, दाजु भाइ वा नातेदार केटी पक्षसँग विवाह प्रस्ताव गर्न जाने चलन थियो/छ। विवाह प्रस्तावका लागि सकेसम्म आफ्नै फुपू वा मामा, नभएमा साइनो र सम्बन्धले फुपू पर्नेको छोरी माग्न जाने चलन थियो। सम्वत् २०४० को दशकपछि यो चलन लोप हुँदै गएको छ। वर्तमानमा अन्तरजातीय र छन्त्यालभित्र पनि आफ्नै फुपू वा मामा भन्दा फरक परिवारसँग वैवाहिक सम्बन्ध कायम गर्ने परम्परा बढेको छ। छन्त्यालमा कन्या दान दिने र बाल विवाहको चलन छैन।

६.८.१. छन्त्यालमा प्रचलित विवाहको प्रकार

क) चोरी विवाह

प्रायः केटाले केटीलाई घाँसदाउरा गर्न वनजङ्गल जाँदा, मेलापात वा जात्रा आदि ठाउँमा जाँदा वा अन्य समयमा केटाकेटी भेट भएर केटाले विवाह प्रस्ताव गर्छ। यदि मामा वा फुपूको छोरी वा नाता पर्नेको छोरी हो र केटीको बउआमाले विवाह गर्न अनुमति दिएका छन् भने केटीले अस्वीकार गरे पनि दुलही लिएर जाने चलन छ, जसलाई चोरी विवाह भनिन्छ।

---

६३ दाजु भाइबाट निस्कासन गरी गाउँ छोड्न लगाउने साथै सबै सामाजिक, सांस्कृतिक र प्रथ जनित कार्यमा सहभागी नगराउने सामाजिक दण्ड।

पहिलो, यस विवाहमा केटा पक्षको निर्णय बलियो हुन्छ । दोस्रो, नातागत सम्बन्ध रहेको हुन्छ। तेस्रो, केटीलाई विवाह गर्न बाध्य बनाउन सकिने सम्भावना बढी हुन्छ। चौंथो, केटाले केटीको हात समाएर जानका लागि अनुरोध गर्न वा दबाब दिन सक्छ। पाँचौ, केटी पक्षलाई विवाहबारे जानकारीपछि मात्र हुन्छ । त्यसैले कतिपय अध्येता र लेखकले यस किसिमको विवाहलाई लतार्ने, छोप्ने वा हात हाल्ने विवाह भनेर व्याख्या गरेको पाइन्छ । यस प्रकारको विवाहमा केटीलाई खुसी पार्न वा विवाह प्रस्ताव स्वीकार गर्नका निम्ति नगद, जिन्सी समान वा गरगहना साई (बैना) दिने चलन पनि हुन्छ। चोरी विवाह गर्दा केटा पक्षको समूह विवाहको निर्णयको निम्ति तुलनात्मक रूपमा केटी भन्दा बलियो हुन्छ। तथापि, केटीले विवाह गर्दैन भनेर अस्वीकार गर्न सक्छ। आवश्यकताअनुसार समाजमा उजुरी गर्न सक्छ। चोरी विवाह सम्वत् २०३० को दशकसम्म प्रचलित भए पनि वर्तमान अवस्थामा क्रमशः कम हुँदै गएको छ। किनकी विवाह नितान्त व्यक्तिगत अधिकार र स्वतन्त्रतामा निर्भर हुँदै गएको छ, जसलाई राज्यको कानुनले समेत दण्ड र सजायको व्यवस्था गरेको छ।

ख) भागी वा प्रेम विवाह

यस किसिमको विवाहमा केटा केटीबीचमा प्रेम वा माया मोह पनि हुने र अरूलाई थाहा दिएर वा नदिएर विवाह पनि गर्ने भएकोले भागी वा प्रेम विवाह भनिन्छ। अथवा दाउरा घाँस, मेलापात, जात्रा, हाट बजार, भ्रमण आदि जाँदा एक आपसमा मायामोह बसी केटा केटीबीच विवाहका निम्ति कुरा मिल्यो भने घरपरिवारलाई जानकारी नगराइ गरिने विवाहलाई भागी वा प्रेम विवाह भनिन्छ। प्रेम विवाहमा केटीकेटा दुवैको सहमति हुन्छ। कुनै साई वा बैनाको आवश्यकता हुँदैन।

अर्कातिर केटा केटीको परिवार जानकारी हुन पनि सक्छ र नहुन पनि सक्छ। भागी विवाहमा अन्तिम निर्णय विवाह गर्ने केटा र केटीको हुन्छ। परिवारको सदस्य वा अरु व्यक्तिले हस्तक्षेप गर्न सक्दैनन्। यदि प्रेम सम्बन्ध भएको थाहा पाएर हस्तक्षेप भयो भने अप्रिय घट्ना पनि भएको पाइन्छ। यस प्रकारको विवाह वर्तमान समयमा बढी प्रचलित रहेको पाइन्छ। केटाकेटीको प्रेम सम्बन्ध भएपछि आफ्नो परिवारलाई जानकारी गराएर मागी विवाह गर्ने चलन पनि छ। यी सबै कुराहरू परिस्थिति र अवस्थाअनुसार निर्धारित हुन्छ।

ग) मागी विवाह

सामान्यतयाः छोरा जवान भएपछि उसको परिवारले कुनै केटी खोजेर केटीको परिवारसँग कुराकानी गरी केटा केटीबीचमा सहमति गराई विवाहको छिनोफानो गरिएमा त्यस्तो विवाहलाई मागी विवाह भनिन्छ। मागी विवाह गर्दा केटा केटी दुवै पक्षबाट थर, गोत्र, नक्षत्र आदि जुराई शुभसाइत पारिन्छ। मागी विवाहमा केटा केटी दुवैमा एक जनाको पूर्ण सहमति नहुन पनि सक्छ। किनकी विवाहको कुरा केटाकेटीको बुबा आमाले निर्णय गरेका हुन्छन्। विशेषतः सहरी तथा तराई क्षेत्रमा बसाइँसराइ गरेको समूहमा यस प्रकारको विवाह बढी प्रचलित रहेको पाइन्छ।

घ) मामा र फुपूको छोराछोरीबीचको विवाह

छन्त्याल जातिमा सबैभन्दा पुरानो प्रचलित विवाह मामा र फुपूको छोरा छोरीबीचको विवाह (Cross-Cousin Marriage) हो । यस विवाहअन्तर्गत मामाको छोरी र फुपूको छोराबीच तथा मामाको छोरा र फुपूको छोरीबीचमा विवाह हुन्छ। त्यसैले छन्त्याल जातिलाई दुईघरे विवाह प्रणाली भएको जाति पनि भनिन्छ। किनभने मामा र फुपूको घरभए विवाहका लागि सोलीडोली हुने तथा अन्य संस्कारको कार्यमा माइती र चेलीको नाताद्वारा कार्य सम्पन्न हुन्छ । बूढापाका र जानकारका अनुसार पहिले मामा र फुपूको छोराछोरी बीचमा माया, मोह भएमा र केटाले केटीलाई मन पराएमा विवाह गर्ने चलन थियो । साथै कहिलेकाहिँ नातागत सम्बन्ध भए पनि केटीले विवाह अस्वीकृत गरेमा एवम् बाबुआमाको स्वीकृति भएको अवस्थामा केटीको परिवारलाई जानकारी दिएर वा नदिएर कुनै मेला पर्व, घाँस, दाउरा, वनपात गएको समयमा वा घरबाट नै दुलही लैजाने चलन थियो । त्यसैले मामाको छोरी रोजी-रोजी फुपूको छोरी खोजी-खोजी लैजाने भन्ने उखान नै थियो। सम्पत्ति एवम् जिम्मेवारी हस्तान्तरण र सोको बोध, बृद्ध अवस्थामा सासूससूराको हेरचाह, नातागत सघनता, परिवार व्यवस्थापनमा सहजता र बुहारीमाथिको विभेदको सम्भावनामा कमी आदि कारणले यस किसिमको विवाहको विशेष महत्त्व रहेको छ। वर्तमान समयमा भने यस प्रकारको विवाहको अभ्यास कम हुँदै गएको छ।

ङ) पुनःविवाह

विवाहित व्यक्ति विदुर वा विधवा भएमा वा सम्बन्ध विच्छेद गरेमा उसले पुनःविवाह गर्ने चलन छ, जुन विवाहलाई सामाजिक रूपमा नै मान्यता दिने चलन छ। यस किसिमको विवाहले सम्बन्ध विच्छेद गरेको वा एकल व्यक्तिलाई पुनःसमाजमा सामाजिक, सांस्कृतिक र पारिवारिक वातावरण प्राप्त तथा जिम्मेवारी पूरा गर्न अवसर प्राप्त हुन्छ। परिणामतः समाजले हेयको दृष्टिले नहेर्ने, विवाह संस्थाको निरन्तरता र जीवन्तता हुने, सामजिक सुरक्षा हुने, एक्लोपन नहुने, सिर्जनशिलता र उत्पादन क्षमताको सदुपयोग हुने, वैवाहिक जीवनपछि प्राप्त हुने सामाजिक अधिकार र कर्तव्यको पुनःताजकी हुने आदि फाइदा भएको हुन्छ।

६.८.२.विवाहको चरण

क) बेहुली भित्र्याउने

केटाले फकाएर, भगाएर वा मागेर केटीलाई बेहुलीका रूपमा आफ्नो घरमा ल्याएपछि नवदुलहीलाई सिधै घरभित्र छिर्न अनुमति हुँदैन । त्यसैले दुलही ल्याएको थाहा पाएपछि नाम, थर, राशी, वर्ग आदि जुराइ शुभसाइतको निर्धारण गरिन्छ । दुलही ल्याएकै दिन वा एकदुई दिनपछि शुभसाइतअनुसार दुलहीलाई सुनपानी छर्की चोख्याएर बन्दुक पड्काई घरको मूलढोकाबाट भित्र लगिन्छ । जसलाई दुलही भित्र्याउने भनिन्छ, जसले गर्दा भविष्य राम्रो हुन्छ भन्ने मान्यता र विश्वास रहेको छ। बेहुली भित्र्याएपछि मात्र केटा पक्षको परिवार र दाजु

भाइमा नयाँ दम्पत्तिले पहिलो तहको सामाजिक मान्यता पाएको हुन्छ ।

भित्र्याउँदा गरिने कार्य र विधि

बिहान घर लिपपोत र सरसफाइ गरिन्छ । तामाको गाग्री वा हत्तरमा पानी भरेर सो गाग्री वा हत्तरको मुखमा दुबोपाती तथा फूल राखी ढोकाको दायाँ बायाँ राखिन्छ । सर्वप्रथम, घरभित्र पूजा स्थानमा धुपधजा गर्ने र दियो बाल्ने गरिन्छ । बेहुला र बेहुलीलाई सुन वा तामापानीले छर्केर चोख्याउने चलन छ । बेहुलीले एक हातमा धान वा चामल राखेको तामाको डालीमा दियो बालेर समाउने र अर्को हातमा पानीको अम्खोरा समाउने गर्छिन् । सो क्रममा लोकन्तीले दुलहीलाई सहयोग गर्छिन् ।

निर्धारित शुभ समयमा बढाइको आवाजसँगै बेहुला र बेहुलीलाई एकैसाथ सँगसँगै घरको मूलढोकाबाट भित्र्याइन्छ । बेहुलीले पूजा कोठामा गएर दियो बालेको डाली र पानी चढाउँछिन् । बेहुला र बेहुलीलाई घरको भित्र गुन्द्री काम्लो र गलैंचामा राखिन्छ । घरको मुख्य व्यक्तिले बेहुलीको नाम, थर, खलक, वर्गअनुसार कुल पितृको स्मरण गर्दै आफ्नो कुलघरानमा समावेश भएको भन्दै धुपधजा र बत्ती बाली पितृपूजा र सगुनपात चढाउने गर्छन् । सोपछि घरको मुख्य व्यक्तिले बेहुला र बेहुलीलाई दहीमा भिजाएको चामलको सेतो टीका लगाइ दिन्छन् । त्यसपछि परिवार र उपस्थित अन्य दाजु भाइले टीका लगाइ आशीर्वाद दिने चलन छ । सो क्रममा बेहुला बेहुलीलाई स्वेच्छाले दक्षिणा वा उपहार दिने चलन पनि रहेको छ । तर दक्षिणा वा उपहार दिने कुरा अनिवार्य छैन ।

आवश्यक सामग्री

तामाको गाग्री, डाली वा डेच्ची, बत्ती, तेल, धागो, धजा, धुप, फूल, फलफूल, दहीमा भिजाएको चामलको सेतो टीका, सगुनपात आदि ।

खानाका परिकार

दाल भात, तरकारी, मासु, अण्डा, अचार दही, दूध, जाँड, रक्सी आदि ।

ख) **सोरदोर जाने/सोधनी जाने**

केटाले बेहुली घरमा ल्याइएको तीन वा पाँच दिनभित्र दाजु भाइ वा ज्वाइँमध्ये एक वा दुईजना छनौट गरी केटीको घरमा विवाहको जानकारी गराउन जाने चलन छ, जसलाई सोरदोर जाने वा सगुन लैजाने भन्ने बुझिन्छ । सोरदोर जाँदा वा सगुन लैजाँदा केटापक्षले एक बोतल रक्सी (कुनै गाउँमा भने रोटी, बिरम्ला, दहीको ठेकी र बेहुली भित्र्याउँदा काटेको कुखुराको फिलो) लिएर जाने चलन छ । केटीको घरमा गएर सोरदोर वा सगुन लैजाने व्यक्तिले केटीको घरको मूल व्यक्तिलाई आफूले लिएर गएको १ बोतल रक्सी राखेर ढोग्नुपर्छ । सोपछि पारिवारिक नाता स्थापना भएको जानकारी गराउनुको साथै केटा र केटी पक्षबीच सहमतिमा ढोग भेट फुकाउने वा माइती भेट्नेको मिति निर्धारण गरिन्छ । माइती भेट्ने भए रीतअनुसारको

पिछा र दस्तुर[६४] के-कति ल्याउने हो सो विषयमा सहमति गरिन्छ। त्यसपछि सोरदोर गएको व्यक्ति फर्केर केटा पक्षलाई दुवै पक्षबीच भएको सहमतिबारे जानकारी गराइन्छ।

ग) टीका फुकाउने वा लगाउने

केटाले बेहुली ल्याएपछि बेहुलाको नाम, थर, खलक र वर्गअनुसार शुभ दिन र समयको निर्धारण गरी केटा पक्षको दाजु भाइ, इष्टमित्र, शुभचिन्तक र छिमेकीलाई निमन्त्रणा गरी बेहुला र बेहुलीलाई टीका लगाउने चलन छ। टीका लगाएपछि मात्र केटा पक्षमा नयाँ दम्पत्तिले पूर्ण रूपमा सामाजिक मान्यता पाएको हुन्छ। साथै सामाजिक जिम्मेवारी पनि थप भएको हुन्छ। केटा पक्षको विवाह भनेको नै दाजु भाइ, इष्टमित्र, शुभचिन्तक र छिमेकीलाई निम्तो गरी सबैजना भेला भएर टीका लगाउनु हो। यस दिन विवाहको खुशीयालीमा निम्तालुलाई विभिन्न परिकारको खानेकुरा तयार गरी खुवाउने चलन छ।

टीका लगाउँदा गरिने कार्य र विधि

टीका लगाउने दिन घर लिपपोत र सरसफाई गरिन्छ। सर्वप्रथम कुल पितृलाई सम्झेर धुप बत्ती बाल्ने र सगुनपात प्रसादको रूपमा पितृ चढाउने गरिन्छ। सोपछि बेहुला बेहुली बस्ने व्यवस्था गरिन्छ। पहिले बेहुला र बेहुलीलाई बेहुलाको बा र सोपछि आमाले दहीमा भिजाएको चामलको सेतो टीका लगाइ आर्शिवाद दिने चलन छ। सोपछि क्रमशः उपस्थित अन्य दाजु भाइ र इष्टमित्रले टीका लगाइ आर्शिवाद दिने गर्छन्। केटा पक्षमा टीका लगाउने कार्य माइती भेट्नु अगाडि अनिवार्य गरिन्छ। सोपछि मात्र माइती भेट्ने र माइतीले बेहुला बेहुलीलाई टीका लगाइ दिन्छन्। केटा पक्षमा बेहुली भित्र्याउँदा वा माइती भेटन् जाने दिन वा अघिल्लो दिन वा बेहुली भित्र्याएपछि माइती भेट्नु अगाडिको कुनै पनि दिन केटा पक्षमा टीका लगाउने चलन छ। गाउँमा भने बेहुली भित्र्याउँदाको दिनमा नै केटा पक्षको टीका लगाउने गरेको पाइन्छ। यसलाई केटा पक्षको विवाहको रूपमा बुझिन्छ। सोपछि मात्र माइती भेट्ने र केटी पक्षमा छोरी ज्वाइँलाई टीका लगाइ दिने चलन छ। टीका लगाउँदा स्वेच्छाले दाजु भाइ तथा इष्टमित्रले दक्षिण दिन्छन्।

आवश्यक सामग्री

तामाको गाग्री, डाली वा डेच्ची, बत्ती, तेल, धागो, धजा, धुप, फूल, फलफूल, दहीमा भिजाएको चामलको सेतो टीका, सगुनपात आदि प्रमुख हुन्।

खानाका परिकार

दाल, भात, तरकारी, माछा, सागसब्जी, मासु, अण्डा, अचार, दही, दूध, जाँड, रक्सी आदि।

---

६४ विवाहमा पिछा र दस्तुर भन्नाले केटी पक्षलाई वा माइती भेट्न जाँदा छन्त्याल परम्परा र चलनअनुसार निर्धारण गरिएको रोटी, रक्सी, दही, अक्षतापाती, कुखुराको भाले आदिलाई बुझाउँछ।

घ) माइती भेट्ने

दुवै पक्षको पूर्व सहमतिअनुसार निर्धारित दिनमा माइतीलाई बुझाउनुपर्ने पिछा र दस्तुरसहित केटी पक्षलाई भेट्ने र केटी पक्षले बेहुला बेहुलीलाई टीका लगाइ औपचारिक रूपमा विवाहलाई समाजिक मान्यता दिने चलनलाई माइती भेट्ने भनिन्छ। छन्त्याल चलनमा विवाह गर्दा केटी पक्ष सामाजिक र सांस्कृतिक रूपमा मान्यता र सम्मानको दृष्टिले ठूलो र सम्मानित मानिन्छ। त्यसैले विवाह संस्कारको परम्परा, मान्यता र चलनको सीमाभित्र रहेर केटा पक्षले केटी पक्षलाई सम्मान गर्नुपर्छ।

भाइती भेट्दा गरिने कार्य र विधि

माइती भेट्ने दिन वा अघिल्लो दिन बेहुला पक्षका दाजु भाइ, इष्टमित्र केटाको घरमा भेला हुन्छन्। सर्वप्रथम, घरको मूलीले पितृ र कुल सम्झेर धुपधजा र सगुनपात प्रसादको रूपमा चढाउँछन्। घरको मूलीले शुभ समयमा बेहुला बेहुलीलाई जन्ती टीका लगाइ दिन्छन्। सोपछि जन्ती जाने सबैलाइ ज्वाइँले दहीमा भिजाएको चामलको जन्ती टीका लगाइ दिने गर्छन्। सोपछि केटी पक्षको घरमा माइती भेटन जन्ती जाने चलन छ। घरमा पुग्नुभन्दा अगाडि सबै जन्ती भेला भई मूल ज्वाइँलाई भत्केराका रूपमा धजा, सिन्का, हरियो पातसहितको दहीको ठेकी, एउटा भाले, एक बोतल रक्सी र पिछा रू. १/- लिएर माइतीलाई जन्तीको सङ्ख्या र जन्ती आइपुगेको जानकारी गराउन अगाडि पठाउने चलन छ। मूल ज्वाइँले आफूसँग लिएर गएको सामान माइतीलाई बुझाउने, जन्तीको सङ्ख्या र आइपुगेको जानकारी गराउँछन्।

जन्ती केटीको घरमा पुगेपछि घरमूलीले दही अक्षताले जन्ती पर्साउँछन्। सर्वप्रथम, केटीको पक्षको घरमूलीले पितृपूजा गर्छन्। केटी पक्षले बुझाएको सामानलाई प्रसादको रूपमा पितृलाई चढाउँछन्। पितृ पूजापछि केटापक्षको मूल ज्वाइँले केटीका बाआमालाई पिछा रू. १/- र १ बोटल रक्सी राखिदिएपछि बेहुलाको बुबाले उनीहरूलाई ढोग्ने चलन छ। सोपछि बेहुला बेहुलीले केटीकी आमा र बुबालाई ढोग गर्छन्। त्यसपछि क्रमशः बेहुला बेहुलीले माइतीको दाजु भाइमा रहेका उमेर र साइनोमा बूढोपाको व्यक्तिअनुसार १ बोतल रक्सी राखी सबै माइतीलाई ढोग्ने गर्छन्। ढोगी सकेपछि गुन्द्री, काम्लो बिछ्याइ बेहुला बेहुलीलाई राखेर केटीका बुबा र आमाले पहिलो पटक दहीमा भिजाएको चामलको सेतो टीका लगाइ आशिर्वाद दिने गर्छन्। सोपछि केटीका उपस्थित दाजु भाइमध्ये साइनो र उमेरले जेठो पर्ने माइती र आफन्तले क्रमशः टीका लगाइ आर्शिवाद दिन्छन्। टीका लगाउँदा बेहुला र बेहुलीलाई स्वेच्छाले नगद वा जिन्सी सामान उपहार वा दक्षिणाको रूपमा दिने चलन रहेको छ।

माइती भेट्दा केटा पक्षले केटी पक्ष (माइती)लाई रीतअनुसारको पिछा दस्तुरका सामानः ६० रोटी, एउटा भाले, हरियो पात र बाँस वा चोयाँको चिरेको मसिनो सिन्का, दही ठेकी, पिछा दाम रू. १/- मात्र १/१ बोतल रक्सी र जाँड, बिरम्ला माइतीलाई बुझाउने चलन छ। उक्त सामान माइतीपक्षका सबै दाजु भाइले सहमतिमा भाग लगाउँछन्। केही उपस्थिति माइती र

जन्तीलाई सगुनको रूपमा वितरण गर्छन् । सम्भव भए सोही दिन नभए अर्को दिन जन्ती घर फर्कने चलन छ। साँझ बेहुलाको घरमा जन्ती आइपुगेपछि घरको मूल व्यक्ति वा बुढोपाकोले दही भिजाएको चामलले जन्ती पर्सिन्छन् । जन्तीले खाना खाएपछि विधिवत् विवाहको कार्यक्रम सम्पन्न हुन्छ। रीतअनुसारको पिछा, दस्तुरसहित माइती भेटेपछि मात्र माइती पक्षमा सांस्कृतिक र सामाजिक रूपमा विवाहले पूर्ण रूपमा मान्यता पाएको हुन्छ।

जन्ती घर फर्कंदा बेहुलीको दिदी बहिनी तथा एकै उमेर समूहका द्वालीले बाटो छेक्ने चलन हुन्छ। बाटो छेक्दा जन्तीलाई आवश्यक पर्ने खाजासहित जन्ती फर्कने बाटोमा मजेत्रो फिजाइ बाटो छेकेका हुन्छन् । त्यहाँ चलनअनुसार र स्वेच्छाले रीतअनुसार रकम दिएपछि विधि पुरा हुन्छ । उनीहरूले दिएको खाजा जन्तीले लिएर आउने चलन छ । बाटो छेक्ने चलनको व्यवहारिक पक्ष राम्रो थियो र छ। पहिले जन्ती एक गाउँबाट अर्को गाउँ वा टाढा हिँडेर जानुपर्ने, यातायातको अभाव, जाँदा र आउँदा बाटोमा खाने र बस्ने व्यवस्थाको अभाव थियो । यस्तो अवस्थामा जन्तीले खाजा खानुपरेमा वा बास बस्नुपरेमा खानका लागि बाटो छेक्दा दिएको रोटी, भातखाजा, बिरम्ला, तरकारी, रक्सी, जाँड आदि खानुपर्थ्यो । वर्तमानमा बाटो छेक्ने चलन प्रायः जसो छन्त्याल गाउँहरूमा लोप हुँदै गएको छ।

माइती भेट्दा केटी पक्षले आफ्नो दाजु भाइ, इष्टमित्र, नाताकुटुम्बलाई निमत्रन्णा गरेको हुन्छ। केटीसँगको साइनो र उमेरमा उच्च छ भने सबै जनाले बेहुला र बेहुलीलाई टीका लगाइ दिन्छन् । टीका लगाउँदा स्वेच्छाले नगद वा जिन्सी उपहार दिने चलन छ। उपस्थित निम्तालु र जन्तीलाई माइती पक्षले विभिन्न परिकार तयार गरी भोज खुवाउने चलन छ।

छन्त्याल जातिको परम्परागत विवाहमा परिवर्तन आएको छ। आफ्नो मामा वा फुपूको छोरीसँग विवाह गर्ने चलन क्रमशः लोप हुँदै गएको छ । नगण्य मात्रामा अभ्यासमा छ । सजातीय भन्दा अन्तरजातीय विवाह (विभिन्न आदिवासी जनजाति र जात समूहसँग) बढ्दो छ। टीका लगाउने, भोजभतेर गर्ने परम्परा सहरी क्षेत्रमा पार्टी प्यालेस र विभिन्न होटलहरूमा सम्पन्न हुन थालेको छन् ।

विवाहपश्चात् केटा र केटी बीचमा कुनै पनि कारणले द्वन्द्व वा विवाद वा असमझदारी भएमा सकेसम्म घरपरिवारको सदस्य र आफन्तबाट मेलमिलाप गराउने चलन छ । यदि मेलमिलाप हुन नसकेमा दाजु भाइ र गाउँको जानकारहरू भेला हुन्छन् । केटा र केटीसँग व्यक्तिगत तहमा छलफल र संवादबाट समस्याको कारण, समाधानको उपाय र जित/जितको वातावरण सिर्जना गर्न भूमिका निर्वाह गर्छन् । यदि केटा र केटी छुट्टिने निर्णय गरेमा सम्बन्ध विच्छेदका लागि प्रक्रिया अगाडि बढ्छ। सम्बन्ध विच्छेदको क्रममा माइती भेटेको र नभेटेको के अवस्था हो, सोहीअनुसार निर्णय फरक पर्न जान्छ । यदि केटीले सम्बन्ध विच्छेद गर्न चाहेमा केटा पक्षले दिएको गरगहनाहरू फिर्ता गराउनुपर्छ। केटा पक्षले सम्बन्ध विच्छेद गर्न चाहेमा चलन, अवस्था र जानकार एवम् दाजु भाइको निर्णयअनुसार केटीलाई क्षतिपूर्तिस्वरूप

नगद वा जिन्सी केटाले व्यवस्था गर्नुपर्छ । अन्त्यमा सबैको रोहबरमा सम्बन्ध विच्छेदको जानकारी गराइन्छ । सम्बन्ध विच्छेद भएपछि केटा र केटी पुनःविवाह गर्नका लागि स्वतन्त्र हुन्छन् । वर्तमानमा भने सम्बन्ध विच्छेद मुख्यतयाः अदालत र सरकारी निकायको रोहबर तथा समन्वयमा हुने चलन छ, जसमा नेपालको कानुनका मुख्य भूमिका रहेको छ । अर्कातिर समुदाय स्तरमा भएको सम्बन्ध विच्छेदको निर्णयलाई कुनै कानुनी हैसियत दिने चलन छैन ।

छन्त्यालमा पुनःविवाह अभ्यासमा रहेको छ । सम्बन्ध विच्छेदपछि गरेका, विदुर र विधवा भएका महिला र पुरुष दुवैले पुनःविवाह गर्न सक्छन् । यस विवाहलाई समाज र समुदायमा कुनै विभेद गरेको पाइँदैन । पुनःविवाह मन परेको व्यक्तिसँग भागी वा मागी दुवै प्रकारले विवाह गर्न सक्छन् ।

६.९. मृत्यु संस्कार

छन्त्याल जातिको विश्वासअनुसार जीव र मानिसको मृत्यु प्रकृति तथा संसारको स्वभाविक प्रक्रिया हो, जुन भौतिक शरीर र आत्मा बीचको स्थायी बिछोड हो । मृत्युपछि मानिसको भौतिक शरीर नष्ट भएर जान्छ । तर आत्मा प्रकृतिमा कुल, पितृ, मण्डली, वायु आदिको रूपमा अदृष्य भएर रहन्छ । त्यसैले मृत्युपछि भौतिक शरीरको पुनःजन्म हुँदैन । यसैको आधारमा मृत्यु संस्कार गरिन्छ ।

व्यक्ति जीवनको अन्तिम अवस्थामा छ भने परिवारलगायत अन्य इष्टमित्रको नाममा तामा वा सुनपानी खुवाउने चलन छ । मृत्यु भएपछि मुखमा पैसाको सिक्का तामा वा सुनपानीमा पखालेर मृतकको मुखमा राखि दिन्छन् । सोपछि मृत्युको जानकारी सबैलाई गराइन्छ । मृतकको परिवार र नजिकका महिलाहरू मृतकको आनीबानी, व्यवहार, बोली बचन, परिवार, इष्टमित्रसँग सम्बन्ध, उसको कार्य र योगदानको बयान गर्दै लयबद्ध रूपमा बिलौना गर्छन् । मृतकलाई विभिन्न फूल र वासनासँग तलुना गर्छन् । धर्ती किन उल्टो भयो, दिन किन अध्याँरो भयो, जमी जग्गा, बालीनाली र सम्पत्ति किन प्यारो लागेन्, मेरो जाहन परिवार भनेनौ, छिमेकी, इष्टमित्र भनेनौ, तिमी छायाँ भयौ, तिमी बिलिन भयौ आदि भन्छन् । अर्कातिर उपस्थित व्यक्तिहरूले मृत्युको आरम्भिक कार्यलाई अगाडि बढाउँछन् ।

क) आरम्भिक चरण (मरेपछि घाटसम्म पुऱ्याउँदासम्म)

प्राण गएपछि सर्वप्रथम मृतकको सिरानी फर्काउनुपर्छ । किनकी मरेको ठाउँमा ओराले सिरान बनाइ राख्ने चलन छ । प्राकृतिक प्रकोप र दुर्घटनामा परी मृत्यु भएमा उक्त कार्य असम्भवप्रायः हुन्छ । मरेको स्थानमा चेलीबेटी वा दाजु भाइले नजिकैको पँधेरा वा खोलाबाट डालीमा मट्टी ल्याएर मट्टी दिन्छन् । तर यदि आमा वा बुबाको मृत्यु भएमा छोराले र छोरा नभएमा छोरी वा नजिकको दाजु भाइले दिने चलन छ । मट्टी दिँदा मृतकको सिरानी नजिकै बत्ती बालिन्छ । मृत्यु जुनसुकै समयमा भएता पनि मट्टी दिइएको समयदेखि काजकिरिया गणना

हुन्छ। मृतकलाई ध्यू वा तेल नलगाएमा मृत आत्मा प्रेत भएर जीवित व्यक्तिलाई ह्या...ह्या गरेर तर्साउने र बिरामी गराउने विश्वास रहेको छ। सो हुन नदिनका लागि मृतकलाई खुट्टाबाट क्रमशः टाउकोतर्फ एकोहरो तेल वा घ्यू लगाइ दिने चलन छ। मृतक शरीरमा अदृष्य शक्ति भूतप्रेत, बोक्साबोक्सी आदिले आक्रमण नगरोस् वा नछोपोस् भनेर हतियार (खुकुरी) मृतकको छातीमा राखी दिनुपर्छ। एक माना चामल खर्चस्वरूप सिरानीमा राखिदिने परम्परा समेत छ। रिसको आवेगमा गाली गर्नुपर्दा तेरो छातीमा चढाउने हिरन भन्ने गरिन्छ।

त्यसपछि दुईवटा शव बाँध्न र बोक्न मिल्ने काठमा बिजोर आँख्ला बनाएर डाँरी काठ बनाउनुपर्छ। बिजोर आँख्ला भएको डाँरी काठमा लासलाई राखेर जराबाट टुप्पोतिर बनाएर उल्टो काढेको हरियो चोया र आवश्यकताअनुसार अन्य डोरीले बिजोर सङ्ख्या बनाइ बाँध्नुपर्छ। लासलाई सेतो कपडा/कात्रोले छोपेपछि मृतकलाई घाटतर्फ लैजानका लागि मोरो/म्होरो तयार हुन्छ। त्यसपछि सेतो कपडा/कात्रोलाई बिजोर सङ्ख्याको बाँस वा चोयाँको टुक्रामा बाँधेर बाट/बाटो बनाइन्छ।

मोरो घाटमा लैजानुअगाडि मृतकलाई फूलमाला लगाइ श्रद्धाञ्जली दिइन्छ। शव घाटतर्फ लैजाने क्रममा आमा वा बुबा भएमा सबभन्दा पहिले छोरा र छोरीले बोक्नुपर्छ। त्यसपछि आँगनमा शव दायाँबाट बायाँ तीनपटक घुमाइ शिर मुर्दाघाटतर्फ फर्काइ बोक्नुपर्छ। मोरोलाई घाटतर्फ लैजाने क्रममा अगाडि खुकुरी, अगुल्टो, चोयाँको गिद्रा लिएर ज्वाइँले मृतक आत्मा शान्ति र अनन्त अलौकिक संसारमा जानका लागि कुनै पनि भूतप्रेत र पिचासले बाटो नथुनोस् र नछेकोस् र सुरक्षित रूपमा अलौकिक संसार पुगोस् भन्ने विश्वासअनुसार खुकुरी दाँयाबाँया फन्नाउँदै हिड्नुपर्छ। दोस्रो स्थानमा, जौँ, मकै, गहुँ, धान, फापर, उवामध्ये ५ वटा अन्नबाली मिसाएको लारी/लायो वा फूल खाजा छर्ने व्यक्ति सो चीज छर्दै हिंड्छन। तेस्रो स्थानमा, बाट बोक्ने मान्छे हिंड्नुपर्छ। चौथो स्थानमा मोरो, पाँचौ स्थानमा मोरो बोक्ने व्यक्ति र सबैभन्दा पछि स्थानमा दाउरा बोक्नेलगायत अन्य महिला र पुरुष मलामी हिंड्ने चलन छ।

ख) मोरो घाटमा पुऱ्याए पछिको कार्य र विधि

शव घाटमा पुऱ्याइएपछि जलाउने वा गाड्ने स्थानको छनौट गरी नदीको छेउमा शवको काठलाई पानीमा डुबाइ राखिन्छ। त्यस समयमा शव कुनै पनि किराफट्याङ्ग्राले छुनु हुँदैन। यदि छोएमा अनिष्ट हुने वा अगति पर्छ भन्ने विश्वास रहेको पाइन्छ। त्यसैले स्याउलाले जीव, किटाणु वा किराफट्याङ्ग्रालाई धपाउने गरिन्छ। छनौट भएको स्थानमा एक रूपैयाँ चढाइ मट्टी किनिन्छ र शुद्ध जलले चोख्याइन्छ। त्यसपछि उक्त स्थानमा गाड्ने भए चिहान बनाइन्छ। मृतकलाई जलाउने भए दाउराको सोला तयार गरिन्छ। सोला बनाएपछि दुबोपाती, तामापानी वा सुनपानीले छर्केर चोख्याउनुपर्छ। शव सोलावरिपरि दायाँबाट बायाँ तीनपटक घुमाइ सोलामाथि राखिन्छ। शव सोलामा राख्दा शरीरको कुनै अङ्ग देखाउनु हुँदैन भन्ने विश्वास छ। त्यसपछि मृतकको शरीरमा भएका कपडा वा धागो सबै हटाइन्छ। शरीरमा कपडा भएमा

मृत्यु पछाडि बाटो पाउँदैनन् भन्ने धारणा छ। शरीरमाथि एक माना चामल खर्च र इच्छाएमा मृतकलाई फूल, अबिर लगाइ दिने, विभिन्न फलफूल र अन्य चीजहरू चढाउने गरिन्छ।

सामान्यतः मतृक आमा बुबा भएमा पहिले छोराछोरीले दागबत्ती दिन्छन् । यदि अरु भएमा किरियापुत्री बस्ने व्यक्तिले दागबत्ती दिने चलन छ । सोलामा चार दिशाबाट आगो लगाइन्छ। त्यसपछि अन्य मलामीले दागबत्ती दिन्छन् । लाश जलाइ सकेपछि उक्त स्थानको खरानी र कोइलालाई पानीले पखालिन्छ। शव जलाएको स्थान दुबोपाती, पानी वा तामापानी वा सुनपानीले छर्केर चोख्याउनुपर्छ । सोपछि काठको टुक्रामा मोरोको सेतो कपडा (कात्रो) बाँधेर राख्ने गरिन्छ। सेतो कपडासँगै मृतकले इच्छाएको वस्तु, लारी छर्न प्रयोग भएको डाली, बन्चरो, कोदालोको बिँड आदि छोड्ने चलन छ । लाश जलाउने समयमा किरिया बस्ने व्यक्तिको कपाल ज्वाइँबाट उल्टो मुण्डन गरिन्छ।

कपाल खौरिएर किरिया बस्ने व्यक्तिले नुहाएपछि टाउकोमा कात्रोको ज्वाइँबाट टुक्रो लगाइ दिई घुम्चो बोकाउने चलन छ । जसलाई जुठो वा दुःख बोकेको पनि भनिन्छ । मलामी घर फर्कने क्रममा दोबाटोमा परिवारको सदस्यहरूलाई मृतकको आत्माले आएर दुःख नदिओस् र आत्मा आए पनि काँडा च्याप्ने स्थानमा नै रोकिओस् भन्ने विश्वासअनुसार काँडा उल्टो काटेर ढुङ्गाले च्यापिन्छ। जसलाई काडाँ च्याप्ने भनिन्छ। मलामी घाटमा गएर आउँदा जुठो र विभिन्न अदृष्य आत्माले छोएका हुन सक्छन् । ती आत्माले घरमा आइपुगेपछि दुःख र कष्ट दिन सक्छन् । त्यसैले ती आत्मालाई भगाउनका लागि मलामी घर फर्कने क्रममा गाउँ व घर नजिकै दोबाटामा ज्वाइँ र छोरीचेलीले मलामीलाई चोखोपानीले हात चोख्याउने, अन्न छुवाउने र धुपाउने गर्छन् । यसो गरेमा दुष्ट आत्मा घरमा आउन सक्दैन भन्ने विश्वास रहेको छ।

ग) कुसेत्रो पोल्ने

मोरोलाई घाटतर्फ लगेपछि पाको व्यक्तिले मृतकले प्रयोग गरेका कपडाहरूलगायत जलाउन सकिने वस्तुको सङ्कलन गर्छन् । अगुल्टो लिएर सकेसम्म मृतकको घरदेखि अलि टाढा दोबाटोको तल वा दायाँ वा बायाँ मृतकको कपडालाई जलाउने गरिन्छ। जसलाई कुसेत्रो पोल्ने भनिन्छ। कपडा र फोहोर चीज जलेपछि कुसेत्रो पोल्न गएका व्यक्तिहरू घर फर्कन्छन्।

घ) घर फर्केपछिको किरियाको अघिल्लो दिनसम्म गर्ने कार्य र विधि

घाटबाट फर्केपछि सबै मलामीलाई खाजाको व्यवस्था गर्ने चलन छ। दाजु भाइलाई नुनबिनाको खाजा र ज्वाइँ र मृतकको घरभन्दा अलिक फरक दाजु भाइको छोरीलाई नुन मिसाएको खाजा र खानाको व्यवस्था गरिन्छ । त्यसपछि किरिया बस्ने व्यक्तिलाई बस्ने स्थान तयार गरिन्छ। किरिया बस्ने स्थानमा मृतकको सम्झनामा धुप बत्ती बाल्ने, चोखोपानी फलफूल र अन्य चीज चढाउने स्थान स्थापना गरिन्छ। सबै तयारी भएपछि किरिया बस्नेले पँधेराबाट चोखोपानी लिएर अम्खोरामा पानी चढाउने र मृतकको नाममा धुपबत्ती बाल्ने, फलफूल र अन्य चीज चढाउने गरिन्छ। साथै आफूले फलफूल खान्छन् ।

उक्त दिन किरिया बस्नेले अन्नको खाना खानुहुँदैन भन्ने विश्वास रहेको छ। दोस्रो दिनमा बिहान किरिया बस्नेले मृतकको नाममा चोखोपानी चढाउने र धुपबत्ती जलाउनुपर्छ। छोरी ज्वाइँद्वारा किरिया बस्ने व्यक्ति र मृतकका परिवारबाहेक जुठो लाग्ने अन्य दाजु भाइलाई तामापानी वा सुनपानी खान दिई नुन फुकाइदिने चलन छ। दोस्रो दिनबाट किरिया अघिल्लो दिनसम्म किरिया बस्ने व्यक्तिले नुहाउने र एक छाके खाना खाने, बिहान र साँझमा मृतकको नाममा नियमित रूपमा चोखोपानी चढाउने र धुपबत्ती जलाउने गर्छन्। किरिया शुद्ध हुनुभन्दा दुई दिन अघि साँझमा सासको जाँड पकाउने गरिन्छ। त्यसैगरी शुद्ध हुने अघिल्लो दिन ज्वाइँले दिउँसो वनमा गएर साँझमा छान्डो र काठ, हवन/होमन गर्न आवश्यक दाउरा र सासको जाँड चढाउन हरियो पात ल्याउने चलन छ। वनबाट ल्याएको चीजलाई घरको धुरी वा कुनै व्यक्तिले नछुने चोखो स्थानमा राख्नुपर्छ भन्ने मान्यता रहेको छ।

कुनै व्यक्तिको मृत्यु भएमा मृतकको घरमा किरिया बस्ने व्यक्तिलाई भनेर घोटको रूपमा एक माना चामल, घ्यू, सागसब्जी र फलफूल आदि लैजाने गरिन्छ। विशेषतः घोट दाजु भाइ र आफन्तबाट मृत्यु भएको तेस्रो दिनदेखि सासको जाँड पकाउँदाको दिनसम्म लैजाने चलन हुन्छ। जसले गर्दा सामाजिक सम्बन्ध बलियो हुन्छ। तत्कालको आवश्यकता पूरा गर्न सजिलो हुन्छ। काजकिरियामा आफ्ना नातागोता, माइती, मावली, छोरी ज्वाइँ र इष्टमित्र आदि सबैलाई उपस्थित वा सहभागिताका लागि खबर गरिएको हुन्छ। उनीहरू शुद्ध हुने दिनको अघिल्लो साँझमा मृतकको घरमा आएका हुन्छन्। उनीहरूलाई खान र बस्नका लागि व्यवस्था गरिएको हुन्छ।

ङ) सासको जाँड पकाउने कार्य र विधि

किरिया शुद्ध हुनुभन्दा दुईदिन अघि वा मृत्युको सातौं दिनको साँझमा काजकिरियाको दिन सास फाल्न र मृतकको नाममा सास चढाउनका लागि मुख्यतयः मूल छोरी ज्वाइँबाट पकाइने कोदोको जाँडलाई सासको जाँड भनिन्छ। सासको जाँड पकाउने साँझ जम्मा भएका दाजु भाइ र इष्टमित्रले खाना खाइसकेपछि मृतकको घरमा सबैजना भेला हुन्छन्। तर जाँड पकाउने व्यक्तिले भने जार पकाएपछि मात्र खाना खाने चलन छ। जाँड पकाउने व्यक्तिले ९ चिम्टी वा मुठी वा माना कोदोलाई भुट्नुपर्छ। यदि कोदो नभएमा अन्य अन्न प्रयोग गरिन्छ।

किरिया बसेको व्यक्ति र छोरी नजिकको खोला, पँधेरा वा धारामा गएर नुहाउने र सासको जाँड पकाउन आवश्यक चोखोपानी ल्याउँछन्। घरमा आएपछि सासको जाँड पकाउने चोखोभाँडो अगेनामाथि राखिन्छ। उक्त भाँडो किरिया बसेको व्यक्तिले मृतकको नाममा प्राथना र सम्झना गर्दै चोखोपानी सानो धारा बनाएर अगेनामाथिको भाँडोमा खन्याउने गर्छन्। सोपछि उपस्थित अन्य दाजु भाइद्वारा पानी ढोल्ने[६५] गरिन्छ। सबै दाजु भाइले पानी ढोलीसकेपछि मूल छोरी र ज्वाइँ (जोडा भएको)ले भुटेको कोदो वा अन्य अन्न पकाउने र

६५ सासको जाँड पकाउँदा किरिया बसेको व्यक्तिले जाँड पकाउने भाडोमा राखेको पानीलाई दाजु भाइ र इष्टमित्रले छुने कार्य।

अन्य प्रक्रिया जाँड पकाउने प्रक्रियालाई अवलम्बन गरी पकाइन्छ । जाँड पकाइ सकेपछि पकाउने व्यक्तिले उक्त जाँडलाई माटोको घैंटोमा राखी कसैले नछुने चोखो स्थानमा झुण्डाएर राख्ने चलन छ। यसरी सासको जाँड पकाएपछि किरिया व्यक्तिबाट घैंटोमा सर्छ भन्ने विश्वास गरिन्छ।

च) किरिया (शुद्ध हुने)को दिन गर्नुपर्ने कार्य र विधि

छन्त्याल जातिले मृत्यु भएको ९ दिनमा शुद्ध हुने कार्य सम्पन्न गर्ने चलन छ। यसलाई बोलीचालीमा किरिया गर्ने दिन पनि भनिन्छ। किरियाको दिन बिहान छोरीले चुल्हो चौकोसहित घर लिपपोत गर्छन् । त्यसैगरी छोरी ज्वाइँले तामापानी वा सुनपानी जुठो लाग्ने दाजु भाइलाई दिएर चोख्याउने चलनको आरम्भ गर्छन् । किरियाको दिन प्रथमतः किरिया बसेको व्यक्ति नजिकको खोला, पँधेरा वा धारामा गएर नुहाएर आउँछन् । सो अवधिमा छोरी ज्वाइँले पूजा गर्ने स्थानलाई लिपपोत गर्ने र तामापानी वा सुनपानीलाई तितेपातीले छर्केर चोख्याउने गर्छन् ।

उक्त पूजा स्थानमा उक्त किरियाको पाँरे (ज्वाइँ वा भान्जा)ले बेसारको धुलो र चामल वा गहुँको पिठोको रेखीले तारा, सूर्य, चन्द्रमा, पहाड, बोटविरुवा र नदी वा खोला आदिको आकृतिसहितको गोलाकार जग्गे तयार गर्छन् । ती सबै आकृतिलाई आगो जलाउने स्थानमा रेखीले जोडिन्छ । आगो जलाउने वा हवन गर्ने स्थानमा अघिल्लो दिन वनबाट ल्याएको दाउरालाई चाङ बनाएर हवन तयार गरिन्छ। जग्गेमा किरिया बसेको व्यक्ति, परिवारको जग्गेमा सहभागी अन्य सदस्य पूर्व फर्केर र मन्त्र भन्ने पाँरे उत्तर फर्केर बस्छन् । जग्गेमा राखिएको मृतकको फोटोमा मार्ल्यापण गर्ने र १ मिनेट मृतकको सम्झनामा सबै जनाले मौनधारण गर्छन् ।

सोपछि पाँरेद्वारा हवन/होमनको मन्त्र वाचन गरिन्छ । मन्त्रवाचनसहित मन्त्रअनुसार पाँरेले दिएको निर्देशनबमोजिम किरिया बसेको व्यक्ति, परिवारका सदस्य र अन्य उपस्थित दाजु भाइसहित सबैले तिल, घ्यू, दुबो, तितेपाती वा धुपीको धुप मिसाएको जौं आगोमा पोल्ने गर्छन् । हवन गर्दा धोतिला पनि पोल्ने गर्छन् । धोतिला मोरो घाटमा लैजाँदा बाटो बनाएको सेतो कपडा ज्वाइँले सानो टुक्रा लिएका हुन्छन् र उक्त टुक्रा कपडालाई किरियाको दिन जग्गेको आगोमा पोल्नुलाई बुझाउँछ । विशेषतः काजकिरियाको दिन उक्त सेतो कपडालाई काटेर साना टुक्रा बनाइ मन्त्र वाचन गर्ने पाँरेलाई दिइन्छ। मृतकको नाता नजिकको व्यक्तिले उक्त टुक्रा मन्त्र वाचन गर्ने पाँरेबाट मागेर रु १/२ रूपैयाँसँग मन्त्र वाचन गर्ने पाँरेलाई दिने चलन छ । पाँरेले पैसा आफूसँग राख्छ । कपडाको टुक्रालाई मृतक र पैसासहित कपडाको टुक्रा दिने व्यक्तिको साइनो उच्चारण गर्दै आगोमा पोलिदिने चलन छ। यसरी पाँरेद्वारा हवन मन्त्र वाचनसहित हवन र धोतिला पोल्ने कार्य सम्पन्न गरेपछि जीवात्माको पूजा गरिन्छ।

मानवको जीवन दृष्य, अदृष्य, आकार, निराकार, स्पर्शय, अस्पर्शयलगायत विभिन्न जीव, जनावर, पंक्षी, बोटविरुवा, लेउ, झेउ/झ्याउको आधारमा चलेको थियो। मृतकले पनि तिनैको आधारमा जीवन चलाउँदै र धान्दै आएको थिए। त्यसैले मतृक र जीव, जनावर, पंक्षी,

बोटविरुवा, लेउ, झेउबीचको सम्बन्धलाई स्मरण गर्दै माटो, पिठो वा फलफूल आदिको कुनै पनि बिरुवा वा जीवको आकृति बनाएर जीवात्मा पूजा गर्ने चलन छ।। जीवात्माको पूजा गर्दा बनाइएको आकृतिमा जे-जे अङ्ग वा भागहरू छन्। सोहीअनुसार पाँरेले मन्त्र वाचन गर्छन्। पाँरेले भनेअनुसार किरिया बस्ने व्यक्तिले पूजा गर्छन्।

जीवात्मा पूजा गरेपछि स्वेच्छिक दानदक्षिणाको प्रक्रिया आरम्भ हुन्छ। मृतकको घर सदस्यले दानदक्षिणा गर्न नचाहेमा बाध्यकारी र अनिवार्य हुँदैन। त्यसैले दान दक्षिण गर्नुपरेमा सर्वप्रथम ९ माना वा ९ मुठी धान वा जौंबाट मान्छेको सुल्टो आकृति बनाइन्छ। उक्त आकृतिमा जीवित मानिसले जसरी प्रयोग गरेको हुन्छ। सोहीअनुसार मिलाएर राखिदिनु पर्छ। मृतक पुरुष भए गुन्द्री वा डछ्नन, तन्ना, सिरानी, सिरक, टिसर्ट वा कमिज, पाइन्ट वा खाडी, टोपी, कोट वा ज्याकेट, मोजा, जुत्ता वा चप्पल, छाता र लौरो/लठ्ठी र महिला भएमा ब्लाउज वा चोलो वा कुर्ता, लुङ्गी वा सुरुवाल वा सारी, डोरी, काइँयो र ऐना आदि दान गर्ने चलन छ। भाँडावर्तन र हतियारको रूपमा टाउली, ताप्के वा देउरी, डारू, पन्यु, थाल, खुकुरी, आँसी आदि दान दिइन्छ। दानको कार्य सकेपछि पाँरेले तिलक बनाइ मृतकको परिवारको सदस्यलाई लगाइदिने साथै हातमा बिजोर सराको पहेँलो धागो बाँधिदिने गर्छन्।

घरमा गर्नुपर्ने कार्य सकिएपछि घर वा पँधेरा नजिकै पाता सर्ने चलन छ। पाता गएर तीनवटा काठको अड्याउने बनाएर सोमाथि सासको जाँडको घैँटो राखिन्छ। त्यसपछि निश्चित समयमा बिर्को वा ढकनी खोलेर सासको जाँडको सास फालिन्छ। जाँडको सास फाल्ने समयमा मृतकका छोरी, दिदी, बहिनी र आफन्त महिलाहरू मृतक अनन्त र अदृष्य लोक गएको, घरपरिवार र आफन्तसँग छुट्टिएको आदि विषयलाई लयबद्ध रूपमा भन्दै बिलौना गर्छन्। सोपछि दाजु भाइ तथा ज्वाइँले सासको जाँड, चोखोपानी र अन्य सगुन हरियो पात वा टपरीमा लिएर अलि पर सास थाप्न जान्छन्। सास थाप्दा कुनै किरा फट्याङ्ग्रा वा कमिला आदिले छोएपछि मात्र सगुनलाई जुठो र चोखो गरी दुई भागमा छुट्याइन्छ। उक्त दुई भागमध्ये जुठो भाग त्यही छोड्ने र चोखो भाग गएका व्यक्तिहरूले सगुनस्वरूप खाएर फर्कन्छन्।

सास फालेपछि किरिया बसेको व्यक्तिले नजिकको खोला, पँधेरा वा धारामा गएर नुहाइधुवाइ गरी ज्वाइँबाट कपाल सुल्टो मुण्डन गर्छन्। छोरी, बुहारीले कपाल नुहाउँछन्। पँधेरा गएका व्यक्ति र सास चढाउने व्यक्ति एकै समयमा फर्कन्छन्। ठीक त्यही समयमा छोरी ज्वाइँले अघिल्लो दिन साँझ वनबाट ल्याएको छान्डो र काठ उल्टो फर्केर फ्याँक्ने चलन छ। खोला, पँधेरा वा धाराबाट किरिया बसेको व्यक्ति, छोरी, बुहारीलगायत अन्य व्यक्ति फर्केपछि किरिया बस्ने व्यक्ति, छोरा, बुहारीलाई दिदी बहिनीले टाउको र अनुहारमा तेल लगाइ दिन्छन्। ज्वाइँले मृतकको घरबाट नै किनिएको नयाँ कपडा लगाइ दिएर चोख्याउँछन्।

सोपछि छोरी ज्वाइँबाट किरिया बस्ने व्यक्ति, छोरा, बुहारीलगायत जुठो लाग्ने दाजु भाइलाई फूल, टीका लगाइदिने, नुन टिमुर खान दिने गर्छन्। यसलाई फूल टीका फुकाउने

भनिन्छ। यदि मृतकको नाममा थाँती, पौवा वा बिसौना वा चौपारी बनाएको छ भने लिङ्गोमा रातोसेतो धजा बाँधेर सगुनसहित प्रसाद चढाउन जाने परम्परा छ। अन्त्यमा किरिया बस्ने व्यक्तिले छोरी ज्वाइँलाई स्वेच्छिक रूपमा टीका लगाएर दक्षिणा दिन्छन्। सगुनपातको रूपमा रोटी, अचार, तरकारी, चट्नी, रक्सी, जाँड आदि खाएपछि उपस्थित निम्तालुलाई खानाको व्यवस्था गरिन्छ। खाना खाएपछि निम्तालु नजिकका भए घर फर्कन्छन् र टाढाको भए जाँदैनन्। बरखी वा वार्षिकीको सट्टामा ६० दिनको द्विमासिक गर्ने चलन छ। उक्त दिन किरिया बसेको व्यक्तिले नुहाइ ज्वाइँबाट केश मुण्डन गर्छन्। घर लिपपोत गरी मृतकको सम्झनामा धुप बत्ती बाल्छन्।

उल्लिखित मृत्यु संस्कार छेवर गरेको पुरुष र गुन्यु चोलो गरेको महिलाको मात्र गरिन्छ। यसलाई विधि अनुसारको पूर्ण किरिया शुद्ध मानिन्छ। छेवर र गुन्युचोली नगरेको बालबालिकाको मृत्यु भएमा सबै विधि प्रक्रियाअनुसार किरिया शुद्ध गरिँदैन। दाजु भाइको सहमति र परम्पराअनुसार केवल तीन दिनमा छोरी, भान्जा वा ज्वाइँबाट तामा वा सुनपानी बनाएर दाजु भाइ चोख्याउने गरिन्छ। यदि बच्चाको जन्मेर धुप नगर्दै मृत्यु भएमा किरिया शुद्धको कुनै विधि र प्रक्रिया बिना नै छोरी, भान्जा वा ज्वाइँबाट तामा वा सुनपानी छर्केर चोख्याउने गरिन्छ। मृतक बच्चालाई जङ्गल वा डाँडामा लगेर खाडलमा गाड्ने चलन छ। दाजु भाइले जुठो बार्नु पर्दैन।

छन्त्यालको अन्य जात/जातिसँगको सामीप्यता, बसोबासको ढाँचा र गाउँअनुसार संस्कारमा गरिने विधि प्रक्रिया र कार्यहरू फरक-फरक रहेको पाइन्छ। म्याग्दीको कतिपय गाउँमा किरिया शुद्धका लागि कोरा बस्ने चलन छैन। त्यसैगरी गुल्मी र बागलुङमा धोतिला पोल्ने चलन छैन। कतिपय गाउँमा किरिया शुद्धको दिन जाँडको सास फाल्ने बेलामा कुखुरा काट्ने र दाजु भाइले फोक्सो छुने गर्छन्। जसले दाजु भाइ बीचका एकता र समर्पणको प्रतीकको अर्थ दिन्छ।

६.१०. धर्म, संस्कार र लैङ्गिक सम्बन्ध

प्राचीन छन्त्याल समाज मातृसत्तात्मक थियो। यसको सङ्केतहरू विभिन्न कार्य र बिम्बहरूमा देखिन्छ। जस्तैः परिवार र समाजलाई व्यवस्थित गर्न; खानी खन्न; खेतबाली लगाउन; पशुपालन, सामाजिक र सांस्कृतिक कार्यमा महिला तथा पुरुषको समान सहभागिता हुन्थ्यो। धामीझाँक्री महिला र पुरुष दुवै हुन्छन्। महिला र पुरुष झाँक्रीले देवी देवतालाई समान हैसियतमा पूजा गर्छन्। काजकिरियामा पनि छोरासरह बुहारी तथा छोरीले जुठो बार्ने गर्छन्। कुलदेवता र पितृदेवतामा मृतक पुरुष र महिला दुवै पूर्वजको आत्मा रहेको हुन्छ भन्ने विश्वास रहेको छ। सोहीअनुसार पूजा गर्ने परम्परा छ। तसर्थ, परम्परागत धर्म, विश्वास र दर्शनअनुसार छन्त्यालमा लैङ्गिक विभेद थिएन होला भन्न सकिन्छ।

समाज पितृसत्तात्मक भएपछि अवश्य पनि लैङ्गिक सम्बन्ध र भूमिकामा फरक देखिएको हो । विभिन्न पूजा र संस्कारका कार्यहरूमा फरक भूमिका हुन्छ । विभिन्न पूजा गर्दा महिला पाँरे बसेको उदाहरण विरलै पाइन्छ । केवल पुरुष मात्र पाँरे हुन्छन् । कुलपूजा, पितृपूजा र भूमेपूजामा पूजाका लागि आवश्यक सामग्री तयार गर्ने र व्यवस्थापन कार्यमा महिलाको बढी जिम्मेवारी हुन्छ । यस कार्यमा उनीहरूको नै भूमिका अहम् हुने गर्दछ । महिलालाई रजस्वला वा महिनावरी भएको कारण ती कार्य गर्नबाट बञ्चित हुँदैन । जुनसुकै समयमा पनि स्वतन्त्रपूर्वक पूजा, विभिन्न संस्कारको कार्यमा सहभागी हुन, प्रसाद चढाउन, ग्रहण गर्न सक्छन् । तर थान छुन भने दिइँदैन ।[६६] यसो हुनु पितृसत्तात्मक सोच, चिन्तन र व्यवहारको निरन्तरता हो ।

छेवर गर्दा बालकको कपाल काट्ने बेला वा काजकिरियामा हवन गराउनेमा पुरुष पाँरेको नै भूमिका हुन्छ । विवाहमा सोधनी जाँदा पनि पुरुषको भूमिका देखिन्छ । यद्यपि, जिम्मेवारी पूरा गर्ने क्रममा भने पुरुषको जिम्मेवारी भन्दा बढी महिलाको रहेको छ । विवाह गर्दा केटी वा माइती नै इज्जत र सम्मानका हकदार हुन्छन् । छन्त्यालमा माइतीजस्तै माइतीले पालेका घरपालुवा जनावर पनि सम्मानित हुन्छन् र मान गर्नुपर्छ भन्ने परम्परागत भनाइ थियो/छ । छन्त्याल संस्कारमा पुरुषका लागि छेवर र महिलाका लागि गुन्यु चोलीबाहेक अन्यमा फरक छैन । अन्य संस्कार समान र बराबर हैसियतमा पूरा गरिन्छ । जस्तैः काजकिरिया संस्कारमा महिला वा पुरुष जुनसुकै लिङ्गको मृतक भए पनि एउटै विधि र प्रक्रियाद्वारा किरिया शुद्ध गर्ने परम्परा छ ।

कार्य जिम्मेवारीसँगै महिलालाई देवी वा देउतीनीको रूपमा पूजा गर्ने चलन छ । देउतीनीले शुभ कार्यमा सहयोग र अनिष्टबाट रक्षा गर्ने गर्छन् भन्ने विश्वास गरिन्छ । धार्मिक कार्य गर्दा महिला र पुरुषबीचमा शुद्धता र अशुद्धताको कसीमा राखेर तुलना गरिएको पाइँदैन । भूमिका, जिम्मेवारी तथा कार्यान्वयनको दृष्टिले धार्मिक कार्य, पूजा र संस्कारको कार्यमा महिला र पुरुष समान हैसियतमा सहभागी हुन्छन् । धार्मिक र संस्कारका कार्य गर्दा छन्त्याल महिला र पुरुष फरक भूमिकामा भए पनि विभेदको खाडल अधिकतम भएको देखिँदैन । छन्त्याल समुदायमा हुने संस्कारको प्रक्रियामा महिलाको भूमिका हुँदाहुँदै पनि पुरुषको नै उच्च देखिन्छ । संस्कारको प्रक्रियामा महिला र पुरुषबीचको शक्ति सम्बन्ध समान रूपको भने देखिँदैन ।

---

६६ यसको उदाहरण खुंखानी र भिङ्खानीको भूमेथानमा महिला नजाने परम्परा हो । यदि महिला गएमा देवता रिसाउने, अनावृष्टि वा अतिवृष्टि हुने, बाली राम्रो नहुने भन्ने विश्वास रहेको छ ।

अध्यायः सात
लोक संस्कृति र परम्परा

७.१. लोक संस्कृति

लोक(मानिस)मा परापूर्वकालदेखि मौखिक रूपमा अघिल्लोबाट नयाँ पुस्तामा हस्तान्तरण हुँदै आएको कथा, किंवदन्ती, विश्वास, प्रथा र चलन आदिलाई लोक संस्कृति भनिन्छ । लोक संस्कृतिको विकासको समय पृष्ठभूमि निकै लामो हुन्छ । नदीको पानी बगेजस्तै अविरल एकपछि अर्को पुस्तामा मौखिक रूपमा सर्दै आएको हुन्छ । छन्त्याल समुदायमा पनि धेरै नै कथा, विश्वास र प्रथाहरू अभ्यासमा छन् । ती कतिपय नितान्त समुदाय, थर र भूगोलसँग सम्बन्धित विशिष्ट खालका छन् । अध्येता भोगिराज चाम्लिङअनुसार संस्कृति आ-आफ्नै सामाजिक विशिष्टतामा बनेको हुन्छ जुन मानवीय संवेग, चिन्तन र अभिव्यक्तिहरूबाट निर्माण भएको हुन्छ (चाम्लिङ, २०७५:१४३) । कतिपय लोक संस्कृति विशिष्ट सामाजिक र सास्कृतिक अवस्थामा निर्माण हुँदा कथा र विषय समग्र प्रकृति, जीवन र जगतसँग सम्बन्धित छन् ।

छन्त्याल भाषा, संस्कार, विश्वास, मूल्य, मान्यता, देवी, देवता र परम्परा आदि अभौतिक संस्कृति हुन् । उनीहरूको परम्परागत पेसा, खानीको सुरुङ, गोठ, घर, थान, बिसौना, घरमा प्रयोग गरिएका कला, हतियार, बाजा, कपडा, गहना र खाना आदि भौतिक संस्कृति हुन् । छन्त्यालको संस्कृति र विशिष्टताले थप एउटा फूलको थुङ्गा थपेर देशको सांस्कृतिक सुन्दरतालाई प्रखर बनाएको छ, जसले अरु जात/जाति भन्दा भिन्न पहिचान पनि दिएको छ । मनिचन घरब्जा छन्त्यालअनुसार छन्त्यालका कतिपय मौलिक संस्कृति लोप भएको छन् । बचेको संस्कृति पनि नयाँपुस्तामा हस्तान्तरण नहुने भयो ।[६७] नयाँपुस्ताले अन्य संस्कृतिको अनुसरण र देखासिकी गर्न थालेका छन् । पछिल्लो समयमा भाषामा खस नेपालीकरण, संस्कृति, परम्परा, संस्कारमा परसंस्कृतिकरण, धर्म, देवी देवता, पूजाआजामा हिन्दुकरण र लवाइखवाइ, चालचलनमा पश्चिमीकरणको प्रभाव रहेको छ । यसले गर्दा जातीय मौलिकता र पहिचानमा आघात पुगेको छ । कतिपयले परिस्थिति र समयअनुसार भएको परिवर्तनको रूप ठान्छन् । तथापि, आफ्नो मौलिकता र विशिष्टतालाई संरक्षण र सम्वर्द्धन गर्नका लागि पुरानो पुस्तादेखि नयाँपुस्ता सबैले कार्य गर्नुपर्ने देखिन्छ । छन्त्यालको भाषा, विश्वास, संस्कार, चाडपर्व र पहिरन आदि विशिष्ट कुरालाई जोगाउने प्रयत्नको आश्यकता रहेको छ ।

---

६७ सम्वत् २०६५ असार २७ गते मनिचन घरब्जा छन्त्यालसँग काठमाडौंको सामाखुशीस्थित उहाँको तत्कालीन घरमा गरिएको कुराकानीमा आधारित ।

७.२. लोक गीत

छन्त्याल महिला र पुरुषले विभिन्न मेला, जात्रा, चाडपर्व, पूजाको अवसर तथा खेतीपाती लगाउँदा, दाउरा, घाँस काट्न जाँदा विभिन्न भाकामा गीत गाउँछन् । लोकगीत जीवन, जगत, संस्कार, संस्कृति, इतिहास, साइनोसम्बन्ध र माया प्रीतिका कथाहरूलाई लयबद्ध गरेर गाउने चलन छ । जीवनको भोगाइ, अनुभव र सिकाइ पनि गीतमा मिसिएको हुन्छ । यसरी लोक गीत गाउँदा गीतको जरा र टुप्पा मिल्नुपर्छ । उदाहरणको रपमा "ह...ह... दुई खोलीको दोभान । दुःखै दुःखमा चाल नपाइ गयो जोवान ॥" यस गीतमा "दुई खोलीको दोभान" गीतको जरा हो । "दुःखै दुःखमा चाल नपाइ गयो जोवान" गीतको टुप्पा हो । गीतको भाका जेसुकै भए पनि गीतको विषयवस्तु र सार भने गीत गाउँदाको अवस्थामा भर पर्छ । मेलापर्वमा मायाप्रीति र नातासम्बन्ध जोड्ने विषयवस्तु हुन्छ । संस्कारको कार्य र पूजाको समयमा गाउने गीत सोहीअनुसार हुन्छ । छन्त्यालले गाउने लोकगीतको मुख्य भाका झाम्रे, चुड्का, लालै, सोरठी, मारुनी, यानीमया, ठाडोभाका, लस्के, सालैजो, ख्याली र पन्चेबाजाको मयाली भाका आदि हुन् । यी विभिन्न भाका र लयका गीतहरू लिपिबद्ध तथा सुरक्षित भने हुन सकेका छैनन् ।

७.३. लोक बाजा

छन्त्याललले स्थानीय स्तरमा उपलब्ध स्रोतबाट विभिन्न किसिमको बाजा बजाउँछन् । ती लोकबाजा मेला जात्रा, संस्कार, चाडवाड र गीत गाउन एक गाउँबाट अर्को गाउँमा जाँदा बजाउने गर्छन् । यी बाजाको तालले लयबद्ध गीत र आवाजलाई संगीतमय बनाएको हुन्छ । छन्त्याल जातिले बजाउने परम्परागत बाजाहरू पिउँरा, मौरीबाजा (मोहनी बाजा), मादल, खैँचडी, डम्फू, मुजुरा, पैचन, मुरली, बाँसुरी, मर्चुङ्गा, सनाइ, झ्याली, ट्याम्की, ढोलकी, दमाहा, भाँकुरी, थकुरी आदि मुख्य हुन् । यी बाजाहरू छन्त्याल आफैंले तयार गर्छन् । हाल यी बाजाहरूको महत्त्व घट्दै गएको छ । सीप भएका मान्छे सकिए । ज्ञान, सीप र प्रविधि हस्तान्तरण हुन सकेको छैन । अर्कातिर आधुनिक पाश्चात्य शैलीका संगीत साधनले बजार लिएको छ । त्यसैले नयाँपुस्ताले गीत गाउँदा बाजा बजाउँदा मादल भिर्ने, मौरी बाजा, बाँसुरी, मुरली बजाउने भन्दा ब्रास, पियानो र ड्रमसेट, गितार, हारमोनियन आदि बजाउन थालेका छन् । लोकबाजाका तालहरू गीतको लय, भाखा र अवस्थामा आधारित भएर नामकरण गरिएको पाइन्छ । जस्तैः पञ्चेबाजामा स्माइलन ताल, गरगरे ताल, हिँड्ने ताल, मरुवा ताल आदि उदाहरण हुन् ।

७.४. नाच

छन्त्यालको परम्परागत लोक नृत्य छन् । जुन नाचबाट मनोरञ्जन गर्नुको साथै सांस्कृतिक कला र नीधिलाई बचाएका थिए । पुस्ता हस्तान्तरण गरेका थिए । ती नाचहरू मेला, जात्रा, चाडपर्व, पूजा र संस्कारका कार्य गर्दा नाच्ने चलन थियो । गाउँबस्तीमा नाचिने

मुख्य नाच मारुनी, पुरुसिङ्गेनाच, सोरठीनाच, डाँफेनाच (लोप भएको), थालीनाच, झाम्रेनाच, ख्यालीनाच, गरगरेनाच, स्माइलतालनाच र लस्केनाच आदि प्रमुख हुन् । प्रायः नाचको नाम गीतको भाका र बाजाको तालमा आधारित भएर नामकरण भएका छन् । छन्त्यालका यी परम्परागत नाचहरू क्रमशः हराउँदै जान थालेका छन ।

७.५. पहिरन

छन्त्यालको स्थानीय स्तरमा पाइने साधन र स्रोतमा आधारित रैथाने ज्ञान, सीप, प्रविधिको उपयोगितामा उत्पादन गरिएका कपडा लगाउने चलन थियो । ती पहिरनले छन्त्यालको पहिचान दिएको थियो/छ । उमेर र लिङ्गअनुसार पहिरन पनि फरक-फरक किसिमका थिए र छन् । यसलाई तल उल्लेख गरिएको छ ।

क) पुरुष पहिरन

छन्त्यालको पहिरन विशेष खालका हुन्छन् । जुन स्थानीय स्तरमा पाइने वस्तुबाट उत्पादन गर्ने र बनाउने गर्छन् । छन्त्यालको परम्परागत प्रमुख पहिरनमा सुतीको भोटो, चौबन्दी, धोती, काजबन्दी, भेडाको ऊनबाट हातले बुनेको बुट्टेदार पटुका वा पाखी, सेतो फेटा वा धोरो, भेडाको ऊनबाट बनाएको हादुला, पुवा (अल्लो)को धागोबाट बनाएको दोचा तथा मोजा, गारा (ब्रोलो, भाङ्ग्रा) टोबे, खाडी (खारी), गारा, चारआनी आदि हुन् । तीबाहेक आस्कोट, इस्टकोट, औँठे र महत्त्वपूर्ण सामान राख्ने बुट्टादार बासा, चक्कु राख्न मृगको छालाबाट बनेको सानो झोला आदि हुन् । प्रायः पहिरनहरू छन्त्याल महिलाले बुन्ने र सिलाउने चलन थियो/छ । कहींकहीं केही पुरुषले पनि धागा खल्ने, बुन्ने आदि सीप हुने गर्दथ्यो/गर्दछ । परम्परागत मान्यता र अभ्यासअनुसार जीवन निर्वाहका लागि आवश्यक पर्ने सबै कपडा सकेसम्म आफै तयार गर्नुपर्ने भएकोले विवाह गर्दा महिलामा तान बुन्ने ज्ञान, सीप र प्रविधि हुन अनिवार्य थियो । अल्लो र भाङ्गोको बोक्रा निकाल्ने, धुने, सुकाउने, पकाउने, कमेरो लगाउने, धागो खल्ने (बनाउने) र तान थाल्ने, बुन्ने, सिलाउने र तयार गर्नेजस्ता कपडा बनाउने शुरुदेखि अन्त्यसम्मका सीप र ज्ञान हुनुपर्ने निर्विकल्प शर्त थिए ।

वर्तमानमा विभिन्न कारणले छन्त्यालको परम्परागत पहिरनमा परिवर्तन आएको छ । विभिन्न बहुराष्ट्रिय कम्पनीबाट उत्पादित तयारी पोशाकलाई प्राथमिकता दिएका छन् । सामान्यतयाः पुरुषले पाइन्ट, कमिज, विभिन्न प्रकारका टिसर्ट, भेस्ट, कट्टु, हाफ पाइन्ट, ट्र्याक सुट, कोट, गन्जी, मोजा, कपडा र छालाको जुत्ता, चप्पल, छाला तथा सेन्थेसिसको पेटी र टोपी आदि लगाउने गर्छन् । गरगहनाको रूपमा सुन, चाँदी आदि बहुमुल्य धातुको औँठी र सिक्री लगाउने गर्छन् । पहिले घडी, चश्मा र रेडियो थिएन । पछि छन्त्याल युवाहरू विभिन्न सहरी क्षेत्र र विदेशमा आवतजावत गर्न थालेपछि ती सामग्रीसँग छन्त्याल परिचित भए । सबैलाई अनिवार्य जस्तै भयो । त्यसैले जनजिब्रोमा "...हातमा घडी काँधैमा रेडियो,

झिल्के लाहुरे छुट्टी सकी पल्टनमा हिँडियो..." भन्ने गीत बन्यो। पहिरनमा आएको परिवर्तनले पहिचानमा समस्या परेको छ। रैथाने ज्ञान, सीप र प्रविधि लोप हुँदै गएको छ। परम्परागत पहिरन शोपिस हुन थाले। झाँकी र विशेष अवसरमा मात्र लगाउने चलन शुरु भएको छ।

ख) महिलाको पहिरन

छन्त्याल महिलाले लगाउने परम्परागत पहिरन विशिष्ट भूगोल, वातावरण, सामाजिक र सांस्कृतिक मान्यता तथा उपलब्ध स्रोत, ज्ञान, सीप एवम् प्रविधिमा आधारित छन्। उनीहरूले परम्परागत रूपमा छिटको गुन्यु, कालो मखमली चोलो, निलो पटुका, मखमली घलेक, किनारमा बुट्टा भरिएको टेकी, पेटीकोट, दोचा, गारा र कपालमा डोरी आदि लगाउँथे र लगाउँछन। त्यसैले त "...छिटको गुन्यु मखमली चोली, हेर्दा राम्री मोहनी लाउने बोली..." भनेर गीत गाउने गरिन्थ्यो। महत्त्वपूर्ण सामान र गरगहना राख्नका लागि बासा एवम् झोली प्रयोग गरिन्थ्यो।

महिलाले सुन, चाँदी र तामाका काँभ्रे, चेप्टे सुन, ढुङ्ग्री, मारुली, फूली, मुन्द्री, काँडेरैँया, बाह्रमुखे रैँया, टुकी, ठ्याङ्गा, तिलहरी, नौगेडी, चारआनी, पोटे, सिक्री र औँठी आदि लगाउने गर्थे र गर्छन्। विभिन्न कारणले छन्त्याल महिलाको परम्परागत पहिरन र गरगहनामा परिवर्तन आएको छ। वर्तमानमा टेकी, पेटीकोट, टेकी, चोलो लगाउने र पटुका बाँध्ने चलन हराएको छ। विभिन्न डिजाइनका पाइन्ट, टिसर्ट, कमिज, हाफ पाइन्ट, कुर्ता सुरुवाल, स्कट र फ्रक आदि लगाउन थालेका छन्।

७.६. खानपान

यस जातिको परम्परागत खानामा कोदो, फापर, घैया, मकै, गहुँ, जौं, उवा, आलु र धान आदि अन्नबालीबाट बनेका परिकार मुख्य हुन्। विशेषत ढिँडो, आटो, डल्ली, रोटी, जाउलो र भात प्रमुख खानाका परिकार हुन्। खाजाको रूपमा बिरम्ला, भुटेको मकै र भट्ट, कोदो र गहुँको पिठोबाट बनाइएको सुख्खा रोटी, उसिनेको आलु र फर्सी आदि खान्छन्। परम्परागत तरकारीमा च्याउ, टुसा, ढोकायो, निउरो, सिस्नु, हरियो सागसब्जी र माछा, मासु पकाएर खान्छन्। पेय पदार्थमा दूध, दही, मही, छानेको जाँड, जाँडको झोल र रक्सी आदि पिउँछन्। दालमा मुसुरो, सिमी, बोडी, सिल्तुङ, रहर, अडर र केराउको दाल खान्छन्।

गेडागुडीमा भट्ट, केराउ, चना, सिमी र बोडी आदि खान्छन्। त्यसैगरी मासुका रूपमा रतुवा, घोरल, बँदेल, झारल, नाउर, थार, कस्तुरी आदि जङ्गली जनावरको मासु खाने गर्थे र गर्छन् भने भेडा, बाख्रा, खसी, बोका आदि घरपालुवा खाने गर्छन्। पंक्षीमा हाँस, कुखुरा, परेवा, तित्रा, मुनाल, डाँफे, च्याखुरा र हलेसो आदिको मासु खान्छन्। केही चराहरूको मासु खान हुँदैन भन्ने मान्यता रहेको छ। जसमा नेवल, चिबे, कोइली, गिद्ध, चिल, काग, बोरली, लाटाकोसेरो र हुइँचिल आदि पंक्षीहरू हुन्। त्यसैगरी कतिपय घरपालुवा र जङ्गली जनावर

जस्तैः राँगो, भैंसी, बङ्गुर, सुँगुर, गाईगोरु, कुकुर, बिरालो, हात्ती, गैंडा, वन गाई आदिको मासु परम्परागत रूपमा खानुहुँदैन भन्ने मान्यता छ। बर्जित पशुपंक्षीको बलि तथा मासु विभिन्न देवी देवतालाई र पितृलाई चढाउन पनि हुँदैन भन्ने गहिरो विश्वास छ। यदि वर्जित पशुपंक्षी देवी देवतालाई बलि दिएमा र तिनीहरूको मासु पकाएर पितृ चढाएमा कुलदेवता, मण्डली र पितृ रिसाएर परिवार, श्रीसम्पत्ति र गाउँमा हानि नोक्सानी गर्छन् भन्ने विश्वास रहेको छ। यो सोचमा परिवर्तन आए पनि व्यवहारमा परिवर्तन भएको छैन।

जाँड र रक्सी परम्परागत ज्ञान, सीप र प्रविधिको प्रयोग गरी आफै बनाउने चलन छ। जाँड बनाउनलाई विशेषतः विभिन्न अन्न पकाएर मर्चा मिसाइन्छ जडीबुटी र अन्न मिसाएर मर्चा बनाइन्छ। सोपछि थुन्से वा सानो कोठोमा ओठारो राखिन्छ। ३/४ दिनमा जाँडको वासना आएपछि माटोको घैंटो र मैट्टे (हाल प्लाष्टिकको भाँडा) राखिन्छ। उक्त जाँडलाई सकेसम्म लामो समय राखिन्छ। त्यसपछि टाउलो, हाँडी, माटोको हण्डा र बाटा प्रयोग गरी रक्सी बनाउने चलन छ। जाँड र रक्सी चाडपर्व, मेलाजात्रा, दैनिक जीवनमा प्रयोग गरिन्छ। साथै घरमा अतिथि वा आफन्त आएमा सर्वप्रथम जाँड वा रक्सी दिएर स्वागत गर्ने चलन थियो र छ। वर्तमानमा स्वागत र सत्कारका लागि पहिलो पटक पिउने पानी र चिया दिने चलन पनि बढेर गएको छ।

७.७. दैनिक जीवनमा प्रयोग हुने हातहतियार

छन्त्यालले सभ्यताको आरम्भदेखि नै आफूलाई आवश्यक पर्ने सामग्रीको निर्माण आफै गरेका थिए। हतियार र अन्य सामग्री बनाउने सीप, ज्ञान र प्रविधि उनीहरूसँग थियो। यसै सन्दर्भमा घैयाखानीका तालबहादुर छन्त्याल र सहबहादुर डाँडामारे छन्त्यालका अनुसार पुर्खाले हतियारमा धार लगाइ पाइन हालेका थिए। दलितलाई हतियार बनाउने जिम्मापछि मात्र दिइएको हो। हिन्दु चलनअनुसार बाहुनले हतियार बनाउने दलितलई अछुत मान्दथे। समाजमा त्यसखाले चलनले मान्यता पाएको थियो। छन्त्यालले उक्त काम गरेमा समाजमा अछुत हुनुपर्ने भएकोले हतियार बनाउन, धार लगाउन र पाइन हाल्न छाडेका हुन्।[६८] यसै भनाइसँग मिल्ने मत साविक अधिकारीचौर वडा नं. ५ का श्री करबहादुर बुढा मगरले[६९] पनि राख्छन्, मैले घर बनाउनवरिपरि राम्रा र सिपालु पर्खाल लगाउने कर्मी पाक्ष्न। त्यसैले कटेरी गाउँको सिपालु छन्त्याललाई बोलाएँ। कर्मीहरू आएर काम शुरु गरे। तर स्थानीय आरनेले ढुङ्गा फुटाउने छिना र ताङ्गा बनाएन र सकेन। छन्त्याल कर्मी आफैं आरनमा गएर सिकाए।

---

६८ सम्वत् २०६५ साल साउन ११ गते तालबहादुर र सहबहादुर डाँडामारे छन्त्यालसँग घैयाखानी गाउँमा गरिएको कुराकानीमा आधारित।

६९ सम्वत् २०७५ जेठ २२ गते श्री करबहादुर बुढा मगरसँग काठमाडौंमा गरिएको कुराकानीमा आधारित। उनको जिजुबाजेको पालामा खानीगाउँमा तमान गाउँबाट बसोबास गर्न आएका थिए। खानीगाउँ डाँडामारे छन्त्यालको पुर्ख्यौली थलो हो। जहाँ प्रशस्त तामाखानी खनिएका थिए।

उनीहरू (छन्त्याल)को पुर्खासँग राम्रो छिना र ताङ्गा बनाउने सीप थियो होला । त्यसपछि उनीहरूले सिके । परम्परागत खानी खन्नका लागि घन, छिना, ताङ्गा, बासुलो, थेबे, त्हो, कोदालो, कुटो आदि प्रयाग गर्थे । त्यसैगरी छन्त्यालले ऐरा खेल्नका लागि बन्दुक, धनु, वाण (तीर), काँध, खुकुरी र भाला आदि प्रयोग गर्थे । दैनिक जीवनमा गर्ने अन्य कार्यका लागि खुँडा, कर्द वा चक्कु, बन्चरो, आँसी र खुर्मली आदि प्रयोग गर्थे । कामको प्रकृतिअनुसार विभिन्न किसिमका हातहतियारको प्रयोग गरेको पाइन्छ ।

७.८. परम्परागत भाँडाहरू

छन्त्याल पुर्खाले तामाखानी खन्ने भएकोले घरमा तामा, पित्तल र काँसका भाँडाहरू प्रशस्त थिए । केही सङ्ख्यामा अझै पनि छन् । ती तामाका भाँडामा देवताको बास हुन्छ भन्ने विश्वास थियो । यदि जुठो गरेमा वा खुट्टाले हिर्काएमा देवता रिसाउँछन् । खानी खन्दा तामा फल्दैन भन्ने मान्यता थियो । खानी खन्न छोडेपछि तामाका भाँडा गालेर राज्यलाई भेजा तिरे । अलि-अलि बचेको तामा, पित्तल र काँसको भाँडा डोकोभाँडा व्यापारीले स्टिल, सिल्टी र प्लाष्टिकको भाँडासँग विनिमय (सट्टापट्टा) गरे । पुर्खाले खनेको तामाबाट बनाइएका भाँडा साट्नाले इतिहासलाई ओझेलमा पाऱ्यो । उनीहरूलाई भाँडाको ऐतिहासिक महत्त्व, तामाको मूल्य र पुर्खाको विरासत थाहा भएन । हिराको टुक्रा कौडीको दरमा विनिमय भयो । त्यसैले पुर्खाले निकालेको तामाबाट बनेका भाँडावर्तनहरू छन्त्याल गाउँमा विरलै पाइन्छ । उनीहरूसँग भएका तामाका भाँडाहरू आयातित तामाबाट निर्माण गरिएका हुन्, जुन जोसुकै व्यक्तिले बजारबाट खरिद गरेर ल्याउन सक्छ र ल्याउँछन् ।

छन्त्यालले तामा, पित्तल र काँससहित फलाम, काठ, सिल्टी, तथा स्टिलबाट बनेका भाँडावर्तनहरू प्रयोग गरेका थिए र छन् । उनीहरूले प्रयोग गर्ने भाँडावर्तन काम र प्रयोगको आधारमा छुट्टछुट्टै छन् । खाना पकाउन ताउली, भड्डु, डेक्ची आदि प्रयोग गर्छन् । तरकारी पकाउन झाङ्गा, ताप्के, देउरी, कराइ प्रयोग गर्छन् । खाना खाने समयमा थाल, कचौरा, गिलास, स-साना प्लेट, अम्खोरा, बोगना/बगोना र जग आदि प्रयोग गर्छन् । पानी राख्नका लागि गाग्री, ठेका, अम्खोरा, घैँटो र बगोना हुन् । जाँड र रक्सी बनाउन माटोको घैँटो, मट्टे, थुन्से, खद्कुनो र अलि ठूलो ताउली, हाँडी, पैनी, ज्याखुरी र छान्डो आदि प्रयोग गर्छन् । पेय पदार्थ दूध, दही, मही र जाँड तथा रक्सी सङ्कलनका लागि धार्ने, मध्यम खालका ठेका, ठेकी, पुर्चैं, भुर्की, चोर्थैं, मदानी, टर्पा, नेटी, माने ठेकी, पाँच मुठी अट्ने ठेकी आदि हुन् । बत्ती बाल्नका लागि डिर्सो, टुकी र पानस प्रयोग गर्छन् ।

७.९. थान, बिसौना र देवी देवताको प्रतिमा

छन्त्याल जातिको पूजा र दर्शन गर्ने स्थान थान हो । देवी देवताको थान सकेसम्म अलि अग्लो वा मानिसको आवतजावत कम हुने, पानीको मूल नजिक, रूखको फेद, पहराको छेउ,

ठूलो ढुङ्गाको आड वा अलि अक्केर भीरको फेँद आदि स्थानमा बनाउने गरेको पाइन्छ। किनभने मानिसको आवत जावत बढी हुने स्थानमा फोहोर, जुठो भएमा वा बर्जित कार्यहरू गरेमा देवी देवता रिसाएर अनिष्ट र मानिस बिरामी हुन्छ भन्ने विश्वास छ। ती थानहरू प्रायः एउटै शैलीमा बनाइएको हुन्छ। भिरालो जमिनमा पर्खाल लगाएर प्रायः दुईवटा तह बनाइएको हुन्छ। माथिल्लो तहमा देवी र देवताको प्रतिमा राख्न, धुपबत्ती जलाउन र कुण्डली बनाउनका लागि खोपा बनाइएको हुन्छ। सबैभन्दा माथि रूख वा लिङ्गो गाडिएको हुन्छ। जुन लिङ्गोमा धजा, नेजा र बलि दिएमा साँर, बोका, खसी आदिको सिङ झुण्डाइएको हुन्छ। त्यसैगरी खोपामा बलि दिएको पशु वा पंक्षीको रगत र कुखुराको प्वाँख आदि राखिन्छ। थानमा विभिन्न फूल र पाती चढाउने तथा दर्शन गर्ने चलन छ। थानहरूमध्ये भूमेथान, कुलथान, मण्डलीथान, बराहथान, सिद्धथान बढी महत्त्वपूर्ण मानिन्छ।

विशेषतः मृतकको सम्झनामा बाटो हिँड्ने मानिस, घाँसी, गोठालो आदिलाई भारी बिसाएर आराम गर्नको निम्ति बनाइएको स्थानलाई बिसौना भनिन्छ। उक्त बिसौनाको मृतकको सम्बन्धित परिवारले विभिन्न समयमा मर्मत सम्भार गर्छन्। साथै पूजा गर्ने चलन पनि छ। प्रायः बिसौनाहरू ढुङ्गाको पर्खाल चिन्ने र दुई तहमा बनाइएको हुन्छ। बीचको तहमा भारी वा झोला आदि बिसाउनका लागि ठूला-ठूला छपनी राखिएको हुन्छ। भित्तामा खोपा हुन्छन्। जहाँ मृतकको नाममा प्रसाद र फूलपाती चढाउने गरिन्छ। कतिपय स्थानमा बिसौना माथितिर रूखबिरुवा लगाउने चलन पनि छ।

छन्त्यालले थान र बिसौनामा देवी देवताको प्रतिमास्वरूप स्थानको आकार अनुसारको ढुङ्गा राख्ने गर्छन्। जसलाई देवी वा देवता मान्छन्। कुनै-कुनै थानमा भने काठको मूर्ति पनि राखेको पाइन्छ। देवी देवताको मूर्तिसँगै कटुस, बाँस वा निङ्गालाको लिङ्गोमा धजा र नेजा बाँधेर राखेका हुन्छन्। घण्टी पनि झुण्डाएर राखेको पाइन्छ। थानमा धूप बाल्ने स्थान, कुण्डली, बलिदिएको पशुको सिङ वा पंक्षीको प्वाँखहरू राखिन्छ।

७.१०. घरको सजावट

छन्त्यालको जीवन निर्वाहको निम्ति घर र गोठ अनिवार्य शर्त हुन्। घर अलि लामो समय सम्मका लागि निर्माण गरिने र बस्न मिल्ने भएकोले स्थायी बास भन्ने गरिन्छ। गोठलाई अस्थायी बास भनिन्छ। घरको बाहिरी, भित्री भाग र भुइँ लिपपोत गर्ने चलन छ। यसरी लिपपोत गरेको घरको दुई तलालाई नै भित्री र बाहिरी भागको भित्तालाई माथि र तल भनेर विभाजन गरिन्छ। माथिल्लो भागमा सेतो कमेरोले रङ्गाइन्छ भने तल्लो भागलाई रातो माटोले रङ्गाइन्छ। ढोका, झ्याल र थामहरूमा कालो रङ्ग लगाउने गरिन्छ। सेतो भागमा पुरेनी फूललगायत विभिन्न फूल तथा आकृति बनाएर सजाउने चलन छ। घरभित्र थाल, गिलास, कचौरा, बगोना, आदि भाँडावर्तनलाई सकेसम्म मिलाएर सजाउने गरिन्छ।

७.११. अन्य सामग्रीहरू

छन्त्यालले दैनिक जीवनमा अन्य विभिन्न सामग्रीहरू प्रयोग गर्दै आएका छन् । आकाशबाट परेको पानीबाट जोगिनका लागि चोया र भोजपत्रबाट बनाएको स्यागु, पानी, दाउरा र घाँस बोक्नका लागि चोयाबाट बनाएको डोका र राँगे, अन्न राख्नका लागि चोयाबाट बुनेको डालो, भकारी, कोठो, नाम्लो, फूर्लुङ, फुङ्गो, थुन्से आदि प्रमुख हुन् । त्यसैगरी अस्थायी प्रकृतिको गोठको छाना बनाउन र बार गर्नका लागि बलाङ, भालाङ र चित्रो आदि मुख्य हुन् । विस्कुन तथा विभिन्न तरकारी सुकाउनका लागि मान्द्रो, बलाङ, भालाङ र चित्रो आदिको प्रयोग गर्छन् ।

कृषि उत्पादनका लागि गोरु, हलो, जुवा, हरिस, फाली, करुवा, नाइरो, जतारो, सोइला, फिरकुली, पाटी, हनौ, खोक, बेङ्गार, दाँते, लेड्का वा मयो, कुतो, कोदालो, गल, झ्याम्पल, गैंटी, बेल्चा, म्होलो र आँसी आदि कृषि सामग्रीको रूपमा प्रयोग गदै आएका छन् । भाङ्गो र अल्लोबाट बनाएको सामानहरूः बरियो, घुरियो, जाबे, जाले, दाम्लो, नाम्लोलगायत विभिन्न कार्यका लागि बनाइएका डोरी आदि हुन् । वस्तुभाउ बाँध्नका लागि खर, चोया र लहराबाट बनाइएको दाम्लो प्रयोग गर्छन् । दैनिक जीवनमा प्रयोग हुने यी सामग्रीहरू छन्त्याल आफैंले बनाउँछन् । कतिपय आफूले घरमा प्रयोग गर्छन् । बढी भएको सामग्रीहरू गाउँघर, छरछिमेकी गाउँमा बिक्री वितरण गर्छन् । बिक्रीबाट प्राप्त रकमले जीवन निर्वाहमा सहयोग गरेको छ ।

७.१२. अतिथि सत्कार

छन्त्याल जातिमा अतिथिलाई सत्कार गर्ने आफ्नो छुट्टै परम्परा छ । यदि कुनै घरमा पाहुना आएमा घरको पालीमा गुन्द्री बिछ्याएर बस्न अनुरोध गरिन्छ । त्यसपछि जाँड, रक्सी, पानी, दूध, दही र मही आदि पेय पदार्थ पाहुनालाई दिएर सत्कार गरिन्छ । त्यसपछि के-कति कारणले आएको, कहाँ जाने आदि कुरा सोध्ने चलन छ । साँझमा सकेसम्म कुखुरा काटेर मासु बनाउने, भात पकाउने र अन्य विभिन्न परिकार बनाएर मिठो तथा मसिने खान दिने चलन छ । खाना खाएपछि पाहुनालाई खाएको भाँडा माझ्न दिनुहुँदैन । यदि पाहुनालाई राम्ररी सत्कार र सम्मान गरिएन भने घरपरिवार, भाइखलकमा बेइज्जत हुने र अर्को समुदायमा पनि फरक सूचना जान्छ भन्ने मान्यता रहेको हुन्छ ।

नजिकको नाताका र मानमनितो गर्नुपर्ने व्यक्ति भएमा अझ विशेष ढङ्गले सम्मान गर्नुपर्ने हुन्छ । साइनोअनुसार नमस्कार गर्ने र ढोग्ने चलन छ । पाहुना एक दिन भन्दा बढी बसेमा गाउँको दाजु भाइले पनि पाहुनालाई बोलाएर खान दिने चलन छ । जसलाई पाहुना खुवाउने भनिन्छ । पाहुना खुवाउँदा खाना र व्यवहारमा सकेसम्म कुनै कमी कमजोरी हुन नदिन विशेष ख्याल गरिन्छ । पाहुना घर पर्कने समयमा सेलरोटी, चिल्लेरोटी, बिरम्ला, भात खाजा, टारेको आलु, तरकारी, जाँड र रक्सी आदि कोसेलीको रूपमा राखिदिने चलन छ । यो कासेली

अलिकति पाहुनालाई बाटोमा खाजा र पाहुनाको घरको सदस्यलाई कोसेली भनेर छुट्याउने परम्परा पनि छ।

७.१३. लोक कथा

छन्त्याल जातिमा प्रशस्त लोक कथाहरू थिए। जुन लोक कथाहरूको विषयवस्तु मानवजीवन र प्रकृति, देवी देवता, दुष्ट राक्षस आदिबारे हुन्थे। ती कथाहरू साँझ खाना खाएपछि सुत्नुभन्दा अगाडि घरको पाको व्यक्तिले आफ्नो परिवारका बालबालिकालाई सुनाउने चलन थियो। आफ्नो बाजेबज्यै र बाबुआमाबाट सुनेका बालबालिका पाको उमेर पुगेपछि पुनः आफ्ना बालबालिकालाई सुनाइन्थ्यो। यसरी लोककथाको पुस्तान्तरण हुन्थ्यो। कतिपय अवस्थामा स-साना नानीहरूलाई भुलाउन र सुताउनका लागि पनि लोक कथाहरू भन्ने गरिन्थ्यो। ती सबै लोक कथा अघिल्लो पुस्ताले भनेको आधारमा अर्को पुस्तालाई भनिन्थ्यो। किनभने त्यतिबेला छन्त्यालहरूमा लेखन कला र सीप कम थियो। अर्कोतिर कथा लेख्नुपर्छ र जोगाउनुपर्छ भन्ने चेतना पनि कम थियो। वर्तमानमा ती कथाहरू पुस्तान्तरणको अभावले लोप हुँदै गएका छन्। जसको प्रत्यक्ष प्रभाव जीवन दर्शन, कला, साहित्यमा परेको छ। यसै प्रसङ्गमा गड्यौंला र मानिसको विवाहसम्बन्धी लोक कथालाई प्रस्तुत गरिएको छ।

उहिले-उहिले नौवटा घाम (सूर्य) र नौवटा जुन (चन्द्रमा) थियो रे। रूखविर्ची पनि अहिलेजस्तो हरियो र ठूला थिएनन्। त्यतिबेला मानिस पनि साना-साना किम्ला (कमिलो), गड्यौंला, किराफट्याङ्ग्रा जत्रा थिए। मान्छेको विवाह मान्छेसँग मात्र नभएर अन्य ती स-साना किराहरूसँग हुन्थ्यो। ती किराहरूले पनि मानिसले जस्तै व्यवहार र कार्य गर्थे। विवाहको क्रममा एकपटक धेरै दाजु भाइ भएको एक मात्र दिदीले गड्यौलासँग विवाह गरेछन्। दिदी भिनाजु माइती भेट्न विभिन्न कोसेली लिएर आए। आमा बुबा, बाजेबजे, दाइभाइ सबै खुशी भए। दिदीले ल्याएको कोसेली सबैले बाँडेर खाए। माइतीले दिदी र भिनाजुलगायत सबै जन्तीलाई बिदा गरे। दिदीले विवाहमा धेरै खानेकुरा कोसली ल्याएकोले भाइहरूले धेरै खाए, रमाए र खुशी भए। जन्ती पर्कने बेलामा साना-साना दुईवटा भाइले दिदीसँग गएपछि अझै मिठो र धेरै खानेकुरा पाइएला भनेर दिदीसँगै जाने कुरा आमा बुबालाई भने। आमाबुबाले जन्तीसँग माइती जान हुन्न भनेर सम्झाए। तर साना भाइहरूले मानेनन्। त्यसैले ती दुई भाइ जन्तीसँगै दिदी भिनाजुको घर गए। निकै लामो समय दिदी भिनाजुसँग बसे। मिठो-मिठो खानेकुरा खाए। भाइहरू खुशी थिए। एकदिन दिदीले भाइहरू धेरै समय आफूसँग बस्दा आमा बुबालाई चिन्ता हुने भएकोले घर फर्कनका लागि भाइलाई सम्झाइन्। भाइहरूलाई पनि धेरे लामो समय दिदीसँग बसेकोले आमा बुबाको नियास्रो लागि रेहेको थियो। त्यसैले "हुन्छ" भने।

दिदीले भोलिपल्ट भाइहरूलाई मासु, भात, तरकारी, दूध, दही आदि खानेकुरा खान दिए। त्यसपछि भाइहरूलाई माइतीसँग पुऱ्याउनका निम्ति आफ्नो गड्यौंला श्रीमान्लाई

अनुरोध गरिन् । श्रीमान्‌ले पनि हुन्छ भने । बाटोमा खानका लागि विभिन्न अर्नी (खाजा) पनि पोका पारिदिइन् । दिदीले भाइहरूलाई रूँदै "राम्ररी जानु, आमा बुबालाई दिदी सन्चै छ भन्नू, म यहाँ खुशी छु, पछि फेरि म पनि तिमीहरूलाई भेट्न आउँछु, अलिकति कोसेली आमा बुबालाई पनि पुऱ्याउनू" भनेर बिदा गरिन् । बिदा गर्ने समयमा भाइहरूलाई सम्झाउदै बाटो हिँड्दा, खाजा खान बस्दा र भिनाजुको अगाडि-पछाडि हुदाँ भिनाजुलाई भुलेर पनि नछुनू है भाइहरू भनिन् । भाइहरूले पनि हुन्छ दिदी भने ।

दिदीसँग बिदा भएर दुईभाइ र भिनाजु घरतिर लागे अनेकौं उकालो, ओरालो, जङ्गल, भिरालो बाटो हुँदै हिंडे । धेरै टाढा पुगेपछि उनीहरूलाई भोक लाग्यो । अक्करे भीरको बाटो थियो । सानो भाइले भिनाजु भोक लाग्यो भनेपछि तीनैजनाले खाजा खाए । खाजा खाएपछि थकित शरीरमा अलि-अलि तागत भरिएर आयो । सानो भाइले हिँड्ने बेलामा दिदीले भिनाजुलाई नछुनु है भनेको झल्याँस सम्झ्यो । उसलाई खुल्दुली लाग्यो । आखिर भिनाजु हाम्रै त हुन् । अनि "किन नछुनू" भन्नुभएको होला दिदीले । छोएपछि के हुन्छ ? त्यो पनि भन्नुभएन । नछोएपछि के हुन्छ ? त्यो पनि भन्नुभएन । सानोभाइले धेरै कुरा मनमा खेलायो । मनले धेरै गम्यो । यसो दाइतिर हेऱ्यो भिनाजुतिर हेऱ्यो । दुवैले मज्जाले खाजा खाँदै छन् । मनमनै हाँस्यो हत्तेरिका के-के कुरा सोचेछु ।

फेरि गम्यो यति लामो बाटो आइसकियो । भिनाजुलाई दाइले छोएको छैन् । मैले पनि छोएको छैन । ठिकै छ । "हैन छोएर हेर्नुपऱ्यो के हुँदोरहेछ" भनेर भिनाजुलाई छुने मन पलायो । सानो भाइले भिनाजुलाई यसो के छोएको थियो । गड्यौंला भिनाजु त घिन्ताङफट्याङ, घिन्ताङफट्याङ गर्दै अक्करे/अप्ठ्यारो भीरबाट तलतिर झरे । दुवै भाइ आत्तिए । "ला अब के गर्ने ? कसो गर्ने ? कसरी घर फर्कने ? घर जाने" बाटो पनि बिर्सिसकिएको छ । बित्याँसमा परे । भिनाजुलाई खोज्न जान सक्ने अवस्था पनि भएन । अक्करे भीरबाट तल भिनाजु कता खस्नुभयो थाहा भएन । दुवै भाइ रूँदैरूँदै दिदीको घर फर्के । बाटोमा भएको सबै कुरा सबिस्तार बताए । दिदीले गाउँमा भएको सबै गड्यौंला, मानिस, किराफट्याङ्ग्रा सबैलाई लिएर श्रीमान् खोज्न गए । तर पाउन सकेनन् । अक्करे भीरमा खोज्न पनि कठिन भयो । सबैले माया मारे । दिदी विधवा भइन् । धेरै लामो समयपछि भाइहरूलाई लिएर दिदी माइत गइन् । माइती कहाँ चाँडै आउन नसक्नुको कारण बताइन् । सबै जनाले विपत्तिप्रति चुँचुँ/चुक्चुक गरे । बितेको पल फर्केर आएन ।

कथा सकियो हुरौंतिर खोलाले बगायो, उँभोतिर हावाले उडायो, सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा सुन्ने बैकुन्ठै जाला ।

अध्यायः आठ

भाषा र जनसङ्ख्या

८.१. मातृभाषाको परिचय

आदिवासी जनजातिको पहिचानका आधारमध्ये मातृभाषा अर्थात् जातीय भाषा एक हो । भाषाले विषयसम्बन्धित जातिको उत्पत्ति र विकासको इतिहाससँग प्रत्यक्ष सम्बन्ध राख्छ । छन्त्यालको आफ्नै मातृभाषा छ । यसलाई छन्त्याल भाषा भनिन्छ । कतिपयले छन्तेल/चन्तेल/छन्त्याल भाषा, खाम भाषा, खाम कुरा र छन्त्याल खाम[७०]को रूपमा बुझ्ने गरेको पाइन्छ। समुदायमा छन्त्याल भाषा नै भनिन्छ। सन् २०११ को तथ्याङ्कअनुसार छन्त्याल भाषा बोल्ने बक्ताको सङ्ख्या ४,२८३ जना रहेको छ । उक्त वक्तामध्ये सहरी क्षेत्रमा बस्ने २०.४३ प्रतिशत र ग्रामीण क्षेत्रमा बस्ने ७९.७५ प्रतिशत रहेका छन्। सन् २००१ को तुलनामा भाषा वक्ताको सङ्ख्या १,६२९ जनाले कम भएको छ। सन् २००१ को तथ्याङ्कअनुसार भाषा वक्ता ५,९१२ जना थिए।

बसोबासको हिसाबले म्याग्दीको रघुगंगा गाउँपालिकाको मङ्गलेखानी, खरिबोट, धाँरद्वाँडी, घ्याँसीखर्क, चौरखानी, कुइनेखानी र ठाडाखानी तथा धौलागिरि गाउँपालिकाको मल्कबाङखानी र मलम्पारखानी मुख्य गाउँ हुन्। यस गाउँमा सबै छन्त्याल भाषा बोल्छन्। अन्य गाउँमा कम मात्र भाषा बोल्ने गर्छन्। भाषाशास्त्रीहरूका अनुसार छन्त्याल नेपालको लोपोन्मुख भाषामध्ये एक हो। यस भनाइलाई सन् २००१ र सन् २०११ को तथ्याङ्कअनुसार १,९२६ जना भाषा वक्ता कम हुनुले पनि सङ्केत गरेको छ। छन्त्याल भाषाको लिपिको अझै अनुसन्धान र खोज हुन सकेको छैन। त्यसैले छन्त्याल भाषको लेखनका लागि देवनागरी लिपि प्रयोग गर्छन्।

सम्वत् २०५८ को तथ्याङ्कमा ९२ भाषा र १०३ वटा (नाम नखुलेकोसहित) जात/जाति थिए। उक्त आँकडा सम्वत् २०६८ मा बढेर मातृभाषा १२३ र जात/जातिको सङ्ख्या १२५ हुन पुग्यो । १० वर्षको फरकमा ३१ वटा भाषा र २२ वटा जात/जाति थपिए। १२३ वटा भाषामध्ये धेरैजसो भाषा जनजातिले बोल्ने भाषा हुन्। सम्वत् २०५८ को जनगणनामा मात्र छन्त्याल भाषाले पहिचान पाएको हो। त्यसभन्दा पहिले छन्त्याल भाषा बोलीचाली, सरकारी रकेर्ड[७१] र विभिन्न अध्येताले भाषाको अध्ययन[७२] गरेका थिए। तर गणनामा छुटेको थियो।

---

७० विभिन्न अध्येता र व्यक्तिले छन्त्याल भाषालाई फरक-फरक शब्दले नामकरण गरेका छन्। वास्तवमा ती सबै शब्दहरूले छन्त्याल जातिले बोल्ने छन्त्याल भाषालाई नै बुझाउने भएकोले यस पुस्तकमा पर्यायवाची शब्दको रुपमा प्रयोग गरिएको छ।

७१ पञ्चायत स्मारिका, २०४३:२८७।

७२ माइकल नुननले रामप्रसाद भलञ्जा, जगमान छन्त्याल र विलियम पाग्लिवासँग मिलेर सन् १९९९ मा Chhantyal Dictionary and Texts प्रकाशन गरेका छन्। नुननले छन्त्याल भाषासम्बन्धी १९९० देखि २००१ सम्म थुप्रै लेख छाप्ने र कार्यक्रममा पेपर प्रस्तुत गरिसकेका छन्। त्यसैगरी, शास्त्रतत्त पन्त, दिलबहादुर छन्त्याल र अन्ना डि सेल्स आदिले छन्त्याल भाषासम्बन्धी उल्लेख गरेका छन्।

सम्वत् २०६८ को तथ्याङ्कमा छन्त्याल भाषा पुनःसमावेश भएको छ ।

छन्त्याल भाषालाई छन्त्याल/छन्तेल भाषा, छन्तेल खाम र खाम भाषा भनी तीनवटा नामबाट चिन्ने गरिएको पाइन्छ । यी तीनवटा नामले छन्त्याल जातिले बोल्ने भाषालाई बुझाउँछ । त्यसैले छन्त्याल मातृभाषा बोधका लागि तीनथरी नाम पर्यायवाची शब्द हुन् । छन्त्याल भाषा भोटबर्मेली भाषा परिवार अन्तर्गतको भाषा हो । नेपालको जनसङ्ख्यामा तिब्बत-बर्मेली भाषा बोल्ने समूहहरूमध्येको एक सानो समुदाय छन्तेलको छ (मेचीदेखि महाकाली भाग ३, ६३३) । माइकल नुनन्को अनुसार छन्त्याल भाषा नेपालको म्याग्दीमा बोलिने भाषा हो । छन्त्याल भाषा साइनो-तिब्बतियन परिवार बोडिक शाखाको तामाङ्गिक उप-समूह अन्तर्गतको हो । छन्त्याल भाषा लोपोन्मुख अवस्थामा रहेको भाषा हो । छन्त्याल भाषा बोल्ने विशिष्ट गाउँ म्याग्दी जिल्लाको मङ्गलेखानी, खरिबोट, धाँरद्वाँडी, घ्याँसीखर्क, चौरखानी, कुइनेखानी, मल्कबाङखानी र मलम्पारखानी हुन् । यहाँका सबै छन्त्यालहरू मातृभाषा बोल्छन् । अन्य गाउँको तुलनामा मल्कबाङखानी र मलम्पारखानीमा अलि फरक लवजमा उच्चारण र वस्तुको नाम फरक छन् ।

छन्त्याल भाषाको वंशानुगत साइनो भोट-बर्मेली भाषा परिवारसँग छ । माइकल नुनन्का अनुसार यो भाषा भोट-बर्मेली परिवारभित्र पर्ने थकाली, गुरुङ, मनाङ्वा, नार्फु र तामाङ भाषा समेटिएको तामाङ्गिक समूहमा पर्छ । त्यसैगरी, रुद्रलक्ष्मी श्रेष्ठका अनुसार छन्तेल भाषा थकाली भाषाभन्दा पनि गुरुङ भाषासँग नजिक देखिन्छ । तर सीमित शब्दको आधारमा यस्तै हो भनेर निक्यौल गर्न गाऱ्हो हुन्छ (श्रेष्ठ, २०७१:४०-४१) । त्यसैगरी योगेन्द्र यादवका अनुसार छन्त्याल भाषा भोट-बर्मेली भाषा परिवारअन्तर्गत बोडिक शाखा हुनुका साथै थकाली भाषाको नजिक छ । यादवका अनुसार छन्त्याल भाषाको वंश वृक्ष यसप्रकार रहेको छ ।

छन्त्याल भाषाको वंश वृक्ष



८.२. मातृभाषाको अवस्था र वक्ता

छन्त्याल भाषाको अवस्था कमजोर छ । बोल्ने वक्ताको सङ्ख्या घट्दै छ । शब्दहरू हराउँदै गएका छन् । अन्य भाषाको प्रयोग बढ्दै गएको छ । समुदायमा भावनात्मक र वैचारिक दृष्टिले मातृभाषालाई संरक्षण गर्नुपर्छ र जोगाउनुपर्छ भन्ने छ । भाषा पहिचानको आधार हो । छन्त्याल भाषाको अवस्था केलाउँदै चुडामणि बुन्धु र साथीहरूको अनुसार भाषिक परिवर्तन र प्रयोगको अध्ययन गर्दा भाषा (छन्त्याल) सदाका लागि लोप भएर जान सक्ने सम्भावना देखिन्छ । भाषा र संस्कृति कुनै पनि राष्ट्रिय र समाजका लागि अमूल्य सम्पदा हुन् । नेपालको सन्दर्भमा समग्र नेपाल संस्कृति र सभ्यतामा मात्र होइन, नेपाली भाषाको विकासमा समेत यहाँको राष्ट्रिय र जातीय संस्कृतिको अमुल्य योगदान रहेको छ (बन्धु र साथीहरू, २०७१:४६) । चुडामणि बन्धु र साथीहरूले माइकल नुनन्‌बाट उद्धृत गर्दै लेख्छन्, छन्त्याल भाषा नेपालमा अन्य लोपोन्मुख भाषाहरूमध्येका एक राष्ट्रिय भाषा हो । सम्भवतः २०७२को संविधानले राष्ट्र भाषाको रुपमा स्वीकारेको पाइन्छ ।

यो भाषाको वंशाणुगत साइनो भोट-बर्मेली परिवारसँग छ । यो भोट-बर्मेली परिवारभित्र पनि थकाली, गुरुङ, मनाङ्वा, नार्फु र तामाङ भाषा समेटिएको तामाङ्गी समूहमा पर्दछ (बन्धु र साथीहरू, २०७१:१७) । यी माथिका भनाइसँग मिल्नेगरी नन्दबहादुर घरब्जा छन्त्याल भन्छन्, बसाइँसराइ, विदेश जाने, बोर्डिङ स्कुल पढ्ने, पुरानो पुस्ता सकिने र नयाँ पुस्ताले भाषा नसिक्ने हो भने हाम्रो भाषा लोप हुन्छ । छन्त्याल भाषा तामाङ, गुरुङ र थकालीसँग मिल्दोजुल्दो

छ। उनीहरू (तामाङ, गुरुङ र थकाली)सँग भेट भएर कुरा गर्दा केही शब्द मात्र फरक छ।[७३] वास्तवमा छन्त्याल भाषा लोप हुने अवस्थामा देखिन्छ।

छन्त्याल भाषा बोल्ने वक्ताको सङ्ख्या कम छ। सम्वत् २०५८ मा ८ जिल्लामा छन्त्याल भाषा बोल्ने वक्ताहरू थिए भने सम्वत् २०६८ मा ३२ जिल्लामा छन्त्याल भाषा वक्ता भएको आँकडाले देखाइएको छ।

तालिका नं. ११: सम्वत् २०५८ र ०६८ अनुसार छन्त्याल भाषा वक्ताको क्षेत्रगत जनसङ्ख्या विवरण

वर्ष	शहरी क्षेत्र	प्रतिशत	ग्रामीण क्षेत्र	प्रतिशत	जम्मा	जिल्ला सङ्ख्या
२०५८	१२७	२.१४	५७८५	९७.८५	५९१२	८
२०६८	८७५	२०.४२	३४०८	७९.५७	४२८३	३२
१० वर्षको बीचको फरक	+७४८	५८८.९८	-२३७७	-४१.०९	-१६२९	+२४

(स्रोतः केतवि, सम्वत् २०५८ र २०६८ को जनगणनामा आधारित)

तालिकाअनुसार सम्वत् २०५८ को तुलनामा २०६८ मा छन्त्याल भाषा वक्ताको सङ्ख्या घटेको छ। १० वर्षको अवधिमा पहिले भन्दा २७.५५ प्रतिशतले वक्ताको सङ्ख्या घटेको छ, जुन १६२९ जना हो। यही अनुपातमा घट्दै जाने हो भने वक्ताको सङ्ख्या शून्य हुनेछ। वक्ताको सङ्ख्या कम हुनुले भाषा लोप हुँदै जाने सम्भावनालाई सङ्केत गर्छ। भाषा वक्ता घट्नुको प्रमुख कारणहरूमा सम्वत् २०५८ मा जस्तै २०६८ मा सबैले छन्त्याल मातृभाषा नलेख्नु, मातृभाषाप्रति सचेतनाको कमी र वक्ता नै कम हुनु आदि हुन्। यी दुईवटा जनगणनालाई तुलना गर्दा भाषा वक्ताको सङ्ख्या ग्रामीण क्षेत्रमा घटेको र शहरी क्षेत्रमा बढेको छ। सम्वत् २०५८ मा केवल १२७ जना भाषा वक्ताहरू शहरी क्षेत्रमा थिए। सो सङ्ख्या १० वर्षमा ५८८.९८ प्रतिशतले बृद्धि भएर ८७५ पुगेको छ। ग्रामीण क्षेत्रमा भने १० वर्षमा भाषा वक्ता ४१.०९ प्रतिशतले घटेर ३,४०८ मात्र रहे। मातृभाषा वक्ताको शहरी क्षेत्रमा बढ्नु र ग्रामीण क्षेत्रमा कम हुनुको मूल कारण आन्तरिक बसाइँसराइ हो।

---

७३ सम्वत् २०७६ असार २ गते नन्दबहादुर घरब्जा छन्त्यालसँग पोखरा दीपस्थित नेपाल छन्त्याल संघ, जिल्ला समिति कास्कीका सचिव बमबहादुर घरब्जा छन्त्यालको घरमा भएको कुराकानीमा आधारित।

तालिका नं. १२: सम्वत् २०५८ र २०६८ मा भाषा वक्ता १०० वा सोभन्दा बढी भएका जिल्लागत विवरण

क्र.सं.	जिल्ला	भाषा वक्ता	प्रतिशत	क्र.सं.	जिल्ला	भाषा वक्ता	प्रतिशत
१	चितवन	१७२	२.९	१	काठमाडौं	३४३	८
२	बागलुङ	१५९४	२६.९६	२	कास्की	३९६	९.२४
३	म्याग्दी	३९५३	६६.६८	३	दाङ	२२०	५.१३
४	रूपन्देही	२६	३.२६	४	बागलुङ	१२९२	३०.१६
५	दाङ	८२	-	५	म्याग्दी	१०६९	२४.९५
६	कास्की	७२	-	६	रूपन्देही	३७४	८.७३
७	मुस्ताङ	९	-	७	सुर्खेत	१५०	३.५
८	ललितपुर	४	-	८	अन्य २५ जिल्ला	४३९	१०.२४
		५९१२	**१००**	**जम्मा**		**४२८३**	**१००**

(स्रोतः केतवि, सम्वत् २०५८ र २०६८ को जनगणनामा आधारित)

छन्त्याल भाषा जिल्लागत आधारमा पहिलेदेखि नै म्याग्दी जिल्लामा बढी बोल्ने गरेको पाइन्छ। म्याग्दीको साविक मल्कबाङ, कुइनेमङ्गले, पाखापानी र गुर्जाखानी गाविस छन्त्याल भाषा बोलिने मुख्य क्षेत्र हुन्। यीसँगै बंरजा, भकिम्ली, अर्थुङ्गे, ताकम आदि गाउँहरूमा पनि भाषा बोलिन्छ। सम्वत् २०५८ मा १०० जना भन्दा बढी मातृभाषाका वक्ता भएका जिल्लाहरू चितवन (१७२), बागलुङ (१५९४) र म्याग्दी (३९५३) मात्र थिए। सम्वत् २०६८ मा उक्त सङ्ख्या ७ पुगेको छ, जसमा पाँचवटा नयाँ र दुईवटा पहिलेकै जिल्ला दोहोरिएका छन्। तर चितवनमा भने भाषा वक्ता १०० भन्दा कम भएका छन्। सम्वत् २०५८ मा मातृभाषा वक्ता सबैभन्दा धैरै म्याग्दी (६६.६८%) र त्यसपछि क्रमशः बागलुङ (२६.९६%) र चितवन (२.९%) थिए। १०० जनाभन्दा कम मातृभाषा वक्ता भएका अन्य पाँचवटा जिल्लामा जम्मा (३.२६%) वक्ता थिए।

सम्वत् २०६८ मा भने तीनवटै जिल्लामा मातृभाषा वक्ता कम भएका छन्। यसरी सङ्ख्या र प्रतिशतको हिसाबले बागलुङ पहिलो, म्याग्दी दोस्रो र कास्की तेस्रो स्थान छ। १० वर्षको अवधिमा मातृभाषा वक्ता बागलुङमा १८.९४% म्याग्दीमा ७२.९६% र चितवनमा ९३.०२% ले कम भएको छ। भाषा वक्ता कम भएको अर्को जिल्ला ललितपुर (२०५८ मा ४ र २०६८ मा ३ जना) हो। सम्वत् २०५८ र २०६८ को आँकडालाई तुलना गर्दा अघिल्लो जनगणनाको आठवटा जिल्लाहरूमध्ये पछिल्लो गणनामा चार जिल्लामा मातृभाषा वक्ता घटे

पनि अन्य चार जिल्लामा बढेका छन् । १० वर्षको अवधिमा २४ वटा थप जिल्लामा भाषा वक्ता बढेको आँकडामा देखिन्छ ।

छन्त्याल जातिको छन्त्याल मातृभाषापछि दोस्रो भाषा नेपाली हो । विगतमा राज्यको विभेदपूर्ण भाषा नीतिको कारण नेपाली भाषाले मातृभाषाको स्थान लिँदै गएको छ र छन्त्याल भाषा पेलानमा पर्दै आएको छ । मातृभाषा वक्ताको तुलनामा नेपाली भाषा वक्ताको सङ्ख्या अत्यधिक छ । नेपालीबाहेक हिन्दी र अङ्ग्रेजी भाषाको प्रभाव पनि बढ्दै गएको छ । त्यसैले, छन्त्याल भाषाको संरक्षण र विकासका लागि समयमा नै उचित कदम नचालिए भाषा र संस्कृति राष्ट्र र समाजको अमूल्य नीधि भए पनि सदाका लागि लोप हुने सम्भावना रहेको छ ।

मातृभाषा संरक्षणका लागि छन्त्याल जाति, भाषा वक्ता र राज्यबाट दीर्घकालीन र दिगोपना सहितको ठोस कदम विरलै चालिएको छ । यद्यपि, प्राज्ञिक र जनचेतना बृद्धिको क्षेत्रमा केही महत्त्वपूर्ण कार्यहरू भएको पाइन्छ । प्राज्ञिक क्षेत्रमा स्वदेशी तथा विदेशी शोधकर्ताद्वारा भाषाको अध्ययन, अनुसन्धान, शब्दकोश निर्माण र अभिलेखीकरण आदि कार्य भएको छ । जनचेतना बृद्धिको क्षेत्रमा भाषाको पहिचान र महत्त्वबारे विभिन्न सचेतनामूलक कार्यक्रम भएका छन् । संस्थागत र व्यक्तिगत तहमा पुस्तक र मासिक पत्रपत्रिकामा नगन्य रूपमा लेख तथा रचना प्रकाशन भएको पाइन्छ । छन्त्याल भाषाको संरक्षण र विकासका लागि पूर्णता भने छैन । त्यसैले, छन्त्याल भाषा संरक्षण र विकासका लागि सम्बन्धित जाति र राज्यले समयमा नै ठोस कार्य गर्न ढिला गर्नुहुँदैन ।

हालसम्म छन्त्याल भाषाको लेख्य रूप तथा छुट्टै लिपि पाइएको छैन । भाषा लेख्य रूपमा नभएकाले यसको ऐतिहासिक वा विभिन्न कालक्रममा हुँदै आएको परिवर्तनबारे तुलनात्मक अध्ययन गर्न कठिन देखिन्छ । वर्तमानमा कुनै प्रयोजनका लागि भाषालाई लेख्य रूपमा लिनुपर्दा देवनागरी लिपि प्रचलनमा ल्याइएको पाइन्छ । यस भाषामा लेख्य रूपमा नभए पनि मौखिक रूपमा प्रशस्त मात्रामा लोक साहित्य रहेको पाइन्छ । यस भाषाको छुट्टै लिपि नभएकाले भाषासम्बन्धी पुस्तकपत्रिका तथा शब्दकोश निर्माण गर्न देवनागरी लिपि प्रयोग गर्ने गरेको देखिन्छ । यस भाषाको शब्दकोश माइकल नुनन्‌ले अङ्ग्रेजी भाषामा सन् २००३ मा तयार गरेका छन् ।

छन्त्याल संघले नेपाली, छन्त्याल र छन्त्याल नेपाली भाषामा देवनागरी लिपि प्रयोग गरी शब्द सङ्कलन गरेर प्रकाशोन्मुख अवस्थामा छ । त्यसैगरी, नेपाल छन्त्याल संघ केन्द्रीय समितिले 'छन्त्याल भाषाको केही शब्द ज्ञान, व्याकरण पद्धति र साधारण कुराकानी' पुस्तक प्रकाशन गरेको छ । दिलबहादुर छन्त्यालले 'छन्त्याल भाषामा कुराकानी' नामक कृति प्रकाशन गरकेका छन् । यसबाहेक आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, सिनास र भाषा विज्ञान, केन्द्रीय विभाग त्रिभुवन विश्वविद्यालयद्वारा छन्त्याल भाषा अभिलेखीकरण गरिएको छ, जुन अप्रकाशित छ । आव २०७५/०७६ मा भाषा आयोगले छन्त्याल भाषाको शब्द सङ्कलन गरेको छ । यसबाहेक

छन्त्याल भाषामा पाठ्यपुस्तकलगायत अन्य साहित्य प्रकाशनहरू हुनसकेको देखिँदैन ।

मातृभाषामा शिक्षाको स्थिति शून्य रहेको छ । यस भाषामा प्राथमिक तहसम्म शिक्षा आर्जन गर्ने व्यवस्था छैन न त अनौपचारिक शिक्षा नै प्रदान गर्न सकिएको देखिन्छ। यसले भाषा लोप हुन थप सहयोग पुऱ्याएको छ। शिक्षा लिनका निम्ति नेपाली दोस्रो भाषालाई प्रयोजनमा ल्याइएको छ। यसका अतिरिक्त वर्तमान सूचना तथा सञ्चारको युगमा समेत यो भाषा विभिन्न पत्रपत्रिका, टेलिभिजन, रेडियो आदिमा प्रयोग भएको पाइँदैन । विस २०६५/०६६ तिर धौलागिरि एफएम बागलुङबाट प्रत्येक शनिबार साँझ ७:१५-७:३० सम्म यो भाषामा 'नाका ए भालै' कार्यक्रम प्रसारण गरिएको थियो ।

यस भाषामा बढ्दो नेपाली भाषाको प्रभावले गर्दा छन्त्याल भाषामा ठाउँ, जङ्गल, जमिन आदिको नामकरण भएको त्यति पाइँदैन। केवल गुर्जाखानी, सुर्मावन, मालिङ्गिनी वन आदि दुई/चारवटा नाम मात्र पाउन सकिन्छ। अन्यथा समयको कालक्रमसँगै हिमाल, खोला, वनजङ्गल, व्यक्तिको नाम आदि नेपालीकरण हुँदै गएको पाइन्छ । भाषालाई लोपोन्मुख अवस्थाबाट जोगाउनका निम्ति यो जाति सचेत छ। तापनि उनीहरूको अगाडि आर्थिक, दक्ष जनशक्ति र प्राविधिक कठिनाइजस्ता चुनौती भने समस्याका रूपमा खडा छ। भाषा संरक्षणका निम्ति आफ्नो समुदायमा अझ बढी प्रयोग गर्न उत्साहित भएको पाइन्छ। यसका साथै नेपाल छन्त्याल संघ, केन्द्रीय समितिद्वारा विभिन्न समयमा मातृभाषा संरक्षण र सम्वर्द्धनका निम्ति अन्तरक्रिया, जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको पाइन्छ । यस कार्यले मातृभाषा जोगाउन थप सहयोग गरेको देखिन्छ।

तालिका नं. १३: मातृभाषा संरक्षणमा प्रयास र सङ्लग्न संस्थाहरू

क्र.सं.	कार्य	सङ्लग्न संस्था
१	छन्त्याल भाषाको केही शब्द ज्ञान, व्याकरण पद्धति र साधारण कुराकानी	नेपाल छन्त्याल संघ केन्द्रीय समिति
२	शब्दकोश र व्याकरण तयारी	नेपाल छन्त्याल संघ
३	छन्त्याल भाषा अभिलेखीकरण परियोजना	आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, भाषा विज्ञान केन्द्रीय विभाग, नेपाल तथा एसियाली अनुसन्धान केन्द्र
४	मातृभाषाको संरक्षण तथा विकास	नेपाल छन्त्याल संघ र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान
५	छन्त्याल भाषाको शब्द सङ्कलन	भाषा आयोग र रघुगंगा गाउँपालिका, म्याग्दी

(स्रोतः स्थलगत अध्ययन २०७५मा आधारित)

८.३. मातृभाषाको प्रयोग क्षेत्र

छन्त्याल खाम भाषाको प्रयोग क्षेत्र साँगुरो छ। भाषा बोल्ने वक्ताले आफूबीचमा व्यक्तिगत र पारिवारिक संवाद तथा कुराकानी गर्दा मात्र प्रयोग गर्छन्। धार्मिक र सांस्कृतिक अनुष्ठानका कार्यहरू नेपाली भाषामा नै सम्पन्न गर्छन्। विद्यालय, अदालत, सरकारी कार्यालय, सञ्चार माध्यम र संघसंस्थाजस्ता सार्वजनिक क्षेत्रमा छन्त्याल भाषाको प्रयोग हुँदैन। लोक कथा, गीत र गाउँखाने कथा आदि पनि छन्त्याल भाषामा कम रहेको छ। हालसम्म दुईजना व्यक्तिले मात्र छन्त्याल भाषामा लोक गीत गाएका छन्।

छन्त्याल खाम भाषाको पुस्तान्तरणको माध्यम परिवारमा अघिल्लो पुस्तासँगको संवाद र अन्तरक्रियाबाट हुँदै आएको छ। अन्य द्वितीय स्रोतको अभाव रहेको छ। छन्त्याल भाषामा विद्यालयमा औपचारिक शिक्षा र गाउँघरमा अनौपचारिक शिक्षाको व्यवस्था गरिएको छैन। यसले भाषा पुस्तान्तरणमा समस्या रहेको छ। परिणामतः भाषा वक्ताको सङ्ख्या घट्दो क्रममा रहेको छ।

८.४. मातृभाषा लोप हुनुको कारण

१. छन्त्याल भाषा बोल्ने व्यक्ति कम हुनु,
२. नयाँ पुस्ताले मातृभाषा कम प्रयोग गर्नु,
३. बसाइँसराइको कारण अन्य भाषाको प्रयाग बढी हुनु,
४. विद्यालयमा छन्त्याल भाषामा पठनपाठन नहुनु,
५. गैर छन्त्याल भाषाको प्रयोग र प्रभाव बढी हुनु,
६. राज्यले भाषिक विभेद गर्नु,
७. भाषाको लेख्य परम्परा नहुनु,
८. छन्त्याल भाषाको लिपि नहुनु,
९. नेपाली र अङ्ग्रेजी भाषा सिकेमा अवसर बढी पाइनु आदि।

८.५. छन्त्याल जातिको जनसङ्ख्या

छन्त्याल जनसङ्ख्याको हिसाबले थोरै जनसङ्ख्या भएको जाति हो। छन्त्याल जाति सन् २००१ को जनगणना मात्र पहिलो पटक छन्त्याल जाति भनेर तथ्याङ्कमा समावेश भएको हो र जनसङ्ख्याको विवरण आएको हो। सो तथ्याङ्कअनुसार कुल जनसङ्ख्या ९,८१४ (महिला ५,२६९ र पुरुष ४,५४५) थियो। सन् २०११ को तथ्याङ्कअनुसार कुल जनसङ्ख्या ११,८१० (महिला ६,५६५ र पुरुष ५,२४५) रहेको छ। जिल्लागत हिसाबले सन्

२००१ को तथ्याङ्कअनुसार ३१ जिल्लामा छरिएको थियो भने २०११ को तथ्याङ्कअनुसार ४३ जिल्लामा छरिएका छन् । १० वर्षको अन्तरमा जनसङ्ख्या १,९९६ जनाले बढेको छ । जिल्लागत हिसाबले १२ जिल्लामा बढी रहेको छ । सन् २००१ भन्दा अगाडि छन्त्यालको जनसङ्ख्या अन्य जातिको सङ्ख्यामा समावेश गराइएको थियो । तथापि, कुन जातिमा गणना गरियो भन्ने स्पष्ट भने छैन । छन्त्याल बसोबास नजिक रहेको मगरको जातिमा गणना गरिएको अनुमान गर्न सकिन्छ ।

नेपालमा राज्यको तर्फबाट व्यवस्थित रूपमा जनसङ्ख्यासम्बन्धी तथ्याङ्क सङ्कलन सम्वत् १९६८ बाट शुरु भएको थियो । तथ्याङ्कमा केकस्तो विधि प्रक्रियाद्वारा केकस्ता सूचना समावेश गरिएका थिए भन्ने स्पष्ट छैन । तथापि, घरधुरी र सङ्ख्या गणना भएको थियो । आरम्भिक चरणमा तथ्याङ्कमा धेरै कुरा समावेश नभएको सहज अनुमान लगाउन सकिन्छ । यद्यपि, सोभन्दा अगाडि आवश्यकताअनुसार घरधुरी र सङ्ख्याको गणना अभ्यास थियो । विद्या विरसिंह कसंकार (१९७७:१)अनुसार घरधुरी गणनाको अभ्यासचाहिँ लिच्छवि कालभन्दा पहिले नै थियो । यद्यपि, विगतको जनसङ्ख्याको तथ्याङ्कसम्बन्धी ऐतिहासिक दस्तावेज उपलब्ध छैन ।

शुरुका जनसङ्ख्या तथ्याङ्कमा नेपालका वस्तुगत सामाजिक, आर्थिक, जनसाङ्ख्यिक अवस्थाको विवरण पाइदैन । तथ्याङ्क सङ्कलनको उद्देश्य प्रजा वा जनतालाई अधिक मात्रामा ठोस हित हुने नीति निर्धारण र विकास योजना तयार गर्न, सरकारी विभागको प्रशासकीय निपुणता बढाउन र मुलुकको आर्थिक गतिविधिबारे यथार्थ ज्ञान प्राप्त गर्न आवश्यक तथ्याङ्कको व्यवस्था गर्नु थिएन । तत्कालीन समयमा भारतमा शासन गर्ने ब्रिटिसहरूको औद्योगिक वस्तुको नेपालमा सम्भावित बजारको लेखाजोखा र आफ्नो सेनामा भर्ती हुने पहाडका योग्य व्यक्तिको उपलब्धता कस्तो छ भन्ने उद्देश्य पूरा गर्न श्री ३ महाराज एवम् तत्कालीन प्रधानमन्त्रीले तथ्याङ्क सङ्कलनको शुरु गरेको देखिन्छ । यस्तो अवस्थामा नेपालका विभिन्न जात/जाति, भाषाभाषीको विवरण समावेश नहुनु आश्चर्य थिएन ।

तालिका नं. १४: नेपालमा जनगणना भएका वर्ष र जनसङ्ख्याको विवरण

क्र. सं.	तथ्याङ्क वर्ष (सन्)	जनसङ्ख्या	जनसङ्ख्या थपघट	जनसङ्ख्या वृद्धि दर	छन्त्याल जनसङ्ख्या	कैफियत
१	१९११	५,६३८,७४९	-	-	०	जात/जाति उल्लेख नभएको
२	१९२०	५,५७३,७८८	-६४,९६१	-०.१३	०	जात/जाति उल्लेख नभएको
३	१९३०	५,५३२,५७४	-४१,२१४	-०.०७	०	जात/जाति उल्लेख नभएको

क्र. सं.	तथ्याङ्क वर्ष (सन्)	जनसङ्ख्या	जनसङ्ख्या थपघट	जनसङ्ख्या वृद्धि दर	छन्त्याल जनसङ्ख्या	कैफियत
४	१९४१	६,२८३,६४९	७,५१,०७५	१.१६	०	जात/जाति उल्लेख नभएको
५	१९५२/५४	८,२५६,६२५	१९,७२,९७६	२.२७	०	जात/जाति उल्लेख भएको
६	१९६१	९,४१२,९९६	११,५६,३७१	१.६४	०	जात/जाति उल्लेख भएको
७	१९७१	११,५५५,९८३	२१,४२,९८७	२.०५	०	जात/जाति उल्लेख भएको
८	१९८१	१५,०२२,८३९	३४,६६८५६	२.६२	०	जात/जाति उल्लेख भएको
९	१९९१	१८,४९१,०९७	३४,६८,२५८	२.०८	०	जात/जाति उल्लेख भएको
१०	२००१	२३,१५१,४२३	४६,६०,३२६	२.२५	९८१४	छन्त्याल उल्लेख भएको
११	२०११	२६,४९४,५०४	३,३४३,०८१	१.३५	११,८१०	छन्त्याल उल्लेख भएका

(स्रोतः केतवि, राष्ट्रिय जनसङ्ख्या तथा घरधुरी गणना २०११)

छन्त्याल जातिको जनसङ्ख्या, महिला/पुरुष, भाषा बोल्ने/नबोल्ने, कुन-कुन धर्म मान्ने, कुन जिल्ला र क्षेत्रमा बस्ने आदिबारे थाहा पाउन राष्ट्रिय तथ्याङ्क विभागद्वारा नेपालको जनगणना गर्ने वर्षहरू घट्दो क्रममा सम्वत् २०६८ र २०५८ देखि सम्वत् २०० ९/११ सम्मको तथ्याङ्कलाई केलाउँदै जाने हो भने दुईवटा जनगणनाका वर्ष सम्वत् २०५८ र २०६८ को तथ्याङ्क बाहेकका अन्य अघिल्ला जनगणना वर्षहरूमा छन्त्यालबारे केही थाहा पाउन सकिदैन। सम्वत् २००९/११ अगाडिको गणनामा जात, जाति, धर्म, भाषाको महल नै थिएन। त्यसैले, छन्त्यालबारे छुट्टै विवरण हुने कुरै भएन।

त्यसोभए के छन्त्यालहरू सम्वत् २०५८ को जनगणनाको समयमा एक्कासी नेपालमा देखा परेका हुन? होइनन् । त्यसो त किन तथ्याङ्कमा देखिएनन् ? किनभने एकल जात, भाषा, धर्म, भेषभूषा, संस्कृतिको नीति अवलम्बन गरेको राज्यले जातीय, भाषिक, धार्मिक र सांस्कृतिक विविधताको लागत तयार गर्न चाहेन र गरेन । ती पक्षहरूलाई गौण ठान्यो । त्यति मात्र कहाँ हो र? गणनामा खटिएका पर्यवेक्षक र गणकहरूमा बाहुन, क्षत्री र हिन्दु नेवारहरूको बाहुल्यता बढी भयो । उनीहरूले बहुसङ्ख्यक जाति र हिन्दु जात बाहेकका

अन्य थोरै सङ्ख्याका जाति र गैरहिन्दुलाई बेवास्ता गरे । छन्त्याल नीति र व्यवहारको सम्वत् २०५८ भन्दा अगाडिसम्म शिकार र पीडित भए । राज्यका प्रतिनिधि र गणक (बाहुन, क्षत्री र हिन्दु नेवारलगायत)ले जात/जातिको महलमा छन्त्याललाई जता मिसाउन मन लाग्यो उतै मिसाइदिए । छन्त्यालहरू अर्कै जात, जातिको सङ्ख्यामा गनिए । हिन्दु धर्म मान्नेमा समावेश गराइए । नेपाली भाषा बोल्ने वक्ताहरूको कित्तामा उभ्याइए । त्यसैले छन्त्याल जातिको तथ्याङ्क उपलब्ध भएन । अन्य थोरै सङ्ख्यामा भएका जनजातिहरू पनि सोही चपेटामा परे । तुलनात्मक रूपमा पाँचौं जनगणना पछि जात/जाति, धर्म र मातृभाषाको महल थपिए पनि छन्त्यालको गणना हुन सकेन ।

राज्यले निरन्तर बेवास्ता गरे पनि छन्त्यालहरूले आफ्नो गाउँहरूमा आर्थिक, सामाजिक र सांस्कृतिक सम्बन्धको क्रममा जनसङ्ख्या अलिखित रूपमा गणना गर्ने चलनलाई कायम राखेका थिए र छन् । यद्यपि, सबै गाउँको विवरण भने एकीकृत हुन सकेको थिएन । टुक्रा-टुक्रामा भए । तर ढिक्काको रूपमा आएन । जसमा भौगोलिक कठिनाइ, छरिएको बस्ती, संरचना र सचेतनाको कमी प्रमुख कारण बने । सम्वत् २०३८ सालको जनगणनाको समयमा राज्यको केन्द्रीय तथ्याङ्क विभागमा छन्त्यालबारे तथ्याङ्क हुनुपर्छ भन्ने उद्देश्यले छन्त्याल अग्रज र अगुवाले सुषुप्त भए पनि केही पहल र प्रयास गरे । सफल हुन सकेन । सम्वत् २०४८ जनगणनाको अवधिमा छन्त्यालहरूले संस्थागत, समूहगत र व्यक्तिगत रूपमा नै विभिन्न क्षेत्रमा प्रयास र पहल गरे । तर केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्कमा छन्त्याल जनसङ्ख्या अट्न सकेन । संस्थागत रूपमा नै केन्द्रीय तथ्याङ्क विभागलाई मिथ्याङ्क विभाग भनियो । त्यसैले, नेपाल छन्त्याल संघले सम्वत् २०५०/५१ मा संस्थागत रूपमा तथ्याङ्क सङ्कलन गऱ्यो । जसअनुसार महिला ४,८१२ र पुरुष ५,१५५ सहित छन्त्यालको जनसङ्ख्या ९,९६७ थियो । संस्थागत रूपमा छन्त्याल कति सङ्ख्यामा छन् भन्ने थाहा भयो । तर सरकारी मान्यता पाउन सक्ने अवस्था भएन ।

सम्वत् २०४६ सालको बहुदलीय व्यवस्था स्थापनापछि नेपालमा आदिवासी जनजातिहरूको पहिचान र अधिकारको आन्दोलन तीव्र रूपमा अगाडि बढ्यो । समानता र स्वतन्त्रता मूल लक्ष्यसहित पहिचान र अधिकारका लागि आदिवासी जनजातिहरूको छाता संस्था नेपाल आदिवासी जनजाति महासंघ सम्वत् २०४७ मा स्थापना भयो । महासंघमा आदिवासी जनजातिका संस्थाहरू सङ्गठित र एकताबद्ध हुँदै गए । अन्तर्राष्ट्रिय स्तरबाट विभिन्न महासन्धि तथा घोषणाहरू र राष्ट्रिय स्तरमा आदिवासी जनजातिको दबावको कारण राज्यले स्थानीय विकास मन्त्रालयअन्तर्गत सम्वत् २०५४ मा राष्ट्रिय जनजाति विकास समिति गठन गऱ्यो । राज्यले आदिवासी जनजातिप्रति केही सकरात्मक र फराकिलो नीति अवलम्बन गर्ने प्रयास गऱ्यो । यी सबै प्रयासहरूको प्रतिफलमा केन्द्रीय तथ्याङ्क विभागले सम्वत् २०५८ देखि विगतको जनगणनामा समावेश नगराइएका र थोरै सङ्ख्यामा रहेका जात, जाति, धर्म र मातृभाषासम्बन्धी तथ्याङ्कलाई समावेश गऱ्यो । तर पनि सबै भाषाभाषी र जात/जातिलाई

समावेश गर्न असफल भयो ।

सम्वत् २०५८ को सरकारी तथ्याङ्कमा नेपालका विभिन्न जात/जाति, भाषाभाषी र धर्मका जनसङ्ख्यासँगै छन्त्यालबारे तथ्याङ्क पनि समावेश भयो । जुन थोरै सङ्ख्यामा रहेका छन्त्याल जातिका लागि ऐतिहासिक हो । यसले सम्वत् २०६८ को जनगणनामा पनि निरन्तरता पायो । नेपाल छन्त्याल संघको सम्वत् २०५१ र केन्द्रीय तथ्याङ्क विभागको सम्वत् २०५८ र २०६८ को तथ्याङ्कअनुसार छन्त्यालहरूको जनसङ्ख्या निम्नानुसार रहेको छ ।

तालिका नं. १५: केतवि र संघले सङ्कलन गरेको छन्त्याल जातिको जनसङ्ख्या विवरण

वर्ष	महिला	प्रतिशत	पुरुष	प्रतिशत	जम्मा	जिल्ला सङ्ख्या
सम्वत् २०५१ (संघको आन्तरिक तथ्याङ्क)	४८१२	४८.२७	५१५५	५१.७२	९९६७	९
सम्वत् २०५८	५२६९	५३.६८	४५४५	४६.३१	९८१४	३१
सम्वत् २०६८	६५६५	५५.५८	५२४५	४४.४१	११८१०	४३

(स्रोतः नेपाल छन्त्याल संघद्वारा प्रकाशित छन्त्याल मुखपत्र-२०५१ र केतवि, जनगणना सम्वत् २०५८ र २०६८ को आधारित)

संघ र केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्कबीचमा केही फरक प्रवृति देखियो । संघले सम्वत् २०५१ मा लिएको ९ जिल्लाको आँकडाअनुसार जम्मा जनसङ्ख्या ९,९६७ छ । जसमा महिला ४८.२७ प्रतिशत र पुरुष ५१.७२ प्रतिशत छन् । सम्वत् २०५८ को सरकारी आँकडाअनुसार छन्त्यालको जनसङ्ख्या १५३ ले कम देखियो । अघिल्लो जनगणना भन्दा थप २२ जिल्लामा बसोबास भएको पाइयो । अर्कातिर महिलाको सङ्ख्या ४५७ जनाले बढी र पुरुषको ६१० जनाले कमी भयो । महिलाको सङ्ख्या बढ्यो र पुरुषको घट्यो । सम्वत् २०६८ को सरकारी तथ्याङ्कअनुसार अघिल्लो दुई वटा तथ्याङ्कको तुलनामा छन्त्यालको कुल जनसङ्ख्या बढ्यो । महिला र पुरुषको सङ्ख्यामा सम्वत् २०५८ प्रवृत्तिले निरन्तरता पायो । छन्त्याल जातिको बसोबास जिल्ला सङ्ख्या बढेको छ ।

तालिका नं. १६: सम्वत् २०५८ र २०६८ अनुसार जिल्लागत जनसङ्ख्या विवरण

क्र. सं.	जिल्ला	सम्वत् २०५८		क्र. सं.	जिल्ला	सम्वत् २०६८	
		जनसङ्ख्या	प्रतिशत			जनसङ्ख्या	प्रतिशत
१	बागलुङ	४०४७	४१.२४	१	बागलुङ	४०२९	३४.१२
२	म्याग्दी	४४६२	४५.४७	२	म्याग्दी	३९१७	३३.१७
३	काठमाडौं	१३५	१.३८	३	काठमाडौं	८१९	६.९३

क्र. सं.	जिल्ला	सम्वत् २०५८		क्र. सं.	जिल्ला	सम्वत् २०६८	
		जनसङ्ख्या	प्रतिशत			जनसङ्ख्या	प्रतिशत
४	कास्की	१३६	१.३९	४	कास्की	७८१	६.६१
५	गुल्मी	२९२	२.९८	५	गुल्मी	३७६	३.१८
६	दाङ	१८४	१.८७	६	दाङ	२७१	२.२९
७	रूपन्देही	१९९	२.०३	७	रूपन्देही	५५३	४.६८
८	झापा	१३४	१.३७	८	सुर्खेत	२५८	२.१८
९	पर्वत	५४	०.५५	९	पर्वत	११७	०.९९
१०	रुकुम	५५	०.५६	१०	रुकुम	१०६	०.८९
११	अन्य जिल्ला	११६	१.१९	११	अन्य जिल्ला	५८३	४.९३
	जम्मा	९८१४	१००.००		**जम्मा**	११८१०	१००.००

(स्रोतः केतवि, जनगणना सम्वत् २०५८ र २०६८ मा आधारित)

सबै तथ्याङ्कअनुसार छन्त्याल जातिको बागलुङ र म्याग्दी जिल्लामा सघन बसोबास रहेको छ । झापामा २०६८ मा छन्त्यालको तथ्याङ्क छैन । त्यसैगरी, सुर्खेत जिल्लामा छन्त्यालको तथ्याङ्क समावेश भएको छ। उल्लिखित अन्य जिल्लामा जनसङ्ख्या बढेको छ। सम्वत् २०५८ मा तालिका नं. १४ मा समावेश नभएका २१ जिल्लामा ११६ जना छन्त्यालको बसोबास थियो। जुन प्रतिजिल्ला सरदरमा ५.२३ जना हो। त्यसैगरी, सम्वत् २०६८ मा १० जिल्लाबाहेक अन्य ३३ जिल्लामा ५८३ जना छन्त्यालको जनसङ्ख्या रहेको छ। यो प्रतिजिल्ला सरदर १७.६६ जना हो। उल्लिखित जिल्लाहरूमध्ये म्याग्दी, बागलुङ, पर्वत, गुल्मी, रुकुम, प्यूठान र सुर्खेत छन्त्याल जातिको पुख्र्यौली आदिम भूमि हो। अन्य जिल्लामा बसाइँसराइको कारणले बसोबास हुन थालेको हो।

सम्वत् २०६८ को तथ्याङ्कअनुसार जनसङ्ख्याको आधारमा जिल्लालाई चार समूहमा वर्गीकरण गर्दा सबैभन्दा बढी ३३ जिल्लामा छन्त्यालको सङ्ख्या १०० भन्दा कम रहेको छ। १०१ देखि ५०० सम्म जनसङ्ख्या भएको जिल्ला पाँचवटा, ५०१ देखि १००० सम्म जनसङ्ख्या भएको जिल्ला तीनवटा र १००० भन्दा बढी जनसङ्ख्या भएको जिल्ला २ वटा रहेका छन्। प्यूठान जिल्ला मूल थातथलो भए पनि जनसङ्ख्या भने १४ मात्र रहेको छ। त्यहाँका छन्त्याललाई मगर वा अन्य समूहमा समावेश गरिएको छ। यहाँ १०० भन्दा बढी जनसङ्ख्या भएको १० जिल्लाको ७६ वटा गाविस/नगरपालिकामा छन्त्यालको बसोबास रहेका छ। जनसङ्ख्याको आधारमा गाविस/नपालाई ६ समूहमा वर्गीकरण गरिएको छ।

तालिका नं. १७: जनसङ्ख्याको आधारमा गाविस/नपाको वर्गीकरण

जनसङ्ख्या	१०० भन्दा कम	१०१ देखि २००	२०१ देखि ३००	३०१ देखि ४००	४०१ देखि ५००	५०० भन्दा बढी
गाविस/नपा	४२	१५	५	५	४	५

(स्रोतः जनगणना २०६८ मा आधारित)

१० जिल्लाका ७७ वटा गाविस/नपामध्ये ४२ वटामा १०० भन्दा कम जनसङ्ख्या रहेको छ। त्यसैगरी, १०१ देखि २०० सम्म जनसङ्ख्या १५, २०१ देखि ३०० सम्म ५ वटा, ३०१ देखि ४०० सम्म ५, ४०१ देखि ५०० सम्म ४ र ५०० भन्दा बढी जनसङ्ख्या भएको ५ गाविस/नपा रहेका छन्। माथिको तालिकाबाट छन्त्याल जाति विभिन्न स्थानमा छरिएर रहेका छन्। १०० वा सोभन्दा बढी जनसङ्ख्या भएको गाविस निम्नानुसार रहेको छ।

तालिका नं. १८: छन्त्यालको १०० भन्दा बढी जनसङ्ख्या भएका गाविस/नपाको विवरण

क्र. सं.	गाविस/नपा	जनसङ्ख्या		जिम्मा	जिल्ला	कैफियत
		पुरुष	महिला			
१	गोङ्गबु	१९८	२१३	४११	काठमाडौं	
२	काठमाडौं महानगरपालिका	९८	१०२	२००	काठमाडौं	
३	हेम्जा	४९	५३	१०२	कास्की	
४	पोखरा उपमहानगरपालिका	२८६	३२२	६०८	कास्की	
५	बुटवल नगरपालिका	१६१	१८३	३४४	रूपन्देही	
६	गर्पन	४३	५८	१०१	सुर्खेत	
७	साटाखानी	६७	७४	१४१	सुर्खेत	
८	कोल	४८	५८	१०६	रुकुम	
९	वामी	१००	१६०	२६०	गुल्मी	
१०	अधिकारीचौर	११५	१३१	२४६	बागलुङ	
११	बोङ्गादेभान	२०७	२३४	४४१	बागलुङ	
१२	बुर्तिबाङ	१३८	१५९	२९७	बागलुङ	
१३	दमेक	१८३	२३७	४२०	बागलुङ	
१४	दर्लिङ	८३	१०७	१९०	बागलुङ	
१५	देविस्थान	१०५	१४६	२५१	बागलुङ	

क्र. सं.	गाविस/नपा	जनसङ्ख्या		जिम्मा	जिल्ला	कैफियत
		पुरुष	महिला			
१६	धम्जा	५७	८७	१४४	बागलुङ	
१७	जलजला	५४	५७	१११	बागलुङ	
१८	बागलुङ नगरपालिका	७४	९२	१६६	बागलुङ	
१९	खुंगा	५४	५६	११०	बागलुङ	
२०	लेखानी	५८	६७	१२५	बागलुङ	
२१	निसी	४७	६५	११२	बागलुङ	
२२	खुंखानी	२४४	३०८	५५२	बागलुङ	
२३	तमान	१४३	१८४	३२७	बागलुङ	
२४	अर्मन	६७	७३	१४०	म्याग्दी	
२५	अर्थुङ्गे	१७८	२२९	४०७	म्याग्दी	
२६	बरंजा	९०	१३१	२२१	म्याग्दी	
२७	भकिम्ली	१२९	१८३	३१२	म्याग्दी	
२८	गुर्जा	२६७	३०१	५६८	म्याग्दी	
२९	कुइनेमङ्गले	३९२	४५५	८४७	म्याग्दी	
३०	मल्कबाङ	३००	३३७	६३७	म्याग्दी	
३१	पाखापानी	१३५	१८८	३२३	म्याग्दी	
३२	ताकम	७	८८	१६४	म्याग्दी	
		४२४६	५१३८	९३८४		

(स्रोतः केतवि, जनगणना २०६८ मा आधारित)

१०० भन्दा बढी जनसङ्ख्या भएका साविक गाविस/नपामा बागलुङ जिल्लाको १४ वटा, म्याग्दी जिल्लाको ९ वटा काठमाडौं, कास्की र सुर्खेतको २/२ वटा, रूपन्देही, गुल्मी र रुकुम जिल्लाको १/१ वटा रहेका छन् । १० वटै जिल्लाको गाविस/नपामध्ये सबैभन्दा बढी जनसङ्ख्या म्याग्दीको कुइनेमङ्गले गाविसमा ८४७ रहेको छ। त्यसैगरी, दोस्रो र तेस्रोमा क्रमशः मल्कबाङमा ६३७ र गुर्जाखानीमा ५६८ रहेका छन् ।

छन्त्यालको बसोबास विभिन्न विकास क्षेत्र, शहरी र ग्रामीण क्षेत्र एवम् हिमाल, पहाड, तराईमा रहेको छ । विकास क्षेत्रको आधारमा पश्चिमाञ्चल, ग्रामीण क्षेत्र र पहाडमा बढी

जनसङ्ख्या रहेको छ। यसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. १९: क्षेत्रगत रूपमा छन्त्यालको जनसङ्ख्या विवरण

जनसङ्ख्या		शहरी	ग्रामीण	पूर्व	मध्य	पश्चिम	मध्यपश्चिम	सुदुरपश्चिम	हिमाल	पहाड	तराई
जम्मा	११८१०	१५३३	१०२७७	६४	१०३३	९९७०	७०५	३८	८७	१०४५५	१२६८
पुरुष	५२४५	७२२	४५२३	१८	४३७	४४८२	३०१	७	४९	४७४७	४४९
महिला	६५६५	८११	५७५४	४६	५९६	५४८८	४०४	३१	३८	५७०८	८१९

(स्रोतः केतवि, जनगणना सम्वत् २०६८ मा आधारित)

अधिकांश छन्त्यालहरू ग्रामीण क्षेत्रमा बसोबास गर्छन्, जुन सङ्ख्या १०,२७७ छ भने शहरी क्षेत्रमा १,५३३ छ। विकास क्षेत्रको आधारमा सबैभन्दा बढी पश्चिमाञ्चल क्षेत्रमा ९,९७० जनाको बसोबास रहेको छ। सबैभन्दा कम ३८ जना सुदुरपश्चिमाञ्चल क्षेत्रमा बसोबास गर्छन्। त्यसैगरी, पहाडमा सबैभन्दा बढी १०४५५ जना बसोबास गर्छन्। क्रमशः तराईमा १,२६८ र हिमाली क्षेत्रमा ८७ जनाको बसोबास रहेको छ।

अध्यायः नौ
आर्थिक र राजनैतिक प्रणाली

९.१. आर्थिक प्रणाली

छन्त्यालहरूले जीवन निर्वाहका लागि परापूर्व कालदेखि उत्पादनसँग सम्बन्धित विभिन्न कार्य गर्दै आएका छन् । त्यसैले आर्थिक प्रणालीमा उत्पादन, श्रम, पुँजी, उपलब्ध साधनस्रोत, सीप, प्रविधि, ज्ञान, सूचना र जानकारी पर्छन् । यी सबै उनीहरूको परम्परागत नियम, वस्तु र सेवासँग अन्तरसम्बन्धित छन् । छन्त्यालको आर्थिक अवस्थालाई परिवारको संरचना, नातासम्बन्ध, धर्म, परम्परा, संस्कृति, लोकविश्वास र राजनीतिक व्यवस्थाले प्रभाव पारेको हुन्छ । त्यसैले आर्थिक प्रणालीले परम्परागत नियम, रीति, संस्कार र इतिहासलाई पनि झल्काएको हुन्छ ।

९.१.१. परम्परागत पेसा खानी

छन्त्यालहरूको परम्परागत पेसा खानी खन्नु हो । छन्त्यालका अग्रजले मुख्य तामाको खानी खनेका थिए । कुनै-कुनै स्थानमा सिसा र फलाम खानी पनि खनेका थिए । विगतको प्रमुख आय स्रोत खानीमा आधारित थियो । हरिचन छन्त्यालका अनुसार खानी छन्त्यालहरूको जीवन निर्वाह र आम्दानीको प्रमुख स्रोत थियो । खानी सञ्चालनको शुरुका दिनहरूमा उनीहरूको आर्थिक अवस्था राम्रो थियो । निश्चित भौगोलिक क्षेत्रमा स्वतन्त्रपूर्वक खानी खनेर प्राप्त तामाबाट प्रशस्त आम्दानी गरेका थिए ।

उनीहरूले खाद्यन्न, लत्ताकपडा र अन्य आवश्यकीय वस्तुहरू खरिद गर्ने काम उक्त आम्दानीबाट गर्थे (छन्त्याल, २०७१:१२४) । पछि सतही खानी सकिँदै गयो । राज्यलाई भेजा बढी तिर्नुपऱ्यो । परम्परागत सीप, ज्ञान र प्रविधिले मात्र खानी खन्न कठिन भयो । विदेशी तामा नेपालमा आयात हुन थाल्यो । परिणाम बिस्तारै छन्त्यालको परम्परागत पेसा सङ्कट पऱ्यो । पेसाको सङ्कटले छन्त्यालको आर्थिक अवस्था र जीवन निर्वाहमा प्रत्यक्ष असर गऱ्यो । विपन्नता र अभाव चुलियो । त्यसैले छन्त्याल अग्रजले खानी खन्न छाडे । वर्तमानमा परम्परागत खानी खन्ने पेसा इतिहास बनेको छ । खानीको सुरुङ संरक्षण र प्रवर्द्धनका पर्खाइमा छन् । कतिपय सुरुङ पुरिए, कतिपय पुरिँदै छन् । आँखा चिम्लेर बस्यो भने खानीका सुरुङ सम्बन्धि निकाय पुरिन्छन् । इतिहासको एउटा पाटो पुरिन्छ ।

९.१.२. ऐरा (शिकार) खेल्ने

पहिले छन्त्यालका पूर्वजले आर्थिकोपार्जन र जीवन निर्वाहका लागि ऐरा खेल्ने गर्थे । ऐरा खेल्ने व्यक्तिलाई ऐरी भनिन्थ्यो । जुन शिकारीको पर्यायवाची शब्द हो । अहिले ऐरा

खेल्न कानुनी रूपमा बन्देज छ। ढोरपाटन र स्थानीय क्षेत्रमा विशेषतः जङ्गली जनावर रतुवा, घोरल, झारल, थार, नाउर, कस्तुरी, बँदेल आदि र सिरे (डाँफे), लोर्के (मुनाल), फोक्राँस, वनकुखुरा, च्याखुरा, त्रित्रा, ढुकुर, मेलवा, हलेसो आदि चराचुरुङ्गीका ऐरा खेल्ने गर्थे। यी जनावर र चराको मासु आफू पनि खान्थे र बढी भए बिक्री गर्थे। जनावरको छाला ओछ्याउन प्रयोग गरिन्थ्यो। शिकारले एकातिर शरीरमा प्रोटिनको आपूर्ति गर्थ्यो। अर्कातिर जीवन निर्वाह र आर्थिक अवस्थामा सहयोग पुऱ्याउँथ्यो। छन्त्याल जातिको ऐरा खेल्ने पेसाबारे होमनाथ सुवेदी लेख्छन्, छन्त्यालहरू शिकार खेल्दा स-साना समूह बनाएर वनमा जान्छन्। अंशियार भाइले शिकार बाँडी भागबिलो लगाउँछन्। थारजस्ता बन्यजन्तु मानिसले घेरी, लखेटी, ढुङ्गैढुङ्गाले हानेर पनि मार्दछन्। धनुकाँड र पासो खास साधन बनाउँछन् (सुवेदी, सन् १९८१:१३)। ऐरा खेल्नका लागि विशेषतः हतियारको रूपमा धनुवाण, पासो, घुइत्रो, भाला, चक्कु, खुकुरी र कर्दको प्रयोग हुन्थ्यो। भरुवा बन्दुक, कात्रोसको विकास भएपछि सोको प्रयोग भयो, जसले शिकार मार्न सजिलो हुन्थ्यो। ऐरा खेलेर मृग मारेपछि सबैजना शिकारी व्यक्ति र कुकुरलाई बराबर भाग लगाउने चलन थियो। यदि कुनै परिवारको सदस्य शिकार खेल्न नगए पनि सो परिवारलाई भाग पुऱ्याउने गरिन्थ्यो। वर्तमानमा ऐरा खेल्न कानुनी र व्यवहारिक रूपमा नै बन्द भएको छ।

९.१.३. जङ्गली खानेकुरा र जडीबुटी सङ्कलन

छन्त्यालहरूले प्रारम्भिक अवस्थादेखि नै जीवन निर्वाहका लागि जङ्गली खानेकुरा सङ्कलन गर्ने र ऐरा खेल्ने गरेका थिए। खानी खन्ने पेसा हराएको र ऐरा खेल्न बन्द भएको भए पनि जङ्गली खानेकुरा र जडीबुटी सङ्कलन गर्ने कार्य कायम छ। विशेषतः छन्त्याल बस्ती र गाउँ नजिक प्रशस्त वनजङ्गल, बुकी र चरन क्षेत्र छ। वनजङ्गल र चरन क्षेत्र पाइने जङ्गली फलफूल, च्याउ, कन्दमूल र विरुवाहरू सङ्कलन गर्थे र गर्छन्। फलफूलमा डेम्मर, मयल, घुएँलो, गोफिला, चुत्रो, ऐंसेलु, जबुना, तबुना आदि; च्याउमा रातो च्याउ, सेतो च्याउ, नङ्ग्रे च्याउ, चिखा च्याउ, टकाले आदिजस्ता खानलायक च्याउ र जडीबुटीमा पाँचऔंले, जीवनबुटी (यार्सागुम्बा), जटामसी, चिराइतो, भीरअमिलो, सलमिर्सीलगायत सङ्कलन गर्छन्। त्यसैगरी, तरकारी खानका लागि निङ्गालाको टुसा, वनलसुन, धोकायो, हलहले, निउरो, डुरे, पुदिना आदि सङ्कलन गर्छन्। सङ्कलित फलफूल, च्याउ, जडीबुटीहरू आफ्नो आवश्यकताअनुसार प्रयोग गर्छन्। बढी भएको बिक्री वितरण गरेर नगद आर्जन गर्छन्। त्यसैगरी, भीर मौरीको मह सङ्कलन गरेर पनि बिक्री वितरण गर्छन्। यस पेसाले पहिले जीवन निर्वाहमा मात्र सहयोग गरेको थियो। वर्तमानमा केही गाउँका छन्त्याललाई भने राम्रो आम्दानीको स्रोत बनेको छ।

९.१.४. पशुपालन

छन्त्यालले पहिले खानीसँगै एक दुईवटा पशुपालन गरेको बुढापाकाहरू बताउँछन्। खानीले

मात्र आर्थिक अवस्था धान्न नसकेपछि अतिरिक्त पेसाको रूपमा पशुपालन गरेका थिए। यो कुरा म्याग्दी जिल्ला कुइनेखानी गाउँका मुखिया कालु घर्ती छन्त्याललाई भेडा चढाउँदा मल्काबाडेसँग भगडा भएकाले त्यससम्बन्धी मिलापत्रका लागि सम्वत् १६५२, ५४, ५७ सालमा दिएको ताम्रापत्रले प्रमाणित गर्छ। यसबाट छन्त्याल पूर्वजले प्रमुख पुर्ख्यौली पेसा खानीसँगै पशुपालन गरेका थिए भन्ने बुझिन्छ। खानी खन्न छोडेपछि प्रमुख पेसाको रूपमा नै पशुपालन गर्न थालेका थिए।

यसै सन्दर्भमा होमनाथ सुवेदी लेख्छन्, छन्त्यालहरूको खानी पछिको अर्को पेसा हो-पशुपालन। गौचर बुकी प्रशस्त भएकोले यिनीहरू भैंसी, गाई, भेडा, बाख्रा आदि पाल्छन्। खसी, गोरु, राँगा, लैनाभैंसी, उन, घ्यूको उत्पादन र बिक्री वितरण गर्दछन् (सुवेदी, सन १९८१:१४)। पशुपालन व्यवसाय अहिले प्रायः सबै छन्त्यालले गरेका छन्। पेसा व्यवसायिक र नाफामूलक भन्दा जीवन निर्वाहका लागि गरेका छन्। पशुपालनमा विशेषतः भेडा, बाख्रा, भैंसी, गाई र कुखुरा पाल्ने गरेका छन्। वस्तुभाउबाट प्राप्त मल खेतबारीमा प्रयोग गर्छन्। दूध, घ्यू, दही, मही आफू प्रयोग गर्छन् र बढी भएमा बिक्री गर्छन्। वस्तुभाउ मासु र दूधका लागि बिक्री वितरण गरेर आम्दानी गर्छन्। जसले उनीहरूको आर्थिक समस्या र अभावलाई पूर्ति गर्न सहयोग गरेको छ।

९.१.५. कृषि

खानी खन्न छोडेपछि छन्त्यालले पूर्ण रूपमा पशुपालन र कृषि पेसा अँगालेका थिए। बिडम्वना उत्पादनयोग्य जमिन र चरन क्षेत्र गैरछन्त्यालले ओगटेका थिए। खानी पछिको अवस्थाबारे शास्त्रदत्त पन्त (२०५३) लेख्छन, 'खानी खन्ने इजाजत खारेज भएपछि त सबका सब छन्त्यालहरू सुकुम्बासीमा परिणत भए।' खानीवरिपरि भएको जमिनमाथि पनि अन्य समुदायसँगको विवादले चार किल्ला निर्धारण गरी मेजबन्दी बाँधेपछि निश्चित भू-भागमा यो समुदायलाई भोगचलनका लागि अधिकार दिइएको थियो। सोहीअनुसार बारी बनाएर खेती गर्न थालेका थिए। छन्त्याल जानिफकारअनुसार त्यतिबेला वनजङ्गलबाट प्रशस्त आयआर्जन गर्न नसकेको, भिरालो जमिनमा पानी सदुपयोग गर्न नसकिने र चरण क्षेत्रको सीमितता आदि कारणले कृषि र पशुपालन व्यवसाय पनि कठिन बन्दै गएको थियो। त्यसैले छन्त्यालको आर्थिक अवस्था दिन प्रतिदिन कमजोर बन्दै गएको थियो। तथापि, कृषि पेसा आर्थिक व्यवस्थाको प्रमुख आधार हो।

कृषि उत्पादनमा खाद्यबाली मकै, कोदो, गहुँ, जौ, उवा, फापर, आलु र धान हुन्। गेडागुडीमा भटमास, सिमी, केराउ, तरकारीमा विभिन्न हरियो साग, मुला, गाँजर, कोइरा, फर्सी, काँक्रो, भिन्डी उत्पादन गरिन्छ। यी उत्पादित बाली उपभोग गर्नुको साथै बढी भएमा बेचविखन पनि गर्छन्। कृषि उत्पादनले जीवन निर्वाहमा सहयोग गरेको छ। तर अतिरिक्त नगद आम्दानीमा कुनै योगदान दिन सकेको छैन। खेतीयोग्य जमिनको कमी, भिरालो जमिनको कारण सिँचाइको समस्या र परम्परागत उत्पादन प्रणाली आदिले गर्दा परिवारलाई पुग्ने उत्पादन गर्न पनि मुश्किल परेको छ।

९.१.६. रोजगारी र ज्याला मजदुरी

छन्त्यालले आर्थिक व्यवस्था गर्नका लागि गैर परम्परागत पेसामा सङ्लग्न भएका छन् । नेपालमा विभिन्न सरकार, गैरसरकारी र निजी क्षेत्रमा जागिर गर्छन् । धेरैथोरै नगद आर्जन गर्छन्, जसले उनीहरूको जीवन निर्वाह सहज र सजिलो भएको छ। सरकारी क्षेत्रमा विशेषतः शिक्षण पेसामा छन्त्यालहरू बढी रहेका छन् । प्रशासनिक, वित्तिय र सुरक्षाको क्षेत्रमा जागिर गर्ने कम छन् । शिक्षणपछि सुरक्षामा आबद्ध भएका छन् । त्यसैगरी, इन्जिनियरिङ, मेडिकल क्षेत्रमा नगण्य रहेका छन् । नीजि विद्यालय, कम्पनी, उद्योगमा पनि दुई/चार जना छन्त्यालले रोजगारी पाएका छन् । अर्कातिर गैर सरकारी क्षेत्रमा पनि आबद्ध भएको पाइन्छ ।

सहज जीवन निर्वाह र मनग्य धन कमाउनका लागि विदेशमा रोजगारीमा जाने छन्त्याल युवायुवती प्रशस्त छन् । नेपालको सरकारी र अन्य किसिमका रोजगारी उनीहरूका लागि आर्कषणको केन्द्र बन्न सकेको छैन। यसरी विदेश जानेमा खाडी मुलुक साउदी अरब, कतार, कुवेत, संयुक्त अरब इमिरेट्स, मलेसिया, ओमन आदि हुन् । दक्षिण पूर्वी एसियन देश जापान, कोरिया, सिङ्गापुर, हङकङ आदि हुन् । युरोपियन देशमा बेलायत, पोर्चुगल, बेल्जियम, जर्मन, फ्रान्स आदिलगायत अमेरिका, मेक्सिको, अष्ट्रेलिया, क्यानडा, रसिया, न्युजिल्याण्डसम्म पुगेका छन् । खाडी देशमा भन्दा अन्य देशमा जाने छन्त्यालहरूको आर्थिक आर्जन तुलनात्मक रूपमा राम्रो रहेको छ। युरोप, अमेरिका, अष्ट्रेलिया, हङकङ आदि पुगेका कतिपयले विदेशमा नै घर बनाउने र नागरिकता लिने समेत गरेका छन् ।

गोर्खा भर्तीका कारण बेलायतमा रोजगारीमा जाने छन्त्याल पनि प्रशस्त छन् । अवकास प्राप्त लाहुरेका परिवार उतैतिर छन् । नेपालको तुलनामा बढी आर्जन गरेका छन् । कतिपय छन्त्यालले स्थायी बसोबासका लागि बेलायतमा नै घर खरिद गरेका छन् । उनीहरूको भावनात्मक मोह नेपाल भए पनि व्यवहारिक, आम्दानीको अवसर र भविष्यको सुनिश्चिता उतैतिर रहेको हुन्छ। विदेशमा आर्जन गरेको रकम धेरैथोरै नेपालमा भएका आफ्ना परिवारको सदस्यलाई पठाउँछन् । जसले घरपरिवारको खर्च टारेका छन् । बचाउन सकेको पैसाले सहरी क्षेत्रमा घरघडेरी खरिद गर्छन् । सानातिना क्षेत्रमा लगानी पनि गरेका छन् ।

कतिपय छन्त्यालले स्थानीय स्तरमा आर्थिक उपार्जनका लागि दैनिक ज्याला मजदुरी गर्छन्, जसबाट आएको आम्दानीले परिवारको दैनिक आवश्यकता पूर्ति गर्न सहज हुन्छ । उनीहरूको आम्दानी तथा अवसर मौसमी एवम् अस्थायी प्रकृतिको हुन्छ। त्यसैले यो भरपर्दो आधार हुन सकेको छैन । कतिपय छन्त्यालले गाउँघरमा सानातिना खुद्रा व्यापार पनि गरेको पाइन्छ । सहरी क्षेत्रमा बस्ने राम्रो आम्दानी भएका छन्त्यालले केही भरपर्दो सम्भावनायुक्त क्षेत्रमा लगानी समेत गरेका छन् ।

९.१.७. परम्परागत ज्ञान, सीप र प्रविधि (घरेलु उत्पादन)

छन्त्यालहरूको जीवन परम्परागत ज्ञान, सीप र प्रविधिसँग जोडिएको हुन्छ। जुन कुराहरू उनीहरूले निकै लामो कालखण्डसँगै विकास गरेका छन् । खानी खन्ने सीप, ज्ञान र प्रविधि त लोप भैसकेको छ । ती सीप, ज्ञान र प्रविधिले एउटा मात्र पेसाले जीवन निर्वाह गर्न असम्भवजस्तै भएको अवस्थामा अतिरिक्त आम्दानी गर्न थप सहयोग गरेको छ । त्यसैले अतिरिक्त आम्दानीका लागि छन्त्याल महिला र पुरुषले विभिन्न वस्तुहरू बनाउने गर्छन् । पुरुषहरूले निङ्गालाको डोको, डालो, थुन्से, भकारी, नाङ्लो, बलाङ, अल्लोको डोरी तथा धागोबाट जाले, जाबो, दाम्लो, नाम्लो, डोरी बनाउँछन् ।

महिलाले भेडाको उनको राडीपाखी, हादुला, काम्लो र बाख्राको उनको घुम, टोपे बनाउँछन् । पोलो पुवा (अल्लो)को धागोबाट ब्रोलो, भाङग्रा, थैलो, झोला आदि बुन्छन् । त्यसैगरी, बाहिरबाट सुती र उनी धागो खरिद गरेर झोला, खास्टो, गलबन्दी, स्विटर आदि पनि बुन्छन् । यी उत्पादित वस्तु आफूले पनि प्रयोग गर्छन् । मागअनुसार बिक्री वितरण पनि गर्छन् । महिलाले घरेलु प्रयोजन र बिक्रीको उद्देश्यले आदिवासीय ज्ञान, सीप र प्रविधि तथा स्रोतको उपयोग गरी जाँड र रक्सी पनि बनाउँछन् । जाँड बनाउने मर्चा पनि आफै तयार गर्छन् ।

विज्ञान र प्रविधिको विकास, सहरकेन्द्रित बसाइँ, उद्योगबाट उत्पादित तयारी सामानको बढ्ढो प्रयोग, रैथाने वस्तुप्रतिको बेवास्ता र मानिसको सुविधाभोगी चाहना आदिले परम्परागत ज्ञान, सीप र प्रविधि बिस्तारै लोप हुँदै गएको छ। पहिले घरका प्रायः सबै जनासँग यस्तो सीप र ज्ञान हुन्थ्यो। अहिले सो अवस्था फेरिएको छ। ज्ञान र सीप भएका पुस्ता थोरै मात्र जीवित छन्। भएका मानिस प्रायः सहरी क्षेत्र तथा तराई-मधेसतिर बसाइँसराइ गरेका छन्। परम्परागत ज्ञान, सीप र प्रविधि लोप हुदाँ हाम्रो पहिचान पनि हराएको हुन्छ।

९.१.८. प्राकृतिक स्रोतको व्यवस्थापन र संरक्षण

छन्त्यालको जीवन प्राकृतिक स्रोतमा आधारित छ। ती स्रोतलाई व्यवस्थापन र संरक्षण गर्न नसक्दा आइपर्ने समस्याबारे सचेत छन् र हुनुपर्छ। समुदायले भोगचलन गरेको वनजङ्गल जोगाउन सक्रिय भई लागेको पाइन्छ । रैथानेले सामूहिक सहभागिता र सहमतिमा स्थानीय स्तरमा रीतिथिति बसाएका छन् । नियम बनाएका छन् । नियम र रीतिथितिको पालना गर्नु समुदायको सदस्यको साझा कर्तव्य हो । यसमा सरकारी तथा गैर सरकारी संस्थाले समेत आवश्यक सहयोग गरेको पाइन्छ ।[७४] वनजङ्गल संरक्षणका निम्ति सरकारी क्षेत्रबाट सामुदायिक वन बनाउन सहयोग गर्दै आएको छ । वन संरक्षणमा समुदायको सबैभन्दा बढी जिम्मेवारी र भूमिका हुन्छ ।

---

७४ सम्वत् २०७६ जेठ २९ गते मल्कबाङको सामुदायिक वन पुनःनापजाँच गर्न डिभिजन वन कार्यालय, म्याग्दीका दुईजना कर्मचारी समुदायको अनुरोधमा वन क्षेत्रमा गएका थिए ।

अर्कातिर स्थानीय स्तरमा छन्त्यालहरूले वनजङ्गल र चरन क्षेत्रलाई विभिन्न ब्लकमा विभाजन गरी एक/एक वर्ष वा ६/६ महिनामा उपभोग गर्ने थिति बसाएका छन् । कलिला बोटबिरुवा जोगाउने, कसैलाई काठको समस्या परेमा छलफल गरी निर्णय गर्ने गर्छन् । चरनलाई पनि विभिन्न क्षेत्रमा विभाजन गरी फरक-फरक समयमा वस्तुभाउ चराउने र बन्द गर्ने व्यवस्था गरेका छन् । वर्षायाममा गाईवस्तु उच्च हिमाली क्षेत्रतर्फ लैजाने र हिउँदको समयमा बस्तीतिर ल्याउने चलन छ । त्यसैगरी वर्षायाममा भुइँको खर काट्ने र हिउँदमा डाले घाँस काट्ने चलन बढी प्रचलित छ । यी सबै कार्य सबै छन्त्यालहरूको सामूहिक सहभागिता र सहमतिमा गर्छन् । ढुङ्गाखानीबाट घरको छाना छाउने ढुङ्गा निकाल्नका लागि पनि सामूहिक सहभागिता र सहमतिअनुसार कति दस्तुर उठाउने, कति जनालाई आवश्यक हो माग सङ्कलन र व्यवस्थापन गर्ने आदि कार्य गर्छन् । यस किसिमको अभ्यासले वनजङ्गल तथा प्राकृतिक स्रोतको व्यवस्थापन र संरक्षणमा योगदान पुगेको छ ।

९.१.९. खाद्य सुरक्षा र अन्न भण्डार

खाद्य उत्पादनका लागि भिरालो जमिनमा तह-तह पर्खाल लगाएर खेतबारी बनाइएको हुन्छ। धेरै लागनी र कडा परिश्रमले कम उत्पादन हुन्छ। होमनाथ सुवेदीको अनुसार खेती मुरी छरी १५ पाथी उभारेर निर्वाह मात्र गर्दछन् (सुवेदी, सन् १९८१:१४) । प्रायः छन्त्याल गाउँमा अवस्था यस्तै छ। परिणाम खाद्य असुरक्षा छ। नपुग खाद्यका लागि राज्यले केही गरेको छैन। नीजि र व्यक्तिले साना सवारी साधन वा खच्चडलाई बोकाएर गाउँसम्म पुऱ्याएका छन्। घरमा खाद्यन्नको अभाव भयो भने नीजि पसलबाट खरिद गर्नुपर्छ ।

वर्तमानमा यही नै भरपर्दो माध्यम र उपाय हो । खाद्यन्न विनिमय प्रणाली अभ्यास र व्यवहारमा छैन । लोप भएको छ । नगद बुझाएपछि मात्र पसलमा खाद्यान्न पाइन्छ । छन्त्यालहरूको अधिकांश गाउँमा खाद्य सुरक्षाको अवस्था कमजोर छ। त्यसैले खाद्य सुरक्षाका लागि परम्परागत पेसा गरेर मात्र पुग्दैन । अन्य पेसा र खुजुरा अन्य नगद आर्जन हुने कार्य अनिवार्य गर्नुपर्छ । खाद्य असुरक्षाका विभिन्न कारणलाई विभिन्न तहमा केलाउन सकिन्छ । तथापि, उत्पादनशील जमिनको कमी, उच्च र चिसो हावापनी भएको भौगोलिक अवस्था, भिरालो जमिन, सिँचाइको कमी, परम्परागत उत्पादन प्रणाली र आधुनिक प्रविधिको कमी आदि मुख्य कारण हुन् । खाद्य असुरक्षाकै कारण बसाइँसराइको क्रम बढिरहेको छ ।

खाद्य सुरक्षाका लागि छन्त्यालले गैर परम्परागत पेसाबाट आय आजर्न गर्छन् । त्यसैगरी, आफूसँग भएको खाद्यान्नलाई सकेसम्म उपयोग गर्छन् । बाह्य गाउँ वा बजार वा पसलबाट खरिद गर्छन् । विभिन्न सामूहिक कार्य सम्पन्न गर्न आर्थिक तथा खाद्य सङ्कलन गर्छन् । भूमेपूजा, कुलपूजा गर्न सबै मिलेर बरारबर रकम र जिन्सी सामान सङ्कलन गर्ने प्रचलन छ । काजकिरिया गर्दा भाइ सरियो उठाउने प्रचलन प्रशस्त पाइन्छ । यसबाट आर्थिक भार एकै जनालाई मात्र पर्दैन । सबैजनाले थोरैथोरै हिस्सा बाँडफाँड गर्छन् । उठेको रकम, चामल र

जाँडरक्सी काजकिरिया हुने घरलाई प्रदान गर्ने चलन छ। यसले गर्दा उक्त घरले एक्लै आर्थिक एवम् खाद्यान्नको भार बहन गर्नुपर्दैन । केही हिस्सा दाजु भाइले सहयोग गरेको प्रस्ट हुन्छ । अर्कोतिर यस किसिमको सहयोग र चलनले सामाजिक समबन्धलाई समधुर बनाउन भूमिका निवाह गरेको हुन्छ।

छन्त्यालहरूले उत्पादन गर्ने खाद्य र नगदेबालीहरू केवल जीवन निर्वाहका लागि हुन् । त्यति लामो समयसम्म भण्डारण गर्नुपर्दैन । भण्डार गर्ने चलन पनि कम रहेको पाइन्छ। सकेसम्म घुन, पुत्ला, पुतली र किराबाट जोगाउने प्रयास गरिन्छ। जसका लागि विभिन्न घरेलु उपायहरू प्रयोग गर्छन् । तितेपाती, टिमुर, खुर्सानी आदिको रस बनाएर भकारी वा कोठोका मुखमा छर्ने गरिन्छ। भण्डार अगाडि राम्रोसँग घाममा सुकाउने र केलाउने गरिन्छ। बीउबाट राम्ररी बेर्ना उम्रन सकोस् भनेर बीउबीजनलाई अझ सुरक्षित रूपमा राख्ने चलन रहेको छ।

सञ्चित खाद्यान्नलाई परम्परागत तरिकाले भण्डारण गर्ने र सुरक्षाको विधि अपनाउने गरेको पाइन्छ। जुन तरिकाबाट खाद्यवस्तुलाई लामो समयसम्म सुरक्षित गर्न सकिदैन । बीउ तथा सञ्चित खाद्यवस्तुलाई भण्डारण गर्नुभन्दा पहिले राम्ररी केलाउने र घाममा सुकाउने गर्छन् । त्यसपछि राख्ने भकारी वा थुन्से आदिलाई पनि राम्ररी सफा गरेर सुक्खा बनाइ भण्डारण गरिन्छ । उत्पादन गरिएको अन्नबालीहरू विशेषतः भकारी, कोठो, डालो, थुन्से, फाँचो, थैलीमा बन्द गरेर भण्डार गर्ने चलन छ । अन्न भण्डार इरम, धनसार वा घरको माथिल्लो तलामा गरिन्छ।

यसरी भण्डारण गरेपछि पनि तीतेपाती, कास्पात (सुर्तीको हरियो पात), टिमुरको पात तथा गेडा आदि छुट्टाछुट्टै थिचेर रस बनाई प्रयोग गर्ने गरिन्छ। यसबाहेक पुत्लाका निम्ति भने अलि फराकिलो डेक्चीमा पानी भरेर भकारीको छेउमा राखिन्छ। त्यसो गर्दा पुत्ला पानीमा परेर मर्छ। यो तरिका तत्कालका लागि मात्र प्रयोगमा ल्याइन्छ। यस विधिबाट खाद्यान्नलाई लामो समयसम्म जोगाउन सकिँदैन। यी परम्परागत खाद्यन्न भण्डार गरी जोगाउने प्रणालीलाई विकसित गरेर लैजानुको सट्टा वर्तमान समयमा लोपोन्मुख अवस्थामा पुगेको छ। यी विधिहरू गाउँमा प्रयोग गर्न लगभग छोडिसकेको स्थिति छ । वर्तमान समयमा खाद्य सुरक्षाका लागि प्रयोग गर्न सिफारिस भएका विभिन्न कीटनाशक औषधीहरू प्रयोग गरी खाद्यान्न सुरक्षा गरेको पाइन्छ। यसबाट बचेको अन्नलाई जोगाउन सहयोग पुगेको छ।

९.२. राजनैतिक व्यवस्था

छन्त्यालहरूले राज्य स्थापना गरेको, राजा भएको र शासन गरेको लेख्य इतिहास छैन । तर बुबाराम आचार्यका अनुसार मध्यकालमा यस क्षेत्र (मालिका भुक्ति वा मालिका क्षेत्र)का प्रशासकका रूपमा रहेका छन्त्याल राजाहरूद्धारा स्थापना गरिएको मालिका देवीको नामबाट यस क्षेत्रमा रहेको एउटा पहाड अहिले पनि मालिक पर्वतको नामले नै प्रसिद्ध रहँदै आएको

छ । महाकाली नदीदेखि छिल्लिकोटसम्मका पहाडी भू-भाग तथा तराई क्षेत्रमा रहेका केही भू-भागहरूसमेत मिलेर यस प्रस्तावित भुक्ति वा क्षेत्रको एउटा छुट्टै विभाजन कायम हुन आएको पाइन्छ (आचार्य, २०६२:४०२) । लेखकअनुसार कुनै कालखण्डमा छन्त्यालहरूको पूर्वज प्रशासक पदमा थिए । पछि राजा भए । राजाले मालिका देवीको मन्दिर स्थापना गरे । आचार्यको भनाइसँग मिल्ने मत अहिलेसम्म अन्य स्वदेशी तथा विदेश अध्येताले प्रस्तुत गरेका छैनन् ।

छन्त्याल बुढापाकाका अनुसार यो जाति मिहिनेती, लगनशील र परिश्रमी तथा सोझा र सरल स्वभावका थिए र छन् । ऐरा खेल्न, पहरा काट्न, सुरुङ् खन्न माहिर मानिन्थे । माटो र ढुङ्गाको टुक्राको रङ हेरेर, स्वाद लिएर, बासना सुँघेर, छामेर र स्वरूप हेरेर कति दूरी टाढा र गहिराइसम्म खानी छ भन्ने थाहा पाउँथे । तामा, सिसा, फलाम धातु अनुभव र अर्न्तज्ञान खानी पत्ता लगाउन सक्थे । छन्त्याल पुर्खा खानीको बेलाको विशेषज्ञ र जानकार थिए । विशेषतः मङ्सिरदेखि जेठ महिनाको अन्तिमसम्म खानी खन्ने गर्थे । अन्य महिनामा जङ्गली खानेकुरा सङ्कलन गर्ने र धनुषवाण बनाइ ऐरा खेल्थे । सात महिना खानीको प्वालभित्र र पाँच महिना सिकार खेल्नमा समय बिताउने भएकाले राज्य नै स्थापना गरेका थिए भन्न कठिन छ । शक्तिशाली राज्य गरेको इतिहास पनि छैन । अर्कातिर खानी खन्ने र ऐरा खेल्न रुची भएकोले राज्य सञ्चालनसम्बन्धी चासो राखेको देखिँदैन ।

९.२.१. परम्परागत संस्थाको व्यवस्था

छन्त्याल बस्ती र भूगोलमा समान सहभागिता र सहमतिमा नियम तथा रीतिथिति बनाएर कार्यान्वन गर्ने गराउने चलन थियो । जुन चलन पञ्चायत कालसम्म रह्यो । छन्त्याल भूगोलमा स्वायत्त विधि विधान थिए । सोही आधारमा शासन प्रशासन सञ्चालन गरेका थिए । पहिले खानी सञ्चालन र व्यवस्थापनसम्बन्धी थिति र नियम बनाइ कार्यान्वयन गरेको थिए । खानी सकिएपछि अमयनचयन कायम गर्न र प्राकृतिक स्रोत व्यवस्थापन एवम् सञ्चालनमा बढी जोड दिएका थिए र छन् । यसै सन्दर्भमा उल्फ डि. मिसलका अनुसार छन्त्यालमा कुनै व्यक्ति नेता भएका छैनन् भन्ने कुरामा जोड दिन्छन् ।

पञ्चायत प्रणाली लागू हुनुभन्दा अगाडि गाउँका मुखिया र चौतरे कर सङ्कलनका लागि जिम्मेवार हुन्थे । दुवै पद वंशानुगत आधारमा प्राप्त हुन्थ्यो । तर तिनीहरू कृषि क्षेत्रमा जस्तै खासै महत्त्वपूर्ण थिएनन् । निर्णय अझै गाउँ परिषद् (सभा)बाट गरिन्छ । पञ्चायतमा निर्वाचित सदस्यको निर्णयमा खासै प्रभाव छैन (मिसल, १९७४) । यस भनाइबाट छन्त्यालहरू निर्णय गर्नलाई आफ्नो परम्परागत संयन्त्रलाई प्रभावकारी रूपमा प्रयोग गरेका थिए भन्ने पुष्टि हुन्छ । छन्त्यालले आफ्नो थातथलोमा व्यवस्थित रूपमा प्रशासन सञ्चालन गरेको थिए । आफ्नो पुर्ख्यौली थलोमा भएको राजनैतिक व्यवस्थालाई निम्नानुसार प्रस्तुत गरिएको छ ।



तालुक (मुखिया)

यो जातिको नेतालाई तालुक वा मुखिया भनिन्थ्यो । न्याय प्रमुख र प्रशासन प्रमुख तालुक नै हुने गर्दथ्यो । प्रत्येक गाउँमा छुट्टाछुट्टै मुखिया हुन्थे । मुखिया सामान्य निर्णय गर्न र कार्यान्वयन गर्न स्वायत्त थिए । प्रत्येक तालुकलाई सहयोगी नियुक्त गर्ने अधिकार पनि सम्बन्धित गाउँको तालुकको थियो । तालुकले जटिल र अफठ्यारो निर्णय लिनु अगाडि गाउँ परिषद् वा प्रशासनिक व्यक्तिहरूको समूहमा छलफल गर्ने चलन थियो । भेजा उठाएर सरकारलाई बुझाउने, समाजमा अमनचयन कायम गर्ने, खानीमा काम लगाउने, श्रमिकको बालबच्चा तथा परिवारलाई रेखदेख गर्ने, मुखियाबीच समन्वय गर्ने, सामाजिक र संस्कृतिको थिति बसाउने आदि जिम्मेवारी मुखियाको भएको बूढापाका बताउँछन् ।

जिम्माल

जिम्मालको काम खाद्यान्नसम्बन्धी व्यवस्था र नियन्त्रण एवम् वितरण गर्ने थियो । साथै तालुकलाई आवश्यक सहयोग गर्नुपर्थ्यो । जिम्मुवाल गाउँको प्रशासनिक समूहको एक सदस्य पनि हुन्थ्यो । गाउँमा बढी नै महत्त्वपूर्ण विषयमा छलफल र अन्तरक्रिया गर्ने कार्यमा महत्त्वपूर्ण भूमिका थियो ।

सुब्बा

सुब्बा (टक्सार)ले हट्टीको जिम्मा लिने र तामाको सिक्का निकाल्ने, त्यसको रेखदेख गर्ने र नीतिनियम बनाउने जिम्मा र अधिकार थियो । आवश्यक परेको खण्डमा मुखियालाई सहयोग गर्नुपर्दथ्यो ।

चौतरे : चौतरेले तालुकको निर्देशनअनुसार काम गर्नुपर्थ्यो ।

पाँरे: पाँरेले साइत, जोखना तिथिमिति हेर्ने गर्थे । साथै पूजा, संस्कारको कार्य र धार्मिक कार्यको जिम्मेवारी थियो ।

छन्त्याल परिषद् (सभा)

विभिन्न छन्त्याल गाउँका मुखियाको संयुक्त संयन्त्रलाई छन्त्याल परिषद् भनिन्थ्यो । यो

नै छन्त्यालहरूको सबैभन्दा सर्वोच्च निकाय वा व्यवस्थापिकाको रूपमा रहेको थियो। उक्त परिषद्मा प्रत्येक गाउँका तालुक वा मुखिया सदस्य हुन्थे। परिषद्को व्यवस्थापन, समन्वय र अध्यक्षता जुन गाउँमा परिषद्को भेला वा बैठक हुन्थ्यो सोही गाउँको मुखियाले गर्ने चलन थियो। परिषद्मा सबै मुखियाबीचमा समन्वयात्मक सम्बन्ध बनाउने वातावरण हुन्थ्यो। यसले गर्दा खानी कमाउनेसम्बन्धी नियम सामूहिक रूपमा बनाउँथे। यसबाट एक तालुकको रैती अर्को तालुकको खानीमा गएर काम गर्न र निकालिएको तामाको हिस्सेदार बन्न सक्थे। तामा भेजा उठाउने, स्थानीय स्तरको झैझगडा सल्टाउने, श्रमको बाँडफाँड गर्ने, नापतौलको व्यवस्था, सामाजिक नियम, स्रोतसाधनको व्यवस्थापन र संरक्षणको थिति बनाउने, संस्कार तथा संस्कृतिको संरक्षण गर्ने आदि नियम बनाउने अधिकार छन्त्याल परिषद्लाई थियो। समग्रमा छन्त्यालहरूको नीति, नियम निर्माण गर्ने थलो परिषद् थियो। खानी खन्ने समयसम्म परिषद्को महत्त्व धेरै थियो। खानी खन्न छोडेपछि निस्क्रिय हुँदै गयो।

गाउँ परिषद् वा सभा

गाउँ परिषद् छन्त्याल परिषद् भन्दा तल्लो तहको गाउँस्तरीय व्यवस्थापिका हो। छन्त्याल परिषद्बाट पारित नीति, नियम, थितिको कार्यान्वन गर्ने, मुखियालाई अफ्ठ्यारो पर्दा निर्णयमा सहयोग गर्ने, गाउँस्तरको नीति, नियम बनाउने संयन्त्र गाउँ परिषद्को थियो। यसमा गाउँका सबै घरबाट एकजना प्रतिनिधि सदस्य हुने व्यवस्था थियो। यो संयन्त्र हाल सक्रिय छैन। परिषद् वा सभा बोलाउने र अध्यक्षता गर्ने कार्य सम्बन्धित गाउँको मुखियाको हुन्थ्यो।

प्रशासनिक व्यक्तिको समूह

गाउँको मुखिया, जिम्मुवाल, सुब्बा, चौतरे र पाँरेको संयुक्त गाउँ वा बस्तीस्तरको संन्यन्त्रलाई प्रशासनिक व्यक्तिको समूह भनिन्थ्यो। यो समूह विशेषतः गाउँमा केही जटिल समस्या आयो, भोकमरी शुरु भयो, न्याय सम्पादन गर्नुपर्‍यो भने तालुकलाई सहयोग गर्नको निम्ति सक्रिय हुन्थ्यो।

उल्लिखित पदमा प्रतिनिधित्व दुई तरिकाले गरेको पाइन्छ। वंशानुगत र सहमतीय आधारमा प्रतिनिधित्व गर्ने चलन र अभ्यासमा थियो। सहमतीय भन्दा वंशानुगत प्रतिनिधित्व गर्ने प्रचलन बढी नै थियो। यस चलनअनुसार तालुकको जेठो छोराले तालुकको जिम्मा र अधिकार पाउँथ्यो। क्रमशः माहिलो चौतरे, साहिँलो जिम्मावाल र कान्छोले सुब्बाको अधिकार तथा जिम्मा पाउँथे। यदि तालुक निःसन्तान भएमा वा उत्तराधिकारीले राम्रो काम गर्न नसक्ने भएमा गाउँका सबै व्यक्ति भेला भई जान्ने, बुझ्ने व्यक्तिलाई छलफल गरी सहमतिका आधारमा तालुक छनौट गर्ने चलन थियो। कुनै-कुनै गाउँमा तालुक र चौतरेले मात्र कार्य सञ्चालन गरेको पनि पाइन्छ।

छन्त्यालका यी राजनैतिक संयन्त्रहरू कतिपय लोप भएका छन्। कतिपय सङ्कटापन्न अवस्थामा छन्। पहिले जिम्मेवारी पाएको व्यक्तिको दाजु भाइ खलकलाई अझै पनि सुब्बाको

खलक, मुखियाको खलक, जिम्मुवालको खलक र चौतरेको खलक भनेर सम्बोधन गर्ने तथा बोलाउने चलन छ । छन्त्यालका यी प्रथाजनित राजनैतिक संयन्त्र र नीति नियमलाई राज्यको कानुनले कुनै मान्यता नदिएकोले पनि अभ्यास भएन र लोप भयो । तथापि गाउँ तथा बस्तीस्तरमा सामान्य मेलमिलाप र प्राकृतिक स्रोतको व्यवस्थापन र संरक्षण कार्यमा पछिल्लो समयमा सक्रिय भएको थोरै मात्रामा पाइन्छ ।

९.२.२. न्याय प्रणाली

गाउँको न्यायप्रमुख पनि तालुक हुने चलन थियो । तालुकले गाउँ भेला वा सभाबाट झै-झगडा मिलाउने, पारपाचुकेको विषय, भेजा उठाउने नियम बनाउन संयोजनकारी काम पर्दथ्यो । त्यतिबेला नियम, कानुन सबै मौखिक थिए । साथै तालुकको फैसला अन्तिम हुन्थ्यो । झै-झगडा मिलाउनु परेमा प्रशासनिक समूह र गाउँका पाका, गन्यमान्यलाई बोलाइ घटनाको विवरण र जानकारी दिने, झगडाका दुवै पक्षलाई बोलाउने, दुवै पक्षको कुरा सुन्ने, त्यसपछि परम्पराअनुसार चलेको नियम र बूढापाकालगायत उपस्थित व्यक्तिको रायको आधारमा फैसला गर्नुपर्दथ्यो । गल्ती गर्ने व्यक्ति वा समूहलाई सजायको रूपमा घटनाको प्रवृत्ति हेरी माफी दिने, नगद वा जिन्सी जरिवाना गर्ने वा श्रम सजाय दिने भन्ने निर्क्यौल गर्ने चलन रहेको थियो ।

पारपाचुके गर्नुपर्ने भएमा भद्रभलादमी भेला गरी श्रीमान्-श्रीमतीलाई मिलेर बस्न सुझाव दिइन्थ्यो । जुन मेलमिलापको सबैभन्दा उत्तम उपाय थियो र हो । यदि मिल्न नसकेमा धागोको एक छेउ केटी र अर्को छेउ केटालाई समात्न लगाइ चुँडाल्न लगाइन्थ्यो । धागो चुँडिनुको प्रतीकात्मक अर्थ पति पत्नीको सम्बन्ध टुट्नु थियो । यदि केटाले आफ्नोसँगै बस्ने इच्छा नभएर धागो चुँडालेमा पत्नीलाई सामान्य आर्थिक वा जिन्सी तिर्नुपर्थ्यो, जसलाई गोजा भर्ने व्यवस्था भनेको पाइन्छ । केटीले चुँडालेमा कुनै जरिवाना तिर्ने चलन थिएन । धागो चुँडालेपछि दुवैजना अर्को विवाह गर्न स्वतन्त्र हुन्थे ।

कुनै विवाहित महिलाले दोस्रो विवाह गरेमा दोस्रो श्रीमान्को पक्षबाट केटी पक्ष र गाउँको मुखियालाई जानकारी गराउनुपर्दथ्यो । यसरी जानकारी पाएपछि केटी पक्षको गाउँको मुखियाको रोहबरमा कुरा मिलाउने चलन थियो । मेलमिलापको लागि केटी पक्षको गाउँको मुखियाको समन्वय र सहजीकरणमा पहिलो श्रीमान्को पक्षबाट सम्बन्धित गाउँको मुखिया, केटाको बुबा तथा दाजु भाइ र दोस्रो श्रीमान्को गाउँको मुखिया, केटाको बुबा तथा दाजु भाइको बैठक हुन्थ्यो । उक्त बैठकमा माइतीले पहिलो श्रीमानूबाट रीत अनुसारको कोसेली खाएको र केटीले गरगहना लगाएको हो वा होइन निर्क्यौल गरिन्थ्यो । कोसेली खाएको र गरगहना लगाएको ठहर भएमा दोस्रो श्रीमान् पक्षले गरगहना फिर्ता गर्नुपर्दथ्यो । कोसेलीको हर्जनास्वरूप प्रचलित थिति र नियमानुसार नगद दिने प्रचलन थियो । यसलाई जारी लिने र दिने भन्ने गरिन्थ्यो । यदि कोसेली नखाएको र गरगहना नलगाएको भए अर्को व्यक्तिको श्रीमती लगेको हुनाले सामान्य जरिवाना गर्ने चलन थियो । यसरी मेलमिलाप भएपछि पहिलो श्रीमान्

र दोस्रो श्रीमान्को पक्षबीचमा भै-भगडा गर्न पाइँदैन थियो । यदि भएमा जुन पक्षले गल्ती गर्छ सोही पक्षलाई कारवाही गर्नुपर्थ्यो ।

हाडनाता विवाह वा यौन सम्पर्क समाज स्वीकार्य थिएन । यदि यसो भएमा रक्त र विवाह नाताको आधारमा न्याय सम्पादन गर्ने व्यवस्था भएको छन्त्याल जानिफकार बताउँछन् । हाडनातामा विवाह गरेमा उक्त जोडीलाई गाउँबाट निकाला गरिन्थ्यो । साथै भाइखलकबाट फट गराइन्थ्यो । कसैले हाडनातामा यौन कार्य गरेमा माफी माग्न लगाउने र घट्ना नदोहोऱ्याउन चेतावनी दिने गरिन्थ्यो । पुनः घट्ना दोहोरिएमा नगद जरिवाना र भाइखलकबाट फट गराउने चलन थियो । भाइबाट फट गराउने भनेको सामाजिक बहिष्कार हो ।

त्यसैगरी, प्राकृतिक स्रोत व्यवस्थापनको थिति र नियम उल्लङ्घन भए पनि न्याय सम्पादन गर्ने चलन थियो । प्राकृतिक स्रोत व्यवस्थापनका लागि डाले घाँस, खर घाँस र चरन क्षेत्रलाई फुकुवा र थुनुवा गरी दुई भागमा विभाजन गरिएको हुन्थ्यो । यदि थुनुवा क्षेत्रमा वस्तुभाउ चर्न गएमा वा कुनै व्यक्तिले खर घाँस, डाले घाँस काटेमा गाउँ सभामा गरिएको निर्णयानुसार नगद वा श्रम सजाय दिइन्थ्यो । यो सजाय गाउँसभामा नै गर्ने चलन थियो । तर मुखियाले आफ्नो घरमा एक्लै गर्न पाउँदैन थियो ।

वस्तुभाउले बाली खाएमा कम क्षति भएमा दाजु भाइमा भिनामसिना घट्ना भनेर कुनै जरिवाना वा अर्मलबिना नै मेलमिलाप गराइन्थ्यो । तर बढी नै क्षति भएमा बाली खाने वस्तुभाउको मालिकबाट क्षति हुने व्यक्तिलाई अर्मल बुझाइन्थ्यो । अर्मलको निर्धारण दुवै पक्षको सहभागितामा स्थलगत अवलोकन र मुल्याङ्कनमा गरिन्थ्यो । प्रायः भै-भगडाको मेलमिलाप गर्दा दुवै पक्षको चित्त वा मन बुझाएर मात्र गरिन्थ्यो, जसलाई हिजोआज विन विन (win win) को अवस्था भनिन्छ ।

छन्त्यालको परम्परागत न्याय सम्पादनको प्रक्रियामा मुख्य भूमिका तालुकको हुन्थ्यो । जिम्मेवारी दिएको अवस्थामा जिम्मुवाल, सुब्बाले पनि कार्य सम्पादन गर्थे । यदि तालुकबाहेक अरुले गरेको निसाफमा चित्त नबुझेमा तालुकसँग उजुरी गर्न सकिन्थ्यो । परम्परागत न्याय सम्पादनलाई राज्यको कानुन र अद्दालतले चिन्दैन र मान्यता पनि दिएको छैन । त्यसैले आधुनिक राज्यको कानुनी र न्यायिक निकायको प्रभावले गर्दा परम्परागत प्रणाली लोप हुँदै गएको छ ।

९.२.३. सामाजिक व्यवस्था र परम्परागत संस्था

छन्त्याल जातिको मौलिक सामाजिक व्यवस्था थियो । यिनीहरू संयुक्त परिवारमा बस्ने चलन थियो । हाल पनि कायमै छ । सामान्यतयाः एउटा परिवारका १०-१२ जना सदस्य सङ्ख्या हुन्थ्यो । कुनै वर्ण व्यवस्था र छुवाछुतलगायत अन्य विभेद थिएन । उचनिचको चलन थिएन । सहयोगी भावनाका थिए । 'पर्दाको जन्ती मर्दाको मलामी' भन्ने उखान यस जातिमा

चरितार्थ हुन्थ्यो । विभिन्न सामाजिक कार्य गर्दा बाटो बनाउन, चौपारी बनाउन, पानी पँधेरो, पोखरी आदि बनाउन सामूहिक कार्य गर्थे । आवश्यक परेको बेलामा नगद, जिन्सी उठाउने, श्रम गर्ने आदि चलन थियो । कसैलाई व्यक्तिगत समस्या आइपर्दा सामूहिक वा व्यक्तिगत दुवै तरिकाले सहयोग गर्ने चलन थियो र छ। पूजा गर्दा पूजाठेक उठाउने, विवाह, काजकिरियामा भाइसरियो सबैबाट समान रूपमा उठाउने चलन यसका उदाहरण हुन् ।

परिवार सञ्चालनका निम्ति पुरुष र महिला दुवैको जिम्मेवारी हुन्थ्यो र हुन्छ । घरको मूली पुरुषले बाहिर श्रम गर्ने तथा खेतीको काम बढी गर्छन् । घरको भित्री काम अन्नबाली राख्ने, रकम राख्ने, सबै अधिकार महिलालाई थियो र छ । यस समाजमा नारीलाई सम्मान गर्ने चलन थियो । बहुविवाह, विधवा विवाह गर्ने प्रचलन पनि पाइन्छ । बाल विवाह भएको पाइँदैन । बाँधा वा दास प्रथा भएको पाइँदैन । सबैले समान श्रम गर्नुपर्ने चलन भएको पाइन्छ । यदि गाउँमा गैर छन्त्यालको बसोबास छ भने पनि उनीहरूसँग मिलेर बस्ने गरेका छन् ।

सामाजिक व्यवस्थाको सञ्चालन र सुधारका लागि तालुकको मुख्य भूमिका हुन्थ्यो । अन्नबाली नापका लागि काठ वा तामाको माना, पाथीले भरेर माना, पाथी, मुरीको आधारमा गणना गरिन्थ्यो । दूध, दही, घ्यू, जाँड, रक्सी आदि तरल पदार्थको नापका लागि काठको माने ठेकी, पुचैं, चौंथी, भुर्कीबाट गरिन्थ्यो । तौलका लागि तुलोमा राखेर बिसौली, सेर, धार्नी भनेर जोखिन्थ्यो । वर्तमान अवस्थामा यी सबै मापन प्रणालीलाई आधुनिक प्रणालीले विस्थापन गर्दै गएको छ ।

परम्परागत संस्थाको रूपमा झारा प्रथा थियो (तुल ९.२.१. पनि) । सार्वजनिक र सामाजिक हितका लागि गरिने काममा गाउँका सबै घरधुरीबाट एक/एक जनाको सहभागितामा गरिने कार्य प्रणालीलाई झारा भनिन्थ्यो । अझै पनि गाउमा समुदायको लागत सहभागिताको रूपमा यही प्रणालीअनुसार श्रमदान गर्ने चलन छ । यस प्रथाअनुसार प्रत्येक परिवारले सार्वजनिक हितका निम्ति बराबर श्रमदान गर्नुपर्थ्यो । विशेषतः बाटोघाटो बनाउन, भूमेथान, चौपारी बनाउन, खानीको वरिपरिका ढुङ्गा माटो हटाउन, पानी पँधरो बनाउन आदि कार्यका लागि झारा प्रथा प्रचलित थियो ।

छन्त्यालमा ग्वार प्रथा पनि प्रचलित रहेको पाइन्छ । यो प्रथा अझै प्रत्येक छन्त्याल गाउँमा विद्यमान छ । यस प्रथाअनुसार कुनै पनि व्यक्तिलाई समस्या पर्दा समाजका सबै परिवारले सामूहिक रूपमा सहयोग गर्नुपर्छ । उक्त सहयोगबाट व्यक्ति लाभान्वित हुन्छ । यही प्रक्रियाअनुसार समुदायका प्रत्येक व्यक्तिलाई समस्या आइपर्दा श्रम सहयोग गर्ने प्रचलन अझै छ । विशेषतः यो प्रथाअनुसार घर बनाउँदा, काठ, ढुङ्गा ओसार्न, बारी बनाउँदा प्रचलित छ । यसरी मौलिक सामाजिक व्यवस्था र चलन यस जातिमा रहेको पाइन्छ ।

छन्त्यालमा खेतीबाली लगाउँदा, उकास्दा (गोडमेल र खन्ने), बाली थन्काउँदा एकआपसमा पर्मा लगाउने चलन छ । पर्मामा जुन घर वा परिवारको घरमा काम गरिन्छ,

उसैले खाजाको व्यवस्था गर्नुपर्छ । साथै पर्मा गर्न आएको व्यक्तिको घर वा परिवारमा खेतीबालीसम्बन्धी काम गर्दा आफूले पनि बिना ज्याला काम गर्नुपर्छ । पर्मा प्रथा श्रमको विनियम हो ।

खेतीबाली लगाउन गाउँका युवा युवती, महिला र पुरुष (काम गर्न सक्ने)को समूह बनाएर हुड्डा गर्ने चलन छ । यस चलनअनुसार कुनै व्यक्तिको मकै गोडमेल गर्नु छ भने हुड्डाका सबै सदस्य गएर काम गर्छन् । समूहमा काम गर्ने व्यक्ति धेरै हुने भएकोले एकै दिनमा तीन वा चार परिवारको काम पूरा गर्न सक्छन् । काम लगाउने घरले हुड्डाको समूहलाई खाजाको व्यवस्था गर्नुपर्छ । यस प्रथाले खेतीबाली लगाउन, उकास्न, थन्काउन सजिलो हुन्छ ।

छन्त्यालको थर वा भाइखलकअनुसार विभिन्न देवी देवताको पूजा र संस्कारका कार्य गर्न भाइसरियो उठाउने चलन छ । पहिले भाइसरियोको रूपमा जाँड, रक्सी, चामल, पिठो, रोटी र धेरैथोरै नगद सबै भाइले बराबर उठाउने गर्थे । वर्तमानमा भने नगद मात्र उठाउने चलन छ । भाइसरियोले सामाजिक र सांस्कृतिक कार्य गर्दा हुने व्ययभार व्यस्थापनमा महत्त्वपूर्ण भूमिका खेलेको छ । अर्कोतिर पूजाको किसिमअनुसार गाउँको सबै घरधुरीले ठेक उठाउने चलन पनि छ ।

९.२.४. राजनैतिक क्षेत्रमा सङ्लग्नताको इतिहास

छन्त्यालका पुर्खाले राज्य स्थापना र शासन सञ्चालन गरेको ऐतिहसिक प्रमाण पाइएको छैन । तर आफ्नो बसोबास रहेको गाउँक्षेत्रमा आफ्नै मौलिक राजनैतिक, न्यायिक र सामाजिक व्यवस्था स्वायत्त रूपमा सञ्चालन गरेका थिए । जुन तालुक वा मुखिया प्रणाली थियो । तर लिखत भने छैन । छन्त्यालको त्यही मुखिया प्रणालीको आधारमा पृथ्वी नारायण शाहको नेपाल एकीकरणपछि छन्त्याल मुखियालाई सम्बन्धित गाउँ र क्षेत्रको प्रशानिक कार्य गर्ने जिम्मेवारी दिएको अनुमान गर्न सकिन्छ । साथै राणाकालमा विभिन्न छन्त्याल गाउँका मुखियाले काम गरेका पनि थिए । यस हिसाबले माथिल्लो तहको प्रशासनिक तथा राजनैतिक जिम्मेवारी नपाए पनि स्थानीय स्तरको राजनीतिक र प्रशासनिक क्षेत्रमा छन्त्यालको सङ्लग्नता र सहभागिता थियो ।

नेपालको मूल राजनीतिमा सहभागी भएको इतिहास भने लामो छैन । पञ्चायत कालबाट आरम्भ भएको इतिहास छ । विभिन्न छन्त्याल गाउँहरूमा गाउँ पञ्चायतको प्रधानपञ्च, उपप्रधानपञ्च र वडा सदस्य पदमा निर्वाचित भएर राजनीति गरेका थिए । सोही क्रममा पञ्चायत व्यवस्थामा बागलुङ जिल्ला तमानगाउँ पञ्चायत लाम्मेलाखानीको स्व. श्री छप्रसाद छन्त्याल बागलुङ जिल्ला पञ्चायतको सदस्य भएका थिए । पञ्चायत कालमा छन्त्यालमध्ये राजनैतिक रूपमा उच्च ओहोदामा सम्भवतः उनी नै पुगे ।

नेपालमा भएका हरेक राजनीतिक परिवर्तनको आन्दोलनमा छन्त्याल समुदायहरूले पनि योगदान गरे । तर त्यसको बिस्तृत अध्ययन हुन सकेको छैन । सम्वत् २०४६ सालको

जनआन्दोलनपछि स्थापना भएको बहुदलीय प्रजातन्त्रदेखि सम्वत् २०६२/०६३ सम्मको अवधिमा दुईवटा स्थानीय निकायको चुनाव (सम्वत् २०४९ र २०५४) र तीनवटा संसदीय चुनाव (सम्वत् २०४८, २०५१ मध्यावधि चुनाव र २०५६) भयो । सम्वत् २०४८ को चुनावमा छन्त्याल मतदाता मात्र भए। सम्वत् २०५१ र ५६ को संसदीय चुनावमा परी थापाले बागलुङको क्षेत्र नं. ३[७५]बाट निर्वाचन जितेका थिए। उनी जैमिनी नगरपालिका वडा नं. ४ कालापातल (साविक दमेक गाविस)का हुन् । उनका बुबा लाहुरे हुँदा थापा थर लेखाएर लाहुरे भएकाले उनको प्रशासनिक दस्तावेजमा पनि थापा हुन पुग्यो । उनको पारिवारिक जातीय पृष्ठभूमि र दाजु भाइ झिङ्राजा छन्त्याल थिए र हुन्। तर उनले छन्त्याल समुदायको पहिचान, हक, हित र अधिकारका लागि हृदयदेखि नै योगदान दिन सक्नुभएन वा चाहनुभएन। प्राविधिक-प्रशासनिक रुपमा रहेको 'थापा'को सट्टा 'छन्त्याल' पहिचानको रूपमा चिनाउन पनि चाहेनन्। व्यक्तिगत आफू छन्त्याल भएको स्वीकार गर्छन्। छन्त्यालको प्रतिनिधिमूलक संस्था नेपाल छन्त्याल संघ केन्द्रीय समितिले दुवै पटक बधाई र शुभकामनासहित उनलाई सम्मान पनि गर्‍यो र छन्त्याल संघले सल्लाहकार समेत मनोनयन गर्‍यो। थापाको व्यक्तिगत सरकारी कागजात 'थापा' थियो। सोहीअनुसार संसदमा गणना भयो।

दुवै स्थानीय चुनावमा विभिन्न राजनीतिक दलको तर्फबाट छन्त्यालहरू केही गाविस अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र सदस्यमा पदमा निर्वाचित भएर राजनीतिक क्षेत्रमा सङ्लग्न भए । यो समयावधिमा राजनीतिक रूपले छन्त्यालको पहिचान र अधिकारको संरक्षण, सम्वर्द्धनमा उल्लेखनीय प्रगति हुन सकेन। संसदीय चुनाव समुदायको जनजीविका, राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिकलगायत समग्र विकासका लागि 'नखाउँ भने दिनभरीको शिकार खाउँ भने कान्छो बुबाको अनुहार' भनेजस्तै भयो।

सम्वत् २०६२/०६३ जनआन्दोलनपछि संविधानसभाको दुई वटा (सम्वत् २०६४ र २०७०)मा चुनाव भयो । पहिलो संविधानसभाको चुनावमा छन्त्याल मतदाता भए । परि थापा आफूआबद्ध दलबाट समानुपातिक प्रणालीबाट सभासद् भए। २०७० मा भएको दोस्रो संविधानसभाको चुनावमा बागलुङको क्षेत्र नं. ३ बाट ज्ञानकुमारी छन्त्याल[७६] निर्वाचित भए।

सम्वत् २०७२ असोज ३ गते नेपालमा संविधान घोषण भयो । सोसँगै राज्य संघीय संरचनामा गयो । राज्य संघीय संरचनामा गएपछि सम्वत् २०७४ मा तीन तहको निर्वाचन भयो। सम्वत् २०७४ को स्थानीय तहको निर्वाचन तीन चरणमा (सम्वत् २०७४ वैशाख ३१,

---

७५ बागलुङ जिल्लाको तत्कालीन निर्वाचन क्षेत्र नं. ३ मा साविकका रिघा, पाण्डवखानी, सिसाखानी, दगातुन्डाँडा, ग्वालीचौर, जलजला, भिमगिठे, रणसिंहकिटेनी, दर्लिङ, राजकुट, देविस्थान, बोहोरागाउँ, निसी, बोबाङ, अधिकारीचौर, बुर्तिबाङ, खुंगा, बोङ्गादोभान, तमान र खंखानीसहित २० गाविस पर्दथ्यो।

७६ ज्ञानकुमारी छन्त्याल सम्वत् २०१४ भदौ १८ गते बागलुङ जिल्ला तमानखोला गाउँपालिका वडा. नं. ५ खुंखानीमा जन्मनु भएको हो। शहीद गंगालाल हृदयरोग केन्द्रमा उपचारको क्रमा सम्वत् २०७७ असार १७ गते उनको देहावसान भएको थियो।

असार १४ र असोज २ गते) भयो। त्यसैगरी, प्रदेश सभा र संघीय प्रतिनिधि सभाको चुनाव दुई चरणमा (सम्वत् २०७४ मंसिर १० र मंसिर २१ गते) सम्पन्न भयो। प्रदेश सभामा प्रत्यक्ष र समानुपातिक दुवै निर्वाचन प्रणालीबाट छन्त्याल निर्वाचत भएनन्। प्रतिनिधि सभामा भने समानुपातिक निर्वाचन प्रणालीबाट ज्ञानकुमारी छन्त्याल निर्वाचित भईन्। स्थानीय तहको निर्वाचनबाट उप मेयर र उपाध्यक्ष, वडाअध्यक्ष र सदस्यसहित २७ जना छन्त्याल निर्वाचित भएका छन्।

प्रायः सबै राजनीतिक दलको तल्लो तहको सङ्गठन र संयन्त्रमा छन्त्यालको सहभागिता रहेको छ। निर्णायक स्थानमा पुग्न भने सकेका छैनन्। यसका कारणहरूबारे छलफल र बहसका विभिन्न आयाम र पाटाहरू छन्। सम्वत् २०३६ सालको आन्दोलन र सोपछि सुधारिएको पञ्चायत कि बहुदल भन्ने राजनीतिक माहोलमा पनि छन्त्यालहरू गाउँ र ठाउँअनुसार पक्ष विपक्षमा लागेको इतिहास साक्षी छ। उदाहरणको रूपमा, जनमत सङ्ग्रहमा घैयाखानीका स्व. श्री जीवलाल पात्लाङे छन्त्याल[७७]लाई बहुदल पक्षमा लाग्यो भनेर आफ्नै भाइखलकले लखेटेका थिए। यो एउटा प्रतिनिधि घट्ना मात्र हो। यस्तो घट्ना अन्य छन्त्याल गाउँमा पनि भएको इतिहास छ। छन्त्याल जाति र राजनीतिक इतिहासको सम्बन्धबारे बिस्तृत र गहिरो अध्ययन हुन भने बाँकी नै छ।

९.२.५. पहिचान र अधिकारको सङ्घर्षमा सङ्लग्नता

विगत लामो समयसम्म जातीय, भाषिक, सांस्कृतिक, धार्मिक पहिचान भएर पनि राज्यस्तरबाट छन्त्याल जातिले पहिचान पाउन सकेका थिएनन्। आफ्नो थातथलोमा पहिचान हुँदाहुँदै पनि राष्ट्रियस्तरमा पहिचान थिएन। छन्त्यालको भाषा, संस्कार, संस्कृति, धर्म परम्परा आदि पतनउन्मुख अवस्थामा थियो। पहिचान पनि ओरालो लाग्दै थियो। एकातिर राज्यको एकल र विभेदकारी नीतिले निल्दै थियो। अर्कातिर अन्य गैर आदिवासी बाहुन, क्षत्री र मगर आदिको प्रभाव एवम् विस्तारले थिचेको थियो। यसै पृष्ठभूमिमा छन्त्याल जातिको पहिचानको आन्दोलनलाई केलाउँदै यामबहादुर पुन लेख्छन्, नेपालमा समग्र रूपमा पहिचानको आन्दोलनलाई अलग गरेर छन्त्याल समुदायको आन्दोलनलाई हेर्न गाह्रो छ। अर्थात अरु समुदायको आन्दोलनको जगसँगै उठ्यो। तर उनीहरूको आन्दोलनको प्रकृति हेर्दा विभिन्न प्रकारको देखिन्छ। पहिलो, मगर समुदायभन्दा अलग्गै हौं र हाम्रो छुट्टै भाषा, धर्म र संस्कृति छ भन्ने धार निस्कियो। दोस्रो, राज्यले उनीहरूको जनसङ्ख्या गणना गरिदिएन (पुन, २०७१:५९-६०)। यहाँ पुनले छन्त्यालको पहिचानको आन्दोलन उठान हुनुको मुख्य दुईवटा कारण भएको उल्लेख गरेका छन्।

---

७७ जीवलाल पोत्लाङे छन्त्याल पञ्चायत कालमा दुई पटक प्रधानपञ्च भएका थिए भने बहुदल कालमा सम्वत् २०५४ को स्थानीय निर्वाचनमा गाविस अध्यक्ष निर्वाचित भएका थिए।

छन्त्यालले आदिवासी भूमिपुत्रको पहिचान र अधिकारका लागि आन्दोलन गर्नुको अरु पनि कारण छन् । पहिलो, विभिन्न अध्येता र लेखकहरूले छन्त्यालको उत्पत्ति र इतिहास ठकुरी वंशसँग जोडि दिए (मल्ल, १९७७; सुवेदी, सन् १९८१; छन्त्याल, सन् १९८७; र पन्त, २०५३) । यसले आदिवासी होइन भन्ने सङ्केत गर्छ । त्यसैले आदिवासी हौं र आर्यमूलका होइनौ भनेर आन्दोलन गुर्नपर्‍यो । यो सतहमा देखिएन आदिवासीको मूल आन्दोलनमा नै समाहित भयो । अर्को, आन्दोलन अधिकारको हो । राज्यद्वारा हेपिएका, दबाइएका र सिमान्तकृत बनाइएकाले छन्त्यालले आदिवासी जनजातिले पाउने अधिकारको लागि आन्दोलन गर्नुपर्‍यो । विशेषतः यो आन्दोलन पनि सम्वत् २०४६ पछि मुखारित हुँदै आएको छ । जसमा मुख्य आरक्षण थियो र छ । छन्त्यालको अधिकारको आन्दोलन पनि अन्य आदिवासी जनजातिको मूल आन्दोलनको रूपमा आएको छ । सांस्कृतिक र भाषिक आन्दोलन जारी छ । यो अन्य आदिवासी जनजातिको मूल आन्दोलनसँग अगाडि बढेको छ । माघेसङ्क्रान्तिलाई राष्ट्रिय पर्वको मान्यता दिलाउन पनि निकै सङ्घर्ष गर्नुपरेको थियो ।

छन्त्याल जातिको पहिचानको आन्दोलन विभिन्न कालखण्डमा फरक-फरक रूपमा भएको थियो, जसमा पहिचानका लागि सम्वत् २०३० दशकमा सुषुप्त अवस्था थियो । यो अस्थायी रूपमा काठमाडौं बस्ने छन्त्याल बीचमा संवाद, छलफल र बहसबाट शुरु भएको थियो । सम्वत् २०३६ सालमा सङ्घर्षको सङ्केत सतहमा देखियो । त्यसअगाडि विभिन्न गाउँमा पहिचानका निम्ति प्रयास नभएका चाहिँ होइनन् । मर्दापर्दा नजिक गाउँबस्तीका नातागोता भेट भएर छलफल गरी रीतिथिति कायम गरेको अध्ययनबाट थाहा पाउन सकिन्छ । त्यसैगरी काजकिरियामा बाहुन राख्ने कि नराख्ने भन्ने विषयमा दाजु भाइबीच विवाद र छलफल आदि भएका थिए ।[७८] तर उक्त कार्यले मूर्तरूप लिन सकेन र जातीय पहिचान खस्कँदो अवस्थामा पुग्यो । जातीय पहिचानको कठिन अवस्था, राज्यको संघसंस्था माथिको प्रतिबन्ध, प्रतिकूल ऐन, कानुनले गर्दा सामाजिक, सांस्कृतिक विकासमा अवरोध खडा भएको इतिहास साक्षी छ । तथापि, सङ्गठित भएर पहिचान र त्यसका आधार जोगाउनका लागि अर्को विकल्प यस जातिसँग थिएन ।

परिणामस्वरूप जातीय पहिचान, उत्थान र विकासको प्रमुख उद्देश्य लिएर दिलबहादुर छन्त्यालको नेतृत्वमा सम्वत् २०३६ सालमा 'छन्त्याल हित उप समिति' हुँदै सम्वत् २०४३ सालमा उहाँकै अध्यक्षतामा विधिवत् 'छन्त्याल परिवार संघ' स्थापना भै आन्दोलनको निम्ति एउटा बलियो पृष्ठभूमि तयार भयो । सम्वत् २०५२ सालको प्रथम महाधिवेशनपछि संस्थाको नाम 'नेपाल छन्त्याल संघ' बन्यो । प्रतिनिधिमूलक र साझा संस्थामा गोलबन्द भएर छन्त्याल

---

७८ बागलुङ जिल्लाको बुर्तिबाङ भेकको छन्त्याल गाउँहरूमा मृत्य संस्कार शुद्ध गर्ने क्रममा घैयाखानी डाँडामारे थरको दाजु भाइहरूबीच र लाम्मेलाखानीको घरब्जा थरका दाजु भाइहरूबीच भएको झगडा यसको ज्वलन्त उदाहरण हो । यस झगडामा दुई वटा धारहरू थिए । एक, हिन्दु धर्मअनुसार मृत्यु संस्कार गर्ने र बाहुन पुरोहितद्वारा चोख्याउने । अर्को, छन्त्यालको विधि र थितिअनुसार मृत्य संस्कार गर्ने भन्ने धार थियो ।

निरन्तर रूपमा भाषा, संस्कृति, जातीय पहिचानका निम्ति आन्दोलनमा सहभागी हुँदै आएको छ । तत्कालीन श्री ५ को सरकारलाई नेपालको आदिवासी जनजातिको सूचीकरण गर्न र आदिवासी जनजातिको समस्या हल गर्नका निम्ति कार्यदल गठन गर्न सञ्चालन गरिएको आन्दोलनमा सक्रिय भूमिका निर्वाह गऱ्यो ।

छन्त्याल जातिको नेपालमा रहेका आदिवासी जनजातिको सामूहिक पहिचान, उत्थान र विकासका निम्ति नेपाल आदिवासी जनजाति महासंघ स्थापना गर्ने काममा पनि सक्रिय सहयोग रह्यो । पछिल्लो समय २०६२/६३ को जनआन्दोलनमा पनि महासंघको झन्डामुनि रहेर छन्त्याल संघ आन्दोलनमा सक्रिय पूर्वक सहभागी भयो । संविधानसभा, राज्य पुनःसंरचना, पहिचानको आधारमा संघीय व्यवस्थाको संवैधानिक सुनिश्चिता गर्ने आन्दोलनमा छन्त्यालहरू सक्रिय सहभागी भए । यस जातिको प्रतिनिधिमूलक संस्थाले स्थापना कालदेखि नै आफ्नो पहिचान र सबै आदिवासीको हक, हितका निम्ति चलाइएको विभिन्न कार्यक्रम र आन्दोलनमा सहभागिता जनाउँदै आएको छ । त्यसैगरी, नेपालका आदिवासी जनजातिहरूको साझा संस्था नेपाल आदिवासी जनजाति महासंघको संघीय परिषद् सचिवालयमा समेत छन्त्यालको तर्फबाट उपस्थिति रहेर प्रतिनिधित्व गर्दै आएको छ । महासंघको संघीय परिषद्मा निरन्तर प्रतिनिधित्व रहँदै आएको छ । आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको सञ्चालक परिषद्मा पनि प्रतिनिधित्व रहेको छ । प्रतिष्ठानबाट प्राप्त हुने आर्थिक तथा प्राविधिक सहयोगमा विभिन्न विषयमा जनचेतनामूलक कार्यक्रमहरू, अध्ययन अनुसन्धानहरू पनि सम्पन्न भएका छन् ।

छन्त्यालको प्रतिनिधिमूलक संस्था नेपाल छन्त्याल संघले सङ्गठनात्मक विकास राम्रो गरेको छ । विभिन्न तहगत र भातृसङ्गठनको गठन गरिएको छ । विदेशहरूमा समेत सङ्गठन विस्तार भएका छन् । यसले छन्त्यालको पहिचान र अधिकारको सङ्घर्षमा महत्त्वपूर्ण योगदान गरेका छन् । व्यवस्थापकीय पक्षमा पनि बलियो रहेको देखिन्छ ।

तालिका नं. २०: छन्त्याल जातिको प्रतिनिधिमूलक संस्थाको सङ्गठनात्मक विवरण

क्र.सं.	संस्थाको नाम	तह/स्थिति
१	नेपाल छन्त्याल संघ, केन्द्रीय समिति	केन्द्रीय
२	नेपाल छन्त्याल युवा संघ	भातृसंस्था
३	नेपाल छन्त्याल महिला संघ	भातृसंस्था
४	नेपाल छन्त्याल विद्यार्थी संघ	भातृसंस्था
५	छन्त्याल अध्ययन तथा अनुसन्धान केन्द्र	भातृसंस्था
६	नेपाल छन्त्याल संघ, प्रदेश समिति, प्रदेश नं.४	प्रदेशस्तरीय
७	नेपाल छन्त्याल संघ, प्रदेश समिति, प्रदेश नं. ३	प्रदेशस्तरीय

क्र.सं.	संस्थाको नाम	तह/स्थिति
८	नेपाल छन्त्याल संघ, प्रदेश समिति, प्रदेश नं. ५	प्रदेशस्तरीय
९	नेपाल छन्त्याल संघ, जिल्ला समिति, बागलुङ	जिल्लास्तरीय
१०	नेपाल छन्त्याल संघ, जिल्ला समिति, म्याग्दी	जिल्लास्तरीय
११	नेपाल छन्त्याल संघ, जिल्ला समिति, कास्की	जिल्लास्तरीय
१२	नेपाल छन्त्याल संघ, जिल्ला समिति, रूपन्देही	जिल्लास्तरीय
१३	नेपाल छन्त्याल संघ, जिल्ला समिति, दाङ	जिल्लास्तरीय
१४	नेपाल छन्त्याल संघ, जिल्ला समिति, गुल्मी	जिल्लास्तरीय
१५	नगरपालिका/गाउँपालिका समितिहरू	स्थानीय तहस्तरीय
१६	प्रारम्भिक समितिहरू	गाउँस्तरीय
१७	छन्त्याल संघ, बेलायत	विदेशस्तरीय
१८	छन्त्याल संघ, हङकङ	विदेशस्तरीय
१९	छन्त्याल संघ, अमेरिका	विदेशस्तरीय
२०	छन्त्याल संघ, अष्ट्रेलिया	विदेशस्तरीय
२१	छन्त्याल संघ, दक्षिण कोरिया	विदेशस्तरीय
२२	छन्त्याल संघ, जापान	विदेशस्तरीय

(स्रोतः नेपाल छन्त्याल संघको छैठौं राष्ट्रिय महाधिवेशन विशेष स्मारिका-२०७३ मा आधारित)

उल्लिखित भातृसंस्था तथा मातहत समितिहरूमार्फत आफ्नो भाषा, धर्म, संस्कार संस्कृति र पहिचान जोगाउन सक्रिय रहेको देखिन्छ । संस्था आफै र अन्य संघसंस्थाको सहयोगमा सचेतना कार्यक्रम सञ्चालन गर्दै आएको छ । यसले गर्दा हाल सबै ठाउँका छन्त्यालले आफ्नो जाति लुकाउनुपर्ने वा हीनताबोध गर्ने अवस्था छैन । गौरवका साथ आफ्नो जातीय पहिचानसहित जीवन अस्तित्वबोध गर्ने वातावरण बनेको छ ।

९.२.६. बहिष्करण र समावेशिताको अवस्था

छन्त्यालले पनि विगतदेखि नै राज्यका विभिन्न अङ्ग र निकायबाट निरन्तर बहिष्करणको चर्को पीडा भोगिरहेका छन् । एकातिर विभेदपूर्ण नीति, नातावाद, कृपावाद र भाग्यवादको परम्परा । अर्कोतिर समुदायमा राजनैतिक र प्रशासनिक चेतनाको कमी, थोरै जनसङ्ख्या र लोपोन्मुख अवस्था आदि कारणले राज्यबाट बहिष्करणको शिकार भएको देखिन्छ । बहुदलीय प्रजातन्त्रको उदयपछि पनि सरकारी निकाय तथा निर्णय प्रक्रियामा समावेश हुन सकेन र गरिएन पनि ।

केवल उत्पीडन र अन्याय तथा बहिष्करणमा बाँच्नुको अर्को विकल्प रहेन । वर्तमान अवस्थामा पनि तल्लो स्तरका सरकारी तथा गैर सरकारी संस्था, दातृ संस्थाका कार्यक्रमलगायत सामुदायिक वन, विद्यालय व्यवस्थापन समिति आदिमा समेत अन्य जाति बराबर समान सहभागिता हुन सकेको पाइँदैन । अपवादमा छन्त्यालका बाहुल्यता भएको गाउँ वा स्थानमा भने सहभागिता रहेको छ । बहिष्करणले गर्दा छन्त्याललाई प्रत्यक्ष सरोकार राख्ने विषयमा निर्णय गर्दा निर्णायक भूमिका खेल्न सक्ने अवस्था छैन ।

सहरी क्षेत्रमा बसोबास गर्ने छन्त्याल सहकारीमा सम्वत् २०५० को दशक पछि थोरै मात्रामा भए पनि सङ्लग्न भएर काम गरिरहेको देखिन्छ । वन्यजन्तु संरक्षण, आरक्ष केन्द्र, राष्ट्रिय निकुञ्ज, संरक्षित क्षेत्र आदिको कारणले समेत बहिष्करणमा परेका छन् । यसले गर्दा उनीहरू आफूहरूको जीवन निर्वाहमा प्रभाव पार्ने कुराको समेत जानकारी प्राप्त गर्न सकेका छैनन् ।

नेपालका ग्रामीण क्षेत्रमा बसोबास गर्ने सबै बासिन्दाझैँ विगतको १२ वर्षे सशस्त्र द्वन्द्वको समयमा राज्य तथा विद्रोही दुवै पक्षबाट छन्त्याल जातिले पनि अनेक प्रकारका ज्यादती, दुःख र कष्ट व्यहोर्नु पर्‍यो । विद्रोही पक्षबाट भन्दा राज्य पक्षबाट बढी क्षति बेहोर्नु परेको तथ्याङ्क देखिन्छ । द्वन्द्वको समयमा निर्दोष चारजना छन्त्यालले राज्य पक्षबाट मृत्युवरण गरेको तथ्य छ । द्वन्द्वको समयमा गाउँबस्तीमा गस्ती गर्दा वा बजारमा किनमेलका निम्ति जाँदा र सामान्य हिँडडुल गर्दा समेत शारीरिक यातना दिने र मानसिक त्रास फैलाउने काम नेपाली सेनाबाट प्रशस्त भएको थियो । पच्चीसभन्दा बढी छन्त्यालले सेनाको ब्यारेकमा नारकीय जीवन व्यतित गर्दै मृत्युको दोसाँधमा पुगेर बाँचेका थिए ।

विद्रोही पक्षबाट मृत्युवरण नगरे पनि ज्यादती भने कम थिएन । ठाडो आदेश, जबर्जस्ती चन्दा असुली, अपहरण, शारीरिक तथा मानसिक यातना, विस्थापन, त्रास आदिको बीचमा यो समुदाय बाँच्न बाध्य भएको अवस्था थियो । विद्रोही पक्षबाट एक घर जलेको र करिब १२ व्यक्ति विस्थापित हुनुपरेको तथ्याङ्क छ । दुवै पक्षबाट एउटा नागरिक स्वतन्त्र रूपले बाँच्न पाउने न्यूनतम अधिकारबाट समेत वञ्चित बनाइएको अवस्था थियो । मानवअधिकार, विधि र कानुनको उल्लङ्घन दुवै पक्षबाट समान र भिन्न-भिन्न रूपमा भएको तितो अनुभव छन्त्याल समुदायमा छ ।

९.२.७. स्वायत्तताको चाहना

लामो समय राज्यको स्वरूप केन्द्रीकृत शासन प्रणालीमा रह्यो । एकल जाति, भाषा, संस्कृति र धर्ममा आधारित थियो/छ । अहिले पनि धर्मनिरपेक्ष लेखिए पनि सोच, चिन्तन र व्यवहार हिन्दु धर्मसापेक्ष नै छ । राज्यको विभिन्न अवयवलाई संरक्षण गर्नका निम्ति मनुस्मृतिमा आधारित नीति, नियम, ऐन र कानुनहरू बनाइएका छन् । यस्तो अवस्थामा राज्यको विभेद र आफ्नो आन्तरिक कमजोरी कारणले भाषिक, सांस्कृतिक, सामाजिक र जातीय पहिचान

गुमाउनुपरेको पीडा छन्त्याल समुदायमा छ। जातिको समग्र उत्थान र विकास तथा आफूसँग प्रत्यक्ष सम्बन्ध राख्ने विषयवस्तुमाथि छलफल र बहस गर्ने अवसरको कमी थियो र छ। राज्य सरकारको विभेद तथा अन्याय, शोषणबारे छन्त्याल आफैले बोल्न नसकेर त राज्यले जति भन्यो त्यति चर्को भेजा तिरे। तिर्न नसक्ने छन्त्याले भागेर पहिचान लुकाएर बाँच्न बाध्य भए। यसले गर्दा जातीय पहिचान गुमाउनु, बसाइँसराइ गर्नु, विपन्न अवस्थामा जीवन निर्वाह गर्नु, भाषा गुमाउनु र संस्कार नजोगाउनु जातीय पहिचान गुमाउनु परेको हो।

दशवर्षे माओवादी सशस्त्र द्वन्द्व, २०६२/६३ को जनआन्दोलन, आदिवासी जनजाति आन्दोलन, मधेस विद्रोह, दलित आन्दोलन, महिला आन्दोलनलगायत सीमान्तकृत जनताको आन्दोलनको जगमा संविधान सभाको निर्वाचन भयो। राज्य पुनःसंरचना सहितको संघीयता, समानुपातिक समावेशिता, गणतन्त्र, धर्मनिरपेक्षतालाई संस्थागत गर्ने सङ्कल्प गरियो। राज्यको वर्गीय, जातीय, भाषिक, क्षेत्रीय, लिङ्गीय विभेदको अन्त्य गर्दै राज्यको अग्रगामी पुनःसंरचना गरिने साझा सहमति बन्यो। यसले सबै जाति, भाषा, क्षेत्र, लिङ्ग, समुदायका जनतामाथि भएको संरचनागत विभेदको अन्त्य गर्ने अपेक्षा गरियो। छन्त्याल जातिले पनि थोरै सङ्ख्यामा रहेका जाति समुदायका लागि कुनै न कुनै राजनैतिक रूपान्तरण हुनेमा आशावादी बने। राजनीतिक प्रक्रियासँगै जातिको भाषा, संस्कृति र धर्म, संस्कारको संरक्षण र सम्वर्द्धनमा ध्यान केन्द्रित गर्दै रहे। राजनैतिक रुपले विस्तारै समुदाय जागरुक हुन र शक्ति प्राप्त गर्नका लागि तुलनात्मक रूपमा सक्रिय भइ नै रह्यो। तर पहिलो संविधान सभाले संविधान नै नबनाएर भङ्ग भयो। त्यसले छन्त्यालको स्वायत्तताको चाहनामाथि तुषारापात गऱ्यो किनकी पहिलो संविधान सभामा सदीऔँदेखि बहिष्करणमा परेका वर्ग, जाति, क्षेत्रका जनताको मुद्दाबारे प्राथमिकतापूर्वक बहस भइरहेको थियो।

पहिचान, भाषा, संस्कृति र जातिको उत्थान र विकास गर्न, राजनैतिक अधिकार प्राप्त गर्न; परम्परागत राजनैतिक प्रणालीको अभ्यास गर्न, राज्य संरचना र शासन व्यवस्था आफैँले निर्णय गर्न पाउनुपर्छ भन्ने छन्त्यालले चाहना राखेका थिए। आफूले गरिदिएर अर्कालाई र अर्काले गरिदिएर आफूलाई कहिल्यै पूर्ण र स्थायी हुँदैन। त्यसैले, रामबहादुर छन्त्याल भन्छन्, हाम्रा निम्ति अरु कसैले गरिदिँदैनन् र गरिदिएमा पनि लङ्गडो हुन्छ। अधिकार अर्काले निर्धारण गरिदिएर अथवा अरुको आडभरोसा र छत्रछायाँमा बसेर पाइँदैन। जातिको भाषा, संस्कृति, संस्कारको उत्थान र विकास तथा जातीय पहिचान निर्माण हुन पनि सक्दैन। त्यसैले हामीले के-कस्तो शासन व्यवस्था, कानुन, नेता चाहिन्छ, अरुले तोकिदिने होइन हामी आफैले निर्णय गरेर छनौट गर्न पाउनुपर्छ। त्यसकारण, छन्त्याललाई पहिचान सहितको स्वायत्त क्षेत्र हुनुपर्छ। इतिहासको कालखण्डदेखि नै यस जातिले तामा, फलाम, सिसाखानी खनेर यो देशको अर्थतन्त्रलाई जोगाएको थियो, फेरि हाम्रो छुट्टै भाषा, संस्कृति, धर्म, संस्कार र पहिचान छ।[७९]

७९ सम्वत् २०६५ साउन १ गते रामबहादुर छन्त्यालसँग बागलुङ बजारमा गरिएको कुराकानीमा आधारित।

रामबहादुर छन्त्यालको भनाइमा सहमति जनाउँदै नन्दबहादुर घरब्जा छन्त्याल भन्छन्, अर्काले दिएर वा उसको खुट्टामा उभिएर कदाचित हाम्रो विकास हुँदैन । त्यसैले हामी अधिकारसम्पन्न बन्न स्वायत्तता नै चाहिन्छ । नत्रभने पहिलेजस्तै जात लुकाएर, दबिएर बस्नुपर्छ ।[८०] मनिचन घरब्जा छन्त्याल भन्छन्, हामी आफ्नो जाति, भाषा, संस्कृति, परम्पराको विकास गर्न अझै पूर्ण अधिकार सम्पन्न हुनुपर्छ । पूर्ण अधिकार भएमा राजनीतिलगायत राज्यको सबै निकायमा जान सकिन्छ । अन्यथा अरुले गरिदिने कुरा उधारो जस्तो हो ।[८१]

उल्लिखित व्यक्तिको विचारलाई अन्य बूढापाका र जानिफकारहरूले पनि स्वीकार गर्छन् । छन्त्यालहरूको चाहना जातीय पहिचान, भाषा, संस्कृति, धर्म, संस्कार, परम्परा जोगाउने तथा राज्यका सबै निकायमा पहुँच पुऱ्याउने हो । सोको लागि नेपालको संविधानको धारा ५६(५) र स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ९९, १०० र १०१ बमोजिम छन्त्याललाई स्वायत्त क्षेत्र सुनिश्चित गरिनुपर्दछ । आदिवासीको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धि नं. १६९ ले प्रदान गरेको भूमिमाथिको अधिकार र आदिवासी अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रले प्रत्याभूत गरेको आत्मनिर्णयको अधिकार सहितको स्वात्तता प्रत्याभूत गरिनुपर्छ । प्रदेशअन्तर्गत स्वायत्त क्षेत्रको व्यवस्था हुनुपर्छ । यसले थोरै सङ्ख्यामा रहेका जाति, समुदायलाई राज्यप्रति विश्वास, अपनत्व, स्वामित्वको अनुभूति दिलाउँछ । छन्त्यालको पहिचान, भाषा, संस्कृति फूलाउने अरुको सुकाउने होइन । सबै जात/जातिको पहिचान, भाषा, संस्कृतिलाई फूलाउने र फैलाउने राज्यसंरचना र नीति हुनुपर्छ । छन्त्याल जातिको मूलथलो, जनसङ्ख्याको सघनता र पुर्ख्यौली भूमिका आधारमा स्वायत्त क्षेत्र स्थापना गर्न सकिने कानुनी व्यवस्थालाई सम्बन्धित राज्य सरकारले इमान्दारितापूर्वक कार्यान्वय गर्न मात्रै सकेको खण्डमा छन्त्यालको पहिचान, पुर्ख्यौली भूमिसँगको सम्बन्ध, प्रथाजनित कानुनको अभ्यास पुनःजीवित भएर आउने र स्वशासनको अनुभूति हुन सक्छ । गोबिन्द डाँडामारे छन्त्याल लेख्छन्, छन्त्याल आदिवासी जनजातिको राजनीतिक अधिकार र राज्य सञ्चालनमा प्रतिनिधित्व, आर्थिक, सामाजिक, सांस्कृतिक, भाषिक, धार्मिक विकास, संरक्षण, सम्बर्द्धन, शैक्षिक उन्नति र प्रगतिलगायत समग्र विकासका लागि पनि पहिचान र अधिकारसहितको स्वशासन जुन 'स्वायत्त क्षेत्र' अपरिहार्य छ । संसारका कुनै पनि आदिवासी जनजातिको पहिचान र अधिकार सुनिश्चित हुने उत्तम विकल्प भनेको नै आफ्नो ऐतिहासिक भूमिमा स्वतन्त्रपूर्वकको कुनै न कुनै मोडेलको स्वायत्तता वा स्वशासन नै हो ।[८२]

---

८० सम्वत् २०६५ साउन ३ गते नन्दबहादुर घरब्जा छन्त्यालसँग बेनीबजारमा गरिएको कुराकानीमा आधारित ।

८१ सम्वत् २०६५ असार २५ गते मनिचन घरब्जा छन्त्यालसँग सामाखुशीस्थित उहाँका तत्कालिन घरमा गरिएको कुराकानीमा आधारित ।

८२ विस्तृत अध्ययनका लागि नेपाल छन्त्याल संघको स्मारिका-२०७३ मा प्रकाशित गोबिन्द डाँडामारे छन्त्यालको 'नेपालमा विशेष, स्वायत्त, र संरक्षित क्षेत्रको बहसः छन्त्याल स्वायत्त क्षेत्रको सन्दर्भ' लेख हेर्नुहोस् ।

अध्यायः दश

शिक्षा, स्वास्थ्य, सहभागिता र परामर्श

१०.१. शिक्षाको अवस्था

परम्परागत बुझाइमा छन्त्याल जातिमा शिक्षा भन्नाले आफूसँग भएको परम्परागत सीप, ज्ञान, गुण र प्रविधि नयाँ पुस्ता छोरा छोरी, नाति, नातिनी आदिलाई मौखिक भनेर तथा व्यवहारिक अभ्यास गरेर सिकाउनुलाई बुझाउँथ्यो । सिक्नुलाई सामान्य भाषामा ज्ञानगुण लिने दिने भनिथ्यो। छन्त्यालमा परम्परागत शैक्षिक संस्था थिएन। त्यसैले सिकाउने प्रक्रियाको माध्यम समुदाय, परिवार, अभिभावक र अग्रज व्यक्ति हुन्थे । परम्परागत ज्ञान वा शिक्षा भन्नाले पेसासँग सम्बन्धित हुन्थे । हलो बनाउनुपर्‍यो भने कस्तो खालको काठ चाहिन्छ ? कसरी काट्ने ? आवश्यक प्वाल कसरी बनाउने ? कसरी समग्र हलो हुन्छ ? भन्ने कुरा भन्ने ? गरेर देखाउने, गर्न प्रेरित गर्ने र आवश्यकताअनुसार सिकाउने कार्य ज्ञान र शिक्षा प्रदानका विधि र तरिका थिए। विगतमा उनीहरूको ज्ञान र शिक्षा खानी खन्ने, आवश्यक सामग्री बनाउने, धाउ पगाल्ने आदि थिए। पशुपालन र कृषि गर्न थालेपछि सोही अनुसारको ज्ञान र सीपको विकास भयो। नयाँपुस्ताले अभिभावक र अग्रजबाट नै यस्ता ज्ञान र सीप आर्जन गर्नुपर्थ्यो। भाषाको लेख्य सङ्केत वा लिपि थिएन र लेख्ने चलन भएन।

छन्त्यालको परम्पराअनुसार अनौचापरिक रूपमा समाज, परिवार, अभिभावक र अग्रज व्यक्ति नै ज्ञान र शिक्षा आर्जन गर्ने स्रोत र माध्यम थिए। केही छन्त्याल राणाकालीन समयमा विभिन्न माध्यमबाट शिक्षा लिने गरेको भनाइ पनि छ । यस्ता शिक्षा बढी जसो धर्मसँग सम्बन्धित हुन्थे। त्यतिबेलाको शिक्षाको अवस्थाबारे मनिचन घरब्जा छन्त्याल भन्छन्, हामी साना हुँदा गाउँघरमा स्कुल, विद्यालय केही थिएन । नेपाल (काठमाडौं) आएका र अन्य स्थानमा गएर जान्ने (लेख्न र पढ्न सक्ने) व्यक्तिको घरमा बसेर कखरा र बाह्रखरी पढ्न र लेख्न सिकेर आउँथे। कापी र कलम थिएन। बाँस वा चोयाँ (निङ्गाला) र कुखुरा वा चराको प्वाँखको कलम तथा अँगार, तितेपातीको रसको मसी बनाएर लेख्ने गर्थे। उतिबेलाको शिक्षा भनेको कखरा र बाह्रखरी छिचोल्ने (चिन्न र लेख्न सक्ने), जोड, घटाउ, गुणा गर्न सक्ने, चिठी तमसुक लेख्न र पढ्न सक्ने तथा ग्रहदशा र पात्रो हेर्न जान्ने भए पुग्थ्यो। हाम्रा बाजे र बाले अलि-अलि पढने लेख्ने सिकेका थिए। उनीहरूबाट हामीले पनि सिक्यौं। शिक्षा आर्जन गर्न दुःख थियो।[८३] छन्त्यालको भनाइले सम्वत् २००० को दशकको शिक्षा आर्जनको अवस्थाको चित्रण गरेको छ।

नेपालको औपचारिक शिक्षाको इतिहास नै राणाकालमा शुरु भयो। राणा प्रधानमन्त्री श्री

---

८३ सम्वत् २०७४ माघ १० गते काठमाडौंमा गरिएको कुराकानीमा आधारित।

३ जंगबाहदुर राणाले सम्वत् १९१० मा उच्च वर्गलाई लक्षित गरी दरबार हाइस्कुल स्थापना गरेका थिए। त्यसपछि सन् १८७५ मा दिङ्लामा संस्कृत विद्यालय खुल्यो। राणा प्रधानमन्त्री देव शमशेर राणाको पालामा विद्यालय अलि बढी स्थापना भए। त्यतिबेलाका शिक्षा धार्मिक संस्थामा धर्ममा आधारित भएर दिने चलन बढी थियो। अर्कातिर अङ्ग्रेजी शिक्षाको पनि प्रभाव थियो। नेपालको शिक्षा योजना आयोगको प्रतिवेदनअनुसार त्यसबेला नेपालमा संस्कृत शिक्षाको अवेशष, बौद्ध विहार, ब्रिटिस शिक्षा, नेपाली भाषामा आधारित भाषा पाठशाला पाइन्थ्यो। राष्ट्रिय शिक्षा योजना प्रणालीको अभावमा नेपालका केही मानिस शिक्षाका लागि उत्तर (बुद्ध विहार) र केहीले दक्षिणतिर (ब्रिटिस वा अङ्ग्रेजी शिक्षा) हेरेका छन् (नेपालको शिक्षा योजना आयोगको प्रतिवेदन १९५६:२०)। सम्वत् २००७ सालपछि यही अभाव उत्तर र दक्षिणतिरको शिक्षालाई कम गर्नका लागि पनि शिक्षाको विस्तार शुरु भएको थियो। सम्वत् २००७ पछि नेपालसहित छन्त्याल गाउँमा पनि शिक्षाको विस्तार भयो र विद्यालय स्थापना हुन थाले। यसै समयमा विभिन्न छन्त्याल गाउँमा औपचारिक शिक्षा आरम्भ भएको थियो। सम्वत् २०१० मा म्याग्दी मल्कबाङ, सम्वत् २०१५ सालमा गुर्जा खानीमा[८४] कक्षा सञ्चालन, सम्वत् २०१७ साल बागलुङको घोसाखानीमा, सम्वत् २०२१ मा लाम्मेलाखनीमा विद्यालय स्थापना हुनु यसका उदाहरण हुन्।

छन्त्यालहरू विभिन्न परिस्थिति, अवस्था र कारणले शिक्षाको गोरेटोमा लागेका थिए र छन्। यसै प्रसङ्गलाई साभार गर्दै यामबहादुर पुन लेख्छन्, स्थानीय जानकारहरूका अनुसार जिल्ला प्रशासनमा होस् वा अन्य कुनै प्रशासनिक काममा, उनीहरू जस्ता जङ्गलमा घाँस दाउरा गर्ने सोझा जनतालाई नपढेको हुनाले जे नियम बताइदिए पनि भयो। त्यसपछि उक्त नियम, कानुन जान्नका लीग शिक्षा महत्त्वपूर्ण रहेछ भन्ने चेतना जाग्यो। यसरी आफ्नै जीवनमा शिक्षाको अभाव र यसको व्यवहारिक महत्त्वको महसुस गरी बालबालिकालाई आँखा देखाउनका लागि विद्यालय पठाएको पाइयो। अनपढ श्रमिकले भन्दा पढेका र सीप भएकाहरूले विदेशमा राम्रो कमाएको देखेर पनि उनीहरूले बालबालिकालाई पढाउनमा जोड दिएको पाइन्छ (पुन, २०१०:२९२-९३)। यसरी पुनले छन्त्यालको शिक्षाप्रति आकर्षित गर्ने पक्षलाई केलाएका छन्।

छन्त्यालको साक्षरताको स्थिति केही राम्रो रहेको छ। यद्यपि, उनीहरूको बसोबास दुगर्म र विकट भूगोलमा रहेको छ। यसको पछाडि दुर्गम र विकट भूगोल भए पनि प्राथमिक तहको विद्यालय स्थापना, विभिन्न सरकारी तथा गैर सरकारी निकायबाट सञ्चालन गरिएका अनौपचारिक शिक्षा, छन्त्यालमा आएको शिक्षाप्रतिको सचेतना, व्यक्तिको चाहना एवम् जागरुकताले प्रमुख भूमिका खेलेका छन्। जनगणना २०६८ को आँकडाअनुसार नेपालको

---

८४ विस्तृत जानकारीका लागि *स्टडिज इन नेपाली हिस्ट्री एण्ड सोसाइटी* १५(२):३८१-४०३ मा यामबहादुर पुनद्वारा लिखित 'शिक्षामा छन्त्याल समुदायको सहभागिता शीर्षकको लेख हेर्नुहोस्।

साक्षरता ६५.९ प्रतिशत छ । छन्त्यालको साक्षरता ७२.६३ प्रतिशत रहेको छ । नेपालको महिला र पुरुषको समग्र साक्षरता प्रतिशतभन्दा छन्त्यालको साक्षरता प्रतिशत बढी रहेको छ। साक्षरता र शैक्षिक अवस्थालाई निम्नानुसार प्रस्तुत गरिएको छ।

तालिका नं. २१: छन्त्यालको साक्षरता तथा शैक्षिक अवस्था

लिङ्ग	साक्षर सङ्ख्या	प्रतिशत	निरक्षर सङ्ख्या	प्रतिशत	जम्मा	नेपालको साक्षरता दर	प्राथमिक	माध्यामिक	स्नातक भन्दा माथि
पुरुष	३८३९	८२.८१	७९७	१७.१९	४६३६	७५.१			
महिला	३८९६	६४.७८	२११८	३५.२२	६०१६	५७.४	६६.९३%	३१.६७%	१.४%
दुवै	७७३५	७२.६३	२९१५	२७.३७	१०६५०	६५.९			

(स्रोतः केतवि, नेपालको जनसङ्ख्यासम्बन्धी मनोग्राफ भाग २ सन् २०१४ र राष्ट्रिय जनसङ्ख्या र घरधुरी जनगणना २०११ मा आधारित)

तत्कालीन शैक्षिक स्थिति भने प्राथमिक तहमा (कक्षा १ देखि ८ सम्म) ६६.९३ प्रतिशत, माध्यमिक तहमा कक्षा ८ देखि १२ सम्म) ३१.६७ प्रतिशत र उच्च शिक्षा (स्नातक तह वा सो भन्दा माथि) १.४ प्रतिशत रहेको छ। छन्त्यालमा प्राथमिक तहमा भर्ना हुने सङ्ख्या धेरै भए पनि माथिल्लो तहमा अध्ययन गर्ने सङ्ख्या वा प्रतिशत कम हुँदै गएको अवस्था छ। यसो हुनुको प्रमुख कारणमा छन्त्यालको आर्थिक विपन्नता, विद्यायल, विश्वविद्यायलमा पहुँचको कमी, माध्यमिक शिक्षा अध्ययन गरेपछि वैदेशिक राजगोरमा जाने चलन, अध्ययन पछिको बेरोजगारीको अवस्था, अध्ययनमा असफलता र विद्यार्थीको पारिवारिक एवम् व्यक्तिगत समस्या आदि हुन् ।

छन्त्यालको परिवारको आकार ४.६ जना रहेको छ । त्यसैगरी, जनसङ्ख्या बृद्धिदर १.८५ हो जुन नेपालको जनसङ्ख्या बृद्धिदर भन्दा धेरै हो । लैङ्गिक अनुपात १०० जना महिलामा ८० जना पुरुष रहेको छ । चर्पीको सुविधा प्रयोग गर्ने घरधुरी ७५.२० प्रतिशत, मोबाइल फोन भएको घरधुरी ५९ प्रतिशत, बत्तीका लागि बिजुली प्रयोग गर्ने घरधुरी ७६.१० प्रतिशत, धारा वा पाइपको पानी प्रयोग गर्ने घरधुरी ८९.८ प्रतिशत, विवाहित जनसङ्ख्या ६०.१ प्रतिशत र औषत विवाहको उमेर २०.९ वर्ष रहेको छ।

तालिका नं. २२: छन्त्यालको समग्र अवस्था

परिवारको आकार	जनसङ्ख्या बृद्धि दर	लैङ्गिक अनुपात	चर्पीको सुविधा	मोबाइल फोन	विद्युत सेवा	सफा पानी प्रयोग	विवाहित जनसङ्ख्या	औसत विवाह उमेर वर्ष
४.६	१.८५	८०	७५.२०%	५९%	७६.१०%	८९.८०%	६०.१०%	२०.९
४.८८	१.३५	९४.२	६८.१३%	६४.६३%	६७.२६%	–	६०.९%	२१

(स्रोतः केतवि, नेपालको जनसङ्ख्यासम्बन्धी मनोग्राफ भाग २ सन् २०१४ मा आधारित)

छन्त्यालको स्थिति नेपालको माथि उल्लेखित समग्र स्थिति भन्दा अत्यन्त धेरै फरक छैन। थोरै मात्र तलमाथि भएको देखिन्छ।

१०.२. परम्परागत शैक्षिक प्रणालीको अवस्था

आदिवासी जनजातिको जीवनको हरेक पक्षमा हिन्दु धर्म, संस्कृति र नेपाली भाषाको प्रभाव एक छत्र छ। यस्तो अवस्थामा जातीय स्तम्भहरू मक्किनु र भत्किनुमा अनौठो कुरा भएन। राज्यको आडमा हिन्दु आर्यहरूद्वारा स्थापित संरचना र प्रणालीले छन्त्यालको परम्परागत संरचना र प्रणालीलाई ध्वष्त बनाएको थियो र छ। परम्परागत रूपमा प्रचलनमा रहेका शैक्षिक प्रणाली र संस्था लोप भएका छन्। यस सन्दर्भमा यो जातिका बूढापाकाहरू आफूहरूमा परम्परागत शिक्षा प्रणाली र व्यवस्था थिएन भन्नेमा सहमत छैनन्।

उनीहरूका अनुसार सुँघेर, रङ हेरेर, स्वाद लिएर तामा, सिसा, फलामखानी पत्ता लगाउने, पहरा काट्ने, धनुवाण बनाउने र सिकार खेल्ने, जडीबुटीको औषधी बनाउने ज्ञान, सीप पुर्खासँग थियो। ज्ञान, सीप नयाँ पुस्तालाई हस्तान्तरण गर्ने प्रक्रिया र प्रणाली वर्तमानको जस्तो संस्थागत भने थिएन। मनिचन घरब्जा छन्त्यालका अनुसार हाम्रा पुर्खाले उनीहरूसँग भएका ज्ञान, सीप (तन्त्रमन्त्र आदि) मौखिक रूपमा नयाँ पुस्तालाई भन्ने र सानैदेखि अभ्यास गराउने तथा समय-समयमा एक ठाउँमा भेला गराइ सिकाउने गर्थे। तन्त्रमन्त्र, गुणका कुरा चाहना राख्ने व्यक्तिलाई मात्र सिकाउने चलन थियो। त्यसबेलामा त्यस्तो लेख्ने चलन थिएन। तर मेरा बाजे, बाका पालामा केही चीज लिखित रूपमा आएको थियो। पहिले नयाँ कुरा सिक्न खासगरी जानेको व्यक्तिसँग काम गर्नुपर्थ्यो।[८५] यसबाट परम्परागत शिक्षा प्रणाली लिखित र सैद्धान्तिक भन्दा व्यावहारिक र अभ्यासबाट सिक्ने किसिमको थियो भन्ने पुष्टि हुन्छ।

यस्तो व्यावहारिक ज्ञान र सीप महिला पुरुष दुवैलाई बाल्यकालदेखि नै सिकाउने चलन थियो। जसले प्रौढ अवस्थामा जिम्मेवारी कुशलतापूर्वक बहन गर्नसक्ने एक परिपक्व व्यक्ति निर्माण हुन्थ्यो। कुनै पनि व्यक्ति १३/१४ वर्षको उमेरदेखि नै खानी खन्ने काममा सहभागी हुने र सिकार खेल्ने काममा परिपक्व बन्दै जान्थ्यो। तर हिन्दु आर्यहरूको आगमन र उनीहरूको राज्यमाथिको नियन्त्रण तथा आफू अनुकूलको शिक्षा नीतिले उल्लिखित ज्ञान, सीप र दक्षतालाई सदुपयोग गर्ने र वैज्ञानिक ढङ्गले व्यवस्था गरी संरक्षण गर्न आवश्यक ठानेनन्। परिणामस्वरूप यस जातिको परम्परागत शैक्षिक प्रणाली लोप भएर गएको पाइन्छ।

व्यवहारिक ज्ञान अभ्यासबाट सिक्ने प्रणालीलाई सैद्धान्तिक रूपमा पुनःस्थापित गर्न सकिने सम्भावना छ। तर व्यवहारमा जटिल अवश्य छ। राज्यको नीति, वर्तमान शिक्षण विधि, संरचना र सोबाट दिक्षित जनशक्तिले सैद्धान्तिक पक्षलाई अभ्यासमा ल्याउन कठिन छ। त्यसैले परम्परागत शिक्षा लिने दिने छन्त्यालको प्रणाली लोप भयो र पुनःनिर्माण वा पुनःजीवित हुने सम्भावना क्षीण भएको छ।

---

८५ सम्वत् २०६५ असार २७ गते गरिएको कुराकानीमा आधारित।

१०.३ परम्रागत स्वास्थ्य उपचार पद्धति

स्वास्थ्यले व्यक्तिमा कुनै शारीरिक र मानसिक समस्या नभएको गुण वा अवस्थालाई बुझाउँछ। त्यसैले मानिसमा शारीरिक र मानसिक समस्या छ भने अस्वथ्य हुन्छ। अस्वस्थ्य अवस्थाको व्यक्तिलाई स्वस्थ्य बनाउनको निम्ति विभिन्न किसिमका उपाचर गर्नुपर्छ। ती उपचारका पद्धति, औषधी र आधारहरू विभिन्न समयको कालखण्डमा फरक-फरक हुन्छन्। छन्त्याललले पनि कुनै व्यक्ति बिरामी वा अस्वस्थ्य भएमा आफ्नै तरिकाले उपचार गरेका थिए। जुन उनीहरूको ज्ञान, सीप, प्रविधि र अध्यासमा आधारित थियो।

छन्त्यालको परम्रागत स्वास्थ्य उपचार पद्धति दुई किसिमको छ। पहिलो, भूगोल, वातावरण र उपलब्ध स्रोतसाधनको आधारमा जडीबुटीको औषधी बनाएर खाने र खुवाउने पद्धति हो। जुन पद्धति जडीबुटीबाट बनाएको औषधी निकै लामो समयसम्म व्यवहारिक रूपमा जाँच, प्रयोग र परीक्षणबाट प्राप्त नतिजामा आधारित थियो। यो उपचार पद्धति जति सजिलो र भरपर्दो थियो। त्यति नै जोखिमयुक्त पनि थियो। किनकी जाँच र परीक्षणको क्रममा अप्रिय घट्ना पनि हुन सक्थ्यो। दोस्रो, धार्मिक विश्वास र परम्परागत (सामाजिक र सांस्कृतिक) मुल्य, मान्यता, आस्था एवम् विश्वासको आधारमा गरिने धामीझाँक्री र झारफुक हो। यी दुवै उपचार पद्धति अभ्यासमा थियो। कतिपय अवस्थामा पुर्खाले यी दुवै पद्धतिलाई सँगसँगै प्रयोगमा ल्याएका थिए।

१०.३.१. जडीबुटीबाट गरिने उपचार

जडीबुटी, बोटबिरुवा र जीव आदिबाट परम्परागत ज्ञान, सीप र प्रविधिको आधारमा बनाइएको औषधी प्रयोगबाट गरिने उपचार जडीबुटी उपचार पद्धति हो। यस पद्धतिमा औषधी सेवन, मालिस, तातोपानी वा अन्य चीजले सेक्ने आदि पर्छन्। यस उपचारमा वनजङ्गलमा पाइने विविध जडीबुटी, बोटविरुवा र जीवलाई मिसाएर बनाइएको झोल बढी उपयोग हुन्छ।

छन्त्यालको मूल थातथलो नजिक प्रशस्त प्राकृतिक स्रोत रहेका छन्। ती स्रोतमध्ये पूर्वजले जैविक वस्तुको उपयोग र प्रयोगबारेमा धेरै नै ज्ञान हासिल गरेका थिए र छन्। जुन उनीहरूको आन्तरिक सम्पत्ति र सम्पदा थियो र हो। इतिहासको कालखण्डदेखि जङ्गल, जमिन, जलसँग पुस्तौँपुस्ता जीवन व्यतित गरेको समुदाय र व्यक्तिसँग ज्ञान र सीप हुनु अनौठो विषय पनि भएन। ती ज्ञान र सीप प्रयोग, जाँच, परीक्षण र अनुभवमा आधारित आदिवासीय थिए। जडीबुटी, जीव र रूखका बोक्रा, पात आदिको मिसावट (मिश्रण)बाट औषधी बनाउन सिकेका थिए। देउप्रसाद घरब्जा छन्त्यालका अनुसार हाम्रा बाजे जिजुले यही जङ्गलमा पाइने झारपात र जडीबुटीबाट औषधी बनाएर विभिन्न खालका रोगको उपचार गरी निको बनाएका थिए। औषधी बनाउन प्रयोग र परीक्षण गरेको थिए। पुर्खाको पालामा मेडिकल, अस्पताल र डाक्टर स्वाथ्यकर्मी थिएनन्। उनीहरूको ज्ञान र सीप जो सिक्न र जान्न चाहान्छ, उनीहरूलाई

दिएका थिए । लेख्ने चलन नभएकोले मौखिक रूपमा सिकाउने गर्थे ।[८६] अन्य उपाचार विधि थिएन । यो उपचार पद्धति आधुनिक औषधी र उपचार विधि नहुँदासम्म निर्विकल्प थियो । सामान्य घाउ, खटिरा र चोटपटक लागेमा प्रायः सबै छन्त्यालले स्थानीय स्तरमा पाइने झारपात र जडीबुटी लगाउने गर्थे । आफूलाई थाहा भएन भने आषधी बनाउन जानेको व्यक्तिसँग उपचार गराउन जान्थे । झारपात, जडीबुटी र विभिन्न जीवबाट औषधी बनाउने व्यक्ति नै त्यतिबेलाका असल र जान्ने डाक्टर हुन्थे ।

वर्तमान समयमा यस्तो औषधी बनाउने तरिका र उपचार पद्धति विस्तारै लोप हुँदै गएको छ । परिणामतः छन्त्यालको रैथाने, स्थानीय आदिवासीय ज्ञान र सीप हराएर गएको छ । झारपात, जडीबुटी र जीवबाट औषधी बनाउने केही तरिका र उपचारको विधि अध्ययनको क्रममा प्राप्त गर्न सकिएको छ । अझै पनि गाउँमा ज्ञान र सीप भएका व्यक्ति थोरै मात्र छन् । उनीहरूसँगबाट ज्ञान र सीप आर्जन गर्न सकिने विषयबारे अध्ययन बाँकी छ । अर्कातिर आधुनिक औषधी, उपचार पद्धति र विधिको विकासले जडीबुटीबाट गरिने उपचारमा कमी आएको छ ।

१. गानोको औषधी बनाउने तरिका

आवश्यक जडीबुटी

खोलाको सेतो लामो किरा, कुरकुरे झार गोबनको बोक्रा, उल्टे रूखको बोक्रा, पोढहिँले रूखको जरा, टोप्रे झार, दुबो, बिराले गाने, कालिकट ।

सामग्रीहरू

सफा कपडाको टुक्रा, डेक्ची वा ठुलो कचौरा, ओखल आदि ।

बनाउने तरिका

उल्लिखित जडीबुटी, किरा, बोक्रा र जरा आदि जम्मा गर्ने । त्यसपछि ती चीजलाई मिसाएर ओखल वा कचौरामा कुट्ने वा थिच्ने । थिचिएको चीजलाई पानीसँग घोल बनाउने । त्यसपछि सफा कपडाले छान्ने । झोल वा रस कचौरा वा गिलासमा राख्ने र बाँकी छोक्रालाई फ्याँक्ने । उक्त झोललाई दिनमा एकपटक करिब ५०-६० मि.लि. पिउने । निर्धारित मात्रामा झोललाई दुई दिनसम्म सेवन गर्नुपर्छ । त्यसपछि बिग्रिएको गानो ठीक हुन्छ ।

२. टाइफाइड (रस कपट)को औषधी

आवश्यक जडीबुटीः कुखुराको अण्डाको सेतो भाग, सेतो टोप्रे झार एक मुठ्ठी, जिरा ४/६ दाना, कास्पातको दाना ३/४ वटा, कटुसको बोक्रा र अलिकति गाईको गोबर ।

---

८६ सम्वत् २०६५ साउन ६ गते उनीसँग अमरभूमि गाविसको भुस्कात गाउँका जगबहादुर घरब्जा छन्त्यालको घरमा गरिएको कुराकानीमा आधारित ।

सामग्रीहरू

सफा कपडाको टुक्रा, डेक्ची वा ठुलो कचौरा, ओखल आदि ।

बनाउने तरिका

उल्लिखित जडीबुटीलाई जम्मा गर्ने । त्यसपछि यी वस्तुलाई पिसेर पानीमा मिसाइ घोल बनाउने । उक्त घोललाई सफा कपडाले डेक्ची वा गहिरो भाँडामा राखेर छान्ने । तयार भएको औषधी करिब ५०/६० मि.लि. दिनको २ पटकसम्म खाएमा टाइफाइड निको हुन्छ ।

३. ज्वरोको औषधी

आवश्यक जडीबुटी

टोप्रे झार, मूलापाते, श्रीखण्ड ।

सामग्रीहरू

सफा कपडाको टुक्रा, डेक्ची वा ठुलो कचौरा, ओखल आदि ।

बनाउने तरिका

टोप्रे झार ५०%, मूलापाते १५%, श्रीखण्ड ३५% को अनुपातमा जम्मा मिसाउने । यी जडीबुटीलाई उल्लिखित मात्रामा मिलाएर पिस्ने । त्यसपछि घोल बनाएर सफा कपडाले छान्ने । सो घोल ४०/५० मि.लि. दिनको दुईपटक खाँदा ज्वरो सञ्चो हुन्छ । यसका अतिरिक्त सतुवा घोटेर पानीमा मिसाइ खाँदा पनि ज्वरो निको हुन्छ ।

४. दमको औषधी

आवश्यक जडीबुटी

निम काठको बोक्रा र कुकुर डाइनाको लहरा ।

बनाउने तरिका

निम काठको बोक्रा, कुकुर डाइनाको लहरालाई जम्मा गर्ने । त्यसपछि घोटेर चिसो पानीमा घोलेर सफा कपडाले छान्ने । एक चौथाइका दरले दिनको दुईपटक हप्ता दिन खाएमा दम रोग निको हुन्छ ।

उल्लिखित चार रोगबाहेक झाडापखाला, आगोले पोलेको, सर्पले टोकेको, घाउखटिरा, रगत जमेको, बज्रेको, भाँच्चिएको, ग्यास्ट्रिक, पिनास आदि रोग समेत परम्परागत औषधीले निको हुने छन्त्याल बुढापाका बताउँछन् । यो उपचार पद्धति विगतमा त्यति विकसित र व्यवस्थित रूपमा स्थापित हुन नसकेको पाइन्छ । यसका अतिरिक्त रोगीलाई उसकै घरमा गएर औषधी बनाइ खुवाउनुपर्ने र झारफुक गर्नुपर्ने अवस्था रहेको देखिन्छ । यसबाट यो परम्परागत पद्धति कुनै विशेष संस्थागत स्वरूपबिना नै व्यवहारमा अत्यन्त प्रभावकारी र महत्त्वपूर्ण भएको थाहा पाइन्छ । स्थानीय जडीबुटीबाट औषधी बनाउन सकिने र स्थानीय परम्परागत

स्वास्थ्यकर्मीलाई सदुपयोग गर्न सकिने, बढी खर्च गर्नु नपर्ने, सर्वसुलभ, वनजङ्गलमा भएका वस्तुको प्रयोग गर्नसकिने आदि प्रशस्त सम्भावना रहेको जडीबुटीबाट गरिने उपचार पद्धति जोगाउनेतर्फ कुनै संघसंस्था तथा सरकारी निकायको पहल भएको छैन। यस पद्धति संरक्षण र सम्वर्द्धनको अभावमा लोप हुँदै गएको छ।

यति सरल र सर्वसुलभ औषधी उपचार पद्धति जानेका परम्परागत स्वास्थ्यकर्मी अत्यन्त न्यून छन्। भएका पनि नयाँ भन्दा पुरानो पुस्ता बढी छ। एउटा गाउँमा एक/दुईजना बाहेक धेरै पाइँदैनन्। सम्वत् २०६० को दशकमा नै परम्परागत स्वास्थ्यकर्मीको उमेर पनि ५० वर्ष भन्दा बढी रहेको थियो। सम्वत् २०४० को दशक भन्दा अगाडिसम्म निकै प्रचलित थियो। यस प्रकारको औषधी उपचार पद्धतिको महत्त्व र प्रभावकारिता ४० को दशकदेखि कम हुँदै गएको छ। प्रमुख रूपमा आधुनिक औषधी उपचार विधिले यस पद्धतिलाई विस्थापित गरेको छ। परम्परागत उपचार पद्धति जोगाउन सकिनेमा परम्परागत स्वास्थ्यकर्मी सहमत छन्। परम्परागत औषधी उपचार पद्धति व्युँताउन निम्न अवस्थामा गर्न सकिने स्थानीय बासिन्दा बताउँछन्।

- जडीबुटी र बिरुवाको पहिचान गर्नुपर्ने,
- परम्परागत स्वास्थ्यकर्मीबाट नयाँ पुस्तामा ज्ञान हस्तान्तरणको व्यवस्था गर्नुपर्ने,
- जडीबुटीबाट बन्ने औषधी उपचार विधि सम्बन्धमा वैज्ञानिक अध्ययन र प्रचारप्रसार गर्नुपर्ने,
- परम्परागत उपचार पद्धतिबारे शिक्षाको व्यवस्था गर्नुपर्ने,
- राज्यले एक निकाय खडा गरी उचित व्यवस्था गर्नुपर्ने आदि।

१०.३.२. धामीझाँक्रीबाट गरिने उपचार र स्वास्थ्य

छन्त्यालको परम्परागत दोस्रो उपचार पद्धति धामी झाँक्रीबाट गरिने उपचार पद्धति हो। धामी झाँक्री भन्नाले कुनै व्यक्तिमा अदृष्य शक्ति (देवी, देवता वा आत्मा) पसेर काँप्ने र थर्थराउने अवस्था सिर्जना गरी बोल्ने वा बक्ने व्यक्तिलाई बुझाउँछ। धामीझाँक्रीले तन्त्रमन्त्र जानेको, विशेष पहिरन लगाइ झावा निकालेर शरिरमा देवी देवता र आत्मा, प्रेत वा आफ्नो गुरु देउ चढाउँछन् (अदृष्य रूपमा शरीरमा आउने)। देउ आएपछि उनीहरूले अर्धचेतन अवस्थामा सामन्य मानिस र देवी देवता वा अदृष्य शक्ति बीचमा सम्पर्क गरी काँप्दै सोको अधारमा भूत, प्रेत, पिचास, लागोभागो, बोक्साबोक्सी, दैनीचुरेनी आदिबाट मानिसलाई मुक्त बनाउने वा निको पार्ने विश्वास छ। उनीहरूको टाउकोमा बाखर, हातमा ढ्याङ्ग्रो र गजा, घाँटीमा विभिन्न रिठ्ठा, रुद्राक्ष र सर्पको छालाको माला र शरीरमा भाँरा भिरेका हुन्छन्। आधुनिक औषधीको विकास हुनुअगाडि आत्मिक ज्ञानको आधारमा झारफुक गरी बिरामीलाई निको पार्ने काम गर्ने व्यक्ति धामीझाँक्री हुन्।

अक्सफोर्ड शब्दकोशअनुसार कुनै समाज वा धर्ममा असल र खराब आत्माबीच सम्पर्क गराइ बिरामी व्यक्तिलाई निको पार्ने विश्वास गरिएको व्यक्ति झाँक्री हो (सन् २००५:१३९४)। नेपाली शब्दकोशअनुसार तन्त्रमन्त्रको प्रयोग गरी झारफुक गर्ने र रोगीको उपचार गर्ने व्यक्ति वा धामीलाई झाँक्री भनिन्छ (२०६७:५१३)। प्रतिभा पुनका अनुसार लौकिक र परालौकिक संसार बीचको मध्यस्थकर्ता रूपमा रही दुई संसारको सम्बन्ध स्थापित गराउने व्यक्ति झाँक्री हो। जो तन्त्र, मन्त्र र यन्त्रले सुसज्जित हुन्छन्। व्यक्तिमा देउ उत्रँदा विशेष प्रकारको झाँक आउने भएकोले झाँक्री भनिएको हो, जसले रोगव्याधिको शमन गर्ने तथा अन्य विपत्ति टार्ने गर्दछन् (२०७५:२२)। जोहान रेन्हर्डले शिरोकोगोरोफलाई उद्धरण गर्दै लेख्छन्, झाँक्री शब्दले दुवै (महिला र पुरुष) लिङ्गका व्यक्तिलाई बुझाउँछ। झाँक्रीले आत्मा, प्रेतलाई नियन्त्रण गरेको हुन्छ। आफ्नो इच्छाअनुसार परिचय गराउँछन्। आफ्नो इच्छाबमोजिम आत्मा वा प्रेतबाट पिडित भएका मान्छेलाई सहयोग गर्छ (रेन्हर्ड, सन् १९९६: १४)

धामीझाँक्री प्रथा नेपालको सबै जात, जाति र भूगोलमा अभ्यास थियो र छ। छन्त्यालमा पनि बिरामीलाई निको बनाउने उद्देश्यले अभ्यासमा आएको थियो। यो चलन गाउँघरमा अझै पनि छ। म्याग्दीको रघुगंगा गाउँपालिका वडा नं. ८ अन्तर्गतका मङ्गलेखानी, खरिबोट, धाँर द्वाँडी, घ्याँसीखर्क, चौरखानी र कुइनेखानी गाउँमा गरी १४ जना[८७] छन्त्याल झाँक्री छन्। यो चलन अन्य जातिमा पनि अझै छ। मिसेलले छन्त्याल जातिमा भएको झाक्री प्रथाबारे आठ हजार पर्वत/धौलागिरि हिमालका झाँक्रीबारे नोट शीर्षकमा अध्ययन गरेका छन्, जुन अध्ययनमा झाँक्री बन्ने तरिका, गर्ने कार्य, विधि, भूमिका र समाजको झाँक्रीको हैसियत आदिबारे उल्लेख गरेका छन् (मिसेल, १९९६:१५३-६४)।

मान्छे बिरामी भएमा गाउँ वा टोलको धामीझाँक्री कहाँ आखत हेराउन जाने गर्छन्। धामीझाँक्रीले तीन तरिकाले बिरामी हुनुको कारण पत्ता लगाउने प्रयास गर्छन्। पहिलो, बिरामीको नाडीको धड्कन जाँच गर्छन्। दोस्रो, थालमा अक्षता र पाती राखेर जोर विजोरको आधारमा आखत हेर्छन्। तेस्रो, स्याउला वा ढ्याङ्ग्रो बजाएर देवी देवता (देउ) निकालेर खुट्ट्याउने गर्छन्। यी तीन तरिकाबाट हेर्दा दोख (लागोभागो, आत्मा, प्रेत र बोक्सा बोक्सी आदि) हो वा रोग (विभिन्न कारणले हुने विविध प्रकारका रोग) छुट्ट्याउँछन्। दोख भएको निर्क्यौल भएमा तन्त्रमन्त्रसहित झारफुक गरेमा बिरामी निको हुन्छ भन्ने गहिरो विश्वास छ। झाँक्रीले आफ्नो विधिअनुसार उपचार गर्छन्। दोखका कारण बिरामी भएमा झाँक्रीले लागो, दैवी, बोक्सी, देवी देवता, प्रेतात्मा, मसान, सियो आदि धुप, धजा र अक्षता मन्साउने, झारफुक गर्ने, पूजाआजा गराइदिने, झाँक्री बस्ने (ढ्याङ्ग्रो बजाएर काम्ने), बुटी, जन्तर बाँधिदिने, आवश्यक ठानेमा भाकल गरिदिने र देवी देवतालाई कुखुरा, भेडा, बाख्रा आदिको बलि समेत दिने गर्छन्।

८७ सम्वत् २०७६ जेठ २० देखि ३० गतेसम्म रघुगंगा गाउँपालिकाको छन्त्याल बस्तीमा गरेको स्थलगत अध्ययनको आधारमा।

यदि रोग भएमा जडीबुटीको औषधी बनाएर उपचार गर्छन् । अहिले जडीबुटीको औषधोपचारसँगै अस्पताल जान सुझाव दिन्छन् । दोख र रोग दुवै कारणले बिरामी भएको ठम्याएर झारफुक र जडीबुटी वा आधुनिक उपचार एकैसाथ गर्छन् । धामीझाँक्रीले यस किसिमको उपचार गर्ने ज्ञान एवम् सीप आफ्ना पूर्वज र वरिपरि भएका अन्य अग्रज धामीझाँक्रीबाट सिकेको उनीहरू बताउँछन् ।

धामीझाँक्रीले उपचार गर्दा बिरामीको तर्फबाट उल्लेखनीय पारिश्रमिक लिएको पाइँदैन । उनीहरू गाउँलेले बोलाएमा जुनसुकै समयमा पनि सहज तरिकाले बिरामीको घरमा गएर रोगको कारण पत्ता लगाइ उपचार गर्ने गरेको पाइन्छ । बिरामी आफ्नो घरमा आएमा पनि हार्दिकतापूर्वक उपचार गरेर निको बनाएका हुन्छन् । उनीहरू देवी देवता, लागो, भूत, प्रेत, वायु आदिका कारणले बिरामी भएको ठान्छन् र स्थानीय धामीझाँक्रीसँग उपचारका लागि जाने गर्छन् । छन्त्यालको बसोबास रहेका गाउँठाउँमा उपचारको विधि आधुनिक छ । यदि त्यसले नभएमा मात्र अन्तिम विकल्पका रूपमा परम्परागत औषधी प्रयोग गरेको पाइन्छ । तर सबै छन्त्यालका गाउँमा स्वास्थ्यचौकी वा अस्पतालको सुविधा छैन । घरदेखि स्वास्थ्यचौकी वा अस्पताल पुग्न सरदर एक घण्टादेखि दुई घण्टासम्म हिँड्नुपर्छ । केही सुविधा भएका ठाउँमा पनि स्वास्थ्यचौकी वा सरकारी अस्पतालमा उपचारका निम्ति नगएर व्यवसायिक, निजी अस्पतालमा जान्छन् ।

उनीहरू आफ्नो स्वास्थ्यप्रति संवेदनशील भएको पाइन्छ । तापनि सबैको बराबर पहुँच भएको पाइँदैन । उनीहरू बस्तीमा प्रायः खानेपानीको व्यवस्था सरकार तथा विभिन्न गैर सरकारी, अन्तर्राष्ट्रिय गैर सरकारी संस्था र दातृसंस्थाबाट भएको छ । तर सबै ठाउँमा पुग्न सकेको छैन । समुदायको करिब ९० प्रतिशत जनसङ्ख्याले खानेपानीको सुविधा पाएका छन् । करिब ७५ प्रतिशत जनसङ्ख्याले चर्पी प्रयोग गर्छन् । पछिल्लो समयमा सरसफाइ र स्वास्थ्यप्रति बढी जागरुक छन् । बिजुली बत्ती कुल जनसङ्ख्याको ७६ प्रतिशत घरधुरीले प्रयोग गरेका छन् । मुख्य इन्धनका रूपमा दाउरा प्रयोग गर्छन् ।

१०.४. सहभागिता र परामर्श

छन्त्याल जातिमा कुनै विषयमा निर्णय र सार्वजनिक वा साझा काममा सबै व्यक्तिले एकसाथ भाग लिने वा सहभागी हुने अवस्था र प्रक्रिया नै सहभागिता हो । छन्त्यालमा कुनै विषयमा छलफल गर्ने, निर्णय गर्ने र उपाय निकाल्नका लागि गरिने सरसल्लाह वा लिने सुझावलाई परामर्श भनिन्छ । छन्त्यालमा सहभागिता र परामर्शको राम्रो अभ्यास थियो र छ । छन्त्याल परिषद्मा विभिन्न गाउँका तालुकहरू[८८] (आवश्यकताअनुसार जिम्मुवाल,

---

८८ भौगोलिक कठिनाइ र समय अभावको कारण तालुक मात्र भेला हुने चलन थियो । बाटोघाटो राम्रो नहुने, खान बस्नको समस्या, खानी, कृषि र पशुपालनमा समय दिँदा सबै घरधुरीको सदस्यको समय नहुने आदि कारण छन्त्याल परिषद्मा जिम्मुवाल, चौतरी आदि लिएर तालुक मात्र सहभागी हुने गर्थे ।

चौतरी आदि पनि) समान हैसियतमा सहभागी भएर निर्णय गर्थे । मिसेलका अनुसार तिनी (छन्त्याल)हरूको परम्पराअनुसार कहिले कोही नेता भएका छैनन् । मेरो अध्ययनले के खुलासा गर्छ भने बरु छन्त्याल समाज समानतामूलक छ । पञ्चायत व्यवस्था लागू भएपछि पनि निर्णय (छन्त्याल) गाउँसभाले गर्छन् । जुन गाउँसभामा प्रत्येक घरधुरीबाट एक/एक जना पुरुषको प्रतिनिधित्व हुन्छ । पञ्चायतको निर्वाचित सदस्यको प्रभाव नगण्य छ (मिसेल, १९७६:१६२) ।

छन्त्याल परिषद्मा सहभागी हुनुअगाडि गाउँ भेला बोलाएर गाउँको समस्या, अवस्था र गर्नुपर्ने निर्णयबारेमा परामर्श गर्ने तथा सुझाव लिने चलन थियो । तालुक आफ्नो गाउँमा गएर छन्त्याल परिषद्मा भएका निर्णयहरू गाउँसभामा जानकारी गराउने परम्परा थियो । यो चलन अझै पनि अभ्यासमा छ । विशेषतः संस्कारका कार्य, कुलपूजा, भूमेपूजा र प्राकृतिक स्रोत साधनको व्यवस्थापन तथा संरक्षण, गाउँको विकास निर्माण, सामाजिक र सांस्कृतिक पर्वहरूमा एकअर्काको सरसल्लाह र परामर्शमा हुने गर्छ । यो पद्धतिलाई राज्यले मान्यता दिएको छैन । त्यसैले समाजको हरेक पक्ष र क्षेत्रमा सहभागिता र परामर्शको विधि र प्रक्रिया लागू हुँदैन । यो अभ्यास छन्त्यालको बाहुल्यता भएको गाउँ, छन्त्याल समुदाय र थर वा भाइखलकमा सीमित हुँदै गएको छ ।

दुर्गम क्षेत्रमा बसोबास, जातीय पेसा खानीबाट कृषिमा रूपान्तरण, आर्थिक अभाव, प्रशासनिक, राजनैतिक ज्ञानको कमी, राज्यको विभेदपूर्ण नीति, चेतनाको अभाव र गैरआदिवासीको प्रभुत्व, भाषिक, कमजोर शैक्षिक अवस्था र धार्मिक कारणले छन्त्याल जातिको सरकारी निकायमा सहभागिता शून्य थियो । भएका पनि शिक्षण पेसासँग सम्बद्ध थिए र छन् । अर्कातिर विभेदपूर्ण नीति, नियमको चेपुवामा सरल, सोझा र निर्दोष छन्त्याल परेको कसैबाट छिपेको छैन । यी राज्यका विभेदपूर्ण संविधान, कानुन, नीति, नियमले छन्त्याललाई प्रत्यक्ष प्रभाव र असर पार्दै आएको छ ।

राज्यको माथिल्लो र तल्लो तहले छन्त्याललाई सहभागी बनाएर समस्या र कठिनाइलाई सम्बोधन गर्ने कुनै प्रयास गरिएन । च्यापिएर, दबाइएर र हेपिएको अवस्थामा आफ्नै सक्रियतामा परामर्शमा सहभागी भएर कुरा उठाउँदा ऐन, कानुनले चिन्दैन भनियो । त्यसैको आडमा प्रशासन र सरकारद्वारा उनीहरूको आवाज र चाहनालाई दबाइयो । यसको दृष्टान्त राज्यले तामाखानी बन्द भए पनि छन्त्यालले भेजा तिर्नुपर्ने नियम बनायो । कुनै छन्त्यालको सहभागिता र परामर्शबिना टुङ्गो लगाइयो । त्यसैले प्यूठान खारखोलाका मोतिलाल छन्त्याल भन्छन्, खानी खन्नेको खानी बन्द भयो । तर सरकारले भेजा तिर्ने कानुन बनायो । त्यसैले सम्वत् १९८१ सम्म निरन्तर रूपमा २२ धार्नीदेखि ४८ धार्नीसम्म एउटा गाउँले सरकारलाई तामा भेजा तिर्नुपरेको थियो ।[८९]

---

८९ सम्वत् २०६४ साल असोज २८ गते मोतिलाल छन्त्यालसँग साविक स्याउलीबाङ गाविस खारखोलास्थित उहाँको घरमा गरिएको कुराकानीमा आधारित । उनी उक्त गाउँको मुखिया समेत थिए । खारखोलामा पोल्लाङे र डाँडामारे थरका छन्त्यालहरूको बसोबास छ ।

सम्वत् २००७ को प्रजातन्त्र स्थापना, पञ्चायती व्यवस्थाको उदय र पतनसम्म छन्त्यालसँग प्रत्यक्ष सरोकार राख्ने, प्रभाव र असर पार्ने विषयमा छलफल र निर्णयका लागि परामर्श र सहभागिताको आवश्यकता ठानिएन र गराइएन। त्यो पुरातनवादी र यथास्थितिवादी सोच र विभेदपूर्ण नीति, कार्य प्रणाली र चिन्तनको उपज थियो। यो प्रवृति सम्वत् २०४६ र २०६२/६३ को आन्दोलन पछि पनि दोहोरिँदै आएको छ।

विश्वका आदिवासी जनजातिलाई उनीहरूसँग सरोकार राख्ने, प्रभाव पार्ने संविधान, नीति, कानुन, नियम, निर्माण गर्दा, संशोधन, परिमार्जन र खारेजी गर्दा, कार्यान्वन गर्दा र आदिवासी जनाजातिको क्षेत्रमा विकास कार्यक्रम वा परियोजना तर्जुमा, कार्यान्वयन र सञ्चालनको अवस्थामा उनीहरूको पूर्व सुसूचित र स्वतन्त्र सहमति वा विमतिको हक हुन्छ। सो कानुनी व्यवस्था आदिवासीको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, आइएलओ नं.१६९ ले प्रत्याभूत गरेको छ। दुवै दस्तावेजको नेपाल पक्ष राष्ट्र भएर हस्ताक्षर गरिसकेको छ। यसलाई कायान्वयन गर्नु राज्यको दायित्व र कर्तव्य हो। तर व्यवहारमा सरकार आदिवासी जनजातिको यो अधिकार कार्यान्वयन र संरक्षण गर्न उदासीन देखिन्छ।

सम्वत् २०७२ असोज ३ गते जारी गरिएको नेपालको संविधान छन्त्याललगायत बहिष्कृत-सीमान्तकृत जनताका लागि अधिकार सम्पन्न देखिदैन। सरकारले "समृद्ध नेपाल, सुखी नेपाली" नारा बनाए पनि विभेद, उत्पीडन, शोषण, दमनमा पारिएका वर्ग, समुदाय, लिङ्गका जनतालाई प्रत्यक्ष अनुभूति हुने नीति र कार्यक्रम आउन नसके छन्त्यालको जीवन स्तरमा परिवर्तनकारी सुधार हुन सक्ने देखिदैन। जति नै मिठो र चिप्ले कुरा गरे पनि राज्यको व्यवहार, कानुन र नीतिले छन्त्याललाई बहिष्करणतर्फ नै प्रश्रय दिने देखिन्छ। हर्क गुरुङको अनुसार आर्थिक एवम् सामाजिक एकीकरणको आधारमा नेपाल एक राष्ट्र हुन बाँकी नै छ। जबसम्म प्रत्येक जनजातिलाई राजनीतिक, आर्थिक र सामजिक क्षेत्रमा पूर्ण सहभागी हुने अवसर दिइँदैन तबसम्म राष्ट्रको शक्ति कुण्ठित रहनेछ (गुरुङ, २००६:२३)। गुरुङको भनाइ अहिले पनि उत्तिकै सान्दर्भिक छ। राज्यले आदिवासी जनजातिलाई आर्थिक, राजनीतिक र सामाजिक रूपमा सहभागी गराउन चाहदैन।

साविक जिल्ला विकास समिति, नगरपालिका, गाविस र वडाले आदिवासी जनजातिसम्बन्धी योजना तर्जुमामा सम्बन्धित जिल्लाका आदिवासी जनजाति महासंघ जिल्ला परिषद्को पदाधिकारीलाई आमन्त्रित सदस्यको रूपमा सहभागी गराउँथ्यो। निर्णायक भूमिका भने हुँदैन थियो। एकजना पदाधिकारीले जिल्लामा भएका सबै आदिवासी जनजातिको प्रतिनिधित्व गनुपर्थ्यो। तर सम्बन्धित आदिवासी जनजातिका सङ्गठनहरू सहभागी हुने अवसर भने पाउँदैन थिए। त्यसैले योजना तुर्जमा, कार्यान्वयन र अनुगमनमा शून्य सहभागिता हुने गर्थ्यो। अधिकांश छन्त्यालहरूलाई कति बजेट छ? के-केमा खर्च गर्न पाइन्छ? कसरी खर्च हुन्छ? आदि विषयमा जानकारी हुँदैन थियो। गाविस र वडाहरूले पनि सोही नीति अँगालेको थियो। राज्यको निकायले यसरी छन्त्यालको क्षेत्रमा विकास निर्माणको कार्य गर्दा बेवास्ता

गरेका थिए। यो प्रवृति सम्वत् २०७४ को स्थानीय तह निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिले पनि दोहोराइरहेको पाइन्छ। 'रूप' आदिवासी जनजातिको प्रतिनिधित्व तर 'सार' अर्को छ। यसो हुनुको मूल कुरा संरचना, कानुन, नीति, नियम आदिवासी जनजातिमैत्री छैनन्।

सहभागी र परामर्श नगराउने कार्यको दृष्तान्तको रूपमा सामुदायिक वन, ढुङ्गाखानी सञ्चालन र बन्द, जडीबुटी सङ्कलनका निम्ति ठेकेदारलाई अधिकार प्रदान, ग्रामीण विद्युत् तथा कुलो निर्माणजस्ता कार्यमा प्रत्यक्ष देखिन्छ। सहभागी बनाए पनि समुदाय वा समुदायको प्रतिनिधिका रूपमा भन्दा व्यक्तिगत बनाउने गर्छन्। सहभागी हुने छन्त्यालको हैसियत छन्त्याल समुदायको नभएर अरु सहभागी सरह हुने गर्छ। वनजङ्गल संरक्षणलाई किनारामा राखिन्छ। बोटबिरुवा र जन्तु केन्द्रबिन्दूमा रहन्छन्, जसले ३६५ दिन नै वनजङ्गलमा आश्रित जीवन जिएका हुन्छन्। जसले पशुपालन, इन्धन आपूर्ति, जीवन निर्वाह, आदिवासीय औषधी उपचार पद्धति, सीप, ज्ञान सोही जल, जङ्गल, जमिनमाथि आश्रित हुन्छन्। त्यस्ता समुदायलाई बेवास्ता गरिएको छ।

राज्य संयन्त्रले मात्र हैन गैरसरकारी संस्थाले पनि छन्त्याललाई प्रभाव पार्ने विषयमा कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमनको सहभागी गराउँदैनन्। सहभागी बनाए पनि व्यक्तिको हैसियतमा हुन्छ। छन्त्याल जातिको भावना, समस्या, कठिनाइलाई सम्बोधन गर्ने गरी कार्य गरेको पाइँदैन। केन्द्रदेखि जिल्लास्तरसम्मका विभिन्न गैर सरकारी संस्थामा सहभागिता नगण्य छ। ती संस्थाहरू परामर्श लिने काममा पनि चुकेको देखिन्छ। दातृसंस्थाले कार्यक्रम सञ्चालन गर्दा पनि निर्णायक रूपमा परामर्श र सहभागी बनाउने गरेको पाइँदैन। ती सबै संस्था र दातृसंस्थाले आफ्ना कार्यक्रम सफल बनाउनका निम्ति आफ्नो प्रयोजन र चाहना अनुसारका सीमित व्यक्तिलाई मात्र जानकारी गराइ उपयोग गरेको पाइन्छ। छन्त्याललाई प्रत्यक्ष प्रभाव पार्ने गैर सरकारी संस्था वा दातृसंस्थाको कार्यक्रमले समस्या र सवाल सम्बोधन गर्ने गरी बहस र छलफलमा सहभागी बनाउँदैन। समुदायबाट अधिकारिक परामर्श गरी सल्लाह लिने कार्य त्यति गरेको देखिँदैन। केवल आफ्नो कार्यक्रम सफल बनाउन कताकति औपचारिकता मात्र पुरा गरेको पाइन्छ।

सम्पूर्ण समुदायका तर्फबाट विभिन्न संघसंस्था र निकायमा सहभागिता नै न्यून रहेको अवस्थामा महिला सहभागिताको अवस्था अझै दयनीय छ। केवल एक/दुई जना महिलाले यस जातिलाई प्रभाव पार्ने विषयको निर्णय गर्दा सल्लाह दिने र सहभागी हुने अवसर पाएका छन्। त्यो पनि केवल गाउँटोलमा मात्र सीमित छ। गाउँटोलदेखि वडा, नगरपालिका र गाउँपालिकास्तरसम्म परामर्श दिने र सहभागी हुने अवसर शून्यप्रायः छ।

अध्याय : एघार
सारांश र निष्कर्ष

यस अध्ययनमा छन्त्यालहरूको साङ्गोपाङ्गो जातिशास्त्रीय अध्ययन गर्ने प्रयास गरिएको छ । अझै छन्त्याल जातिको विविध पक्षमा आत्मिक दृष्टिले थप गहिरो अध्ययन गर्नुपर्ने देखाउँछ । नेपालको जातीय, भाषिक, सांस्कृतिक र धार्मिक विविधतामा एक फूलको थुङ्गा हो छन्त्याल जाति । नेपालको १२५ वटा जात/जातिमध्ये नेपाल सरकार, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनबमोजिम सूचीकृत ५९ मध्ये छन्त्याल एक आदिवासी जनजाति हो । उनीहरूको मूल/पुर्ख्यौली भूमि पूर्व कालीगण्डकी, पश्चिम भेरी नदी, उत्तर चुरेन तथा धौलागिरि हिमाल र दक्षिणमा चुरे पहाडभन्दा माथि महाभारत पर्वत श्रृङ्खला हो । यो भूगोल नेपालको प्रशासनिक विभाजनअनुसार बागलुङ, म्याग्दी, गुल्मी प्यूठान, मुस्ताङ, रुकम र सुर्खेत आदिमा रहेको छ । सन् २००१ को जनगणनामा पहिलोपटक छन्त्याल जाति भनेर तथ्याङ्कमा समावेश भएको हो । उक्त तथ्याङ्क अनुसार कुल जनसङ्ख्या ९,८१४ (महिला ५,२६९ र पुरुष ४५४५) थियो । सन् २०११ को तथ्याङ्क अनुसार कुल जनसङ्ख्या ११,८१० (महिला ६,५६५ र पुरुष ५,२४५) रहेको छ । जिल्लागत हिसबाले सन् २०११ को तथ्याङ्क अनुसार ४३ जिल्लामा छरिएका छन् ।

उत्पत्ति र इतिहाससम्बन्धी तथ्य र प्रमाणहरूको अभावमा अलिखित इतिहास रहेको थियो र छ । केही स्वदेशी तथा विदेशीले अध्येताले द्वितयि र प्राथमिक तथ्याङ्कको आधारमा गरेको अध्ययन तथा बूढापाकाको भनाइ एवम् कथन नै इतिहासका मुख्य स्रोत हुन् । कतिपय स्रोतले उत्पत्ति र इतिहासलाई विरोधाभाषपूर्ण बनाएका छन् । छन्त्यालको मौलिक पहिचान र सभ्यता छ, जसका आधारहरू भूमि, भूक्षेत्र, भाषा, संस्कृति, धर्म, संस्कार, आर्थिक पद्धति र राजनैतिक इतिहास हुन् ।

छन्त्याल भाषालाई खाम भाषा पनि भनिन्छ । म्याग्दी जिल्लाका प्रायः गाउँहरूमा छन्त्याल भाषा बोल्ने भए पनि अन्य जिल्लाका छन्त्याल गाउँमा भाषा बोल्दैनन् । भाषा बोल्ने गाउँमा राज्यले औपचारिक शिक्षाको माध्यम छन्त्याल भाषा बनाएको छैन । दैनिक रूपमा मातृभाषा बोल्ने भए पनि छन्त्याल बालबालिकाले नेपाली र अङ्ग्रेजी भाषामा पठनपाठन गर्न बाध्य पारिएका छन् । हाल नेपालमा छन्त्याल भाषा बक्ताको सङ्ख्या ४२८३ जना रहेको छ । उक्त वक्ताहरूमध्ये सहरी क्षेत्रमा बस्ने २०.४३ प्रतिशत र ग्रामीण क्षेत्रमा बस्ने ७९.७५ प्रतिशत रहेको छन् । सन् २००१ को तुलनामा भाषा वक्ताको सङ्ख्या १६२९ जनाले कम भएको छ । सन् २००१ को तथ्याङ्कअनुसार भाषा वक्ता ५९१२ जना थिए । म्याग्दी जिल्लाबाट बसाइँसराइ गरेका छन्त्यालहरूले जुनसुकै स्थानमा बसोबास गरे पनि मातृभाषा अझै बोल्ने गरिरहेका छन् ।

छन्त्यालको पुर्ख्यौली पेसा खानी खन्नु थियो । सोही पेसाको आधारमा उनीहरूले जीवननिर्वाह गरेका थिए। खानी परापूर्वकालदेखि खनेका थिए। आफ्नो भू-क्षेत्र र सीमाभित्र रहेको प्रत्येक छन्त्याल गाउँमा खानीका प्वाल/सुरङ र खाली पखालेका स्थानहरू जिउँदो इतिहास हुन्। खानीसँगै उनीहरू शिकार खेल्नु, कन्दमुल र जङ्गली फलफूल सङ्कलन गर्नु अर्को पेसा थियो। खानी खन्ने भएकोले कृषि र पशुपालन पेसा कम गरेका थिए। सम्वत् १९८० को दशकबाट खानी खन्न छोडेपछि मात्र छन्त्यालहरू कृषि, पशुपालनमा पूर्ण रूपले आवद्ध भएका हुन्। त्यसैले छन्त्याल भूमिमा छन्त्यालको उत्पादशील जग्गाजमिन कम छ। त्यतिबेलासम्म छन्त्याल भूमिको उत्पादनशील जग्गाजमिन अन्य गैर छन्त्याल जात/जातिले भोगचलन गरिसकेका थिए।

विशेषतः छन्त्याल अन्य धातुको तुलनामा तामाखानी बढी खनेका थिए। पहिले खानी स्वतन्त्र रूपमा खन्ने र उत्पादित तामा अन्य समुदायसँग बिक्री तथा सतही गरी खाद्यन्न र अन्य आवश्यक सामानहरूको जोहो गर्थे। उक्त समयमा छन्त्यालको आर्थिक अवस्था र जीवनस्तर तुलनात्मक रूपमा राम्रो र सबल थियो। राज्यको स्थापना र विभिन्न वंशका व्यक्तिहरू राजा भएपछि छन्त्यालको भूमि कब्जा गर्ने र खानीमा भेजा लगाउन थाले। भेजा उठाउने बेलामा मातृभाषा बोल्न नदिने र बढी मात्रामा भेजास्वरूप तामा भेजा तिराउने नीति राज्यको थियो। राज्यलाई तिर्नुपर्ने चर्को भेजा, भेजा तिर्न नसकेर गाउँ छोड्नु, सतही खानी सकिँदै जानु, तामा भारतलगायत विभिन्न स्थानबाट आयात हुनु आदि कारणले तामाखानी खन्न बन्द भएको थियो।

छन्त्याल जातिको अहिलको मुख्य पेसा कृषि र पशुपालन नै हो। त्यसबाहेक वैदेशिक रोजगारी, स-साना व्यवसायहरू, सरकारी, गैर सरकारी, निजी क्षेत्रमा जागिर र जीवन निर्वाहका विकल्प हुन्। गाउँघरमा अझै पनि आफ्नौ सीप, कला, प्रविधि र ज्ञानका आधारमा डोको, डालो, थुन्से, नाम्लो, काम्लो, राडी आदि बुन्ने, प्रयोग गर्ने र थोरै मात्रामा बेच्ने गर्छन्। घरेलु उत्पादनको रूपमा जाँड, रक्सी पनि बनाउँछन्। अर्कोतिर छन्त्यालहरू ब्रिटिस र भारतीय सेनामा पनि भर्ती हुँदै आएका छन्।

छन्त्यालहरू प्रकृतिपूजक हुन्। यिनीहरू आफ्नो देवी देवताप्रति गहिरो आस्था र विश्वास राख्छन्। घरभित्र, गाउँका र गाउँ बाहिरका देवी देवताहरूलाई परिस्थिति र निश्चित समयअनुसार विधिपूर्वक रीत पुऱ्याएर धूपधजा र अक्षतापातीले पूजा गर्ने र बलि समेत दिने गर्छन्। यदि देवी देवता रिसाएमा घरपरिवारको सदस्य बिरामी हुने, श्रीसम्पत्तिको हानि नोक्सानी हुने, खेतीपाती उत्पादन कम हुने आदि अनिष्ट कार्य हुन्छ भन्ने लोकविश्वास रहेकाले यिनीहरूमा प्राकृतिक शक्तिमाथि विश्वास रहेको पाइन्छ। यिनीहरूको देवी देवता सिमे, भूमे, जलदेवता, कुल (पितृ), सिद्ध, सिकारी, चुरेनी, झाँक्री आदिको कुनै निश्चित आकारका मूर्तिका रूपमा नभएर निराकार ढुङ्गा र थानका रूपमा भएको पाइन्छ। छन्त्याल बस्तीमा कुनै

पनि हिन्दु धर्मसँग सम्बन्धित देवी देवताका मन्दिर छैनन् । जेजति छन्, ती पनि १०० वर्ष भन्दा अगाडिका छैनन् ।

परम्परागत चाडपर्वका रूपमा माघे सङ्क्रान्ति(म्हिलाङे सोङ्ती) र साउने सङ्क्रान्तिलाई विशेष रूपमा मनाउने गर्छन् । यी चाडपर्वमा पितृपूजा गर्ने, वर्षभरि रोगव्याधिबाट बच्ने, वर्षभरि खुसी रहने कामना गर्दै आफ्ना इष्टमित्रसँग भेट भई रमाइलो गरी मनाउँछन् । यसबाहेक गैर परम्परागत चाडपर्व दसैँतिहार, तीज, जनैपूर्णिमा, बुद्धजयन्ती आदि मनाउँछन् । तर यी चाडपर्व मनाउँदा सम्बन्धित धर्म, परम्परा, विधिविधानअनुसार नभइ आफ्नै मौलिकतामा ढालेर मनाउने गरेको पाइन्छ, जस्तै दसैँमा जाँड रक्सी, मासु चढाउने, सेतो टीका लगाउने आदि ।

परम्परागत रूपमा कुलपूजा, पितृपूजा, गोठपूजा, मुलपूजा, मण्डलीपूजा, भूमेपूजा आदि गर्छन् । विभिन्न गाउँ र स्थानअनुसार अन्य देवी देवताको समेत पूजा गर्छन् । पूजा गर्दा थान बनाएर निराकार देवी देवतालाई पूज्ने गर्छन् । पूजामा धजानेजा, प्रसाद, चोखोपानी, धुपी वा तितेपातीको धुप आदि अनिवार्य चीजहरू हुन् । छन्त्यालमा पुजारी र पण्डितको जिम्मेवारी पूरा गर्ने व्यक्तिलाई पाँरे भनिन्छ । पाँरे पूजा र संस्कारमा फरक-फरक व्यक्ति हुन्छन् । पूजामा घर वा दाजु भाइमध्येको एकजना पाँरे हुन्छ । तर काजकिरिया गर्दा ज्वाइँ वा भान्जाले पाँरेका जिम्मेवारी पूरा गर्छन् । छन्त्यालहरूले धामीझाँक्रीमा गहिरो विश्वास राख्छन् । गाउँघरमा अझै पनि कुनै व्यक्ति बिरामी भएमा पहिले धामीझाँक्रीलाई आखत वा अक्षेता हेराउने गर्छन् । पछिल्लो समय यो चलनमा परिवर्तन भने आएको छ । बिरामी भएमा आधुनिक अस्पताल र स्वास्थ्य केन्द्रमा जाने गर्छन् ।

छन्त्यालहरूको बसोबास संरचना गुजुमुज्ज हुन्छ । प्रायः पुराना छन्त्याल गाउँहरू बाग्लो र गुजुमुज्ज नै छ । पछि सुविधा र स्रोतसाधनको उपलब्धताको कारण बस्ती पातलो बन्दै गएको छ । पहिले छन्त्याल पूर्वजले काठ, माटो, ढुङ्गा, खर, चेत्रो (बलाङ) आदिको प्रयोग गरेर घर बनाउने गर्थे । पछिल्लो समय ढुङ्गा र जस्ताको छानो भएको घर बनाउने गर्छन् । छन्त्यालहरू संयुक्त परिवारमा बस्छन् । यिनीहरूको बसोबास विशेषतः भीरपहराको छेउ र डाँडाकाँडाका स-सानासम्म परेको ठाउँमा रहेको पाइन्छ । छन्त्यालमा रगत (वंश) र विवाह सम्बन्धको आधार नाता कायम हुन्छ । विवाह सम्बन्धको भन्दा रगतको नाता बलियो भएको पाइन्छ । परिवारको अचल सम्पत्ति र सामाजिक, सांस्कृतिक कार्यको हस्तान्तरण रगतको नातामा हुन्छ ।

पहाडी क्षेत्रको उच्च भागमा छन्त्याल बस्ती भएकाले जौं, गहुँ, मकै, फापर, कोदो, आलु, पिँडालु र कुनै क्षेत्रमा धान आदि बाली लगाई उत्पादन गरेको पाइन्छ । यिनीहरूले यिनै खाद्यान्न वस्तुबाट बनेका परिकार, आँटो, ढिडो, रोटी, भात, आलु तरकारी आदि खाना खाने गरेको पाइन्छ । पेय पदार्थको रूपमा कोदो, जौ, गहुँ, मकैलगायत विभिन्न फलफूलबाट

बनाइएको रक्सी, जाँड, दही, दूध, मही आदि प्रयोग गर्छन् । पितृपूजा गर्दा जाँडरक्सी अनिवार्य चढाउने चलन छ । घरेलु सामग्रीका रूपमा काठको ओखल, जाँतो, लोहोरो, सिलौटो, पानी घट्ट आदि प्रयोग गरेको देखिन्छ ।

आफ्नो मौलिक गरगहनामा चेप्टा सुन, रैयाँ, मुन्द्री, फूली, थिङ्ग्रा, चार आनी आदि हुन् । परम्परागत महिलाको पोसाकमा छिटको गुन्यु, पटुका, चोली, टेकी, मजेत्रो, दोचा हुन् भने पुरुषको कछाड, भोटो, हाडुला, राडीपाखी आदि हुन् । परम्परागत संस्कारमा धुप गर्ने, छेवर, विवाह र मृत्यु संस्कार रहेको छ । काजकिरियामा सासको जाँड पकाउने, ज्वाइँ वा भान्जा पाँरैबाट चोख्याउने चलन छ । विवाहमा सोधनी जाने, ६० वटा रोटी, २० बोतल रक्सी, एउटा भाले (केटी पक्षले) माइतीलाई पिछा बुझाउने साथै विवाहलाई सामाजिक मान्यता दिनका लागि केटा र केटी पक्ष दुवैले माइती भेट्दाको दिन सेतो टीका लगाई स्वेच्छाले उपहारसँगै आशीर्वाद दिने प्रचलन भएको देखिन्छ । परम्परागत रूपमा दाइजो प्रथा भएको पाइँदैन । तर बसाइँसराइ र अन्य जात/जातिको चलनको प्रभावले पछिल्लो समयमा कहीँकहीँ दाइजो दिइएको पाइन्छ ।

मौलिक भाषा, धर्म, संस्कार, संस्कृति र परम्परा भएको यस जातिको आर्थिक अवस्था समुन्नत भएको देखिँदैन । पुर्खाले खानी चलाउँदा उत्पादनको अत्याधिक मात्रा सरकारलाई बुझाउनुपर्ने र खेतीपाती आरम्भ गर्दा समथर र उर्बरभूमि अन्य समुदायले कब्जा गरी कृषि गरेको हुनाले यस जातिको आर्थिक अवस्था पहिलेदेखि नै राम्रो नभएको अनुमान गर्न सकिन्छ । खानी सकिँदै गएर पूर्ण रूपमा कृषि र पशुपालन तथा घरेलु वस्तुको उत्पादनतर्फ उन्मुख भएपछि आर्थिक अवस्थामा केही सुधार आएको बूढापाका बताउँछन् । पछिल्लो समयमा युवाहरू बेलायती तथा भारतीय सेनामा भर्ती हुन, रोजगारीका निम्ति स्वदेशभित्र अन्य स्थानमा तथा विदेश जान थालेपछि केही मात्रामा सुधार भएको देखिन्छ । तर विभिन्न बस्तीमा भएको गरिबीलाई भुल्नचाहिँ सकिने अवस्था छैन । वर्तमानमा छन्त्याल जाति सानोतिनो व्यापार, व्यवसाय र रोजगारीमा सङ्लग्न हुने प्रवृत्ति केही मात्रामा बढेकाले केही आर्थिक सुधारको आशा गर्न सकिन्छ ।

भौगोलिक रूपमा विकट क्षेत्रमा बसोबास र चेतनाको कमी तथा राज्यको शिक्षासम्बन्धी शून्यताको नीतिले गर्दा यस जातिका पुर्खा अशिक्षित थिए, जसको प्रभाव नयाँ पुस्तामा प्रत्यक्ष पर्दै गएको पाइन्छ । त्यसैले परम्परागत ज्ञान, सीप र प्रविधि हस्तातरणको हिसाबले छन्त्याल जाति शैक्षिक क्षेत्रमा पिछडिएको हो । परम्परागत ज्ञान, सीप र प्रविधि भएर पनि शिक्षाको अभावले ती सबै लोपोन्मुख अवस्थामा पुगेको पाइन्छ । तर आधुनिक शिक्षाको दृष्टिले शैक्षिक अवस्था राम्रो रहेको छ । कुल जनसङ्ख्यामा ७२.६३ प्रतिशत साक्षर रहेका छन् । वर्तमान समयसम्म पनि यस जातिको बसोबास रहेका कतिपय स्थानमा प्राथमिक विद्यालयसम्म नभएको देखिन्छ । यसका साथै मातृभाषा बोल्ने जनसङ्ख्याको बाहुल्य भएका ठाउँमा

छन्त्याल बालबालिका मातृभाषामा शिक्षा लिने अवसरबाट वञ्चित छन् । विकट गाउँको तुलनामा बसाइँ सरी सहरी क्षेत्रमा आएका मानिसको शैक्षिक स्तर केही राम्रो छ । यसबाहेक आधुनिक स्वास्थ्य सुविधामा पहुँच कम भएको देखिन्छ । एकातिर आर्थिक स्थिति कमजोर, भौगोलिक विकटता र अर्को सहर तथा केन्द्रमुखी सुविधाको चेपुवामा यस जाति परेको देखिन्छ । सामान्यतयाः स्वास्थ्य चौकीसम्म पुग्न एकदेखि दुई/तीन घन्टा हिँड्नुपर्ने अवस्था रहेको पाइन्छ ।

राज्यको सङ्घ (केन्द्र) र प्रदेश स्तरको संयन्त्र र निर्णय प्रक्रियामा यस जातिको उपस्थिति शून्यप्रायः छ । एकातिर औँलामा गणना गर्न सकिने शिक्षित व्यक्ति र राज्य संयन्त्रमा शून्य उपस्थितिले यस जातिको वास्तविक अवस्थालाई उजागर गरेको देखिन्छ । सङ्घ र प्रदेशको व्यवस्थापिका, न्यायपालिका, कार्यापालिकाजस्तो माथिल्लो तहमा उपस्थिति शून्यप्रायः देखिन्छ । स्थानीय निकायमा पनि बलियो उपस्थिति देखिँदैन । विभिन्न राजनैतिक दलसँग आबद्ध भए पनि निर्णय प्रक्रियामा र दलको माथिल्लो पद र स्तरमा पुगेको देखिँदैन । यसले गर्दा छन्त्यालसँग प्रत्यक्ष सरोकार राख्ने विषयको छलफल र निर्णय गर्ने क्षेत्रमा पहुँचको कमी छ । उनीहरू तल्ला स्तरमा विभिन्न उपभोक्ता समूह, समिति, संघसंस्थामा सहभागी हुन थालेका छन् ।

नेपालका आदिवासी जनजातिको छुट्टै मौलिक सांस्कृतिक, धार्मिक, भाषिक, परम्परा, रीतिथिति भएजस्तै छन्त्यालको पनि मौलिक विशेषता रहेको छ जसले नेपालको बहुलतालाई प्रमाणित गर्दछ । राज्यको सांस्कृतिक दमन र आन्तरिक उपनिवेशले छन्त्याललगायत आदिवासी जनजातिको संस्कृतिमा अतिक्रमण गरेर उनीहरूमा शासक जातिको संस्कृति, मूल्यमान्यता, रीतिथिति, दृष्टिकोण तथा जीवन पद्धतिलाई लाद्ने काम निरन्तर भयो । राज्यको दमनकारी नीति, गैर छन्त्यालको सांस्कृतिक प्रभाव र पूर्वजको अज्ञानले गर्दा आफूलाई छन्त्याल भन्न लाज मान्ने, मातृभाषा बोल्न सङ्कोच मान्ने र आफ्नो धर्म, संस्कृति, परम्पराबारे हीनताबोध गर्नुपर्ने परिस्थितिको विकास भयो । आफ्नो जातीय पहिचान पाउन वर्षौं पर्खनु पऱ्यो ।

छन्त्याले आफ्नो भाषा, संस्कृति, परम्परा, संस्कार, रीतिथिति, धर्मलाई मात्र गुमाएको होइन, परापूर्वकालदेखि आफ्नो स्वामित्व र अधिकार भएको भूमि, जल, जमिन, जङ्गल पनि गुमाएर टुहुरो बनेको छ । हाल उक्त भूमिमा गैर छन्त्याल बसोबास गर्दै आएका छन् । विगतको भूमि खण्डित रूपमा प्रयोग गरिरहेता पनि उनीहरूको कुनै स्वामित्व र अधिकार छैन । यस जातिको भूमि विगतको राज्यले आफ्नो संयन्त्र तल्लो स्तरसम्म पुऱ्याउनका निम्ति प्रशासनिक निकायको सीमा निर्धारण गर्दा खण्डित भएर अन्य जात/जातिको स्वामित्व र अधिकारमा जानुको साथै प्रयोग पनि उनीहरूले गर्न पाउने व्यवस्था कायम रह्यो जसले गर्दा छन्त्यालले सामूहिक भूमि गुमाएर सानो क्षेत्रमा सीमित हुन पुग्यो ।

छन्त्यालको सवाल सामाजिक, सांस्कृतिक, भाषिक भएता पनि समाधानको स्रोत

राजनैतिक नै हो । त्यहाँ पहुँच बनाउन नयाँ ढङ्गले गोलबन्द हुन आवश्यक छ। देशले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अवलम्बन गरिरहेको छ । तथापि, छन्त्याल जातिको उत्थान, भाषा, धर्म, संस्कृति, परम्परालाई संरक्षण र सम्वर्द्धन गर्न ठोस नीति र कार्यक्रम देखिँदैन । छन्त्याल जातिको मूलथलो, जनसङ्ख्याको सघनता र पुर्ख्यौली भूमिका आधारमा स्वायत्त क्षेत्र स्थापना गर्न सकिने कानुनी व्यवस्थालाई सम्बन्धित राज्य सरकारले इमान्दारितापूर्वक कार्यान्वय गर्न मात्रै सकेको खण्डमा छन्त्यालको पहिचान, पुर्ख्यौली भूमिसँगको सम्बन्ध, प्रथाजनित कानुनको अभ्यास पुनःजीवित भएर आउने र स्वशासनको अनुभूति हुन सक्छ । छन्त्यालको राजनीतिक अधिकार र राज्य सञ्चालनमा प्रतिनिधित्व, आर्थिक, सामाजिक, सांस्कृतिक, भाषिक, धार्मिक विकास, संरक्षण, सम्बर्द्धन, शैक्षिक उन्नति र प्रगतिलगायत समग्र विकासका लागि पहिचान र अधिकारसहितको 'स्वायत्त क्षेत्र' नै प्रमुख सवाल हो । संसारका कुनै पनि आदिवासी जनजातिको पहिचान र अधिकार सुनिश्चित हुने उत्तम विकल्प भनेको नै आफ्नो ऐतिहासिक भूमिमा स्वतन्त्रपूर्वकको कुनै न कुनै मोडेलको स्वायत्तता वा स्वशासन नै हो ।

मौलिक पहिचान र सभ्यता हुँदाहुँदै पनि ऐतिहासिक रूपमा विस्तार भएको हिन्दु धर्म र जातीय वर्ण व्यवस्था, बहुसङ्ख्यक रूपमा रहेका अन्य जात/जातिको प्रभाव आदिको कारण ओझेलमा परेका छन्त्यालको पहिचान ठकुरीकरण र मगरीकरणको चपेटामा परेको छ। राज्यको मूलप्रवाहबाट बञ्चितीकरण परेका छन्त्यालको उत्पत्ति र इतिहाससम्बन्धी स्पष्ट तथ्य र प्रमाण अझैसम्म पाउन सकिएको छैन् । त्यसैले यो जातिको उत्पति, इतिहास, पहिचान, सामाजिक, सांकृतिक, प्रथाजनित संस्था र कानुन, आर्थिक जीवन पद्धतिलगायत विविध पक्षमा मानवशास्त्रीय र समाजशास्त्रीय गहिरो अध्ययनको आवश्यकता छ । दस्तावेजीकरण हुन नसकेका सांस्कृतिक चलन, राजनैतिक, न्यायिक र व्यवस्थापकीय संयन्त्र र नीति नियमको थप दस्तावेजीकरण गर्नुपर्ने देखिन्छ ।

सङ्ख्यात्मक हिसाबले अल्पसङ्ख्यक छन्त्याल जातिको मूलथलो सिमाङ्कन हुनुपर्ने देखिन्छ। उनीहरूको मूलथलोको साँधसीमाना परम्परागत र मौखिक रूपमा निर्धारित छ। तर नक्सा भने तयार गरिएको छैन । छन्त्याल भाषा शब्दमा कमजोर छ। छन्त्यालको धार्मिक, सांस्कृतिक र ऐतिहासिक सम्पदाहरू आधुनिक विकासको नाममा मासिदै र बेवास्ताको कारण ओझेलमा परेका छन् । त्यसैले संरक्षण र व्यवसायीकरणको आवश्यकता छ। शिक्षा, स्वास्थ्य, रोजगारी तथा राज्यको विभिन्न निकाय, गैरसरकारी संस्था आदिमा सहभागिता र समावेशिताको अवस्था कमजोर छ । उनीहरूलाई प्रभाव पार्ने र असर गर्ने विकास निर्माण, नीति, नियम तयार गर्दा राज्यले सहभागी गराउने र परामर्श गरेको छैन । यसबाहेक सरकारी निकाय तथा गैरसरकारी संस्थाले योजना निर्माण र कार्यान्वयनमा स्वतन्त्र पूर्व जानकारीसहितको मञ्जुरी लिएको पनि पाइँदैन ।

छन्त्यालको पारिवारिक अवस्था, सामाजिक संरचना र बसोबास भूगोल, पर्यावरण एवम् उपलब्ध साधनस्रोतमा आधारित भएर विकास भएको छ। जसको ऐतिहासिक र व्यहारिक पक्षको गहिरो अध्ययन हुनु आवश्यक छ। राज्यको आर्थिक उदारीकरणको नीति, रैथाने ज्ञान, सीप र प्रविधिप्रतिको बेवास्ता र विश्वमा विकास भएको भूमण्डलीकरण, पुँजीवाद आदिले छन्त्यालको परम्परागंत ज्ञान, सीप र प्रविधि लोप हुँदै गएका छन्। अर्कोतिर एकल परिवारको सङ्ख्यामा बृद्धि भएको छ।

अन्त्यमा, छन्त्याल जातिको विविध पक्षबारे यस जातिशास्त्रीय अध्ययनमा गहिरो अध्ययन र अनुसन्धान गर्न नसकिए पनि छन्त्यालको सामान्य वर्णनको जमर्को भएको छ। जातीय पहिचान दिने मौलिक संस्कार, धर्म, संस्कृति भाषा, आर्थिक, राजनैतिक र सामाजिक जीवन पद्धति, मूलथलोको साँधसिमना लगायतलाई थप दस्तावेजीकरण गर्न अझ जरुरी छ। यसका लागि छन्त्याल जातिको प्रतिनिधिमूलक संस्था र परम्परागत संस्था दुवैले आवश्यक योजना र कार्यक्रम बनाएर कार्यान्वनमा जानुपर्दछ। छन्त्याल आदिवासी समुदायमा बचेखुचेका पहिचान, अस्तित्व, इतिहास, मौलिकताको आधारमा नै नेपालको संविधानले व्यवस्था गरेबमोजिम छन्त्यालको सामाजिक, सांस्कृतिक तथा आर्थिक विकासका लागि स्वायत्त क्षेत्र माग गर्न र सञ्चालन गर्न सकिन्छ।

सन्दर्भसूची

आचार्य, बुबाराम। २०२२ (पुनःप्रकाशन २०६२)। *नेपालको संक्षिप्त वृत्तान्त*। काठमाडौंः श्रीकृष्ण आचार्य।

आचार्य, बाबुराम र योगी नरहरिनाथ, सं.। २०७५। *बडामहाराजधिराज श्री ५ पृथ्वीनारायण शाहको दिव्य उपदेश*। काठमाडौंः फाइनप्रिन्ट बुक्स।

आहुति। सन् २०१०। *नेपालमा वर्णव्यवस्था र वर्ग-सङ्घर्ष*। ललितपुरः समता फाउण्डेशन।

आहुति। २०७६। नेपालमा थर-गोत्रको राजनीति। *कान्तिपुर,* ११ फागुन। https://ekantipur.com/opinion/2020/02/23/158242690905157409.html

ईङ्वारम, नरेश। २०५४/५५। छन्त्याल जातिको परिचय। *सिरिजंगा विविध सांस्कृतिक, साहित्य सङ्ग्रह,* पाँचौ विशेषाङ्क। प्रेम प्रकाश थेबे 'दोश्रा घासि' सं., पृ. १०५-१०८। झापाः सिरिजंगा विविध साहित्य सङ्ग्रह मञ्च।

कैदी, प्रेम। २०४८। धौलागिरिको विविधतामा फक्रेको - छन्त्याल जाति। *गोरखापत्र,* साउन ४। काठमाडौंः गोरखापत्र संस्थान।

कैदी, प्रेम। २०७३ (पुनःप्रकाशन)। धौलागिरिको विविधतामा फक्रेको - छन्त्याल जाति। नेपाल छन्त्याल संघको छैठौं राष्ट्रिय महाधिवेशन विशेष *स्मारिका-२०७३*। तारामिलन झिङ्राजा छन्त्याल र अन्य, सं., पृ. ८६-८८। काठमाडौंः नेपाल छन्त्याल संघ, केन्द्रीय समिति।

गुरुङ, हर्क। सन् २००४। 'गोर्खाली गाथा'। *जनजाति सेरोफेरो*। पृ. ८१-८५। काठमाडौंः नेपाल आदिवासी जनजाति महासंघ।

गुरुङ, हर्क। सन् २००६ (दोस्रो संस्करण)। 'राष्ट्रियता र जनजाति'। *जनजाति सेरोफेरो*। पृ. १२१-१४८। काठमाडौंः नेपाल आदिवासी जनजाति महासंघ।

गुरुङ, हर्क। सन् २००६ (दोस्रो संस्करण)। 'विकास र जनजाति'। *जनजाति सेरोफेरो*। पृ. १९-२३। काठमाडौंः नेपाल आदिवासी जनजाति महासंघ।

चाम्लिङ, भोगिराज। २०७५। 'नेपालमा सांस्कृतिक राजनीति'। *प्रतिरोधको राजनीतिः आदिवासी जनजाति र नेपाली राज्य*। गोबिन्द छन्त्याल र टुङ्गभद्र राई सं., पृ. १४१-१६१। काठमाडौंः नेपाल आदिवासी जनजाति महासंघ।

चिनारी। सन् २००८ र २०११। काठमाडौं : नेपाल छन्त्याल विद्यार्थी संघ, केन्द्रीय समिति।

छन्त्याल। सन् १९९५। काठमाडौं : छन्त्याल परिवार संघ, केन्द्रीय समिति।

छन्त्याल, कप्रसाद झिङ्राजा। २०७०। छन्त्याल जातिः बसाइँसराइसम्बन्धी प्रारम्भिक अवलोकन। *नेपाल छन्त्याल संघको पाँचौ राष्ट्रिय महाधिवेशन विशेष स्मारिका-२०७०*। गोबिन्द डाँडामारे छन्त्याल र अन्य सं., पृ. ८०-८२। काठमाडौंः नेपाल छन्त्याल संघ,

केन्द्रीय समिति।

छन्त्याल, केभिन। २०६१। *मेरा दृष्टिमा छन्त्याल जाति*। काठमाडौंः नेपाल छन्त्याल संघ, केन्द्रीय समिति।

छन्त्याल, प्रा. कृष्णबहादुर। २०५१। 'छन्त्याल जातिबारे विविध जानकारी'। *छन्त्याल*। ललितमान घरब्जा छन्त्याल र अन्य सं. पृ. ३५-३६। काठमाडौंः छन्त्याल परिवार संघ, केन्द्रीय समिति।

छन्त्याल, गोबिन्द। २०७१। 'छन्त्याल जातिको इतिहासः एउटा पाटो'। *छन्त्याल पहिचानका आयाम*। गोबिन्द छन्त्याल सं., पृ. १-१६। काठमाडौंः चिन्डो बुक्स।

छन्त्याल, गोबिन्द। २०७०। 'छन्त्याल जाति, माघे सङ्क्रान्ति र सान्दर्भिकता'। *न्हि ए पाईला*। दोश्रो मुखपत्र, पृ. ६-१२। *रुपन्देहीः* नेपाल छन्त्याल संघ, जिल्ला समिति र नेपाल छन्त्याल विद्यार्थी संघ, जिल्ला समति।

छन्त्याल, गोबिन्द। २०७३। 'नेपालमा विशेष, स्वायत्त र संरक्षित क्षेत्रको बहसः छन्त्याल स्वायत्त क्षेत्रको सन्दर्भ'। *नेपाल छन्त्याल संघको छैठौं राष्ट्रिय महाधिवेशन विशेष स्मारिका-२०७३*। तारामिलन भिङ्राजा छन्त्याल र अन्य, सं., पृ. ६६-८८। काठमाडौंः नेपाल छन्त्याल संघ, केन्द्रीय समिति।

छन्त्याल, गोबिन्द। सन् २००९। छन्त्याल जाति : एक परिचय। *निसीभूजि आवाज*। धिरप्रताप सिंह र अन्य, सं., अङ्क १, पृ. ८०-८२। काठमाडौं : निसीभूजि बडिघाड रुद्रावती क्षेत्र विकास समाज, नेपाल।

छन्त्याल, गोबिन्द सं.। २०७१। *छन्त्याल पहिचानका आयाम*। काठमाडौंः चिन्डो बुक्स।

छन्त्याल, गोबिन्द डाँडामारे। २०७०। 'मनिचन छन्त्यालको जीवनी यात्रा'। *नेपाल छन्त्याल संघको पाँचौ राष्ट्रिय महाधिवेशन विशेष स्मारिका-२०७०*। गोबिन्द डाँडामारे छन्त्याल र अन्य सं., पृ. ४२-४८। काठमाडौंः नेपाल छन्त्याल संघ, केन्द्रीय समिति।

छन्त्याल, गोबिन्द डाँडामारे। २०६६। 'छन्त्यालसम्बन्धी प्रकाशनहरूको झलक'। *नेपाल छन्त्याल संघको चौंथो राष्ट्रिय महाधिवेशन विशेष स्मारिका-२०६६*। हरिचन डाँडामारे र अन्य सं. ५२-५८। काठमाडौंः नेपाल छन्त्याल संघ, केन्द्रीय समिति।

छन्त्याल, गोबिन्द र हरिचन छन्त्याल। २०७३। छन्त्याल जातिको सामाजिक संस्कार। *नेपालका जातीय सामाजिक संस्कार*। प्रेम खत्री सं., पृ. १०७-१३५। काठमाडौंः नेपाल प्रज्ञा प्रतिष्ठान।

छन्त्याल, गोबिन्द र हरिचन छन्त्याल। २०७०। 'छन्त्याल थातथलोः घैयाखानीको सेरोफेरो'। *नेपाल छन्त्याल संघको पाँचौ राष्ट्रिय महाधिवेशन विशेष स्मारिका-२०७०*। गोबिन्द डाँडामारे छन्त्याल र अन्य सं., पृ. ६३-६३। काठमाडौंः नेपाल प्रज्ञा प्रतिष्ठान।

छन्त्याल, चित्र। २०५१। 'छन्त्याल जातिको सङ्गठनात्मक विकासक्रम'। *छन्त्याल*। ललितमान

घरब्जा छन्त्याल र सं. पृ. ३९-४१ । काठमाडौंः छन्त्याल परिवार संघ, केन्द्रीय समिति ।

छन्त्याल, जगेन्द्र अनु. । 'छन्त्याल भाषाको पतन र उत्थान अनि पतन' । *नेपाल छन्त्याल संघको छैठौं राष्ट्रिय महाधिवेशन विशेष स्मारिका-२०७३* । माइकल नुननूको अङ्ग्रेजी मूलबाट अनुदित । तारामिलन भिङ्राजा छन्त्याल र अन्य, सं., पृ. ९३-१०३ । काठमाडौंः नेपाल छन्त्याल संघ, केन्द्रीय समिति ।

छन्त्याल जातिका थर र उपथरहरू । २०५३ । *लाफा* । वर्ष ४, अङ्क १४/१५ः ४८ ।

छन्त्याल, डी.बी. घरब्जा । सन् २००५ । 'छन्त्याल जातिको संस्कृति : संक्षिप्त चर्चा' । *हाम्रो चिनारी हाम्रो संस्कृति* । जीवनचन्द्र कोइराला, सं., पृ. १८७-१९० । काठमाडौं : कर्मयोग बद्रीविक्रम थापा स्मृति सेवा गुठी ।

छन्त्याल, डी.बी. घरब्जा । सन् २००५ । 'छन्त्याल जातिको संस्कृति : संक्षिप्त चर्चा' । *सेवा नेपाल जातजाति विशेषाङ्क* । जीवनचन्द्र कोइराला, सं., वर्ष ४, पूर्णाङ्क ४, पृ. १८७-१९० । काठमाडौं : कर्मयोग बद्रीविक्रम थापा स्मृति सेवा गुठी ।

छन्त्याल, दिलबहादुर घरब्जा । सन् १९८७ । *छन्त्याल जाति : एक परिचय* । काठमाडौंः सुश्री जयन्ती छन्त्याल ।

छन्त्याल, दिलबहादुर घरब्जा । सन् १९९५ । *छन्त्याल भाषामा कुराकानी* । काठमाडौं : सुश्री जयन्ती घरब्जा छन्त्याल ।

छन्त्याल, दिलबहादुर घरब्जा । सन् १९९९ । *ख्योमा* । काठमाडौं : श्री जगेन्द्र भलञ्जा छन्त्याल ।

छन्त्याल, तारामिलन । २०७३ । 'छन्त्यालहरूको एक अभियन्ता चित्र घरब्जा छन्त्याल' । *नेपाल छन्त्याल संघको छैठौं राष्ट्रिय महाधिवेशन विशेष स्मारिका-२०७३* । तारामिलन भिङ्राजा छन्त्याल र अन्य, सं., पृ. ८९-९२ । काठमाडौंः नेपाल छन्त्याल संघ, केन्द्रीय समिति ।

छन्त्याल, दिपबहादुर भलञ्जा । २०५१ । 'छन्त्याल जातिको उत्पत्ति तथा परिचय' । *छन्त्याल* । ललितमान छन्त्याल र अन्य सं. पृ. १-२ । काठमाडौंः छन्त्याल परिवार संघ, केन्द्रीय समिति ।

छन्त्याल, बमबहादुर घरब्जा । २०७० । नेपाल छन्त्याल संघको ऐतिहासिक झलक । नेपाल छन्त्याल संघको पाँचौ राष्ट्रिय महाधिवेशन विशेष *स्मारिका-२०७०* । गोबिन्द डाँडामारे छन्त्याल र अन्य सं., पृ. ७४-७६ । काठमाडौंः नेपाल छन्त्याल संघ, केन्द्रीय समिति ।

छन्त्याल भाषामा केही शब्द ज्ञान, व्याकरण पद्दति र कुराकानी । सन् २००२ । काठमाडौं : नेपाल छन्त्याल संघ, केन्द्रीय समिति ।

छन्त्याल, मनिचन घरब्जा । २०५१ । छन्त्याल जाति र खानीसम्बन्धी मेजबन्दी । *छन्त्याल* । ललितमान घरब्जा छन्त्याल र सं. पृ. २४-२५ । काठमाडौंः छन्त्याल परिवार संघ, केन्द्रीय समिति ।

छन्त्याल, माधव भलञ्जा। २०७३। 'छन्त्याल'। *नेपाल छन्त्याल संघको पाँचौ राष्ट्रिय महाधिवेशन विशेष स्मारिका-२०७३* । तारामिलन भिङ्राजा छन्त्याल र अन्य, सं., पृ. ११९-१२० । काठमाडौंः नेपाल छन्त्याल संघ, केन्द्रीय समिति ।

छन्त्याल, ललितमान घरब्जा। २०७०। 'दिलबहादुर घरब्जाको संक्षिप्त जीवनी'। *नेपाल छन्त्याल संघको पाँचौ राष्ट्रिय महाधिवेशन विशेष स्मारिका-२०७०* । गोबिन्द डाँडामारे छन्त्याल र अन्य सं., पृ. ३६-४१ । काठमाडौंः नेपाल छन्त्याल संघ, केन्द्रीय समिति ।

छन्त्याल, लोकप्रसाद घरब्जा । २०६६ । 'गुल्मी जिल्लाका छन्त्याल' । *नेपाल छन्त्याल संघको चौंथो राष्ट्रिय महाधिवेशन विशेष स्मारिका-२०६६* । हरिचन डाँडामारे र अन्य सं. ४८-५१ । काठमाडौंः नेपाल छन्त्याल संघ, केन्द्रीय समिति ।

छन्त्याल, हरिचन । सन् २००८ । छन्त्याल जातिको सामाजिक, सांस्कृति, धार्मिक र आर्थिक अवस्थाको एक अध्ययन । *अप्रकाशित प्रतिवेदन* । ललितपुर : आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, संस्थागत सुदृढीकरण परियोजना ।

छन्त्याल, हरिचन। सन् २००९। छन्त्याल जातिको पुख्यौंली पेसा खानीसम्बन्धी अध्ययन प्रतिवेदन। अप्रकाशित प्रतिवेदन। ललितपुर : आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान।

छन्त्याल, हरिचन । २०७१ । 'छन्त्याल जातिको पुख्यौंली पेसा खानी र ऐतिहासिक नालीबेली' । *छन्त्याल पहिचानका आयाम* । गोबिन्द छन्त्याल सं., पृ. ७३-१३५ । काठमाडौंः चिन्डो बुक्स ।

छन्त्याल, हरिचन डाँडामारे । २०७३ । 'छन्त्याल आदिवासी, राज्य र निर्वाचन' । *नेपाल छन्त्याल संघको छैठौं राष्ट्रिय महाधिवेशन विशेष स्मारिका-२०७३* । तारामिलन भिङ्राजा छन्त्याल र अन्य सं., पृ. ५९-६२ । काठमाडौंः नेपाल छन्त्याल संघ, केन्द्रीय समिति ।

छन्त्याल, हरिचन डाँडामारे । २०७० । 'छन्त्याल जातिको राष्ट्रिय पर्वः म्हिलाङे सोङ्ती तथा छार म्हेङ' । *नेपाल छन्त्याल संघको पाँचौ राष्ट्रिय महाधिवेशन विशेष स्मारिका-२०७०* । गोबिन्द डाँडामारे छन्त्याल र अन्य सं., पृ. ४९-६२ । काठमाडौंः नेपाल छन्त्याल संघ, केन्द्रीय समिति ।

छन्त्याल, हरिचन डाँडामारे । २०६६ । छन्त्याल समुदाय र सर्वमान्य दिलबहादुर घरब्जा छन्त्याल । नेपाल छन्त्याल संघको चौंथो राष्ट्रिय महाधिवेशन विशेष *स्मारिका-२०६६* । हरिचन डाँडामारे र अन्य सं. ४१-४५ । काठमाडौंः नेपाल छन्त्याल संघ, केन्द्रीय समिति ।

छन्त्याल संघको पहिलोदेखि छैठौं राष्ट्रिय महाधिवेशनमा प्रस्तुत सांगठनकि कार्य प्रगति प्रतिवेदनहरू र भावी नीति तथा कार्यक्रमहरू । २०५२, २०५५, २०६१, २०६६, २०७०, २०७३ । स्मारिकाहरूमा प्रकाशित । काठमाडौंः नेपाल छन्त्याल संघ, केन्द्रीय समति ।

छन्त्यालहरूको भेषभूषा, संस्कृति र विविध संस्कारहरू । २०५१ । *छन्त्याल* । ललितमान घरब्जा

छन्त्याल र अन्य सं. पृ. २६-३१ । काठमाडौंः छन्त्याल परिवार संघ, केन्द्रीय समिति ।
थापा, नरबहादुर 'नरु' । २०६७ । *किरात मगर इतिहास* । काठमाडौंः निरन्तर प्रकाशन ।
देवकोटा, ग्रीष्म बहादुर । सन् १९८३ । *नेपालको राजनीतिक दर्पणः जनमत सङ्ग्रह र त्यसपछि* । काठमाडौंः उमेश बहादुर देवकोटा ।
नेपालका आदिवासी जनजातिहरू । २०५७ । काठमाडौंः राष्ट्रिय जनजाति विकास समिति ।
नेपालको संविधान । २०७२ । काठमाडौंः नेपाल सरकार कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय कानुन किताब व्यवस्था समिति ।
नेपाली बृहत् शब्दकोश । २०४० (सातौं संस्करण २०६७) । काठमाडौंः नेपाल प्रज्ञा-प्रतिष्ठान ।
नेपाल, ज्ञानमणि । २०५५। *नेपाल निरूपण* । काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।
न्यौपाने, गोविन्द । सन् २००० । *नेपालको जातीय प्रश्नः सामाजिक बनोट र साझेदारीको सम्भावना* । काठमाडौंः सेन्टर फर डेभलप्मेन्ट स्टडिज ।
न्हि ए पाइला । २०६७ र २०७० । रुपन्देहीः नेपाल छन्त्याल विद्यार्थी संघ, जिल्ला समिति ।
पञ्चायत स्मारिका । २०४३ । भाषा क्षेत्रको विकासः भाषा क्षेत्रका विगत पच्चीस वर्षका उपलब्धीहरू, पृ. २८१-२९८ । काठमाडौंः दलविहीन पञ्चायती प्रजातन्त्र र रतज जयन्ती महोत्सव केन्द्रीय समिति ।
पन्त, शास्त्रदत्त । २०५३ । *धवलागिरीका छन्त्याल* । बागलुङः नियुरा प्रकाशन ।
पाठक, युग । २०७४ । *माङ्गेना नेपाल मन्थन* । काठमाडौंः फाइन प्रिन्ट बुक्स ।
पाण्डेय, मधुसूदन । २०६५ । छन्त्याल । *नेपालका जनजातिहरू* । पृ. २१-२२ । काठमाडौंः पैरवी प्रकाशन ।
पुन, प्रतिभा । २०७५ । *धौलागिरि क्षेत्रको अमूर्त लोक संस्कृति झाँक्री* । ललितपुरः आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।
पुन, यामबहादुर । २०७१ । 'पहिचानको आन्दोलनः छन्त्याल जातिको सन्दर्भ'। *छन्त्याल पहिचानका आयाम* । गोबिन्द छन्त्याल सं., पृ. ५४-७२ । काठमाडौंः चिन्डो बुक्स ।
पुन, यामबहादुर । सन् २०११ । छन्त्याल जाति : बहिष्करणको दृष्टिकोणबाट एक सिंहावलोकन । उच्चशिक्षामा सहभागिता असमानताका सामाजिक आयाम । प्रमोद भट्ट सं., पृ. ७७-१०१ । काठमाडौंः मार्टिन चौतारी ।
पुन, यामबहादुर । सन् २०११ । 'छन्त्याल जाति : बहिष्करणको दृष्टिकोणबाट एक सिंहावलोकन' । डा. ज्ञानु क्षत्री र अरु सबै, सं., *कन्टेम्पोरेरी जर्नल अफ सोसिअलोजी एन्ड एन्थ्रोपोलोजी*, अङ्क १, पृ. १६८-१८२ । ललितपुरः पाटन बहुमुखी क्याम्पस, त्रिविवि ।
बन्धु, चुडामणि र साथीहरू । २०७१ । छन्त्याल भाषाको अभिलेखीकरण । *छन्त्याल पहिचानका आयाम* । गोबिन्द छन्त्याल सं., पृ. १७-१८ । काठमाडौंः चिन्डो बुक्स ।

बन्धु, चूडामणि र साथीहरू। २०६१। 'छन्त्याल भाषाको अभिलेखीकरण', *नेपालमा आदिवासी जनजातीय मातृभाषाको स्थितिः एक अध्ययन*। चुनबहादुर गुरुङ सं., पृ. ४७-७४। ललितपुरः आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान।

मगर, उजिर बुढाथोकी। २०५७। 'इतिहासको खोजीमा भौतारिएको छन्त्याल जाति', *जनजाति आवाज* ४:७-१७। काठमाडौंः अखिल नेपाल जनजाति सम्मेलन, केन्द्रीय प्रकाशन विभाग।

मगर, केशरजङ्ग बराल। २०६८। *पाल्पा, तनहुँ र स्याङ्जाका मगरहरूको संस्कृति*। काठमाडौंः अस्मिता बुक्स पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स।

मगर, दिलप्रसाद। २०७१। 'मगर जातिको परम्परागत पेसा व्यवसाय', *मगर जातिः ऐतिहासिक, सांस्कृतिक र राजनीतिक सन्दर्भ*। यामबहादुर पुन/झकेन्द्र घर्ती मगर सं., पृ. २३१-२६०। काठमाडौंः मगर प्राज्ञिक समूह।

मगर, मीन श्रीस। २०६७। *मगर जातिको चिनारी*। ललितपुरः आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान र नेपाल मगर संघ।

मगर, मीन श्रीस। २०७१। 'मगर जातिको संस्कार र चाडबाड', *मगर जातिः ऐतिहासिक, सांस्कृतिक र राजनीतिक सन्दर्भ*। यामबहादुर पुन/झकेन्द्र घर्ती मगर सं., पृ. ११५-१४८। काठमाडौंः मगर प्राज्ञिक समूह।

मल्ल, मोहनबहादुर। सन् १९७७। 'छन्त्याल जाति', *मधुपर्क,* वर्ष १०, अङ्क ८-९, पूर्णाङ्क ११३। काठमाडौंः गोरखापत्र संस्थान।

मल्ल, मोहनबहादुर। सन् २००५। 'छन्त्याल जाति', *हाम्रो चिनारी हाम्रो संस्कृति*। जीवनचन्द्र कोइराला, सं., पृ. १८०-१८६। काठमाडौं : कर्मयोग बद्रीविक्रम थापा स्मृति सेवा गुठी।

मल्ल, मोहनबहादुर। सन् २००५। 'छन्त्याल जाति', *सेवा नेपाल जात जाति विशेषाङ्क*। जीवनचन्द्र कोइराला, सं., वर्ष ४, पूर्णाङ्क ४, पृ. १८०-१८६। काठमाडौं : कर्मयोग बद्रीविक्रम थापा स्मृति सेवा गुठी।

मेचीदेखि महाकालीसम्म भाग ३ *पश्चिमाञ्चल विकास क्षेत्र*। २०३१। काठमाडौंः श्री ५ को सरकार सञ्चार मन्त्रालय सूचना विभाग।

महर्जन, राजेन्द्र। २०७५। 'एकल पहिचानको द्वन्द्ववाद', *प्रतिरोधको राजनीतिः आदिवासी जनजाति र नेपाली राज्य*। गोबिन्द छन्त्याल र टुङ्गभद्र राई सं., पृ. ५८-८३। काठमाडौंः नेपाल आदिवासी जनजाति महासंघ।

रेग्मी, डा. जगदीशचन्द्र। २०५० (दोस्रो संस्करण)। *प्राचीन नेपाली संस्कृति*। काठमाडौंः साझा प्रकाशन।

लम्साल, जगन्नाथप्रसाद र थापा, दीनबहादुर। २०५५। छन्त्याल भाषाः खाम कुरा एक अध्ययन। अप्रकाशित प्रतिवेदन। बागलुङः महेन्द्र बहुमुखी क्याम्पस।

लेभी, सिल्भाँ। सन् २००५। *नेपाल हिन्दु अधिराज्यका इतिहास (पहिलो खण्ड)*। फ्रान्सेली मूलबाट अनुवादकः डिल्लीराज उप्रेती। काठमाडौंः हिमाल किताब।

विधान। २०५३ र २०७४। काठमाडौंः नेपाल छन्त्याल संघ, केन्द्रीय समिति।

विष्ट, डोर बहादुर। २०६४ (आठौं संस्करण)। *सबै जातको फूलबारी*। काठमाडौंः साझा प्रकाशन।

विष्ट, डोर बहादुर। सन् २०२०। *भाग्यवाद र विकासः आधुनिकीकरण हेतु नेपालको जमर्को*। अङ्ग्रेजी मूलबाट अनुवादकः बसन्त थापा। काठमाडौंः डोर बहादुर विष्ट परिवार।

विहानी। २०७०। म्याग्दीः नेपाल छन्त्याल विद्यार्थी संघ, जिल्ला समिति।

शर्मा, जनकलाल। २०३९ (तेस्रो संस्करण २०५८)। *हाम्रो समाजः एक अध्ययन*। काठमाडौंः साझा प्रकाशन।

शर्मा, नगेन्द्र। २०६३ (चौंथो संस्करण)। छन्तेल। *नेपाली जनजीवन*। पृ. २१-२३। ललितपुरः साझा प्रकाशन।

शर्मा, प्रेम। २०७१। 'नेपालमा खानीसँग छन्त्याल जातिको सम्बन्ध', *छन्त्याल पहिचानका आयाम*। गोबिन्द छन्त्याल सं., पृ. ४६-५३। काठमाडौंः चिन्डो बुक्स।

शर्मा, बालचन्द्र। २०२२ (द्वितीय संस्कारण)। *नेपालको ऐतिहासिक रूपरेखा*। वाराणसीः विष्णुकुमारी देवी।

सुवेदी, झलक। सन् २०१२। *ब्रिटिस साम्राज्यका नेपाली मोहराः गोर्खा भर्तीको नालीबेली*। काठमाडौंः हिमाल किताब।

सुवेदी, झलक। २०७३। *भूमि, किसान र राज्य*। काठमाडौंः फानइप्रिन्ट बुक्स।

सुवेदी, होमनाथ। सन् १९८१। 'छन्त्याल जाति : परिचय', *धौलागिरिः साहित्य, संस्कृति र कलाप्रधान त्रैमासिक*। दण्डपाणी पौडेल र अन्य सं., वर्ष १, अंक १, पृ.५-१६। काठमाडौंः होमनाथ सुवेदी निहित धवलागिरी जनक्लब।

स्मारिका। २०५२, २०५५, २०६१, २०६६, २०७०, २०७३। काठमाडौं : नेपाल छन्त्याल संघ, केन्द्रीय समिति।

हागन, टोनी। सन् २००१। *नेपालको चिनारी*। अङ्ग्रेजी मूलबाट अनुवादकः देवबहादुर थापा, शङ्करराज पन्त, सुदर्शन देवकोटा, मोहन मैनाली र वसन्त थापा। ललितपुरः हिमाल किताब।

श्रेष्ठ, टेकबहादुर। २०५९। *पर्वत राज्यको ऐतिहासिक रूपरेखा*। काठमाडौंः नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय।

श्रेष्ठ, रूद्रलक्ष्मी। २०७१। 'नेपाली भाषाशास्त्रीहरू राष्ट्रिय भाषका वास्तविक स्वरूप नजिक पुग्न सक्छन्', *छन्त्याल पहिचानका आयाम*। गोबिन्द छन्त्याल सं. पृ. ३९-४५। काठमाडौंः चिन्डो बुक्स।

Bhattachan, Krishna B. 2008. *Minorities and Indigenous Peoples of Nepal*.

Kathmandu: National Coalition Against Racial Discrimination Nepal (NCARD).

Bista, Dor Bahadur. 2015. *Anthropology of Nepal: A Compilation of Dor Bahadur Bista's Articles*. Kathmandu: Centre for Nepal and Asian Studies, Tribuvan University.

CBS 2002. *Population Census 2001: National Report*, Kathmandu: National Bureau of Statistics, Government of Nepal.

CBS 2012. *National Population and Housing Census 2011: National Report*, Volume 1, Kathmandu: National Bureau of Statistics, Government of Nepal.

Chhantyal, Gobinda. 2009. Socio-Economic and Cultural Condition of Chhantyal Community: A Case Study of Adhikarichaur VDC of Baglung District, M.A. Dissertation. Kathmandu: Central Department of Rural Development, University Campus, TU.

Gellner, David N. 2008. 'Ethnicity and Nationalism in the World's only Hindu State'. In *Nationalism and Ethnicity in Nepal*. David N. Gellner, Joanna Pfaff-Czarnecka and John Whelpton (eds.), pp. 3-31. Kathmandu: Vajra Publications.

Gellner, N. David and Letizia, Chiara. 2016. 'Introduction: Religion and Identities in Post-Panchayat'. In *Religion, Secularism, and Ethnicity in Contemporary Nepal*. David N. Gellner, Sondra L. Hausner and Chiara Letizia (eds.), pp. 1-32. New Delhi: Oxford University Press.

Gurung, Om. 1997. 'Demographic and Environmental Effects of the Mining Industry in the Hill Region of Western Nepal', *Studies in Nepali History and Society* 2 (2): 373-390.

Gurung. Harka. 2008. 'State and Society in Nepal', In *Nationalism and Ethnicity in Nepal*. David N. Gellner, Joanna Pfaff-Czarnecka and John Whelpton (eds.), pp. 495-532. Kathmandu: Vajra Publications.

Hamilton, Francis Buchanan. 1819 (re-impression 2007). *An Account of the Kingdom of Nepal*. New Delhi: Rupa & Co.

Hangen, S.I. 2010. *The Rise of Ethnic Politics in Npeal: Democracy in the Margins*. London: Routledge.

Hitchcock, John Thayar. 1965. 'Sub tribes in the Magar Community in Nepal', Asian Survey (5): 207-215.

Höfer, András. 2004 (re-impression). *The Caste Hierarchy and the State in Nepal: A Study of the Muluki Ain of 1854*. Kathmandu: Himal Books.

Kansakar, Vidya Bir Singh. 1989. 'Population of Nepal'. *Nepal Perspectives on Continuity and Change*. Kamal P. Malla (ed.), pp. 28-50. Kathmandu: Centre for Nepal and Asian Studies, Tribhuvan University.

Kawakita, Jiro. 1974. *The hill Magars and their neighbors: hill peoples*

surroundings the Ganges Plain. Synthetic research of the culture of rice-cultivating peoples in Southeast Asian countries III, Volume III. Tokyo: Tokai University Press.

Kirkpatrick, William J. 1811 (re-impression 2007). *An Account of the Kingdom of Nepaul*. New Delhi: Rupa & Co.

Lawoti, M. and S. Hangn (eds.). 2012. *Nationalism and Ethnic Conflicts in Nepal: Identities and Mobilization after 1990*. London: Routldedge.

Lecomte-Tilouine, Marie. 1993. About Bhume a Misunderstanding in the Himalayas. In *Nepal Past and present Proceeding of the France-German Conference*. Gerard Toffin (ed.), pp. 127-133. New Delhi: Sterling Publishers Pvt. Ltd.

Lecomte-Tilouine, Marie and Catherine Michaud. 2000. 'From the Mine to the Fields: History of the Exploitation of the Slope in Darling (Gulmi). Resunga the Mountain of the Horned Sage'. Philippe Ramirez, ed., *Bibliotheca Himalayica* (16): 222-264.

Letizia, Chiara. 2016. Ideas of Secularism in Contemporary Npeal. In *Religion, Secularism, and Ethnicity in Contemporary Nepal*. David N. Gellner, Sondra L. Hausner and Chiara Letizia (eds.), pp. 35-76. New Delhi: Oxford University Press.

Michaels, Axel. 2008. The Kind and Cow: On a Crucial Symbol of Hinduization in Nepal. In *Nationalism and Ethnicity in Nepal*. David N. Gellner, Joanna Pfaff-Czarnecka and John Whelpton (eds.), pp. 79-99. Kathmandu: Vajra Publications.

Michl, D. Wolf. 1974. 'Shamanism among the Chantel of the Dhaulagiri Zone', In *Contributions to the Anthropology of Nepal*. C. von Furer-Haimendrof (eds.), pp. 222-232. Warminster: Aris and Phillips Ltd.

Michl, D. Wolf. 1976 (re-impression 1996). 'Notes on the Jhakri of Ath Hajar Prabat/Dhaulagiri Himalaya', In *Spirit Possession in the Nepal Himalayas*. John T. Hitchcock and Rex L. Jones (eds.), pp. 153-164. New Delhi: Vikas Publishing House Pvt. Ltd.

Noonan Michael, R. P. Bhulanja, and J. M. Chhantyal. 1999. *Chantyal Dictionary and Texts,* Win. Pagliuca. Trends in Linguistics, Documentation, 17. Berlin and New York: Mouton De Gruyter.

Noonan, Michael with Ram Prasad Bhulanja. 2005. "Chantyal discourses," in *Himalayan Linguistics: Himalaya Linguistics Archive 2.* Available at: http://www.uwm.edu/Dept/CIE/HimalayanLinguistics/index.html

Noonan, Michael. 1995. The fall and rise and fall of Chantyal Language. *Southwest Journal of Linguistics or Milwaukee studies on Language 9*, 15(1-2): 121-136.

Wehmeir, Sally (ed.). 2005 (17th edition). *Oxford Advanced Learner's*

Dictionary. New York: Oxford University Press.

Pfaff-Czarnecka, Joanna. 2008. 'Vestiges and Visions: Cultural Change in the Process of Neation-Building in Nepal', In *Nationalism and Ethnicity in Nepal*. David N. Gellner, Joanna Pfaff-Czarnecka and John Whelpton (eds.), pp. 419-470. Kathmandu: Vajra Publications.

Pun, Yam Bahadur Pun. 2011. *Indigenous Knowledge of Allo Management: A Study of Chhantyal Community of Myagdi District*. Lalitpur: SNV/Social Inclusion and Research Fund.

Pun, Yam Bahadur. 2010. 'Shikshyama Chhantyal Samudayako Sahabhagita', *Studies in Nepali History and Society* 15 (2): 381-403.

Regmi, Mahesh C. 1972. *A Study in Nepali Economic History, 1768-1846*, Delhi: Adroit Publishers.

Regmi, Mahesh C. 1988. *An Economic History of Nepal 1846-1901*, Varansi: Nath Publishing House.

Reinhard, Johan. 1976 (re-impression 1996). Shamanism and Spirit Possession: The Definition Problem. In *Spirit Possession in the Nepal Himalayas*. In John T. Hitchcock & Rex L. Jones (eds.), pp. 12-20. New Delhi: Vikas Publishing House Pvt. Ltd.

Sales, de Anne. 1993. 'When the Miners Came to Light: The Chantel of Daulagiri', In *Nepal Past and Present Proceedings of the France-German Conference.* Gerard Toffin (ed.), pp. 91-97. New Delhi: Sterling Publishers.

Shah, Rishikesh. 2001. *An Introduction to Nepal*. Kathmandu: Ratna Pustak Bhandar

Sharma, Prayag Raj. 2004. *The State and Society in Nepal: Historical Foundation and Contemporary Trends*. Kathmandu: Himal Books.

Sircar, D.C. 1966. *Indian Epigraphical Glossary*. Delhi: Motilal Banarsidass

Stiller, F. Ludwig. 1995. *The Rise of the House of Gorkha*. Kathmandu: Human Resource Development Research Center.

Wright, Daniel. 2007 reprint. *History of Nepal with an introductory Sketch of The Country and People of Nepal*. New Delhi: Rupa Publication India Pvt. Ltd.

लेखकको परिचय

हरिचन छन्त्यालको जन्म घैयाखानी, ढोरपाटन नपा-६, बागलुङ, पश्चिम नेपालमा भएको हो । उनले त्रिभुवन विश्वविद्यालयबाट अङ्ग्रेजी र मानवशास्त्र विषयमा स्नातकोत्तर उपाधिहरू हासिल गरेका छन् । उनले आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको अनुसन्धान सहयोगमा छन्त्याल (सन् २००८), बराम (सन् २०१०) र ताङ्बे (सन् २०१२) आदिवासी जनजातिबारे 'जातिशास्त्रीय' (Ethnographic) अध्ययन गरेका छन् । उनले सन् २००९/१० मा प्रतिष्ठानको अनुसन्धान सहयोगमा छन्त्याल जातिको पुर्ख्यौली पेसा खानीसम्बन्धी (सन् २००९) शीर्षकमा अध्ययन समेत गरेका छन् । उनको लेखनमा 'बराम जातिको चिनारी' (२०७२) प्रकाशित छ भने 'छन्त्याल पहिचानका आयाम' (सन् २०१४) को सह-सम्पादक समेत हुन् ।

लेखकले छन्त्याल जातिको सामाजिक, सांस्कृतिक, आर्थिक, धार्मिक अवस्था र पुर्ख्यौली परम्परागत पेसा तामाखानीको ऐतिहासिक, प्रशासनिक, न्यायिक पक्षबारे समाजशास्त्रीय तथा मानवशास्त्रीय रूपले अध्ययन गरेका छन् । उनले नेपाल छन्त्याल संघको सचिव (सन् १९९९-२००५), महासचिव (सन् २०१०-१४) र आदिवसी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको सञ्चालक परिषद् सदस्य (सन् २००७-१२) पदमा रहेर कार्य सम्पादन गरिसकेका छन् । उनी छन्त्याल अध्ययन तथा अनुसन्धान केन्द्रका अध्यक्ष पनि हुन् । उनीसँग गैर सरकारी संस्थामा १५ वर्ष भन्दा बढी लामो अनुभवसँगै शिक्षण क्षेत्रमा समेत करिब ७ वर्षको अनुभव छ। लेखक ऐतिहासिक, सामाजिक, सांस्कृतिक, राजनीतिक, सुशासन, स्थानीय शासन, शिक्षा विषयको अध्ययन-अनुसन्धानमा रूची राख्छन् ।

इमेल : harichanchh@gmail.com